Digitized by eGangotri and Sarayu Trust.

नियमित

आकस्मिकता

आ + स्मि + ता

बालकृष्ण
शमशेर

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

नं

(७)

नियमित आकस्मिकता

आ + स्मि + ता

बालकृष्ण
शमशेर

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

नियमित आकस्मिकता

लेखक र प्रकाशक—
प्र. गो. द. बा., मे. क. बालकृष्ण शमशेर ज. ब. रा.
(अध्यक्ष- ने. भा. प्र. समिति, काठमाडौं ।)

र

पुरातन–विश्वनिर्देश

लेखक—
पं. बुद्धिसागर पराजुली मीमांसाचार्य, पोष्टाचार्य ।
(भाषानुवाद–परिषद्, काठमाडौं ।)

सं २००५

सर्वाधिकार सुरक्षित।

प्रथम संस्करण १०००] [मूल्य मोरु २।५०

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

मुद्रक—
सु० ऋद्धिबहादुर मल्ल,
जोरगणेश छापाखाना,
काठमाडौं,
नेपाल

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

नियमित आकस्मिकता

र

पुरातन–विश्वनिर्देश

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

नियमित आकस्मिकता

बालकृष्ण शमशेर

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

केही पहिले।

यो पुस्तक मेरो दर्शनविषयक उत्तर होइन, प्रश्न हो। आफूले देखेको कुरा सबको अगिल्तिर पसारो पार्न मन लाग्दो रहेछ— दर्शनको बीज त्यही हो। वृद्ध दीर्घरोगी आफ्नो रोगको वर्णन जसलाई भेट्यो उसैलाई सुनाउँछ; दार्शनिक विचारका मानसिक रोगीको पनि उस्तै स्वभाव हुँदो रहेछ। यस पुस्तकमा मेरो दौर्बल्य छ— या हेर्नै तपाईंहरू मेरो अध्ययनको सीमा देखेर यथार्थ भन्नुहुनेछ—यो यत्तिकै रहेछ। परन्तु मैले यो लुकाइन, बरु जस्तो रोगीहरूको आर्त्तपुकारले ठूलठूला वैज्ञानिक वैद्यहरू चरक, पाश्चर, लिस्टर र जेनर जस्ताका नवीन आविष्कारलाई प्रेरणा गर्‍यो उस्तै यस पुस्तकद्वारा कुनै कुनै उर्वरा मस्तिकको ढोका घचघच्याउन सके भने एक क्षुद्र मानसिक रोगी मेरो पुकारलाई पनि म खेर नगएको संझन पाउनेछु। मेरो इष्टदेवता सत्य नै हो भने त्यो अनिष्ट हुन सक्तैन। मैले पहिले कुनै देवता खडा गरी उसैलाई सत्य मानेको होइन, सत्यलाई खड़ा संझी उसैलाई देवता मानेको छु; तसर्थ अहिले सुदूर सत्य मन्दिरतिरको यात्रामा मात्र मनुष्यको अधिकार छ भन्नेहरूमा म छु। साथसाथै पानी पिएर तिर्खा मेटिने सत्यताद्वारा सत्यमार्ग पैलिन्छ भन्ने मेरो धारणा छ।

नियमित आकस्मिकतामा मैले 'समष्टिप्रमाण' लाई मानेको छु। दर्शनिक सिद्धान्तलाई प्रमाणका साधन सात छन्:

प्रत्यक्ष, शब्द, गन्ध, रस, स्पर्श, तौलन, अनुमान।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

कुनै विषयलाई प्रामाणिक गर्ने 'समष्टिप्रमाण' चाहिन्छ :
अनुमान + (अरू छ साधनमा प्रयोग हुन सकेसम्म जस्तै) + (हाम्रा ज्ञानेन्द्रिय दूरबीन र अणुवीक्षण जस्ता अनेक वैज्ञानिक यन्त्रको सहायताले विशेष ज्ञान प्राप्त गर्न सक्छन्, तसर्थ वैज्ञानिक परीक्षण र विश्लेषणको प्रयोग जति मात्रामा बढाउन सकिन्छ त्यसद्वारा उति मात्रामा सिद्धान्तको स्वरूप बलियो हुने हुनाले -सो)।

संसारयात्रामा यसैलाई मैले लौरो गराएको छु।

यो पुस्तक आफ्नो जोरगणेश छापाखानामा छपाइदिएकाले सुब्बा ऋद्धिबहादुर मल्लमा—

तथा छपाइ संशोधन गर्नालाई सहायता दिने ने. भा. प्र. समितिका हाकिम मास्टर सागरमणि आ. दी., मास्टर खड्गमान मल्ल बि. ए., भाषानुवाद परिषद्का पण्डित बद्रीनाथ भट्टराई धर्मशास्त्राचार्य, साहित्यशास्त्रीमा—

तथा महर्षि दैवरात गजानन शर्मालाई वैदिक सूक्तहरूको अर्थ बताइदिनुभएकोमा—

म यथोचित धन्यवाद उपहार गर्दछु।

यसै विषयमा विशुद्ध प्राचीन भारतीय दृष्टिकोणबाट लेखिएको 'पुरातन-विश्वनिर्देश' पनि यसैसाथ गाभिएको छ। मेरो अनुरोधले सो लेखिदिने पं. बुद्धिसागर पराजुलीलाई पनि धन्यवाद छ।

अन्त्यमा सरस्वतीलाई धन्यवाद समर्पण गर्दछु, जो मेरो मानसपूजामा भाषा बनेर प्रकट भइन्!

बालकृष्ण शमशेर।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

नियमित आकस्मिकता

'नियमित आकस्मिकता' यो वाक्यांश रचेर मैले यो विश्वब्रह्माण्डको विषयमा आफूले संझेको कुरा सर्वसाधारणलाई दर्साउन खोजेको छु। यसमा मेरो सीमित ज्ञानले असीमित अज्ञातलाई भेटेको सीमा छ। ती विचारवान् श्रीकृष्ण आदि पुरुषको विचारलाई नमस्कार छ, जसको आधारमा मैले यतिसम्म लेख्ने साहस गर्न सकें।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

विश्व ?

यो विश्वसृष्टि कसरी भयो ?—नियमित आकस्मिकताले। कहाँ? कहिले? यी दुइ शब्द देश र काललाई संझाउँछन् परन्तु देश अनन्त छ– काल अनन्त छ। 'ब्रह्माण्ड' भनेर यो विश्वलाई ठूलो हाँसको फुलको आकारमा ढाली हाँसको फुलकै बान्कीको आफ्नो टाउकोमा कल्पनाले अटाउन त सजिलै छ, तर सान्त भएकाले हामी आकाशको अनन्ततालाई भेट्न सक्तैनौं,–हाम्रो मनोवेगलाई एँडी दिएर जीवनभर दौडाइरह्यौं भने पनि त्यसले आकाशको भित्ता भेट्तैन, किनभने आकाश अनन्त छ— शून्य छ। हामीले कल्पना गरेको देश सीमित भए जस्तै हामीले कल्पना गरेको काल पनि सीमित छ। हामी जो देश र काल भन्दछौं तो सापेक्ष र अभिन्न छन्। हामी जो विश्व भन्दछौं त्यो पनि हाम्रै शिरफुलभित्रको हो।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

अनन्तमा कतिओटा ब्रह्माण्ड छन् हामीलाई थाहा छैन, किनभने हामी चाँडै मर्नेलाई आफ्नै शरीरको कुरा जात थोरै थाहा छ त्यसभन्दा आफ्ना परिवारको कुरा, छिमेकको, देशको, द्वीपको, पृथ्वीको, सौर्यपरिवारको, अनि टाढा टाढाका ताराको कुरा झन्झन् कम्ती थाहा छ। कुनै करोडवर्ष पहिलेको ताराको किरण आज भर्खर हामीकहाँ आएको छ, कुनै ताराको किरण त अझसम्म पनि पृथ्वीमा आइपुगेको छैन ; त्यति परका ताराको कुरा हामीलाई कुन मात्रामा ज्ञान होस् ! यो सम्पूर्ण विश्वको एकचोटि आँखा चिम्लेर चिन्तन गर्दा हाम्रो मुखबाट यी शब्द निस्कन्छन्— अनादि, अनन्त, अनिर्वचनीय, अवाङ्मनसगोचर, अजरामर, स्वयंभू स्वयंप्रकाश, सर्वव्यापी, सर्वशक्तिमान्, सर्वज्ञ; परन्तु नियामक होइन नियमित, एक होइन अनेकको समष्टि, एक विश्वनाथ होइन अनन्त विश्वशक्ति !

यो आकाशमा जति जे छ, त्यो अनन्त समयअगाडिदेखि अहिलेसम्म र अहिलेदेखि अनन्तसमयपछाडिसम्म पनि त्यत्ति नै थियो —छ — हुनेछ। शून्यबाट केही पनि उब्जन सक्तैन, भएको वस्तु शून्यमा परिणत हुन सक्तैन। भारत-वासीमा यो विचार पहिल्यै उठिसकेको थियो — 'त्यो अव्यय-तत्त्वको विनाश हुँदैन' —

'जो छैन त्यो हुँदै हुन्न, जो छ त्यो छ सधैंभरी'

(गीता— कोमलानुवाद)

त्यो अव्ययको खोजी गर्दा अहिलेसम्ममा पाइएको जे जति छ — त्यसको मूलतत्त्व विद्युत् हो। त्यसमा गुणात्मक परि-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

वर्तन हुन्छ, घटबढ हुँदैन। आकाशको जस्तै मूलतत्त्वको प्रकृति एउटै भएको भए विश्व केवल स्थित अवस्थामा बसिरहन्थ्यो – सृष्टि र प्रलय हुँदनथे। अथवा आकाशमा अनन्त जस्तै भएर फैलिएका ती तत्त्वको स्वभाव अद्वैत भएको भए गुणात्मक परिवर्तन सम्भव थिएन, परन्तु तिनका दुइ प्रकृति छन् — आकर्षण र विकर्षण (दुइ भाले पोथी जस्ता), यी दुइको बीचमा फेरि अर्को तेस्रो प्रकृति रहन्छ— न आकर्षण न विकर्षण (उनको लमी जस्तै)। विद्युतका यी तीन प्रकृति 'धनात्मक', 'ऋणात्मक', 'न धनात्मक न ऋणात्मक' लाई 'प्रोजिट्रन', 'इलेक्ट्रन', 'न्युट्रन' भन्दछन्– (वास्तवमा 'न्युट्रन' लाई तेज तत्त्व ठहराएका छन)। यो आकाश अकस्मात आधार बन्यो तर नियमपूर्वक– यी विद्युत– चुम्बकीय कण अकस्मात तरङ्गिन लागे तर नियमपूर्वक।

धनात्मक र न धनात्मक न ऋणात्मक बिजुलीको संयोग भई एक नाभिकण बन्यो, त्यसलाई प्रोटन भन्दछन्। सो एक प्रोटनसित आकर्षित भई एक ऋणात्मक बिजुलीले त्यसलाईं प्रदक्षिणा गर्न लाग्यो – त्यो परिस्थिति हाइड्रोजन परमाणु भयो। यस्ता दुइ हाइड्रोजन यस्तै अर्कै किसिमले बनेको एक अक्सिजन परमाणुसित मिलेको अवस्था एक जलकण हुन्छ। एउटा सम्म मार्गलाई कोही एक हात दुइ हात गरी कोही एक पाइला दुइ पाइला गरी कोही एक गज दुइ ज गरी नाप्तछन्, त्यो मार्गमा केही बाँध नभए पनि हामी त्यसलाई बिचारले बाँधेर प्रत्येक बाँधको नाम राख्तछौं – एक हात वा एक पाइला, त्यस्तै विद्युन्मार्गमा यी बाँध – हाइड्रोजन र जलकण

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

परिवर्तनका एक हात र दुइ हात अथवा एक पाइला र दुइ पाइला, अथवा एक आकस्मिक र दुइ आकस्मिक हुन्। परन्तु यी आकस्मिकता नियमित छन्।— एक प्रोटनलाई एक इलेक्ट्रनले घुमेको निरन्तर हाइड्रोजन तत्त्व हुन्छ, धनात्मक र 'न धनात्मक न ऋणात्मक' विद्युत् तेईस संख्या मिलेर बनेको नाभिकणमा बाह्र ऋणात्मक बिजुली घुम्न लाग्दा सोडा तत्त्व बन्यो; त्यस्तै उनान्चालीसको नाभिकणवरिपरि बीस ऋणात्मक बिजुलीले फन्का मार्दा पोटाश तत्त्व बन्यो; एवंरीत्या अकस्मात् अक्सिजन, कार्बन, गन्धक, लोहा, तामा, संखिया, सुन, चांदी, टिन, प्ल्याटिनम, पारो, सीसा, युरेनियम, रेडियम इत्यादि सयौं परमाणु बने— यी अकस्मात् बने तर नियमपूर्वक। अकस्मात् — किनभने कुनै देशमा एक ऋणात्मक बिजुली घुम्न थाल्यो कुनै देशमा बीस; नियमपूर्वक — किनभने नाभिकणमा एकसय सात धनात्मक र 'न धनात्मक न ऋणात्मक' विद्युत्पुञ्ज रहेर एक सय सात ऋणात्मक बिजुली उसको वरिपरि घुम्न लागेमा त्यो सधैं चाँदी तत्त्व नै भयो। फेरि किन तत् तत् मूलतत्त्व त्यति त्यति मात्रामा तत् तत् देशमा जुटे? — नियमित आकस्मिकताले। समुद्रको बीचमा किन त्यस ठाउँमा तरङ्ग मानूँ पर्वत बन्यो, त्यस ठाउँमा तरङ्गफेदी, फेरि त्यस ठाउँमा तरङ्गशिखर, त्यस ठाउँमा तरङ्गखाल्डा, फेरि त्यस ठाउँमा तरङ्गपर्वतमाला, फेरि त्यहाँ तरङ्गखेत, फेरि खोइ! फेरि ऊ! त्यो बन्यो किनभने त्यो बन्यो! केल्ले? — नियमित आकस्मिकताले।

अनि ती परमाणुहरूको संघर्ष हुँदाहुँदै अकस्मात्

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

नियमपूर्वक उष्णता पैदा भयो । तिनीहरू आपसमा ठक्कर खाएका पनि अनियमितरूपले होइन : दुइ जना मानिसको कुनै स्थानमा अकस्मात् भेट हुनालाई दुवै जना नियमित हिसाबले त्यस स्थानमा पुगेको हुनुपर्दछ, दुइमध्ये एक जनाले एक निमेष मात्र चाँडो वा ढीलो गरेको भए उनी-हरूको भेट सो स्थानमा नभई एक निमेषले कटाएको वा जुटाएको अर्को स्थानमा हुन्थ्यो । यसैले आइन्स्टाइनले आफ्नो सापेक्षवादमा देश र काललाई एउटै अभिन्न धर्ममानेका हुन् । यसरी तातिएका ता तत्त्वहरूमा नियमितरूपले अकस्मात् अरू परमाणुहरू पनि खिचिंदै तात्तिन थाले; ताता ग्यासको एक अत्यन्त विशाल मुस्लो आकाशमा रुमलिएर बहन थाल्यो । हुँदा हुँदा पद्मौं पद्मौं वर्षपछि तातो चरमसीमामा पुगी सब बलन थाल्यो — एक नेबुला बन्यो नीलौं नीलौं वर्षपछि त्यो नेबुला खँदिलो हुँदै गयो — एक सूर्य बन्यो । आकाशका अनन्तकोटि सूर्यमध्येका यी हाम्रा सूर्य हाम्रा अबज्यूज्यू हुन् ।

ग्रहगति र घटनाहरूको विचारले अनुमान हुन्छ कुनै महासूर्य आफ्नो महान् कक्षामा घुम्दै हाम्रा सूर्यको वर आइपुगे । उनको विद्युत्-चुम्बकले हाम्रा सूर्यबाट आगोका लप्का हामीहरू चुँड़ियौं । ती महासूर्य धेरै वर आइपरेका भए हामी सबलाई उनैले कुम्लो पारेर लैजान्थे; तर उनको कक्षा केही परै परेको हुनाले हामी चुंडियौं मात्र, अनि उनी आफ्नै बाटोबाट गइसकेपछि नियमबद्ध हाम्रा सूर्यका वरिपरि लहरै घुम्न लाग्यौं,—सबभन्दा वर बुध, अनि तेजिला शुक्र,

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

एक चन्द्रमासहित हाम्री पृथ्वी, दुइ चन्द्रमासहित मङ्गल, नौ चन्द्रमासहित वृहस्पति, दस चन्द्रमासहित शनिश्चर, चार चन्द्रमासहित वरुण, एक चन्द्रमासहित इन्द्र र अकेला पुच्छारमा यम। मङ्गल र वृहस्पतिको बीचमा पनि कुनै जम्न लागेको पिण्डमा वृहस्पतिको कडा आकर्षणले उसलाई जुट्न नदिई फुटाएको अनुमान हुन्छ। अहिले सो कक्षामा चार हजार-भन्दा बढ्ता साना तारा शिशुग्रहहरू घुमिरहेका छन्, तिनमा कुनै नेपाल जत्रा कुनै सगरमाथा पर्वत जत्रा पनि छन्, अझ काठमाड़ौं जत्रा पनि हुँदा हुन्—टूरताले देखिँदैनन् ।

हाम्रो सौर-परिवार यस्तो छ। सूर्यलाई ठूलो पाकेको गोल फर्सीसित तुलना गर्दा वृहस्पतिलाई नास्पाती, शनिलाई सुन्तला, इन्द्रलाई अम्बा, वरुणलाई आरु, पृथ्वीलाई अमला, यमलाई बयर, शुक्रलाई मटरको दाना, मङ्गललाई केराउको दाना, बुधलाई कुट्टुलीकोसाको दाना, अरू शिशुग्रहलाई पीठो-को कणसित तुलना गरे मिल्न आउँछ।

ग्रहगतिको गणित विचार गर्नेलाई त विश्वको नियम संझन सजिलो पर्दछ। सूर्यग्रहण चन्द्रग्रहणको गणितले नियमित स्थिति-तिको विचार गर्न अझ सजिलो हुन्छ। अकस्मात् आउने धूम्र-केतुमा पनि उही गणित छ— फेरि उल्कापिण्डमा पनि। गोला-कार भएर घुम्नेको भन्दा अंडाकार भएर घुम्नेको, परवलयमा घुम्नेकाभन्दा अतिपरवलयमा घुम्नेको गणित कठोर हुँदै जान्छ, अतिपरवलयमा घुम्नेका भन्दा नागवेली परेर घुम्नेको, अझ दुइटाको सापेक्ष मिश्रित गणित, अझ नौओटा ग्रहको, अझ नौ लाख ताराका परस्पर मिश्रित गणितले बुनेको जाली मनुष्यको

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

सानो टाउकोमा अटाउँदैन । परन्तु हामी अनुमान गर्न सक्छौं—यसरी गणित जतिसुकै जटिल हुँदै गए तापनि विश्व अगणित भएर बेनियमसा जथाभावी चलेको छैन। ताराहरू अनन्तको जपमाला हो। विश्वमा नियमै नियम छन्—एउटा नियमले अर्को नियमलाई नियमपूर्वक भेट्नु आकस्मिकता हो। आकस्मिकता सापेक्ष छ—हाम्रो निंति भूकम्प अहिले छैन,वर्षको चार हजार भूकम्प थाहा पाउने सिस्मोग्राफको निंति अहिल्यै छ. तसर्थ आकस्मिकता भावनाको आकस्मिकता हो जसको साँघी नै छैन। वास्तवमा तत्त्वको जुन स्थिति पनि आकस्मिकता हो, त्यो नियमित छ। हामी आफ्नो अपेक्षाले आकस्मिकतालाई बाँधेर 'देश' र 'काल' भने जस्तै 'तारा' र 'सूर्य' भन्दछौं—ती कुनै अनन्तस्थितिमध्येका एक हुन्— धूवाँको कुनै चक्का जस्तै !

आजकालका ज्योतिषले सबभन्दा वृद्ध तारालाई दुइ करोड वर्षको र सूर्यलाई आठ करोड वर्षको अनुमान गरेका छन्। सूर्य अहिले बलिरहेका ग्यासगोला छन्। खाँदिदै गइरहेका छन्। बीस वर्षमा आधा कोश जति साङ्ग्रिनु सूर्यको विशाल कायनिमित्त जति थोरै होस् त्यसले गर्दा लाख वर्षमा पृथ्वीउपर उताबाट अहिले आउने तातोमा पाँच अंश(५°) घटी हुन्छ। यसो हुँदा पनि एक करोड वर्षसम्म त तातो यत्तिकै जस्तो रहला भनेर हेल्महोल्ट्ज भन्दछन्। आइन्स्टाइन सूर्यलाई विशेष चिरंजीवी बनाउन खोज्दछन् तापनि सूर्य सदाजीवी त हुन सक्तैनन्। एक दिन उनी पृथ्वी जस्तै, एक दिन

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

चन्द्रमा जस्तै, एक दिन फुटेर शिशुग्रहहरू जस्तै हुंदै एकदिन फेरि तत्त्व र मूलतत्त्वहरूमा प्रलय भई पृथ्वी र अरू ग्रहका मूल तत्त्वहरूसमेत जम्मा पारेर नेबुला बन्ने तरखरमा रहनेछन्। फेरि विश्वसृष्टि प्रारम्भ हुनेछ। त्यो नवीन विश्व त्यस्तै होला जस्तो नियमित आकस्मिकताले बनाउला। यसरी कति विश्वको प्रलय भइसक्यो, कति विश्वको सृष्टि हुनेछ, त्यो संझनु आकाशको भित्ता छाम्न खोज्नु तुल्य हो।

———०———

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

पृथ्वी ?

सूर्यबाट पृथ्वी जन्मेको युरेनियम रेडियम र थोरियम तत्त्वहरूको अवस्था र आयुद्वारा गरेको अनुमानबाट दुइसय करोड वर्षभन्दा बढी भयो। अहिले पृथ्वीबाट सूर्य चार करोड कोश टाढा छन, चन्द्रमा एक लाख कोश। यसरी अलग्ग रहेकोले ग्रह नक्षत्रहरूलाई साना संझी कुनै दिन मनुष्यजातिले यही पृथ्वीलाई 'अनन्ता' संझ्यो, प्रतिघंटा सोह्र हजार कोश उड्ने यही पृथ्वीलाई 'अचला' संझ्यो। भारतीय र युनानी ज्योतिषहरूले पहिले पृथ्वीलाई नै विश्वको केन्द्र संझेका थिए, पछि सूर्यलाई केन्द्र संझन लागे। आधुनिक ज्योतिषहरूले बल्ल थाहा पाए सौर्यपरिवार यो विश्वब्रह्माण्डको एक सूक्ष्मखण्डमा छ।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

हजार जनालाई आफ्नो गर्भमा लिन सक्ने एक प्रासाद हामीलाई ठूलो जस्तो लाग्दछ; त्यस्ता हजार घर एक शहरमा, त्यस्ता हजार शहर एक देशमा, हजार देश यस पृथ्वीमा अटाउँदछन्; त्यस्ता हजार पृथ्वी एक वृहस्पतिको, हजार वृहस्पति एक सूर्यको, हजार सूर्य एक नीलताराको, हजार नीलतारा एक रक्तताराको बराबरी हुन आउँछन्। फेरि यो अनन्त आकाशमा सो रक्तताराको गणना सहारा मरुभूमिमा एक कण बालुवाको जत्ति पनि हुन सक्तैन। तसर्थ जस्तो यो विशाल विश्वमा पृथ्वीको काय नगण्य छ,त्यस्तै यिनको दुइ सय करोड वर्षको आयु पनि नगण्य छ। परन्तु हामी तीन हात बित्ताको लागि तिनति फेरि पृथ्वी नै माता-काख-दूध!

सूर्यसित छुट्टिएको पन्ध्रहजार वर्षदेखि पृथ्वी खँदिलो अवस्थामा रहन थालिन्। तर प्रथम जीवलाई आश्रय दिने हुन यिनलाई डेढसय करोड वर्षभन्दा अधिक सेलाउने समय लाग्यो। त्यस बीचको समय भयानक थियो : अत्यन्त बाक्लो कार्बन डायक्साइड् र नाइट्रोजन ग्यास विशेषमात्रामा अक्सिजनचाहिं लेश मात्र भएको गन्हौं तप्त धूवाँको बादलले सबैतिर ढाकेर सूर्यको किरणसमेत भित्र छिर्न दिंदैनथ्यो, प्रतिक्षण बिजुली चम्कदै चट्याङ् परिरहन्थ्यो, पृथ्वीको सतह बलेको चूल्होमा बसालेको कराहीमा कालो जीवनारायणी तेल जस्तै भक्भकी उम्लिरहेको थियो, सहस्रौं ठाउँमा फोका फुटे जस्तै ज्वालामुखीहरू धातु र पत्थरको लेदो ओकलिरहन्थे। करोड़ौं वर्षपछ त्यो केही सेलाउँदै गयो, प्रतिदिन सयौं महाभूकम्पहरूले हुँडलिएका सतहहरू जम्दै फुट्तै चिरा पर्दै खुम्चिन थाले।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

पृथ्वीमा चपरी जमेर बोक्रा पऱ्यो। फेरि त्यसमाथि गड्याङ-गुडुङ हुँदै वर्षा मच्चिन थाल्यो। करोडौं वर्ष वर्षा भइरह्यो। ठूला साना खाडलहरू पानीले भरिएर महासागर सागर र पोखरीहरू बने, उच्चस्थलहरू पर्वत र टापु बने, अग्लो ठाउँ-बाट होंचो ठाउँतिर झरना नदी र खोलाहरू खस्तै, बहन लागे। बादल अझ फाटेका थिएन तापनि पतला भएर धुम्मिरहेको थियो, पोखरीको वरिपरि दलदले भास रसाइरहेको थियो। ठीक यही समय जीव प्रारम्भको निमित्त उपयुक्त थियो। य-सरी डेढसय करोड वर्ष जतिमा आगो जस्तै तातेकी पृथ्वी सेलाउँदै गइन्। फलमा ढुँसी उम्रे जस्तै अनि कीरा परे जस्तै उनमा झार र जीव उम्रेका हुन्।

अहिले पृथ्वीको सातसय कोश व्यास भएको गुभोकेन्द्रमा अत्यन्त तप्त ग्याँस वा झोल छ; त्यसलाई तेन्हसय कोश बाक्लो गुदी खँदिलो अतितप्त धातुहरू र अरू सब पार्थिव पदार्थले बे-रेहेको छ; त्यसलाई पनि पातलो अन्तरछाला झैं बलिसकेको सि-ठ्ठीले मोडेको छ; फेरि त्यसलाई अठासी कोश बाक्लो चिसि-एर अनेक खुस्चा परेको माटाहरूको बोक्राले छोपेको छ: त्यस-माथि पसीना जस्तै डेढ कोशको गहिरो सागरमालाले ढाकेको छ; अनि त्यो फलको सुवास झैं अठासी कोश बाक्लो वायुले परिवेष्टित छ। यी छ तरेलीमा वायुलाई छोडेर पृथ्वीको व्यास तीन हजारचारसय पचासी कोश छ। सूर्यबाट पृथ्वीकै नत्ति भाग लिई उसै वेला उसरी उही ठाउँमा पुगेको भए त्यो ग्रहको छ तरेली पृथ्वीकै जस्ता हुन्थ्यो, खुस्चा खुस्चामा कण कण-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

मा त्यो पृथ्वी जस्तै हुन्थ्यो अथवा त्यो फेरि पृथ्वी नै हुन्थ्यो। तसर्थ अकस्मात् बनेकी यी पृथ्वी नियमपूर्वक बनेकी हुन्।

पृथ्वी बाहिर मात्र नियमले घुम्ने होइनन्, हामी दगुर्दा हाम्रो दौड़ाइसित हाम्रा प्रत्येक रक्तबिन्दुको सम्बन्ध रहे झैं पृथ्वीको बाहिरी गतिसित उनको आन्तरिक गतिको सम्बन्ध रहेकै हुनुपर्दछ। ज्वालामुखीको क्रोध र भूमिकम्पको घुर्की पनि नियमित रूपले सञ्चालित हुन्छन्, अझ हाम्रो घरको आगलागी पनि। आगो लाग्नु आकस्मिकघटना हो, तर आगो नियमपूर्वक लाग्दछ : आगलागी हुनालाई जति साधन सामग्री चाहिन्छन् ती सब नजुटी आगलागी साध्य हुँदैन। एउटा घरमा आगो आज अकस्मात सल्कन्छ तर त्यत्ति सल्काउनालाई आगो अनन्तकालदेखि नियमित पाइला चालेर आइरहेको हुनुपर्दछ। काठको कार्बन बलोस् वा हाइड्रोजन बलेर वायुको अक्सिजनसित मिलोस् यी तत्त्वहरू अगिदेखि नै नियमित गतिले हिंडिरहेका छन्; तसर्थ आगलागी हाइड्रोजन र अक्सिजनको नियमित आकस्मिक भेट हो।

पृथ्वी चलिरहेकी छन्, गतिमात्र होइन–पृथ्वीका मुख्य तीन गति छन् : पहिलो—यिनी भुरुङजस्तै घुमिरहेकी छन्, दोस्रो–यिनी सूर्यलाई प्रदक्षिणा गरिरहेकी छन्, तेस्रो–सूर्यसमेत यिनी फेरि अर्को तारा (अल्फा-सेन्टरी)तिर दौडिरहेकी छन्। यिनीहरू जम्मै कुन लक्ष ताकेर त्यता जान लागिरहेछन कहाँ पुगेर के हुनु छ कसैलाई थाहा छैन। बाहिरी उपाधिलाई छोडेर पृथ्वीको भविष्य हामी चन्द्रमामा अनुमान गर्दछौं। चन्द्र साना हुनाले चाँडै निभे, चाँडै सेलाए, अहिले ती शीताङ्ग छन्। सम्भव

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

छ त्यहाँ पनि अगि कुनै अवस्थामा जीव होलान् । धेरै अगाडि सेलाएकोले जीवको प्रारम्भ पनि उहाँ धेरै अगाडि भएको हुँदो हो, तर चाँडै नै चिसिएकोले जीवनको राम्रो विकाश हुन पाएन होला। अहिले चन्द्रमा शून्यभन्दा ऋण दुइसय पचास अंश तलसम्मको चिसा क्षेत्र, पर्वत, शुष्क समुद्रमा खोका खाड़ल, सुकेका नदीले कोपरेका चिन्ह र निभिसकेका तेत्तीस हजार ज्वालामुखी पर्वत छन् ।

यही अवस्था शनिश्चर र बृहस्पतिमा पनि भएको हुन सम्भव छ : चन्द्रमा ज्यादै साना भएकाले र ठूला भए पनि बृहस्पति अझ झन शनिश्चरहरू सूर्यदेखि धेरै टाढा रहेकाले चाँडै सेलाए। अहिले बृहस्पति शनि वरुण इन्द्र र यमको ताप क्रमैले शून्यभन्दा तल ऋण एकसय चालीस, एकसय पचास, एकसय असी, दुइसय र दुइसय चालीस अंश छन्। यिनीहरूमा कुनै वेला वनस्पति र पशुहरूसम्म अथवा मानिससम्मको सृष्टि भए तापनि ती सब आफ्नो अस्तित्वको स्मारक खड़ा गर्न नसक्ने र इतिहास लेख्न नसक्ने अवस्थामै मरे। परन्तु चन्द्रमालाई छाडेर बृहस्पति शनिहरू ज्यादै टाढा भएकाले अहिले यो कुरा उनमा ठोकुवा गर्न उचित छैन । त्यहाँ मानिसै भए पनि त्यो देख्न सक्ने शक्तिको हामीसित सुदूरबीन र परमाणुबीनहरू छैनन्, केवल दूरबीन र खुर्दबीनहरू मात्र छन्। त्यसैले ज्यादा टाढाको र ज्यादा सूक्ष्म वस्तुको हामी प्रयोगद्वारा विशेष अनुमानैमा भर नपरी वर्णन गर्न सक्तैनौं ।

हाम्रा अहिलेका मनुष्यजातिले आफूले जानेको कुरा मूर्खतासित क्षुद्र संकुचित स्वार्थपना लिई सर्वसंहारको निमित्त

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

प्रयोग गर्न थाले भने त यी अयोग्य मण्डलीको नाश भई यिनका धिक्कृत चिहानमा अर्कै नवीन सभ्य डफ्फाले उभिएर यिनको नीचतालाई गिल्ला गर्दै फेरि यत्तिकै उन्नतिमा सभ्यता चढाउन पनि हजारौं वर्ष लाग्नेछ। तर यही आजका मनुष्यजाति मदोन्मत्त हुन छोडेर देश देशका विशालात्माहरूको भनाइमा लागी आत्मत्यागले आत्मलाभ गरेर सब उद्यमी बनी शान्तिप्रियहुन थाले भने विक्रमीय संवत् पाँच हजार सालभित्रै यात्रीहरू अहिले दोहोरो बजारका बीच सडकमा हिंडेजस्तै तारापथका बीचमा भ्रमण गर्दै पसल चहारेतुल्य ग्रह ग्रहमा बस्तो सार्न सक्ने हुनु सम्भव छ।

मङ्गल ग्रहका ज्यादै लामा लामा नहर देख्ता त्यहाँ त कुनै समयमा मनुष्य भएकै अनुमान हुन्छ। अहिले त्यहाँ विशेष प्रगति देखिंदैन। अब मङ्गल पनि सेलाइसक्यो। उसको ऋतुपरिवर्तनमा ताप ऋण सत्तरीदेखि धन दश अंशसम्म चढ्दछ। त्यहाँका मनुष्यजाति (वा कुनै यस्तै जाति) आफ्ना स्मारक नहर (हो भने) छोडेर सधैंलाई सुते। आफ्नो ग्रहलाई तताउन अथवा उडेर पृथ्वीमा आउनेसम्मको विद्या उपार्जन गर्न नभ्याउँदै मङ्गलमा वायुमण्डलको परिस्थिति उनीहरूलाई जीवित राख्न नसक्ने भयो, अथवा त्यसमा उनीहरू बाँच्न सकेनन्। अथवा नहरको अंशखण्डामा संग्राम गर्दागर्दै उनीहरू अरू तत्त्वविश्लेषण र अन्वेषणमा लागिपर्न असमर्थ भए। यसै हो भने हामीले मङ्गलको मृतरणभूमि देखेर चेत्नु पर्दछ। मङ्गल हामीलाई मङ्गल गरून्!—उहिले रोमनहरू मङ्गललाई लडाइँका देवता भन्दथे, हामी उनलाई देखेर चेत्यौं भने त्यो नाम सार्थक जस्तै भयो!

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

शुक्र ग्रहमा अहिले अत्यन्त गरमी छ। पृथ्वीमा हामी बस्न नसक्ने जाड़ो भएपछि धन तीनसय पचास अंशबाट ओर्लेर शुक्रको वायुमण्डल हामीलाई ठिक्क हुने भइराख्तछ। शुक्रमा पनि ज्यादै ठण्ड़ा भएपछि बुधका सूर्यपट्टिको भाग ठीक हुनेछ।

यसरी शिशिरऋतुमा बूढीले जस्तै ठाउँ सरी सरी घाम त ताप्लौंला, तर झन् झन् साङ्ग्रो ग्रहमा पृथ्वीको बढ्दो जनसंख्या कसरी अटाउला? तसर्थ परका ताराहरूतिर आँखा नफैलाई वरकै ग्रहमा आँखा घुमाइरहनु पनि हुँदैन, कि त त्यतिन्जेल वृहस्पतिलाई विद्युत्तरङ्गले ततापर न्यानो पार्न सक्नुपर्दछ। त्यसो गर्न सकौंला? —यस्ता घटना घटे घट्ला नियमित आकस्मिकताले, घटेन भने घटाइन नियमित आकस्मिकताले। तसर्थ उज्ज्वल सपनालाई वास्तविक बनाउन हामी चल्यौं भने हामी चल्यौं यसभन्दा बढी केही भन्न सकिंदैन किनभने सकिएन। हाम्रा पूर्वजहरूले सूर्यदेव र चन्द्रदेवका गुरु वृहस्पति, शुक्राचार्यगुरु, रिसाहा शनिश्चर इत्यादिका कति रमाइला कथा रचेका छन्, त्यो सुन्दा हामीलाई आकाशतिर हेर्न कर लाग्दछ; अब तिनै कल्पित कथाको बदला हामीले भविष्य सन्तानलाई वास्तविक कथा (ग्रहभ्रमणको इतिहास) सुनाउन सक्यौं भने! हाम्रा पूर्वजहरूले सपनामा विमान नचढेका भए आज हामी विपनामा उड्ने जहाज चढ्न पाउने थिएनौं! यो दुःखी संसारमा हामी सुखी सपना देखौं! वैज्ञानिकहरू अनुसन्धान गरून्, दार्शनिकहरू चिन्तन गरून्, कविहरू कल्पना गरून्!

अझ अरू ग्रहभन्दा सूर्यको धन ६ हजार अंशको ताप

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

सेलापर ठिक भएपछि हामीले त्यहाँ बस्न जानुपर्दछ। अवश्य सूर्यलोकमा हामीलाई घामको आवश्यक पर्नेछ, परन्तु त्यतिञ्जेल हामी आकाशमा घाम लाग्ने बत्ती बाल्न सक्ने हुनेछौं। पृथ्वीभन्दा तीन लाख गुना ठूलो सूर्यलोक वा स्वर्ग लोकमा बस्न जाँदा हाम्रा भविष्यसन्तति कति रमाउलान्! त्यहाँ कति ठूलठूला कति रामराम्रा कति अग्ला अग्ला किसिम किसिमका समुद्र झरना ताल वन पर्वतहरू होलान्, कति मनोहर प्राकृतिक दृश्यहरू होलान्! उहाँको सामान्य कुलो यहाँको सबभन्दा ठूलो झरनासहितको नदी जस्तो होला! उनान्तीस हजार कोश अग्लो हिमालय पर्वतको पर्दा टाढैबाट कति मनोरम देखिएला! दुइसय हात माथिबाट खसेको भिक्टोरिया झरनाभन्दा उहाँको दुइ हजार कोश माथिबाट झरेर बज्रेको झरना टाढैबाट कस्तो विशाल र भयानक सुन्दर देखिएला! मनुष्यजातिले आफूलाई त्यस लोकको योग्य बनाइराख्नुपर्दछ। साङ्ग्रो छातीले त्यो कुरा सम्भव छैन, एक व्यक्तिको होइन समस्त जातिको अथक तपस्याले मात्र त्यो सूरलोक लभ्य छ!

हामी त्यो लोकमा सर्दा हामीलाई पाली ताली सह्यारेर हुर्काउने यी पृथ्वीमाता ठण्डाराम भइसकेकी हुन्छिन्। हामीले यिनको प्रतिमा खडा गर्नु पर्दछ — यिनमा सयकरोड अंश ताप चढाउन सक्यौं भने सूरलोकलाई पृथ्वी नै मानवजातिको प्राचीन संस्कृतिको स्मारक प्रतिमा बन्नाको साथसाथै उज्यालो घाम दिनेछन्!

अझै तीसकरोड वर्षसम्म त यस पृथ्वीतलमा मानुषजाति रहन सम्भव छ। यतिका समय यो आठदसहजार वर्षभित्र

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

मानवजातिले झन झन छिटो घुमाउँदै लगेको दर्शन र विज्ञानका पाङ्ग्राहरूका गति विचार गर्दा यस जातिले समुद्र मन्थन गरी अमृत झिक्नालाई र हतकेलामा कल्पवृक्ष उमार्नालाई प्रशस्त वेला जच्तछ। मनुष्यले आजसम्म समुद्र मथेर लक्ष्मी त झिक्यो, लुछाचुड़ी गरेर मोतीको माला पनि लायो ; अब लक्ष्मीको आधारले सरस्वती ज्ञानाग्नि पनि झिक्नेछ ; अनि कलहविषसितै मोतीभस्म गराई संसारको वातावरण आरोग्यमय बनाउनेछ।

भौगोलिक परिस्थितिले त मनुष्यको निंति पृथ्वीले कुनै साँध हालेकी छैनन : जलथलको बीचमा जुन साँध छ त्यसलाई उल्लङ्घन गरी मनुष्य पानीमा पौडन र जलयान चढी वारपार गर्न पनि सक्तछ, पर्वतशृङ्खलाले जुन बार लाएको छ त्यसलाई उक्ली ओर्ह्ली नाघ्न सक्तछ, पृथ्वी र आकाशको बीचमा अन्तरीक्षको जुन साँध छ त्यसलाई चिरी व्योमयानमा चढेर उड्न सक्तछ, गरमी र जाड़ोको जुन छेका छ त्यसलाई हिउँ र आगोको आश्रयले तोडेर यताउति गर्न सक्तछ, दिन र रातको जुन प्रश्न छ त्यसलाई दीपज्योतिले हल गर्न सक्तछ। तैपनि पृथ्वीमा मानवजातिले आपसमा अस्वाभाविक कृत्रिम साँध लाएका छन। बगैंचामा लहरै रूख हालेर काँढाको बार लाएको मानिसले हो, पृथ्वीको कुञ्ज-वनमा त सबै ठाउँ खुला छ; पर्खाल लाएको घर र कोठा रचेको मनुष्यले हो, पृथ्वी त बराबर आँग हल्लाई भित्ता भत्काइदिन्छिन्। मानिसले यस्तो घर बनाएर बस्नुपर्दछ जुन वैज्ञानिक पक्की छाप्रो भूकम्पमा नभत्कोस्, भत्के पनि

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

जहाँको छतले किंचिपर मर्न नपरोस् , जसमा घाम र स्वच्छ वायुको निंति रोकटोक नहोस् । विशाल कलापूर्ण लोहपिञ्जर बनाउनुपर्ने त कलामन्दिर, गवेषणालय, दर्शनालय, औषधालय र पुस्तकालयहरूलाई पो – लक्ष्मीं र सरस्वतीको मन्दिर। जसबाट सब प्राप्ति गरेर मनुष्यजाति प्रथमतः पृथ्वीको त योग्य बनोस् !

तर हामी जति फलाकौं, त्यो र त्यसको असर दुवै नियममा भर परेका हुन्छन् । हामी जुन कुरालाई अस्वाभाविक भन्दछौँ त्यसलाई नियमित आकस्मिकताले अगिसम्म स्वाभाविक पारेकै थियो, अब हामीले ठहराई अस्वाभाविक भनेपछि नियमित आकस्मिकताले त्यसलाई हामीद्वारा अस्वाभाविक नै ठहरायो। अर्को दृष्टान्त- अस्तिसम्म स्वाभाविक बनिरहेको एउटा हरियो थुम्को हिजो हाम्रो आँखामा खट्किदियो , नियमित आकस्मिकताले हामीद्वारा त्यो थुम्को मुठार्न लाएर आजसम्म खेत बनाउन लायो। थुम्को जति प्राकृतिक थियो सम्म खेत पनि उत्तिकै प्राकृतिक छ। तर अब त्यो थुम्को अप्राकृतिक भयो किनभने उसको अस्तित्व मेटिएर प्राकृतिक खेत बनिसक्यो। दुःख पनि स्वाभाविक हो , सुख पनि; तर दुःखमा निवृत्ति र सुखमा प्रवृत्ति हुनु पनि स्वाभाविक हो। यसउसले अस्वभाविक त्यो हो जसलाई स्वभावले रुचाउंदैन; अप्राकृतिक त्यो हो जसलाई हामी रुचाउंदैनौं । हाम्रो असन्तुष्टतामा पृथ्वीको उन्नति चुलिंदै गइरहेको छ , किनभने हामी पृथ्वीका सबभन्दा कान्छा र तार्किक सन्तान हौं । हामीभन्दा करोड़ौं वर्षअगि यहाँ नियमित आकस्मिकताले प्रथम जीव सृष्टि भएको थियो।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

जीव ?

सजीव र निर्जीव भनेर हामी श्रेणीविभाग गर्दछौं, तर भिन्न विकसित लक्षणहरूसिवाय जीव र निर्जीवको बीचमा सीमा हाल्ने कुनै स्पष्ट साधन छैन; कुनै सीमा हालिहालौं भने पनि त्यो कहाँ नेर हाल्ने त्यसको साँधी छैन। वास्तवमा जीवन के हो ?— मन; मन के हो ?— गति। यो गति विद्युत्-चुम्बकीय मूल तत्त्वदेखि लिएर समाधिवाला ऋषिसम्म विद्यमान छ, तसर्थ यस हिसावले जीव र निर्जीव छुट्याऔं भने हामी केवल शून्य आकाशलाई निर्जीव र त्यसदेखि भिन्न वस्तुलाई जीव भन्न सक्छौं। आइन्स्टाइनले पनि भनेका छन् — वेग विश्वव्यापी छ।

जीवको विषयमा यत्तिले हामीलाई चित्त बुझ्दैन। त्यो बाहिरी पर्खालभित्र फेरि अर्को फेरि अर्को हाल्दै जाऔं भने

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

पनि हामी केवल गतिको मात्रालाई लिएर त्यसो गर्न सक्छौं। गति नै शक्ति हो। हामी त्यही शक्तिअनुसार जीवमा कक्षा छुट्ट्याउन सक्छौं। हाम्रा प्राचीन ऋषिहरूले पानि जललाई जीवन भनेका छन्, अर्को एक सीमा त्यहीं हाले हुन्छ : पानीबाटै प्राणीको सृष्टि भएको हो, जसजसलाई हामी जीवधारी भन्दछौं ती सबलाई अक्सिजन आवश्यक छ; एक तरहले — सुक्नु नै मनु हो।

जीवित वस्तुमा मुख्य जो प्रोटोप्लाज्म पाइन्छ, सो विशेष मात्रामा कार्बन, हाइड्रोजन, अक्सिजन र कम मात्रामा नाइट्रोजन, फस्फरस, क्लोरिन, सोडियम र ज्यादै थोरै मात्रामा केही अरू अप्रधान तत्त्वहरूको मिश्रण हो। कार्बन हाइड्रोजन र अक्सिजन मिलेर बनेको स्टार्चलाई कार्बोहाइड्रेट भन्दछन्। वायुमण्डलको कार्बनडायक्साइड र पानीको वाष्पले यो मुख्य जीवनतत्त्व कार्बोहाइड्रेट बन्दछ।

जुन समय पृथ्वीमा धेरै भाग पानी थियो, थोरै भाग हिले स्थल थियो, वायुमण्डल छानिएको घामलाई भित्र छिर्न दिएर नउम्काई रातदिन एकनासिसित गुम्स्याउने वाष्पबादलले ढाकिएको थियो, त्यही वेला रासायनिक क्रियाले कार्बोहाइड्रेट बन्न उपयुक्त भयो। त्यहाँपछि धापमा बनेको थलथले कार्बोहाइड्रेटले नाइट्रोजन खिचेर प्रोटीन बनायो। प्रोटीनपूर्ण विरसमा जीवन केन्द्रित होला होला जस्तो हुन थाल्यो, पछि एक जीवकोषमा जीव केन्द्रित भयो। बाहिरी खोल भएको एकलो जीवकोषलाई प्रोटोप्लाज्म भन्दछन्, यही प्रथम जीव मानिएको

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

छ। त्यसैले फेरि अर्को सीमा यहीं हाल्नुपर्दछ। प्रोटोप्लाज्म बन्न थालेको अहिले तीस करोड वर्ष जति भयो।

जीवनको विकास कसरी हुँदै गयो यसमा जीवन अथवा जलकै दृष्टान्त छ। नदीको पानीमा मात्र होइन पोखरीको पानीमा पनि गति छ, जुन सूक्ष्मरीतिले वाष्पीय अवस्थामा गइरहेको छ। जति सूक्ष्म गति उति सूक्ष्म शक्ति उति सूक्ष्म मन। कुनै वेगवान् नदी अझ झरनाको पानीलाई हामी नलीमा केन्द्रित गरी धारा बनाउँछौं। जति सानो नली हुन्छ उति त्यसमा गति रुद्ध हुन्छ, उति शक्ति बढ्दछ। धारालाई हतकेलाले थुनी साना अन्तरबाट पानीको तोड बढाई पर परसम्म फोहरा चलाएर खेल्ने बालक पनि थाहा पाउँछ — जति शक्ति जम्मा गर्‍य। उति शक्ति बढ्दछ। जो पनि थाहा पाउँछ जति पैसा जम्मा गर्‍यो उति धेरै हुन्छ। एउटा बालक जेम्स वाटले त्यस्तै जलवाष्पगति जम्मा पारेको शक्तिलाई अध्ययन गरी विचारपूर्वक पछि सोही शक्तिलाई वाष्पकल-हरूमा उपयोग गरेको कुरा प्रसिद्ध छ।

जीवकोष नियमित आकस्मिकताले तत्त्वहरुको गति भुमरी परेर केन्द्रित भएको वस्तु हो — नियमित आकस्मि-कताले घुमाएको च्याम्पट्टी जस्तो — नियमित आकस्मि-कताले कसेर दम दिएको घडीको बालकमानी जस्तो। गति सिद्धिनु अथवा घुमिसक्नु अथवा कसिएकोबाट फुक्किसक्नु मनु हो। हातले कसेर मूठा पारेको कागतलाई छोडिदिंदा त्यो फुक्कछ, त्यो फुकुन्जेलको समय त्यसको जीवन हो।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

ताँदो चढ्नु धनुमा जीवनशक्ति बढ्नु हो। खिंचिएको धनुमा मन संग्रह हुन्छ, वाण छुटिसकेपछि धनुको मन मर्दछ, अथवा धनु नै मर्दछ भन्न सकिन्छ। कमान चढ्नु वा कमानी चढ्नु जीवन वा मनको बढो मात्रा पाउनु हो। शंखाकार कीराका घुम्रे खपटाहरू देख्ता हामी घडीमा पूरा दम दिएको कमानी संझन्छौं। वास्तवमा ग्रहहरूदेखि लिएर साना जीवकोष, अझ हाइड्रोजनका नाभिकणसम्म दम कसिंदै र फुक्दै गइरहेका संसारचक्र हुन्; तिनैमा सृष्टि र प्रलय, सजीवता र निर्जीवता, विकास र अन्त्य घुमिरहेका छन्।

शरीरधारी मरिसकेपछि पनि शरीरका कैयन् जीवकोष त बाँचिरहेकै हुन्छन्, कति जीवकोषको त सन्तानरूपमा विकाससमेत भइरहेको हुन्छ, कति जीवकोष शरीरधारी मर्नु भन्दा अगाडि मरिरहन्छन्, कति जीवकोष उ मरेको धेरै पछाडि मर्दै जान्छन्। अथवा शरीरको स्थूल शरीरमा क्षण-क्षणमा खण्डमृत्यु र खण्डसृष्टि भइरहन्छन्। एक शरीरका करोडौं जीवकोषमा गौण मन रहन्छन् तापनि समष्टिरूपमा केन्द्रित भएर उसको मस्तिष्कमा प्रधान मन रहन्छ। मुख्य मन पनि द्रव्य होइन, मस्तिष्कको क्रिया वा मुख्य गति वा मुख्य शक्ति हो। प्रधान मन नै आत्मा हो–आत्मा मर्नु नै वास्तविक मृत्यु हो।

जीवनको विकासलाई अर्को किसिमसित संझौं। एउटा रबरको भकुण्डोभित्र पानीको भुमरी केन्द्रित भयो, त्यही भुमरीको मन वा गतिअनुसार त्यो यताउति जान थाल्यो, त्यो एउटा काँढामा ठक्कर लाग्न पुग्यो, त्यसमा छिद्रहरू बने:

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

त्यसमध्ये एउटा छिद्रबाट भित्र रुमल्लिरहेको भुमरीले भित्रको पानी एकचोटि बाहिर फाल्यो अर्कोचोटि बाहिरको पानी भित्र थुतेर लग्यो–यी आवतजावतले श्वास र प्रश्वासको काम गऱ्यो, त्यो प्वाल मुख बन्यो । नियमित आकस्मिकताद्वारा खोक्रोले पानी थुत्ने भरीले फ्याँक्ने—यो पचकाको जस्तो क्रियाले त्यो भकुण्डोभित्र खलाँती वा फोक्सो बन्यो। अर्को छिद्रबाट यसै किसिमले विद्युत–चुम्बकीय तरङ्गमा चढी प्रकाश आउन जानलाग्यो—त्यो प्वाल आँखा बन्यो । अर्को प्वालबाट शब्दतरङ्ग भित्र पसेर आफ्नो कोठा बनाउन लाग्या–त्यो छिद्र कान बन्यो । त्यस भकुंडोलाई भित्रको गतिले आफ्नै शरीरको आधारमा हुत्याउँदा सबभन्दा पछिल्तिरको भाग पुच्छर बन्यो, वरिपरि पखेटा बने । नियमित आकस्मिकताले शरीर नाभिकणमा सेन्ट्रोसोमद्वारा फाटेर दुइ भाग बन्दा बीचको मुख दोबर ठूलो, कान आँखाहरू दुइ दुइ आटा भएर बीचमा नाइटो बनेका हुन्। अनि त्यो विचित्रको भकुण्डोमा कार्बन आदि तत्त्वहरू मिसिएको पानी रगत बन्यो, भित्रको भुमरी घुम्दा घुम्दा थेग्रिएको जति मेरुदण्ड बन्यो । शरीरको सजीव अंशलाई प्रोटोप्लाज्म निर्जीब अंशलाई क्रिप्टोप्लाज्म भन्दछन् : हाड़, रौं, नङ, क्रिप्टोप्लाज्म हुन्, मासुमै पनि धेरै अंश निर्जीब छ। अनि त्यो भकुण्डोको गति डडाल्नाकै भरमा परेर सोहोरिंदै एक स्थानमा जम्मा भयो–त्या शक्तिकेन्द्र मस्तिष्क बन्यो ।

गति अथवा मन मस्तिष्ककै क्रिया भएकोले सो त्यहींबाट

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

खुल्दछ, त्यहीं रुद्ध हुन पनि सक्तछ। पतञ्जलि योगदर्शनमा भन्दछन्—'योग चित्तवृत्ति निरोध गर्नु हो।' हामी अभ्यास-द्वारा मस्तिष्कमा मन वा गति जम्मा पारी शक्ति एकत्रित गर्न सक्तछौं, त्यसलाई समाधि भन्दछन्। समाधिले हाम्रो आयु लामो बनाउँछ। चलाइरहे आजको बीसवर्षमा खिएर बिग्रने घड़ीलाई हामीले दस वर्षसम्म थन्क्याएर त्यहादेखि चलाउन थाल्यौं भने त्यो आजको तीस वर्षमा मात्र बिग्रन्छ। त्यस्तै समाधिमा पनि घडीको लङ्गुर जस्तै मुटु बन्द हुन्छ, रक्तसंचार रोकिन्छ, अनि सब ज्ञानतन्तु विश्राम पाउँछन्।

प्रकृतिलाई ओल्टाई पल्टाई डार्विनहरूले जस्तै अध्ययन र बर्गसनहरूले जस्तै मनन गरिरहेमा जीवनविकाशविषयक ज्ञान मानिसलाई झन् झन् चढ्दै जाने हुन्छ, अनुसन्धान क्रम त्यागी केवल आँखा चिम्लेर विचार मात्र बढाउन लागेमा ज्ञानको भन्दा कल्पनामात्राको वृद्धि हुनु स्वाभाविक कुरा हो। 'हाँस जेठो कि हाँसको फुल जेठो?' भन्ने प्रश्नमा शंका उठाई यो समाधान हुन नसक्ने शंका हो भनेर कसैले ठहराएका छन्, कसैले चाहिं पहिले कुनै सृष्टिकर्ताले चरा सृष्टि गर्‍यो अनि त्यहाँ देखि चरा र फुल परम्परागत सृष्टि हुँदै आएका संझेका छन्। वास्तवमा चरा एक भिन्न प्रोटोप्लाज्म-बाट नियमित आकस्मिकताले विकास हुँदै गएको जीव हो। फुल चराको शरीरको एक जीवित जीवकोष हो, जसमा उसका आनुवंशिकताका गुणहरू नियमित रूपले रहेका हुन्छन्। तसर्थ 'हाँस र हाँसको फुलमा कुन जेठो?' भन्नु 'आमा र छोरीमा कुन जेठो?' भन्नु तुल्य हो। अवस्थालाई लिएमा

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

'बालक अवस्था र वृद्धावस्थामा कुन जेठो ?' भन्नु जस्तो,-प्रत्येक हाँस उसको फुर्केको अवस्थामा भन्दा फुल अवस्थामा जेठो हुन्छ, त्यही मूल रूपलाई लिएमा हाँसभन्दा हाँसको फुल जेठो । फुल प्रारम्भ हो हाँस इतिश्री ।

जीवन केवल नियमित आकस्मिकताले रासायनिक र भौतिक क्रियाको जटिल संमिश्रणबाट गुणात्मक परिवर्तन भई विकसित हुँदै गएको संयोग हो । हामीलाई थाहा छ-प्रोटोप्लाज्म बनेको कार्बन, अक्सिजन, हाइड्रोजन इत्यादिले हो, तर ती इत्यादि वस्तुहरूको योगले अहिले हामी त्यो बनाउन सक्ने भएका छैनौं । फूलबाट रस थुती माउरीले जम्मा पारेको देखेर समेत आफूले त्यो काम गर्न नजाने तापनि, यन्त्रा रङ्ग कलम र पट सबै सामान अगिल्तिर भए तापनि एउटा चित्र-कारले जस्तै दृश्य लेख्न नसके तापनि हामीलाई थाहा हुन्छ ती कष्टसाध्य तर यत्नसाध्य, रासायनिक र भौतिक तत्त्वह-रूकै क्रिया हुन् । प्रत्येक तत्त्वमा अर्कोसित मिलेर फेरि अर्कै गुणमा परिणत हुने शक्ति रहेको हुन्छ । हाइड्रोजनमा जल हुँदैन केवल अक्सिजनसित मिलेर जल बन्ने शक्ति त्यसमा अन्तर्गत भएको हुन्छ । सुन्तलाको बीजमा सुन्तला हुँदैन केवल अरू तत्त्वहरूलाई चुस्तै संग्रह गर्दै बढ्दै सुन्तलासम्म हुने शक्तिपुञ्ज त्यसमा रुमल्लिएर रहेको हुन्छ । अहिलेसम्मको विज्ञानद्वारा मानिसले केही कृत्रिम बीज बनाउन सकेका छन्, त्यसमध्ये एउटाको उदाहरण तल दिइन्छ ।

एक भाग चिनी र दुइ भाग तामागन्धकको गोली पारेर सयकडा चार गिलेटिन सयकडा दस नून सयकडा चार पोटा-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

सियम फेरोसाइनाइड मिलाएको मनतातो पानीमा हाल्यो भने तामागन्धक फेरोसाइनाइडमा लागेर सो गोलीवरिपरि तामा–फेरो साइनाइडको जाली खोल बन्दछ। चिनी बाहिर आउनुभन्दा छिटोसित पानी त्यो जालोभित्र घुसी मिल्न थाल्दछ। चिनी पग्लिसकेपछि त्यो बीजमा भित्री धक्काले बलसित सतहको निर्बल स्थाननेर कोपिला जस्तो टुसो निकाल्दछ। जालोले ज्यादै पतलो भएको टुप्पातिर बाटो दिएपछि त्यो कोपिला ढुङ्ग्रो गोलाकार डांठ भएर बढ्दछ, सो ज्यादै लामो भएपछि आफूलाई सह्माल्न असमर्थ भएर नुहुन्छ। घुमेको डाँठको बाहिरपट्टिको भागचाहिं विशेष पतला हुन्छ, अनि त्यहीं फेरि नयाँ कोपिला बन्दछ। एवंरीत्या डांठमा यो क्रिया धेरै पटक दोहोरिएपछि त्यो हांगा फैलिएको टुप्पामा पात भएको पानीविरुवा जस्तो बन्दछ।

रासायनिक तत्त्वहरूका संमिश्रणबाट यस्ता खाएर बढ्ने प्राकृतिक बिरुवाहरूका चालमा धेरै समानता राख्ने अनेक कृत्रिम बिरुवा बनाउन सकिन्छ। चोइटका बिल्लौरले उस्तै उपयोगी रसमा चोपिंदा घाउ पुर्ने वस्तु आफैले जम्मा गरी चोट निको पारेको, खुर्दबीनले मात्र देखिने प्रोटोजूनले खाद्यपदार्थवरिपरि घुमेर पच्ने कुरा खाने अपच कुरा फाल्ने गरेका इत्यादि गति देख्ता हामी मन नभएका जीवांश छुट्ट्याउन असमर्थ हुन्छौं। हिउँ—एक किसिम, त्यसलाई तताएपछि पानी बन्दछ — अर्को किसिम, त्यो पानी झन् तात्ता दाना दाना पर्दछ — अर्को किसिम, अझ ततायो उम्लन्छ — अर्को किसिम, अनि पानी वाष्प भएर जान्छ — अर्को किसिम, के

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

हुन्छ ? गति बढ्दछ — गुणात्मक परिवर्तन हुन्छ — शक्ति बढ्दछ — मन बढ्दछ — क्रिया बढ्दछ। यस्तै विकासको सिंढी सिंढीमा बार लाउने हो भने, हाँगाका आँख्ला आँख्लाका विकसित पुष्पको लेखा गर्ने हो भने हामी यसरी आलीले ड्याङ ड्याङ छुट्ट्याउन सक्छौं :

प्रोटोप्लाज्म वनस्पति पनि होइन जन्तु पनि होइन खालि जीव हो। त्यसमा नियमित आकस्मिकताले हरियो रङ्गको वस्तु क्लोरोफिल जन्मा हुन थालेपछि त्यो सकल वनस्पतिको आदि पुरुखा बन्यो त्यहाँपछि ती खालि हावा र पानीबाट आफ्नो जीवन निर्वाह गर्न सक्ने वनस्पतिले आफूमा सपरिश्रम संग्रह गरेको जीवनतत्त्वलाई एक अर्को थरीको बलियो प्रोटोप्लाज्मले सोझै चुस्न लाग्यो, त्यो चोरको चोरीबलले मेरुदण्ड बन्यो। त्यसरी लूट र चोरीले जीविका गर्ने मेरुदण्डवाल कीरा नचोरीकन बाँच्न नसक्ने भयो — त्यो तमाम जन्तुको आदिपुरुष बन्यो। हुनता वनस्पति र जन्तु दुवैलाई शरीरयात्राको निति चाहिने वस्तु एकै छन तापनि वनस्पति केवल पृथ्वी र वायुबाट त्यो त्यो त्यो वस्तु लिन जान्दछ; जन्तु जान्दैन, अनि वनस्पतिलाई मारेर उसको भँडारसमेतै उसलाई नचपाई जन्तुलाई निर्वाह छैन। यसरी कमाउनेले भन्दा चोर्नेले झनझन शक्ति बढायो— झारले भन्दा कीराले, कीराले भन्दा माछाले। यस्ता मेरुदण्ड-वाल पानीकीरा र माछाहरू विकास भएको अहिले दश करोड वर्ष भयो, अथवा प्रोटोप्लाज्मलाई डडाल्नु हाल्न बीस करोड वर्ष लाग्यो।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

जलजन्तुलाई समुद्रको छालले थलमा फ्याँक्ने फेरि पानीमा लैजाने क्रिया हुँदां हुँदा त्यस जन्तुको शरीरमा त्यस गतिको छाप लाग्यो अनि वरिपरिका पानी पन्छाएर अगाडि सर्कने पखेटा अब तलतिरको स्थल पन्छाएर अगाड़ि बढ्ने खुट्टा बने । खुट्टा गतिको सूचक हो, गति मनको . तसर्थ खुट्टा मनको सूचक हो : शरीरधारीलाई जता जान मन लाग्दछ खुट्टा उसलाई उतै हिंडाएर लैजान्छ माछाले पखेटालाई खुट्टा बनाउन र वायुका थोरै अक्सिजन परमाणुमा सास फेरेर चित्त बुझाई धेरै बेरसम्म पानी नपिएर अड्न सक्ने हुन अथवा जलजन्तुको थलजन्तुमा विकास हुन फेरि पाँच करोड वर्ष लाग्यो ।

जस्तै नियमित आकस्मिकताले निर्बल भएको एक भाइ समुद्रको झार बन्यो एक भाइ घुमफिर गर्ने माछा , त्यस्तै थलमा आइसकेपछि पनि एक निर्बल भाइ पृथ्वीमा ओछ्यान परी वनस्पति बन्यो । (रोगीले मुखबाट खान नपुगी ढुसबाट खानुपरे जस्तै वृक्षहरू मुखपत्रमा कार्बनश्वास लिई तलतिर जराबाट नूनपानी खिच्तछन)। अर्को बलियो भाइ उसको अंश चपाई झन विकसित भएर दगुर्न थाल्यो। निर्बल वनस्पतिले मृतजन्तुलाई मात्र खान सक्यो जीवित जन्तुको त केवल मलमूत्र मात्र। कुनै ‘ भीनस - फ्लाइ - ट्र्याप ’ जस्ता आफै गाँजेर चराको सुरुवा पिउने बोट पनि हुन्छन तर तीसमेत ओछ्यान छोड्न सक्तैनन् । कुनै वृक्षलाई हामीले उसको शक्ति प्रशस्त बढाउन सक्यौं भने उसको

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

गति बढ्दछ, उ हिंड्न सक्दछ । त्यो गति कुनै क्रियाले अझ विशेष मात्रामा बढाउन सक्यौं भने उसको मन उही मात्रामा बढ्दै जान्छ, उसका इन्द्रियहरू बन्दै जान्छन्; अनि उ मनुष्यले बितेको दिनमा आफूमाथि गरेको अत्याचार–विषयक महाकाव्य बनाउन सक्ने हुन्छ । कति सुन्दर हुँदो हो — फलफूलले लटरम्म भएका तरुलताकृत कविता !

यस्तै रीतले उरोगामी सर्प माउसुली गोही कछुवा ठोटरी र भ्यागुताहरू बने । पानीका तरङ्ग ढुङ्गा माटो बालुवाहरूका अन्तर अन्तरका बान्की देखेर हामी सर्प भ्यागुता माछाहरूलाई संझन्छौं । सब जन्तुका अवयवको आकार नियमित आकस्मिकताअनुसार गति अथवा मनले बनाएको हो । आँखाले हेर्न मन लाग्दछ, कानले सुन्न मन लाग्दछ किनभने प्रकाशतरङ्गद्वारा आँखा, शब्दतरङ्गद्वारा कान बनेका हुन । शरीरमा जलअंश छ त्यसैले जलको कमी भएमा तिर्खा लाग्दछ, त्यहाँसम्म जल पिइन्छ जहाँसम्म त्यस अभावको पूर्ति हुँदैन — एउटा रुमालले कचौराको पानी त्यहाँसम्म चुस्तछ जहाँसम्म त्यो भिज्दैन । शुष्क वस्तुको पानी पिउने मन हुन्छ, भिजेको वस्तुको पानी चुहाउने मन हुन्छ । यो स्वभाविक हो

उहिले पृथ्वीमा ज्यादै भयङ्कर विशालकायका जन्तुहरू थिए । पाँच करोड वर्षअगाडिको बेलुचिथेरियम स्थलको सबभन्दा ठूलो दुग्धपेयी जन्तु हो, साठो हातभन्दा लामो ह्वेलमाछा अहिलेको सबभन्दा ठूलो जीवित जन्तु हो । वृक्ष अग्लो हुँदै गयो, जन्तुहरूका घाँटीढुण्डाका मुनामा लोभिएर लामो हुँदै गयो । कुनै हलुका साना जन्तुहरूको पानी पन्छाएर

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

अगि बढ्ने जस्तै— माटो पन्छाएर अगि बढ्ने जस्तै — हावा पन्छाएर अगि बढ्ने मनसित प्वाँखका पखेटा बने। विशाल उरोगामीको प्राधान्य भएको, अनि दुग्धपेयी जन्तुहरू र उरोगामीबाट चराहरू विकसित भएका अहिले दुइ करोड वर्ष भयो। फेरि दुग्धपेयीको प्राधान्य भएको र घोडा ऊँटहरूको विकास भएको पचास लाख, वानरहरू विकसित भएको दसलाख वर्ष भयो। यिनमध्ये कति किसिमका जन्तु नियमित आकस्मिकताले लोप भएर गए। प्रकृतिद्वारा छानिएर त्यही रहन्छ जुन नियमले रहनैपर्दथ्यो : हरिशङ्करले त्यो सर्पलाई त्यहाँनेर नदेखेर कुल्च्यो किनभने दुवैको गतिको गणितले त्यहाँ त्यस्तो हुनैपर्दथ्यो, किनभने टोक्ने र टोकिने दुवैको वंशावली अर्बौं वर्षअगाडिका ऋणात्मक र धनात्मक विद्युत्-तत्त्वसित जोड़िएर नियमित गतिले आइरहेछन। अनि त्यो सर्पले हरिशङ्करलाई टोक्यो किनभने त्यसले टोक्नैपर्दथ्यो, हरिशङ्करले त्यसलाई ढुङ्गाले झटारो हान्यो किनभने हान्नैपर्दथ्यो, सर्पले त्यो छल्यो किनभने छल्नैपर्दथ्यो, फेरि हरिशङ्करले अर्को चुच्चे ढुङ्गा उठाएर सर्पको टाउको ताकेर हान्यो किनभने हान्नैपर्दथ्यो, सर्पको टाउको फुट्यो किनभने फुट्नैपर्दथ्यो, अनि पछि त्यो सर्प मर्‍यो किनभने मर्नैपर्दथ्यो। सय रुपियाँ राखेको थैलीमा प्वाल परेर खसेको रुपियाँ जम्मा गर्दा सात रुपियाँ रहेछ किनभने त्यति हुनैपर्दथ्यो; बयान्नब्बे रुपियाँ थैलीमा नै रहेछ किनभने त्यति हुनैपर्दथ्यो — एक रुपियाँ सेतो डबलःचोरको खल्तिमा रहेछ, त्यति त्यहाँ रहनैपर्दथ्यो किनभने उसले अरूको आँखा छली लामो हात गरेर दबाएको

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

त्यत्ति नै थियो। सर्पको कथा र रुपियाँको कथामा उही गणित छ केवल दुइमा सरलता र क्लिष्टताको मात्र अन्तर छ। हरिशङ्कर र सर्पको कथामा मनोविज्ञानको गणित छ। संसारमा सबभन्दा उच्च वस्तु मस्तिष्क हो, त्यसैको क्रिया मन; तसर्थ मनको गणित सबैमा जटिलतम हुन्छ। नियमित आकस्मिकताको अध्ययन हामी अत्यन्त स्पष्टसित जूवाको खालमा गर्न पाउंछौं, किनभने त्यहाँ थोरै समयमा धेर घटना घट्तछ— क्षणभरमा धनी गरीब हुन्छ गरीब धनी, कि धनी धनाढ्य गरीब हरिकङ्गाल भीखमङ्गा।

यस्तै नियमित आकस्मिकताले बनेका खाने र खाद्यको सम्बन्धमा कसैको खानेकुरा कसैले पकाएर तयार पारिराखेका वृथा भानलाई पनि विज्ञानको अध्ययनले हटाउँछ। मान्छे संझन्छ माछा मेरो अहारा हो, माछा संझन्छ मान्छे मेरो चारा — ऋणात्मक र धनात्मक विद्युत् जस्ता दुवै आपसमा आकर्षित हुन्छन्, जुन बलियो छ त्यो अर्कोलाई निल्दछ, अन्त्यमा हामी अकस्मात् मान्छे र माछामा केवल एकलाई पहिलेभन्दा नियमित रूपले मोटाएर बाँचेको पाउँछौं। तिनीहरूमा कसको जय हुन्छ? नियमित आकस्मिकताले जुनचाहिं जयको योग्य बनेको छ।

स्याड्म कुरीले रेडियम तत्त्व पत्ता लगाएपछि पृथ्वीको उमेर थाहा पाउन जस्तो सुगम भयो उस्तै रेडियमद्वारा नियमितरूपले समय टाँगिएको चट्टानमा थेग्रिएर जमेका तह र छापा परेकोबाट जन्तुहरूका जीवनसमयको अनुमान गर्न

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

विशेषज्ञहरूलाई सुगम भयो। अझै यी अनुमानमा लाखौं वर्षको फरक पर्नु आश्चर्य छैन। हलुवाईंकहाँ चिनीका घोडाहरू बनाउने काठका छापहरू देख्ने बालकलाई पनि चट्टानमा छाप देख्ता अहिलेका यी जन्तुहरूको अवयव संझन कठिन होओइन। ठूलो कन्तुरमा माल थन्काउने जुनसुकै भँडारे पनि थाहा पाउँछ — सबभन्दा पहिले हालेको माल सबभन्दा तलतिर परेको हुन्छ। अझै पार्सलमा काठको धूलोले प्याक गरे जस्तै यी शताब्दी शताब्दीमा तरेली परेर जम्दै बाँकिंदै गएका चट्टानहरूमा जोगिएर रहेका भूतजन्तु-अवशेष पुस्तक-पत्रका चित्रहरूजस्तै हाम्रो अध्ययन र विशिष्ट ज्ञानवृद्धिको लागि कति ठाउँमा पर्खिरहेका छन्।

वानरपछि यो संसारतरुको हाँगामा अर्धमनुष्य फुलेको अहिले पचास हजार वर्ष भयो, पूर्ण मानिस भन्न हुने जाति विकास भएको तीस हजार वर्ष भयो, अनि मानिसमा सभ्यताको अरुणोदय भएको दस हजार वर्ष बित्यो।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

मनुष्य ?

मनुष्य कसरी बन्यो ? — नियमित आकस्मिकताले । मनुष्य यो विकास भइरहेका विश्ववृक्षको सबभन्दा माथिको टुप्पामा उम्रेको मस्तिष्कप्रधान थलकमल हो । आफूभन्दा माथि कसैलाई नदेखेर उसलाई अभिमान हुनु स्वाभाविक हो । मानिसको स्थान सबभन्दा उच्च छ त्यो हो, तर ऊ उही पृथ्वीबाट उम्रेको हो जहाँबाट पानीझार उम्र्यो, उही रासायनिक तत्त्वको मिश्रणबाट बनेको हो जसबाट अरू जन्तुहरू बनेका छन् । विशेष समता हामी नरजातिको वानरजातिसित छ, उनमा पनि खास गरेर ठूलो पपवानरसित देखिन्छ । हाम्रो पुरुखा पपबाट जन्मेको होइन, त्यसबाट विकास भएको हो । फेरि हाम्रो प्रत्येक अङ्गमा विकास भएको छैन, शारीरिक बलमा अझ हामी उसभन्दा टङ्चिएका छौं, पुच्छहीन ठूलो पपवानर

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

गरिल्ला र चिम्प्यान्जीहरू धेरै बलिया हुन्छन् । मुख्यतः हाम्रो मानसिक बलमा विशेष विकास भएको छ । त्यसैले यसो भन्न सकिन्छ— नर वानरविशेषले पारेको फुल होइन, ती शाखा-मृगविशेषरूप शाखामा फुलेको फूल हो ।

गर्भको रङ्गभूमिमा विकासका सबैजसो अवस्थाको अभिनय अझ पनि हामीले खेल्दै आउनुपर्दछ : पहिले तीस करोड वर्षअगाड़िको थलथले सूक्ष्म जीवकोष जस्तो, दसै दिनमा दस करोड वर्षअगिको मेरुदण्डवाल कीरा जस्तो, फेरि पाँच सप्ताहमा पाँच करोड वर्षअगाडिको हात खुट्टा उम्रेको लामपुच्छ्रे माउसुली जस्तो, छ महीनामा छ लाख वर्षअगिका शरीरभर रौं हात लामो भएको कुप्रे थुतुने एप-वानर जस्तो, अनि सातौं महीनादेखि मान्छे नै जस्तो । यसरी मनुष्यको वीर्यलाई विकसित भएर मनुष्यपनलाई भेट्न पूरा सात महीना लाग्दछ । त्यहाँभन्दा अगाडि जन्मेको बालक बाँच्न सक्तैन । महीना पुगेर जन्मेको बालकैमा पनि हामी वानरका झझल्को पाउँछौं ।

मनुष्यशरीरमा सामान्यतः यिनै वस्तु हुन्छन्:
शरीरको तीन चौथाइ (पचास सेर जति) पानी,
दुइ हजार दियासलाई बनाउन पुग्ने जति अधातुक तत्त्व फस्फरस,
सय गोली गन्धकवटी बनाउन पुग्ने जति गन्धक,
नौ हजार सीसाकलम बनाउन पुग्ने जति कार्बन,
तीन सेर जति नून,

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

(एक चम्चा म्याग्नेसियम)
(सानो छिड़ीको एक पाटा पोत्न पुग्ने जति चून)
दुइसेर जति नाइट्रोजन,
चार हजार सेर जति अक्सिजन
सगरमाथाको शिखरसम्म ध्याम्पा उडाउनलाई चाहिने जति हाइड्रोजन,
दशओटा ल्वाङ्कीला बनाउन पुग्ने जति फलाम ।

यिनीहरूको मिसावट अणु लिएमा मुख्य चार वस्तु हाम्रो शरीरमा पाइन्छन्–चिल्लो,प्रोटीन.कार्बोहाइड्रेट(द्राक्षाशर्करा), अनि भिटामिन–धातु । पशु र बनस्पतिमा पनि फेरि यिनै वस्तु पाइन्छन्। मनुष्यशरीर तिनै अणु र परमाणुहरूले बनेको कल हो यसमा मासु बली नसकेको कोइला जस्तो छ, हाड बलिसकेको पत्थर जस्तो । यो कल जति चल्यो उति यसमा रहेका पदार्थ-हरू खर्च हुन्छन्,सो अभावपूर्तिलाई फेरि तिनै वस्तु चाहिन्छन् । हाम्रो भोक त्यही अभावको सूचना हो । काठको एउटा फल्याक धेरैसम्म पानीमा चुटिंदै सुक्क गरेपछि उसलाई चिल्लोको भोक लाग्दछ,खङ्ग्रङ्ङ सुकेको त्यो काठलाई हामीले तेल दियौं भने ऊ हस्याङफस्याङ गर्दै खान्छ, अघाएपछि खान छोड्दछ; तेल वेलामा खान पाएन भने त्यो काठ पटपटी फुट्तछ । काठको मन आफ्नो भोक चिन्ह सक्नेसम्मको छैन, रूख भोक विशेष अनुभव गर्दछ, महीना दिनको बालक भोक लागे रुन्छ, पशु खोजमेल गरेर भोक टार्दछ, हामी खटियामा काँटा चम्चा चलाएर उही भोक निभाउँछौं । उही भोकको प्रेरणाले हामी घरघर भीख माग्दै हिंड्छौं, उही भोकको सङ्केतले हामी चराको

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

छातीमा रालले टल्काएको सेतो दाँत गाड्दछौं।

हो, पशुभन्दा मुख्यतः हामीमा एक कुराको विशेषता छ— धेरै संस्कार भएको गिदी। कैयन् कुराको विशेषता हामीमा भन्दा भिन्न भिन्न जातका पशु पक्षी कीराहरूमा देखिन्छः कसैका हातखुट्टा, कसैको आँखा, कसैको नाक, कसैको कान इत्यादि हाम्रा भन्दा बलवान् तेजिला छन्। मनुष्यशरीरमा पाँचसय नसापेशी (मसल) छन्, कति पशुशरीरमा यसभन्दा धेरै छन्। हाम्रो शरीरका विभिन्न भागमा दम कसिएका कमानी जस्ता अनेक ग्रन्थि छन्–पिनियल, पिटुइटरी, पाराथाइराइड, थाइमेस, अड्रेनल र प्याङक्रिया। यिनीहरूबाट जीवनरस (हार्मोन) तप्केर जीउभरी भिज्दछ। पशुको जीवनरस पनि उस्तै हुन्छ, तसर्थ अग्रेजी वैद्यहरू आवश्यक परेमा पशुको जीवनरस झिकी प्वाले सुइराले रोपेर मनुष्यशरीरमा घुसाउँछन्। कैयन् पशुका ग्रन्थिहरू हाम्रोभन्दा धेरै शक्तिशाली हुन्छन्, परन्तु मन हाम्रो सर्वोपरि छ। तिनमा कोही रेशम जस्ता मिही सूत कात्नामा निपुण छन्, कोही मोती जस्ता रत्नहरू बनाउनामा विशेष सिपालु छन्, कोही ढुङ्गा कुँद्नामा, कोही उड्न सक्तछन्, कोही खानसामा कर्ममा दक्ष छन्; इत्यादि जीवजन्तुभन्दा हामी माथि छौं किनभने हामी विशेष मनन गर्न सक्तछौं–हामीलाई विशेष बोध हुन्छ, हाम्रो बुद्धिलाई उनीहरू भेट्न सक्तैनन्। पशुले वनस्पतिमा छापा मारे जस्तै हामी पशुमा मार्दछौं। परन्तु हाम्रो यो मस्तिष्क मन्दाकिनीबाट बर्सेर आएको अलौकिक वस्तु होइन, नियमित आकस्मि-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

कताले बनेको एक सीमित पार्थिव ज्ञानभण्डार हो। किनभने–

हामी थाहा पाउँदैनौं हामीले आफ्नो रक्तकण बढाउन खोज्दा मेवामिष्ठान्नसित मिलेको कुन रोगकीटाणु खाइदियौं। त्यो हाम्रो रुधिरका श्वेतकणहरूले थाहा पाउँछन्, अनि लड़ाइँ गर्दछन्, हामीलाई ज्वर आउँछ। श्वेतकणले ती रोगका कीटाणुमाथि विजय प्राप्त गरे भने हामी बाँच्तछौं, श्वेतकणले हारे भने हामी मर्दछौं, हामी थाहा पाउँदैनौं हामीलाई केको भोक लागेको हो ?—अहिले धमाधम स्वाद लिई लिई खाजा लप्ह्याउछौं भरे अजीर्णशूल हुन्छ र तातो पानी सिसीमा हालेर पेट सेक्न थाल्दछौं। एउटा अंग्रेजी औषधि गर्ने वैद्य आएर मेरो कुकुर र म दुवैलाई जाँचिसकेर भन्दछ—तिमी फलफूल उस्तो खाँदा रहेनछौ, तिम्रो रक्तमा विटामिन 'ग' को कमी छ, तिम्रो कुकुरलाई विटामिन 'इ' को कमी रहेछ, उसलाई गहुँको तेल चटाऊ। भोकको कुरा परै राखौं आफ्नो पित्तथैलीमा पचासओटा ढुङ्गा अड्केको, आन्द्रामा खटिरा आएको पनि हामी थाहा पाउँदैनौं, कष्ट-किरणले चित्र उतारेपछि पो हामी कराउँछौं—घेरै घिउ नतन्काउनुपर्ने रहेछ। पहिले हामी जुन वस्तु भोकले हाम र झार गरेर खान्थ्यौं त्यसमा भोक टार्ने वस्तु छ त्यत्ति मात्र जान्दथ्यौं, अब योसमेत जान्दै आयौं यस यस वस्तुमा हामीलाई चाहिने यो यो शक्ति लुकेको छ। हाम्रो शरीररूपी कल चल्नालाई अहोरात्रमा खाद्यशक्ति (कलोरी) पच्चीस सय चाहिन्छ, अति परिश्रम गर्नेलाई त पाँच हजारसम्म पनि चाहिन्छ। भिन्न भिन्न प्रकारको आहारमा भिन्न भिन्न खाद्यशक्ति हुन्छन्। ती

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

शक्ति शरीर कललाई तीन प्रकारले चलाउँ छन्ः–

(१) 'क्ष' शक्तिले तातो पैदा गरी सो विद्युतद्वारा बाहिरी काम गर्दछ, (शिकारी राजा झैं)।

(२) 'त्र' शक्तिले खाएको पचाई रक्तसंचार गर्दछ, (द्वारपाल झैं)

(३) 'ज्ञ' शक्तिले आफ्नो भित्री मरम्मत गर्दछ, (रानी झ)

'क्ष' ले बुद्धिमान् र परिश्रमी

'त्र' ले बलवान र हृष्टपुष्ट,

'ज्ञ' ले नीरोगी र सन्तोषी बनाउँ छ।

यी छओटै गुणले पूर्ण हुनालाई सबै प्रकारका शक्तिको आवश्यक्र छ। यी छ लक्षणले युक्त भएका मानिस हामी धरणीमा कति जना पाउँ छौ ? धेरै जति त हाम्रो अगाडि बुद्धिमान रोगी, बलवान् मूर्ख, परिश्रमी निर्धो र हृष्टपुष्ट अल्सी-हरू दृष्टिगोचर हुन्छन्; अझ धेरै मूर्ख रोगीहरू; झन् धेरै अल्सी असन्तोषी निर्धाहरू। यिनै मात्राको घटबढले सात्विक र तामसी भावनाहरू बन्दछन्। यो निश्चित गणित होइन, तर यस्तै यस्तै जस्तो–नीरोगी परिश्रमी बुद्धिमान् बलवान् मानिस परोपकारी हुन्छ, निरोगी बलवान् बुद्धिमान परिश्रमी सन्तोषी त्यागी हुन्छ, अनि त्यागी र उपकारी महात्मा बन्छ; त्यस्तै अल्सी बुद्धिमान् असन्तोषी निर्धो रोगी चोर हुन्छ, मूर्ख बल-वान् नीरोगी असन्तोषी निष्ठुर हुन्छ, अनि निठुरी चोर घातकी बन्छ। आहारले मानिसको स्वभावमा परिवर्तन हुन्छ, तर आहारको गुण हामीले यथार्थ जानेका छैनौं।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

गीताको 'चिल्लो रसिलो मीठो सात्विक आहार, अमिलो पिरो नुनिलो तातो राजसी आहार, बासी गह्नाउने बिरसिलो जूठो तामसी आहार' यो सर्वसाधारणले अनुभव गर्न सक्ने कुरा हो: मीठो लड्डु नखाएर तीतो झार को चपाउला! तर जो कुन रसिलो पदार्थ खान पाउँदैन केवल सिस्नु मात्र खाएर जसले जीवन बिताउनुपरेको छ त्यसमा स्वार्थी संसारउपर तामसी भाव चढ्नु पनि केही आश्चर्यको कुरा होइन, जो नून खुर्सानी अमिलो साँधेर खाई राँकिन्छ त्यसमा क्रोध किन चढोइन! अनि जो चिल्लो खाएर अघाउँछ त्यसमा दान र यज्ञको भावना किन जागृत होआइन, त्यो आगोमा समेत अन्न र घिउ किन होमोइन!–दरिद्रान् भर कौन्तेय! के यत्ति दर्शनका उज्यालोले हामी आहारमा लेखिएको लिपि पढ्न सक्छौं? अब विज्ञानपट्टि-ताकतको निति मासु नै मासु खानेले बँदेलको मासु खाएर एक आउन्समा पाँच ग्राम प्रोटीनबाट बीस शक्ति र पन्ध्र ग्रामको चिल्लो बोसाबाट एक सय पैंतीस शक्ति गरी जम्मा एकसय पचपन्न खाद्यशक्ति त प्राप्ति गर्दछ, परन्तु विटामिन धातु र कार्बोहाइड्रेट अलिकति पनि पाउँदैन। त्यस्तै भाते भात हसुर्ने कार्बोहाइड्रेट-समेत निकै प्राप्ति गर्ला तर विटामिन अझै पाउँदैन। घिउ खाएर दुइसय तेईस खाद्यशक्ति बटुली शरीरलाई रन्काउनेले कार्बोहाइड्रेट र प्रोटीन दुवै पाउँदैन, विटामिनमा 'क' र 'घ' पाउँछ, 'ख' 'ग' 'ङ' पाउँदैन। गाईको दूध पिउने सबै थोक पाउँछ– चिल्लो, प्रोटीन, कार्बोहाइड्रेट र विटामिन 'क' 'ख' 'ग' 'घ' 'ङ,' जम्मै, परन्तु एक आउन्स बँदेलको

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

मासुमा एकसय पचपन्न अझ घिउमा दुइसय तेईस शक्ति पाउँदा उक्ति दूधमा केवल अठार मात्रै खाद्यशक्ति भेट्टाउँछ। आलुमा छत्तीस खाद्यशक्ति छ, सब छ, विटामिन 'घ' र 'ङ' छैनन्। एक आउन्स सुन्तलाका रसमा विटामिन 'घ' को अतिरिक्त सबै थोक छन्, खाद्यशक्ति भने बाह्र मात्र छ। फेरि मिस्री नै मिस्री खाने एकसय तेह्र शक्ति बल्झाउँछ, तर कार्बोहाइड्रेट मात्र प्राप्ति गर्दछ, कुनै किसिमको विटामिन पाउँदैन, प्रोटीन र चिल्लो अलिकति पनि पाउँदैन। पहिलेका मानिस हसुर्न जान्दथे, पछि अनुभवले भारतका वैद्यहरूले संझे अन्नमा भन्दा पीठोमा, पीठोमा भन्दा दूधमा, दूधमा भन्दा मासुमा, मासुमा भन्दा घिउमा गुण वा शक्ति बढी हुन्छ। पश्चिमी र अमेरिकन वैद्यहरूले अझ सूक्ष्मसित गुण र खाद्यशक्तिको नाप तौल गर्न जानेका छन्। परन्तु मानिसले अझ माउरीले मह जम्मा गरे जस्तै गरी केवल उपयोगी वस्तु खानसम्म पनि जानेको छैन। अझ माउरी के जान्दछ कुन फूलमा के गुण छ—कुन गुलियोमा के सार छ! संसारी भोक लाग्दा खान्छ, तिर्खा लाग्दा पिउँछ; पेटभित्र खन्याएको पदार्थमा जुन नियमित आकस्मिकताले लाभदायक वस्तु पर्न जान्छन् त्यसैले हानिकारक पनि पर्न सक्तछन्, सो अणुवीक्षण यन्त्रले नहेरी जान्न सकिंदैन। अतः प्रत्येक गाँस होइन, प्रत्येक घुट्का होइन, प्रत्येक कण, प्रत्येक थोपा मात्र होइन, प्रत्येक श्वास लिंदा वायुका प्रति अणुलाई यन्त्रले जाँचेर उदरको राहदानी दिनु सम्भव छैन, नजाँचेर मुखद्वार सदैव खुला छोड्दा नित्य शारीरिक स्वास्थ्य सम्भव छैन, अझ मनको स्वास्थ्य

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

त कता छ कता ! हामी त्यही वेला खान जान्ने ठहरिऔंला जब नियमित आकस्मिकताले हामीलाई शारीरिक र मानसिक युगल स्वास्थ्यको अधिकारी भक्षक बनाउला, अन्न केवल हावा खाएर बाँच्न र बचाउन सक्ने वास्तविकता जताउला। वनस्पतिको रसमा र पशु, पन्छी, माछाका मासुको झोलमा आफ्नो शरीरलाई धान्ने वस्तु नपाएको भए हामी मान्छेको मासु नखाई बाँच्न सक्तैनथ्यौं—हामी मान्छे खाने हुन्थ्यौं। फेरि चाहिने जति वस्तु वायुका तत्त्वहरूद्वारा मिश्रितकार्बन रचां स्वादिष्ट बनाउन जानेका भए आफ्नै जस्तो प्रकृति भएको वनस्पति अन्न आफ्नै जस्ता हात खुट्टा मुख नाक आँखा अनुहारसमेत भएको पशुवृन्दलाई मारी हामीले राक्षस बनेर आँखा चिम्ली खानुपर्ने थिएन। हाम्रो मस्तिष्कमा अन्तर्ज्ञानको सीमा नियमित आकस्मिकताले यहींसम्मको बनेको छ। तर अन्न गडेर हेर्दा कार्बन र अक्सिजन खाएर उनको नाश गरी कार्बन डायक्साइड बनाउनुभन्दा परमाणुकै पनि नाश नगरी के मूलतत्त्वबाटै हाम्रो शरीरयात्रा चलोइनर भन्ने प्रश्न उठ्तछ, अनि फेरि नियमित अकस्मिकताले हामीलाई कता कता सीमा हाल्नालाई बाध्य गर्दछ। हामी विवश छौं !

तापनि 'सृष्टिकर्ताले आफ्नो अनुहार र अवयव दर्पणमा हेरी मनुष्यलाई बनाएका हुन्, हामी बाँदरबाट चढ्दै गएका होइनौं, देवताबाट ओर्लंदै आएका हौं' भन्ने वृथाभिमानीहरूले मानिस र गरिल्लाका कङ्काल तुलनात्मक दृष्टिले अध्ययन गर्नु उचित छ, बानरले कपाल कन्याएको हेर्नु आवश्यक

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

छ, चिम्प्यान्जी र गरिल्लाको क्रूरता अनुसन्धान गर्नु अत्यावश्यक छ; मानिस अभिमानले त पशुका झन् वर पुग्दछ, मानवोचित सहानुभूतिले नै पशुदेखि अलग्ग रहन सक्तछ ।

तीस हजार वर्षदेखि लिएर दश हजार वर्षअगाडिसम्ममा मानिस पशुजगत्‌सित लड़ी अहिलेको मनुष्यजगत्मा आइपुग्यो। गुँडुल्केर बस्ने, बग्ने, घस्रने चार हात खुट्टा टेकेर बामे सर्ने, खुट्टाको भरमा परी भूइँबाट हात छोडेर बल्लतल्ल थिरी गर्ने, अनि उभिने यो बाललीलातुल्य अवस्था सृष्टिविकासमा पनि कीरा सर्प पशु बानर र नरमा देखिन्छ। घस्रने सर्पको लामो पुच्छर उभिंदै जाने जन्तुक्रममा छोडिंदै मानिसमा हराएसमान छ तापनि डड़ाल्नोको अन्तका तीन कुने हाड (कक्सिक्स) देखता र सीङलाई वैज्ञानिकहरूले हेरी हाम्रो कपाल बनेको तत्त्वले नै त्यो बनेको हो दुइ-आँठा गरेर पुर्पुराको दुइतिर बाटेको कपाल रासायनिक क्रियाले जमाउन सकिन्छ भनेको सुन्दा, संझदा सीङ र पुच्छर भएकासित हाम्रो नाता छै नभन्नु मानवजातिको केवल धृष्टता ठहर्दछ ।

हिमालयको फेदीमा सिवालिक नामक पर्वतहरूमा भयानक एप बाँदरहरूका पत्थराई हाड र कङ्काल पाइएका छन् । हामी नेपाली र भारतवासीहरू सब तिनैबाट विकास भएका हुन सम्भव छ । मानिसहरू पहिले विकास भएका ठाउँमध्ये हिमालय पर्वत पनि हो भन्ने वैज्ञानिकहरूको मत छ । भूगर्भशास्त्र र प्राचीन अध्ययन शास्त्रमा अभिरुचि हुनेले खनखान गरिरहे यतातिरबाट ती शास्त्रमा धेरै पत्र थप्न सक्नेछन् । केही

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

वर्षअगिसम्म पनि हामी वनमान्छेको बयान सुन्दथ्यौं, अब त्यो जाति यता लोप भयो, अष्ट्रियातिर पुराना जातिका मानिस अझ पाइन्छन् । त्यस्ता जाति नियमित आकस्मिकताले अन्तरकुन्तर परी फस्टाउन नसकेका रोगी कुनै फल वा फूल जस्तै विकास हुन नसकेका मानववंशका दोषी नमूना हुन् । एप बानरजातिपछिका सबभन्दा पुराना शिकार–जीवी न्यान्डर्टाल–मनुष्य अनि पिटडाउन–मनुष्य राम्रो ठाडो भएर उभिन सक्तैनथे, रोडेसिया–मनुष्य भने राम्रै सोझो भएर खडा रहन सक्तथे, उनीहरूको हाड़को बान्कीले यस्तै दर्साउँछ । चीनमा, अफ्रिका महाद्वीपमा, मिश्रदेश र जाभातिर पनि अत्यन्त प्राचीन मनुष्यको हाडखोर हस्तगत भएका छन् । उनका चिहानमा साथै रहेका अरू पशु र प्रस्तर–हतियारले उनका समय अड्कल गर्न सहायता दिन्छन् । खप्परहरूको अध्ययन गर्दा न्यान्डर्टाल–मनुष्यका चिउँडादेखि तल्लो बङ्गारा र दाँतको भाग गोल परे उठ्तै गएका छ, आधुनिक मनुष्यको बङ्गारा बसेर चिउँडो चुच्चेको छ । जम्माजम्मी खप्परमा न्यान्डर्टाल र पिटडाउन–मनुष्यवर्गको निधार तालुसमेत उठेको छ, पछिल्तिर केही बसेको छ । यही उठेको खोपडीमा नियमित आकस्मिकताले गिदी विशेष अटायो ।

प्रतिदिन कुचो नलाए कोठामा धूलो जम्दै जान्छ, अनि कालान्तरमा कोठा नै पुरिन्छ, माटो एक ढीक भएर जमिसके–पछि कुचो लाएर हुँदैन त्यो हटाउनालाई खन्नुपर्दछ । एक हजार वर्षमा कुनै रोगी बेवारीस बूढीको दस हात अग्लो

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

कोठा जम्मै पुरियो भने प्रत्येक हात पुरिन त्यस ठाउँमा सय वर्ष लाग्दो रहेछ। सहस्र वर्षपछि कुनै वैज्ञानिकले बूढीको कोठा खन्दै गयो. तीन हातमनि एउटा बिरालोको सातहात-मनि एक कुकुरको र दसौंहातमा बूढीको अस्थिपिञ्जर उसले पायो, अब ऊ आफ्नो बगलीपुस्तकमा टिप्तछ—तीन सय बर्ष-अगाड़ि यहाँ एउटा बिरालो आएका रहेछ, सातसय वर्षअगि कुनै कुकुर यहाँ पसेको रहेछ, हजार वर्षअगि यहाँ एउटी बूढी अलपत्र परेर मरेकी रहिछन्, उनका वरिपरि यी यी झिटी रहेछन्। यही रीतले कैयौं चट्टानका गुफाका तहमा पाइएका प्रागैतिहासिक कालका मनुष्यहरूका छाप हेर्दा तिनीहरूमा क्रमले विकास भएर गएको लक्षण देखिन्छ। उनीहरूको युग-लाई विशेषज्ञहरूले उनका साथका ढुङ्गाका हतियारअनुसार उनलाई धेरै श्रेणीमा विभाजित गरेर समय तोकेका छन् :

विक्रमीय संवत्पूर्व वर्ष	युगनाम	हतियार	
५००००	एचुलियन	गोल ढुङ्गा	पुराण पोषाण युग
४०००० देखि २०००० सम्म	माउस्टेरियन	तीनचुच्चे ढुङ्गा	
२०००० देखि १५००० सम्म	अरिग्नेसियन	चारपाटे ढुङ्गा बुट्टासमेतको	
१५००० देखि १२००० सम्म	सोलुट्रियन	दुइचुच्चे बदामी ढुङ्गा	

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

१३००० देखि १०००० सम्म	म्याग्डेलेनियन	लामो गदाबान्कीको ढुङ्गा
१०००० देखि ८००० सम्म	एजिलियन	सजिलोसित समाप्त हुने ढुङ्गा
८००० देखि २००० सम्म	नवीनपाषाणयुग	छाँट परेको बान्कीको घोटेको ढुङ्गा
२००० देखि ६०० सम्म	ताम्रयुग	तामाका हतियार र बर्तनसमेत
६०० देखि अहिले सम्म	लोहयुग	फलामका हतियार र बर्तनसमेत

यो सर आर्थर कीथले निश्चित गरेको समयको आधारमा लेखिएको हो। प्रागैतिहासिक वेलाको निर्णय गर्दा वैज्ञानिकहरूको मतमा पनि विभिन्नता देखिएको छ। जस्तो ताम्रयुग प्रारम्भ भएको कीथको मतानुसार चार हजार वर्ष भयो। ऋग्वेद ताम्रयुगमा बनेको हो। प्राचीन आर्यहरूका प्रश्नोत्तरविचार, दर्शन, ज्ञान, विज्ञान, इतिहास, कथा, कविताहरू (पछिका हाम्रा उखान र दन्त्यकथाहरूका संग्रह जस्तै) मुखमुखबाट वंशपरम्परागत चलिआएको श्रुतिको संग्रह ऋग्वेद छ हजार वर्ष पुरानो अनुमान

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

गरिन्छ । त्यस हिसावले नवीन पाषाणयुग एजिलियन युगसित खण्डिन्छ । वेद ताडपत्रमा पछि लेखिए तापनि श्रुतिरूपमा धेरै अगाडिदेखि चलेर आएको हो । वेदको वास्तविक ऐतिहासिक अध्ययन अझसम्म भएको छैन, हिन्दूहरूमा वेदलाई अपौरूषेय मान्नेहरू छन, उनको विचारमा वेद विश्वसृष्टिभन्दा अगाडिको अथवा अनादि हो; पश्चिमी विद्वानहरू ऋग्वेदलाई संसारको सबभन्दा पुरानो पुस्तक माने तापनि पैंतीस सय वर्षभन्दा अगाडिको होइन भन्दछन । वेदको निरपेक्ष अनुसन्धान आवश्यक छ। भूइँ खन्दाभन्दा वेद खन्दा हामीमा विशेष ऐतिहासिक ज्ञान स्फुरण हुनेछ, किनभने भारतीयजाति वैज्ञानिकभन्दा दार्शनिक जाति हो । त्यस ताम्रयुगपछि कांस्ययुग अनि लौहयुग भएको देखिन्छ । हिजो आजको युगलाई युरेनियम वा रेडियमयुग अथवा परमाणुयुग भन्नु युक्तिसंगत हुन्छ ।

साधारणतः हामी आठ हजार वर्षदेखि पुरानोलाई पुराण-पाषाणयुगमा धकेलन सक्छौं । सो युगका मानिसहरू गुफामा र रूखमा रात दिन बिताउँथे, ढुङ्गाले झटारा हानी शिकार खेल्दथे, अनि पशुहरूलाई मारेर मासु खान्थे-कलेजा ज्यादा रुचाउँथे, केही फलफूल पनि खान्थे, खेतीपाती र पशुपालनको उनलाई ज्ञान थिएन । एजिलियन युगपछि नवीन-पाषाणयुगको प्रारम्भ हुन्छ,, त्यस युगमा मनुष्यले केही खन-जोत गर्न जाने, अनि गाईं भेडा बाख्राहरू जस्ता सुधा पशुलाई जम्मा गरी पाल्न पनि थाले, यताउति बारबुर गर्न र छाप्रो बनाउने काम पनि गर्न थाले । मानिसले पानीबाट बच्नलाई

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

धेरै पात भएको हाँगा भाँची त्यस्तै अर्को हाँगामा खप्टेर राखेको दिन नियमित आकस्मिकताले मानिसद्वारा पहिलो छाप्रो बनायो। ड्याम्मिएको सानो पशुको बच्चालाई काखमा हुर्काइदिएर नियमित आकस्मिकताले मनुष्यलाई पशुपालनको शिक्षा दियो। सबभन्दा मुख्य नियमित आकस्मिकताले काठ काठ जुधाई जङ्गलमा डढेलो सल्काएको देखाएर चराले बच्चा-लाई आफू उड्दै उड्ने शिक्षा दिए जस्तै मानिसलाई आगो पार्न सिकायो। आगो पार्न नजानुन्जेल उनीहरू काँचै मासु खान्थे। काँचो छाला चपाउन ज्यादै चाम्रो हुने हुनाले मानि-सले जम्मै छाला छोडाएर छुट्ट्यायो, त्यो काखमा राख्ता न्यानो भयो, अनि नियमित आकस्मिकताले उसलाई पहिलो लुगा दियो, लुगाले मानिसको धाक झन् जम्यो। बफाएर राखे जस्तो रौं नभएको मानिसको टोक्न सजिलो तिध्रा देख्ता राल चुहाउने हिंस्रक जन्तु आज छालाको दौरा सुरुवाल र छालाकै टोपी लाएको भूत जस्तै मानिस ढुङ्गाको घुर्यैत्रो -चक्रवत घुमाउँदै अझ बलेको अगुल्टो लिएर हान्न आउँदा हात्तीसमेत तर्सेर भाग्न थाल्यो। मानिसहरू सुरिए, हूल बाँधेर पशुलाई लगारी लगारी मार्न थाले। ठूलो जन्तु मारेको दिन आगोको वरिपरि बसेर पोलेको मासुको भोज मनाउन लागे, सामाजिक व्यवहार बढ्दै गयो। अन्त्यमा मनुष्य जातिले आफूलाई जङ्गलको चक्र-वर्त्ती सम्झ्यो। पृथ्वीमा ग्रीष्म र हेमन्त ऋतुको प्रभावले उनीह-रूलाई यात्रा गर्न लायो- जात्रा भयो, ठाउँ ठाउँका जातिहरूको सम्पर्क भयो, (अहिलेका जातिहरूको अनेक छाँटको अनु-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

हारले त्यस्तै देखाउँछ) अनि मनुष्यको धेरै गिदी भएको क्षेत्रमा बुद्धिको पनि विकास हुँदै गयो- ईर्ष्याको पनि भयको पनि- श्रुतिको पनि-स्मृतिको पनि ।

नवीनपाषाणयुगदेखि मनुष्यमा धर्मको र परत्रको भावना जागृत भएका देखिन्छ। हिंस्रक पशुहरूले कसैलाई टोकेर मारी गाँजेर भाग्दै बेपत्ता भएको देखेर आफ्नै अगिल्तिर मर्नेलाई अदृष्ट कालले ग्रास गरेर कतै लगेको उपमा उनले अग्निज्वाला जस्तै लपेट्न लागे, सपनामा त्यो मरेको मानिसलाई भेटे, सुतेको र मरेको मानिसलाई दाँज्दा सुत्ता स्वप्नसंसार अर्कै भए जस्तै मर्दा मृत्युसंसार कुनै होला भन्ने दृष्टान्त उनले जलतरङ्ग जस्तै ज्ञोलस्याउन लागे, कल्पनामा त्यो मरेको मानिसलाई भेटे। सर्पले कांचुली फेरे जस्तै मृतशरीर पनि भित्री सूक्ष्म शरीरले छोडेको खोल हो— अस्थिपिञ्जरमा दन्त-द्वारबाट हात छिराई चोर कालले हंसशरीरलाई लिएर कुकुच्चा ठोकी आकाशवन पसेको होला— यो कल्पनाले वियोगीलाई शान्ति दियो। अनि तिनले त्यस वेलाको चलन-अनुसार मृतशरीरलाई भूमिमा गाड्दा त्यसलाई पत्थरका जङ्गली गहना लाइदिने र त्यसको साथमा भाँड़ाकुँडाहरू ढुङ्गाका हतियारहरू राखिदिने गर्न थाले- त्यहाँ फर्की लिन आउलान् कि भन्ने आशाले होस् वा केवल सद्भावनाले होस्, वा आफ्नै हार्दिक मायाले होस्। प्राचीन चिहान खन्दा यस्ता धेरै पाइएका छन्। कदाचित् संझिएको प्रेतात्माको प्रेमले अन्नजल पनि भाँडाभित्र राखिएको लक्षण छ, अहिलेती मा-ट्टिइसके। त्यो निराकारकाललाई संझदा संझदा पछि उसको

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

साकार स्वरूप उनको स्मृतिपटमा लेखिन लाग्यो, त्यो काल पुरुषको डर पछिबाट माया पनि गर्ने पिट्ने पनि बूढा बाजेको डरसित खप्टियो, अनि अर्कै कसैको झल्का आयो — खान पनि दिने मार्ने पनि, खेतलाई पानी पनि घडाका घड़ा खन्याइदिने, वज्र पारेर धनजनसमेत छाप्रो सल्काइ पनि दिने, माथि बस्ने — देव। नियमित आकस्मिकताले यसरी मानिसलाई धार्मिक बनायो। अनि लडाइँ झगडा हुन थाल्यो, पशुको निंति बनाइएको हतियार मानिसउपर प्रयोग हुन लाग्यो, संपत्तिकै निमित्त मात्र होइन थरी थरीका प्रबल विचार धारणाको निमित्त पनि।

अन्तर्ज्ञान मनुष्यमा मात्र होइन पशुपक्षीहरूमा पनि प्रशस्त देखिन्छ: कमिला माउरीहरूका सामाजिक व्यवस्था, कुकुरले मालिक वा खान दिनेलाई चिनेको, चराले गोप्य ठाउँमा गुँड़ बनाई बच्चा हुर्काएको, उनीहरूका शिकार संग्राम प्रेमवात्सल्य इत्यादि हामी दिनदिन आश्चर्य मानेर हेर्दछौं। भित्री तत्वहरूको स्वाभाविक प्रेरणाले मस्तिष्कलाई कुतकुती लाइदिएर कस्तो कस्तो अद्भुत चमत्कार झिक्दछ। क्षुद्रजीवदेखि बढ्दै आएको मस्तिष्कका क्रियाविभाग अनेक खोपामा बाँड़िएका छन्, तिनमध्ये सबभन्दा आश्चर्यको मनका शक्ति पशुपक्षीमा वनस्पतिको भन्दा विशेषतर स्मरणशक्ति हो — मनुष्यमा अझ विशेषतम कल्पनाशक्ति।

हिंड्नु, उड्नु, सुँघ्नु, देख्नु, सुन्नु, खानु, पिउनु, छुनु, इत्यादि पहिला अवस्था भएकाले कम आश्चर्यजनक संझिन्छन्, — पहाड़का टाकुराबाट उप्केको ठूलो ढुङ्गा खाल्डोमा दगुर्दै

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

जान्छ, अनि सम्म ठाउँ वा रूखको कापमा गएर थपक्क बस्तछ, भान्छाको धूवाँ प्वाल खोज्दै छिरेर बाहिर पुगी आकासिएर उड्दछ, लज्जावती झार हाम्रो गन्ध थाहा पाउँछ, पोखरी हामीलाई देख्तछ, ऐना ठूलो शब्द सुनेर फुट्तछ, चूक अमिलो हाम्रो मासु खान्छ, तातो माटो पानी पिउँछ, हाँगाहरू हामीलाई छुन्छन्, काँढाहरू त टोपी र पछ्यौरा-समेत खोसेर लिन्छन; तापनि यी सामान्य क्रिया गर्निन्छन्, किनभने यी सब प्रायः पुङमाङे छन्—एक कानले सुने अर्कोले उडाए, एक आँखाले देखे अर्कोले उड़ाए, यिनमा आफूले गरेको कामको भावना अड्काइराख्ने अङ्क शी ज्यादै निर्बल छँदै छैन जत्तिकै छ, अथवा यिनको मस्तिष्कतर लटक्क जमिसकेको छैन। परन्तु कुनै कुरा नियमित आकस्मिकताले कतै अड्किनेबित्तिकै हामीलाई त्यो आश्चर्यको विषय हुन्छ, माछा र बल्छी अलग अलग देख्ता होइन माछा बल्छीमा उनिएकोमा आँखा अचम्म मान्दछ: फोनोग्राफ, विजुलीबत्ती, विमान, रेडियो, रेल, मोटर, टेलिभिजन, चलचित्र सब आश्चर्यमय संझिएका छन्। आश्चर्य केवल मात्रामा छ। फोनोग्राफको रेकार्डमा शब्द अङ्कित भए जस्तै जन्तुको कानबाट छिरी स्मरण-घरमा शब्दहरू अङ्कित हुन्छन्, साना साना जीवकोषमा लाखौं रेकार्ड भरिएर रहन्छन्; आँखाबाट छिरेका तेजहरू क्यामेराका फिल्ममा जस्तै उत्रेर रहीरहन्छन्; यसै रीतले सब इन्द्रियहरूका कर्म ज्ञानतन्तुद्वारा अङ्कित हुने गरी उसको मस्तिष्कभित्र लाखौं जीवकोषविशेष स्मृति-घरमा रहेका हुन्छन्। अङ्कित भएका जत्ति जम्मा

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

जम्मी सँधै उस्तै रहिरहने होइनन, पुरानो तथा राम्रो नबसालेको (फिक्स नगरेको) तस्वीर जस्तै उडेर जाने र पुरानो तथा राम्रो नढालिएको रेकार्ड जस्तै खिएर जाने जस्ता क्रिया पनि मस्तिष्कमा प्रत्यक्ष छन। यसै निति पशुलाई तालीम गराएर र मनुष्यलाई घोकाएर स्मृतिमा गहिरो छाप पार्ने प्रथा छ।

गिदीमा यस्ता धेरै विभाग छन् : डँडालनुका टुक्रेहाडले सुरक्षित ढोड्नसा बिजुलीका तारजस्तै मस्तिष्कको शक्तिघरमा जोडिएर त्यताबाट एकतीसजोर हाँगा भई समस्त शरीरमा फैलिएका हुन्छन्। जब मस्तिष्क (सेरिब्रम)को आज्ञा-विभाग शरीरलाई हिंड्ने तार पठाउँछ— त्यो विद्युत्तरङ्ग ज्ञानतन्तुद्वारा गई शरीरका जम्मा पाँचसयमा डेढसय नसपे-शीलाई चलाउन थाल्दछ, तिनैद्वारा देहका जम्मा दुइसय तीस अस्थि–जोर्नीमध्ये खुट्टाका सत्ताईस हाड् जोर्नी जोर्नीमा त्यही बान्कीले हिल्न आरम्भ गर्दछन् जुन बनोट-पर्दा मनको इच्छानुसार दिशातिर बढ्न सकिन्छ भन्ने सूचना स्मृति-विभागले पठाउँछ ;— यो मुख्य पदविभागको कर्म भयो। यस्तै खुट्टा पांसुला पेट छाती पाखुरा हात घाँटी मुख(अनुहार) र घोक्रो चलाउने विभिन्न स्थान माथि खप्परको बीचमा लहरै अङ्कित भएका छन्, यी अङ्गचालनविभागभन्दा अगिल्तिर स्मृतिविभाग छ, त्यसभन्दा अगाडि निधारको टीका लाउने ठाउँ नेर भाषणविभाग छ, त्यसमन्तिर आँखाले तस्वीर खिच्तछ तापनि चित्रविभाग ठीक उसको पछिल्तिर घुच्चुकमा रहेको छ, त्यहीं घुच्चुकको माथिल्लो भागमा शिराविभाग छ,

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

मन्तिर रक्तसंचारविभाग छ, त्यसकै अगिल्तिर विचारविभाग छ, अझ त्यसको अगिल्तिर नाकैमास्तिर गन्ध र रसविभाग छन् चित्रविभागको दुइतर्फमा शब्दविभाग छन् — दाहिने कानको देब्रेमा देब्रेको दाहिनेपट्टि, त्यहींनेर साथै तौलनविभाग पनि छन् । स्मृतिविभागकै मन्तिर केन्द्रमा इच्छाशक्तिमान् प्रधान मन रहने आज्ञाविभाग छ, ब्रह्मरन्ध्र त्यही हो । त्यस विभागको विवेचनाशक्ति नै मनुष्य हो, नत्र पूर्णविक्षिप्त मनुष्य-लाई सह पशुभन्दा उच्च स्थानमा राख्नु हाम्रो पक्षपात ।

पशुहरूमा मुख्य दुइ किसिमका आन्तरिक प्रेरणा पाइ-न्छन्–भोक र भय । जन्मनेबित्तिकैदेखि भोक प्रारम्भ हुन्छ पेट भरेपछि भय; भोकले खिंचतछ, भयले फ्याँक्तछ । भोको चरा हाम्रो हातमा आएर धान खान्छ, अघाएपछि परैबाट भाग्दछ । भोक ऋणात्मक छ खाद्यपदार्थ धनात्मक, तसर्थ भोक खाद्यपदार्थसित आकर्षित हुन्छ,– ऋणात्मक भोक बाह्र छ धनात्मक खाद्यपदार्थ पन्ध्र छ भने ती मिलेपछि बाँकी धनात्मक तीन रहन्छ । भनूँ पहिलेको भोको चरा अघाए-पछि धन भयो, अब खाद्यपदार्थमा ऊ विकर्षित हुन्छ, किनभने दुइ धन बिजुलीको परस्परमा विकर्षित हुने स्वभाव छ । त्यसरी ऋणसित ऋण र भोकसित भोक पनि विकर्षित हुन्छन्। अघा-एको धन–चरा अब खान दिने हामी धनसित विकर्षित हुन्छ, निषेधात्मक हुन्छ,-त्यही भय हो; अनि ऊ निर्जनस्थानमा भा-ग्दछ किनभने त्यो धन–चरा ऋण–बिजनस्थानसित त्यहाँसम्म आकर्षित रहन्छ जहाँसम्म त्यो फेरि भोको ऋण–चरा बन्दैन । भर्खर जन्मेका बाच्छाको मुख चुम्बक लोहमा टाँसिए जस्तै

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

माउको थुनमा लाग्न पुग्दछ, किनभने उसका मुख नाक र आँखाले समेत उसको अभावको त्यो पूर्तिमा त्यसरी धकेलिदिन्छन् जसरी हावाभन्दा हलुका भएका धूँवा माथितर जान्छ; गाईलाई आफ्ना थुन चुसाउने चिलाइ आउछ र उसको शरीरमा त्यही प्रेरणा हुन्छ जुन प्रेरणाले पानी–ढलो भएको ठाउतिरबाट गई पानी एउटा खाल्टामा जम्दछ; अनि दूध रसाएर चुहुन थाल्दछ। एक थोपा मुखमा पनोवत्तिकै बाछा पल्केर माछा पानीमा पस्न खोजे जस्तै जात्तिएर थुनभित्र घुस्न पुग्दछ। अपूर्ण बाछालाई दूग्धपानले पूर्ण बनाउँ छ— किनभने त्यसमा त्यही छ- त्यसैले जाति चाख्तछ त्यसमा त्यो उत्ति लहसिन्छ। आमा कसैसित तर्सी भागेको देखेर बाछा पनि माउसँगसँगै भाग्दछ, चाँडै नै डराउन जान्दछ। अमिल्दा बस्तुसित भयभीत भएर भाग्ने प्रवृत्तिले बाछालाई बाघसित र चल्लालाई चीलसित जोगाएर त्यस्ता जातिलाई निर्मूल हुन दिएको छैन। नियमित आकस्मिकताले तिनीहरू बाँच्न नसकेका भए आजसम्ममा कतिपय जाति जस्तै उनीहरू पनि लोप भइसक्तथे। आजदेखि फेरि बाछा बाछी कुनैले पनि दूध चुस्न सकेनन् भने गोजातिको यस संसारमा केवल नामा-वशेष रहन्छ। भोक र भयको अतिरिक्त अरू किसिमका अन्तर्ज्ञान पनि पशुपक्षीहरूमा पाइन्छन्। कुकुरलाई पुस्तक पल्टाईं त्यसमाथि मासु राखेर दुइचार दिन खान दियो भने जुनसुकै पुस्तक पल्टाए पनि विद्यार्थीले त्यसमा विद्याको प्रती-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

क्षा गरे जस्तै त्यो खानेकुराको प्रतीक्षा गरी राल चुहाउन थाल्दछ त्यो उसको स्मृतिको कार्य हो । पशुपक्षीहरूका रागात्मक र द्वेषात्मक यिनै स्मरणशक्ति घरको छिद्र भेट्टाई निर्दयी चटकीहरू अनेक शासना दिई दिई उनीहरूको तमाशा देखाएर धन उपार्जन गर्दछन् ।

यी पशुपक्षीहरूमा भन्दा मनुष्यमा अन्तर्ज्ञानको वृद्धि विशेष मात्रामा भएको छ किनभने हाम्रो मस्तिष्कको बनौट नै विशेष जीवकोष प्रचुर मात्रामा अटाउने बान्कीको छ । वंश-परम्पराबाट पनि धेरै कुरा सरेर आउँछ,—व्याकरणमा आचार्य भएको बाबुको छोरो एउटा सूत्र वा एउटा शब्द वा एउटा अक्षर पनि जानेर जन्मने त हुँदैन परन्तु व्याकरण-अध्ययन अटाउनालाई चाहिने मस्तिष्क-घर ऊ गाँता लिएर आउँछ; पहलमानको छोरो दाउ पेच जानेर जन्मदैन, केवल बलखर्चलाई चाहिने खाद्यशक्ति धारण गर्न सक्ने जीवकोषले पूर्ण अवयव ऊ गाँता लिएर आउँछ । केवल आमाबाबुको मात्रै होइन, च्याप्जूहरूबाट पनि बाबुबाज्येद्वारा परंपरागत पोको परेर आएको रोगको पुरियासमेत पनाति खनातिमा आएर फुटिदिन्छ । फेरि खालि जन्मदा रहेका आमाबाबु बाज्येबज्यै आदि नक्षत्रले मात्रै बालकलाई बनाउने होइनन्, जन्मिसकेपछि पनि अर्कै साँचोमा ढाल्न सक्ने नक्षत्रहरू धेरै हुन्छन्;—देश, काल, आहार, बन्धुवर्ग, छिमेकी, मित्र, समाज, चलन, धर्म, शिक्षा, इत्यादिका परिबन्द र परिस्थिति जसलाई इन्द्रियहरू तरह तरहले ग्रहण गर्दछन् । एक एक नियमित चक्रमा

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

घुमाई आकस्मिकताले मथिङ्गलमा अङ्कित हुन गएका भिन्न भिन्न क्लिष्ट अक्षराकारद्वारा विभिन्न प्रकृतिका मनुष्य-विशेष ढाल्दछ; केही नाम लिऊँ :

कृष्ण र राम, अशोक र मार्कस अरिलियस, सीता र क्याथरीन द ग्रेट, सिनाकी क्याथरिन र नेपालकी गङ्गारानी, अग्रिपिना र कमादस, तैमुरलङ र निरो, जार निकोलस र चङ्गेज खाँ, बुद्ध र महावीर, परशुराम र पोप ग्रिगरि, सुकरात र कॉफ्यूशस, लाआट्शर र चेन टुआन, क्राइष्ट र गाँधी, गार्गी र म्याडम करी, याज्ञवल्क र अफलातूँ, वशिष्ठ र शुकदेव, अरस्तु र चाणक्य, सिकन्दर आजम र चन्द्र-गुप्त मौर्य, जुलियस सीजर र हर्ष, कनिष्क र विक्रमादित्य, द्रौपदी र क्लिओपेट्रा, हन्निबाल र नेपोलियन, मान्धाता र पृथ्वीनारायण शाह, अर्जुन र अकिलिज, हनुमान र हर्क्युलिज, जयमल र पत्ता, हरिश्चन्द्र र भीष्म, ध्रुव र प्रह्लाद, युधिष्ठिर र सुयोधन, कर्ण र दुर्गादास, जनक र नेमुनि, अकवर र प्रतापमल्ल, शेक्सपियर र वेदव्यास, कालिदास र शेली वाल्मीकि र होमर, रवीन्द्रनाथ ठाकुर र महम्मद इकबाल, औरङ्गजेब र विलियम द कङ्करर, हिरण्यकशिपु र कंस, अ-स्काइलस र भवभूति, सुश्रुत र हिपोक्रेटस, पाश्चर र चरक, र्‍याफेल र माइकेल एन्जेलो, हब्स र डेकार्ट, इब्सेन र बर्नार्ड शा, गिब्बन र कार्लाइल, रणबहादुर शाह र राममोहन राय, लिओनिदस र बलभद्र कुँवर, भीमसेन थापा र रणजी-तसिंह, क्रमवेल र जङ्गबहादुर, कीट्स र जलालुद्दीन रूमी,

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

शङ्कराचार्य र जोब, न्यावेलाइस र सर्भान्तिस, पृथ्वीराज र शिवाजी, रामदास र पाइथागोरस, मुसोलिनी र हिट्लर, मार्क्स र एन्जिल्स, कमाल अतातुर्क र साहेबज्यू बहादुरशाह, राणा प्रताप र भक्ति थापा, हुमायुं र अल्फ्रेड् द ग्रेट, पिटर द ग्रेट र फ्रेडरिक द ग्रेट, जोन-अफ-आर्क र लक्ष्मीबाई, दुर्गावती र राजेन्द्रलक्ष्मी, आल्हा र उदल, निन्ताकू र वकरत्सु, शिवि र अम्बरीष, सन-यात-सेन र लेनिन, पुरु र सुत्सुहिता, डिमस्थेनिज र थिओडसियस, पन्नाधाई र फ्लरेन्स नाइटिङ्गेल, कन्सट्यान्टिन र शालेमन, भरत र हारुन-अल-रशीद, तँकासामा र अमरसिंह थापा, मार्कोपोलो र कलम्बस, भीमसेन र दामादर पाँडे, श्रीहर्ष र मिल्टन, मार्टिन लूथर र दयानन्द, उमर खय्याम र इज्रापण्ड्, स्पिनोजा र थरो, मनु र सलोमन, मोजिज र जरथुस्त्र, मनि र महम्मद, नानक र गोविन्दसिंह, रामकृष्ण र विवेकानन्द, स्वर्गद्वारिका स्वामी र रमण महर्षि, प्याबलोफ र सी. भी. रमण, क्याभेन्डिश र रदरफोर्ड, रामतीर्थ र कृष्णमूर्ति, मार्कोनि र आर्किमिडीज, पतञ्जलि र फ्रइड, गयटे र कान्ट, लिओनार्डो ड भिन्सी र बर्गसन, हाफिज र बाइरन, फिर्दौसी र शोजेत्सु, रासपुटिन र वल्लभाचार्य, अर्भिल राइट र विल्बर राइट, बेन्जामिन फ्र्याङ्कलिन र डेसिडेरियस इर्‍यास्मस सर वाल्टर स्कट र भिक्टर ह्यूगो, अब्राहमलिन्कन र बिस्मार्क, ग्यारिबाल्ड़ी र वाशिङ्टन, टोगो र नेल्सन, भर्जिल र दाँते, टल्स्टाय र टमस हार्डि, युआन च्वाङ्ग र लिभिङ्स्टोन, लुइ डगेर र माइकेल फराडे, टमस अल्वा एडिसन र एडवार्ड जेनर, डार्विन र हर्बर्ट स्पेन्सर, कपिल र कणाद, भल्टे·

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

यर र मिल, ग्यालिलिओ र न्यूटन, बालगङ्गाधर तिलक र जवाहरलालनेहरू, निकोलो म्याकिभेलि र चार्वाक, सोपनहार र हेजल, वाग्नर र विटहोमन, आइन्स्टाइन र रसेल;

अनि फेरि भालु खत्री र गामा, टने र जोलुइ, टिल्डन र कोशे, ध्यानचन्द र दिलीपसिंह, क्यारुसो र तानसेन, ग्यारिक र मिसेज सिडन्स, एमिलजेनिङ्स र चार्लि च्याप्लिन, विष्णु-दिगम्बर र ओंकारनाथ, डग्लस फेर्व्याङ्क्स र पुड़ोव्किन, उदयशङ्कर र याना प्याब्लोवा, ग्रिटा गार्बो र नर्माशेरर, इन्दु-बाला र सहगल, बोरिस कार्लफ र चार्लस लाटन, म्याडम तित्राजिनी र लोरन्स टाइबेट, स्यान्ड़ो र राममूर्ति, मेनका र नूरजहाँ;

अनि फेरि कुँजे जगल्टी र कुम्ले बोलाही, सेते चार र सान्चा छट्टू, कालुलाटा र खरी बाउन्ने, सुरे र मैते, चरी ग्वाङे र बिल्लु सिङाने ।

सब सब कुम्ले बोलाहीदेखिं लिएर पतञ्जलिसम्म नियमित आकस्मिकत हुन;— संगको एउटा हीरा रामचन्द्रको राजमुकुटमा टल्कन पुगेको हालो, उसका साथी पत्थर पर्वतको अन्तरमा अझसम्म कत चेप्टिएका होला ! उस्त त्यो बोलाहीको मनको आँखा उसको मस्तिष्कमा रहेको जीवकोषरत्नमा पर्न पुगेन जसमा लेखिएको थियो– 'याग चित्तवृत्ति निरोध हो,' पतञ्जलिको आँखा आफ्ना त्यस स्थानमा पर्‍योः स्मृति-को पत्र हावाले फरफर पल्टाइरहन्छ, हाम्रो मानसिक चक्षुको अगिल्तिर जसजसको जेजेको चित्र चलचित्रमा दूरबीननेर आइपुगे जस्तै हुन आउँछ हामी उस उसलाई संझन्छौं, जुन

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

जुन चित्र संगै आइपर्दछन् तिनलाई हामी सँगै संझन्छौं— तुलनात्मक त्यही आकस्मिक संयोगको नियमले फुकेर एउटालाई विद्यासागरको पार उतारिदिन्छ अर्कोलाई वारी किनारमा सटाएर आजीवन राखिछोड्दछ।

अहिले मनुष्यजाति नयाँ फूल जस्तै विकसित हुँदो छ। पशुपक्षीहरूको विकास उनका हदमा टुङ्गिसक्यो। पन्छी जो गुँड बनाएर त्यसमा बच्चा पारी हुर्काउँछ त्यसमा उसको अन्तर्ज्ञानमाथि कुन मनोविज्ञानले काम गरिरहेछ !— उसले गुँड बनाएको बच्चालाई होइन आफैलाई; आमा उडेको देखेर ऊ उड्न सकेको थियो किनभने उसको पखेटा थियो; उसले गुँड बनाएको न्यानोको निति र भयले लुक्न परालको कुन्युमा घुस्न पुग्ने चोरको जस्तै डरले,— हृदयदौर्बल्य अपराध हो; गुँड बनाइसकेपछि उसलाई फुलले चाप्तछ, त्यो आफ्नै एक प्रतिनिधि जीवकोष फुल पार्दछ, त्योसित टाँसिन्छ; तातोले फुल फूल जस्तै फुल्दछन् नअटाएर खपटा फोड़ी प्रत्येक बच्चा बाहिर निस्कन्छ; उनीहरूका भोक चेष्टापूर्ण आकार र स्वरले देखे सुनेपछि उसको स्मृतिले आफ्नै भोक संझाउँछ; सहानुभूतिका प्रेरणाले त्यो अहारा खोजी चुच्चाले बोकेर ल्याई बच्चाहरूलाई पालैसित खुवाउँछ। पक्षीजगत्को गहीरो अध्ययनले हामी आश्चर्यलाई पन्छाउँदै भित्र भित्र घुस्तै जान सक्छौं, त्यसभित्र पनि फेरि अरू अरू आश्चर्य फेला पार्दै जान्छौं। नजान्नु आश्चर्य मान्नु हो। थकाइले हामी दर्शन शास्त्रको पाटीमा वास बस्तछौं फेरि थकाइ मरि-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

सकेपछि विज्ञानमार्गमा हिंड्दै जान्छौं ।

शनैः शनैः हिंड्दा हिंड्दा मनुष्य अहिले पशुजगत्बाट कतै धेरै नै टाढा पुगिसकेको छ । मनुष्यजगत् र पशुजगत्का बीचमा नियमित आकस्मिकताले वज्रबार हालिदिएको छ– मनुष्यशक्तिलाई भेट्ने पशुको शक्ति छैन, आशा पनि छैन, कल्पना पनि छैन ।

—०—

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

मनुष्यशक्ति ?

विश्वमा तत्वहरूका तरङ्गमाथि तरङ्ग रुमल्लिएर अन्त्यमा जटिलताले मिश्रित भई बनेको अहिलेसम्ममा सर्वोत्तम सूक्ष्म पुर्जा नरमस्तिक नै हो। यो वास्तवमा के हो, कसरी यस्तोसम्म बन्यो त्यो मनुष्यले नै यथार्थ जानेको छैन। सर्वश्रेष्ठ बुद्धिमान्‌हरूले युगयुगमा थोरै थोरै अंश जान्दै ज्ञानवृद्धि गर्दै आइरहेका छन्। परन्तु केवल मस्तिष्क मात्रले मनुष्यको यतिसम्म उन्नति सम्भव थिएन, मनुश्यलाई मनुष्य बनाउने मुख्य भाषा नै हो। भाषाको परस्पर व्यापारले भएको संघ-शक्ति नै मनुष्यशक्ति हो।

वनस्पति 'कटटट' गरेर कराउँछ, त्यो संझदैन; कुकुर 'कुइँ कुइँ' गरेर कराउ छ, 'हाउ हाउ' गरेर भुक्छ अनि संझन्छ-मैले यसरी यस निति अहिले कराए, फेरि योचाहिं शब्द

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

अन्नदाताको हो, यो शब्द विधिको यो निषेधको: धेरै शब्द उसलाई भसाउन सकिन्छ। बालक पहिले त केवल रूखले जस्तै नसंज्ञी कराउँछ, पछि कुकुरले जस्तै शब्दहरू चिन्हेर संज्ञन थाल्दछ, अनि गिदी धेरै भएकोले धेरै शब्द जम्मा भएपछि धनी गणितज्ञले जस्तै ऊ मनै मन कुरा जोड्न घटाउन गुण्न थाल्दछ, फेरि भाग लाएर विवेक गर्न थाल्दछ : आमाले 'बा, आ' भन्दा बा आएपछि 'आमा आ' भन्दा आमा आउँलिन्, आमा वा आ' भन्दा दुवै आउलान्, आएनन् भने मलाई दुख्छ, त्यसैले मलाई डाका म उनीहरूकहाँ गइन भने उनलाई पनि दुख्छ, इत्यादि। यी कल्पनामा सफल भएपछि ऊ ज्ञन ज्ञन् गान्हो हिसाब गर्दै जान्छ, अनि वीर कवि दार्शनिक वैज्ञानिक चित्रकार कलाकार सेवकमा एउटा बन्दछ अथवा दुर्जन पनि बन्न सक्तछ। हाम्रा दुइ प्रवृत्ति–स्वतः र सांकेतिक छन्। मुटु चल्नु, रक्त संचार हुनु, झिम गर्नु, श्वास फेर्नु, हाइ गर्नु, यिनमा मन उस्तै गरी बाँडिएको हुनाले पशु अझ वनस्पति-सित पनि हाम्रा यी स्वतः प्रवृत्ति मिल्न आउँछन्; सांकेतिक प्रवृत्तिको केन्द्रित मन अथवा इन्द्रियको कर्म अङ्कित हुने स्मृतिघर अथवा मस्तिष्कसित विशेष संबन्ध रहने हुनाले र हामीमै त्यसको आधिक्य भएकोले ससंकेतक प्रवृत्तिमा अरू जन्तुभन्दा हामी धेरै भिन्न जस्ता देखिन्छौं।

आदि मनुष्य बोल्न जान्दैनथे, पुराणपाषाणयुगी मानिसहरूका चित्र पाइएका छन्, तर उनीहरूले बोलचाल गरेको र अक्षर लेखेका लक्षण पाइएको छैन। पहिले ती सान सानैले कुरा गर्दा हुन्। सान–भाषा स्वर-भाषाभन्दा सार्वभौम छ–

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

आर्यहरू, हब्सीहरू, चिनियाहरू 'आ, जा, नगर, खा, हो, होइन' इत्यादिमा स्वान–भाषा प्रायः एकै रीतले प्रयोग गर्दछन्, स्वरभाषामा महाद्वीप जत्रै उनमा अन्तर छ। पहिले पहिले ती भिन्न भिन्न सुरले कराई अनुकरण शब्दहरूद्वारा भाव प्रकट गर्दा हुन्। नियमित आकस्मिकताले बोल्ने स्वर–नली मानिस सुगा र मैनाले पाएका छन्। सुगा र मैनाका गिर्दा चरामध्येमा पनि ज्यादै कम छन्। बाँदर र कुकुरले सुगा र मैनाका स्वर–नली पाएका भए उनीहरू मानिससित केही बात मार्न सक्ता हुन्। बोलीसित बुद्धिको कति सम्बन्ध छ–बोल्न नसक्नेहरू लाटा नै हुन्छन्। अहिले चिची पनि पापा पनि भने जस्तै गिदी पनि स्वर पनि अथवा भाव पनि भाषा पनि विशेष मात्रामा पाउनाले मानिस पृथ्वीको चक्रवर्ती भएको छ।

आधुनिक प्रचलित फ्रेन्च, इटलियन, अल्बेनियन, जर्मन, अंग्रेजी, डच, फारसी, हिन्दी, बङ्गाली, नेपाली, गुजराती, मराठी, रूसी, बल्गेरियन, लिथुनियन इत्यादि आर्यभाषाका जननी, प्राकृत, पाली, ग्रीक, ल्याटिन, स्लाभोनिक, ट्युटनिक, केल्टिक आदि र सबभन्दा प्राचीन संस्कृत आर्यभाषाको सृष्टि भएको अहिले सात आठ हजार वर्ष भयो होला, त्यस भन्दा अरू दुइ हजार वर्ष भयो होला, त्यसभन्दा अझ दुइ हजार वर्षअगाडि कुनै सरल मूलभाषा प्रचलित भएको हुँदो हो भन्ने भाषा–वैज्ञानिकहरूको अनुमान छ। त्यही वेलातिर विभिन्न स्थानमा सेमिटिक (बेबिलोनियन, एसिरियन, हिब्रु अरबी आदिकी जननी) ह्यामिटिक (मिस्री एजियन आदिकी

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

जननी); युरल–अल्टाइक (मङ्गोल तुर्की फिनिस आदिकी जननी); द्रविड (तामिल तेलगु आदिकी जननी); अष्ट्रेलियन ईस्किमो; अफ्रिकन हब्सी; अमेरिकन हब्सी; जापानी; अनि एकाक्षरी भाषा–चिनियाँ, सायमा बर्मी र तिब्बती (नेवारेकी जननी); सुमेरियन; तस्मेनियन इत्यादि भाषाहरू बने। भाषा-द्वारा एक जनाले हजारौं मनुष्यका अनुभव र विचार आफ्नो मस्तिष्कमा जम्मा पारी त्यसबाट लाभ उठाउन सक्यो। भाषा-द्वारा ऊ मरे पनि फेरि अर्कोको मस्तिष्कमा आफ्नो अनुभवी ढुकुटी छोड्न सक्यो । यही श्रुतिशिक्षाद्वारा मानिसले आंशिक त्रिकालदर्शी विद्याधन कमाएर पशुहरूमाथि राम्रै प्रभुत्व जमायो।

अझ अक्षरले त मनुष्यशक्तिलाई असभ्यलोकबाट उचालेर सभ्यलोकमा (हाम्रो सामान्य धारणाको) पुऱ्याइदियो। स्मरणशक्ति सबको भन्दा प्रबल भएको निरक्षर भट्टाचार्यभन्दा सामान्य स्मरणशक्तिवाला साक्षर मनुष्य पुस्तकरूप अन्य मस्तिष्कमा अक्षर चढाएर करोडौं गुना बढी संझन सक्छ। वेदव्यासको अद्भुत शारीरिक सेरिब्रम उहिल्यै भस्म भइसक्यो उनका अक्षरपूर्ण पुस्तकमस्तिष्क–महाभारत भागवत,वेदान्तहरू त्यहाँसम्मन् बोलिरहनेछन् जहाँसम्मन् बुझ्ने जाति जीवित रहि रहन्छ। चिनियाँहरूको त चित्रलिपिले नै अक्षरको स्वाभाविक सृष्टि देखाउँछ। वास्तवमा चित्र सार्वभौम भाषा हो-मान्छेको चित्र मानिस, मिणिस, मानुषः, मानुश,'मानुस, माणूस, माणस, म्यान इत्यादि संसारभरका ' मनुष्यका पर्यायवाची शब्द मात्र होइन मान्छेको कविता हो,-एउटा सफल चित्रले जति

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

कुरा बोल्दछ त्यत्ति अक्षरद्वारा वर्णन गर्नु पर्‍यो भने एक पुस्तकै बन्दछ। आर्यहरूका लिपि पनि चित्रबाटै प्रारम्भ भएको हुनुपर्दछ, तर चिनियाँहरूको जस्तो वस्तुचित्र होइन स्वरचित्र। दृष्टान्तमा 'ट ठ ड ढ ण' यी सब उच्चारण गर्दा जिब्रोले बन्नुपर्ने बान्की देखाउँछन्, 'अ आ इ ई उ ऊ' यिनीहरूमा पनि ओठका भिन्न आकार चित्रित छन्, 'त्र' मा जिह्वाको कम्पन र 'ऋ' मा दाँतनेर जिब्रो घुमेको कति राम्ररी अङ्कित भएका छन्; अरू यी अक्षरहरू मूल अक्षर होइनन् विकार हुँदै र संस्कार गरिँदै आएका हुन्। हाम्रो लिपि स्वरचित्र नै हो भने मूल अक्षरहरूमा दन्त जिव्हा ओष्ठ तालुहरूका स्पष्ट आकारद्वारा राम्रोसित खिचिएको हुनुपर्दथ्यो। त्यस्ता अक्षर पाइएका छैनन्। अंग्रेजी अक्षर '०' (ओ) उच्चारण अवस्थाको ओठको वास्तविक चित्र छ, तर यो आँखाको चित्रबाट बनेको हो।

प्राचीन मिस्री भाषाका हाइअरोग्लिफिक (संकेतात्मक) लिपि चिनी भाषाका चित्राक्षरभन्दा सुस्पष्ट छन् (अलिकति ठट्टा–चिनी भन्दा मिश्री स्वादिलो हुन्छ,–मिस्रको तीन किसिमका लिपिमध्ये पहिलेकोमा त राम्रै लठ्ठी टेकेर उभिएको मान्छे, धनुकाण समातेर एक घुँडा टेकेको मान्छे, बसेको मान्छे, गालामा हात लाएको मान्छे, चरा, उड्न लागेको चरा, माउसुली, सर्प, माछा, जलतरंग, आँखा, भिउँटहरू र अरू सांकेतिक पूर्णाकृतिरेखाचित्रण छन्; सो जो सुकैले पनि केही न केही त पढ्न सक्दछ; जस्तो,—

ली गोल चक्कामास्तिर

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

फेरिलाम्चे बदामी चिन्ह तलितर,
अनि लट्ठी टेकेको मान्छे,
फेरि लाम्चे बदामी चिन्ह मास्तिर
कालो गोल चक्का तलितर,
अनि चारपाटे घर ।

=(यसको अर्थ)
बिहान
सूर्योदयमा
हिडेको मान्छे
घाम
डुबिसकेपछि
घर पुग्यो ।

त्यति पढ्न नसके पनि 'मान्छे त पढ्न सक्दछ, नेपाली नजानुन्जेल नेपाली अक्षर, त्यो जानेपछि अंग्रेजी, त्यो जानेपछि पनि फार्सी अक्षर त कालो अक्षर भैंसीबराबरै हुन्छ ।

'शिकारमा दुइ चरामरे' यो अलिकति पनि पढ्न नसक्ने मानिस पनि यो मिस्त्री लिपिमा अडकल गर्न सक्दछः

'धनुष्काणलिएको मान्छे, अनि चरा र दुइ धर्का'।

त्यसपछिको मिस्त्र देशी अक्षर उही लिपी पेपाइरसमा छिटो छिटो लेख्ता धेरै बिग्रेर मानिस चरा माछा केही नचिन्हिने थोरै आकार मात्र रहेको छ । अनि पछिको तेस्रो किसिमको लिपि अरबी अक्षरसित मिल्दछ यही सरल लिपि पछि धेरै

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

चल्यो, त्यस्तै प्राचीन यूनानी लिपिको भन्दा ल्याटिन (रोमन) लिपिको प्रचार झन् बढ्दै गयो। मूल चित्राक्षरबाट बनेका केही ल्याटिन अक्षरका नमूना यहाँ छन् —

मिस्री चित्राक्षर	यहूदी नाम-को-माने	यूनानी अक्षर-नाम	ल्याटिन अक्षर
	एल्फ = गोरु	अल्फा	A (ए)
	बेथ = घर	बिटा	B (बि)
	डेलेथ = ढोका	डेल्टा	D (डि)
	योद = हात	इओटा	I (आइ)
	काफ = कोक्रोहात	कप्पा	K (के)
	मिम = पानी	मु	M (एम)

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

	नुन = माछा	नु	N (एन)
	अइन = आँखा	ओउ	O (ओ)
	पे = मुख	पि	P (पि)
	रेश = टाउको	रो	R (आर)

यी लिपिहरूसित हाम्रा भारतीय पुरा-लिपिको तुलना गर्दा मिस्रमा सबभन्दा प्राचीन पचपन्नसय वर्ष पुराना चित्राक्षर लब्ध छन्, सनाइ पर्वतमा पाइएको शिलालेख पनि चार हजार वर्ष पुरानो, अनि सबभन्दा पछिल्लो लिपिसमेत सत्ताईससय वर्ष पुराण ठहरिएको छ। मिस्री अक्षरबाट फिनिशन वा यहूदी, फिनिशनबाट यूनानी अक्षर आएका हुन्। यूनानी लिपि सत्ताईससय वर्ष यतैको हो। यूनानीबाट ल्याटिन अक्षर आयो। भारतीय पुरालिपिमा सर्व प्रथम ब्राह्मीलिपि चौवीस सय वर्ष पुरानो मानिएको छ। यो देवनागरी लिपि बनेको त आठ नौसय वर्ष मात्र भयो।

वेद श्रुति नामले प्रसिद्ध छ, ऋग्वेद धेरै पहिले बने तापनि सो लेखिएको धेरै पछाड़ि हो। अक्षर पाएपछि भारतवासी ऋषिहरूले गुरुशिष्यपरम्परागत शिरमा बोकेर हातको भाउले

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

समातिराखेको विचार–भारो अन्यत्र बिसाउन पाए । तर समस्त भारतीय अक्षरको मूल ब्राह्मी अक्षर केही यूनानी र ल्याटिन अनि मिस्री अक्षरसित पनि मिल्दछन् :

ल्याटिनलिपि —
ब्राह्मीलिपि —
को
देवनागरीलिपि— ज ञ ट ठ ओ ध र ण



फिनिशन र यूरोपीय लिपिहरू देखिसकेपछि भारतीय आर्यहरूले स्वतन्त्रतासित चिह्न र उच्चारणको योग गराई ब्राह्मी अक्षर बनाएका होलान् जस्तो छ; तसर्थ रूपमा केही समता देखिए तापनि उच्चारणमा भने भारतवासीले अक्षर थपेर वर्गवर्ग मिलाई स्वर र व्यञ्जन छुट्याई विशेष उन्नति गरेको देखिन्छ । रूप पनि उच्चारण पनि मिल्ने साझा अक्षर केवल एउटा मात्र छ :

मिस्री	यहूदी		ब्राह्मी	नागरी
सिनाइ अक्षर	नाम –को–माने		अक्षर – को –	लिपि
□	बेथ	घर	□	ब

'बेथ' सार्थक भएकोले उतैबाट 'ब' अक्षर आएको बुझिन्छ ।

'+' यो अक्षरको उच्चारण मिश्रीलिपिमा 'ट', ब्राह्मी लिपिमा 'क' हुन्छ, तर 'ट' को अर्थ यहूदी भाषामा 'कट्टु (क्रस) ' भएकोले 'क' क अक्षर पनि उतैबाट आएको बुझिन्छ । यस्तै अरु अक्षर पनि छन् । उततिर सुद्धा 'c' को यूनानी

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

उच्चारण 'गामा' र ल्याटिन उच्चारण 'सि' छ, 'v' को यूनानी उच्चारण 'यु' र ल्याटिन उच्चारण 'भि' वा 'वि' छ । फेरि कुनै अक्षर काकतालीले मिल्न पनि सक्दछन्, जस्तो – शून्यको बीचमा बिन्दु, ब्राह्मीलिपिमा त्यो अक्षर 'थ' हो, चीनीलिपिमा त्यस अक्षरको अर्थ— 'सूर्य'। इत्यादि सब वर्णको आकार सामान्य विचार गर्दा भारतमा अक्षर आएको यूरोपतिरबाट हुनु पनि सम्भव देखिन्छ। पुरातत्त्ववेत्ताहरूले यस विषयमा निष्पक्ष विचार गरिदिए भने सत्यता देखा पर्नेछ। मोहेनजो-दडो र हडप्पातिर पाइएका चित्रलिपिका अक्षर ब्राह्मीलिपि-हरूसित मिल्न आउँदैनन्, त्यो लिपि अझसम्म पढ्न सकिएको पनि छैन।

हाम्रो आर्यावर्तमा अक्षरको आकारमा नियमित आकस्मि-कताले कस्तो स्वाभाविकतासित परिवर्तन हुँदै ल्याएको छ, उदाहरणमा यहाँ एउटा 'क' अक्षरको इतिहास दिइएको छ— धनचिह्न '+' लाई ज्यादै छिटोसित लेख्ता लेख्ता काला-न्तरमा कुनै ब्रह्माले हाम्रो कपूरी 'क' बनाइदियो :



(१) (२) (३) (४) (५) (६) (७)

(१) चौबीस सय वर्षअगिका सोहगौरा पट्टका ब्राह्मीलिपिबाट।

(२) तेईस सयवर्ष अगिको मौर्यवंशी सम्राट् अशोकको रुमिन्देई (नेपाल)को स्तम्भ-शिला लेखबाट।

(३) उन्डाइस सय वर्षअगिको कुशनवंशी राजाहरूका

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

मथुरा, सारनाथ आदिका शिलालेखबाट ।

(४) अठ्ठार सय वर्षअगिको क्षत्रपवंशी राजा रुद्रदामाको गिरनारको चट्टानबाट ।

(५) बाह्र सय वर्षअगिको चम्बाका राजा मेरुबर्माका लेखबाट ।

(६) एघारसय "वर्षअगिको दिघवा दुबौलिको" लेखबाट ।

(७) आठसय वर्षअगिको उदयपुर धारावर्षका समयको ओरीआको हस्तलिखित लेखबाट ।

अब पहिलेका यी सब किसिमका अक्षरहरूलाई पुरातत्त्वको निति यथोचित स्थानमा थन्काउनु पर्दछ,' किनभने, रोमन लिपिमा चाहिंदा अक्षरकै कमी छ 'च, छ,' लेख्नालाई, दुइ तीन अक्षर जोरुयाउनुपर्दछ – 'सि-एच र सि-एच-एच 'ण, ङ, ञ' लाई 'एन' एउटै अक्षर छ, अरबी लिपिमा उस्तै त्रुटि छन्, देवनागरी लिपिमा वृथा डिको हाल्नुपर्दछ, स्वरको वैज्ञानिक रीतिले अक्षरको क्रम मिलाई राखेका छन् तापनि अक्षरको अनुहारमा क्रम छैन,- 'क' वर्गका पाँच अक्षर 'प ष ब व क' 'च' बर्गका 'र च स्व स ख', 'ट' वर्गका 'ट ठ ढ ड ङ' हुनु बरु सजिलो थियो । तसर्थ सबै जाति मिली स्वरको चित्र विद्युत्-किरणद्वारा उतारी अरु नै नवीन स्वाभाविक र सरल अक्षरहरू बनाएर चलाएमा विश्वभाषा-निर्माणलाई ठूलो सहायता मिल्ने थियो, बालकहरूलाई लेखपढ सिक्न सुगम हुने थियो; किनभने दाँते बुझ्नालाई इटलियन भाषा जान्नुपर्दछ, न्याफेल जुनसुकै जातिले पनि बुझ्न सक्तछ ।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

जे होस् अहिले अक्षरको उज्यालोले मानिसलाई यहाँ-सम्म ल्याएको छ, परन्तु हामी फेरि कुन क्रियाद्वारा विकसित भई देवता बन्न सकेनौं भने केही परसम्म पुगेर हाम्रो मन पनि उम्रन छोड्नेछ, अनि हामी जस्ताको त्यस्तै रहनेछौं। अहिल्यै पनि मनुष्यजातिको मस्तिष्कले त्यस्तो बढालुपन कतिसम्म देखाएका छ र ? अझै स्वर्गको कल्पना गर्न पर्‍यो भने हामो उही सुनचाँदी उही बिल्लौर उही रत्नहरूको बुट्टा बढाउन थाल्दछौं, अप्सरा वा परी भनेर। स्वास्नीमान्छे र चरालाई गाँसिदिन्छौं, उनीहरूसित त्यहाँ बेदाममा ज्यादै मीठो रक्सी राखिदिन्छौं, कमाएर खाने टन्टा छोडेर उहीं सधैं बाँचिरहन चाहन्छौं। त्यस्तो कल्पना–जगत्लाई छोडेर वास्तविक व्यवहारमा चाहिं पारस्परिक सहानुभूतिले दाँत जस्तै टम्म मिलेर बस्नसमेत हामीले जानेका छैनौं — अरूलाई सधैं दान दिइरहन सक्ने हामीसित केही छ भने एउटा 'दोष' छ । यो सब देख्ता त पशुहरूसित हामी एक घरको माथिल्लो कोठामा बसेको अनुभव हुन्छ — मन दुख्तछ। कहिले कहिले अन्य पशुपक्षी-लाई अझ माथि धुरीमा बसेका हामी देख्तछौं।

मानिससित भएको सर्वस्व यही मथिङ्गल हो, जति धेरै एकै ठाउँमा जम्मा पारे पनि मथिङ्गल आखिर मथिङ्गलै हो, मनुष्यको महासभा देवता बन्दैन— पत्थर धेरै थुपार्दैमा हीरा कहाँ हुन्छ र ! मस्तिष्क जस्तो छ जति छ त्यसको क्रिया मन उही अनुसारको हुन्छ। एक नियमित आकस्मिकताले मनु-ष्यको मथिङ्गल मथेर नौनी झिकी देवता बनाउन सक्तछ, त्यो अवस्था त्यति नै पर छ जति हामी पशुभन्दा पर छौं।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

नवपाषाणयुगदेखि आजसम्म के के भइरहेछ ? यो दस हजार वर्षभित्र जमेको थलथले फिका बदामी मनुष्यशक्तिले के के गऱ्यो ? छोटकरीमा पहिले हाम्रो आर्यावर्तकै कुरा लिऊँ, किनभने मनुष्यमात्रले सर्वप्रथम बिचारलाई उचालेको स्थान यही हो। हुनता बुझिन्छ सबभन्दा पहिले सभ्यता मिस्रदेश वा सुमेरियातिर फैलिएको हो त्यहाँपछि भारतमा (सिंधका मोहेनजो – द्ड़ो र हडप्पाका प्राचीन नगरध्वंसावशेषको अध्ययनले पान अहिलेसम्म यसै भन्दछ), अनि चीनमा। तर मिस्रमा विशेष भौतिक कलाको उन्नति भयो। साठी लाख टन ढुङ्गाको त्यत्रो स्मारक पिरामिड़ मिस्रवासीले नै बनाए, मेसोपोतामिया बाबुलहरूमा समेत मूर्तिकला र गृह-निर्माण कलाहरूको उन्नति नै विशेष हुँकियो -ठूला ठूला अग्ला इ-तेमेन-अन-कि जस्ता उनले स्वर्ग पुग्नालाई बनाएका मन्दिर, फ्रेस्को चित्रहरू, राम्रा बान्कीका बुट्टे भाँडाहरूले उनका दिनचर्या देखाउँछन्। पछि यूनानी अनि रोमनजातिले झन् झन् भास्करकला र चित्रकलाको उन्नति सर्काउँदै गए, त्यसपछि यूरोपीयजातिले परम्परागत सो विद्यालाई चढाए बढाए। भारतवर्षमा लिओनार्डो-ड़-विन्सि जस्ता अनेका-नेक-कला-प्रतिभाशाली पुरूष जन्मेन; माइकेल एन्जेलो, रोडिन, क्रिष्टोफर रेन, ऱ्याफेल, रेम्ब्रान्ट, रेनाल्डस, रुबेन्स, टिशिअन, टिन्टरेट्ट टर्नर, कोरिज्जिओ, कोरोट, लेड़ी एलिजाबेथ वट्लर, ऱ्याडम विगीलीब्रन, ड्रूरर, ड्रिक्सी, गेन्सबरो, गिओभानि वेलिनि, गिआट्टो, ल्याण्डसियर, लिटन, भ्यान्इक, भ्यान्डिक, भेल्ऽज़किज. मिलेट, मुइनियर, मुरिल्लो, होगार्थ, व्हिस्लर,

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

ह्वाकर, हाल्स, हर्कोमर, हल्म्यानहन्ट, वृटन रिभीरे, ब्याम्ले, बोग्युरेयु, अनि फेरि बेगा, बर्बा, बोह्म, ब्यारियस, ब्यार्थलम र र रूड जस्ता कलाकर भारतले पाएन। मिस्रका रमेसस द्वितीयका विशाल मूर्ति, यूनानको पार्थेनन, फेरि प्याग्जाइटिलसकृत हर्मेस, भिनसका मूर्तिहरू, फेरि मजिज, क्राइष्ट, ड्याभिड, सफोक्लसहरूका भव्य प्रतिमाका जोडा भारतमा छैनन्; मुसलमानहरू नआएका भए यहाँ आगराको ताजमहल बन्ने थिएन। बुद्धपछि यूनानी प्रभावले बनेका गान्धारकलाका मूर्तिहरू जापानका ध्यानीबुद्ध र कामकुराका बुद्धमूर्तिहरू तुल्य छैनन्। चानको आश्चर्यजनक ठूलो पर्खालले चिनियाहरूको पनि उहिल्यैदेखिको शारीरिक परिश्रमरूचि देखाउँछ, चीनका चित्रकला र मूर्तिकला र अरू निर्माणकला संसारमा आफ्नो किसिमको बेजोडा छ। चिनियाँ चित्रकार मि-फेइ, लि-लुङ-मेन, उ-ताओ-ट्जु र जापानी चित्रकार हिरोशिगे र होकुसाइ भारतमा जन्मेनन्।

परन्तु प्राचीन भारतले मनन गरे जति त्यो वेला अन्त कुनै प्राचीन स्थानका निवासीहरूले गर्न सकेको देखिंदैन। जहाँ पनि सभ्यता जम्नालाई पानी चाहिन्छ। यहाँ गङ्गाकिनारमा महापुरुषहरू आँखा चिम्लेर दृष्टि भित्र मोडी विचारको तपस्या गर्न लागे। अन्ततिर शारीरिक परिश्रम बढ्यो यता मानसिक परिश्रम। स्थानस्थितिको प्रभावले मानवस्वभावमा परिवर्त्तन हुन्छ। अन्त कलाको विकास भए जस्तै भारतमा त्यो वेला बुद्धिको विशेष विकास भयो। हिमालयको चीसोमा अटल भएर जमेको तपस्वीको मननले समाधिस्थिति प्राप्त

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

गर्‍यो। नियमित आकस्मिकताले आर्यावर्त्तले महान् योगेश्वर कृष्ण पायो, रामचन्द्र जस्ता राजा पायो, हजारौं ऋषिमुनिहरू पायो, जनक र अशोक पायो, बुद्ध, महावीर, शङ्कराचार्य, गोरखनाथ, र रामानुज पायो, मीरा र तुलसीदास पायो, रामकृष्ण परमहंस, स्वर्गद्वारिका, रमणमहर्षि र अरविन्द पायो, अनि गाँधी पायो। सब योगी।

नियमित आकस्मिक चक्रको फेरमा भारतले जानेको सबभन्दा ठूलो विज्ञान वा मनोविज्ञान योग हो। तर भारतले त्यो विज्ञान संसारलाई विज्ञानके रूपमा भेट दिनु त पर जाओस् आफै भित्र पनि त्यसको क्रियात्मक रूपले उन्नति गर्न सकेन–आफूले जानेका के जानेका हो सो यथार्थ थाहा नपाएकाले योगीहरूद्वारा त्यसको यहाँ व्यक्तिगत शारीरिक र मानसिक स्वास्थलाभसिवाय अरू सार्वजनिक सदुपयोग हुन पाएन। संसारयन्त्र चलाउने यन्त्रारूढ प्रधान मन हो, त्यही मनोवृत्ति जथाभावी हुन नपाएर सम्हालिनु ठूलो कुरा हो—मनुष्यको मनमा परिवर्त्तन हुनु संसारमा परिवर्तन् हुनु हो, मनुष्यको मनमा शान्ति भए संसारमा शान्ति, मनुष्यको मनमा संग्राम भए संसारमा संग्राम हुन्छ; समस्त मनुष्यको मन सम्हालियो भने मात्रै लोभी संसार सम्हालिन्छ, एउटा मानिसको मन सम्हालिए त्यही एउटा मानिस सम्हालिन्छ, जान्छ, जगत् अमिल्दो नै रहन्छ। तसर्थ योगलाई प्रयोगात्मक बनाई सर्वसाधारणमा औषधितुल्य फैलाउनुपर्नेमा नियमित आकस्मिकताले योगीलाई गुफामा लुक्ने बनाइदियो, लोकलाई शिक्षा दिनुपर्ने योगीको आँखा अर्कै लोकतिर पल्टाइदियो।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

माल पाएर चाल नपाउँदा पर्वतिनीहरूले न खुल्ने गरेर थाप्लामा सुनको फूल लाए जस्तै भयो—योगीहरू आफ्नो शिरमा सहस्रदल कमलको फूल सिउरेको संझी मग्न भएर बस्न लागे; त्यसमा घुस्न सकेनन्, अनि नजाने जत्ति भाग अज्ञात कल्पनालाई उनले अर्पण गरिदिए ।

यो त एकात्म उस्तै कोही कोही योग्य योगीको 'कुरा; बाँकी लाखौं योगी जसलाई हामी ' जोगी ' भन्दछौं तिनीहरू विरक्तिएर 'ॐ भोलानाथ' भन्दै माग्दै दैलो दैलो घुम्दछन्; पाषाणयुगीहरूको ठीक जङ्गली पहिरनले गर्दा कति जोगी र बौलाहामा भेद छुट्याउन आँखालाई गाह्रो पर्दछ। यहाँ शिवरात्रीको मेलामा जस्तै मकर कुम्भ आदि ठूलठूला मेलामा लाखौं लाखौं जोगी दुर्दशा र दुर्गतिले फिर्दछन्, गृहस्थीहरू श्रद्धाले वा भयले वा दयाले उनलाई पैसा दिन्छन् । यसरी एक दुइपैसा-विन्दु गरी दिनभर जम्मा पारेको थुप्राले केही दिनमा घड़ा भर्ने अनुयोगी जोगीको पछिपछि अरू अल्सी पनि लाग्दछन्, धनी धनी गृहस्थीको अनुग्रहले कुनै जोगी विशेष सन्त महन्त धनाढ्य बन्दछन् । तैपनि जोगाहरू प्रायः दरिद्र हुन्छन्, किनभने दरिद्रहरू प्रायः जोगी हुन्छन् । जुन लाखौं माग्ने हरिकङ्गाल रोगी जोगीहरूले भारतका कैयन स्थान फोहर र मैला बनाएका छन् , नियमित आकस्मिताले कोल्टे फेरिदिएको भए तिनै त्यागी मनोवैज्ञानिक कर्मद्वारा भारतलाई भोगी स्वर्ग होइन उपकारी स्वर्ग बनाई संसारमा यसको सर्वोच्च शिलोच्चय-शिर खुल्दो सर्वोच्च नासिका ठड्याइदिन सक्ने थियो ।

योग के हो ? विद्युतको धनात्मक गुण । युध्' को अर्थ

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

जोड्नु !—धनात्मक र ऋणात्मक विद्युतको जोडथ्यान भई धनात्मक बचत रहेको अवस्था !—(+५-४=+१);—धनात्मक र ऋणात्मक मन वा आत्माको संयोग—आत्मलय भई धनात्मक आत्मा शेष रहेको तुष्टि अवस्था योग हो !—'आत्मन्येवाऽत्मना तुष्टः' तथा 'यत्र चैवाऽत्मना ऽत्मानंपश्यन्नात्मनि तुष्यति'! सामान्यतः पतञ्जलिको भनाइअनुसार 'योगश्चित्तवृत्तिनिरोधः';-देहका सब शक्ति वा मन मुख्य मनको चिन्तनले—आत्ममननले मस्तिष्कको एकै ठाउँमा केन्द्रित भएर अडेको अवस्था नै समाधि हो; अथवा मस्तिष्कको क्रिया शरीरभर फैलिएको अवस्थामा मन हो, सोहोरिएर बीज भएको अवस्थामा समाधि हो। समाधि दुइ किसिमले हुन्छ 'राजयोग' ले र 'हठयोग' ले। राजयोगमा मनको स्वास्थ्य र हठयोगमा शरीरको स्वास्थ्यपट्टि विशेष ध्यान दिइएको छ तापनि दुवैको संबन्ध मुख्यतः मनसित छ। राजयोगमा केवल ध्यान धारणाहरूले नै समाधि हुन्छ तापनि पातञ्जलयोगको प्राणायामलाई त हठयोगकै बीज मान्नुपर्दछ। हठले प्राणायाम गर्नु नै वन्ध हो। केवल अहिंसा ब्रह्मचर्यादि यम, शौच तपादि नियम, स्थिर कोमल (चैलाजिनकुशोत्तरम्) आसन, कुम्भकादि प्राणायाम अन्तर्मुखवृत्ति प्रत्याहार, (देशबन्धश्चित्तस्य) धारणा, (तत्र प्रत्ययैकतानता) ध्यान,—द्वारा समाधि चढाउनालाई लामो तपस्या चाहिने हुनाले गोरखनाथ (गोरक्षनाथ) हरूले शीघ्रताले समाधि हुने उपाय 'हठयोग'को आविष्कार गरे। आमा मनले चकचके केटाकेटी—मनहरूलाई घरभरीको कुनाकानी बाट बोलाई बुइगलमा जम्मा पारेर राखिछोडनु—'राजयोग;

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

उही आमा–मनले घर घुमीघुमी सोझो मुखले नमान्ने केटा–केटीलाई हात हालेर पाखुरा वा कान समातेर जम्मा गर्दै पहिले मूल ढोका अनि दलान छिंडी चोटा कोठाका ढोकाहरू र घोप्टेसमेत बन्द गरी बुइगलमा थचारेर थुनिराख्नु—' हठ योग '।

राजयोग कष्टसाध्य छ, 'दुःखेष्वनुद्विग्नमनाः सुखेषु विगतस्पृहः' 'वीतरागभयक्रोधः' र—

आफैमा तृप्तमै आफै मनका कामनाकन
जब छोड्यो अनि हुन्छ समाधिस्थ निरञ्जन।
दुःखमा दिक्क नहुने नलाग्ने सुखमा पनि
रागद्वेषभय–त्यागी योगी हो स्थितधी मुनि।

❀ ❀ ❀ ❀ ❀

कूर्मले अङ्ग झैं जस्ले सारा विषयवाट यी
दशेन्द्रिय खिची लिन्छ समाधिस्थित हो उही।

❀ ❀ ❀ ❀ ❀

बाहिरै बाहिरी स्पर्श चक्षु भ्रूमध्यमा गरी
मिलाई नासिकामित्रै प्राणा–ऽपान बराबरी
दशेन्द्रिय–मनो–बुद्धि बाँधेको मुक्तितत्पर
काम क्रोधादिले हीन जो हो त्यो मुक्त हो नर।

(—गीता कोमलानुवाद)

हातमा तराजु लिनेले वा तौल मिलाई तारमा उभिने सर्कसीले श्वास रोकेझैं नासाग्र हेरी माथिल्लो र तल्लो भागको वायुसित मन जोखी तलमाथि पूरक र रेचक गर्दा गर्दा कुम्भक स्थितिमा अनेक चञ्चल मनलाई समेत निरुद्ध गर्नु कति कठिन!-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

तर यो हानिरहित छ। त्यस्ता जीवनमुक्त स्थितप्रज्ञ समाधिस्थको मन सर्व साधारणले आकाशको फल जस्तै लोभलाग्दो र पूज्य संझने मात्र होइन गडेर अध्ययन गर्नु पर्दछ-गणितको कठिन समस्यालाई लागिपसेर हल गर्नु पर्दछ। अझ ती स्थितप्रज्ञले नै आफूलाई अलौकिक ईश्वर नसंझी अलिकति ओर्लेर नरअवतार लिई, अझै रूखो शब्दमा भनूँ भने ती जीवनमुक्तले कूपमण्डूकले जस्तै—'यज्ज्ञात्वा नेह भूयोऽन्यज्ज्ञातव्यमवशिष्यते' र 'यं लब्ध्वा चाऽपरं लाभं मन्यतेनाऽधिकं ततः' संझेर वृथा फुल्न छोड़ी लोकहित निमित्त योगविद्याको झन् झन् अनुसन्धान बढाउँदै लानुपर्दथ्यो। गुरुले विद्यार्थीको लेखमा अशुद्धि फेला पारी सच्याए जस्तै कुनै उपायले दोषी मनहरू सच्चिन सकेका भए महाभारतयुद्ध हुँदैनथ्यो, अनि त्यही अनुभवसिद्ध औषधिक्रियाले यी विगत महायुद्धहरूको अस्तित्व मेटिदिन्थ्यो, विषबिन्दु झैं झुरिङरहेको भविष्य-संग्राम भाण्ड़मुखमै सुकाइदिन्थ्यो। अस्तु।

हठयोग यत्नसाध्य छ। कमलासन, सिद्धासन, सर्वांगासन, शवासन, जानुशिरासन, प्राणासन, मयूरासन, हंसासन, मत्स्येंद्रासन, आकर्णधनुषासन, पश्चिमोत्तानासन, शीर्षासन, उर्ध्वपद्मासन, वृक्षासन, चक्रासन, गर्भासन, द्विपादशिरासन द्विहस्तभुजासन, कंदपीड़नासन, कर्णपीड़नासन, वृश्चिकासन, इत्यादि उपयोगी आरोग्यवर्धक व्यायाम हठयोगकै अङ्ग हुन्, यी आसनहरूमा नसपेसोहरूलाई बलियो बनाउने तमाम ग्रन्थिको स्वास्थ्य बढाउने अनेक लाभ प्रत्यक्ष हुँदा योगासनको

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

प्रचार फेरि आजकाल केही बढ्दै गएको देखिन्छ। उड्डियान र नौलिले पनि पेटका रोगहरू हटाउँछन्। स्वस्थ मन स्वस्थ शरीरकै क्रिया हो। परन्तु हठयोग यतिमात्र होइन। राजयोगमा ध्यान र धारणाले तपस्या गरी कष्टसित कसै कसैलाई हुने समाधि हठयोगमा बन्ध र मुद्राको अभ्यासले मात्र पनि धेरैलाई हुन सक्तछ। नेपालमा उहिले ठूला ठूला तान्त्रिकहरू थिए; उनीहरू र अरू भारतीय हठयोगीहरूले मनुष्यशरीरमा ब्रह्मचक्र समेत सात चक्रको यसरी वर्णन गरेका छन्:

(७) ब्रह्मचक्र (सेरिब्रम)-सहस्रदल साधा कमल-शिरमा
(६) आज्ञाचक्र-सेता दुइदलकमल-नाकको र आँखिभौंको जोर्नीमा
(५) विशुद्धचक्र—धूम्रवर्णको सोह्रदलकमल—रुद्रघंटीमा
(४) अनाहतचक्र-पिङ्गल वर्णको बाह्रदलकमल—हृदयमा
(३) मणिपुरचक्र-नीलवर्णको दशदलकमल-नाभिस्थानमनि
(२) स्वाधिष्ठानचक्र-रक्तवर्णको छ दलकमल-लिङ्गको जरामा
(१) मूलाधारचक्र-पीतवर्णको चारदलकमल-मूलाधारमा
(०) कुण्डली चक्र—जहाँ कुण्डलिनी छ—नाभिमा

यसरी योगलाई पनि उनीहरूले रीतिअनुसार पौराणिक बनाएका छन्। छोट्करीमा उनको यस्तो भनाइ छ,—

'शिरमा उदानवायु, घाँटीदेखि छातीसम्म प्राणवायु, छातीदेखि कम्मरसम्म समानवायु, कम्मरदेखि तलतिर अपानवायु, र शरीरभर व्यानवायु रहेका हुन्छन्—यी

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

पञ्चवायु पञ्चप्राणले उब्जाएका हुन्। मेरुदण्ड (डँडाल्नु) भित्र इडा र पिङ्गला नाडीको बीचमा रहेको सुषुम्णा नाडीमा (प्राण र समान वायुको स्थानमा) अपान वायुको काण्ड-माथि कुण्डलिनी (भागसनभँ ?) चक्राकारमा सुतिरहेकी हुन्छे, योगबन्ध र योगमुद्राले सो कुण्डलिनीलाई जगाउन सकिन्छ; जागेपछि मेरुका मूलाधारादि षट्चक्र (नसाजाली ?) भेदन गरी त्यो ब्रह्मरन्ध्रमा पुग्दछ त्यहाँ कुण्डलिनीले परशिव बिन्दुरूपलाई भेट्तछे, त्यहीं आत्माले सोऽहम् संझन्छ— योगीलाई समाधि हुन्छ।'

सुमेरुपर्वत पृथ्वीको मेरुदण्ड झैं हिमालयमा पार्वतीले कुण्डलिनीले जस्तै तपस्या गरी शिवजीलाई पाएर गौरीशङ्कर एक ओंकार बनेको कथासित योगको वर्णन मिलाएर हेर्दा उहिलेका अरू पनि पौराणिक रूपका कथाहरू बुझ्न सजिलो पर्दछ।

वास्तवमा के हुन्छ ?—ढोकाहरू बन्द गरे जस्तै कुकुर्चाले मूलबन्ध गरी प्राणायामले श्वासलाई मास्तिर थुत्त उकाल्दै लगेर वायु पेटबाट छातीमा पुगेपछि पेटपछिल्तिर करङमा जोडेर उड्डियानबन्ध, फेरि त्यसै गरी खिच्तै खिच्तै वायु छातीबाट शिरमा उचालिएपछि च्यूँडो छातीमा अड्याई घाँटी किचेर जालन्धरबन्ध गर्दा गर्दा अचेटिएको वायुले तल्लो गिदी (सेरिब्लम) र माथिल्लो गिदी (सेरिब्रम) रहेका कोठाको बीच अन्तर अन्तरमा जोत्तिन पुगी उनीहरू र मेरुदण्डको सम्बन्धी ज्ञानतन्तु सब छुटाइदिन्छ— सास रोकिन्छ, मुटु

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

चलन छोड्दछ, रक्तसन्चार बन्द हुन्छ, मस्तिष्क निश्चेष्ट हुन्छ, किन-भने सबै किसिमका चित्तवृत्ति निरोध हुन्छन्। त्यस अवस्थामा समाधिवाला अरूले हेर्दा मरेतुल्य हुन्छ, तर उ धेरै घडी धेरै दिन सम्म पनि मस्तिष्कको सानो छेकावार ब्रह्मरन्ध्रमा लुकेर जीवित रहन सक्दछ, छाम्दा उसका अवयव अन्त सबै चिसा हुन्छन्, तालु मात्र तातो रहन्छ। धेरै दिनसम्म नखाएर बस्न सक्ने, उसमाथि रक्तसञ्चार बन्द भएर पनि देहका गैह्र जीवकोष बसोलाइ, व्याक्टीरियाहरू जस्तै स्वावलम्वी भएर बांचिरहन सक्ने हुनाको कारण जाने मानिसलाई हजारौं वर्ष बचाउन सकिन्थ्यो, नियमित आकस्मिकताले यस विषयमा हामीलाई कति थोरै जनाएको छ! कति थोरैलाई कति धेरै संज्ञन लाएर अल्सी र निरुद्योगी बनाएको छ! आजकाल उद्यमी पाश्चात्त्य वैद्यहरूलाई मृतशरीरमा औषध घुसाएर त्यस शवलाई महीनौं नसडाई राख्न उही नियमित आकस्मिकताले जताएको छ! अझ बढ्ता जान्न किन नहुनु?

कमलदलपिच्छे योगीहरूले ध्यान गर्न सुविस्ता होस् भनेर बाजाक्षर-मन्त्र राखेका छन्, जस्तो,— आज्ञाचक्रको दुइदल कमलमा वरिपरि 'हं' र 'क्षं' बीचमा 'ॐ' छन्, 'हं' र 'क्षं' पूरक र रेचक प्राणायाम 'ॐ' कुम्भक प्राणायामका द्योतक हुन्; घाँटीको विशुद्धचक्रका सोह्रदलकमलमा 'अं' देखि 'अः' सम्मका स्वरवर्णबीजहरू जम्मा पारेर वरिपरि सोह्रदलमा र बीच गट्टामा सरस्वतीको षट्कोणभित्र पूरक प्राणायामको 'हं' बीज राखिएका छन्, यस्तै गरेर अरूमा पनि। यसरी मनलाई वरिपरिबाट सोह्रेर बीचमा चुल्ल्याउँदै त्यसबाट माथि

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

सर्काउँदै लाने (विशुद्धचक्रको 'हं' लाई आज्ञाचक्रको 'हं' मा पुऱ्याउने) यो चित्तवृत्तिनिरोधको उपाय ती योगीहरूको अनुभवबाट निस्केको हो। यिनीहरूलाई यस्तै यत्ति नै हुन् भन्ने नसंझी भयंकर भ्रमोत्पादक रहस्यमय बनाउन खोज्नु विद्यालाई मार्नु हो। यस्तै प्रथाले हाम्रा कैयन् विद्या लोप भए। हाम्रो नेपालमा एउटाले सर्पले टोकेकोमा विष मार्ने औषधि जानेको थियो, अर्कोले भाँचिएको हाड़ चाँडै जोर्ने बूटी जानेको थियो, अर्कोले अर्को; उनीहरूले सो विद्या मन्त्ररूपमा आफ्ना छोरालाई दिएका थिए, छोराहरू निस्सन्तान भएर मरे, उनीहरूका विद्या पनि निश्शिष्य भएर विते। यसरी अरू हाम्रा चित्ररङ्ग बनाउने, सुनमसी बनाउने, भाग मिलाएर मूर्ति बनाउने , बुट्टाहरू र मन्दिरका बान्की बनाउने, रेशम (?) बनाउने इत्यादि विद्यालाई कपटले बध गऱ्यो। हाम्रा योगविद्याहरू पनि उही हूलमा परे। यथार्थ जान्न खोज्नु अपराध होइन, विद्यालाई चिहानमा गाडेर उसको प्रेत बनी अरूलाई तर्साउनु महापाप हो !

'राजयोग' वा 'हठयोग' जुनसुकै योगबाट गए तापनि अन्त्यमा मिलेको समाधि अवस्था एउटै हो, तर हठयोगमा जवरदस्ती चाँडै नै मुद्रा र बन्धले नाडीहरू अँठ्याएर वायुलाई खलबल्याउंदा कहिले कहिले योगार्थी हावा खुस्केर बौलाउंछ, कहिले कहिले मर्दछ पनि। आफूलाई 'म नित्य आत्मा हुँ' भन्ने संझी शरीरलाई चाँहि आत्मादेखि भिन्न तह नलागेको भृत्य संझेर आफूलाई आफैले पिट्ने, खान नदिई सासना दिने, एक खुट्टाले टेकेर जस्तै गले पनि

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

उभिइरहने , हात माथि सूर्यलाई चढाएर सुकाउने, आगो बाली त्यसमाथि उभिन्डो परेर रूखमा खुट्टा बाँधी झुन्डिने, यस्ता घोर हठयोगी पनि हुन्छन् ; आफ्नै र अरूको पनि गुहु र मूत खाएर समदर्शी बन्नालाई अभ्यास गर्ने अघोर हठयोगी–अघोरी पनि हुन्छन् । उनीहरू आफ्नो आँखालाई अह्राउँछन्—'जस्तै सुन्दरी भए पनि परस्त्रीलाई कुरूपी देख्नू,' अनि अटेरी आँखाले मानेन भने भक्त सुरदासले जस्तो आँखा नै फोड़िदिन्छन् , त्यस्तै हात खुट्टाले आत्माले भनेको टेरेनन् भने काटेर आगोमा होमिदिन्छन् — अनर्थ ! यस्तै क्रियाले पनि कोही कोही मनलाई दमन गरिछोड्दछन्, कुनै हठ-योगभ्रष्टलाई भने हामी बौलाहाको रूपमा गल्लीको कुकुरसित आँखा जुधाइरहेको पाउँछौं ।

राजयोगमा त्यस्तो डर हुँदैन, तर यसले समाधि धेरैजसो थोरै मानिसलाई हुन्छ । समाधि स्वाभाविक क्रिया हो, सुत्न मन लागे जस्तै समाधिमा पस्न सबैलाई इच्छा हुन्छ । क्षणिक समाधि सबैलाई बराबर होइरहन्छ, कोही त्यसलाई स्वतः पक्रन्छन् । आँखा डेरो पार्न , कान चलाएन, स्वरमा मूर्छना झिक्न, दुइहात टेकेर खुट्टा ठाडो पारी हिंड्न बालकले सूक्ष्म नियमले अकस्मात् जाने जस्तै कसैलाई अभ्यासविना नै निर्विकल्प समाधि हुन्छ — रामकृष्ण परमहंस, स्वर्गद्वारिका बालातपस्वी , रमणमहर्षि देवहरूलाई समाधि कम उमेरैमा त्यसै भयो , उनीहरूले आफ्ना कैयन् योग्य प्रौढावस्थाका शिष्यहरूलाई पनि सिकाएर समाधिमा घुसाउन सकेनन् । समाधि उत्रसकेपछि कैयन् हठयोगालाई हामी साधारण

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

इच्छामा जेलिएको मनुष्यकै रूपमा देख्तछौं, बरु समाधि नचढिसकेका राजयोगमार्गका कतिपय पुरुषलाई हामी उच्चमना पाउँ छौं ,-जस्तो महात्मा गाँधीको मानसिक स्थिति साधारण मनुष्यको भन्दा माथिल्लो कक्षामा छ, कर्मयोगीका कैयन् लक्षण हामी गाँधीमा देख्तछौं :

आफैभित्र सबै प्राणी आफै प्राणीहरूमहाँ
देख्तछन् योगले युक्त समदर्शी जहाँतहाँ।

(-गीता, कोमलानुवाद)

प्राचीन राजयोगीहरूलाई मन 'मस्तिष्कमा रहन्छ भन्ने थाहा थिएन, गीतामा पनि शरीरसञ्चालन गर्ने मुख्य स्थान हृदय मानेको छः

ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति ।
भ्रामयन्सर्वभूतानि यन्त्रारूढानि मायया ॥

(-श्रीमद्भगवद्गीता)

(यसको अनुवाद अन्यत्र छ)

फेरि उता यूनानीहरूमा अरस्तू जस्ताले पनि मस्तिष्कको काम केवल हृदयलाई चिस्याउने हो भनेर लेखेका छन् मनको स्थान थाहा पाउँदा पाउँदै पनि अझ हामी 'मस्तिष्क' र 'टाउको' शब्दको सट्टा चलनअनुसार 'हृदय' र 'छाती' शब्दको प्रयोग गर्दैछौं। मन चाहे बूढीऔंलामा रहोस् आत्मशुद्धिको निमित्त त्यस प्रधान इन्द्रियलाई वशमा राख्ने काम नै हाम्रो हो भनेर राजयोगीहरूले संझेका छन्। हठयोगको शारीरिक बलले इन्द्रियदमन गर्ने क्रियाको धेरै पछि पाश्चात्य वैज्ञानिकहरू हिजो आज विजुलीको प्रयोगले पनि समाधि अवस्था ल्याउन सक्त

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

छन्, उनले मस्तिष्कका प्रत्येक विभागलाई भिन्नाभिन्नै निश्चेष्ट बनाई यस विभागमा यस विषयसम्बन्धी स्मृति रहेको छ भन्ने पत्ता लगाएका छन्। यस्तै प्रयोगबाट उनीहरू चारलाई कैदै छन्—उ चारका कुरा प्रलापमा जस्तै साँचा बोल्दछ, 'यसलाई भनेपछि मलाई सजाय होला त्यसले मैले यो कुरा दबा-

बोल्नु पर्दछ' भन्ने उसका तार्किक स्मृतिविभागलाई विद्युत्-क्रियाले किचेर निश्चेष्ट बनाएको हुन्छ। त्यही विद्युत्-यन्त्रले कुनै मर्मान्तिक विषय लगातार संझी संझी बोलाउन आँटेकोलाई सो कुरा बिर्साइदिन-उसको सो चित्तवृत्तिनिरोध गरिदिन सकिन्छ। तर यन्त्रयोगले हठयोगद्वारा हुने शारीरिक र मानसिक बल प्राप्त हुँदैन, हठयोगले राजयोगद्वारा हुने मानसिक शक्ति र महात्ता मिल्न सक्तैन।

यसको अतिरिक्त हिप्नोटिज्म मेस्मरिज्म र हाम्रा जान्ने धामी झारफुके गुभाजू र बोक्सीहरूका त्राटकक्रिया पनि योगकै शाखा हुन्। कुनै जान्ने व्यक्ति अनेक कृत्रिम विचार र सूचनाद्वार दुर्बल हृदय भएको व्यक्तिलाई अर्धनिद्रावस्थामा राखेर अथवा त्यसै पनि वशवर्ती तुल्याएर उसको मनलाई अधीनमा पारी नचाउन, एकोहरो लागेर चिन्ताज्वर घुसाउन, चिन्तन गराई मानसिक रोग निवारण गर्न, भनेको कुरा करैसित संझन र गलाउन सक्तछ। यी विद्या थोरै अभ्यासले जान्न सकिन्छन्।

कहिले कहिले प्रकृतिले पनि मानिसलाई त्राटक गर्दछ, अन्धकारमा एक चिम्टी उज्यालो मिसाई भूत ख्याक आदि तर्साउनेको झूटो विचार फैलाउने उत्तरदायित्व प्रथमतः प्रकृतिमै छ। असत्य भूतको आभासबाट उब्जेको मानसिक डरले

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

कसै कसैलाई रगत छदाउने मात्र होइन कसै कसैको मुटु समातेर मारेको पनि छ। निर्बल आत्मा मरूँला भनेर डराउँ छ—डरले नै मर्दछ। धापबाट उब्जेको ग्यासलाई राँके भूत भनेर त्यसँसित डराउने, त्यसको विश्वास गर्ने, अनि त्यसैलाई डरले पूजा गर्ने हाम्रा सोझा पर्वतनिवासी दाज्यूभाइ अझ छन्। कालो कपाल छँदा 'हाउ' आयो भनेर आमाले तर्साएको बालकको झस्का गङ्गा जस्तै सेता रौंले पनि बहाएर लान गाऱ्हो मान्दछ। हजारौं तर्साउनेको रहस्य हामीले पत्ता पाइसक्यौं-शब्द, मूसा, बिरालो, चोर, लुच्चो, हावा, कीरा, बत्ती, पानी, भुल्का, चरा, कुकुर, ग्यास, बिजुली, उज्यालो, धारा, कति—! उनान्सयका रहस्य पत्ता लागे जत्ति वस्तु, बाँकी रहस्य नखुलेको एउटाचाहिं त भूत नै मान्नेहरू, केही गरी त्यो सयौंको पनि भेद खुल्यो भने फेरि एकसयएकौं भूत नै मान्नेहरू आफैलाई समेत भूत संझेर मरिदिन्छन्। बाल्यकालको संस्कार गहिरो हुन्छ। हाप्सिलो कराएको सुन्यो भने छ महीनाभित्रमा त्यो सुन्ने मर्दछ भनेर दुबै कुरा सुनी चिन्तित भएको शिशु बूढो भएपछि पनि शकुन र अपशकुनको विचारमा झोक्राउन थाल्दछ। यिनै असत् कल्पनाहरू पछि धर्मको रूपमा खडा भई लठ्ठी उजाउन बेर मान्दैनन्। यस्ता भूत सवार नभएको भए संसारमा युद्ध हुँदैनथ्यो। सत्यको अवहेलना तथा असत्यको रुचि कलहको बीज हो।

विज्ञानोन्नतिले आजकाल मनुष्य मस्तिष्कका भूत मन्छाउँदै पन्छाउँदै लगेको छ तापनि कति ठूला ठूला विद्वान्हरू समेत यसको पञ्जाबाट अझ राम्ररी उम्कन सकेका छैनन् :

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

यस वैज्ञानिक युगका आधुनिक अंग्रेज विद्वान् प्रोफेसर सि.इ. एम. जोड जस्ताले पनि भूतसित भय मान्न छोडेका छैनन्, उनी कुनै 'अशारीरिक आध्यात्मिक प्रभाव' को अस्तित्व मानेर लेख्तछन्-भूतका असंख्य कथामा केही त छ भन्ने म विश्वास गर्दछु तापनि त्यो केही के हो वास्तवमा मलाई थाहा छैन। तर अलिकति आगोविना युगयुगान्तरदेखि लगातार यतिका धूँवा उडिरहने हुन सक्तैन।" जोड्ले किन संझेनन् ईसपका हजारौं वर्ष पुरानो मानिसले जस्तै कुरा गर्ने पशुहरूका दन्त्य कथा भूत, प्रेत, पिशाचका रोमांचकारी कथाभन्दा कम छैनन्-दुइमा विभिन्नता यो छ::दन्त्यकथा कल्पनाद्वारा सृष्टि हुन्छ, भूतको कथा कारण पत्ता नलागेको तर्साइबाट जन्मन्छ। अर्को ठाउँमा डाक्टर जोड वेलायतको सबभन्दा तर्साउने घर बोर्ले रेक्टरी (सफोक) मा गएर आफू तर्सेको बयान लेख्न धकाउँ-दैनन्, उनी तर्क गर्दछन् "...... यसको अर्थ के हो ?म जान्दिन। रद्दी-कागत-टोकरीहरू हावाको बीचमा उड्दछन्, पर्दाहरू कोठाभित्र उक्सेर आउँछन्, टेबिलहरू उफ्रन्छन्, संगीत-साजहरू बज्दछन्......अनि तसर्थ? अनि त्यस कारणले मानव आत्मो अमर छ. शारीरिक मृत्युपछि व चिरहन्छ ? स्पष्टै होइन। सोझै यस्तो परिणाम निक्लँदैन। तसर्थ केवल केही घटना घट्तछ, जुन कारण र परिणामको सम्बन्ध हामी बुझ्न सक्तैनौं। म त यसभन्दा विशेष केही भन्न चाहन्न।"

टेबिलबाट रुमाल आफै उठेर गई हावामा गाँठो पर्ने घटक एकदिन कसैले डाक्टर जोडलाई देखाइदिएछ, त्यसलाई पनि उनले भूतको क्रिया संझेर लेखेका छन् भूत-पुजारीहरूले

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

उनी जस्ता प्रतिष्ठित व्यक्तिद्वारा भूतविद्याको प्रचार गराउन चाहनु मामूली कुरा ! भूतको चटक देखाई पैसा ठग्ने साधारण चटकी होइनन्; लुच्चा, जाली, चटकी बेलायत र यूरोपतिर पनि अझ धेरै नै भएका बुझिन्छ । तीन सय वर्षभन्दा अगाडिका शेक्सपियरले भूतलाई नाटकको पात्र बनाउनु कुन आश्चर्य ! निर्जीव वस्तु पनि यसरी बुद्धिमान् मनुष्य जातिलाई त्राटकले वशमा पार्न सक्छ ।

पशुजगत्मा पनि कुनै कुनैले त्राटक प्रयोग गरेको देखिन्छः कुनै जातका माछा कीराहरू शिकारमाथि नयनबाण चलाई झंटनुभन्दा अगाडि आधा मारिसक्छन्, कुनै सर्पहरू आफ्ना बल्ने आँखा र अरूको आँखा तिर्मिराइदिने दुइ–जिव्राको नृत्यले भ्यागुता र चरालाई समेत लठ्याएर हलचल बन्द गराई सजिलोसित मुखभित्र हाल्दछन् । यसरी मानिसले मानिसलाई निलेको पनि देखिएको छ । तर यही विद्याद्वारा नियमित आकस्मिकताले कसैलाईं कसैको औषधि गरेर रोग नाश्न पनि लगाएको छ, कहिले कहिले विस्मृति र अज्ञान नै औषधि हुन्छन् ।

कुरा फैलाएर भनूँ भने, प्रत्येक मनुष्य धेर थोर राजयोगी र हठयोगी हुन्छः मनुष्य जति जति हुर्कदै जान्छ उति उति उ मनन गर्दै जान्छ, अनि इन्द्रियलाई दमन गर्दै लान्छ किनभने सामाजिक परिस्थितिले उसलाई त्यसै गर्न कर लाउँछः जति रोए पनि चिच्याएर कराए पनि जब आमा ती टल्कने चन्द्र र ताराहरू खेलाउन दिन सक्तिनन् त्यही वेलादेखि वियोगी बालक योगी बन्न थाल्दछ । योगकै मात्राले हामी सज्जन

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

दुर्जनलाई छुटस्याउँ छौं, मनको गति अलिकति पनि रोक्न नसक्ने राम्रै योगभ्रष्टलाई हामी बौलाहा भन्दछौं। उन्नत योगको वास्तविक प्रेरक मृत्यु-शोक हो।-जुन प्रेरणाले रक्सीबाजलाई झन् झन् रक्सीमा पौड़न लाउँ छ, जुन प्रेरणाले कविलाई गाउँदै आँसुले नुहाउन लाउँ छ, उही प्रेरणाले विचारवान्‌लाई विचारमा डुब्न लाउँ छ। अत्यन्त एकाग्र विचार समाधिको जनक हो। समाधि अत्यन्त एकाग्र-विचारको आत्मज हो।

समाधिमा के हुन्छ?— ध्यान, ध्याता र ध्येय तीनैको एकता हुन्छ। त्यहाँपछि समाधिस्थ योगी जगत्‌मा एकलो हुन्छ, पुरुषार्थशून्य बनेर कैवल्यको अनुभव गर्न थाल्दछ। योगसूत्रमा यही छ, — 'पुरुषार्थशून्यानां गुणानां प्रतिप्रसवः कैवल्यं स्वरूपप्रतिष्ठा वा चितिशक्तिरिति।' यो स्वार्थतामा परार्थता समेत गाभिन सक्ने भएको भए कस्तो हुन्थ्यो! गुफा-वासीले दिएको आशीर्वादले दुर्भिक्षबाट मर्नेहरूको नमर्दै कल्याण हुन सकेको भए कस्तो हुन्थ्यो!

समाधिमा के हुन्छ? प्रधान मनले हरेक विभागमा क्रमशः विजुली निभाउँदै जान्छ–भाषणविभागमा, शिरविभागमा, अङ्गचालनविभागमा, तौलनविभागमा, अनि गन्ध र रसको विभागमा, रक्तसंचारविभागमा, अनि फेरि स्मृतिविभागमा, अनि विचारविभागमा, अनि अनि आफ्नै विभागमा, उ विजु-लीको खर्च यसरी बचाएर जम्मा गर्दछ!

सास फेर्ने मुख्य मन चल्दा चल्दै—

—हिंड्ने पुर्जाहरू नबिग्री बन्द हुनु— —विश्राम

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

—हिंडाउने पुर्जाहरू नबिग्री बन्द हुनु— —निद्रा
—हिड्ने वा हिंडाउने पुर्जाहरू बिग्री बन्द हुनु — रोग
मुख्य मनसमेत तमाम पुर्जाहरू नबिग्री बन्द हुनु — समाधि
मुख्य मनसमेत तमाम पुर्जाहरू बिग्री बन्द हुनु— —मृत्यु

तसर्थ साधारण चलतीमा दस वर्ष आयु भएको मोटर-कारलाई दुइ वर्ष हामीले जतन गरेर थन्क्याइराख्यौं भने त्यसको आयु दुइ वर्ष लम्बिन्छ, त्यस्तै हामी सुत्ता पनि थकाइ मारेर चलिरहने मुटुलाई समाधिले विश्रान्ति दिन सकियो भने हाम्रो आयु बढ्नु स्वाभाविक कुरा हो। त्यत्ति मात्रै होइन, समाधिमा एकत्रित भएको शक्तिले योगीलाई परमानन्द दिन्छ। सामान्य अवस्थामा हाम्रो मन धनात्मक र ऋणात्मक विद्युत्–चक्रसित चलिरहेकै हुन्छ। मनका व्यापार काम क्रोध लोभ मोह मद मात्सर्यमा, काम लोभ र मोह आकर्षणात्मक अनि क्रोध मद र मात्सर्य विकर्षणात्मक छन्। सुख ऋणमा धनात्मक विद्युतको र दुःख ऋणमा ऋणात्मक विद्युतको। स्वभावका दुइ मनोभावना हुन्। हाम्रो मन सँधै भोको रहन्छ — ऋणात्मक रहन्छ, धनात्मक इच्छापूर्तिले हामीलाई सुख दिन्छ। धन सुख ऋण दुःख। त्यस्तै प्रेम र वात्सल्यहरू धन, घृणा र ईर्ष्याहरू ऋण हुन्। प्रेमी आफ्नो मनसित वर वस्ता सुख हुन्छ, मन लिएर उ टाढा जाँदा दुःख, मनलाई समातेर तान्दै उ मरेर जाँदा झन् दुःख, उसले तन्काएर समातेकोबाट मन छुटाउन पाए सुख-धन। मधुर संगीत सुनेर अथवा मधुर फल खाएर वा सुन्दर स्वरूप देखेर वा सुगन्धि वस्तु सुँघेर आकर्षित भई मनले तिनीहरूलाई

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

भित्र लिई पस्न पाउनु सुख हो; वेताला वेसुरा कटुध्वान सुनेर अथवा तीतो वस्तु खाएर वा मननपर्दो अनुहार देखेर वा दुर्गन्धी वस्तु सुँघेर मनले विकर्षित भई तिनीहरू-लाई बाहिर निकाल्न पर्नु दुःख—ऋण बाल्यावस्था र युवावस्था आकर्षण वृद्धावस्था र जीर्णावस्था विकर्षण। आकर्षण सुख विकर्षण दुःख। राग सुख द्वेष दुःख। मांस–वृद्धि–आरोग्य सुख, मांसक्षय – रोग दुःख। भोक तिर्खामा आशाले मन बाहिर जानु दुःख, वाहिर गएको मन फर्केर नआउनु झन् दुःख, निराश भएर रित्तो मन फर्कनु झन् झन दुःख, मन फलफूल र जलसित भित्र पसेर तृप्त हुनु सुख, फेरि धेरै अघाएर वाक्वाकी लागी पेट उकुसमुकुस भएर मनले ती वस्तुलाई बाहिर धकेल्न पर्नु दुःख। भोग सुख त्याग दुःख। भोगले मनलाई बाहिरै बाँधेर राख्नु दुःख, त्यागेको वस्तुमा टाँसिएको मन-सूत्र चुँडाली मस्तिष्कको लट्टाइमा बेह्रेर राख्नु सुख। संघर्ष दुःख शान्ति सुख। लाभ धन–सुख हानि ऋण-दुःख।

परमाणुदेखि लिएर परमयोगीसम्म यही भाव व्याप्त छ। त्यसैले बाहिर हजारौं थुतुनो झिकी फैलिरहेको—सुख दुःखमा भित्रबाहिर गर्दा थाकेर खोच्याएको — धन र ऋणको गणितमा आफूसित भएको चिल्लोले मस्तिष्क बाली कपाल दुखाइरहेको ऋणी मनले धनभित्र जम्मा पारिराखेको अवस्था-मा सुखको अनुभव गर्दछ। ऋणविद्युतमा ऋणविद्युत् विकर्षित हुने र धनविद्युत् आकर्षित हुने मूलतत्व इलेक्ट्रन (ऋणात्मक विद्युत्) को स्वभाव मिल्ने यो मनको स्वभाव

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

हुनु स्वाभाविक हो। मनको त्यस योगावस्थालाई निर्विकल्प समाधि भन्दछन्।

यस अवस्था न धन न ऋण भएको भए त्यसमा आनन्द अनुभव हुँदैनथ्यो, जस्तो मृत्युमा न धन न ऋण हुन्छ। दुःखले मूर्छा पर्नु र सुखले मूर्छा पर्नामा विभिन्नता छ। यो यहाँ फेरि दोहोरियोस् — 'सबभन्दा हलुका परमाणु हाइड्रोजनको नाभिकणमा एक प्रोटन रहेको हुन्छ, त्यसलाई एक इलेक्ट्रनले पृथ्वीलाई चन्द्रले जस्तै प्रदक्षिणा गरिरहेका हुन्छ। इलेक्ट्रन विद्युत् ऋणात्मक मूलतत्व हो, प्रोटनमा अरू दुइ विद्युत् मूलतत्व छन् – न्युट्रन र प्रोजिट्रन, अथवा न धनात्मक न ऋणात्मक र धनात्मक विद्युत्।' यही हाइड्रोजनको अथवा सबै प्रकारका परमाणुको नाभिकणको अवस्थामा झैं हाम्रो शरीरमा योगद्वारा केन्द्रित भएर रहेको मनको अवस्था न धनात्मक नऋणात्मक र फेरि धनात्मक अवस्था रहने हुनाले त्यसमा सुखको अनुभव हुन्छ। साधारणतः मन ऋणात्मक छ तापनि यसको कुनै भाग तृप्तिपछि धनात्मक बनेर अघाउन सक्तछ— जस्तै मिष्टान्न पनि नरुचाएर भो, भो' भन्ने अनि ऐश्वर्यलाई त्याग गर्ने, धन दान गर्ने, यस्ता अवस्था पनि उसको साधारण गणितसितै मिल्दछन्। परन्तु यी आयव्ययको झन्झट समाधिमा रहँदैन किनभने उसमा वृत्तिनिरोध गरेर मुख्य मन आत्मसन्तुष्ट भएर निश्चेष्ट रहेको हुन्छ। त्यसैलाई जिउँदै संसारबाट मोक्ष भएको भन्दछन्।

यो मनको व्यायाम उहिले भारतमा विशेष व्यवहृत हुन्थ्यो। अहिले पनि रमण महर्षिलाई समाधि पानीपनेरो छ।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

नेपालमा पनि स्वर्गद्वारिका बालातपस्वीलाई समाधि बराबर होइरहन्थ्यो। भारतमा अझै समाधिवालाको संख्या कम छैन। पाश्चात्य जगत्को ध्यान पनि स्वामी विवेकानन्दले रुचि बढाइदिएदेखिन भारतीय योगमा आकर्षित हुँदै गएको छ — थोरै मात्रामा भए पनि। परन्तु समाधिको सदुपयोग लोकोन्नतिमा प्रयोग गर्न कसैले ठानेको वा जानेको देखिएन। उल्टो योगीहरू कसैले नदेख्ने गरी एकान्त कुनामा लुकेर खेचरी मुद्राले आफ्नै लिग्लिगेको रस चाख्नालाई जीवनको पर्याप्त सार संझन्छन्, अनि अलिकति ओर्झी नरअवतार लिएको अलौकिक ईश्वर बनेर प्रचलित अनेक कल्पनामा गोता मार्न लाग्दछन्: अष्टसिद्धि, पूर्वजन्म, पुनर्जन्म, जगत्कर्ता, परत्र, मोक्ष, चोलाको अदलीबदली, अतिक्रान्त भावनीय अवस्था इत्यादि। तर तिनीहरू पृथ्वीमै उम्रेको झार खान-चाहिं छोड्न सक्तैनन्। यहाँ रमण महर्षिको एक विचारको भाव उद्धृत गर्नु समयानुकूल हुन्छ — 'हाम्रो आँखामा यस संसारभर कतै कुनै सुधार गर्नुपर्ने त्रुटि छैन।' नियमित आकस्मिकताले महर्षिलाई यस्तै संझायो। सूर्यलाई के थाहा हुन्छ अध्यारो गुफाभित्र को सडिरहेको छ? सब स्थिति दशाहरूलाई मनले जोखी तौली अनुसन्धान अध्ययन अन्वेषण विश्लेषण मनन चिन्तन गरी संसारका अवस्था सुधार्ने विचार पनि विचार, सब सब विचारलाई बन्द गरी आफैं मात्र आनन्दको मन्दिर बन्ने विचार पनि विचार! भोजनले शरीरको सुधार गरे जस्तै योगले सर्वसाधारणको मानसिक स्थिति सुधार्न नसकुन्जेल यो विद्या काँचो ठहर्दछ — कुनै

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

तरहले योग पाकेन भने संसारको सुधार असम्भव छ।

भारतमा योगविकास भएको र योगले संकुचितपन ल्याएको स्थानविशेष वातावरण र अरू अनेक परिस्थितिले हो। यी सब घटना कुनै भिन्न नियमको आधारमा घटेका छैनन्, स्वयं नियमपूर्वक घटेका छन् सबभन्दा जेठा अर्ब वर्ष आयु भएको युरेनियमदेखि लिएर सबभन्दा कान्छा हामी मानिससम्म आकस्मिक घटना हौं, परन्तु प्रत्येक आकस्मिकता नियमपूर्वक घटेको छ: एउटा पति पनि बेनियमले हल्लिँदैन, एउटा धूलो पनि नियम भङ्ग गरी उड्दैन। अथवा यसो भनूँ — सबको नियम सापेक्ष छ। त्यसैले यहाँ अनन्त नियम अल्झिरहेका छन्, तर नियामक काही पाइंदैन। केही अंश नियम जान्न सक्ने मानिस संसारमा हुन्छन्, तर नियम तोड्न सक्ने एउटा पनि हुँदैन — छैन। संसारको सृष्टि कसरी भयो? — नियमित आकस्मिकताले, संसारको स्थिति कसरी भइरहेछ? — नियमित आकस्मिकताले; अब संसारको प्रलय कसरी होला? — नियमित आकस्मिकताले।

अनि भारतमा के भयो? — संक्षेपमा — वैदिक ऋषिहरूले र उपनिषत्कारहरूले र पछिका ऋषिमुनिहरूले पनि प्रायः दर्शनमा जीवन सुम्पे; उनीहरूले आफ्नो दर्शनलाई भौतिक विज्ञानले अल्झाउन दिएनन् आध्यात्मिक कविताले त्यहाँसम्म उड्न दिए जहाँसम्म मन उड्न सक्तथ्यो। त्यतिले पनि उनको चित्त बुझेन, त्यहाँपछि संसारको सबभन्दा ठूलो कविता अद्वैतवादको सृष्टि गरे। यसरी समस्त इतिहास जीवन र व्यवहारलाई ऋषिहरूले दार्शनिक अनुमानले रँगाउन

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

थाले; — फलाना राजा किन अन्धा भए ?- किनभने उनले पूर्वजन्ममा मृगको आँखा झिकेका थिए; फलानो किन दरिद्र भयो ?— किनभने उसले अगिल्लो जन्ममा अर्काको संपत्ति चोरको थियो फलानो किन बलियो भयो ? — किनभने उसको तपस्याले प्रसन्न भएर आकाशका देवता सूर्य वा वरुण वा अर्को ताराले उसलाई वर वा अस्त्र दिएका थिए, इत्यादि । यसै यसै ध्यानदृष्टिले ऋषिहरू भूगोलशास्त्र बनाएर पृथ्वी र विश्वको नक्सा खिच्न लागे। अगिलितर आइपरेका वैज्ञानिक विद्याभित्र पनि उही दार्शनिक कल्पना घुसाएर उनले सृष्टिको अनुमान गरे: शेषशायी भगवान् भवसागरमा सुतिरहेका, उनको नाभिकमलबाट ब्रह्माजीको उत्पत्ति, मत्स्यावतार, त्यहाँपछि जलथलका कूर्मावतार । पानी सुक्तै गयो, टापूहरू उठ्‌त गए —कसले डुबेकी पृथ्वी-लाई उतार्‍यो ?–थलका वराहावतारले। प्रह्लादलाई हात थापेर बचाउने को ?— नृसिंहावतार, 'जसको जगरले बादल छ्यान्नभ्यान्न हुँदा ग्रहहरू तेजोविहान हुन्छन्,जसको श्वासले समुद्र छचल्कन्छन्, जसको शब्दले दिग्गजहरू कराउँछन्, जसका पाउको भारले भूकम्प हुन्छ, जसको वेगले पर्वतका टाकुराहरू खस्तछन्, आकाश फुट्यो हुन्छ'। यसरी रूपकद्वारा उनले धेरै विचारपछि सिद्ध ठहराएको सिद्धान्तलाई सब उपायले बलियो बनाएर प्रचार गर्न थाले । यस्तो प्रथा पश्चिमीहरूमा पनि छ, तर हामीमा विशेष: — जुन अवस्थामा इनीहरू प्रशंसा गर्दछन्, हामी त्यसमा श्रद्धा गर्दछौं : — उनले श्रद्धा गरुन्जेल हामी त्यसलाई पूजा गर्दछौं। पहिले भारतमा रेलगाडी आउँदा भारतनिवासीहरूले 'इन्जिनदेवता' भनेर

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

पूजा गरेका थिए। हामीलाई हाम्रा ऋषिहरूले अग्नि सूर्य चन्द्रहरूलाई मात्र होइन, वृक्ष फल फूल पात पत्थर पानी पशु कुकुरलाई पनि पूजा गर्न सिकाए — रौं रौंमा ईश्वरको अस्तित्व संझन लाए। किंकर्तव्यविमूढ भएर उम्लिरहेको लोकलाई प्रथम त्यही औषधिले थामपुर पारेकोले विश्वास गरी लोकहितनिमित्त सर्वौषधि आफ्नो सिद्धान्त छोडेर उनीहरू गए।

त्यही वातावरणमा वामन जन्मे, परशुराम जन्मे, राम जन्मे, कृष्ण जन्मे। उनीहरू स्वभावैले परमयोगी थिए। भारतले खोजेको भाव राम र कृष्णमा पायो। नियमित आकस्मिकताले श्रीकृष्णलाई आदर्श पुरुष योगेश्वरको रूपमा भारतभूमिमा उत्पन्न गरायो। कुनै मानिस कृष्णले जस्तो निष्काम कर्म सफलतापूर्वक गर्न सक्तछ भने त्यो मानिस होइन देवता हो। कामक्रोधादिदेखि जो माथि छ, जसलाई समाधिविना नै दुःख सुखले छुन सक्तैन, जसको न कोही मित्र छ न कोही शत्रु, जसमा समभाव छ परन्तु जो फेरि बुद्धिबलले भेटेसम्म सर्वजनहितार्थ कर्म गर्दछ जो विश्वप्रेम-मूर्ति छ त्यो मानिस मानिस होइन देवता हो। कृष्णलाई देखेर भारतवासीमा अतिश्रद्धा जागृत भयो, उनीहरूलाई (जस्तो आजकाल भन्दछन्) भाव चढ्यो। कृष्ण तथा रामलाई हामी पूजा गर्न लाग्यौं, उनका जीवनी भागवत र रामायणलाई हामी पूजा गर्न लाग्यौं, अपौरुषेय भनेर वेदको पुस्तकलाई हामी पूजा गर्न लाग्यौं। कोही कालिदासको मेघदूत आलोचना-सहित अध्ययन गर्दछ र कोही त्यस मेघदूतको पुस्तकलाई

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

भक्तिले पूजा गर्दछ भने – मेघदूत त्यस पूजकको सर्वस्व लिन्छ, त्यस आलोचकलाई सर्वस्व दिन्छ। हामीले प्राचीन पत्थरका मूर्तिको हिफाजत र समालोचना गर्दै रोडिन जस्ता कलाकारलाई जन्म दिन सकेनौं, उत्तम मूर्तिलाई सिन्दूर चन्दन मह इत्यादि पोतेर बिगार्दै त्यो विग्रेकोलाई झन् झन् बिगार्दै श्रद्धा र भावनाले पूजा गर्न लाग्यौं। काठमाडौं हनुमान्-ढोका दरबारभित्र कालीयदमनको त्यस्तो मनोहर मूर्तिको दुर्दशा हाम्रो आँखा अगिल्तिर छ — कृष्णजीको जम्मै मुख पेडा र महले खुआइएर होइन खाएर नासेको छ। त्यस्तो देख्ता हाम्रो भावनालाई पो त्यसरी पूजा गरिदिनुपर्ने जस्तो लाग्दछ ; पूजाले उस्तो खती नभएको सर्वसुन्दर मूर्तिमध्ये एक नारायणहिटीको गरुड-मूर्तिमा हामी पूर्वीय कला फुलेको देख्न पाउँछौं, परन्तु त्यसमा सुन्निएको मासुलाई ढाकेर टन्केको छाला मात्र दृष्टिगोचर हुन्छ, भित्र हाड नसपेशी नसाहरू भएको लक्षणै छैन। त्यहींको हनुमान्-मूर्ति देख्ता अझ हामी पत्ता पाउंछौं केवल भावनाले शालिग्राममा लक्ष्मीनारायणको मूर्ति देख्ने — साधारण ढुङ्गा-को कतै उठेको बान्कीमा गणेशजीको सूँड देख्ने आध्यात्मिक नेपाली भक्त कलाकारहरूमा माइकेल एन्जेलोको सूक्ष्म छिनु कुन भौतिक विचार र कलाभिरुचिको आश्रयमा धेरै दिन चल्न सक्तथ्यो ! गरुडजीलाई हात जोड़ाउनेबित्तिकै भक्ति-भावना जुटिहाल्यो भन्ने संझेर नेपाली तथा भारतीय कला-कारहरू मूर्ति र चित्रमा समेत वास्तविकता ल्याउनपट्टि घुसेनन्। पाटनको कृष्णमन्दिर धूपको धूवाँले रङ्गिएको देखेर

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

नेपाली माइकेल एन्जेलो–फूलका कोपिलाहरू विकास नहुँदै टिपिएर पूजाका अक्षता चन्दनसित मुछिए भने आश्चर्य कुन ! त्यसैले भारतवर्षमा न इटलीका लिओनार्डो ड भिन्सी जन्मे, न चीनका लिओनार्डो ड भिन्सी – सु तुङ्गपोसम्म पनि। परन्तु हाम्रो विचारले त विश्वकर्मा र चित्रलेखालाई नजन्माए–को होइन !

अनि गौतम, कपिल, कणाद, याज्ञवल्क्य, वैशेषिक, पतञ्जलि, व्यास, वशिष्ठहरू जस्तालाई जन्म दिने भारतले पछि भल्टेयर, सुकरात, स्पेन्सर, अफलाँतू, अरस्तू, निशे, मिल, रूसो, मार्क्स, स्पिनोजा, बर्गसन, रसेलहरू जस्ता दार्शनिक जन्माएन; किन भने भारतवासी आलोचना र आत्मविश्वास छोडेर गुरुपूजा गर्न लाग्यो — गुरुको कविता–लाई पूजा गर्न लाग्यो — गुरुको कल्पनालाई भक्तिले पूजा गर्न लाग्यो — गुरुको भ्रमलाई अन्धभक्तिले पूजा गर्न लाग्यो। ठूला रूखको वरिपरि रहेका साना रूख टड्किन्छन्। कृष्णको जन्मभूमिमा ग्यालिलिओ, रदरफोर्ड, न्युटन, क्यावेन्डिश, फराडे, डार्विन, दागर, प्याब्लोफ, आइन्सटाइन, कुरी, एडिसन, टाम्सनहरू जन्मेनन्; किनभने मीरा गाउँछिन् — 'कृष्ण पाए पछि मलाई अरू कोही पनि चाँहिदैन'। यूनानका हिप्पोक्रेटसले मुक्तकण्ठले प्रशंसा गरिएको भारतीय औषध विज्ञानको उही समयमा देवालय बन्यो, त्यसभित्र हामी चरकमुनिलाई पूजा गर्न लाग्यौं — हामीले हार्वे, जेन्नर, पाश्चर, इहलिक, लिस्टर, क्रुक्स, कक, सिमलविज, सिम्प्सन, हन्टर, सिडेन्हाम, ल्युयन्हुक, र धाई नाइटिङ्गेल जस्तालाई

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

ठाडो हुन दिएनौं —फ्राड, याड्लर, टल्सटाइ, बर्नार्डशाका बीजलाई सहन सकेनौं, यस्ता अरू अनगिन्ती छन्: नियमित आकस्मिकताले भारतलाई भारत जस्तै बनायो।

'किन? ती महापुरुषहरू यही पृथ्वीका मनुष्य हुन्, ती हाम्रै दाज्यूभाइ हुन्' भनेर आजसम्म भारतवर्ष कराउनेछ, तर आफ्नो वैभव अवस्थामा हिजोसम्म भारतले उनीहरूलाई घृणा गरेको थियो, उनले टेकेको भूमिलाई अपवित्र संज्ञेको थियो; आज पश्चिमहरू आफ्नो वैभव वेलामा 'कलरबार' (रङ्गबाद) शब्दको उत्पत्ति गरी 'म्लेच्छ' शब्दको प्रतिशोध गरिरहेका छन्। हिजो जससित अमोघ अस्त्र थियो त्यो ठूलो, आज जससित परमाणुबम छ त्यो ठूलो, भोलि जससित फोटन-किरण छ त्यो ठूलो, पर्सि जससित इलेक्ट्रन-बम छ त्यो ठूलो, लौ, तर त्यो ठूलाको लक्ष्य कुन? — सुरत्व कि भस्मासुरत्व? साना मानिस ठूला मानिससित त्यहाँसम्म मेल चाहन्छ जहाँसम्म झन् ठूलो भएर त्यो ठूलोलाई अपेक्षाले सानो संज्ञदैन; साना सानाको वा ठूला ठूलाको त्यस वेलासम्म परस्पर मेल रहन्छ जहाँसम्म उनमा घटोबढो हुँदैन; — यी साना क्षुद्र नियमलाई नियमित आकस्मिकताले दूरदृष्टि र उदारहृदय थपी बदल्न सकेन! मिलाप वर्षा हुनुपर्ने माथिबाटै हो! वसुधाभक्ति देशभक्तिभन्दा त्यत्ति नै महान् छ जति देशभक्ति टोलभक्तिभन्दा उच्च छ। 'सुजलां सुफलांमलयज शीतलां, ... शुभ्र-ज्योत्स्ना-पुलकित-यामिनीं ..... सुखदां वरदां मातरम्।' यो भारतपुत्रले मात्र होइन, पृथ्वीपुत्रले एकै स्वरले गाउन सक्छन्, किनकि यो सर्वत्र

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

लागू छ। तर बिस्मात ! संयोगले एउटा शेक्सपियर नामक मानिस इङ्गल्याण्डमा जन्मन्छ र स्वदेशाभिमानले गाउँछ —

'रूपौला समुद्रमा जडिएको यो सुनौला टापू !'

अर्को मानिस संयोगले नेपालमा जन्मेर भट्ख्याउला —

'यो हीरा र पन्नाको मालाले सुशोभित पुण्यभूमि !'

के इङ्गल्याण्ड नेपालवासीको होइन ? के शेक्सपियरका कविता पशुवाक्य हुन् ? — किन त हामी शेक्सपियर सुनेर आनन्द मान्दछौं ? के नेपाल इङ्गल्याण्डवासीको होइन ? यो उनको स्वप्नसंसार हो , विपनामा देख्न नसकिने ? — किन त हिमालयको सौन्दर्य प्रत्यक्ष देखेर अङ्ग्रेजहरू मुग्ध हुन्छन् ? हो कुनै देश रोगपीडित छ भने त्यहाँ रोगीको सेवा नितान्त आवश्यक छ — मनुष्यमात्रले , अझ जो जति वर छ त्यसले सो देश रोगबाट नतङ्ग्रिन्जेल सेवामा किन हात नहालोस्, तर नियमित आकस्मिकताले कुनै स्थानसित कसैको जन्म र पालनपोषणादिले विशेष सम्बन्ध रहनेवित्तिकै त्यसद्वारा उसमा अन्यत्र प्रति दुर्भावना हुनु मनुष्यजातिको कलङ्क हो ! भारतनिवासीले एक थोक जान्यो, मिस्रवासीले अर्को थोक, के भो ! बहिनी भारतीमाताले जे सिकाइन् भारतपुत्रले त्यही गरे, दिदी मिस्रीमाताले जे सिकाइन् मिस्रपुत्रले त्यही गरे।

मिस्रमा पिरामिड किन बन्यो ? नाइलनेरको पर्वतशून्य मरुभूमिमा वालुवाको घर जति चुल्याए पनि नअडेको देखेर मनुष्यका अन्तर्ज्ञानले त्यस निर्माणमा आकर्षित भई हाम्फिएको परिश्रमबाट पिरामिड खडा भयो। त्यो बनाउन एक लाख कर्मीलाई वीस वर्ष लागेको अनुमान छ। उही समयमा

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

हिमालयको फेदीमा बसेर गगनचुम्बी शिखर ताक्तां ताक्तां भारतवासीको मस्तिष्कमा मनको पिरामिड समाधि व्यक्त भयो। त्यहाँपछि उता विशाल स्मारकहरू बन्न थाले; भारतले अरूलाई देखाउने बाहिरी स्मारक केही खडा गरेन किनभने उसित प्राकृतिक पिरामिड विशाल हिमाल नै थियो, उसको पिरामिड वेद नै भयो। उतातिर पनि आफ्ना मरेका प्रियको लाश नबाल्दा अज्ञात वस्तुलाई पुकार्दै मृतकको स्मृतिलाई स्वर्ग बनाउने प्रयास नगरेका होइनन्; तर उनीहरू विशेष बाहिरै खोज्दथे, हाम्रा विशेष भित्रै।

भारतमा ध्रुव जन्मे, जसले बालककालैमा तपस्या गरेर समाधि प्राप्त गरे। अनि प्रह्लाद जन्मे, जो जन्मसिद्ध स्वभावैले परमयोगी थिए। उता पहिले संसारप्रसिद्ध पत्थरको बुट्टे लठ्ठा खडा भएकै दिन हिरण्यकशिपुले पञ्जाबको मुलतानमा बनेको स्फटिकका खम्बा ढालेर त्यसमा ईश्वरको अस्तित्व स्वीकार गर्दै मरेको हुन के बेर! भारतवासीहरू अझै स्फटिक बहिर्गोल भएको पारदर्शक सूर्यकान्तमणिलाई सूर्य भनेर पूजा गर्दछन्, त्यो लंकामा र अरू ठाउँमा पनि पाइन्छ—

काबेर-विन्ध्य-यवन-चीन-नेपालभूमिषु (गरुडपुराण)।

त्यस्तै हिमालयको शिखरबाट झरेको गङ्गा नदीमा पाइने 'बाण' लाई 'शिव' भनेर, नेपालको गण्डकी नदीमा पाइने 'शालिग्राम'लाई 'विष्णु' भनेर, सुवर्ण नदीमा पाइने 'दुर्गा' लाई 'भगवती' भनेर, नर्मदानदीमा पाइने 'गणपति' लाई 'गणेश' भनेर भक्तहरू पुज्दछन्। कोही विष्णुको स्थान हुनाले नेपाललाई नै वैकुण्ठ भन्दछन्-स्वर्ग

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

भन्दछन् , तिब्बतलाई कैलास । त्यहाँबाट धेरैपछि प्राचीन मिस्रका पतनसमयमा रामराज्य भएको हो भने अहिले पैंतीस सय वर्ष भयो । त्यस वेलासम्ममा स्वायम्भु मनु, श्राद्धदेव मनु, अम्बरीष, इक्ष्वाकु, मान्धाता, त्रिशंकु, हरिश्चन्द्र, सगर, दिलीप, भगीरथ , रघु, अज, दशरथ आदि धेरै राजा र सम्राट्हरू नाम छोडेर मरिसकेका थिए । रामकै राज्यकालमा वाल्मीकिले रामायण रचेर कुश लवलाई मुखाग्र गराएका हुन् । योगेश्वर राजा रामलाई भारतले श्रद्धावश रमाउँदै पूजा गर्न लाग्यो — रामनाम गाढा साँग्रोको साथी बन्यो । कतिजनाको निति ‘ रामनाम ’ यो संसारको सट्टामा अर्को संसार छ । काही त एक रामनाम या कृष्णनामको अगाडि यो भुवनलाई तुच्छ मानेर लात्तीले पन्छाउँछन्,— उदाहरणमा मीराबाई; हिजो आज नेपालले आधुनिक मीरा मञ्जरीदेवीलाई पाएको छ ।

यस भारतभूमिमा सबभन्दा प्राचीन पाँच हजार वर्षभन्दा अगिका मूर्ति जो मोहेनजो–दडोहरूमा पाइन्छन् (त्यहाँका लिपि पढ्न सकिएको छैन तापनि) ती आर्यका कृति होइनन् सिंधनिवासी द्रविडजातिका हुन् जस्ता छन् , जुन जाति ऋग्वेदमा ‘ दस्यु ’ नामले प्रसिद्ध छन् । ती मूर्तिहरूमा समेत योगसाधन विद्यमान छन् । आर्यहरू मध्यएशियाबाट हिन्द (सिन्ध) मा पछि आएका हुन् भन्ने पाश्चात्य विद्वान्हरूको र हामी भारतमै पहिलेदेखि थियौं भन्ने भारतीय विद्वान्हरूको विचार छ । आर्यहरू भारतमै रहेछन् भने पनि उत्तरीय पर्वत प्रान्ततिरबाट पछि

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

ओर्ह्रेर उनले धनुर्बाणको बलले दस्युहरूलाई दक्षिण भारततिर निकालेका हुन् । देवासुरसंग्रामदेखि लिएर बालीबध र रामरावणयुद्धसम्म आर्य र दस्यु लडेको गन्ध पाइन्छ । आर्यहरूले पनि पछि सुन्दरबुट्टे मन्दिर र एकोहरा स्थूलकलाका मूर्तिहरू बनाएका छन् , तर ती पर्वतलाई काटेर चट्टान खोदेर बनाइएका हुन् , फेरि तिनमा यूनानको प्रशस्त प्रभाव देखिन्छ । एलोरा (वेरूल) गुफाका खंभा शिवपार्वतीको मूर्ति , रावणले कैलास उठाएको दृश्य , नृसिंहावतार ; अलिफंटा (धारापुरी) गुफाका त्रिमूर्ति , शिवतांडवनृत्य, शिवपार्वतीविवाह; यिनीहरू सबै बनेका अहिले बाह्र सय वर्ष जस्तो भयो । यी मूर्ति र मन्दिरहरू भौतिक कलाको उन्नति निमित्त होइन परमार्थ निमित्त आध्यात्मिक भाव प्रकट गर्ने एक साधन संझेर रचिएका हुन्— श्रद्धाले भक्तिले पूजा गर्न अनि रामनाम झैं संसारलाई र आफूलाई पनि बिर्सन निर्माण गरिएका हुन् । छुत्रो पछ्यौरा अगिलितर राखी दरिद्र अन्धाले एकतारमा हरिभजन गर्ने-बित्तिकै भक्तहरूबाट पैसा बर्सने श्रद्धावान् भक्तजातिका देशमा भक्तिको प्रचार भइन्जेल केवल भजनले पनि देहको निर्वाह हुन सक्तछ ।

तर यो संसारपथमा हामीले ओह्रालो भेट्यौं भने त्यसमा दुर्रिएर तल जाँदा रमाएर निश्चिन्त रहनुहुन्न, डर मान्नुपर्दछ, किनभने ठूलो ओह्रालो ठूलो उकालोको सूचक हो !

यही अवस्था भारतको भयो, सँधैं बाबुको बुइ चढेर हिंड्ने छोराको खुट्टा कुँजो भयो — आफ्नो समयको

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

ज्यादै उज्यालो विचारमा ज्यादै मधुरो विचारले आत्मसमर्पण गर्‍यो । ठूलो अन्तर पर्‍यो, त्यसैले खुँडाको चम्किलो धार देखेर कर्दले आफ्नोमा खिया पर्न दियो —। यहाँनेर खलिफ ओमरलाई संझिन्छ : मिश्रमाथि इस्लामको विजय भएपछि अलेक्जेन्ड्रियाको पुस्तकालयलाई के गरूँ भनेर अमरुले ओमरलाई सोधिपठाए, त्यस पत्रको उत्तरमा खलिफ ओमरले आज्ञा दिए, "ती यूनानी हस्तलिपि कुरानसित मिल्ने नै रहेछन् भने तिनलाई जतन गरिराख्नु व्यर्थ छ, यदि ती कुरानविरुद्ध छन् भने त्यस्ता सांघातिक लेखका नाश गर्नपर्दछ ।" यसरी सात लाख प्राचीन हस्तलिपि एक मूर्ख जङ्गलीको कुरान-माथिको अन्धश्रद्धाले जलाइदिया । यसरी नै हिन्दूहरूले कैयन् बौद्धग्रन्थको सत्यानाश गरे, नालन्दा विश्वविद्यालयका कङ्काल त्यसका साक्षी छ । यी सब नियमित आकस्मिकता हुन् — नियमैले नाश भएका हो, नियमैले त्या नाशद्वारा हानि भएका हो — त्या नाशले त्या हानि जो हुनुपर्ने भएको हो । अहिले भारत सब किसिमका अभाव अनुभव गरिरहेछ ।

विज्ञान जर्मनी अमेरिका इङ्गल्याण्ड इटली फ्रान्स वा रूसको वर जस्तो र हामी पूर्वीहरूका टाढा जस्तो किन ? किनभने हामीले वैज्ञानिक सामानहरूलाई टाढा राखेका छौँ । अणुवीक्षणयन्त्रमा आँखा गाडिरहन पाउनेले सूक्ष्म जगत्का धेरै देख्नु तथा दूरबीन ताकिरहन पाउनेले दूरजगत्मा विशेष कुरा देख्नु, फेरि एउटाले नयाँ कुरा देखेर लोकको ज्ञानदीपमा एक सूत थप्नेबित्तिकै प्रोत्साहन पाउँदा अरू पनि सुरिनु सामान्य डोरेटोका स्वाभाविक गति हुन् । हाम्रो देशका

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

फोनोग्राफ बनाउने नरबहादुर भारती, छिटो छिटो गोली चल्ने बन्दूक बनाउने जनरल गेहेन्द्र शमशेर, तीर्थप्रसाद, र वाष्परथ बनाउने – व्योमयान निर्माण गर्न वर्षौं परिश्रम गर्ने पण्डित अच्युतानन्दहरूलाई देख्ता विज्ञान हाम्रो टाढा त होइन बरु यति वर छ कि आँखाले आँखालाई जस्तो हामी देख्न सक्तैनौं भन्न मन लाग्दछ। विज्ञानको अभिरुचि नियमित आकस्मिकताले सृजना गर्दछ : इङ्गल्याण्डलाई पृथ्वीको त्यस ठाउँमा र भारतलाई यस ठाउँमा जुन नियमित आकस्मिकताले राख्यो उसैले आङ्ग्लभूमिलाई दरिद्र र भारतभूमिलाई धनी बनायो, उसैले इङ्गल्याण्डलाई जहाज बनाउन र भारतलाई सिन्धुपारी जानेको जात लिन सिकायो, उसैले भारतमा अङ्ग्रेजहरूको त्यति वर्षसम्म रजाइँ गरायो। जीवनको प्रत्येक कालमा जस्तै आचार्य वा एम. ए. परीक्षामा उत्तीर्ण हुनु नियमित आकस्मिकता हो, त्यस्तै अनुत्तीर्ण हुनु पनि। इतिहासको जाँचमा पन्ध्र संख्या नपुगी अनुत्तीर्ण हुनेले अष्टम हेन्रीको चरित्रचित्रणको प्रश्नमा झुक्किएर सप्तम हेन्रीको चरित्र विवरण गरी उत्तर दिएछ, किन कि गए रात जूवा खेल्दा अर्को तीया दाउले सातै ठाडा पारी सात तालसम्म मार्दा उ टक्टका भएकोले निद्रा–नपुग आँखाले उसले चौका हेन्रीलाई तीया हेन्री देख्यो – स्वभावतः।

बाहिरी खोज मात्रै होइन—

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

यो के भ
ब इ
स र
हे
छ,
म
य
हाँ
के
ग
रि
र
हे
छु

(१)

मानिस एक छिन अडेर यो आफैंसित सोध्न सक्तछ। उ जतिसुकै विचारोस्, मस्तिष्कमा आगलागी गरोस्, तालु पट्ट फोडेर त्यताबाट ज्वाला झिकोस्, तर केही लाग्दैन; उसबाट उसले जानेभन्दा बढी केही निक्लन सक्तैन, फेरि इन्द्रियद्वारा कमाएभन्दा विशेष उ केही जान्न सक्तैन। जससित चार पैसा छ त्यो भूइँमा त्यति पैसालाई एघार प्रकारले राख्न सक्तछ : एक पैसा; एक पैसा + एक पैसा; दुइ पैसा; एक पैसा + एक पैसा+एक पैसा; एक पैसा + दुइ पैसा; तीन पैसा; एक पैसा + एक पैसा + एक पैसा + एक पैसा; एक पैसा + एक पैसा + दुइ पैसा; एक पैसा + तीन पैसा; दुइ पैसा + दुइ

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

पैसा; चार पैसा । अझ विभिन्न आकारमा राख्न सक्तछ चार पैसा लहरै, चार सुरमा, दुइ पैसा ठाडो दुइ पैसा तेर्सो, इत्यादि इत्यादि परन्तु त्यो अर्को एक पैसा नपाए-सम्म पाँच पैसाले बन्ने आकार प्रकार बनाउन असमर्थ हुन्छ । एक बालकलाई 'बा' 'आमा' अनि पछि कखरा घोकाउन कति कष्ट पर्दछ ! उही बालकले प्रौढ भई वायुप्रमाण भाषण दिएकोमा त्यही कखरा तिनै 'बा' 'आमा' संयुक्त रहन्छन्:- जस्तो एक एक थोपा गरी भरेको गाग्रोबाट एकैचोटि खस्त्याएको पानीमा गाग्राले आर्जन गरेको तिनै जलबिन्दु-भन्दा बढी केही हुँदैन । हाँ, जानेको जत्तिभित्रबाट ऊ अनेकन् रचना गर्न सक्तछ । यस क्रमले कुनै लेखक आफैं मनन गर्न सक्तछ: मैले यो शब्द कताबाट संझें ? — यो वाक्य मैले कसरी लेखें, - यसले यसो भनेको सुनें, उसले यस्तो लेखेको देखें, मैले त्यसो नलेखेर यसो लेखें किनभने मैले यसो पनि सुनेको छु. तसर्थ मैले यस्तो ठानें । 'खकग' वा 'खगक' वा 'गखक' वा 'गकख' वा 'कगख' यी 'कखग' का नवीन रूप हुन् तापनि तिनमा 'कखग' भित्र नभएको नयाँ अक्षर कुनै छैन । मनुष्यमा नयाँ भावना बाहिरबाटै घुस्तछ, कुनै मनुष्य नवीन भावनाको कारण बन्न सक्तैन । यो सब स्वयं अनुभव गरेर मनुष्य भन्न सक्तछ —

"मेरो धारणा नियमित आकस्मिकता हो,"

"मेरो शक्ति नियमित आकस्मिकता हो!"

हाम्रो मस्तिष्क - तैल - समुद्रमा वाह्यप्रभाव टाँसिएका परमाणुहरूको ज्वारभाटा चलिरहन्छ, — हामीलाई कसैसित

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

नियमपूर्वक केहीद्वारा केही र त्यसद्वारा फेरि केही न केही नसंझी सुख छैन। वायुले जसको एककणलाई धक्का दिन्छ त्यस कणले अर्कोलाई, फेरि अर्कोले अर्कोलाई धकल्याउँदै जान्छन् जस्तो कृष्णमानलाई देख्नासाथ त्यस स्मृतिकणले उनको सहपाठी गङ्गानाथलाई, फेरि त्यसले 'उनको हेर्न लगेको पुस्तक ल्याइदिनुपर्ने' स्मृतिलाई उठाइदिन्छ;— हामीलाई जुन कुरा अकस्मात् संझे जस्तो लाग्दछ त्यो हामी क्रमानुगत नियमपूर्वक संझन्छौं। मस्तिष्कको एक मात्रा बलेको अवस्थामा त्यही कुरा सपना, दुइ मात्रा बलेको अवस्थामा त्यही तरङ्ग, तीन मात्रा बल्दा त्यही कल्पना। 'टाइपराइटर' ले कागतमा अक्षर ठोके जस्तै ज्ञानतन्तु गिदीमा स्मृति अङ्कित गर्दै जान्छन्, बाहिरबाट ज्ञान उपार्जन गर्ने इन्द्रियहरूका रक्तकण मसी बन्दछन्। कति अक्षर खप्टिन्छन्, कति मसी नपुगेर लाग्न सक्तैनन्, कति सुस्पष्ट भएर अडिरहन्छन्। यसरी नमरून्जेल सेरिब्रमका पृष्ठ पृष्ठमा अक्षरपङ्क्ति थपिंदै जान्छन्। ती इन्द्रियको मुहानबाट छिरी भित्र जम्मा भएको ज्ञान-पोखरीमा विचार-माछा निरवच्छिन्न डुलिरहन्छ, अथवा अन्तश्चक्षु वा मन वा मस्तिष्कमा भ्रमण गरिरहन्छ।

कसैले यति सस्तो जीवन पाएका छन् कि सामुद्रिक विद्याले जूवा खेली धन कमाउँछन् या झुत्रो भएर अझ झुत्राको चारहरण गर्दछन्। कोही स्वप्नविचारको शुभअशुभ फल बताउने पुस्तक बनाई निर्धा मन-थैलीको डोरी खुकुलो पारिदिन्छन्। यी मनुष्यशक्तिका दुरुपयोग हुन्। नौ वर्षकी

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

रम्भाले अरबी घोडा बेच्न ल्याएको सपनालाई कुनै इष्ट वा अनिष्ट घटनाको पूर्व सूचना असाधारण ईश्वरीय कृपाले मैले पाएको हुँ, म देवप्रिय हुँ भन्ने वृथाभिमान छोडेर देवदत्त संझून्, अझ संझून्— कदाचित् अस्ति आफ्ना मामा शिव-शर्माकी सानी छोरी रम्भालाई विषमज्वर आयो भनेर सुनेको लामो कुराबाट ' रम्भा 'को तसवीर उत्र्यो , हिजो सुत्ने वेलामा नेपोलियनको युद्धविषयक लेख पढ्दा वीरमहिला जोन-अफ-आर्कलाई कताकताबाट संझेकोबाट 'रम्भासित अरबी घोडा 'को चित्र खडा भयो, अनि दुइदिनअगाडि तेल किन्दा मोल चर्को भएकोबाट 'बेच्न ल्याएको', भाव-समेत गाभिएर 'रम्भाले अरबी घोडा बेच्न ल्याएको दृश्य सपनाले बोल्ने चलचित्र देखाएको हो ।

विपनामै पनि धोबीखोलामा कुनै मरेको कुकुरको मासु गिद्धले लुछिरहेको देख्ता देवदत्तले आफ्नै खैरे कुकुर मरेको र त्यसको मासु आफुले खाएको त्यसै संझे — 'छि: छि: नसंझूँ !' भनेर काँप्दै झर्कंदै उनले त्यो संझना पन्छाउने कति प्रयत्न गरे, तैपनि किन किन संझीरहे, संझीरहे—आफ्नो प्रियवर कुकुरको मासु आफैले टोकेका ! देवदत्तले भूइँमा थुके, त्यसले पनि संझना पुछिएन ; उनले आँसू झिके, त्यसले पनि संझना मेटिएन, खैरे मरेको छैन , देवदत्तलाई उसको अत्यन्त माया छ, उसैको मासु खाने विचार रतिभर छैन— छँदै छैन; फेरि उनको मनमा त्यो तरङ्ग किन उठ्यो ? यस्ता हजारौं छाल हाम्रो मनको किनारमा पोखिन आउँछन्, पुनः सोहोरिएर जान्छन्, त्यसको लेखा गरेर साध्य छैन । कसैको

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

आँखा त्यसमा क्षणभर पन्यो भने दुइचारचोटि तरङ्ग त्यस दर्शकको नानामा हाँस्तै नाच्न पुग्दछ, कसैले हेरेन भने पनि जलकल्लोल आफ्नो भावभङ्ग छोड्दैन — नसुकुन्जेल उ उमठिंदै बटारिंदै रहन्छ, बादलले ढाकेको अँधेरीरातमा समेत उ अन्धप्रेमीको अगिल्तिर रुँदै नाचिरहन्छ । सपनाको फुर्सतमा देवदत्तको मनको आँखा त्यस्ता तरङ्गमाथि विशेष जम्दछ, निद्रामा अझ कपाल पनि दुखिरहेको होस्, अनि उनी अद्भुत सपना देख्तछन्ः शूर्पणखाको शिर, सीताको आँखा हनुमान्‌को च्यूँडो, रावणको बोकेदाह्री, वाल्मीकिको जटा, अङ्गदको कान, लक्ष्मणले त्यही शिर काटी विभीषणको टाउकोमाथि मुकुट झिकेर गाँसिदिएको । गाउँ खाने कथा जस्तो यो के? हिजो मध्यरातसम्म देवदत्त रामायण हेरिरहेका थिए, लक्ष्मणले शूर्पणखाको नाक काटेकै ठाउँमा उनलाई निद्रा परेको थियो। बिउँझेपछि देवदत्त सपनाका तरङ्गबाट उत्रन्छन्, केही गरी उत्रन सकेनन्, उनको चित्तविभ्रम पनि रहिरह्यो भने, अरू उनलाई औंल्याएर भन्दछन् — उः देवदत्त बौलायो!

साधारण मानिस वास्तविक विचारको नाउ चढी तरङ्गको टाउकोमा रिंगेली खेल्दै, एक किनारबाट अर्को किनारमा वारपार गर्दै अन्य मनुष्यसित व्यवहार मिलाउन सक्तछ। सहस्रौं तरङ्गका नमूना ल्याएर सबभन्दा राम्रो चाोह रोज्न सक्ने शक्ति नै विचारशक्ति हो — मुख्यतः विचारशक्ति नै मूल मनुष्यशक्ति हो । परन्तु जुन तरङ्गले मानिसलाई बेहोर डुबाउंछ उही तरङ्गले डुबेकोलाई उतारेर पार लगाई-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

जलतरङ्गको बान्की त्यस्तै बन्दछ जस्तो वायुमण्डल पृथ्वीको अवयव र जलको स्वभावले उसलाई बनाउँछन, मनतरङ्ग उस्तै बन्दछ जस्तो वातावरण परिस्थिति र स्वप्रकृतिले उसलाई बनाउंछन्। बहनु तरङ्ग हो, पौडनु कल्पना। तर कोही पनि आफूभन्दा अग्लो हुन सक्तैन,न होचो हुन सक्तछ। कुनै अपठित व्यक्तिबाट अकस्मात पं. सोमनाथको 'आदर्श राघव निस्कनु असम्भव। कालिदासले 'हेमलेट' लेख्नु असम्भव थियो, शेक्सपियरले 'शकुन्तला' लेख्नु असम्भव।

अतः वैज्ञानिक आविष्कार सब नियमित आकस्मिकता, सब दर्शन नियमित आकस्मिकता, सब काव्य नियमित आकस्मिकता सब कला नियमित आकस्मिकता; इतिहास त अझ नियमित आकस्मिकताको सबभन्दा राम्रो उदाहरण हो, किनभने इतिहास कहिल्यै पूर्ण हुँदैन-जुनसुकै इतिहास नियमित आकस्मिकताको एकांश इतिहास हो। इतिहास के भन्दछ?–

अभिमानी मनुष्यहरूले आफआफ्नो इच्छाको डन्डीमा मनमोजको झण्डा सिउरेर फरफराउँदै त्यसलाई पृथ्वीको सर्वोच्च स्थानमा बलियोसित गाडेर आफू मरिसकेपछि पनि अहंकारलाई उसैको सेरोफेरोमा अल्झाई सधैंभरी बचाउन खोजे, परन्तु कत्रा कत्रा साम्राज्य एक रातमा जमेको ठाँटो भोलिपल्ट सूर्योदय हुनासाथ चर्कौं चर्की विलापतुल्य नाश भएर गए, कस्ता कस्ता नगर र प्रासादहरू पानीका फोका जस्तै फुटेर गए। सुनको लङ्का पग्लेर कहाँ गयो? त्यो हस्तिनापुर खोइ? दिल्लीका मुगल सम्राट्का दरबारहरूमा बिल्लीहरू आँखा बालेर पहरा दिइरहेका छन्। ट्राय नगरका प्राय-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

मको राजभवन धूलोमा मिलिसक्यो। युधिष्ठिरको राज्यसमयमा वेदव्यासले महाभारत लेखेका हुन्। शाकल ऋषिले संग्रह गरेको ऋग्वेद, अथर्वा ऋषिले संग्रह गरेको अथर्ववेद, कण्व, माध्यन्दिन वाजसनेइ ऋषिहरूले संग्रह गरेको शुक्ल यजुः इत्यादि वेदलाई राम्रोसित विभाजित गरेकाले उनको नाम वेदव्यास रहेको हो। वेदान्तसूत्रका निर्माता पनि उनै हुन्। यता महाभारतयुद्ध मच्चिएकै समयमा ट्रायको पतन भएको हुनु सम्भव छ। द्रौपदी जस्तै हेलेन नै त्यो संग्रामको बीज बनिन्। यता भीष्मपितामह शरशय्यामा पल्टेकै दिनमा अकिलिजले हेक्टरलाई रथमा बाँधेर लछार्दै शहर घुमाएको हुनु सम्भव छ, किनभने पृथ्वी सबै ठाउँमा एकैचोटि सेलाइन्, प्रथम जीव उनको गर्भबाट जम्ल्याहा जस्तै भएर सबैतिर जन्मेका हुन् भने प्रथम मनुष्यहरू पनि जम्ल्याहा जस्तै जताततै एकै तरहले विकास भएका होलान्,—एकैचोटि रोपेको बिरुवाका पातहरूको संघर्ष एकैचोटि भएमा आश्चर्य कुन! ती संग्राममा मर्नेहरू अहिले कहाँ छन्, बाँच्नेहरू कहाँ छन्? सिसेरोको शब्द गुँज्ने रोमको फोरममा, उहींकै कलोसियममा जहाँ सिजारहरूको तालीसितै ताली बजाउँदै पचास हजार दर्शक जिउँदै क्रिश्चियनहरूको मासु सिंहले लुछेको जमजमाएर हेर्दथे आज झारहरू उम्रिरहेका छन्, त्यहाँ अकेला यात्री आफ्नै पैतला बजेको प्रतिध्वनि मात्र सुन्न पाउँछ। अनि —

सुसा, बेबिलोन, कोरिन्थ, कार्थेज, अयोध्या, एथेन्स, सुमेरिया, थिबेस, द्वारका, मेम्फिस, हस्तिनापुर, जरुसलम, पम्पी, ललितपत्तन, डेल्फी, उज्जयन, जनकपुर, बगदाद, पाटलीपुत्र, यस्ता नगरका नागरिकहरूले त्यस बेला आफ्नो

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

नगरलाई अमरावती र आफूलाई अमर संझेका होलान्। कुनै दिन जनकपुरनिवासीले राजा जनकको सभामा याज्ञवल्क्य र गार्गीको वादविवाद सुनेर आफूलाई संसारका सर्वश्रेष्ठ तत्त्वदर्शी संझी कृतकृत्य भएका होलान्!— आज त्यहाँका बासिन्दाले आफूलाई सबभन्दा अशिक्षित जाति संझेका छन्। कुनै दिन एथेन्सनिवासी कस्ता थिए— उनीहरूको रथदौडमा पहिला हुनेले सूर्यदेवको माला शिरमा लाउँदा आफूलाई कति धन्य संझेको हुँदो हो, तिनीहरू आज पर्दाको कति पछिल्तिर परेका छन्! फिलिपाइडस जस्तो दगुर्न सक्ने संसारमा को थियो! त्यही एथेन्सलाई लओनिडस जस्ता वीरले पनि बचाउन सकेनन्, यूनानले पर्सियासित हाऱ्यो। पछि थेमेस्टोक्लसको विचारअनुसार जहाजहरू बढाई जलयुद्धमा यूनानले पर्सियालाई फेरि जित्यो! फेरि उनै थेमेस्टोक्लस देशनिकाला भएर पर्सियनसित मिल्न पुगे। अनि पेरिक्लस यूनानको सुवर्णयुगमा सर्वेसर्वा भए। मिस्र र फोनिसियाबाट पहिले प्रभावित भए तापनि पछि प्रत्येक विभागमा यूनानले उन्नति गऱ्यो, जुन आज संसारमा यत्रतत्र फैलिएको छ। साहित्य, दर्शन, नाट्यकला, भास्करकला, चित्रकला, विज्ञान, गृहनिर्माणकला इत्यादि सबै कुरामा जगत् यूनानको ऋणी छ; त्यही यूनान भने आफ्नो प्राचीन गौरवसित प्राचीन समयको अँध्यारोमा लुप्तप्रायः भइसक्यो। यूनानकै होमरको इलियड् र अस्काइलस र सफोक्लसका नाटकहरू आफू जता जता गयो उतै काखी च्यापेर लैजाने मेसिडोनका राजा सिकन्दर आजम पनि

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

आफूलाई यूनानी संझेर गौरव मान्दथे । उनी आफ्नो समयका सर्वश्रेष्ठ घोडचढी थिए, वीर थिए, तीस हजार थिबेसनिवासीलाई कमारा बनाएर बेचिदिए । पछि तैमुरलङ्ले एशियामाइनर र सरदीशको पारे जस्तै सिकन्दरले टायरको ध्वस्त पारे । सम्राट् बन्ने उनको प्रगाढ इच्छा थियो, अफ्ना गुरु अरस्तूले बताएअनुसार यो पृथ्वी इन्दसले परिवेष्ठित छ भन्ने उनलाई लागेको थियो, तर लडाइँ खेल्दै जाँदा उनले थाहा पाए इन्दसपारी पनि पृथ्वी रहेछ । अनि —

भारतले थाहा पायो हामी पनि हार्न सक्ता रहेछौं । जुन भारतवर्षका त्यति पुराना वेद, उपनिषद्, योगादि दर्शनशास्त्र तन्त्र, गणितज्योतिषशास्त्र, वैद्यशास्त्र, अर्थशास्त्र, साहित्यहरू उनका त्रुटि र दौर्बल्यसहित लोकको अगिल्तिर देखापरी अझै पनि हामीलाई प्राचीन गौरवको पुष्पवर्षामा डुबाइदिंदा छन् । जुन आर्यावर्त्तमा रामचन्द्र जस्ता राजा, कृष्ण जस्ता परमपुरुष, व्यास जस्ता प्रतिभाशाली मुनि, चरक जस्ता वैज्ञानिक, कपिल जस्ता दार्शनिक, बुद्ध जस्ता महात्माहरू स्वतन्त्र विचार गर्दथे; जहाँ आत्मविश्वास थियो, आत्मसम्मान थियो । पन्ध्र सय वर्षअगाडि आर्यभट्टले पृथ्वी घुम्दछिन् भन्ने सिद्धान्त प्रकट गरेका थिए. ब्रह्मगुप्तले न्युटनभन्दा सहस्रवर्षअगाडि पृथ्वीको आकर्षण शक्ति छ भन्ने विचारेका थिए, परन्तु ती विचार विज्ञानमा जसरी परिणत हुनुपर्दथ्यो त्यसरी भएन, भारतीय विद्यालय न्युटनलाई जान्दछन्, उनीहरूलाई चिन्दैनन् । आज राजनैतिक स्वातन्त्र्य प्राप्त गरिसके तापनि भारतको छातीमा पाश्चात्य संस्कृतिले

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

कसरी कुल्चिरहेको छ ! — आज भारतवर्ष आफ्न सांस्कृतिक मौलिकतामा ड्टेर खान जान्दैन, लाउन जान्दैन, हिंड्न जान्दैन, डुल्न जान्दैन, बोल्न जान्दैन, लेख्न जान्दैन, पढ्न जान्दैन, सज्न जान्दैन, बनाउन जान्दैन, खेल्न जान्दैन, लड्न जान्दैन, गाउन जान्दैन, नाच्न जान्दैन, चहाड़ पर्व मनाउन जान्दैन, दान गर्न जान्दैन, प्रेम गर्न जान्दैन, ओषधि गर्न जान्दैन, बाँच्न जान्दैन, मर्न पनि जान्दैन। कोही भारतीय आफूलाई सयकडा सय यूरोपीय बनाउनामा तत्पर छन्, कोही आफूलाई हजारौं वर्षअगाड़िका पितृसित मिलाउनामा व्यग्र छन्। भारतको मौलिकतामा ढुँसी परिरहेको छ ! — उसको कोपिलाएको आत्मालाई क्षयरोगी मूठीले समातेर फुल्न नदिई टङ्ग्याइराखेको छ ! अनि—

आज पच्चीस सय वर्ष भयो चाल्डियन साम्राज्यको राजधानी बाबुलमा द्वितीय नेबुचद्नजरको दबदबा फैलिएकै वेला नेपालको अन्तर्गत एक राज्य कपिलवस्तुमा गौतम बुद्ध सर्वजनहिताय राज्यत्याग गरी सत्यको खोजीमा हिंडेका हुन्। त्यसै वेलातिर डेरियसले उभ्याएका पर्सियन साम्राज्यलाई पछि सिकन्दरले ढालेका हुन्। फेरि यो तेइस सय वर्ष-अगाडिको कुरा हो, हिन्दुस्थानमा बाहिरबाट हुने आक्रमण रोक्न सक्ने मानिस खोज्दा खोज्दै कौटिल्य अर्थशास्त्री चाणक्यले एक नाटकमा राजाको अभिनय गर्न लागेका चन्द्रगुप्तलाई भने जस्तो फेला पारेर आफ्नो धर्मपुत्र बनाई तक्षशिला विद्यालयमा भर्ना गरे। शस्त्र र शास्त्रमा निपुण भएपछि चन्द्रगुप्त राजा बनाइए। उनको सिकन्दर आजमसित युद्ध

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

पऱ्यो। सिकन्दर लड्दै थिए बेबिलोनमा मरे (२७५ वि. पू.)। अन्त्यमा सिकन्दरको मृत्युपछि पुरुको सहायता लिएर सम्रा् चन्द्रगुप्त मौर्यले यूनानको पञ्जाबाट भारतलाई छुटाए। चन्द्रगुप्तका नाती बिन्दुसारका छोरा सम्राट् अशोकलाई (२०० वि. पू.) कलिङ्गसितको युद्धमा विजय मिले तापनि त्यसमा मरेका लाखजनाका अङ्गभङ्ग भएर रगत र माटामा मुछिएका शव देख्ता उनको हृदय दयार्द्र भयो, अहिंसाप्रति श्रद्धा जाग्यो; उनी आफू पनि बौद्ध भए, आफ्नो शक्तिले भेटेसम्म सबैमा बुद्धधर्मको प्रचार गरे। उनका विशाल साम्राज्यमा हाम्रा कपिलवस्तु र ललितपत्तन पनि गाभिएका थिए। ललितपत्तन अथवा मञ्जुपट्टन अथवा पाटन अशोकले बाईससय वर्षअगाडि बसालेको नगर हो भन्ने कसैको भनाइ छ, तर हाम्रा ऐतिहासिक खरिदार बाबुराम आचार्यको मतमा 'सम्राट् अशोक नेपालमा लुम्बिनीसम्म मात्र आएका हुन्, यस खाल्डाभित्र पाटनसम्म उनी आएको प्रमाण छैन'। नेपालका दुइ स्थान— राजा शुद्धोदनको राज्य कपिलवस्तुको रुम्मिनदेई (लुम्बिनी) बुद्धको जन्मस्थलमा र निग्लीहवामा अनि चंपारन—दिल्ली—प्रयाग – मुजफ्फरपुर—सारनाथ—कोशाम्बी – साँची–काशी–पटना आदिमा उनले स्तंभहरू खडा गरेका हुन्। अशोक संसारका सर्वश्रेष्ठ शासक संझिएका छन्। त्यस मौर्यवंशको पनि अन्त भयो। अनि—

त्यहाँ पछि रोमले यूनानकै देखासिकी गरेर सब विषयमा विशेष उन्नति गऱ्यो। अर्का महावीर हन्निबाललाई हराएपछि रोम सर्वोपरि भयो। रोमन आफ्ना यूनाना कमाराइरूसित

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

यूनानी भाषा चित्रकला गृहनिर्माणकलाहरू सिक्थे। रोमलाई कार्थेजले जितेको भए संसारको इतिहास अर्कै हुन्थ्यो, रोमले कार्थेजलाई जित्नु (विक्रम संवत पूर्व ८९) आकस्मिकता हो। तर नियमित, किनभने रोमन सेनाहरूसित दुइ किसिमका हतियार हुन्थे: ढाढालाई भाला वरलाई छुरी, मुख्यतः रोमनसेना सब आफूखुशी र समानअधिकारवाला भएकाले त्यसमा भर्ना हुन जो पनि उत्साहपूर्वक आउँथे। फेरि जुलियस सिजार आए जसले रोमको ठूलो साम्राज्य ढाले। सिकन्दर आजमको चिहानमा गएर उनले यश अभिमान र बडप्पनलाई धिक्कारेका हुन्। उनले आठसय शहर जिते। दशलाख नरहत्याका कारण उनै बने। यसै वेलातिर विक्रमीय संवत् चलेको हो। अन्त्यमा उनलाई उनका मित्रहरूले मारे, किनभने उनको वैभव उनीहरूले देखी सहन सकेनन्। यही समयतिर एक यहूदी ईसामसीह जन्मेका हुन्। (वि. सं. ५७) बुद्ध जस्तै उनी पनि अहिंसा-धर्मका प्रवर्तक बने। मिथ्री पनि कोही एकनास चाटिरहन सर्वथा असमर्थ हुन्छ, आदिसमयका शिकारी लतले संग्राममा अनुरक्त भएको जातिसमेत कुनै वेला थाक्तछ र रक्तसित सबभन्दा विरक्त भएको योगीको कुरा सुन्न थाल्दछ। दुःखी करिंयाहरूले क्राइस्टको कुरा सुने—माने। रणभक्त निष्ठुर यहूदीहरूले टाइबेरियस बादशाहको समयमा एउटा गाडेको थाममा अर्को दलिन तेर्स्याएर कट्टु पारी मानवजातिका परममित्र ईसालाई हातखुट्टामा कीला ठोकेर त्यही कट्टुथाममा टाँगी मारे (वि. सं ८७)। उनलाई उनीहरूले उही नियमित आकस्मिकताले मारेका हुन् जुन आफ्ना स्वार्थनिमित्त बाम-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

को छालो टाँग्दा शिकारीहरू पालना गर्दछन् । किनभने आत्म तृप्तिको निंति मार्न मन लागेको मानिसलाई कतिले मूर्तिपूजक हीदन भने, कतिले गोघाती आततायी भने, कतिले इन्फिडल र काफर भने ! आततायीको हिंसा स्वर्ग जाने विमान हो अथवा काफरको बध जन्नतको सींढी हो भनेर कतिले लय हाली हाली गीत गाए ! अनि—

क्यालिग्युला र क्लडियसपछिको मैलो छालमा सम्राट् निरो उत्रे (वि. सं. १११)। उनी अत्याचारका प्रतिमा र निष्ठुरताका प्रतिभा थिए। उनले आफ्नी जननीलाई मराए, स्वास्नीलाई कोखामा लात हानेर मारे। जुन नियमित आकस्मिकताले निरोलाई त्यस्तो बनायो उसैले ज्वालामुखी पर्वत विसुवियसलाई निष्ठुर तुल्याये,–निरोले नारी पंपियाका नाश गरे, विसुवियसले नगरी पम्पीको विनाश । अन्त्यमा निरो आत्महत्या गरेर मरे । भारतमा कनिष्कको राज्यविस्तार समयमा (वि. सं. २००) रोमन साम्राज्यका नेता मार्कस एरिलियस जस्ता दार्शनिक सम्राट हुन आए । उनी रामका राम हुन्, 'मेडिटेसन्स' उनको रामगीता हो । ती धर्मात्मा सदाचारी थिए, आफ्नी रानीको भने उनले आखिर सीताको दुर्दशा गराए । उग्रसेनबाट कंस जस्ता मार्कस एरिलियसका पुत्र कमोड्स निस्के, जसले आफ्नै हातले सय-ओटा सिंह मारेका थिए: नयनयुगलको आनन्दको निंति मानिसको ढाड काट्ता त्यो टुक्रेर पृथ्वीमा ढलेको दृश्य उनी स्वाद माना मानी खानेकुरा चपाउँदै मदिरा पिउँदै हेर्दथे ।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

निरो र मार्कस परिलिपस अग्निका दुइ स्फुलिङ्ग हुन् — एउटाले रोम नगर जल्दा रुनै नगरवासीको दुःखमा चैन लिया, अर्कोले 'मेडिटेसन्स' लेखेर कठाङ्ग्रिएका हृदयलाई त्यानो पानैमा शान्त लिया, कमाडस तेस्रो फिलुङ्गो हो जो खान जान्दछ सन्तोष मान्न जान्दैन। निर्मल आकाशमा पट्ट देखिएका बादल, चटकीले टोपीबाट झिकेका हाँसको फुल, र नीरोका अत्याचार समय समयमा स्टेशनमा आइपुगेका रेलगाडी हुन्। कुनै विषय देखेर आश्चर्य मान्नु आँखा छलिएको स्वीकार नगर्नु हो, एउटा सूक्ष्म धूलो देखेर पनि आश्चर्य नमान्नु घमण्ड हो। अनि —

हेड्रियनका पालामा रोमन साम्राज्यको फैलावट हदमा पुगेको थियो, सय वर्ष जतिको संग्रामले त्यसमा क्षय हुन थाल्यो। पर्सियामा मनि पनि क्राइस्ट जस्तै टांगेर मारिए (वि. सं.३००)। यता बुद्ध आए उता ईसा, यता अहिंसाप्रचारक अशोक उता उस्तै कन्सट्यान्टिन। अलारिकले रोमलाई कब्जा गरे। रोमका जुलियस सिजार र भारतका प्रथम चन्द्रगुप्त बिक्रमादित्य समकालीन थिए। उनै विक्रमादित्य नेपालमा आई लिच्छबि (तिरहुत) की कन्या नेपाल राज-कुमारी कुमारीदेवीसंग विवाह गरी विक्रम य संवत् चलाएर गएका हुन्। उनकै समयमा एक शब्द 'कालिदास' फोका जस्तै आयो गयो। तीन जना विक्रमादित्य भएकाले, नेपालमा आउनेचाहिं कुन हुन्, संवत् चलाउने कुन, कालिदासका समकालीन कुन, सबको समय निर्णय गर्दा इतिहासकारहरू बाझदछन्। परन्तु ती सबैलाई एउटै भाँडामा मिसाई गुप्तसाम्राज्यसलाई काल

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

जवह्निले एक फूकमा सुकाइदियो, साथसाथै रोमनसाम्राज्य-लाई पनि। हामी 'नाम त रह्यो' भन्दछौं, त्यो कति सम्मन्!-के जतिसुकै लामो र वज्रनिर्घोष पनि बन्द हुनेबित्तिकै शून्यमा मिल्दैन?- समयको नापो कहाँ छ?- एक घडीभित्रमा मिस्रको उदय र अस्त, अर्को एक घडीमा भारतको उदय र अस्त, अर्कोमा यूनानको उदय र अस्त, अर्कोमा रोमको उदय र अस्त, अर्कोमा पर्सियाका उदय र अस्त! एक एक पत्रसित एक एक साम्राज्य गिर्दछन्!- अहिले यो खुला दुइ पृष्ठ कति टाढा छन्, एक पत्रले अर्को पत्रलाई देख्तैन, दुइको बीचमा अनन्त आकाशका अनगिन्ती तारका छन्; फेरि जब यो पत्र पल्टाइन्छ अनि एकै निमेषमा यी दुवै पृष्ठ एक जीउ हुन्छन्-देशको नापो कहाँ छ! अनि-

भारतवर्षमा अन्तिम सम्राट् हर्षवर्द्धनको उदय भयो। (उनी आफ्नो सही रोमनलिपिमा समेत गर्दथे!)। हर्षले चीनसित पनि राजनैतिक सम्बन्ध राखेका थिए (वि. सं. ७००)। चिनियाँ राजदूतलाई धेर उपहार दिई चीन पठाउन लागेको अवसरमा आफ्नै मन्त्री अर्जुनले हर्षलाई मारे। चीनी दूतले भागेर नेपालमा घुसी त्यतैबाट चीनसम्राट्का जुवाइँ तिब्बतका राजोलाई सब वर्णन गरी उनको सैन्यद्वारा अर्जुनको बध गराए। तर मरेका हर्ष बाँचेनन्। उनी बुद्ध-धर्मका पक्षपाती हुनाले कट्टरपन्थी सनातनीहरूले पहिल्यै पनि उनलाई मार्न दाउ खोजेका थिए। हर्षको मृत्युपछि भारतमा हर्षको मृत्यु भए जस्तै भयो। साम्राज्यले बाँधेको एकता फुस्को शोचनीय दशाले देशलाई अँध्यारामा छिन्नभिन्न

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

गरायो । हर्ष नेपालका लिच्छविवंशका राजा अंशुवर्माका समकालीन हुन् । तिब्बतका राजा श्रङ्चङ गम्पासित अंशुवर्माकी छोरीको विवाह भयो । तिनै राजपुत्रीले भोटमा आफ्नो देशमा चलेको बुद्धधर्म प्रचार गरेकी हुन् । चीनी यात्री युआन च्वाङ अंशुवर्मा र हर्षवर्द्धनकै समयमा नेपाल भएर भारतमा उत्रेका हुन् । उता मुहम्मदले (वि. सं. ६२७–६८९) भारतको पश्चिमतिर इस्लाम धर्म खडा गरे । चालीस वर्षको उमेरदेखि उनलाई भाव चढ्न थाल्यो । उनको जन्मभूमि मक्का हो (अरबदेशको) । उनका भावमय कविता देखेर अरूले उनमा अलौकिक ज्ञान–अपौरुषेय इस्लामी वेद स्फुरण भएको सम्झे । त्यही इस्लाम धर्मले बाढीले जस्तै अरेबिया, पर्सिया, सिरिया, स्पेन र उत्तर अफ्रिकालाई डुबाइदियो । त्यो यसरी प्रचार हुनाका कारण यिनै थिए : : जरथुस्त्र (जोरोआस्टर) आर्य थिए । उनी बुद्धभन्दा केही अगाडिका हुन् । जिन्दावेस्तामा उनकै शिक्षासंग्रह छ । त्यस धर्मग्रन्थका मुख्य विषय छन्— अग्निपूजा, सत्य र प्रकाशकका इष्टदेवता अनि असत्य र अन्धकारका अनिष्ट देवताको संघर्ष । अमरत्व प्राप्तिको निंति सूर्यदेवमित्रको वेदीमा गोमेधयज्ञ गरेर रक्त चढाउने प्रथा रोमसम्म फैलिएको थियो । वैदिकयज्ञ र जिन्दावेस्ताका यज्ञ विधिमा पनि केही तुल्यता पाइन्छन् । भारतीय र पर्सियन भाषासमेत मिलेकोले सम्भव छ त्यस धर्मको बीज भारतबाटै जानु । जरथुस्त्रधर्ममा अनेक विधिविधान छन् । शवलाई अग्लो बुर्जामा राखेर गिद्धलाई खुवाउने चलन भारतका पारसीहरूमा अझ शेष छ । प्रायः तिनै अनेक विधि-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

सित चिढिएकाहरू मुसलमान भए, अनि आचारको मात्रा सहन नसकेका क्रिश्चियनहरू पनि। मुहम्मदको मृत्युपश्चात् कैयन् हिन्दू र बौद्धले समेत मुसलमानी धर्म लिए। अहिले संसारमा तीस करोड मानिस इस्लामधर्म मान्दछन्। किन त्यो त्यसरी सल्क्यो? —त्यसरी सल्क्यो जसरी आगो सल्कन्छ। अ

ग्नि

शि

खा

ब

ल्दै

ना

च्त

छ

न्—

एउटा लप्का कम्मर भाँचेर उफ्रन्छ, अनि उठबस गर्दछ, अर्को लप्का आई उसलाई अङ्कमाल गरेर दुइ हातमाथि उचाली बस्तछ, अर्को कम्मरमा हात लाएर दुइ खुट्टा चाल्दै नाच्तै जान्छ, अर्को लप्का उदयशङ्करले जस्तै हातलाई नागवेली तरङ्ग बनाएर फैलाउँदै निस्कन्छ, कुनै लप्का साधना बोसले जस्तै अनेक भाउ लाएर पल्टन्छ; फेरि एउटा लप्का देवीनाचमा जस्तै खड्ग घुमाउँदै घुम्दै कुप्रेर खुट्टा उचाल्दै उफ्रँदै जान्छ, अर्को उडेर डल्लो परी परेवा जस्तै आकाशमा बिलाउँछ, कति छिटो छिटो! लेख्न त के बोल्न

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

पनि होइन अझ देखेर संझनसमेत भ्याइन्न, ज्वालाहरू कति शीघ्रताले भाउ लाउँछन् !—सर्पजिह्वावत् !—निवातस्थानको दीपशिखातुल्य भए पो ! —अग्निजिह्वाको संख्या त राँकोसितै हजारौं थपिंदै जान्छन । एक लप्का एउटा दाउराको एक ठाउँ-मा छोएर भाग्दछ अर्को लप्का आएर अर्को दाउराको अर्को ठाउँ मुसार्दछ, फेरि अर्को अर्कै ठाउँमा घोचेर रफुचक्कर लिन्छ, अनि अर्को आएर उसको एक ठाउँ सिपियाटोन गरी वा खैन्याई कुम्लेलम ठोक्तछ, अर्कोले त्यही कालो ठाउँमा पिटेर रातो आगो पार्दछ, पछिबाट अर्को लप्का आएर त्यसमा पनि लप्का सल्काई त्यसैलाई काखी च्यापेर दूम लुकाउँछ। कुनै आगो चुल्होमा बलेर आज्ञाकारी भृत्य जस्तै त्यहीं निभ्दछ, कुनै क्रान्तिकारी आगो अन्यत्र सल्केर घरै जलाउँछ । कुनै ग्राम-मा आगलागीपछि कसैले पानी पिउन नदिए पनि आगो आफै निभ्दछ । त्यो ध्वंसावशेष घरमा हेर्न जाँदा कतै फलामको भाँड़ा पग्लेर एक ढीक भएको देखिन्छ, कतै रुवाको सानो गालेतकिया नसल्केर बचेको !— बिकिनि टापुमा परमाणु बमको जाँच गर्दा एक सानो पशु निर्विघ्नपूर्वक चरिरहे जस्तो। अग्निनृत्य—अक्सिजन हाइड्रोजन र कार्बनका परमाणुमात्रा-भित्र मूलतत्त्व इलेक्ट्रनहरूको नियमित आकस्मिक सन्धि-विग्रह ! म

नु ष्य

का

म न

खे

ल्द छ

न्—

"के त्यो ? माटो होइन, गह्रौं छ, साह्रो

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

छ, ढुङ्गा हो ! पुष्प राम्रो भएर के गर्ने, दिनभरीमै वैलाउँ छ, यस प्रस्तरलाई त आगोले जलाउन सक्तैन, पानीले गलाउन सक्तैन, हावाले सुकाउन सक्तैन, यो हाम्रो हतियार हो— यो युगप्रवर्त्तक हो यसकै सहायताले गर्दा हामीले दाह्रा र नंग्रावाल पशुलाई जित्यौं। हामी मरिसकेपछि पनि बाँचि-रहने यस्तो चिरंजीवी पाषाण बनाउने को ? हामीलाई बना-उने जो हो त्यही । हामी मरेपछि हामीबाट केही जान्छ, त्यो आत्मा हो: हामीलाई आत्मा दिने परमात्मा हो;ढुङ्गालाई पनि उ आत्मा दिन सक्तछ, उ जे पनि गर्न सक्तछ, वज्रलाई कोधी आत्मा दिएर गिराउने उही हो। यो ढुङ्गामा आत्मा छ। हामी चाँडै मर्दछौं, ढुङ्गा अमर छ, त्यसैले ढुङ्गाको आत्मा परमात्मा हो । यो ढुङ्गा इश्वर हो, किनभने मेरो अन्तस्करण यसै भन्दछ, हाम्रा विचार र भावनाहरू यसैमा थन्क्याउनुपर्दछ— शिलालेख र शिलामूर्तिद्वारा । बनाएको मूर्तिमा हामी भावनाले ईश्वरलाई बोलाउँ छौं—जस्तो रामेश्वर, कुनै शिला-मा ईश्वर आफै आएर बस्तछन् -जस्तो शालिग्राम । यो चाहिं ढुङ्गामा कसको आत्मा होला ! यो चरा जस्तो पनि छ, भ्यागुता जस्तो पनि छ, छुचुन्द्रो जस्तो पनि छ, हात्ती जस्तो पनि छ,- शिखरनाथ कवि जस्तो, भालुखत्री पहलमान जस्तो, व्यासको कारिन्दा बन्ने गणेशजी जस्तो, —भुँडे, सूँडे : होइन, गणे-शका पिता सदाशिव जस्तो। म यसलाई घरमा लगेर थापना गर्न लैजान्छु; भइहाल्यो लैजाम्न, ढुङ्गा के हो र, देखादेखी जडपदार्थ, यसलाई फोडेर चूर्ण बनाउँ छु; भइहाल्यो बिचरा रहोस् । यसमा के त छ, नत्र मलाई किन यस्तो लाग्दथ्यो !

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

अवश्य यस ढुङ्गामा परमेश्वर छन, किनभने मलाई छन जस्तो लाग्यो। विश्वास भएन भने ढुङ्गाले ढुङ्गाको काम पनि दिंदैन. विश्वास भयो भने ढुङ्गाले देवताको काम दिन्छ। यो कहिले हुन्थ्यो! अस्ति मैले अवश्य यसले मेरो जिब्रोलाई गुलियो स्वाद देला भनेर कत्रो विश्वासले मुखमा हालेको पारदर्शक थोक त नून पो रहेछ--मेरो विश्वासले त्यसको वास्तविकता मेटन सकेन। हिजो बेलुका आफ्नो कन्तुर खोलें, दुइ घण्टाअगाड़ि मैले त्यहाँ सात रुपियाँ राखेर ताल्चा मारेको थिएँ, सो बन्द नै थियो, साँचो मैसित त्यसैले मलाई रुपियाँ भएकोमा प्राणको बाजी राख्न सक्ने विश्वास थियो, तर कन्तुर खोलेर हेर्दा रुपियाँ ॐ फट्-- छैन। त्यसमा प्वाल थिएन, रुपियाँ उपियाँ झैं फटकन सक्तैन, रुपियाँको पखेटा पनि हुँदैन, त्यो हिउँ अथवा धूवाँ जस्तै विलाउन सक्तैन, भने कसैले कुन सट्काम मलाई जिल्ल्याएर चटक देखाइदियो—मेरो त्यत्रो विश्वासले एउटा मोहर पनि वास्तविक अवस्थालाई छोडेर त्यहाँ बाँकी रहन सकेन। कहिले हुन्थ्यो! विश्वास त आफ्नै हृदयमा छ, विश्वास भयो भने हराएको रुपियाँ झलझली आँखाको सामुन्ने आएर छनछनी बजन थाल्दछ, चाहे त्यसबाट पान सुपारी किन्न नहोस्! यो ढुङ्गामा साक्षात महेश्वर छन, नत्र मलाई श्रद्धाले किन यसरी कँपाउँथ्यो! यस प्रस्तरले चाह्यो भने पृथ्वीको पेट चिरी प्रलयाग्नि झिकेर संसारलाई झिममा भस्मीभूत गर्न सक्तछ। यो यति सूक्ष्म छ कि आकाशलाई यसले ढाकेको छ। स्थूलले

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

सूक्ष्मलाई ढाक्तछ भन्ने कुरा होइन, सूक्ष्मले स्थूललाई ढाक्तछ। बत्तीको मूठीभित्र अन्धकार छ, अन्धकारभित्र बत्ती रहन सक्तैन। ती सूक्ष्मातिसूक्ष्म परमेश्वरको खोल उल्टो रहुन्जेल उनी भित्रपट्टि, ब्रह्माण्ड बाहिरपट्टि, खोल सुल्ट्याएपछि ब्रह्माण्ड भित्रतिर पर्दछ, उनी आकाशभन्दा बाहिर पर्दछन्। वस्तु ठूलो होइन भावना ठूलो। यो ढुङ्गा बालकको हतकेलाभन्दा सानो छ, तर यसभित्र समस्त ब्रह्माण्डसहित आकाश अट्तछ। म यसलाई लगेर पूजा गर्दछु, अरूलाई पनि गराउँछु, मैले पहिले थापना गरेपछि ठूलो पुण्य मलाई नै हुन्छ, भेटी नैवेद्य-हरू मेरै भाग लाग्दछ; कसैले पूजा गरेन भने त्यसलाई परमे-श्वरले दण्ड दिनेछन्—हामीले पनि त्यसलाई दण्ड दिनुपर्दछ। त्यो संशयात्मा पापी हो। पैसा धेरै उठेपछि यसको एउटा राम्रो अग्लो मन्दिर खडा गरेर त्यसमा सुनको गजुर हाल्नु-पर्दछ, सब टाढैबाट देखेर धुइरिऊन्! त्यहींनेर एउटा ठूलो घण्ट पनि झुण्ड्याइदिनुपर्दछ, त्यसको ध्वनिले टाढा टाढासम्म गएर धर्मात्माहरूलाई बटुली ल्याउला। उहाँ म नित्यपूजा चलाउँला, आफूलाई पनि पूजाको पक्षपात्र जस्तै माझेर ट-ल्काउँला—भित्रबाहिर दोहोरै, उस्तै दिनलाई पर्व बनाई विशेष पूजासहित मीठा मीठा प्रसादको भोज गराउँला। संगीतको तनाइ गुरुत्वाकर्षणभन्दा बलियो हुन्छ, भजनको प्रबन्ध पनि मिलाउँला। म यो लैजान्छु, अवश्य यसले मेरो आत्मालाई शान्ति देला। तर कुन ढुङ्गा लैजाऊँ? योभन्दा त्यो राम्रो रहेछ, ऊ त्यो झन् राम्रो भक्तिलाग्दो, हा: यसरी तुलबु-लिनु हुँदैन, तर अलि ठूलो लैजान पाए पो! एउटा राम्रै मूर्ति

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

खोदेर बनाए कसो होला ! बनाएको मूर्तिमा त्यत्तिको श्रद्धा जगाउन सकिंएला र ; आफै प्रकट भएको–केही विशेषता भएको-जसले देखे पनि शिवजी भनेर चिन्ने आकार भएको भव्य पाषाण लैजान सकिए पो ! खोइ यसलाई त महादेव कसरी भन्ने ! — सूँड जस्तो पनि छ , ओखरसित पनि कता कता मिल्दछ , शङ्खकीराको ढङ्ग पनि आउँछ, बरु दुइ चार दिन खोज्नुपर्‍यो यतै, चस्याङमा खसेको काबाको जस्तो विचित्र ढुङ्गा भए पो ! यतिका ढुङ्गा सब एकै एकै जस्तो ! कुनमा ईश्वर छन् कुनमा छैनन् ? ईश्वरलाई खोजिरहनुपर्दैन उनी सबैमा छन् । के ढुङ्गामा मात्रै देवता रहन्छन् ? जलका कणकणमा देवता छन्; गाईका रौं रौंमा तेत्तीस कोटि देवता रहे जस्तै इलेक्ट्रनका अङ्गप्रत्यङ्गमा अनन्तकोटि देवता रहेका छन् । ईश्वर धेरै छन् ! होइन, ईश्वर एक छन् ! उनी आकाशभन्दा कञ्चन छन्, त्यस्ता पवित्र परमेश्वरको प्रतिनिधि यस्तो सबैले लत्याएको क्षुद्र जड पाषाणलाई पार्नु महापाप हो ! – मूर्तिपूजक पापी हुन् – स्वार्थी हुन् ! जो अन्धा – सूर्यलाई डाक्याएर उज्यालो मार्गमा लगिदिन्छ उसलाई दीपले आरति गर्नु अभिमान हो । सर्वशक्तिमान् सर्वज्ञ सर्वजगदीश्वर एक छन्, उनको अगाडि अरू सब समान ! होइन, होइन , मूर्तिपूजा योगको अभ्यास-साधन हो, मूर्ति भक्तजनको भक्तिभावको परिधि खिच्ने करकाटक केन्द्रबिन्दुमा अड्याउने टुप्पो यद्वा चञ्चलतालाई जम्मा पारेर बाँध्ने खाम्बो हो , परमेश्वरको स्मारक । जो ज्ञानले मूर्तिपूजा गर्दछ त्यसले भन्दा मूर्तिपूजा नगर्नेले झन् मूर्तिको अस्ति-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

त्वलाई गाढासित मानेको हुन्छ, अथवा मूर्तिपूजक ईश्वरलाई सर्वव्यापी संझन्छ भने मूर्तिपूजा नगर्ने त ईश्वर नभएको स्थान पत्ता लाउँदै जान्छ अनि झन् ईश्वरलाई एकस्थानीय एकदेशीय बनाउने पो ठहर्दछ। होइन, होइन, यो सब विवाद व्यर्थ छ, ईश्वर छैनन। होइन, ईश्वर छैननमा पनि ईश्वर छन्। होइन, ढुङ्गालाई ईश्वर माने्को पक्षमा त ईश्वरहरू प्रत्यक्ष छन्, तर ईश्वरीय लक्षण मिल्दाजुल्दा ईश्वर कतै पाइँदैनन, ईश्वरको नाममा केवल ईश्वरको हुलिया छ। लक्षणअनुसारका ईश्वर बिउँझे भएका भए संसारमा सब सुखी हुन्थे, सब निरोगी हुन्थे, दुःख दारिद्र्य रोग र घातहरू कसैले संझनुपर्ने थिएन – मानिस दुःखबाट उत्रन होइन विशेष सुखमा पौडन परिश्रम गर्दथ्यो – श्रममा पसीनाको साटो मोती बर्सन्थ्यो! त्यसो होइन; सुख दुःख त सब आफ्नै कर्मानुसार हुन्छ, ईश्वर त साक्षी मात्र पो! भए खोइ? आँखा चिम्लिनुपर्दछ अनि उनी देखिन्छन्, भक्तको हृदयमा निरवछिन्न ईश्वरको न्यानो घाम लागिरहन्छ। विश्व बनाउने अवश्य कोही विश्वभन्दा महान् होला, सूर्य बनाउने सूर्यभन्दा तेजस्वी होला, ज्ञानीलाई बनाउने ईश्वर निश्चय परम ज्ञानी होला! – यो सब – सब बनाउने अवश्य कोही होला भन्ने मलाई डर लाग्दछ! कोही छैन, जे छ त्यो छ छ, नाश छैन, परिवर्त्तन छ। यो परिवर्त्तनशील जगत झूटा हो, केवल ईश्वर सत हुन्। होइन, जगत सत्य छ, नित्य छ; ईश्वर भनेको के भनेर कसैले सोध्यो भने त्यस सरल हृदय झैं ज्ञामी उसका कुनै व्यक्त स्मृतिपुञ्जलाई संझाउँदै औंल्याएर

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

त्यही हो त्यही हो भन्दछौं, जस्तो हामीले स्वयं कुन स्मरण गरे-को अठोटलाई ईश्वर यही हो यही हो भनेर संझिराखेका छौं। यसबाहिर हामी अर्को ईश्वरलाई भेट्तैनौं! ईश्वर ब्रह्माण्डका ग्रन्थकार होइनन्, ईश्वर मानिसका ग्रन्थ हुन्: आफ्नै ग्रन्थ हुनाले मानिसले उनलाई सच्याउँदै लगेर सच्चिदानन्दसम्म बनाएको छ, ईश्वरको ग्रन्थ मानिस भएको भए मनुष्यवर्गलाई उनले आजसम्ममा शुद्धथाएर अजरामर तुल्याइसक्नुपर्ने! कहिले हुन्थ्यो – 'अहंकार बल दर्प काम क्रोध' ले सबका घटवासी ईश्वरको अस्तित्व स्वीकार नगर्ने 'द्वेषी क्रूर नरा-धमहरू'लाई ईश्वर यस संसारका आसुरी योनिमा जन्म-जन्मान्तरको निमित्त फ्याँकिदिन्छन्। तर्कले ईश्वर भेटिँदैनन्–बुद्धिभन्दा पनि ब्रह्म पर छन्। ईश्वर निराकार छन् तर साकार हुन पनि सक्तछन्। होइन, यी सब कपोलकल्पित व्याख्या हुन्, जे भइरहेछ त्यो सब प्रकृतिकै क्रिया हो, आत्मा भौतिक तत्वहरूकै क्रिया हो, परमात्मा आत्माकै कल्पनाक्रिया हो। होइन, ईश्वर छन्, ईश्वर अवश्य छन्, तर अरूले संझे जस्तो होइन, मैले संझे जस्तै, मैले ठाने जस्तै, मैले अरूलाई देखाउन र भावव्यक्त गर्न नसके जस्तै, त्यस्तै, अरूले पनि आफू आफूमा ध्यान र धारणा गरे जस्तै ईश्वर छन्।" यसरी मनको प्रत्येक उलटपलटले नियमपूर्वक सन्धि र विग्रहलाई प्रेरणा गर्दछ।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

म
नु
ष्य
ह
रू
खे
ल्द
छ
न्,
ल
ड़ा
इँ
खे
ल्द
छ
न्—

विभिन्न श्रुति स्मृति तन्त्र पुराण लिएर वैष्णव शैव शाक्तहरू आपसमा लडे। विभिन्न धार्मिक विचार र सिद्धान्तानुसारको हक निमित्त महाभारतयुद्ध मच्चियो। द्वैतवादी अद्वैतवादी शुद्धाद्वैतवादी विशिष्टाद्वैतवादी शक्ति-विशिष्टाद्वैतवादी र चार्वाक आदि दार्शनिक जुधे। हिन्दू र बौद्ध, हिन्दू र जैन, जैन र बौद्ध परस्परमा लडे। रोमनक्याथलिकसित प्रटिस्टन्टहरू, जरथुस्त्रका अनुयायीसित मनिका अनुयायी जुधे। सिद्धान्तकै निमित्त सुकरातको क्राइस्टको र मनिको ज्यान गयो, हजारौं क्रिश्चियन मारिए। धर्मकै निमित्त शिवाजी र प्रतापहरूका नेतृत्त्वमा

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

हिन्दू मुसल्मानसित लडे। सनातनीहरूको मूर्तिपूजालाई र अरू धेरै प्रथालाई आर्यसमाजका प्रवर्त्तक दयानन्द सरस्वतीले खण्डन गरे, तिनै सिद्धान्तको निमित्त उनको ज्यान गयो। गीता पढी कोही तरवार गालेर रोगीको हितार्थ लोहभस्म बनाउन लागे, उही गीता पढेर कोही तरवारको धारमा साँध लाउन लागे। राजतन्त्रवादको पालना गर्न काइजर प्रजातन्त्रवादी देशहरूसित लडे। साम्यवादको निति ईश्वर छैनन् भन्दै स्टालिन र जातिवादको निति ईश्वर छन् भन्दै हिट्लरले संग्राम गरे। अहिले राष्ट्रहरूमा वैमनस्यको बादल जुन देखिन्छ त्यो प्रजातन्त्रवादी र साम्यवादी शासन-प्रणालीका धर्मनिमित्त। सिद्धान्तले मानिसलाई छोटो स्वार्थको आडमा विचित्रको कुरो संझाउन र त्यस निति लड़ाउन सक्तछ। वार्सा बर्लिनका वर पर्दछ, भ्ल्याडिभस्टक धेरै धेरै टाढा छ, तर 'रूस र जर्मनी' सिद्धान्तले भ्ल्याडिभस्ट-कलाई वार्सासित टप्प जोडेर बर्लिनलाई शत्रु जत्तिकै पर पारेको छ। एक गाँस भातको लागि पशुहरू लडे भने त्यो लडन्त भात खापर पेट भर्नाको निति हुन्छ, त्यसैको लागी मनुष्य जुधे भने सिद्धान्तको निति हुन्छ—'उसले कति कारणले किन खायो, किन पायो, मैले किन पाइन?'. फेरि सिद्धान्तले नखाने ठहरियो भने मानिस ओठमा जोडिएको मिष्ठान्नलाई पन्छाई निराहार बसेर खुशीसित मरिदिन्छ। लडाइँका मुख्यकारण तीन छन्—स्त्री, धन, धर्म। स्त्रीको निमित्त रामायणको र इलियदको जस्तो युद्ध हुने समय अब व्यतीत भयो, स्वयंवरपछि लडाइँ गर्ने अथवा द्वन्द्वयुद्ध

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

गर्ने ड्यूअल खेल्ने भावना अब टुट्यो भने हुन्छ। धनको निति एक जातिले अर्को जातिमा छापा मारी लुट्ने प्रथा पनि हिजो आज मन्द छ, कहलिएका सभ्य जाति निहुँ नपाई हात हाल्दैनन्। अब युद्ध छ धर्मको टेकामा उभिएको सिद्धान्त-निमित्त। धनको बण्डामा आजकाल संग्राम भयो भने पनि धनैको लागी होइन धन उपार्जन गर्ने वा धनी बन्ने धर्मविषयकै त्यो कलह उठ्तछ। तसर्थं संसारमा मनुष्यसंग्राम छ मुख्यतः धर्मको सिद्धान्तकै कारण। .... त्यस्तै मुहम्मद्ले एक हातमा कुरान र अर्को हातमा करवाल लिएर आफूले संझेको कुरा-आफ्नो धर्म प्रचार गरेका हुन्। जर्मन जातिको निति बिंस्मार्क वा हिट्लर जस्तै बल्सिभिकहरूको निति लोनन वा·स्टालिन जस्तै मुसलमानको निति मुहम्मद थिए। अरूलाई इस्लामधर्म अत्याचारी र भयावह छ परन्तु जुनसुकै धर्मीलाई स्वधर्मभन्दा मुसल्मानलाई स्वधर्म उत्तम छ, किनभने अरू धर्ममा जस्तो उसमा पुरोहित प्रीष्टहरू र बहुदेवता छैनन् केवल एक अल्लाह छन्, अनि उनैको सन्देश लिएर आएका पैगम्बर मुहम्मद। मुसल्मान नहुन्जेल त्यो बध्य शत्रु काफर जे होस् इस्लामधर्म ग्रहण गर्नासाथ खलिफ़ र त्यो चाहे हब्सी होस् बराबर। आचारको उसमा जटिल बन्धन छैन! खुद मुहम्मदकै आचार कस्तो थियो— आफ्नो धर्मपुत्र जाइदकी स्त्रीसित उनले विवाह गरे, उनकी मनपरेकी मिस्री भित्रिनीको रिसले अन्तःपुरमा सौतेनी झगडा उठिरहन्थ्यो। एक यहूदीलाई लडाइँमा मारी उसकी स्त्री सफियासित उनले विवाह गरेका थिए। यी सब दोष

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

मुसल्मानको नजरमा क्षम्य छन्, किनकि काबाका मनिक देवताको मूर्तिलाई पनि उनले लात्ती हाना फोड्न सके, हजरत जति कुरा गर्दछन् अल्लाहकै हुकुमले गर्दछन् भन्ने उनको अन्धविश्वासमा अटल धारणा गडेको थियो। अत्यन्त कट्टर पन्थ, ज्यादै खुकुलो बन्धन, मुसल्मान मात्रमा भातृभाव यिनै गुणहरूद्वारा इस्लामधर्मले जिन्दावेस्ताको दुर्गम मार्गमा जेलिएर पत्यार छिनाल्न खोजेकाहरूलाई, तथा क्रिश्चियन धर्मका सर्वसाधारणको निमित्त असम्भव आत्मसंयमदेखि तर्सेकाहरूलाई जस्तै पछि बुद्धधर्मका अहिंसावाद ध्यानवाद र शून्यवादसित पत्यार मानेकाहरूलाई, तथा हिन्दूधर्मका स्पृश्यास्पृश्य जातिपाति भक्ष्याभक्ष्य शुद्धाशुद्धि आचारविचार पूजाआजा, विधिविधानसित विमुख भएकाहरूलाई नियमित आकस्मिकताको लप्काले बेन्हेर मक्का र मदीनामा लग्यो। तत्त्व लड्यो — सिद्धान्त लड्यो—मानिस लड्यो — संसार लड्यो। अनि -

मुहम्मदकै समयमा हेरिक्लियसले पर्सियनलाई हराए। द्वितीय कवाध आफ्नै बाबु द्वितीय चस्रोजलाई मारी राजा भए, उनले मुहम्मदको अपमान गरे। पैगम्बर मुहम्मद सफलता प्राप्त गरी मरे। उनी पछि खलिफहरूको उदय भयो। ओमरले जरूसलम विजय गरे। मुस्लिमसैन्यले स्पेनमाथि आक्रमण गर्‍यो। अरब साम्राज्यको पतन प्रारम्भ भयो (वि. सं. ८००)। हारुन - अल - रसिद बगदादका खलिफ भए। शार्लमेन पश्चिमी सम्राट् बने। यिनै शार्लमेन(चार्लस द ग्रेट) ले फेरि करवालका बलले क्रिश्चियन धर्म विशेष

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

फैलाए। कार्लोविन्जियन साम्राज्यको पतन र होलि रोमन सम्राट्हरूको उदय भयो (वि. सं. ९००)। जर्मनीका राजा अटोको प्रताप बढ्यो (वि. सं . १०००)। केही युद्धपश्चात् चीनमा शुङ्गवंश आयो। उनै प्रथम अटो सम्राट् बनाइए। वेलायतमा क्यानुट राजा भए। नेपालमा वामदेव र नान्यदेव-हरू राज्यविस्तार गर्न लागे । रूसका जलयानसमूहले कन्सस्ट्यान्टिनोपललाई अत्त्यायो (वि. सं. ११००)। विलियमले इङ्गल्याण्ड जितेर लिए। मुसल्मानहरूबाट जरूसलम फिर्ता लिनालाई धर्माधिकार द्वितीय अर्बानले 'क्रूसेड' को रक्तपात प्रारम्भ गरे फेरि दोस्रो क्रूसेड भयो (वि. सं. १२०० तिर), फेरि तेस्रो, फेरि चौथो। कमाराको अवस्थाबाट उक्लँदै गएर कुतुब दिल्लीमा मुगलराज्य स्थापना गरी राजगद्दीमा चढे। चङ्गेज खाँले पेकिन शहर लिए। म्याग्नकार्टमा अङ्ग्रेजी राजा जोहनको सही पर्‍यो। मङ्गोलहरूको चीनमा जय भयो। सातौं क्रूसेडमा फेरि रक्तको फागु उड्यो (वि. सं. १३०० तिर)। कुब्लइ खाँ चीनमा बडा खाँ बनाइए। यूनानले लडेर कन्सस्ट्यान्टिनोपल फेरि फर्कायो। मार्कोपालोको भ्रमण शुरू भयो। इटलीमा कलात्मक र साहित्यिक पुनरुद्दीपन प्रारम्भ भयो (वि. सं १४००), (यो दीप दुइ सय वर्षसम्म बलिरह्यो) महाप्लेग आयो, यो मध्यएशियाबाट उठेर यत्रतत्र फैलियो—इङ्गल्याण्डमा यसले समस्त जनसंख्यामा एकचौथाइभन्दा बढी क्षति गर्‍यो, यूरोपमा जम्मा अढाइकरोड चीनमा एक करोड तीस लाख मानिस मरे। नेपालमा जयस्थिति मल्ल राजा भए। तैमुरलङ आए, गए। उनले र डुलेगु खाँले समेत

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

प्लेगले गरे जति नाश अलिकति पनि गर्न सकेनन्। नेपाल झन् झन् सानो सानो राज्यमा काटिंदै बाँडिन थाल्यो (वि. सं. १५००)। अनेक विषयमा प्रतिभा भएका कलाकार लिओनार्डो ड भिन्सीले इटलीको रिनेसन्समा पूर्ण प्रकाश थपे। अटोमान साम्राज्य खडा भयो। कोलम्बसले अमेरिका पत्ता लगाए। बाबर पानीपतको लडाई जिती भारतका बादशाह भए। कपर्निकस पृथ्वी सूर्यको वरिपरि घुम्ने सिद्धान्त राखेर मरे (वि. स. १६००)। भयकर चतुर्थ इभान रूसका जार बने। अकबर भारतका बादशाह भए। शेक्सपियरको विकास भयो। मेवाड़का महाराणा प्रतापहरू स्वदेश र स्वधर्मको निति मुग़लसम्राट्को विरुद्ध वीरतापूर्वक लडे। चित्तौरका महाराणीहरूले पनि सतीत्व र जात्यभिमानको पालना निमित्त ठूलो आत्मत्याग देखाए। तीसवर्षको युद्ध शुरू भयो। काठमाड़ौंमा प्रताप मल्ल राजा भए, उनी धर्मात्मा, वीर, गायक, प्रतिभाशाली विद्वान् कवि थिए। उनीभन्दा पनि पच्चीस सय वर्षभन्दा अगाडिका बुद्धिमान् ठहरिएका यहूदी राजा सलामनले आफ्नै भाइलाई मारे, उस्तै आफ्नै बाबुलाई कैदी बनाई प्रताप मल्ल राजा भएका हुन्; अझ यी दुइमा ठूलो समानता-बुद्धिमान् सलोमनका जम्मा बाह्र सय रानी र भित्रिनीहरू थिए, विद्वान् प्रताप मल्लका रानी र भित्रिनीहरू गरेर तीन हजार थिए। अान—

ग्यालिलिओले दूरबीन बनाएर कपर्निकसका ज्योतिषी विचारलाई पुष्टि दिए। यो विचार बाइबलसित नमिल्ने धर्म-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

विरुद्ध कुरा उठाएबापत गिर्जाद्वारा ग्यालिलियो कैद परे। फ्रान्समा चौधौं लुइ राजा भए (वि. सं. १७००), उनले बहत्तर वर्षसम्म राज्य गरे। शाहजहाँले ताजमहल तयार गराए। इङ्गल्याण्डमा क्रमवेलको चढ्ती भयो, राजा प्रथम चार्लस काटिए। मरहट्टा शिवाजीको उदय भयो। हिन्दुस्थानका बादशाह औरङ्गजेबका मृत्युपछि मुगलसाम्राज्य ओह्रालो लाग्यो। चीनमा फेरि भूकम्पले चारलाख मानिस मरे। नादिरशाह हिन्दुस्थानमा आक्रमण गर्दै रहे (वि. सं. १८००)। अमेरिका र भारत लिनालाई फ्रान्स र अंग्रेजले संग्राम गरे। प्लासीका युद्ध भयो, अंग्रेजहरूको विजय भयो। रूसको जार पाल मारिए। भारतमा अंग्रेजको अधिकार भयो। नेपाल देशभरका पचासभन्दा बढी साना साना राज्यहरूलाई लड़ी भिडी एउटै बनाई पृथ्वीनारायण शाह नेपालका एकाधिपति महाराजाधिराज बने। अमेरिकाले स्वतन्त्रता घोषणा गऱ्यो। फ्रान्समा क्रान्ति भयो, सोह्रौं लुइ काटिए। नेपोलियन सम्राट् बने। नेपालमा धार्मिक सुधार गर्न खोज्दा रणबहादुर शाहलाई उनैका भाई शेरबहादुर शाहले विपक्षी दलसित मिली मारे। विजयी नेपोलियन अन्त्यमा वाटरलूको युद्धबीच पक्रिए अनि—

नेपाली र अंग्रेजको युद्ध भयो (वि. सं. १८७१)। नालापानीको युद्धमा नेपाली लिओनिदस बलभद्र कुंवरले उस्तै वीरतापूर्वक हारे। देवस्थलको युद्धभूमिमा सत्तरी वर्षका भक्ति थापा लड्दै मरे (वि. सं. १८७२)। नेपाल र इङ्गल्या-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

ण्डको बीच सुगौलीमा सन्धि भयो (वि. सं. १८७३)। इङ्ग्-ल्याण्ड्मा विक्टोरिया महारानी भइन् (वि. सं १८९४)। काठमाडौंमा भीमसेन थापाले आत्महत्या गरे (वि. सं १८९६)। मातवरसिंह महामात्य र प्रधान सेनापति भए (वि.सं १९००)। अनि—

मातवरसिंह मारिए। काठमाडौंमा कोतपर्व भयो। जङ्ग-बहादुर महामात्य भए। उनी यूरोप गएर (वि.सं १९०७) इङ्गल्याण्डकी महारानी विक्टोरिया, वेलिङ्गटन प्रभृतिलाई भेटी फर्के। हिन्दूहरूलाई महासागर पार लिएर जाने प्रथम हिन्दू उनै हुन्। भारतमा सिपाही–विद्रोह भयो फ्रान्स र अस्ट्रियाको युद्ध भयो। बिस्मार्कको प्रयासले प्रथम विलियम जर्मनीका सम्राट् भए। रूस र तुर्कीको संग्राम भयो। नेपा-लमा महाराज रणोद्दीपसिंह मारिए, वीरशमशेर महाराज भए। चीन र जापानको युद्ध भयो। बोअर युद्ध भयो। बृटिशले तिब्बतमा आक्रमण गरे। रूस र जापानको युद्ध भयो। इटली र तुर्की लडे। चीनमा प्रजातन्त्रशासन भयो। तुर्की र बाल्कन-संघको संग्राम भयो। अनि —

प्रथम महासमर प्रारम्भ भयो (वि. सं. १९७१)। जर्मनीले हारेपछि अन्त्य भयो (वि. सं. १९७६)। यस युद्धमा असी लाख मानिस युद्धमा मारिए, युद्धको प्रभावले गर्दा अरू अढाइ करोड़ जति त्यसै मरे। यस संग्रामले भूगोलको कुनै अन्तरलाई दुःख दिन छोडेन। लडाइँ सकिएपछि अब फेरि यस्तो हत्याकाण्ड नहोस् भनेर राष्ट्रसंघ (लिग-अफ-नेशन्स)

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

को सभा भयो। तर त्यसमा अमेरिका आएन, जर्मनी, रूस, तुर्की र अस्ट्रियालाई त्यस सभाले बहिष्कार गर्‍यो। वास्तवमा राष्ट्रसंघ संसारको कल्याण गर्ने निहुँले आफआफ्नो स्वार्थ-साधनको गाँठो बलियो पार्ने मतोमा खड़ा भएको थियो—तसर्थ असफल भयो। महासमर सिद्धिने वर्षदिनअगाडि रूसमा क्रान्ति भयो, जार मारिए, लेनिनले साम्यवादको आडमा बल्सिविजम चलाए। महासमरपछि भारतमा गाँधीको सत्याग्रह र असहयोग आन्दोलन मच्चिए। रूसमा ठूलो अनिकालले लाखौं मरे (वि सं. १९७९)। जापानमा भूकम्प, बाढी र आगलागीले दुइलाखभन्दा बढी मानिस मरे (वि. सं. १९८०)। नेपालमा महाराज चन्द्रशमशेरले अमलेख गरेर दासत्व प्रथा छुटाए (वि. स. १९८२)। रूसमा पञ्चवार्षिक योजना प्रारम्भ भयो (वि. सं १९८५)। जर्मनीमा हिट्लरको उदय भयो (वि. सं १९८७)। नेपालमा भूकम्पले आठहजार पाँचसय मानिस मरे (वि सं १९९०), त्यहीं भूकम्पले बिहारमा सात हजार दुइसय मरे। यसभन्दा अगि नेपालमा वि सं. १३१०, १३३६, १४६४, १७३७, १८६६, १८८०, र १८९० हरूमा गएको भूकम्पले एक लाखभन्दा बढी मानिस मरेको अनुमान गरिएको छ। अनि—

द्वितीय महासमर प्रारम्भ भयो (वि. सं १९९६)। यस युद्धमा सेनाका मात्र डेढ करोड़ मानिस मरे: सबभन्दा बढी रूसको–छयहत्तर लाख, अनि जर्मनीको बाईस लाख, जापानको पन्ध्र लाख, अङ्ग्रेजपट्टि साढेचार लाख, अमेरिकाको तीन लाख (मरेका लाखौं निजामतीबाहेक)। बङ्गालमा दुर्भिक्षले

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

पैंतीस लाखको मृत्यु भयो (वि. सं. २०००)। नेपालका महाराज जुद्धशमशेर राज्य छोडी राजर्षि बने(वि सं २००२)। महात्मा गाँधीको नेतृत्वमा भारतले स्वराज्य पायो (वि. सं. २००४)। परन्तु धर्मको विश्वासले गर्दा दुइ जाति हिन्दु र मुसलमान मिलेर बस्न सकेनन , हिन्दुस्थानसित पाकिस्तान छुट्टियो। मुगल बादशाहरूको पालादेखि आजसम्ममा तरवारले जबरदस्ती संझाइएका करोडौं हिन्दुले आफूलाई मुसलमान संझे, आफूलाई मुसलमान हुँ भनेर विश्वास गर्नेहरूलाई हिन्दुहरूले पनि मुसलमानै संझे। अङ्ग्रेज सरकारले हिन्दु-स्थान र पाकिस्तानलाई दुइ भाइमा अंशबण्डा गरिदियो। मुस्लिमजनतालाई रिस पर्‍यो किनभने पाकिस्तानको भागमा जनसंख्या इत्यादि जुन कारणले होस घर पनि सानो धन पनि थोरै पर्न गयो, हिन्दूजनतालाई रिस पर्‍यो किनभने अखण्ड भारतको सपना खण्डित भयो। हिन्दूले ठान्यो अरूले छुट्याइदिए पनि दुःख पाएपछि मुसलमान भाइ आफै मिल्न आउनेछ, तर आत्माभिमानी भाइले चाहिं दाइको पाउ परेर समान अधिकार माग्नुभन्दा लडेर हिन्दुस्थान लिन नसके बरु प्राण फाल्नु बेस ठहरायो। अठारौं शताब्दीमा अफगानका राजाले हस्तिनापुरमा दोस्रो कुरुक्षेत्र मनाएर दुइलाख मानिस मराएका थिए, फेरि तेस्रो कुरुक्षेत्रमा यसरी नररक्त बहन थाल्यो। हिन्दूमुसलमानको काटाकाट मारामार चल्यो। पञ्जाबका घटनाहरू सुन्दा मनुष्यमा बर्बरता गएर सभ्यता फैलियो भन्ने कुरा नितान्त झूटो हो भन्न मन लाग्दछ, मानिसलाई अन्धविश्वासले कसरी पशुभन्दा पनि नीच

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

बनाउँछ ! हिन्दूमुस्लिम एकताको निंति अहिले गाँधी भारतका क्रियापद भएर बाँचिरहेका छन्। अहिंसा, ब्रत, अनसन, सदाचार, सद्भाव, आत्मसंयम, र सरल शिक्षाद्वारा क्रमशः उनी मुख्यतः दुइ जातिमा साधारणतः सब जातिमा प्राचीन कालदेखि अड्किरहेका पारस्परिक घृणा ईर्ष्या द्वेष वैमनस्य शत्रुता सब कोश्याएर संसारमा शान्ति फैलाउन चाहन्छन्। संसार उनको सन्देश सुनेर गम खाँदैछ।

[यो पुस्तक यन्त्रालयमा छापिंदै यहींसम्म पुगेको थियो अकस्मात् महात्मा गाँधीको मृत्युको समाचार सुनियो। नियमित आकस्मिकता ! (वि. सं. २००४. माघ १७. शुक्रवार) अतः पाँचसात पङ्क्ति म यस पुस्तकमा घुसाउंछु। क्राइष्टका शत्रुहरू कति बलवान् र धेरै थिए, उनका मित्र कति निर्बल र थोरै थिए, गाँधीका मित्रहरू कति बलवान् र धेरै छन्, उनका शत्रु कति निर्बल र थोरै छन्। यो दुइ हजार वर्षमा नियमित आकस्मिकताले मनुष्यमस्तिकबाट घृणा यतिसम्म त पुछिसकेछ। विज्ञानोन्नतिद्वारा सत्यज्ञानको प्रकाश शीघ्र बढ्दै गएको देखता आशावादी भएर भन्न सकिन्छ — अब निर्मल प्रेमले संसारलाई ओतप्रोत गर्न दुइ सय वर्ष पनि लागोइन !— फेरि अर्को महात्माले मानवताका यति साधारण सत्य पाठहरूको निंति यसरी आत्मबलि गर्नु पर्ने छैन !]

यो इतिहासको टुक्राले यहीं दर्साउंछ — नियमित आकस्मिकताले मानवजातिलाई हजारौं वर्ष मनमा भुटभुटि पैदा गराएर मस्तिष्क तताई हतियारको आविष्कारद्वारा अस्तित्व-निमित्तको संघर्षमा पशुजगतमाथि विजयप्राप्त गरायो।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

त्यसपछि पनि मस्तिष्कको धेरै कालसम्मको अभ्यासी वासना हराएन ।आवश्यकताको निंति मारिने पशु शिकारी-आनन्दको लागी लक्ष बन्न लाग्यो । त्यति मात्र होइन विजयलिप्साको लतले स्वार्थी मानिस परस्पर लड्न लागे, अनि हूल बाँधेर शिकार खेले जस्तै लडाइँ खेल्न लागे । मानवजातिको समस्त इतिहास त्यही खेलको रक्त मसीले लेखिएको छ । एकसंग्राम-देखि अर्को संग्रामको शान्ति-समयभित्र जनसमुदाय नयाँ नयाँ हतियारको आविष्कार गर्दछ फेरि लड्दछ । शान्ति-समयको विश्रान्तिवेलामा मानिस अरू कलात्मक कुराको पनि विचार उठाउंछ : मरेर जानेहरू माथि छन् कि भनेर ताराहरूमा आँखा गाड्दछन्, जितेर सोन्हेको थुप्रो केलाउंछन्, घाइतेहरूलाई सह्यार्दछन् , हारेको लेखो गर्दछन् , शत्रुहरूबाट बच्ने दुर्ग घर बनाउंदछन् , अन्त आँखा लाउँछन् , नक्सा खिच्तछन् । अनि सिद्धान्त खडा गरेर फेरि ती संग्राम थाल्दछन् । पृथ्वीमा कतिओटा लडाइँ भयो होला !

संग्रामसित मुछिएर मनुष्यजातिमा वैभवोन्नति उठेको देखेर भ्रममा परी नीशेले लेखेका हुन् , " निर्बल हुँदै गएका सान्त्वना दिइएका तथा अवहेलना गरिएका जनताको निंति लडाइँ प्रशंसनीय प्रतिकार हो ; शान्तिमा कुहिएर गएका आन्तरिक प्रवृत्तिलाई यसले (युद्धले) उत्तेजित पार्दछ । " तर युद्ध उन्नतिको कारण होइन , कुखुरा बास्नु प्रभातको कारण होइन । उद्योग अध्ययन मनन चिन्तन परिश्रम र धैर्यको समुदाय नै उन्नतिको कारण हो । हनुमान्ले रावणलाई रामसित मिलाउन सकेका भए ' लङ्कापुरी सकल, खाक ' हुँदैनथ्यो ;

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

कृष्णले पाण्डव र कौरवको मिलित गराइदिन सकेका भए हस्तिनापुर वैज्ञानिक आविष्कारको केन्द्र बन्न सक्तथ्यो ; दुइ महायुद्ध नभएका भए व्योमयानमा अझ उन्नति हुन्थ्यो — किनभने प्रत्येक चरा र पुतलीहरूसित पखेटा छन, परमाणु जगतमा अझ उन्नति हुन्थ्यो— किनभने मानिसका स्वाभाविक शत्रु रोगका कीटाणुहरू अझ आफूले मारेका बुद्धिमान् र बलवान् मनुजको छातीमा घुँडा धसेर आहोपुरुषिकाले जय-क्रन्दन अलापिरहेछन् । नीशेको सुप्त अन्तर्ज्ञान जगाउन रणआडंबर चाहिंदैनथ्यो, भूत वर्त्तमान र भविष्यकालको संकेत नै यथेष्ट थियो ; मानिस अनुमान गर्न सक्तछ ; वर्षा भएपछि मात्र गोरु झैं दौडादौडी गरेर ठूल्ठूला रूखतिर ओत खोज्न जान्छ, हिंउदमै छाप्रो बनाउंदैन भने के मान्छे !

तर मनुष्यशक्तिको जम्मा जम्मोमा बादल फाट्तै गएको सुखशान्तिको विशेष चाहना मुस्काउंदै गएकोले भविष्य उज्ज्वल होला भनेर हामीले आशा गर्न ठाउँ छ — एक दिन मनुष्यजाति देवजाति बन्ने छ, दानवजाति होइन । तापनि छोटकरीमा इतिहास यही भन्दछ — 'मानिसको आत्मा शरीरसामग्रीबाट पैदा भएको एक भौतिक गुण हो, तसर्थ शरीरमा आघात पर्नेवित्तिकै आत्मा मर्न खोज्दछ ; मुटु वा मस्तिष्क झिकिदियो भने आत्मा अथवा मन मर्दछ '। अझ छोटकरीमा इतिहास भन्दछ —

'आत्मा प्राकृतिक हो '।

अतः जस्तो आफूलाई केन्द्र बनाई हामी माथि र तल भनेर देश बनाउंछौं, भूत र भविष्य भनेर काल विभाग

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

गर्दछौं तापनि देश र काल कल्पित हुन् — सापेक्ष छन् — यथार्थमा छैनन् ; त्यस्तै हामी जो उन्नति र अवनति भन्दछौं त्यो पनि सापेक्ष छ, वास्तवमा आत्मोन्नति वा आत्मलाभ वा शक्तिलाभ वस्तुको स्वभावमा एक परिवर्त्तन मात्रै हो। हामी मानिसको उन्नति-कल्पना हामीमै पर्याप्त छ। हामीलाई थाहा छैन, हामीद्वारा विश्वमा केही हुनु छ वा केही हुनु छैन।

यो तीस हजार वर्षभित्र ससंकेतक प्रवृत्तिमा विशेषता भएको मानिसले के के गर्‍यो ? पशुसित छुट्टिन उसलाई बीस हजार वर्ष लाग्यो; त्यहाँ पछि हो, मन रोक्न उ पशुभन्दा जान्ने भयो, तर मन दौडाउनमा पनि त उसले पशुलाई जित्यो; हो, आफूले नखाएर पनि अर्काको जठराग्नि निभाउन सक्यो, तर अर्कालाई भोको राख्नमा पनि उसले विशेषता प्राप्त गर्‍यो ; प्रेम गरेर शिखा चढाउनमा ख्याति उसले पायो, तर घृणाले पददलित गर्नामा पनि त अपयश कमायो; आचारले उसले मुख उज्यालो पार्‍यो, अत्याचारले त्यही मुखमा कलङ्क पनि पोत्यो। मृगलाई बाघ र व्याधामा जङ्गलको नायक कुनचाहिं छान्ने भनेर रोजायो भने बाघलाई नै रोज्दछ, किनभने बाघ रगतको प्यासो हुन्छ, व्याधा त हिंसाको ; बाघलाई पेट भरे पुग्दछ, व्याधालाई सुकुटीले भँडार भर्नु छ। वनस्पतिलाई सलह र मनुष्यमा रोजायो भने जङ्गल फँडानी गरेर जरासमेत उखेल्नेलाई कसरी रोज्ला ! फूललाई भ्रमर र मालीमा छनायो भने भमरालाई नै छान्ला किनभने भ्रमर त रसमात्र लिएर जान्छ, पुजारीलाई त पूजालाई सवालाख फूल चाहिन्छ, अनि वगैंचा नै रित्तिन्छ।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

शिकारीले र माझीले लहरको लहर चरा र माछा झुन्ड्यापर लगेको देख्ता बरु शत्रु भए पनि विवश भोकापका समुद्रसिंह बाज चील बकुल्ला अनि वल्सी र बत्ती नामका झुन्डेका याङ्गलरहरूमाथिसमेत उनीहरूको सहानुभूति उठ्तो हो। हजारौं कीटाणु एउटा मानिसलाई मार्दछ, त्यसको प्रतिशोधमा एउटा मानिस करोडौं कीटाणुलाई मारिदिन्छ। पशुहरूले अहिले भाषा पाए भने ती चर्को स्वरमा मानिसको निन्दा-गाएर दिग्दिगन्त व्याप्त गर्नेछन्। अझ दुःख पाउने मात्र होइन, पाएको दुःखलाई स्मरणशक्तिले विशेष विकशित पार्न सक्ने हुनाले, दुःख दिन जान्ने भएकोले र प्रतिहिंसाको भाउ परस्पर चढाउँदै लैजाने शक्ति भएकोले मानिसलाई मानिस-द्वारा हुनु दुःख अरू कसलाई हुन्छ! जापानमा तेह्र सय वर्ष अगाडि सम्म कुनै भलादमी मर्दा उसितै उसका जीवित नोकर चाकरहरूलाई पनि ग़ाड़िदिन्थे, सतीप्रथा जस्तो कलङ्क हिन्दू जातिले निधारबाट खुर्केर मिल्काएको धेरै भएको छैन, फ्राइको सुधारभन्दा अगि संसारको जेलखाना रौरव थियो, चीनमा सुत्न नदिई मार्ने, छाला खुइल्याई मार्ने तथा अन्यत्र-देशमा उभिन्डा पारेर झुण्ड्याई मार्ने, नलाग्ने चुपीले रेटी मार्ने, आँखा झिक्ने, रौं उखेल्ने, शूली हाल्ने, घाँटीदेखि मन्तिर जमीनमा गाडी शिरमा तारा हान्ने, तल ततापको कराहीमा चोपल्ने इत्यादि दण्ड सृष्टि गर्ने नरमस्तिष्कको सामर्थ्य छ, जहाँ कामक्रोधादि लहरा ठाउँ पर्की पर्की माथि चढ्दछन्।

मनुष्य प्राकृतिक नै हो तापनि मनुष्यमस्तिष्क प्रकृतिको सर्वश्रेष्ठ विकसित पुष्प भएकोले र त्यस शक्तिद्वारा प्रकृतिमा

CC-0. In Public Domain. Funding by IKS-MoE

· Digitized by eGangotri and Sarayu Trust.

फेरि अर्को नयाँ पर्दा खुलिरहेकोले मानिसलाई हामी बराबर अरू प्रकृतिदेखि भिन्न राखेर कुरा गर्दछौं। त्यही अनुसारः— हो, कलामा मनुष्य प्रवीण छ, परन्तु वास्तविक रत्नहरू प्राकृतिक छन्; प्रकृति सिपीकीराद्वारा मोती बनाउँछ, रेशम-कीराद्वारा मिही सूत कात्तछ। प्रकृतिकै कला हुन्— जलकण, हिमकण, शीतकण, झरना, हरिया खेत, सिंगममर, रङ्गीचङ्गी फूल, फल, बुट्टे पुतली, नौरङ्गेडाँफे, शशशावक, मृगशावक, बाछा, पाठो, छाउरो, मयूर, माछा; डमरु, बिजुली, बादल, तारा, सूर्य चन्द्र, अनि सुन्दर मनुष्यको अनुहार! मनुष्यको स्वतन्त्र कला के?— मोती उनेर माला बनाउनु, रेशम बुनेर लुगा बनाउनु, अनि प्रकृतिको नकल गर्नु: प्रकृतिलाई हेरेर रङ्गले उस्त दृश्यचित्र तयार गर्नु, मान्छे र जनावरहरूलाई हेरेर पत्थरको त्यस्तै प्रतिमा उभ्याउनु, प्रकृतिका डोरेटो र गोरेटो हेरी ठूला सडक बनाउनु, झरना हेरेर फोहरा उकास्नु, पर्वत हेरेर घर उठाउनु, गुफा ओडाहरू हेरेर कोठा चोटा बनाउनु, स्वभाविक गतिविधि हुन्। धेरै परबाट हेर्दा सेतो कमिलाको पर्वत वरबाट हेर्दा पिरामिड, अझ त्यहीं जोडिए-पछि पत्थरको पर्वत जस्तो देखिन्छ। गौंथली र तुम्बेचराको गुँड अनि माउरीका चाकाका घर हेर्दा तिनीहरू नै गृहनिर्माणकलाका इंजिनियरगुरु त्रिकोणमिति र ज्यामितिका प्रथम अध्यापक ठहर्दछन्। मानिस गीत गाउँछ, तर घण्टतारहरूको वान क्यारुसो, तानसेन, र त्रिराजिनीका गलाभन्दा मीठा छन्; मजूर, गोरु, भेंडा, कन्याङकुरुङ, कोइली, घोडा, र हात्तीले सातस्वरमा तान र आलाप झिकिदिए भने हामी

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

बीटहोमनको सिम्फनिलाई समेत' फिका संझनेछौं।

यति हुँदा हुँदै पनि मनुष्यशक्तिमा कलात्मक एक विशेषता छ, त्यो हो—चारपाटेपन। प्रकृतिमा गोल, नागबेली, लाम्चो, घुम्रे, बदामी; परवलय, दोधारे, इत्यादि नक्सा सुलभ छन्, चारपाटे दुर्लभ। अणुवीक्षणयन्त्रले हेर्दा शीत-बिन्दुमा ताजमहलका पर्दाका बुट्टाभन्दा राम्रा अनेक नमूना पाइन्छन्, पुतलीका पछ्यौराका रङ्गिन बुट्टे छिपुवाका लाखौं नमूना हेर्दा हाम्रो नकली मगजलाई त्यो सकली जस्तो लाग्दछ; परन्तु चारपाटे, चौकोसे, चौगिर्दे प्रकृतिमा विरला-कोटि पाइन्छन्: एउटा चौकोस बन्न सँगसँगै भनूँ सात हातको दूरतामा उभिएका दुइ रूख पूर्वपश्चिम भएर सोझै ढलेको माथि उस्तै गरी उत्ति नै दूरतामा उम्रेका दुइ रूख उत्तर दक्षिण भएर सोझै ढली तेर्सिन आए भने बीचमा सातहाते चौकोसको बान्की पर्न सक्तछ, तापनि रूख जति सोझो होस् केही न केही हात्तीसूँडे बान्कीकै हुने हुनाले चौकोस शुद्ध बन्दैन। त्यस्तै नदीकाट परेका ठाउँमा बालुवाका चारपाटे र इट्टा बान्कीका आकार पाइन शक्तछन्, तर ती अत्यन्त क्षणिक हुनाले निराकार तुल्य छन्। तसर्थ प्रकृतिमा मानिसबाहेक अरूद्वारा चारपाटेपन दुर्लभै देखिन्छ। चारपाटा मनुष्यकै आत्मशक्ति मनको छापा हो। यसको छापा छापिएर अक्षरद्वारा पिटिएपछि हामीले आफूलाई सभ्य संझेका हौं।

चार के हो?— एकको दुइ, दुइको चार- विशेषशक्ति। बुट्टा के हो?— कुनै एक आकार, त्यसको दोबर फेरि त्यसको

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

पनि दोबर, अथवा चौबर इत्यादि। घर के हो ?— चारपाटे गुफा। बगैंचा के हो ?—चारपाटे वन। संगीत के हो ?— स्वरको बुट्टा — कुनै सुर, त्यसको दोबर — चौबर; कुनै ताल, त्यसको दोबर— चौबर'। पुस्तक के हो ? — चार सुर मिलाएर काटिएका पत्रको समूह। श्लोक के हो ? —फाँकी, ध्वनि, अनुप्रास र अलङ्कारहरूको चौकोस : उखान टुक्का-हरूमा बुट्टे कुराको दोबरी हुन्छ, श्लोकमा चौतह; चारपाउको एक श्लोक। कविता के हो ?—कल्पनाको चार पाटा। दर्शन के हो?— विचारको चौबन्दी । विज्ञान के हो ? — ज्ञानको चौगिर्दा। समाधि के हो ? — मनको चौकिल्ला— आत्मशक्ति। एकबाट दुइ दुइबाट चार हुनु जीवकोषकै अझ मूलतत्त्वकै स्वभाव हो, तसर्थ यो चारपाटेपन प्राकृतिक हो।

चतुर्भुज वा चतुष्कोणका चार कुनामा खिंचिएका कर्ण रेखाले चार त्रिभुज वा चार त्रिकोण बनाउँछन्। पिरामिडको जग चतुर्भुजीय आयताकारको छ, उसको चार पाटामा चार त्रिकोण छन्, ती चार त्रिकोणका चार सुर बीच टुप्पामा मलेका छन्। भारतीय आर्यहरूले यज्ञका निमित्त बनाएका चौतारो चारपाटे हुन्थ्यो, अझसम्म मण्डप, यज्ञशाला, जग्गेहरू चतुर्भुज बनाइन्छन्। हिन्दू ब्राह्मणहरू अझ त्रिकोण र चतुष्कोण ताम्रपात्रहरूमा काम गर्दैछन्, उनले देवताहरूलाई पनि चतुर्भुज, चतुर्मुखी कल्पना गरेका छन्, अनि त्रिकोणबाट त्रिलोचन चारको दोबर गरेर अष्टभुजा, त्रिकोणको दोबर षट्कोण— सरस्वती। आर्यहरूको अत्यन्त प्राचीन चिह्न स्वस्तिका पनि चतुर्भुज छ। हामी आफूलाई मोटाएर दोहोरो आफ्नो

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

चारपाटे बनाउन खोज्दछौं, जनसमूहमा वा सेनासम्बन्धी उत्सवमा हामी प्रायः चार चार जनाको लहरमा हिंड्दछौं। सालको पात जम्मा पारेर चारकुने गाँसी हामी सस्तो भाँडा बनाउँछौं। झुपडीदेखि प्रासादसम्ममा यिनै लक्षण पाइन्छन् : चार समकोण र चार समान भुजा वा असमान भुजा। आगरामा चारपाटे चारढोके ताजमहलको चौतराका चार सुरमा चार धरहरामा चार बुर्जा छन्। अमेरिकाका आकाश खुकेन अथवा गगनचुम्बी घरहरू भएका नगर टाढा विमानबाट हेर्दा माउरीका चाकाहरू ठूलो किस्तीमा राखे जस्तै देखिन्छन् — भेद चाकामा एकनासे ६ पाटे प्वाल (माउरीकै जीउको बान्कीले उ भित्र पस्ता र निस्कँदा पारेको छाप) मात्र हुन्छन्, न्युयार्कमा अनेक किसिमका चारसुरे झ्यालहरू देखिन्छन्। हाम्रा चारपाटे काठाका सजावट सामान पलङ्ग मेच खटिया कन्तुर बट्टा ऐना दराज गलैंचा लस्पट चारपाटेहरू धेरजसो चारपाटे हुन्छन्, अरू बान्की हामी थोरै प्रयोग गर्दछौं : बाटुलो ऐना पाए पनि चारैतिर भित्तामा टाँग्न खोज्दछौं। प्रकृतिको अनुकरण गरेको चित्रलाई हामी चौकोस हालेर राख्तछौं, प्रकृतिकै अनुकरण गरेर निर्माण गरेको ठूलठूला मूर्तिलाई चारपाटे बैठक बनाएर स्थापना गर्दछौं। गाउँ छेउको रूखमनि चौतारो बनाउने, खेतलाई चारपाटे चक्ला बनाउने, चोक बनाउने, घरवरिपरि चारैतिर बिरुवाको टम्म बार लगाएर त्यसलाई चार पाटामा ढाल्ने प्रथा मनुष्यको आफ्नै हो त्यसैले कुमारी पृथ्वी प्रकृतिको अङ्गमा जहाँसुकै जति सानो भागमा होस्

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

हेरेर हामी भन्न सक्छौं त्यहाँ मनुष्यले हात हालेको छ छैन। परन्तु फेरि यो चारपाटे मात्रा जतिसुकै मात्रामा बढे पनि नब्बे अंश (९०°)को समकोणमा उभिएका वनस्पतिदेखि लिएर मनुष्यको अनुकरणलाई दोबऱ्याई चौबऱ्याई चारै कोण नब्बे नब्बे अंशको बनाउनु विशुद्ध प्राकृतिक कला हो। प्रकृतिबाहिर यसनिंतिमा प्रेरणा गर्ने आधारशून्य आकाश-सिवाय केही पाइंदैन।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

मनुष्यशक्तिको विकास ?

नियमित आकस्मिकताले मनुष्यशक्तिको विकास हुँदै गयो । यो विश्व शक्तिसमुदाय हो । शक्ति मूल तत्वहरूकै प्रकृति हो । शक्तिभिन्न मूल तत्व छैन, मूल तत्व भिन्न शक्ति रहँदैन। इलेक्ट्रनको शक्ति इलेक्ट्रनको स्वभाव हो। आकाशमा अनन्त शक्ति जुधिरहेका छन् । सूक्ष्त तत्वहरूको अतिरिक्त स्थूल परमाणुदेखि लिएर बुद्धिमान मनुष्यहरूसम्म युद्धमा फसिरहेका छन् । पानीलाई आगो नाश गर्दछ, आगोलाई पानी; आगो पृथ्वीलाई डढाउँछ, पृथ्वी आगोलाई मार्दछ; वायुलाई आगो जलाउँछ, आगोलाई वायु निभाउँछ; पृथ्वी पानी सुकाउँछ, पानी पृथ्वी गलाउँछ; वायु पानीलाई उडाउँछ, पानी वायुलाई बन्दो बनाउँछ । पौराणिकहरूको कथाशैलीमा परमाणुहरूको जीवनी यसरी वर्णन गरे हुन्छ : शक्तिशाली वीर परमा-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

णुहरू युद्धमा मरेर मूलतत्वमा परिणत हुन्छन्, अनि फेरि आफ्ना आफ्ना कर्मानुसार अर्कै परमाणुदेह लिएर जन्मन्छन्। रणभूमिमा कुनै मृत योद्धाका लाश जाँचमा हामी के पाउछौं! उसको एक आँखा काँडा बिझेर फुटेको रहेछ, उसको टाउकोमा गोलीले प्वाल पारेको रहेछ, उसको फोक्सो अलिकति क्षयकीटाणुले खाइसकेको रहेछ, उसको एउटा हात स्यालले चपाइसकेको रहेछ। उ जीउंदो छँदा उसले कति जङ्गल फाँडेको थियो, कैयन् सिपाहीलाई मारेको थियो, कैयौं रोगलाई निभाएको थियो, कतिका पशु, पंक्षीलाई शिकार बनाएको थियो। यो हो, मानिस अस्तित्वका निंति लड्दा लड्दै मर्दछ, चाहे मानिससित लडोस् चाहे कीरासित। यसरी युद्धमा निसास्सिएर एक सर्वशक्तिमान् शान्ताकारको कल्पना गर्नु स्वाभाविक कुरा हो। तर विश्वको नाश नभई वास्तविक शान्ति असम्भव! तमाम मूलतत्व इलेक्ट्रनहरू चित्तवृत्तिनिरोध गरेर समाधिस्थ बने भने मात्र विश्वशान्ति वा विश्वनाश वा विश्वरुद्ध सम्भव छ। त्यो फेरि असम्भव! शान्ति चाहनेले आँखा कान बन्द गरी आत्मलय हुनु वा समाधि गर्नु सिवाय अर्को उपाय छैन, त्यो पनि घाममा आँखा चिम्ली अँध्यारो भएको सम्झनु जस्तै हो। हो,त्यति पर नगई हामीले मनुष्य जगत्को कुरा मात्र सोच्यौं भने मनुष्यकै पारस्परिक व्यवहारमा शान्ति सम्भव देखिन्छ। किनभने मनुष्य शक्ति विश्वभर आजसम्म विकास भएकोमा सर्वश्रेष्ट शक्ति हो।

हुनतः मानिस विश्वका अरू शक्ति देखेर तर्सन्छ, भूकम्प बाढी आँधी पैह्रो वज्रहरू देखेर आत्तिन्छ, क्षय, हैजा, प्लेग

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

कोरहरू देखेर डराउँछ। निराधार दौडिरहेकी पृथ्वीले निमेषभर मात्र विश्राम लिइदिए, अथवा कुनै तारा पृथ्वीमा ठक्कर लाग्न आए, अथवा सूर्यले धर्म छोडे भने! यस्ता विचारहरूले मानिस आफूलाई क्षुद्र संझेर भयभीत हुँदै शरण खोज्न थाल्दछ। दस हजार वर्षअघिका हाम्रा पुरुषा बाघ हात्ती देखेर डराउँथे, भाग्दथे; आज हामी हात्तीका काँधमा चढ्दछौं, बाघलाई खोरमा थुन्दछौं–बुद्धिर्यस्य बलं तस्य। आज उत्पात र महामारीसित काँप्ने मानिस भोलि ग्रहहरूका काँधमा चढ्न सक्नेछन्, रोगहरूलाई प्रदर्शनीनिमित्त चिडियाखानमा थुन्न सक्नेछन्। किनभने नियमित आकस्मिकताले मनुष्यमस्तिष्कमा साँघी हालेका पत्ता पाइँदैन, तसर्थ उसले आफ्नो मस्तिष्कमा देवमस्तिष्क उमार्न आँटेको हुनु के बेर!

पूर्ण। पूर्ण यस विश्वमा पूर्णको कल्पना मात्र छ। मनुष्य त्यसबाट धेरै टाढा छ, तर पूर्णको कल्पना गर्न मनुष्य नै सक्तछ। यदि हामी पूर्णको कल्पना गर्न सक्तैनौं भन्ने संझौं भने हाम्रो कल्पनाको पनि हामी कल्पना गर्न सक्तैनौं, यदि पूर्ण हाम्रो बुद्धिभन्दा पर छ भने हाम्रो बुद्धि पनि हाम्रो बुद्धिभन्दा पर छ भन्ने संझनुपर्दछ; तसर्थ 'सक्छौं' ले बाँध्नु र 'सक्तैनौं'ले बाँध्नु, अझ 'अवाङ्मनसगोचर' ले बाँध्नु पनि बाँध्नु नै हो। यस कारणले शब्दविचारको घुम्टीले स्वाङ नपारी हामी भन्न सक्छौं–मनुष्य पूर्णताबाट सुदूर छ। मानिसका इन्द्रियहरूका शक्ति र आकार प्रकार सब अपूर्ण छन्–कोही बत्तीस लक्षणले युक्त हुन सकला, तर कोही बत्तीसलक्षणले पूर्ण हुन सक्तैन। मनुष्यमा यिनै अपूर्णताका कुरकुतीहरू देवत्वका 'डोरीबाटो'

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

हुन्–वैकुण्ठ वा सातौं स्वर्ग ताक्ने मानिसै हुन। अझ सात अर्वौं तलाको धाम मात्रै होइन, आकाशको गजूरमा रहेको स्वर्गधाम ताक्न पनि मनुष्यका मानसिक दूरबीनलाई स्पष्टीकरण गर्न (फोकस मिलाउन) एकै क्षण भए पुग्दछ।

मानिसलाई देवता भएर मात्रै पुग्दैन; सर्व देवताले मिलेर बराबर परब्रह्म परमात्मा परमेश्वरछेउ हात जोड्न गएको कथा रचना गर्दै मानिस त्यस्तो दिनको सपना देखिरहेछ भन्ने जताउँछ जस वेला प्रत्येक मानिस परमेश्वर हुन सक्ला। प्रत्येकको निराकार कल्पनाको कुचीले तत्व-सामग्री-रङ्गद्वारा आकाशपटमा साकार सगुण विश्वरूप लेख्न सक्ला। यसरी मनुष्यशक्ति–विकासविषयक विचार हामी हाम्रै कविताको सहायताले बढाउँदै जान सक्छौं, वास्तविक दर्शनकोले होइन; किनभने मानिसको विकास मानिसैमा सीमित रहन्छ, मानिसले संझेको देवताको हात हजारओटा भए पनि मानिसकै जस्तो हुन्छ, अथवा अधिकभन्दा अधिक एक भिन्न खिचडी हात तयार गरोस् सही परन्तु मानिस भूतसित नमिल्ने भविष्यको दर्शन पाउन सक्तैन–पछि हुने मौलिक दर्शनको मनुष्य साधन हुन सक्तछ, साध्य होइन; मनुष्य विकासमार्ग मात्र हो, कुनै निश्चित स्थानको निति त मनुष्यत्वको कुरा परै जाओस् देवत्व र परमेश्वरत्वको भावना पनि तुच्छ होला; किनकि आकाश हामीले ठाने भन्दा अनन्त गुना ठूलो छ। अत्यन्त अनुमान फेरि समाधिस्थिति-भन्दा पर जान सक्तैन–शक्तिभन्दा बढ्ता चर्नेले रोकिनु पर्दछ।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

यस कारण विशेष आनुमानिक भागलाई अहिले रोकूँ। प्रत्यक्षमा मनुष्यशक्तिलाई चार प्रकारले विकास गर्ने संसारका चार थरीका महापुरुषमध्येका चार जना यी हुन्:



(१) बैज्ञानिक फ्रडले मनको स्वरूप देखाए।
(२) दार्शनिक पतञ्जलिले मनको सिद्धान्त देखाए।
(३) कवि शेक्सपियरले मनको स्वभाव देखाए।
(४) महात्मा बुद्धले मनको क्रिया देखाए।

अरू समस्त मानसिक विकास यिनै चार विषयमा अन्तर्गत छन्। विशुद्ध रासायनिक क्रियाको न्यूनाधिक मात्राले मानिसका विभिन्न रुचि बन्दछन्। दूध, खुर्सानी, चूक, नीम मदिरा बेग्ल बेग्लै खान दिएको र भोकै राखेको चिमटेको र सुम्सुम्याएको, हंसाएको र रुआएको अवस्थामा एउटै मानिस अर्कै अर्कै जस्तो हुन्छ, उसको रुचि बदलिंदै जान्छ। रुचिनुसार मनुष्यका चारै विषयभित्र बाहिर प्रवेश र

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

प्रस्थान हुन्छ। नियमित आकस्मिकताले कसरी चारै विषयका शक्ति फरक फरक हाँगा हाली उस उसमा विकसित हुँदै गए क्रमैले संक्षेपमा।

(१) विज्ञान।

कैयन् शताब्दीदेखिन् बुद्धिमान् मानव जातिले जम्मा गर्दै सुधार्दै निर्माण गरेको रासायनिक वा भौतिक विज्ञान वा समाजविज्ञान वा मनोविज्ञान वा जुनसुकै वैज्ञानिक शास्त्र अहिले कत्रो जटिल र अगाध भइसक्यो। प्रारम्भको विचार आज हामीलाई बालकका विचार जस्ता लाग्दछ। करीब सय वर्षअगाडिका फ्रडको सिद्धान्तलाई अल्फ्रेड याड्लर र जङ्गले काटेको देख्ता हामी मनको रहस्य-अनुसन्धान विषयमा यही झझल्को पाउँछौं — नियमित आकस्मिकताले अहिलेका मनो-विज्ञान-सिद्धान्तहरूलाई काट्ने धारिलो खुकुरी भविष्य मनुष्यमस्तिष्कको दाबमा लुकाइराखेको छ। वैज्ञानिक आविष्कारका साधारण कथा हेर्नेले पनि राम्रै अनुमान गर्न सक्तछ कसरी पाश्चर, कक, लिस्टर, सिम्पसन, मर्टनहरूले क्रमशः चीरफारमा सरलता र सफलता प्राप्त गर्दै गए, एक उदाहरणमा कसरी व्योमयान उड्यो ! —

वढ्ने बामे सर्ने हिँड्ने दौडने अनि उड्ने सूक्ष्म प्रवृत्तिको अतिरिक्त सर्वप्रथम चरा उडेको देखेर मानिसमा उड्ने रहर उब्ज्यो। स्थूल शरीर र त्यसअनुसार बल कम भएकोले दुइ हातमा ठूला ठूला कृत्रिम पखेटा जडेर पनि सो चालेर उड्न मनुष्यजाति असमर्थ बन्यो, तापनि बुद्धिको एक

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

कुनामा उसले माथि सकने आशा र उत्साह थन्क्याइराख्न कहिल्यै छोडेन। रामायण महाभारत अरू पुराण र बुद्धग्रन्थ-हरूमा पनि उडेका कुरा र विमानका उल्लेख पाइन्छन्। पूर्वी तथा पश्चिमी अरू पुस्तकमा पनि परीहरू उडेका, मानिस आकाश मार्गमा दौडेका, योगीहरू लघिमासिद्धिले प्वाँखको भुत्ला जस्तै हावामा नाचेका वर्णन पाइन्छन्। राजा माइनासले जेलमा थुनेका डिडेलस र उनका पुत्र इकेरस मइनका पखेटा हाली उडेर भाग्दा इकेरसचाहिं धेर माथि पुगेकाले सूर्यको तापले उनका पखेटा पग्ली उनी समुद्रमा खसेका तथा संपाति र जटायुको उडानमा सूर्यको धेरै निकट पुग्दा छटपटाएका भाइ जटायुलाई आफ्नो पखेटाको छाया दिंदा दाज्यू सम्पातिका पखेटा डढेको बयान मिलेकोबाट पृथ्वीका सबै ठाउँका मानिस पखेटा पाए बत्तीका कीरा जस्तै सूर्यपरिक्रमा गर्ने रहेछन् भन्ने बुझिन्छ। मानिस उड्न नसके तापनि कागतको वा कलमको वा कुराको चङ्गा त नउडाई छाड्दो रहेनछ।

उड्ने सिद्धान्तका निर्माता र कार्यकारी प्रथम उनै सोह्रौं शताब्दीका प्रसिद्ध कलाकार लिओनार्डो ड भिन्सी नै हुन् भन्ने कसैको भनाइ छ। अर्का इटालियन बोरेल्लिलाई पनि कृत्रिम पखेटाहरू बनाएर यान उडाएकोमा जस दिने कोही छन्। वि. सं. १७३३ मा बेस्नियर निर्मित पुस्तकवत् बन्द गर्न र खोल्न हुने हावामा बहने गुण भएको सामानमा चढेर वि. सं. १७२९ मा मार्कुइस अफ बेकुभिलिले प्यारिस-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

का जनसमूहअगिल्तिर प्रदर्शन गरेको कुरालाई त इतिहासकार तथ्य मान्दछन् । अठ्ठारौं शताब्दीमा सर जर्ज केलिले त्यस्तै सामानमा चढाई सवारलाई उडाए। वाकर हेन्सन, स्ट्रिङ्गफेलो, म्वाइ, र वेनह्यामहरूले सो वहने सामानलाई वि, सं. १९०० सम्ममा अलि अलि गरेर सुधार्दै लगे । वि. सं १८८६ मा जर्मनीका बर्लिन्जर उड्ने सामान शरीरमा लगाईं गिर्जाघरको टुप्पाबाट हाम फाल्दा असफल भएर भूईंमा ठाडै खसी मरेका थिए। वि. सं. १८९७ मा नेपालका युवराज सुरेन्द्रविक्रम शाहले महाराज जङ्गबहादुर (त्यस बेला कप्तान) लाई काठमाडौंको धरहराबाट फाल्हाल्ने आज्ञा दिए, जङ्गवहादुरले एक ठूलो छाता जस्तो हावामा बहने सामान बनाइसकेपछि मात्र आज्ञा पालन गर्ने निवेदन गरे। सुनिन्छ एउटा सामान बनिसकेको थियो तर युवराजले पुनः आज्ञा दिएनन् ।

वि. सं. १९५३ मा जर्मनीका अर्का सुविख्यात उडन्ता अटो लिलियेन्थेल यद्यपि अगि अगि दुइ हजारचोटि उहीं चमेरो बान्कीको बर्लिन्जरको भन्दा विशेष वैज्ञानिक सुधार भएको विमानमा उडिसकेका थिए तापनि हावाको झोकामा परी अन्त्यमा साँहीं यान पल्टी तल खसेर मरे। वि. सं. १९५४ मा क्लिमेन्ट याडर नामक एक फ्रेन्चले वाष्पकलद्वारा व्योमयानलाई एक झोका उडाएर असफल भए । त्यस्तै अनुभव गर्दा गर्दै वि. सं. १९५६ मा लिलियेन्थेलका एक शिष्य अंग्रेज पर्सि सिङ्कलियर पिल्चरको पनि अन्त भयो। उनी सयौं पटक उडिसकेका थिए; उनले आफ्नो चारौं

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

बहने विमान बाँसको बनाएका थिए, त्यसमा उनले चार घोडाको शक्ति भएको तेलले चल्ने इञ्जिन पनि जडेका थिए, तर त्यो कलवालाचाहिं केही गरे उडाउन सकेनन्। उनी अन्त्यमा चढेको यान जोडी घोडाले डोरी तनाएर चङ्गालाई जस्तै सम्म भूईंबाट उडाई बीस हात जति माथि पुऱ्याइएको थियो, पानिमा परेर भिजेको हुनाले विमान बिग्ऱ्यो, उसको पुच्छरको तार छिनिदियो, अनि त्यो भूईँमा खसी चूर भयो। पिल्चर मूर्च्छा परेर दुइ दिनपछि मरे। त्यसको पन्ध्र वर्ष पछि अथवा वि. सं. १२७१ सालतिर नेपालमा पण्डित अच्युतानन्दले बाँसकै अवयव भएका विमानलाई वाष्पशक्तिले-उडाउने ठूलो परिश्रम गरे तर उनी पनि पिल्चर जस्तै र थाडर जस्तै विफल भए। हतोत्साह भई खुम्चेर घुँडामा च्युँडो अड्याइराखेका बूढा अच्युतानन्दलाई म तीस वर्ष-अगाडि भेट्न गएको थिएँ — अहिले उनी छैनन् वि. सं. १९५७ मा काउन्ट फर्डिनन्द भन जेपेलिन ब्याम्पा जस्तै विशाल बेलुनमा उडे। त्यसपछि अमेरिकामा अक्टेभ चेन्युट र लिलियन्थेसका शिष्य हारिङ्ग मिलेर धेरै किसिमका उत्त-रोत्तर उत्तमोत्तम व्योमयान बनाउंदै हजार बार उडे।

त्यसपछि दुइ अमेरिकन दाज्यूभाइ विल्बर राइट र अर्भिल राइट आइपुगे। लिलियन्थेल, पिल्चर, चेन्युट, र पहिले पहिलेकाको उड्ने अनुभव र यानका र पक्षीहरूको समेत उनले गहिरो अध्ययन गरे। एकका अध्ययनबाट अर्कोले फेरि अर्कोले लाभ उठाउँदै गएका मात्रा उनमा नियमित आकस्मिकताले वेगको नीति पूरापूर पारिसकेको थियो।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

'किट्टि हाक' भन्ने ठाउँमा साना ठूला धेरै पर्वतहरू भएकाले त्यहाँ उड्ने अभ्यास गर्न अनुकूल मिल्दथ्यो। वास्तवमा पहिले उड्न माने 'उड्दै उँधो झर्नु' थियो — अबको उद्योग 'उड्दै उँभो लाग्नु' थियो। अन्ततोगत्वा वि. सं. १९५९ र १९६० को बीचमा राइट भाइहरू कलद्वारा उड्न सक्ने निश्चयमा पुगे। म पनि त्यही समयमा जन्मेको हुँ, भूगोलको कतैतिर मानिस उडे भन्ने समाचार कानमा पऱ्यो हो परेन हो म भन्न सक्तिन, तर चराहरूको भाभुर त चिर्बिरसितै बिहान झूलभित्र पुगेर मलाई घच्घच्याउँथ्यो— बालककालमा बराबर उडेको सपना देखेको म संझन्छु। राइट भाइहरूले आफ्नै कार्यालय खडा गरेर आफ्नो कल तयार गरेका थिए। वि. सं. १९६० को हिउँदमा किटि हाकमै अर्भिल राइट सर्वप्रथम कलले चल्ने व्योमयानमा उडे, हुन ता सो पहिलो उडान सात हात जति र बाह्र सेकेन्डसम्मको मात्र थियो। त्यही दिन दाज्यूभाइ पालै पालोसित सम्पाति र जटायु जस्तै उड्न थाले — आखिरमा विल्बर दुइ सय हात जति एक मिनिटसम्ममा उडे। वि. सं. १९६२ मा उडान अठ्ठार मिनिटसम्ममा पाँच कोश जत्ति पुग्यो।

यसरी झन् झन् सफल विमानको निर्माण गर्दै जाने र उड्ने विख्यात व्यक्तिहरूमध्ये अल्बर्टो, स्यान्टस-ड्युमन्ट, ह्र्यीम, कोडि, मूर-ब्र्याबजोन, लुइ ब्लिरियट, एलिहम्मर डाक्टर बेल, ग्लेन कर्टिस, भ्याकर्डि, भ्वायसिन भाइहरू, अर्नेष्ट आर्क डेकन, हेन्रि फार्म्यान, ह्यु बर्ट लेथ्याम, लुइ पल्हान, मेड्राइन्स, कप्तान फर्बर, बमन्ट डेलाग्र्यान्ज, लिम्लन, जर्ज

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

ब्याभेज, प्यारिसट, फेबर, प्रिभस्ट, पिगंड, लरेन्ट सिगुइन, ग्याहम-व्हाइट, लेथ्याम, मिस ह्यारिएट क्रिम्बी, कप्तान बियार्ड, जान यालकक, यान्डर्सन स्कट र क्याम्पबेल, एलेन कव्ह्याम, बिर्ड, लिण्डबर्ग, वेब्स्टर मिस जोन्सनहरूका नाम उल्लेखनीय छन्। यसबाहेक छत्री, बेलुन (ध्याम्पा) र उड्ने जहाज पट्टिका नामी पनि धेरै छन, उनमध्ये केही यी हुन्ः मन्टगलिफयर भाइहरू, जोजेफ र जेकुइस, जे. ए. सी. चार्लस, प्रोफेसर चार्लस, रबट भाइहरू, डि रोजियर, रिटेन हाउस, हप्किन्सन टिट्लर, विन्सेन्ट, ल्युनार्डी, स्याड्लर, ब्ल्याङ्कार्ड, गार्नेरिन, जफरिज, जम्बेकारि, ग्रीन, ककिङ, एडबार्ड स्पेन्सर, डाक्टर बर्सन, डाक्टर सुरिङ, जेम्स ग्लेशेर, लेपिग, प्यान्ले, एग, हगबेल, डिलोम, कस्टे डि लेनक्स, हेन्रि गिफार्ड, डाक्टर डर्फर्ट, बम गार्टेन, टिसेन्डियर भाइहरू, कप्तान भाइहरू, चार्लस र पालर्ड, कप्तान क्रेब्स, टेम्पलर, विलोज, बार्टन, वाल्टर वेलम्यान, लिबाडि भाइहरू र पिकार्ड भाइहरू। सर्वसाधारण उड्नेहरूका नाम लिएर साध्य छैन. द्वितीय महासमरमा एकैचोटि चौध हजार उड़ाकाले नर्म्यान्डिमा आक्रमण गरेका थिए, ती चौध हजार नाम संसारका लाखौं पाइलटमा एक सानो अंश छ। अझ केवल व्योमयान चढ्ने म जस्ताको नाम लिनु त करोडौं मानिसको नाम लिनु हो। मेरो बालककालमा उडेका सपना छत्तीस वर्षको उमेरमा विपना भयो — रायल एयर फोर्सका विमानमा चढेर म पनि उड्न पाएँ। अझ त्यस्तै सपना देखियोस् !

नियमित आकस्मिकता सूचना दिन्छ — संपाति

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

जटायु दुइ भाइदेखि लिपर राइप, लिबाडि, म्वायसिन, रबर्ट, मन्ट गल्फियर, पिकार्ड आदि दुइ दुइ भाइ मिलेर त यति सम्म उडे भने दुइ सय करोड भाइ मिलेर उद्योग गरे भने मानवजाति ताराका यात्रामा सफल किन नहोला !

अतः चङ्गाको 'क, ख' देखि आधुनिक नौ मिनेटमा चौध हजार हात माथि आकाशमा चढ्न सक्ने बमरको 'क्ष, त्र, ज्ञ' सम्म र यस्तै क्रमशः विकसित हुँदै गएका अरू सारा विज्ञानोन्नति सर्वसाधारण स्वाभाविक र आवश्यक पुष्प हुन् ।— धरहरा जतिसुकै अग्लो भए तापनि सामान्य माटाको एक कण माथि अर्को कण राखिएको विशेष घटना हो। जस्तो अल्फा – सेन्टरी ताराबाट कतिका टाढा रहेको यो पृथ्वीमा हामी एक जीउ भएर टाँसिएका छौं, त्यस्तै हामीले आँखिभौं माथ्तिर नसारी नहुने अद्भुत वैज्ञानिक आविष्कारमा साधारणता टाँसिएको हुन्छ— त्यसरी जसरी चटकीको टेबिलमन्तिर दर्शकवृन्दले नदेख्ने गरी लुकेर मुस्कुराउँदै चटकीको हातमा थपाथप पचास ओटा हाँसको फुल राखिदिने अर्को लुच्चो मान्छे।

त्यस्तै फड आकाशमा फुलेका फूल होइनन् , साधारण वैज्ञानिक तरुमा प्राकृतिक ढाँचाले विकसित भएका एक राम्रा फूलका थुंगा हुन् । फडद्वारा नियमित आकस्मिकताले मनको स्वरूपविशेष देखायो।

(२) दर्शन।

भौतिक गुरुशिष्य परंपरागत आएका दार्शनिक विचारको

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

उन्नति पनि विज्ञानोन्नति जस्तै शुद्ध प्राकृतिक देखिन्छन् । इलेक्ट्रन प्रोटनहरू आपसमा ठक्कर लाग्दा निस्केका गुण प्रकाश र उष्णताहरू जस्तै दर्शन पनि मस्तिष्कका जीवकोषको चलाचलमा निस्केका एक गुण हो । संख्याको विभिन्नताले विभिन्न गुण र गुणको विभिन्नताले ·विभिन्न परिणाम निक्लन्छ । मानिसलाई सानो टुक्रा पत्थरले किचे केही हुँदैन, त्यस्तै धेरै टुक्रा पत्थरले किचे उ मर्दछ । घडामा अटाउनै भन्दा बढी पानी हाले पोखिन्छ । जस्तो वृक्ष कराउनु भौतिक क्रिया हो उस्तै कुकुर कराउनु पनि भौतिक क्रियाविशेष हो ; मानिस कराउनु विशेषतर ; अझ दर्शन विशेषतम नै होस्, तर हो भौतिक क्रिया । कुनै मानिस कथाहरूमा जस्तै अकस्मात् हाम्रो अगिल्तिर उत्पन्न भयो भने अवश्य हामी आश्चर्य मान्दछौं, अनि त्यस साकार मनुष्यको कारण निराकार आत्मा वा परमात्मा पान हामी संझन सकौंला तर कुनै मानिस परबाट खुरुखुरु हिंडेर आएमा हामीले आश्चर्य मान्ने ठाउँ छैन । अतः क्रमशः स्वभावतः विकास भएको नियमित आकस्मिक मनुष्यको विचारलाई भौतिक क्रियाको अतिरिक्त अर्को उपाधि दिन सकिंदैन । कुनै चित्रकारी आफूसित नभएको रङ्ग चित्रमा लाउन सक्तैन । कुनै मानिसले आजसम्म त्यस्तो कुरा बोलेको छैन जुन कुराको साधन उसमा नहोस् । अङ्ग्रेजी नपढी कुन नेपालीको आत्माले अङ्ग्रेजी बोल्यो ? — कसले 'क' नचिह्नाई चिन्ह्यो? दार्शनिक त्यही वेला त्यति बोल्दछ जुन वेला जति साधन दिएर नियमित आकस्मिताले उसलाई बोल्न लगाउँछ ।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

त्यसभन्दा बढी कसले के बोल्यो ?

कुनै वैज्ञानिकले पानीलाई कसैले वायुलाई कसैले हाइड्रोजनलाई कसैले इलेक्ट्रनलाई मूलतत्व मानेका होइनन्, नियमित, आकस्मिकताले ती ती मानिसलाई त्यस त्यस कारणका पूर्वापरसंगतिले मनाएको हो; त्यस्तै कुनै दार्शनिकले पुनर्जन्म आत्मा इत्यादिलाई मानिदिएका कुनैले नमानिदिएका होइनन्, नियमित आकस्मिकताले कसैलाई पुनर्जन्म मान्नाको र कसैलाई नमान्नाको कारण देखाई परिस्थिति बुझाई स्वार्थ संझाई अनेकानेक मिश्रित भावहरूद्वारा मनाएको र नमनाएको हो।

जब नियमित आकस्मिकताको सूईले बोलाउँछ मनुष्यमस्तिष्कको फोनुविभागबाट नियमित आकस्मिकताले भनेको चाहिं रेकार्ड त्यसरी बज्न थाल्दछ जसरी त्यसमा नियमित आकस्मिकताले भरिराखेको थियो। नियमित आकस्मिकताले एक अवस्थामा मानिसलाई 'फूल फुल्यो' भन्न लाउँछ, फेरि त्यही रेकार्ड दोहोरिन्छ, तेहरिन्छ जहाँसम्म नियमित आकस्मिकता फूल फुलाइराखतछ. जब नियमित आकस्मिकता फूल झार्दछ अनिशब्द–सूई हालेर बोलाउँछ मानिस बोल्दछ —'फूल झऱ्यो'। यो सामान्य भयो; परन्तु नियमित आकस्मिकताले गर्दा मनुष्यमस्तिष्कमा यति जटिल भावहरू जेलिएर रहेका छन् कि फूल झर्ने बित्तिकै मानिस 'फूल झऱ्यो' मात्र होइन, 'बोट खाली भयो', 'हाँगा रित्तो भयो', 'फूल बिलायो', 'पुष्प खस्यो', 'कुसुम मऱ्यो', 'सुमन

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

स्वर्ग गयो'। इत्यादि इत्यादि जे पनि तर त्यही मात्र बोल्न सक्छ जुन शब्द र जुन भाव नियमित आकस्मिकताले उसलाई रोजेर बोल्न लाउँछ। कुनै आत्मवस्तुले मनुष्यलाई प्रकृतिक्रमदेखि भिन्न कारणको अभाव भएको अपूर्व कुनै सूत्र सिकाएको देखिंदैन। अतः मानिसको चैतन्य जडकै गतिविशेष हो — गति जड वस्तुमा शून्य आकाशले प्रेरणा गरेको अस्थिरता हो — त्यही गतिको प्रकाश जीव हो, त्यसैको रुमल्ल्याइ मनुष्यशक्ति हो। दार्शनिकहरूमा त्यही शक्तिको एक प्रकारले विकास हुँदै गएको देखिन्छ।

प्राचीन कालमा ऋग्-मन्त्र बनाउने वैदिक ऋषि अंगिरा, दीर्घतमा, संकृति, गौरवीति, बृहस्पति, बृहस्पतिपुत्र भरद्वाज, विदथी, कुशिकपुत्र विश्वामित्र, विश्वामित्रपुत्र अष्टक, वरुणपुत्र भृगु, भार्गव जमदग्नि, मित्रावरुणपुत्र वशिष्ठ, वामदेव, मरीचिपुत्र कश्यप, पराशर, नर, परमेष्ठिप्रजापति आदि धेरै छन्। ऋग्वेद संहिता मन्त्र-समूह हो, सब मन्त्र एकै समयमा बनेका होइनन्, तिनमा सयौं वर्षको अन्तर छ;— कति सूक्त फलाम पत्ता लाग्नुभन्दा अगिका कति पछिका छन्, कति मन्त्र प्रश्नरूपमा छन्, कति निर्णयरूपमा। त्यति अगि ती पवित्र, निरपेक्ष, शिशुवत निर्दोष वृद्ध, वैज्ञानिक तथा दार्शनिक कवि, तेजस्वी, योगी ऋषिहरूका निर्मल मनका उद्गार ऋग्वेद तथा यजुर्वेद, अथर्ववेद संहितामा पढ्दा हजारौं वर्ष अगाडिको विशुद्ध संसारले बामे सरेको देख्न सक्ने हामीमा दिव्यचक्षु प्रादुर्भाव हुन थाल्दछ। (तर वेदका गुप्तभाषा र रूपकहरू बराबर हाम्रा आँखा अगिल्तिर जालो

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

पर्न आउँछन्)। मनुष्यमा लहराजस्तै विचार फैलिंदै गयो, एक जना मर्‍यो, उसको विचार अर्को अर्कोमा सल्किंदै गयो, फीका विचार गाढा गाढा हुँदै गयो। थोरै जान्ने सोध्न लागे — किन? कहाँ? कसरी? को? के? कता? कति? कसको? कसबाट? कसमा? कसलाई? कसले? — धेरै जान्ने बताउन लागे — यसो! यहाँ! यसरी! यो! यही! यता! यति! यसको! यसबाट! यसमा! यसलाई! यसले! प्रश्नकर्ताको चित्त उत्तरले बुझेपछि त्यो श्रुति ती कण्ठस्थ गर्न लागे — ती विदित उक्ति वैदिक सूक्त बने।

यो ऋग्वेदको परमेष्ठि प्रजापति निर्मित त्रिष्टुप्छन्दको नासदीय सूक्तको अनुवाद हो; महर्षि दैवरात गजानन शर्माले मलाई बताइदिए अनुसार लेखेको छु:

(सृष्टिको आदिमा)

"त्यस समयमा न सत् थियो न असत्
न कुनै लोक थियो न आकाश र अरू पनि॥
सब कसले ढाकेको थियो? कहाँ कसको शरणमा थियो?
के गहन र गभीर अन्तरीक्ष थियो? ॥ १
त्यस वेला मृत्यु थिएन न अमृत थियो
रात दिनको चिह्न पनि उहाँ थिएन॥
वायुरहित सचेतन स्वधाशक्ति भएको उ एउटा मात्र थियो
उसबाहेक अरू उपरको कोही थिएन ॥२
अगि अँध्यारो थियो, अन्धकारमा लुकेको थियो —
बुझ्न नसकिने जस्तो सचल सब यो॥

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

सब ठाउँमा भएको जो तुच्छ भावले ढाकिएको थियो
त्यो तपशक्तिबाट विकास भयो ॥३
त्यहाँपछि सबभन्दा अगाडि कामना पैदा भयो
जो मनको पनि प्रथम बीज थियो ॥
असत्‌मा सत् वस्तुको संबन्ध
कविहरूले हृदयमा खोज्ने बुद्धिले पाए ॥४
उसको जो तेर्सो प्रवृत्तिको रश्मि छ
त्यो तलितर माथितर पनि थियो ॥
त्यो रश्मि विश्वको बीज धारण गर्दथ्यो, व्यापक थियो
स्वस्थितिमा प्रयत्नशील अरूमा क्रियाशील थियो ॥५
को यो विश्वलाई निश्चयले जान्दछ ? को भन्न सक्तछ
कताबाट आयो, कताबाट यो सृष्टि भयो ?
यसको उत्पादनले दिव्य पदार्थ पनि जडरूपमा आयो
यसैले को जान्दछ कहाँबाट उत्पन्न भयो ? ॥६
यो विश्वसृष्टि जुन पदार्थबाट भयो
त्यो यदि उसले धारण गरेको होस् कि नहोस् तापनि
जो यसको अध्यक्ष परम व्योममा छ
सो पनि हे अङ्ग (हे नानी !) जान्दछ कि जान्दैन ॥७ ”

यस सूक्तभित्र हामी एक महान् विशुद्ध जिज्ञासा पाउँछौं। आजसम्मको अध्ययन र आफ्नो निर्णयको दुवै आँखा छोपेर जिज्ञासु बनी मस्तिष्कको झोली थाप्यौं भने नियमित आकस्मिकताले त्यहाँ नासदीय सूक्त खसालेर हामीलाई पनि गवाउन सम्भव छ–

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

नासदासीन्नो सदासीत् तदानीं
× × × × ×
सो अङ्ग वेद यदि वा न वेद ।

यत्तिभित्र परमेश्वर, आत्मा, मनहरूको विषयमा दार्शनिक भावना, अनि आकाश वायु, तेज, जल, पृथ्वीमा मूल तत्वको वैज्ञानिक अनुसन्धान, उत्साह, निर्णय, अज्ञानता वा बुद्धिको सीमितपनाका अनुभूति, गंभीर ध्यान इत्यादिका बाज भर्खर फुटेको समय झैं चलचित्र देखिन्छ ।

वैदिक महर्षिहरू र उनका वेदमा माहात्म्य विज्ञान, दर्शन कविता चार शाखाका मूल भेटिन्छन। आजकाल दर्शन र विज्ञानलाई पनि स्पष्ट रेखा दिएर छुट्याउने गरेकाछन् तापनि आरम्भमा उनमा पार्थक्य थिएन। पछि उपनिषद्हरूले विशेष दार्शनिक रूप लिए भन्नेहरू वेदलाई कर्मकाण्ड उपनिषद्लाई ज्ञानकाण्ड भन्दछन् । सम्भव थियो त्यही वेलादेखि वैज्ञानिक हाँगा पनि भरिलो हुँदै जानु ! तर नियमित आकस्मिकताले पूर्वीपरिस्थितिलाई त्यसो हुने पारेन। ज्ञानकाण्डको विकास हुदै गयो, कर्मकाण्ड पनि यज्ञको धूवाँसितै ज्ञानकाण्डमा बिलायो; धनुर्वेद पनि वन्दूकवेद, तोपवेद, परमानुवेद, नबनी ज्ञानकाण्डकै कल्पनामा बिलायो; केवल वृद्ध आयुर्वेद आँगन पिंडी र छिंडीमा लर्खराएर अझै बाँचिरहेछ । पश्चिमी बातावरणमा पनि पछि मात्र दार्शनिक झाउ पन्छाउँदै बल्ल बल्ल वैज्ञानिक शाखा बढ्न पाएको हो । विश्वको सामान्य रूपको अध्ययन दर्शन हो, विशिष्टरूपको अध्ययन विज्ञान । वास्तवमा दर्शन सार्वभौम विज्ञानहो, विज्ञान एकी-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

करण दर्शन हो। 'आगोले जलाउँछ, न्यानो पार्दछ, खाने कुरा पकाउँछ'–यो दृष्ट भाग–यो प्रत्यक्ष आविष्कार विज्ञानको मूल हो; 'अग्निको आत्मा छ, उ हामीभन्दा बढ्ता जान्दछ, उ मनुष्यले भेट्न नसक्ने सब देवताकहाँ हाम्रो सन्देश पु-र्‍याउन सक्ने दैवता हो'–यो अदृष्ट मानसिक दर्शन दर्शनको मूल हो।

बन्चराको आघात वृक्ष अनुभव गर्दछ, तर नहिर्काउँ-दैमा बन्चरासित डराउने प्रतिमान वा आत्मानुभूति (इनस्यु-शन्) प्राप्ति गर्नालाई उसमा अंकुश छैन भन्ने कुरा अन्यत्र गइसक्यो। पशुको मस्तिष्कमा अज्ञ मनुष्य मस्तिकमा पहिलो पटकमा परेको धक्का अर्को पटकमा प्रतिमान (साक्षात् अन्त-र्ज्ञान) को रूप लिन्छ, फेरि अर्को पटक त्यही प्रतिभानले आत्माको रूप लिन्छ। कुनै फ्युज हालिएका विस्फोटक पदार्थ हाम्रो अगाडि आइपर्‍यो भने हामी त्यससित डराउंछौं, कुन वेला त्यो अकस्मात पड्कने हो भनेर त्यसको वर जान सक्तैनौं– त्यस विस्फोटक पदार्थको केन्द्रमा हाम्रो मन अदृष्ट आत्मा देख्तछ। सो पदार्थ हामीलाई झस्काएर फुटिसके पछि झन् त्यस आत्मालाई स्पष्ट देखेको मान हामीलाई पर्दछ। त्यस्तै आदिकालका भयभीत मनुष्य अग्नि वायु आदित्य सोम मेघ वज्र जल र भूकम्पमा हल्लिने पृथ्वी सबमा आत्माको दर्शन पाउंथे– त्यहा दर्शन दर्शनको मूल हो।

उपनिषद्कालमा दर्शनको विशेष विकास भयो। उपनिष-द्का विषय छन्–आत्मतत्व, परमात्मतत्त्व, ब्रह्मतत्व, परलोक,

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

देवयानद्वारा ब्रह्मलोक, पितृयानद्वारा चन्द्रलोक अनि उताबाट फिर्ती, पुनर्जन्म, सद्योमुक्ति, तथा अशब्द, अस्पर्श, अरूप, अरस, अगन्धवत्, अनादि; अनन्त, अस्थूल, अनणु, अन्हस्व तथा अदीर्घ परब्रह्म। उपनिषद्का महावाक्य छन्–'ओंकार,' 'अहंब्रह्मास्मि,' 'तत्त्वमसि'–'जीव र ब्रह्म एकै हो;'-'हामीमा जे छ विश्वमा त्यही छ, विश्वमा जे छ हामीमा त्यही छ'। कठोपनिषद्मा यम भन्दछन्,–'आत्मा मुख्य रथी हो, शरीर रथ, बुद्धि सारथि, मन लगाम, इन्द्रिय घोडा हुन् जो विषयरूपी मार्गमा हिंड्दछन्। बुद्धिमान्हरू इन्द्रिय र मनले युक्त आत्मालाई भोक्ता भन्दछन्।' उपनिषद्कालका ऋषि प्रवाहण जैवलि (वि. पू. ६५०) एक क्षत्रिय राजा थिए, सामवेदका प्रसिद्ध गायक पनि थिए, दार्शनिक पनि। देवयान पितृयाण पुनर्जन्म आदिको विषयमा उनले आरुणि र आरुणिपुत्र श्वेतकेतुलाई उपदेश गरेका छन्। जैवलिकै समकलीन सद्ब्रह्मवादी आरुणिको मतमा 'सत्बाट तेज, तेजबाट जल, (गर्मी हुँदा पसीना आएको प्रमाण उनले दिएका छन्); जीवात्माको व्यापकता विषयमा उनले आफ्ना पुत्र श्वेतकेतुलाई नूनको ढिका पानीमा बिलाएको देखाई त्यही पिउन लाएर त्यसमा रहेको नुनिलो उदाहरणद्वारा अदृष्ट आत्माको अस्तित्वलाई संझना लाएका छन्। आरुणिपछिका याज्ञवल्क्य वाणीलाई परब्रह्म मान्दछन्। राजा जनक प्रश्न गर्दछन्– कोही प्राण नै ब्रह्म हो भन्दछन्, कोही नेत्र, कोही श्रोत्र, कोही मन, कोही हृदय नै ब्रह्म हो भन्छन्, के हो?' याज्ञवल्क्य उत्तर दिन्छन् 'नेतिनेति–आत्मा नै ब्रह्म हो,···वीर्यको भित्र बसी नियमन गर्ने

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

त्यही अन्तर्यामी अमृत आत्मा हो'। जनक सोद्धछन् आत्मा के हो याज्ञवल्क्य उत्तर दिन्छन् —'प्राणको आन्तरिक ज्योति पुरुष ... ... उसका दुइ स्थान छन्,— यो लोक र परलोक तेस्रो सन्धिस्थान स्वप्नमा रहेर उ दुवै लोक देख्तछ।' आफ्नी पत्नी मैत्रयीलाई उनी तत्व उपदेश गर्दछन्— 'पतिको कामनानिमित्त पति प्रिय हुदैन, आफ्नै कामनानिमित्त पति प्रिय हुन्छ......'। जनकको सभामा गार्गी प्रश्न गर्दछिन् 'यो सबको आधार के हो?' याज्ञवल्क्य–आकाश। गार्गी-'आकाशको आधार के हो?' याज्ञवल्क्य— 'अक्षर'। गार्गी नमस्कार गरेर चुप लाग्दछिन्। याज्ञवल्क्य जनकबाट हजार गाई पाउँछन्। बृहदारण्यक उपनिषद्मा याज्ञवल्क्य भन्दछन्— 'यो विश्व पानीमा ओतप्रोत छ, पानी वायुमा, वायु अन्तरीक्षमा अन्तरीक्ष गन्धर्वलोकमा, ... यस्तै आदित्यलोकमा, चन्द्रलोकमा, नक्षत्रलोकमा, देवलोकमा, इन्द्रलोकमा, प्रजापतिलोकमा, ब्रह्मलोकमा।' गार्गी अन्त्यमा फेरि प्रश्न गर्दछिन् 'ब्रह्मलोक केमा ओत प्रोत छ?' याज्ञवल्क्य उत्तर दिन्छन् 'अतिप्रश्न नगर गार्गी, टाउको जाला! उपनिषद्कालकै एक अर्कै छाँटका ऋषि स्वतन्त्र विचारका दार्शनिक सयुग्वारैक थिए। छान्दोग्य उपनिषद्अनुसार ती गाडामन्तिर बसेर लुतो चिलाइरहने दार्शनिकको मनमा 'वायु नै मूल तत्व हो'।

त्यही बेलातिरका युनिक (आयोनिया) का प्रथम दार्शनिक थेल (थेलीज ५८० वि. पू.) ले पानीलाई मूलतत्व माने। उनपछि अनेग्जिमन्दर (५५४ बि. पू.) ले मूलतत्व

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

जलभन्दा सूक्ष्म 'अनिर्वचनीय' छ भन्ने ठहराए। अनक्सिम (अनेग्जिमिनिज षं ३० बि. पू) ले वायुलाई मूलतत्व माने अनि आयोनियाका दार्शनिक चुप लागे ।

यहाँपछि यूनानी दार्शनिक जागे। पिथागोर (पाइथेगोरस ५२५ बि. पू.) भारतमा आएका थिए भन्ने कहावत छ। पिथागोरपछि यूनानमा अरू दार्शनिक निस्के।

कसेनोफेन	(५२० वि. पू.)
परमेनिद	(४८३ वि. पू.)
हेराक्लितु	(४७८ वि. पू.)
अनक्सागोर	(४४३ वि. पू.)
एम्पेदोकल	(४३८ वि पू.)
जेनो	(४३३ वि. पू.)
सुकरात	(४१२ वि पू.)
देमोक्रितु	(४०० वि. पू.)

सबभन्दा पहिले थेलले उठाएको विश्वको मूलतत्व-विषयक प्रश्नमाथि यी सबले आफआफ्ना विचार प्रकट गरे। हेरक्लितु भन्दछन्- मूलतत्व एक छ,त्यो गतिमय छ। परमेनिद भन्दछन्-'मूलतत्व एक भएको भए उसमा गति या परिवर्तन हुँदैनथ्यो। एम्पेदोकल भन्दछन्-' मूलतत्व चार छन्।' अनक्सागोर भन्दछन्- 'मूलतत्व अनन्त बीजात्मक छन्। देमोक्रितु भन्दछन्-'मूलतत्त्व शून्य आकाशमा प्रबाहित असंख्य परमाणुको समूह हो।'

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

त्यही अन्तर्यामी अमृत आत्मा हो'। जनक सोद्धछन् आत्मा के हो याज्ञवल्क्य उत्तर दिन्छन् —'प्राणको आन्तरिक ज्योति पुरुष ... ... उसका दुइ स्थान छन्,— यो लोक र परलोक तेस्रो सन्धिस्थान स्वप्नमा रहेर उ दुवै लोक देखतछ।' आफ्नी पत्नी मैत्रयीलाई उनी तत्व उपदेश गर्दछन्— 'पतिको कामनानिमित्त पति प्रिय हुदैन, आफ्नै कामनानिमित्त पति प्रिय हुन्छ......'। जनकको सभामा गार्गी प्रश्न गर्दछिन् 'यो सबको आधार के हो?' याज्ञवल्क्य–आकाश। गार्गी-'आकाशको आधार के हो?' याज्ञवल्क्य— 'अक्षर'। गार्गी नमस्कार गरेर चुप लाग्दछिन्। याज्ञवल्क्य जनकबाट हजार गाई पाउँछन्। वृहदारण्यक उपनिषद्मा याज्ञवल्क्य भन्दछन्— 'यो विश्व पानीमा ओतप्रोत छ, पानी वायुमा, वायु अन्तरीक्षमा अन्तरीक्ष गन्धर्वलोकमा, ... यस्तै आदित्यलोकमा, चन्द्रलोकमा, नक्षत्रलोकमा, देवलोकमा, इन्द्रलोकमा, प्रजापतिलोकमा, ब्रह्मलोकमा।' गार्गी अन्त्यमा फेरि प्रश्न गर्दछिन् 'ब्रह्मलोक केमा ओत प्रोत छ?' याज्ञवल्क्य उत्तर दिन्छन् 'अतिप्रश्न नगर गार्गी, टाउको जाला! उपनिषद्कालकै एक अर्कै छाँटका ऋषि स्वतन्त्र विचारका दार्शनिक सयुग्वारैक थिए। छान्दोग्य उपनिषद्अनुसार ती गाडामन्तिर बसेर लुतो चिलाइरहने दार्शनिकको मनमा 'वायु नै मूल तत्व हो'।

त्यही बेलातिरका युनिक (आयोनिया) का प्रथम दार्शनिक थेल (थेलीज ५८० बि. पू.) ले पानीलाई मूलतत्व माने। उनपछि अनेग्जिमन्दर (५५४ बि. पू.) ले मूलतत्व

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

जलभन्दा सूक्ष्म 'अनिर्वचनीय' छ भन्ने ठहराए। अनक्सिम (अनेग्जिमिनिज षं ३० बि. पू) ले वायुलाई मूलतत्व माने अनि आयोनियाका दार्शनिक चुप लागे।

यहाँपछि यूनानी दार्शनिक जागे। पिथागोर (पाइथेगोरस ५२५ बि. पू.) भारतमा आएका थिए भन्ने कहावत छ। पिथागोरपछि यूनानमा अरू दार्शनिक निस्के।

क्सेनोफेन	(५२० वि. पू.)
परमेनिद	(४८३ वि. पू.)
हेराक्लितु	(४७८ वि. पू.)
अनक्सागोर	(४४३ वि. पू.)
एम्पेदोकल	(४३८ वि पू.)
जेनो	(४३३ वि. पू.)
सुकरात	(४१२ वि पू.)
देमोक्रितु	(४०० वि. पू.)

सबभन्दा पहिले थेलले उठाएको विश्वको मूलतत्वविषयक प्रश्नमाथि यी सबले आफआफ्ना विचार प्रकट गरे। हेरक्लितु भन्दछन्– मूलतत्व एक छ, त्यो गतिमय छ। परमेनिद भन्दछन्–'मूलतत्व एक भएको भए उसमा गति या परिवर्तन हुँदैनथ्यो। एम्पेदोकल भन्दछन्–'मूलतत्व चार छन्।' अनक्सागोर भन्दछन्– 'मूलतत्व अनन्त बीजात्मक छन्। देमोक्रितु भन्दछन्–'मूलतत्त्व शून्य आकाशमा प्रवाहित असंख्य परमाणुको समूह हो।'

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

यसै बेला यूनानमा अर्को थरी घुमन्ता सोफी (सूफी) हरू थिए। उनीहरूलाई माथिका विवाद टुङ्गिएर कुनै सिद्धान्त निश्चित भएकोमा चित्त बुझेन। अनि उनले सन्देहबाद निकाले। यही सन्देहवादी दर्शनबाट यथार्थवादी वा बुद्धिवादी सुकरात उम्रेका हुन। सुकरातको बुद्धिवाद अफलातूँ (३७० वि. पू.) मा गएर फैलियो, अनि वस्तुवादी अरस्तू (३२७ वि पू.) गएर झाङ्गियो। त्यस उपरान्त यूनानी दर्शनको पनि एक तरहले अन्त भयो। भारतीय दर्शनमा परमात्मा र आत्मा प्रधान विषय भए जस्तै यूनानी दर्शनमा ती त्यस्ता छैनन्। यूनानको सन्देहबाट जस्तै उपनिषद्–कालको अन्त्यतिर भारतमा पनि एक थरीले 'संशयात्मा विनश्यति' भनेर तर्साउँदा तर्साउँदै पनि अर्कोतिर स्वतन्त्र चार्वाकदर्शन निस्क्यो, किनभने सन्देहबाद स्वाभाविक भावना हो। सन्देहबाट उनीहरू अनात्म–भौतिकवादमा पुगे । लोकायतिक अर्थात् चार्वाक दर्शनाचार्य बृहस्पतिको मतमा छ– , पृथ्वी जल अग्नि वायु यी चार भूतबाट चेतना उत्पन्न भएको हो, विश्व-सृष्टि स्वभावैले भएका हो; ईश्वर, आत्मा, पूर्वजन्म, पुनर्जन्म परलोक सब कपोलकल्पित हुन्; मनुष्यजीवनको लक्ष्यमा समाजको उन्नति हुनुपर्दछ। समाजको नियमानुकूल चलनामा नै संसारको कल्याण छ। '

यसरी उपनिषद्मा याज्ञवल्क्य आदि ऋषिहरूले जमाई टम्म पारिराखेको विचारतरुमा चार्वाकहरूका स्पर्शले गर्दा अनेक हाँगा फाट्न थाले :

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

जैन दर्शनका आद्य प्रवर्तक (तीर्थंकर) पौराणिक ऋषभदेव हुन् भन्ने कसैको मत छ । बुद्धलाई दशावतारमा एक माने जस्तै ऋषभदेवलाई चौवीस अवतारमा एक मान्नामा ब्राह्मणधर्मले पनि गौरव मानेको छ । अद्‌भुतका दार्शनिक जडभरत उनैका पुत्र हुन् । जैनका एक्काईस तीर्थंकरमा अन्तिम दुइ तीर्थंकर श्वेताम्बर पार्श्वनाथ र दिगम्बर वर्धमान महावीर हुन् । महावीर बुद्धभन्दा केही अगाडिका हुन् (५५० वि, पू. तिरका) । अनीश्वरवादी–अनेकान्तवादी–स्याद्‌वादी–अहिंसावाद जैनसिद्धान्त हो । उपनिषद्‌को–'नसत थियो न असत् र 'ब्रह्म सत', फेरि चार्वाकको 'विश्व सत्, ब्रह्म असत्' बाट महावीर भन्दछन्– 'स्यादस्ति, स्यान्नास्ति, स्याद अवक्तव्यम्' (सम्भवतः छ, सम्भवतः छैन, सम्भवतः अवर्णनीय छ) । अनि बुद्ध भन्दछन्–'सब असत' ।

शून्यवादी गौतमबुद्ध (जन्म ५०१ वि पू.) बाट अनात्मअभौतिकवादी अहिंसावाद टुसायो । बुद्धको मतमा संसार अनित्य छ, अनात्म छ, दुःखमय छ कसको मतमा छैन ! 'ऋते ज्ञानान्न मुक्तिः' यो बुद्धले पनि मानेका थिए । कसले मानेको छैन!शरीरको शुद्धिविना ज्ञान हुँदैन भन्ने संझी उनी विशेष आचारमार्गमा लागेका हुन् । यसमा भने लुते सयुग्वा रैक र फोहरी सुकरातका अनुयायी सहमत होओइनन् ।

उसै समयतिर अद्वैतवादी वेदान्ती वादरायण व्यासले 'ब्रह्मसूत्र', पुरुष र प्रकृतिलाई मूलतत्व मान्ने कपिलले बुद्धि पक्ष लिई निरीश्वर 'सांख्य सूत्र', तत्वज्ञानको निति व्यव-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

हारपक्ष लिने रहस्यवादी पतञ्जलिले सेश्वर सांख्यसूत्र वा 'योगसूत्र', परमाणुवादी कणादले निरीश्वर 'वैशेषिक सूत्र' बुद्धिवादो तथा ईश्वरवादी अक्षपाद गौतमले 'न्यायसूत्र,' वेद-लाई स्वतः प्रमाण मान्ने–फेरि वेदमा फर्क, वेद स्वतः प्रमाण छ भन्ने–शब्दवादी जैमिनिले निरीश्वर 'मीमांसासूत्र' निर्माण गरे।

यी प्रसिद्ध षट्शास्त्र बनाउने मुनिहरू केवल सूत्रकार हुन्, मूल प्रवर्त्तक यी होइनन्। योग इत्यादि सब विषयको चर्चा त वैदिक समयदेखि नै चलिआएको देखिन्छ। यी सूत्र-रचनाका समयको विषयमा विद्वानहरू केवल आनुमानिक निर्णयको भर परेका छन्– त्यसमा ५०० वि. पू. देखि वि. सं. ४०० सम्म अथवा नौ सयवर्ष भित्रमा उनको मतभेद छ। हिन्दूहरू षटशास्त्र बुद्ध भन्दा अगाड़िका र बौद्धहरू बुद्ध भन्दा पछाड़िका सिद्ध गर्नालाई तानातान गर्दछन्–निष्पक्ष विचारको आवश्यकता छ। बौद्ध दार्शनिकहरूमा नागार्जुन, असंग, वसुबंधु, दिग्नाग, र नालन्दा विश्वविद्यालयका प्रधान आचार्य धर्मकीर्ति (वि. सं. ६५७) प्रसिद्ध छन्। जे होस् यी भारतीय दार्शनिकहरूमा एउटाबाट अर्को त्यस्तै प्रभावित छन् जस्तो कुनै मन्दिरका एक ईटमा अर्को ईंटमा प्रभाव छ। जस्तो अरू ईंटलाई पन्छाएर एक ईंट-लाई लियौं भने त्यो मन्दिरै हुँदैन, त्यस्तै अरू दार्शनिकका मत हटाएर कुनै दार्शनिकको मौलिकता खोज्यौं भने उ दार्शनिकै ठहर्दैन। फेरि सम्पूर्ण दर्शनमा के छ?–स्वयं मनुष्य स्वभावको दिग्दर्शन।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

भारतमा पनि सूत्रकारहरू केवल प्राचीन स्रोतमा बाँध हाल्ने मात्र हुन्। वास्तवमा प्रवाहण, आरुणि र याज्ञवल्क्य पछि भारतवर्षका; थेल अनेग्जभन्दर र अनक्सिमनपछि-यूनानका दार्शनिक जिज्ञासाले नयाँ पालुवा हाल्न छोड्यो, केवल पुरानै पात बढ्न थाले। अनि वृत्तिकाल आयो भाष्य-कारहरू आए। व्यासको ब्रह्मसूत्रमा परस्परविरोधी भाष्य-ग्रन्थहरू निस्कन थाले।

निर्विशेषाद्वैतवादी शाङ्करभाष्य (वि. सं. ८६०)
विशिष्टाद्वैतवादी रामानुजभाष्य (वि. सं ११९७)
द्वैतवादी माध्वभाष्य (वि. सं. १२९५)
द्वैताद्वैतवादी निम्बार्कभाष्य (वि. सं १३०७)
शुद्धाद्वैतवादी वल्लभभाष्य (वि सं. १५५७)
अविभागाद्वैतवादी विज्ञानभिक्षुभाष्य (वि. सं.१६५७)

शङ्कराचार्य, कुमारिल भट्टहरूले बौद्धहरूलाई परास्त गरी निभ्न लागेको वैदिक धर्मलाई फेरि उकासे। परन्तु बुद्ध नभएका भए शङ्कर हुने थिएनन्। शङ्कर बौद्धसिद्धान्तका ऋणी छन्, तसर्थ उनलाई भन्नेहरू 'प्रच्छन्न बौद्ध' पनि भन्दछन्। सूत्रकारपछि यी भाष्यकारहरूको समयदेखि आजसम्म भारतको त्यही अवस्था छ जुन अरस्तूभन्दा पछि र डेकार्टभन्दा अगि यूरोपको थियो। त्यही समयमा धार्मिक रहस्यवादको यूरोपमा प्रचार भए जस्तै भारतमा अझै भइरहेछ–'रघुपति राघव राजा राम'। तर सम्भव छ नियमित आकस्मिकताले पूर्वमा पनि पश्चिममा जस्तै कलात्मक पुनरुद्दीपन हुनु।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

भारतीय रहस्यवादी दार्शनिकहरू कसरी विचारलाई सीमाभित्रै त्रिकोण चतुकोष्ण षट्कोणहरूको बुट्टा हाल्न पछि लागे, तिनका केही नमूना यहाँ छन्।

पृथ्वी चौकांसमा जडिएकी छन्, पृथ्वीवरिपरि सात द्वीप (जम्बू, प्लक्ष, शाल्मली, कुश, क्रौंच, शाक, पुष्कर) र सात समुद्र (क्षार, इक्षुरस, मदिरा, घृत, दुग्ध, दधि, मधु) छन्; पृथ्वीमास्तिर सात लोक (भूर्लोक भुवर्लोक, स्वर्लोक, महर्लोक, जनलोक, तपोलोक, सत्यलोक,); पृथ्वीतलतिर सात लोक (अतल, वितल, सुतल, तलातल, महातल, रसातल, पाताल) छन्। कति राम्रो चौतारो ! फेरि जम्बूद्वीपको परिधि क्रमशः चार लाख कोश, प्लक्षद्वीपको आठ लाख, यस्तै गरो अन्त्यमा पुष्करद्वीपको परिधि दुइ करोड छपन्न लाख कोशको छ। वास्तविक पृथ्वीको परिधि बाह्र हजार कोश ती विशाल कल्पनाको अगिलतिर कति थोरै ! यो भूगोल खुल्दा चारकुने अरू बुट्टा पनि छन्–पृथ्वी, जल, अग्नि, वायु; काम. क्रोध, लोभ, मोह, ऋक्, यजुः साम, अथर्व; धर्म, अर्थ काम, मोक्ष; ब्राह्मण, क्षत्रिय, वैश्य; शूद्र, अब्बल, दायम, सीयम, चहार; ब्रह्मचर्य, गार्हस्थ्य, वानप्रस्थ, संन्यास, मन, चित्त, बुद्धि, अहकार; शंख, चक्र, गदा, पद्म; पत्र, पुष्प, फल, तोय; चार किसिमका अन्न (चपाइने, पिइने, चाटिने, चुसिने,) स्वलक्षण, क्षणिक, अनृत, शून्य; यस्तै तीनकुने बुट्टाः सत्व, रज, तम; बुद्ध, धर्म, संघ; तीन प्रकारका यज्ञ; तीन प्रकारका तप; तीन प्रकारका दान; तीन प्रकारका वेद जम्मा चार–वेद, दान, तप, यज्ञ, फेरि तीन प्रकारका श्रद्धा; तीन प्रकारका त्याग ज्ञान, ज्ञेय,

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

ज्ञाता ; वाक्, भावना, कृति; ज्ञान, उपासना, कर्म; तीन प्रकारका ज्ञान तीन प्रकारका कर्म, तीन प्रकारका कर्ता, तीन प्रकारका बुद्धि, तीन प्रकारका धृति, तीन प्रकारका सुख, जम्मा छ प्रकार; इत्यादि, इत्यादि।

अब उतातिर—

अरस्तूपछि यूरोपमा स्तोइक स्केनोफेन (५१३–४२३ वि. पू.) हरूद्वारा ईश्वरीय धर्मको प्रचार बढ्दै गयो। ईसा-मसीह त्यही धर्मबाट उब्जेका एक अधिक मात्राले मौलिको देखिएका परम भक्त हुन्–भारतीय प्रह्लाद, मीराबाई, सूर-दास, रामकृष्णहरूका न्यूनाधिक गुण भएका। ईसापछिधर्मको प्रचार झन् बढ्यो; पछि अगस्तिन् (वि. सं. ४११ ४८७) हरू जस्ता सन्तद्वारा सो धर्मले दार्शनिक रूप लियो, जुन पूर्वार्द्ध मा अफलातूबाट उत्तरार्द्धमा अरस्तूबाट प्रभावित छ। उनमध्ये पछि टमस एक्विनस (वि. सं. १२८२) ले गिर्जाको विचार-लाई परत्रबाट वरत्रमा झार्ने यत्न गरे तापनि रहस्यवादले त्यो मानेन। एक्विनसले सत्यलाई दुइ प्रकारमा बाँडे–एक धार्मिक सत्य, अर्को बौद्धिक सत्य। उनको विचारमा धर्मको दृष्टिमा बुद्धि र बुद्धिको दृष्टिमा धर्म मिथ्या हुन सक्छ। परन्तु रहस्यवादले बौद्धिक सत्यलाई सहन सकेन–गिर्जा वैज्ञानिक अन्वेषणसित डराइरह्यो, तर्कलाई उसले पाप संझ्यो।

पश्चात् इटलीमा भएको कलात्मक 'पुनरुद्दीपन पछि यूरो-पमा विज्ञानको घच्घच्याइले सुप्त दर्शन फेरि बिउँझ्यो। लिओनार्डो ड भिन्सीको स्वतन्त्र विचारले डेकार्ट (वि. सं. १६५२) जस्ता दार्शनिकलाई झुकायो। डेकार्ट र बेकन नम-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

को भए लाइब्निज वा लक अनि बर्कले र ह्यूम अनि कान्ट वा मिल अनि फिख्टे वा स्पेन्सर अनि युकेन वा बर्टेन्डर-सेल (वि. सं. १९२९) लाई हामी यो रूपमा पाउने थिएनौं । अनि स्पिनोजा र कान्ट नभएका भए हेगेलको अनुहार कस्तो हुन्थ्यो ?– शोपेनहार कस्ता हुन्थे !–निट्ज्शे कस्ता हुन्थे !– बर्गसाँ (वि. सं. १९१६) लाई अनि हामी कस्तो फेला पार्दथ्यौं होला ! अमुक पिता नभएको भए अमुक पुत्र जन्मदैनथ्यो भनी जसरी किटेर भन्न सकिन्छ उसरी यूनानी भारतीय दर्शन नदेखेका भए प्रथम सूफी भएर भक्त अबू हाशिम (वि. सं. ८२७) उम्रदैनथे भन्न सकिन्छ ।

यूरोपीय दार्शनिक स्रोतस्विनाका केही कलकल निनाद यी हुन् । फ्रान्सिस बेकन भन्दछन्–'हामी मरेपछि हाम्रो आत्मा ईश्वरमा चढ्दछ; ' हब्स भन्दछन्–' ईश्वर जानिन्नन्;' लक भन्दछन्–' ईश्वर आत्मतत्त्व हुन्; ' लाइब्निज भन्दछन्– दर्शन ईश्वरसम्म पुग्न सक्तछ, ईश्वर जे गर्दछन् ठीक गर्दछन्;' कान्ट भन्दछन्–' ईश्वर सीमापारी छन्; ' फिख्टे भन्दछन्– ईश्वर परमतत्त्व हुन्; ' हेगेल भन्दछन्–'विश्व नै ईश्वर हो,मन र भौतिक प्रकृति नै परमतत्त्व हुन्;' शोपेनहार भन्दछन्-'मूलतत्त्व सर्वव्याप्त तृष्णा वा इच्छा नै हो, तृष्णा नै आत्मा हो, ईश्वर छैनन्; ' निट्ज्शे भन्दछन्–'ईश्वर छैनन्, सब देवता मरिसके !' ; स्पेन्सर भन्दछन्–'अज्ञेय कुनै परमतत्त्व छ, ईश्वर स्वप्नबाट उब्जेको विचार हो;'बुखनेर भन्दछन्–'विश्व भौतिक तत्त्व र गतिले बनेको हो, गति शक्ति हो, सृजना गर्ने ईश्वर छैनन्';लड्विग फ्वेरबाख भन्दछन्–'ईश्वरलाई मानिसले बना-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

एको हो, तसर्थ मानिस उसले बनाएको ईश्वरबाट चिनिन्छ, मानस र उसको ईश्वर एउटै हो,' ह्वाइट हेड भन्दछन्–'ईश्वर छन्'; युकेन भन्दछन्–'आत्मिक जीव नै ईश्वर हो' बर्गसाँ भन्दछन्– 'जीवन र ईश्वर एउटै हो, भौतिक र मानसिकदेखि भिन्न तत्व जीवनको केन्द्रीय प्रकाश प्रसरण नै ईश्वर हुन्, उनी सर्वशक्तिमान् छैनन्; भौतिक पदार्थले बाँधिएका छन, सर्वज्ञ छैनन्, ज्ञानमार्गमा बढिरहेका छन्,' बर्टरंड रसेल भन्दछन्– 'गणितभन्दा अर्को कुनै ईश्वर छैनन्;' सान्तायन भन्दछन्— 'ईश्वर छैनन्;' विलियम जेम्स भन्दछन्–' ईश्वर अनन्त होइन सान्त छन, संसारको भाग्यको आकार बनाउनामा सहानुभूति राख्ने उनी एक शक्तिशाली सहायक हुन्;' जोन दिवे भन्दछन्–' प्रकृतिदेखि पर अर्को केही छैन'।

यिनीहरूदेखि भिन्न पाल ब्रन्टनहरू जस्ता कोही आधुनिक वैज्ञानिक आस्तिकहरू छन् जो 'अग्नि नै ईश्वर हो, वायु नै ईश्वर हो' भन्न छोडेर 'अक्सिजन नै ईश्वर हो' भन्न पनि छोडेर 'इलेक्ट्रन नै ईश्वर हो, फोटन नै ईश्वर हो' भन्दछन्; यिनीहरूभन्दा पनि सूक्ष्म तत्त्व भेटियो भने त्यसैलाई फेरि ईश्वर भन्नुपर्ला भनेर तो दाउ हेरिरहेछन् । सभ्यताको आरम्भमा अग्निलाई ईश्वर मान्नु र अजिकालको परमाणु युगमा परमाणुलाई नै ईश्वर मान्नु स्वाभाविक घटना हो ।

यी दार्शनिकहरूका अनेकानेक तर्कना नियमित आकस्मिकताले उब्जेका पानीका फोकाहरू हुन् । स्वभाव जस्तो तत्त्वहरूमा ' मिलन खोज्नु ' छ, जस्तो अझ विशेष वृक्षहरूमा ' चुस्न खोज्नु ' छ, जस्तो अरू अरू विशेष पशुहरूमा 'हिड्न

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

खोज्नु ' छ, त्यस्तै अज्ञ विशेष मनुष्यमा ' जान्न खोज्नु ' छ । त्यही ' जान्न खोज्नु ', ' केही जान्नु ' र 'अज्ञ-जान्न खोज्नु' को समवाय दर्शन हो । पहिलो ठीक छ, पछिल्ला पनि ठीक छ, यी दुइ आसीक हुन्; बीचको ' केही जान्नु ' यसको सैद्धान्तिक रूपचाहि नियमित आकस्मिकताले मनुष्य-समाजलाई दिएको श्राप हो; केही जानेकोमा अभिमान नगरेर, अज्ञ जान्न खोज्नु श्रापमोचन हो ।

यो दर्शनको प्रवाहमा पतञ्जलि पनि केवल एक वक्रगति हुन्, भौतिक गतिदेखि भिन्न चैतन्यको अस्तित्व देखाउने उनमा कुनै पूर्वजन्म-वासना डल्लिएको स्वयँप्रकाश अविनाशी आत्मा देखिंदैन । पतञ्जलिद्वारा नियमित आकस्मिकताले मनको एक सिद्धान्त विशेष देखायो ।

(३) कविता ।

कलकलरवसहित कलाकल्लोलको पनि प्राकृतिक नियमले क्रमशः विकास भइरहेको छ । कविताशक्ति के हो ?—कलात्मक गति । प्रथमतः गति परम्परागत सर्दछ, सो सरेको गति दुइ किसिमले मात्रातक अड्दछ; — एक घुमेर, अर्को दुइतिर तौल मिलाएर, जस्तो, — भुरुङमा गति एकनास घुमेर अड्दछ, घडीको कमानामा फुक्कै घुमेर अड्दछ; दुइतिर भित्तामा भकुण्डो घेरैचोटि ठक्कर लाग्दा गति करौंते बुट्टाले तौल मिलाई अड्दछ ; घडीको लङ्गरमा, जीवको श्वासप्रश्वासमा, मुटुको रक्त लेनदेनको स्पन्दनमा पनि त्यो त्यसरी नै अड्दछ; अनि शनैःशनैः प्राप्तिको मात्रा-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

अनुसार खर्च हुन्छ। त्यही गति सर्पमा दुवैतिर नागवेली परेर, चरामा दुइ पखेटा फिंजाएर, मानिसमा दुइ खुट्टा चालेर तौलनेन्द्रियद्वारा व्यक्त हुन्छ। त्यही क्रिया मस्तिष्कद्वारा कलाभिरुचि भएर प्रकाश हुन्छ। मानिस थोप्लै थोप्ला लहरै हालेर बुट्टा बनाउँछ किनभने उसको नाडी त्यसरी नै चलिरहेका छ, फेरि बाटुलै बाटुलो वा धर्कै धर्का लहरै हालेर पनि बुट्टा रच्तछ किनभने उसका आँखा त्यसरी नै झिम-झिम गरिरहेका, श्वासप्रश्वास त्यसरी नै रेखा खिचिरहेका छन्। यसरो इन्द्रियवस्तु तौलेर तुल्यताको अडानमा तृप्ति चाहन्छ, त्यही चाहना मनुष्यमा कला-प्रेम हो।

हाम्रा भारतीयहरूले चौसट्ठी प्रकारका कला मानेका छन् तापनि सामान्यतः कलालाई पाँच भागमा बाँड्न सकिन्छ। कला त्यो हो जसले मनलाई तुल्यात्मक आनन्द दिन्छ :

(क) रूप। कारीगरीले आँखाद्वारा।
(ख) शब्द। वाद्यले कानद्वारा।
(ग) रस। सूपकर्मले मुखद्वारा।
(घ) गन्ध। गन्धयुक्तिले नाकद्वारा।
(ङ) स्पर्श। उत्सा दनले छालाद्वारा।

यी पाँचै कलाले मनलाई दिने भाव नै मुख्य भएकोले अझ कलालाई मुख्यतः तीन स्थानमा राख्न सकिन्छ :

एक — चित्र। रूप + भाव।
दुइ — संगीत। शब्द + भाव + रूप।
तीन — कविता। भाव + रूप + शब्द।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

हामीलाई कविता धनात्मक र तुल्यात्मक गुण भएका यिनै तीन कुराले मन पर्दछ – कलाकारको मन कलाकै व्यापार बढाइरहन्छ — जोखेर लिंदै दिंदै । वियोगान्त कविता नाटक चित्रहरूसमेत हामीलाई आनन्द दिन्छन्, किनभने अरू कलाको अतिरिक्त उनमा वास्तविक जगत्को दुःखान्त परिस्थितिसित तौलिएको कलात्मक जगत् रहन्छ । फेरि कलाले हामीलाई त्यसको सट्टा वास्तविक दुःखलाई कलासित तौलने सूचना दिन्छ, अनि हामी वियोग सहँदा कलाकै अनुग्रहद्वारा आनन्द लिन सक्तछौं; उसैले कवि शेलि 'सबभन्दा शोकपूर्ण विचार प्रकट गर्ने गीतलाई सबभन्दा मीठो' मान्दछन् । शेक्सपियरको 'रोमियो र जूलियट' तथा निजामीको 'लैलामजनू' ले कति आँसु झिके होलान्, त्यसमा भन्दा सहानुभूतिले कति आँसु पुछेहोलान्, त्यसमा विशेष महत्व छ । वस्तुतः चित्र आँखाको संगीत हो, संगीत कानको कविता हो, कविता मनको चित्र हो, चित्र आँखाको कविता हो, कविता मनको संगीत हो, संगीत कानको चित्र हो । फेरि चित्र-रूप कविता हो, संगीत शब्दकविता हो, कविता भावकविता हो । यी केवल लौकिक स्वाभाविक भौतिक वस्तु हुन् !

जुन प्राकृतिक नियमले मानिसका चार हातखुट्टा अथवा पशुका चार पाउ बने मनुष्य शक्तिद्वारा उसैको प्रतिबिम्ब चार पाउमा भावप्रकाश हुन थाल्यो, छन्द बने, त्रिष्टुप्-अनुष्टुप्, गायत्री, उष्णिक्, इत्यादि; त्यस्तै बाघका चालसितै मिल्ने शार्दूलविक्रीडित, सर्पको गतिसितै मिल्ने भुजङ्ग-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

प्रयात, इत्यादि। जस्तो दुइ ऐना सोझो सोझो राख्दा प्रतिबिम्बमा प्रतिबिम्ब गाँसिदै जान्छ उस्तै ऋग्वेदकालका नारायण ऋषिले पुरुषसूक्तमा सबभन्दा जेठो तत्त्व (ज्यायाँश्च पूरुषः) को विचार गर्दा चार पाउ भएको कल्पना गरे—

पादोऽस्य विश्वाभूतानि त्रिपादस्यामृतं दिवि

(सारा जगत् उनको एक पाउ हो, अमृतरूपी अरू तीन पाउ–अग्नि, वायु, आदित्य– भूर्भुवःस्वः–दिव्य छन्)

त्रिपादूर्ध्व उदैत् पुरुषः पादोऽस्येहाऽभवत्पुनः।

(सो तीन पाउ भएका पुरुष सबभन्दा उच्च छन्, फेरि उनको एक पाउ हाम्रो हृदयमा छ)।

ऋग्वेदमै अर्को ठाउँमा छ—

'तत् विष्णोः परमंपदम् सदा पश्यन्ति सूरयः।

यिनै उक्तिका छाया पर्दा पछि व्यासले पुराणमा तीन पाउ भएका वामन, विष्णुका अवतार उनका पाउले पृथ्वी अन्तरीक्ष द्यौ ढाकेको इत्यादि वर्णन गरेका छन्। भगवद्गीताका 'एकांशेन स्थितो जगत्' पनि उतैबाट आएको हो; विश्वरूप पनि उहींको विराट्बाट—

'तस्माद्विराडजायत विराजो अधिपूरुषः

सजातो अत्यरिच्यत पश्चाद्भूमि मथो पुरः।'

(पुरुषसूक्त–ऋग्वेद)

(परम पुरुषबाट विराट् पैदा भयो, विराट्बाट हिरण्यगर्भ, उनी जन्मेपछि भूमि आकाश सबलाई ढाकेर बसे।)

अनि गीताकै—

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

'नभःस्पृशं दीप्तमनेकं वर्णम्'

फेरि ऋग्वेदकै ऋषि वैकुण्ठइन्द्रको आत्मस्तुतिबाट र ऋषिपत्नी वागाम्भृणीको सूक्तबाट विभूतियोग विकशित भएका देखिन्छन् ।

यसरी हाम्रा वैदिक ऋषिहरूका तथा पाश्चात्य प्रथम विचारवान्हरूका गुरु प्रकृति बन्यो, अनि गुरु-शिष्यपरम्परागत सो विचारगति झन् झन् गुडिंदै गयो । यो विराट् जानिनसक्नु संसार नभएको भए ऋषिहरू परम पुरुषलाई मन्त्रले बोलाउँ दैनथे, ती मन्त्रहरू नभएका भए दशरथपुत्र मन्त्रले निर्माण गरिएका साकार देवता राम बन्दैनथे, राम नभएका भए वाल्मीकिं रामायण बन्दैनथ्यो । रामचरित्र र अरू अरू अनेक वैदिक र लौकिक अलंकार विद्युत्तरङ्गमा परिणत भई वाल्मीकिको मस्तिष्कमा चक्षु र श्रोत्रेन्द्रियद्वारा पसी त्यही विद्युत् फेरि शब्दतरङ्गमा परिणत भएर बाहिर निस्की नियमपूर्वक अङ्कित भएको आकस्मिकता रामायण हो । वाल्मीकिको 'सुन्दरकाण्ड' नदेखेका भए कालिदासबाट संस्कृतमा सबभन्दा राम्रो कविता 'मेघदूत' बन्दैनथ्यो, बनिहाले पनि त्यो त्यस्तो हुँ दैनथ्योः हनुमान् कहिले बादलभित्र लुक्ने कहिले बादलबाहिर निस्केर चन्द्रमाको उपमा बन्ने विचार नउदाएको भए यक्ष आफ्नी प्रियाको मुखलाई कहिले बादलभित्र पस्ने कहिले बादलबाहिर देखापर्ने चन्द्रमासित दाजेर मेघैसित

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

कुरा गर्दैनथे । अनि 'मेघदूत' नबनेको भए मोतीराम भट्टको सबभन्दा राम्रो कविता 'पिकदूत' बन्दैनथ्यो ।

महासागरमा एउटा मानिस पस्यो भने तमाम सागरको आकार बदलिन्छ, समुद्रबाट एउटा माछा बाहिर झिक्यो भने त्यति अंशमा समुद्र घट्तछ । यो वायुसमुद्रमा अथवा विद्युत्-समुद्रमा केवल एकमात्र धनात्मक वा ऋणात्मक विजुली थपियो भने तमाम विश्वको आकृति गति त्यति मात्रामा बदलिन्छ । यो कविसमुद्रको विकाशमा कविहरूको मस्तिष्कभित्र थेग्रिन गएका विचार-प्रेरणाले पनि त्यसरी नै काम गरिरहेको छ । हाम्रा साहित्यसमुद्रमा मोतीरामलाई एक कल्पनाले झिकेर हेर्न सक्यौं भने उनीपछिका सब कविका कविता छन्दोभङ्ग अक्षर टुटेका अर्थ नलाग्ने हुन आउँछन् । चार सुरमा चारौटा बत्ती बालेका कोठामा एउटा बत्ती निभाउँदा उसले थपेको उज्यालो जत्ति सबैतिरबाट झिकिए जस्तै मोतीरामले थपेको विचार नेपाली साहित्यबाट झिकियो भने के होला ! होमर नभएका भए इस्काइलसका, इस्काइलस नभएका भए शेक्सपियरका, शेक्सपियर नभएका भए वर्ड्सवर्थका वर्ड्स्वर्थ नभएका भए शेलिका, शेलि नभएका भए लक्ष्मीप्रसादका; वाल्मीकि नभएका भए कालिदासका, कालिदास नभएका भए भानुभक्तका, भानुभक्त नभएका भए मोतिरामका, मोतिराम नभएका भए लेखनाथका लेखनाथ नभएका भए लक्ष्मीप्रसादका; र लक्ष्मीप्रसाद नभएका भए लेखनाथका कविताको स्वरूप अहिले अर्कै हुन्थ्यो । एक बालक अमुक-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

व्यक्तिको गोता जानु नजानु उसको पूर्ववंशवृक्षको अमुक व्यक्तिकै अस्तित्वमा निर्भर छ ।

भास र अश्वघोष र कालिदास र भवभूति र श्रीहर्षको; फेरि इटलीका कवि वर्जिल, गुइडो कवल्कान्ति, आर्नट डेनियल र दाँतेहरूको सम्बन्धसूत्र हामी छाम्न सक्छौं। इटलीको कलात्मक पुनरूद्दीपनबाट प्रभावित भएका मिल्टनले दाँतेको शैली अनुकरण गरेर माइकेल एन्जेलो, ऱ्याफेल, र लिओनार्डोहरूका मूर्ति र चित्रहरूलाई अंग्रेजी भाषाको महाकाव्य 'प्याराडाइज लस्ट' मा अनुवाद गरे। स्पेन्सर मार्लो, शेक्सपियर, मिल्टन, ड्राइडेन, याडिसन, पोप, गोल्डस्मिथ, वर्ड्स्वर्थ, कोलरिज, बाइरन, शेलि, कीट्स, लङफेलो, टेनिसन, म्याथु आर्नल्ड, ब्राउनिङ्ग, इट्स, इज्रापन्ड र टी. एस, इल्यटहरूको परम्परागत संबन्ध हामी देख्न सक्छौं; यी कविहरूमा अरू देशका कविहरूको पनि प्रशस्त प्रभाव, परेको देखिन्छ। फेरि फ्रान्सका कवि लाफोर्ज, कर्बियर, रिम्बड, टेल्हेड, स्याइर, रोमेन्स, र विल्ड्राकहरूको; तथा ईरानका कवि उमर खय्याम, सनाई, निजामी, फरीदुद्दीन अत्तार, जलाफुद्दीन रूमी, शेखादी, र हाफिजहरूको पूर्वापर सम्बंध हामी मनन गर्न सक्छौं। फेरि जर्मनीका दार्शनिक कवि गयट र उनका प्रभाव अरूमा, चीनका दार्शनिक कवि स्सु-कुङ्ग-तु र उनको प्रभाव अरूमा, भारतका भक्त कवि तुलसीदास र उनको प्रभाव अरूमा, फेरि प्रसिद्ध यूरोपीय लेखकहरू र उपन्यासकारहरू र नाटककारहरू—इसप, इस्काइलस, सफोक्लस, युरिपाइदस, सिसेरो, डिमस्थेनिज, सर्म्या-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

न्तिस, डिफो, फिल्डिङ, स्कट, इर्विङ, डिकिन्सि, थरो, क्यार्लाइल, हाइन, ह्युगो, दुमा, इमर्सन, गगल, थ्याकरे, डिकेन्स, रस्किन, मेरिडिथ, इब्सेन, टल्स्टाय, जोला, मुपासाँ, शा, कोयन, डायल, तुर्गेनिभ, चेखव, गर्कि, एच.जि. वेल्स, गल्जवर्दीहरूको सम्बन्ध अध्ययन गरेर हेर्दा फेरि यही देखिन्छ–'जस्तो एक एक कणलाई अर्को अर्को कणले धकेल्दा प्रभावित भई वेगले बहिरहेको नदीलाई बीच बीचमा पत्थर समुदायले अल्झाउँछ, अनि जलस्रोतहरू ढुङ्गाका अन्तर-कुन्तरबाट छिर्दै विमल आकार लिएर कराउँदै निस्की फेरि बहँदै जान्छन्, त्यस्तै शब्द रूप रस गन्ध स्पर्शमा गतिविशेषले बाँडिएका तत्त्वप्रवाह इन्द्रिय अन्तरद्वारा छिरी मनुष्य-मस्तिष्कमा अल्झन्छन्, अनि कुन प्रबन्ध भएर निस्कन्छन्'।

अझ सब लेखकलाई भन्दा मैले आफ्नै सहोदर दाज्यू कथाकार पुष्कर शमशेरलाई निकट अध्ययन गर्न पाएको छु। उनले खिचेको भावचित्रमा हामी दुइले सँगसँगै बालककालमा देखेको प्राकृतिक चित्रण स्पष्टसित उत्रेको म झलझली चिन्दछु, म थाहा पाउँछु उनले सृजना गरेको यस चरित्रको पात्र चालीस वर्षअगाडिको त्यस व्यक्तिको प्रत्येक छाया हो, उनले गरेको यो वर्णन राम्रै त्यस भूमिको चित्र हो। कति ठाउँमा म भन्न सक्छु यहाँ नेरको वेदना यस समयमा उनको छातीको यस ठाउँमा लागेको चोटको अलङ्कृत प्रतिध्वनि हो। कति कुरा कति ठाउँमा मिल्दैन, तर किन नमिलेको किन नमिलाएका त्यसका कारण पनि कति ठाउँमा म सँझन सक्छु। अरू यो प्रसङ्ग अगि नै गइसकेको।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

छ–आफ्नो अध्ययन सबभन्दा सजिलोसित हुन सक्तछ ।–सुनसुकै कवि वा लेखक ध्यानपूर्वक विचार गरेमा देख्न सक्तछ उसले उतारेको लेख वा कविताको उ त द्वारान्तर मात्र हो,–आफूभित्र घुसेको चाँदीको पातामा टक्सारी कलले आफ्नै आकारको टक्क मार्दै रुपियाँ बर्साए, तुल्य इन्द्रियद्वारा घुसेका ज्ञानलाई एक कविको मस्तिष्क आफ्नो छाया मारी श्लोक बर्साउँछ ।

जुन कुरा भावकवितामा घट्तछ त्यही कुरा शब्दकविता (संगीत) मा पनि घट्तछः

तत्त्वहरू परस्पर जोल्टिदाको तरङ्ग कुन स्थूल वस्तु दुइ रूपमा पाउँछ–शब्द र प्रकाशमा–इलेक्ट्रन र फोटनमा । वास्तवमा यी दुइ नमूनाका गतिविशेष मात्र हुन् । शब्द, रूप, रस, गन्ध, यी चारै स्पर्शविशेष हुन् । जस्तो उहाँ ढुङ्गाको टुक्राले हान्दा माटो घसिन्छ, ऐना फुट्तछ, घराट बज्दछ; फेरि पोखरीमा एक मुठी पीठो फाल्दा तर पर्दछ, काठ फाल्दा उत्रन्छ, ढुङ्गा फाल्दा डुब्दछ; उस्त तत्त्वहरूका भिन्न संमिश्रणले गुणमा र इन्द्रियमा पनि विभिन्नता भएको मात्रै हो । हाम्रो मन भिन्नाभिन्नै स्पर्श छुट्ट्याउन सक्ने एक शक्ति अथवा गति हो । यी चारै विषय एक अर्कोमा परिणत हुन सक्नुपर्दछ । विद्युत्तरङ्गद्वारा रूप शब्दमा र फेरि शब्द रूपमा परिणत भएको त 'टेलिभिजन' मा देखियो; मलाई लाग्दछ अब वैज्ञानिकहरू गन्ध र रसलाई समेत शब्दमा परिणत गरी 'टेलिस्मेल' र 'टेलिजूस' अथवा 'टेलिफ्लेभर' को आविष्कार गरी नेपालैमा बसेर प्यारिसबाट बगैचाको सुवास

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

लिन र क्यालिफर्नियाबाट अञ्जीरको रस चाखनसमेत हुने पार्न सक्नेछन् । शब्द र प्रकाशलाई लिंदा यी दुवै एक अर्कोमा बदलिन सक्छन् तापनि दुइका तरङ्ग भिन्न भिन्न हुन्छन् । नून र चिनीको धूलो हेर्दा एकै जस्तो देखिए तापनि जस्तो जिह्वामा दुइ किसिमको असर पार्दछन् त्यस्तै इलेक्ट्रन र फोटनका तरङ्ग पनि विभिन्न हुन्छन्— तिनैले पारेका दुइ गुँड आँखा र कान हुन् शालग्राम र शङ्खतुल्य । रेडियोले सुनेको र ऐनाले देखेको प्रत्यक्ष छ, तर उनका कान र आँखा बनेका छैनन्; फोनुको रोकार्ड र क्यामेराको प्लेटमा कान र आँखा पनि छन्, तर ती एक एक मात्र हुन्, मानिसचाहिं धेरै थोकको आलय । फोनुका रोकार्ड 'क' हो भने मानिस 'बृहत् कोष' र अरू कति हो: रेडियो पुङमाङ हो भने हामी सिङमाङ हौं । रेडियो मात्र होइन पर्वतका गुफाहरू प्रतिध्वनि फालेर हामीलाई भन्दछन्— 'तिम्रो कुरा हामी पनि सुन्न सक्छौं', तर ती सुन्नासाथ बिर्सि पनि दिन्छन् । रीकार्ड संझिराख्तछ तर 'मैले संझिराखेको छु' भनेर उ संझन सक्तैन, किनभने उसित प्रतिबिम्ब उतार्ने एउटै आँखा मात्र छ, आँखा आँखालाई अर्को दर्पणविना देख्न सक्तैन । रीकार्डले बोलेको रीकार्ड सुन्न सक्तैन किनकि उसको कान एक गीतले डम्म भइसक्यो, अब फेरि सुन्ने ठाउँ उसमा बाँकी छैन ।

मेघ गर्जन्छ, वृक्षहरू पातका मर्मर शब्द झिक्तछन्, बाँसको थान सुसाउँछ, जल छलछल शब्द झिक्तछ, कडा पत्थर पड्कन्छन्, धातुहरू जुधेर रन्कन्छन् । मानिसले यो सब अध्ययन गर्दै गयो, भिन्नभिन्न वस्तुले फालेको तरङ्ग उसको कानको

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

जालीलाई विभिन्नताले हल्लाउन लाग्यो, त्यसको असर उसको मस्तिष्कमा अकैं अकैं पर्न लाग्यो। उसले थाहा पायो बाँसको ढुंग्रो पनि बज्दो रहेछ, छाला पनि बज्दो रहेछ, कीराको गुँड पनि बज्दो रहेछ, धातुको मसिनो तार झन् बज्दो रहेछ! — अनि बाजाहरू बज्न लागे— कठताल, काष्ठतरङ्ग, जलतरङ्ग, मृदङ्ग, चुन्चुने, बाँसुरी, वीणा, घण्ट, शङ्ख, डमरु, नगरा, दुन्दुभि, सनाहीहरू। सब अविस्पष्ट कोलाहल शब्दमा बज्न लागे। यद्यपि सब सुरको एकाङ्गमै पनि पूर्णता छ भन्ने कुरा ऐनामा एकनास सम्मसित पत्ला गरेर पाउडर छरी ऐनाको धारमा वेलाको धनुकमानीले रेट्ता सो ऐनामाथि पाउडरको पाटा मिलेको थरीथरी बुट्टे आकार देख्नेहरूलाई विदितै छ तापनि ताल सुर नभएको एकोहरो क्लिष्ट रव जतिसुकै मधुर र मसिनो भए पनि मानिस त्यसमा तृप्त भएन उसको तौल खोज्ने बान्कीको अवयवले तौल खोज्यो। साथसाथै पशुपन्छीको स्वर पनि मनुष्यले अध्ययन गऱ्यो, कोइलीको मीठो पञ्चम स्वरलाई पनि घोडाको धैवतस्वरसित मथेर नतौली उसको चित्त-तराजु स्थिर भएन, अनि यसरी स्वरको नौनी मिलाएर उसले राख्यो,—

सा	रि	ग	म
प	ध	नि	सा
सा	नि	ध	प
म	ग	रि	सा

(सा=मजूरको षट्ज स्वर, रि=गाईको ऋषभ स्वर,

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

ग=भेंडाको गान्धार स्वर, म=कन्याङ्कुरुङ्को मध्यम स्वर प=कोइलीको पञ्चम स्वर, ध=घोडाको धैवत स्वर, नि=हात्तीको निषाद स्वर।)

यिनै संगीतमा तौल राख्ने सोह्र स्वरका चार पाउ हुन्। स्थूलताम 'सा रि ग म··· ··· ···' यी स्वर चढ्दा चढ्दा अतितीव्रतम, वि. सं. १९४० मा ज्वालामुखी पर्वत क्रोकातोआ फुट्ताको शब्दमा पनि अन्त हुँदैनन्; सूक्ष्मतामा 'सा नि ध प··· ··· ···' यी स्वर ओर्लंदा ओर्लंदा श्वासप्रश्वास अझ वाक् वा मन बन्ने अति कोमलतम अणुमा पनि अन्त हुँदैनन्। यिनै स्वरको ओजन मिल्दो चल्तीफिर्तीमा संगीतकला छ, त्यसो नभएर 'सम' फेला नपारी एकनास एकातिर दौडि-रहेको स्वरमा संगीत छैन— संगीतजन्य आशा मात्र छ। कावतामा उपमा जस्तै संगीतमा तुलना छ, प्रत्येक पहिलेको सुरसित तुलनाको गणितमा घटीबढी भयो भने त्यस्तो बेसुरा संगीतले आनन्द दिनाको साटो मनमा असजिलोपन पैदा गरिदिन्छ जुन पन मुटुको व्यथामा हुन्छ।

प्राचीनकालमा ऋषिहरू कविता उच्चस्वरले गाउँथे, गाउ-नैको निमित्त छन्दहरू बनेका हुन्। सामवेद मात्र होइन यजुर्वेदका गद्यात्मक भागबाहेक ऋग्वेदादि पनि गाउनैलाई छन्दमा रचिएका हुन्। बाल्मीकिले रामायण लवकुशलाई गाउन लाएका हुन्, गीताहरू गीत नै हुन्। तर पछि कविता भावात्मक भएर र संगीत ध्वन्यात्मक भएर फाटे। पश्चिम-तिर पनि अनुप्रासरहित कविता (ब्ल्याङ्क भर्स)को चल्ती

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

बढ्यो। शेक्सपियरका सब कवितानाटकका पद्य गद्य झैं बोल्न निर्माण गरिएका हुन, मिल्टनका महाकाव्यहरू पनि गाउनलाई लेखिएका होइनन। रूखका हाँगा झन् झन् फाटेर टाढा भए तुल्य कविहरू केवल भावप्रधान गद्य कविता लेख्न लागे, गायकहरू केवल ध्वन्यात्मक स्वर अलाप्न थाले। आजकाल हाम्रो यहाँ भानुभक्तीय रामायण वा होमनाथीय कृष्णचरित्र गाउने प्रायः अर्द्धशिक्षित सिपाहीहरू नै छन, पण्डितहरू त परम्परागत चलनअनुसार वेदमात्र भाउ लाएर स्वर बनाई गाउँ छन, अरू काव्यका पद्यलाई भने बडो गम्भीरतापूर्वक गद्यलाई जस्तै बाँच्नामा नै गौरव मान्दछन, गाउन ती होचो भएको संझन्छन् ।

भारतीय संगीतज्ञहरूले संगीतलाई प्रायशः पौराणिक गणित र व्याकरणमा ढालिराखेका छन;—

"गीतमा एक अक्षर, दुइ अक्षर, चार अक्षर, आठ अक्षर र बाह्र अक्षरका मात्रा हुन्छन; तिनलाई क्रमशः अणुद्रुत, द्रुत लघु, गुरु र प्लुत मात्रा भन्दछन्।"

"पञ्चमुखी महादेवका पाँच मुखबाट श्रीराग, वसन्तराग, भैरवराग, पञ्चमराग, मेघराग, यी पाँच राग निक्ले, पार्वतीको मुखबाट नटनारायणराग निक्ल्यो। श्रीरागका गौरी केदारी आदि छ, वसन्तरागका देशी ललिता आदि छ, भैरवरागका भैरवी गुर्जरी आदि छ, पञ्चमरागका भूपाली पटमञ्जरी आदि छ, मेघका गान्धारी तल्लारी आदि छ, नटनारायणका कल्ल्याणी नटहम्मीरा आदि छ, जम्मा छत्तीस रागिनीहरू छन्। समय समयका रागरा-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

गिनी छन : प्रथम प्रहरदेखि भैरवी ……… द्वितीय प्रहर देखि देशी… … …, तृतीय प्रहरदेखि आधा रातसम्म श्री ……… वसन्त; प्रायः हेमन्तमा नटनारायण, शिशिरमा श्री, वसन्तमा वसंत, ग्रीष्ममा भैरव, वर्षामा मेघ, शरद्मा पंचमराग उनका परिवारसहित गाइन्छन् । यसमा पनि मतमतान्तर धेरै छन । हनुमानको मतमा छराग यी हुन : भैरव, कौशिक (मालकोश), हिण्डोल, दीपक, श्री, मेघ ।"

"अब भैरव रागको वर्णन — धैवतबाट उठ्ने बीच बीचमा धैवतैमा ठहर्ने ऋषभ नलाग्ने, मध्यमको मुडुडा भएको छ सुरको हुन्छ : ध नि स ग म प । यस रागको ध्यान— शिरमा गङ्गा निधारमा चन्द्रमा धारण गरेका, तीन नेत्र भएका, सर्पको गहना हात्तीको छाला लगाएका, अति सुन्दर, हातमा त्रिशूल र मानिसको शिर लिएका, सेतो वस्त्र पहिरेका भैरव सबभन्दा श्रेष्ठ राग ठहर्दछन्। गरग, तिलक, माधव, वल्लभ, आदि भैरवरागका पुत्रहरू छन। … … यस्तै अरू रागका पनि व्यक्तिगत वर्णन छन् ।"

"भैरवराग गाउँदा कोल आफै घुम्दछ, मालकोशले पत्थर पगालिदिन्छ, हिण्डोलले झोलुङ्गो घा पीङ झुलाइदिन्छ, दीपकले दीप जलाउँछ, श्रीले सुकेको वृक्षमा हरियो पालुवा चढाउँछ, मेघले पानी पार्दछ ।"

भारतीय संगीतको प्रवृत्ति यस्तो छ । उसमाथि आज-काल प्राचीन शास्त्रीय श्रद्धा टुटेकोले भारतमा रागरागिनीको दुर्दशा भइरहेछ। संगीतका विशेषज्ञहरू सबै जस्ता प्राचीन-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

ताको विशुद्धबुद्धपना मेटेर नवीनता प्रकट गर्न पाप संझि-दिन्छन्, बैजु बावडा र मियाँ तानसेनका पुरानै भाँडालाई इमानदार नोकरले झैं माझेर टल्काउन मात्र खोज्दछन्। ठूलो फेटा बाँधेर कति ठूला ठूला गायकहरू ठूला सभामा ठूलठूला तानपुरामा रागरागिनी गाउँछन्। उनीहरू अरूलाई संगीत व्याकरण र गणितका क्लिष्ट सूत्रहरू कोचाउन चाहन्छन्। कति जान्नेहरू त शब्दलाई जानी जानी अस्पष्ट बनाएर स्वर तीतो भए पनि भेंडा कराएजस्तो गरी मुख बिगार्दै तान मार्दछन्। केही वैयाकरणवाला र गणितज्ञहरू हिसाब मिले-कोमा टाउको हल्लाऊन् सही — परन्तु व्याकरण र छन्द-शास्त्रले कविताको, र रङ्गरोगनको कार्यालयले चित्रकलाको रस दिन नसके जस्तै केवल 'सरिगम' का शास्त्री र ध्वनिका कार्यालय बन्दैमा ती गवैयाहरू संगीतका रस बहाउन सक्तैनन् — अनि बहुसंख्याका सर्वसाधारण रसिकजनचाहि त्यताबाट भागेर साधारण संगीतज्ञका पश्चिमी ढाँचाको फिल्मी गानामै टाउको नचाउन पुग्दछन्, किनभने सामान्य स-भामा श्रोताहरू संगीतविद्या पढ्न होइन संगीतको रस चाख्न आउँछन्। पण्डित ॐकारनाथ जस्ता विचारवान् स्वर पाएका गायकले गाएको उच्च रागमा समेत आनन्द लिन सक्ने थोरै छन्, उनका भजनकवितामा भने जनता रुचि देखाउँछ।

तसर्थ भारतीयहरू हैकल धारण गरी संगीतका कट्टर-पन्थपट्टि एकोहोरो लाग्नुभन्दा कलात्मकध्वनि र भावपट्टि ध्यान दिई यताउता हेरेर नयाँ सृजना गर्दै बढ्न सकेनन् भने

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

नियमित आकस्मिकताले भारतीय संगीतलाई केवल पश्चिमकै नक्कल पार्नेछ ! पश्चिमीहरूमा यिनै तौलन क्रियाशक्ति बीटहोमन, बाक, ब्राह्मस, मोजार्ट, वाग्नर, रिम्सकाइ, कार्साकिभ र ग्रीगहरूका विकसित भएका छन् । बीटहोमनका सिम्फनिहरू र सनाटहरू, वाग्नरको सिग्फ्रिडमृत्युसम्बन्धी 'ट्राडअर्स मुजिक'.बर्लिअजको 'फाउस्टस्लाई नारकी दण्ड' हरू संसार प्रसिद्ध छन् । उही तौलनक्रियाशक्तिको शारीरिक विकास मयूरनृत्यमा, पुसुङ्गेमारुनीमा , याना प्याव्लोभामा, उदयशङ्करमा, साधना बोसमा , रामगोपालमा, अलबर्टि दम्पती र अरूप्रसिद्ध नर्त्तक नर्त्तकीमा भएको हो । तौलनेन्द्रियकै आडले भालु, बाँदर, परेवाहरूले समेत नाचेको हामीले देखेका छौं । संगीत र नृत्यका पीडसित मानिस कान र आँखालाई डोलाउँदै जान्छ, त्यहाँसम्म केही हुँदैन; त्यही पीडमा मुटुलाई बसाल्नेहरूको गति आफ्ना अधीनमा रहँदैन; कहिले कहिले संगीतले राम्रै लिइदिन्छ । योगले समात्न नसकेकालाई भजनले अठ्याएको देख्ता तौलनक्रिया-क्रीडाको मनमा पर्ने प्रभाव अनुमान गर्न सकिन्छ।

फेरि रूप कविता (चित्र) मा यही सत्यता छ :

अरिग्नेसियनयुग (२००० देखि १५००० सम्म वि. पू.) का चित्रसमेत एकाध अझ भेटिंदैछन् । उही पुराणपाषणयुगअन्तर्गत म्याग्डेलेनियनयुग (१३०00 देखि १०००० सम्म वि. पू.) का गुफा-निवासी शिकारजीवीहरूले मासुको निंति पशुहरूलाई मार्ने दिनमा पत्थरी भित्तामा लेखेको घोडाका र अरू जनावरका चित्रहरू फन्ट - डि - गामका गुफामा,

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

क्यान्टाब्रियाको अल्टामिराका गुफाभित्र, केप ब्ल्याङ्क र मस्त इ' जिलहरूतिर बचेका पाइएका छन्। पछि नवीनपाषाण-युगको अन्त र ताम्रयुगका प्रारम्भतिर अथवा २००० वि. पू. तिर मिश्रका फराओह र मेसस द्वितीयले मन्दिरमा आफ्ना चित्रहरू लेखाएकोमा जाड़ी घोडा जोतेको, रथमा चढेका, लिबियन कैदीहरूलाई पक्री मारेको इत्यादिमा चित्रकलाको स्वाभाविक विकास हुँदै गएको देखिन्छ। भारतमा अजन्ता-गुफाका चित्रमा झन् उन्नति पाइन्छ। प्रथम तेलरङ्गका चित्र-कार ज्यान भान इक (वि. सं. १४४२ - १४९८) का समया-नुसार हद राम्रा चित्र छन् तापनि उनका समकालीन युसेल्लो (वि. सं. १४५४ - १५३२) को चित्र 'स्यान रोम्यानो' का घोडाहरू काठका खेलाना जस्ता छन्, बोटिसेल्लिको 'वसन्त-ऋतु'मा कलाको केही उन्नति छ तापनि मानिसहरू अझै भाग नमिलेकोले निर्जीव देखिन्छन्। कार्पास्सियोको 'युसु-लाको सपना'मा पनि कलाको त्यही प्रारम्भिक अवस्था छ जुन पूर्वी चित्रकारहरूमा पाइन्छ। उनमा सैरबीनपना-दृष्टिपरम्पराको ज्ञान धेरै सिकारू अवस्थामा छ।

त्यहाँपछि (वि. सं. १५५० उपरान्त) सर्वश्रेष्ठ चित्रकार गुरुहरूद्वारा चित्रकलाको विशेष विकास भयो: र्‍याफेलका 'म्याडोना' हरू टाइटियनको 'पवित्र र बिट्टुलो पारिएको प्रेम,' लिओनार्डो ड भिन्सिको 'मोनालिसा' र 'पछिल्लो भोज', माइकेल एन्जेलोको 'पवित्र परिवार', करेज्जिओको 'सेन्ट क्याथरिनको गुप्त विवाह', हल्बिनको 'रबर्ट चेस्म्यान' र जर्मनीका गुरु ड्युररको 'आत्मचरित्र' आदि निस्के।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

त्यसपछि (वि. सं. १६६० उपरान्त) रेम्ब्रान्टद्वारा कडा तेजको आरम्भ भयो, जस्तो उनको 'आत्मचित्र'। युसेल्लोको घोडामा भन्दा भलाज्कुइजको 'राजकुमार कालेस' को घोड़ामा उन्नति छ, तर अझै त्यसमा खेलानाको बान्कीले छोडेको छैन।

उहाँपछि (वि. सं. १७७० उपरान्त) करोटका खस्रा तर स्वाभाविक दृश्यहरू आए, रेनाल्ड्सका 'सिडन्स' र 'देवदूत-का शिरहरू' अनि जिराडका 'प्रेम र साइकि' जस्ता चित्रहरू निस्के।

वि. सं. १८०० पछि टर्नरका झन् खस्रा र प्रोज्ज्वल दृश्यचित्रहरू आए, लिब्रनले छोरीसित गाला जोडेको आफ्नो चित्र लेखिन्, मिसोनियरले 'नेपोलियन मस्कोबाट फर्केको,' हर्कोमरले 'अन्तिम समूहमा अङ्कित,' ब्याम्लेले 'निराश प्रभात', मुरिल्लोले 'पवित्र गर्भाधान', लिटनले 'हक्युलसको मृत्युसित संघर्ष' अनि क्याबानेलले 'भीनसको जन्म' लेखे।

त्यहाँपछि (वि. सं. १९०० उपरान्त) बग्युरोले 'भिर्ज कन्सोलेट्रिस' र 'यौवन र प्रेम' लेखे; सलोमन जे सलोमनले 'एक रूपक', ड्यापरले उही मइनको पखेटा भिरी उड्ने इकेरसको निति विलाप,' अनि ह्याकरले 'पलेजिया र फिसामन', लेखे। उनले किङ्गसलेको कथा 'हिपेतिया' बाट पलेजिया र उनका भाइ फिलामनलाई लिएका हुन्; यद्यपि पलेजिया मृत र भीनस भर्खर जन्मेकी देखाइएका छन् तापनि पलेजियामा विशेष जीवनको स्वाभाविकता झल्कन्छ, तथापि क्याबानेलकै भीनस ह्याकरको मस्तिष्कमा

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

पसी विकसित भएर पलेजिया बनी बाहिर आएको अनुमान हुन्छ । अनि प्वाएन्टरले 'आउटवार्ड बन्ड' लेखे । यही समय-तिर आधुनिक नवीन ढाँचाले खस्रा कुची झन् झन् रङ्ग लतपताउन लागे: विलियम अर्पेनको 'सन १९१९ को सन्धि,' ह्विस्लरका 'क्यार्लाइल' र 'प्यानो,' सार्जेन्टको 'ग्यास,' डिगासको 'नाच्ने' र सर जोन ल्याभेरीको 'याना पाब्लोभा' केही नमूना हुन् । आजकाल रङ्ग थोपरेर नसम्याउने लतपत प्रथामा जीवन विशेष प्रकाशित हुन्छ भने त्यसको जस होगार्थ (वि. सं. १७५४ - १८२६) लाई पनि छ। अङ्ग्रेज चित्रकार होगार्थले इतरिएर अरूलाई गिज्याउन लेखेका तसवीरहरूका उनका जीवनकालमा होइन हिजोआज पो प्रशंसा भइरहेछ ।

कलाको दृष्टिले गुफानिवासीको मानूँ गर्भे घोडा, रमेसस द्वितीयको पालामा लेखिएका मानूँ भर्खर जन्मेको घोडा, युसेल्लाको मानूँ कुमार घोडा, अनि मलाज्कुइजको मानूँ तरुण घोडाबाट विकसित कल्पना – बच्चाहरू जन्मी सफल चित्रकारिणी लेडी एलिजाबेथ बट्लरको 'सधैंभरी स्कट-ल्याण्ड' का तेजी घोडाहरू भएर ह्निन्हिनाउँदै छाड्तोससित दौडेका देख्ता चित्रकारी वा रूपकविता सफुल्ल हुँदै गएको हामी संझन सक्छौं । युसेल्लोको 'स्यान राम्यानो' को घोडा र हेनरि ल्याण्डर्सायरको 'नाल ठोकिन लागेको घोड़ा' मा जतिसुकै ठूला अन्तर पाइयोस् त्यो गुरुशिष्य परंपरागत ज्ञान-वृद्धि र क्यामेरा आदि प्राकृतिक साधनले टम्म ढाकिदिंदा

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

अर्को प्रेरक अनौठो आत्माले रहने ठाउँ पाउँदैन। प्राकृतिक फूलको निमित्त ऋतुलाई पर्खेर पछि फूल फुलेको मेरो 'ॐ फट्' मन्त्रले हो भनेर भन्ने इन्द्रजालीको दावा र भौतिक पदार्थको संयोग भई बनेका र भौतिक साधनेद्वारा जान्ने सुन्ने हुँदै गएका इन्द्रियजाली आत्माको 'म नित्य मुख्य हुँ, भौतिक शरीर मेरो अधीनको हो' भन्ने दावामा समानता छ।

यी पश्चिममा चित्रकलाको अतिरिक्त चीन, जापान, भारत र ईरानहरूमा पनि विभिन्न शैलीका चित्र आदि कलाको उन्नति भइरहेछ; परन्तु मायावादी रहस्यवादी पूर्वले चित्र वा मूर्तिकलामा पश्चिमी वास्तविकतालाई अलिकति पनि भेट्न सकेका छैन। चीनी चित्रमा बटारिएका बादल र फूल, पखेटे गोही, विकृत रूप र अङ्ग भएका मानिसहरूको भयंकर सपना छ; जापानी चित्रमा ज्वालामुखी पर्वत, सूर्योदय, बुट्टे-नदीमा डुँगा, ठूला ताल, काठका पूल, र चेरि (पैयुँ) का फूलको स्वप्नसंसार छ; भारतीय चित्रमा अर्धोन्मिलित नयन, बारूले कमर, भाउ लाएका औंलाहरू, नागवेली शरीर परेका गन्धर्वहरूको स्वप्ननृत्य छ; ईरानी चित्रमा बुट्टे हाँगा भएका रूख, ठूलो फेटा र लामो लबेदा लाएको दाढीवालको एक हात गालामा अर्को हातमा पुस्तक अगिल्तर रक्सीको प्याला, चरा र एक सुन्दरीको स्वप्नसंगीत छ। सबैमा वस्तुको होइन भावको प्राधान्य छ।

आजकाल बोल्ने चित्र (सिनेमा) मा दर्शकहरू घुरिइन्छन् किन ?— सझाउँदा सझाउँदै पनि मनुष्यको मनमा तौल ब-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

राबर खुस्किरहन्छ, हामी मस्तिष्कतिर फर्क्यौं भने त्यहाँ मन वा गतिहरू सिलिङमिलिङ भएर सुख, दुःख, हाँसो, ग्लानि, उमङ्ग, झर्को, उत्साह, आलस्य, धैर्य, अधैर्य, आस, निरास, इच्छा, अनिच्छा, विधि, निषेध, प्रवेश, प्रस्थान, मोह, क्रोध, त्याग, लोभ, प्रेम, घृणा, सहानुभूति, ईर्ष्या, दया, निष्ठुरता, विश्वास, शंका, स्मृति, विस्मृति आदि कैयन् भाव मा्छाहरू जस्तै यताउता गरिरहन्छन्। मानिस कुनै विषयमा अलमलिएन भने साधारण स्थितिमा ऊ अशान्त रहन्छ। योगद्वारा तराजुमा तौल मिलेर सुई अडे झैं वृत्ति निरोध भई चित्त स्थिर रहन सक्छ, तर सब योगी हुन जान्दैनन्, न योगीहरू सबलाई योग सिकाउन जान्दछन्। योग-विषयक चर्चा अगिबाटै गइसकेको छ।

एक साधारण कद भएका साइलकको जस्तो बाकेदाढी भएका मिरिन दाजो नामक हल्याण्डनिवासीले डाक्टर र प्रोफेसरहरूको अगाडि एक चमत्कार देखाए। उनको छाती-देखि केही तल कम्मरनेर तरवार वारपार गरेर घोपियो एक्स-रेले हेर्दा कलेजो र मिर्गौलालाई समेत तरवारले छेडेको देखियो, तर मिरिन दाजोले त्यो वेदना सहन गर्न सके, घाउबाट रगत पनि बहन दिएनन्। यस क्रियाको चित्रसमेतको वर्णन सन् १९४७ नवेम्बर ९ को इलस्ट्रेटेड वीकलि अव् इन्डियामा दिइएको थियो। सो योगविशेष हो, मनले स्थानीय रक्तसंचार बन्द गरी तत्संबन्धी ज्ञानतन्तुलाई विचेत पार्न सक्नु हो; मिरिन दाजोले त्यो जाने, तर के जाने त्यो

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

जानेनन्, त्यसैले अरूलाई सिकाउन सकेनन्—त्यस क्रियाले विज्ञानको होइन कुनै अद्भुत दैवीशक्तिको रूप लियो। नियमित आकस्मिकता यसरी चटक देखाएर मानिसलाई त्यो जाग्न खोज्ने पार्दछ—एक दिन हामी अवश्य दाजोको भेद खोल्न सक्नेछौं!

अर्को एक जना एक सय चौध वर्षका अमरसिंह नामक नेपालीको प्रत्यक्ष सूक्ष्म दूरदृष्टि थियो, अरूले देख्न नसकेको लामपुच्छ्रे तारा, दूरबीनले मात्र पैल्याउन सकिने सूर्यका प्वाल उनी नग्न आँखाले देख्न सक्थे। उनी ज्योतिषका प्रोफेसर उडबेलको अतिथि भई केहीसम्म बेलायतमा रहेका थिए। उनको वर्णन लन्दन टाइम्समा र संवत् २००४ पौष २१ को गोरखापत्रमा पनि दिइएको थियो। अमरसिंहको जस्तो तीखो नभए पनि एक जोडी ढसरा आँखा हामी सबले भिरेका छौं, तर यस्तै आँखासमेत हामी अर्को बनाएर जगेरा राख्न सक्तैनौं—एक दिन हामी अवश्य अमरको आँखा निर्माण गर्न सक्नेछौं!

एक दिन हामी अवश्य चकचके बालकलाई योग सिकाउन सक्नेछौं!

तर अ-योगी मानिस पनि मनलाई सम्हाल्न खोज्दछ। मनको तौल ढलपल भयो भने पाशा वा तास खेली जितहारको बहाना-बहनाले समेत मानिस दिन काटेर जीवननाउलाई सीधा चलाउँछन्। बोरने चित्रमा त्यस्तै तीनै किसिमका तौलका कलात्मक स्थिरता पाइन्छः कविताको

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

संगीतको र चित्रको ।

मूर्ति पनि एक प्रकारको चित्र हो, तसर्थ मूर्तिको विषयमा यत्ति नै उचित छ कि पाँच हजार वर्ष पुरानो मिस्रको फराओहपुत्र राजकुमार रा–होतेपको अथवा गिजेहको पिरामिड अगिल्तिर मन्दिरमा रहेको राजा खफ्राको मूर्ति र पाँच सय वर्ष जति अगाडिको माइकेल एन्जेलानिर्मित मोजिजको विशाल मूर्ति र आधुनिक रोडिनको मूर्ति एउटै हाँगामा नियमपूर्वक स्फुटित हुँदै गएका फूल हुन् ।

तेन्हौं शताब्दीमा भोटमा स्तूप बनाउन खटिएर गएका हाम्रा कलाकार–मण्डलीका नायक भई जाने, त्यहाँपछि चीन गई सम्राट कुबलाई खानबाट 'मिङ्गहोइ' को खिताब पाउने सत्र वर्षका नेपाली सर्वश्रेष्ठ मूर्तिनिर्माणकार तथा चित्रकार अरनिकोद्वारा चीनमा परेको नेपाली कथाको प्रभाव तथा उताबाट फर्केर आएकाहरूद्वारा नेपालमा चीनी कलाको प्रभाव देख्ता फल र कला दुबै उस्तै हुन् भन्नालाई इन्कनुपर्ने कारण पाईदैन । (हाम्रा माइकेल एन्जेलो अरनिकोको नेपाली नाम अर्कै हुनुपर्दछ, हामीलाई सो थाहा छैन; आफ्नो आँखालाई केवल प्रतिबिम्बद्वारा देख्न सके जस्तै हामीले अरनिकोलाई सुदूर पूर्वी देशद्वारा चिन्हेका हौं, जलतरङ्गले शब्दको अनुहार बिम्बमा कतिसम्म बिगारेको छ भन्न सकिदैन । तसर्थ अर्कै आनुमानिकनाम भन्दा यही नाम साधु छ-अरनिको ।अथवा उनको नेपाली नाम-प-ले'पाउ' हो भनेर चिनियाँहरूले आफ्नो उच्चारण अनुसार लेखेकाले कदाचित उनको नाम ' बलबाहु ' हुन पनि सक्छ ।)

आधुनिक क्युबिस्ट संप्रदायका प्याब्लो पिकास्सो 'र

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

ज्वान ग्रिज जस्ता चित्रकार, इङ्गल्यान्ड र टी.एस. इल्यट जस्ता कवि, लि कर्बु सियर जस्ता गृहनिर्माणकार, र रोडिन जस्ता मूर्तिकारहरूलाई देख्ता नियमित आकस्मिकताले पारीको आफ्नै प्राचीन लिपिलाई पसीनापूर्ण खस्रा हातले लतपताएर मेट्न लागे जस्तो छ; अब केही हुर्केको उसले कस्ता कलाकार जन्माउने हो को नजन्मी भन्न सक्तछ?

यो थाहा भएकै कुरा हो कि शेक्सपियरले 'जुलियस सिजार' को कथा प्लुटार्चबाट लिएका हुन्। अरू? अरू के उनको आफ्नै हो? होइनः 'जुलियस सिजार' दृश्य काव्य-सामामा शेक्सपियरले कथाकुसुम कताबाट ल्याए सो स्थान हामीले पत्ता पार्यौं-प्लुटार्च बगैंचाबाट; तर के अक्षता जौ तिल अबीर, सिन्दूर, केसरी सब उनकै मौलिकता? होइन; सत्य यही हो कि अरू थोक कताबाट उनको हात पर्‍यो सो उनैलाई पनि थाहा होओइन; गुप्तदान दिने हजारौं प्लुटार्च गोप्य नै रहे-त्यही गूढ प्रकाश मौलिकता हो। कहिले कहिले रेडियोमा स्टेशनहरू जुद्धछन्-एकातिरबाट आएको-'जीब्राको रूपरेखा-घोड़ाको-जस्तो-हुन्छ' अर्कोतिरबाट आएको-'उसले-त्यो-गाईको-सीङ-सुवर्णले-मोड्यो; यी दुइ वाक्य खप्टिंदा बीचमा रेडियो बोल्न सक्तछ-' घोडाको गाईको जस्तो सीङ हुन्छ-'। यो रेडियोको मौलिक वाक्य हुन सक्तछ। शेक्सपियरमा मौलिकता केही छ भने त्यो उनको सौन्दर्य नै हो-फेरि मानिस बाइरन मानिस शेक्सपियरभन्दा सुन्दर हुनु र कवि शेक्सपियर कवि बाइरनभन्दा सुन्दर हुनु केवल नियमित आकस्मिकता हो।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

प्लुटार्कमा छ— 'जब प्रिय ब्रुटसले पनि किरिच खिंचे त्यहाँपछि सिजारले आफूलाई बचाउन छोड़ी टोगाको फेर तानेर आफ्नो मुख छोपे ।' शेक्सपियरमा छ - सिजार भन्दछन 'एट टु ब्रुटि !' (तँ पनि ब्रुटि !— यो चाहिं रोमानी भाषामा), अनि 'उसो भए सिजार खसोस् !' (अँग्रेजीमा) यति बोलेर सिजार मरे ।

यो निर्माण कताबाट आयो त्यो जान्नालाई शेक्सपियरको मस्तिष्कमा पसे जत्ति धक्का केलाउन सक्नुपर्दछ, तर आफूले दिनभरमा पाएको ज्ञानमध्ये कति थोरै अंश हामीमा अङ्कित भएर रहन्छ, जीवनका कति दिन हामीले सिङ्गासिङ्ग बिर्सि-सक्यौं ! तर जति थोरै संज्ञन सक्छौं उति थाहा पाउन सक्छौं--के कहाँबाट आएको हो । आफ्नो आफ्नै स्मृतिको त यो हाला छ भने अर्काको मनको कुरा कसरी जानियोस्, तर कहीं कहीं अरूको मन नाप्ने उत्सुकता हुन्छः—

शेक्सपियरले पहिले होलिन्सेडको प्राचीन स्कटिश इतिहासबाट आफ्नो नाटकलाई म्याकबेथको कथा लिए। इस्काइलसको नाटक 'अगमेम्नन' मा आफूले पढेको क्लाइते-मनेस्त्राको स्वभाव उनले लेडी म्याकबेथमा घटाउन खोजे, इस्काइलसले क्लातेमनेस्त्राको मुखबाट आफ्नो लोग्ने अग-मेम्ननलाई आफ्नै हातले बञ्चरा तीनचोटि प्रहार गरेर मारेको र उसको रक्तवर्षाको गाढा छिटाहरू आफूमाथि पर्नाले हर्ष मानेको बयान गराएको शेक्सपियरले देखे । प्लुटा-र्कले लेखेको यो पनि उनले देखे—' मेरो बिचारमा आमा-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

हरूले आफ्ना बालबच्चालाई आफैले हुर्काउनु र सह्यानुपर्दछ, किनभने उनीहरु हृदयले माया गर्ने हुँदा तिनलाई ठूलो स्नेह र ठूलो तुलबुलले हुर्काउँछन्... ... ... तर भाडाको निंति प्रेम गर्ने हुनाले धाईको माया नकली र देखासिकी हुन्छ । अनि उनले लेडी म्याकबेथलाई बोलाए—

'मैले स्तनपान गराएको छु, मलाई थाहा छ मेरो दूध चुस्ने बालकमाथिको प्रेम कति कोमल हुन्छ, तर तपाइँले यसमा (डन्कानलाई मार्छु भन्नेमा) हाले जस्तै मैले किरिया हालेको भए त त्यो बालकले मेरो मुख हेरेर मुस्कुराएकै वेला, उसको हाड नभएको गिजाबाट आफ्नो थुन थुतेर उसको टाउको बजारिदिन्थे ।'

शेक्सपियर— प्रतिभाको यो कलापूर्ण मौलिक टुक्राको मुहान अनुमानद्वारा जसरी पत्ता पाइएजस्तो भएको छ, उस्तै यहाँको प्रत्येक पदविन्यास, प्रत्येक पद, प्रत्येक भावका प्राकृतिक मुहान छन् भन्ने अनुमान प्रत्यक्ष हुन्छ ! शेक्सपियरका प्रतिविम्ब मात्र हुन्, शेक्सपियर नै नियमित आकस्मिकताले कला सौन्दर्य भुमरी परेर जम्मा भएका एक स्थान हुन्, शेक्सपियरमा केही अलौकिक नयाँ उब्जाउन सक्ने भौतिक शरीरदेखि भिन्नको चैतन्य छामिदैन । प्रकृति विस्तारले नै सब उत्फुल्ल हुँदै आएको हो भने कहाँनेर अडेको भुमरीलाई चेतनसत्ता मान्ने !— यो फेरि दोहऱ्याउनु उचित छ— शेक्सपियरले 'शकुन्तला' लेख्नु असम्भव !

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

पहिले एक वाक्य लिऊँ —

'सानो घोडा वेसरी दौड्यो'

घोडा नाम,--घाडालाई उसको अवयवले घोडा भनेर चिन्नु भौतिक कुरा हो, घोडाको र हात्तीको पाइलालाई माटो पनि चिन्न सक्तछ, घोडाको तसवीर भौतिक क्रियाले पूरापूर खिच्न सकिन्छ। घोडाको अवयव प्रकाश चक्षु-इन्द्रियबाट घुसेको वेला 'घोड़ा' नाम श्रोत्रेन्द्रियबाट घुसी भित्र मस्तिष्कमा मिली अरू त्यस्तैलाई देखता वा चित्रमा त्यस्तै लेखेको देखता वा बादलमा त्यस्तै बान्की देखता पनि 'घोडा' शब्द निक्लनु भौतिक क्रियाहो। दौड्यो क्रियापद,-हिंड्नु,-दौडनु उड्नु यी पनि गतिकै विभिन्न नाम हुन्। शिकारीले लखेट्न आएमा हिंडिरहेको मृग पनि दौडन जान्दछ, लट्टाइ समातेर हिंडेको र दौडेको छुट्याउन चङ्गासमेत सक्तछ: अनि काल— भूत, भविष्य, वर्त्तमान,— दौड्यो, दौडला, दौडन्छ; यी पनि छुट्टिन सक्तछन्, पानी-घड़ी थोपा थोपा जल आएको गएको गणित दिन्छ। सानो--नामविशेषण,-प्रकृतिका कणकण अनुभव गर्दछन, धक्का धक्कीमा ठूलासित हटनुपर्दछ, सानालाई हटाउन सकिन्छ। वेसरी-क्रिया-विशेषण,- कुन मात्रामा ? वेसरी; बोल्ने चलचित्र पनि एक तरहले भाव व्यक्त गरेर बताउन सक्तछ- वेसरी। यहाँ शब्दार्थ र व्याकरण नियम यही देखाउँछन् कि मनुष्यका प्रत्येक वाक्य नियमित आकस्मिकता हुन्।

अब केही अरू मौलिक संक्षिप्तका वाक्यहरू लिऊँ -

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

हिरण्यगर्भ सबभन्दा अगाडि थिए; उनी समस्त प्राणीका एकै अधिपति थिए। उनै पृथ्वी र आकाशलाई धारण गर्ने हुन्। उनै प्रजापति देवलाई हामी हविष्य होम गर्दछौं।"

ऋग्वेद

"उ खतलाई ठट्टा गर्दछ जसले चोट पाएको छैन।"

—शेक्सपियर।

"खतविना के कहिल्यै गहिरो घाउ टालियो? हृदय धेरैबेरसम्म रगत बहाइरहन्छ, अनि केवल त्यही धारणा गरेर निको हुन्छ जसले उसलाई बेरूप पार्दछ।"

—बाइरन।

"नाममा के छ? गुलाबलाई अरू नै नामले पुकारे पनि उ उत्तिकै बास्ना आउँछ।"

—शेक्सपियर।

"तब म जान्छु, म जान्छु; बिहान आफ्नो काख शून्य देखी तिमी मलाई 'बाबु' भनेर बोलाउनेछ्यौ; म भन्नेछु 'अब म तिम्रो बालक छैन, आमा, म जान्छु। हावासित मिलेर हावा भई तिम्रै काखबाट म बहदै जानेछु, तर तिमी मलाई हातले समात्न सक्नेछैनौ। पानीको बीचमा म लहरी भएर बस्नेछु, कोही मलाई चिन्न सक्नेछैन, स्नानको वेला म तिमीसित खेल्नेछु। ... ... तिमी सुतेपछि जून भएर घरमा पसी तिमीलाई चुमेर जानेछु। आँखाको आडमा स्वप्न भएर म आफ्नी आमालाई हेर्न आउनेछु अनि तिम्रो नींदको बीचमा जानेछु। उठेपछि तिमी मिथ्या आशले वरपर

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

हातले छामेर खोज्नेछ्यौ, म कता हराएर जान्छु त्यो को जान्दछ ?...... .... तिम्रो बच्चा कता गयो ?— तिमी भनिदेऊ', के मेरो बाबु हराउन सक्छ र, उ. मेरो आँखाको पुतलीमा छ, मेरो छातीको काखमा मिलेको छ।"

—रवीन्द्रनाथ।

"मजनूँ भन्दछन् 'मेरो शरीरभर लैला व्याप्त छ, यस शरीररूपी सीपीमा उही मोतीको झलक भरिएको छ। त्यसकारण ए फस्साद (चिरफार गर्ने वैद्य), तिमीले मेरो घाउ चिर्दा नश्तरले लैलालाई लाग्ला भन्ने मलाई डर लाग्दछ।"

—रूमी।

"प्रिया इन्दुमती, मैले पिइसकेको मद्यको जूठो पूरा तिमीलाई मन पर्दथ्यो, त्यसैले सधैं तिमी पछिबाट पिउँथ्यौ। हा, त्यही तिमी अब मेरो आँसुले दूषित भएको जलाञ्जलि परलोकमा कसरी पिउन सकौली!"

—कालिदास।

"सौन्दर्यको वस्तु नित्य आनन्ददायी छ। यसको प्रियता बढ्दै जान्छ कहिल्यै पनि शून्यमा बिलाउँदैन।"

—कीट्स।

यी सब वाक्यहरू पनि उही व्याकरणबन्धन र निश्चित शब्दार्थभित्रै छन, त्यसैले त बुझिन्छन। हामी त्यही कुरा बुझ्न सक्छौं जुन हामीभित्र छ। हाम्रो मस्तिष्कमा खचमच भएर जथाभावी बसिरहेका शब्दहरूलाई कविहरू मधुर बिगुल बजाउँदै सुन्दर पङ्क्तिमा ध्यानपूर्वक मिलाएर ठव्याइ-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

दिन्छन् । 'क' कविको संकेत 'ख' कविमित्र चिरी उसको मस्तिष्कालयकोषका शब्दहरूलाई विचित्र रूपको बन्न लगाई कुनै अर्थ दिन सक्तछ भने 'ख' कविको मस्तिष्क त्यही संकेत 'क' कविले नदिंदै उसलाई दिन सक्तथ्यो, हामी कसैलाई 'राम' शब्द संझाउन सक्तछौं भने पहिले त्यसले रामनाम लिएर छक्क पार्न सक्तछ ।

'अरूको निन्दा र आत्मस्तुति
जिभ्रामा दुइ रोग छन् यदि भने सप्रन्छ कस्को गति ? '

यो पहिले लेखनाथको कविता भएर माधवको कानमा छिर्नु र

'अहिल्यै निस्केर गैजान्छु म
जान्छिन् लच्छिन ती जतातिर उतै संसार लैजान्छु म ।'

यो पहिले माधवको कविता भएर लेखनाथको कानमा छिर्नु नियमित आकस्मिकता हो । सम्भव थियो उ उसको उ उसको हुनु । सम्भव थियो यी दुवै अरूकै कविता हुन्नु जसमा यी पद्य हृदयङ्गम हुन सक्तछन् । जलको प्रवाहले पहिले लाम्चो ढुङ्गाको स्पर्श लिई बाटुलो ढुङ्गामा पुग्नामा अथवा पहिले बाटुलो ढुङ्गालाई स्पर्श गरी लाम्चोमा पुग्नामा त्यही कारण छ जुन कारण कुनै विचार प्रवाह नियमपूर्वक ठाउँठाउँमा भ्रमण गर्दै एक कविको मुखबाट छादिनामा छ । कहिले कहिले नियमित आकस्मिकताले कसरी बेग्ला बेग्लै रहेका दुइ कविलाई उही कुरा बोलाउँछ : संसारमा सबभन्दा आश्चर्यको कुरा के? यस साधारण प्रश्नमा-व्यास भन्दछन् - 'दिनको दिन नै प्राणी जाँदा छन् यममन्दिर ।
बाँकी जिउन चाहन्छन् आश्चर्य यसदेखि के ।।'

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

शेक्सपियर भन्दछन् - 'मैले अझसम्म सुनेको सब आश्चर्यमा यो मलाई सबभन्दा अनौठो लाग्दछ कि मानिसहरूलाई डराउनु पर्ने; देख्ता देख्तै पनि कि मृत्यु अवश्यम्भावी अन्त्य हो, त्यो जहिले आउला आउला।'

कविता नाटकका अनेकानेक पात्रहरू रची मनुष्यजातिको हार्दिक घाम र छायाको अनुभव कलापूर्वक प्रकाश गर्ने शेक्सपियरद्वारा नियमित आकस्मिकताले मनको एक स्वभावविशेष देखायो।

(४) माहात्म्य।

यस धरणीमा अर्बौं अर्बौं मानिस जन्मे-रहे- मरे, आहले पनि यहाँ दुइ अर्ब मानिस छन्; परन्तु महात्मा अथवा ठूला मानिस कति थोरै निस्के। महात्मा-(यो शब्द यहाँ उदारताले प्रयोग गरिएको छ)- हरू पनि धेरै थरीका भए,- बुद्ध, नेपोलियन, राम, प्रताप, चङ्गेज, कृष्ण, अशोक, हिट्लर, लेनिन, बलभद्र, क्राइस्ट अथवा लिन्कन जस्ता। यी गोठालाहरू हुन्, यिनले भिन्न भिन्न प्रकारले आफ्नो शक्ति वा मनको प्रयोग गरे यिनकै पछि लागी कतिले यिनकै शक्ति बढाए।

मानिस जतिसुकै बलियो भए पनि हात्ती हुन सक्तैन, केवल पहल्मान बन्दछ, परन्तु संघशक्ति थपेर मानिस आफूमा बीस हजार हात्तीको बल उपार्जन गर्न सक्तछ। संघको नेता बन्न काही मनुष्य त्यो वेला सक्तछ जब संघमा चाहिएको मनुष्य त्यही मनुष्य हुन आउँछ। नेपोलियन फ्रान्सले,

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

हिट्लर जर्मनीले, लिन्कन अमेरिकाले त्यस त्यस वेला चाहेकै मानिस हुन्। नेपोलियनको शक्ति बढ्यो किनभने फ्रान्सको सिपाहीले मात्रै कुरा उनले गरे। फ्रेञ्च सिपाहीलाई नेपोलियनले जे भने पनि मनाउन सक्ने भएका भए उनी जर्मनीका वा इङ्गल्याण्डका वा पृथ्वीभरकै सिपाहीलाई मनाउन सक्तथे। बुद्धको धर्म जगत्मा त्यतिसम्म फलियो जतिसम्म अरूले त्यो माने, अरूले त्यतिसम्म माने जतिसम्म मात्र सक्तथे, त्यतिसम्म सक्तथे जति ती मान्दथे, जति ती मान्दथे बौद्धधर्ममा त्यति नै थियो। बुद्धमा कति शक्ति थियो, नेपोलियनमा कति, चङ्गेज खांमा कति त्यो तौलने त साधन छैन, तर शक्तिको मात्रा उत्ति नै भएमा बुद्ध नेपोलियनको जस्ता-जस्मी परिस्थितिमा पालिएका भए नेपोलियन नै हुन्थे, चङ्गेज खाँकोमा पालिएका भए चङ्गज नै बन्दथे। बुद्धलाई बुद्ध बनाउने उनको माहात्म्य हो भने उनको माहात्मलाई माहात्म्य बनाउने भौतिक परिस्थिति र वातावरणले सैद्धान्तिक रूप लिएको उनको आफ्नै दर्शन हो, उनी दार्शनिक पनि हुन्।

एक जना जतिसुकै बलियो भए तापनि एकको माथि चार वा बढी आइलागे उसको के लाग्दछ! तरवार लिएको एउटा दक्ष छ भने निश्शस्त्र आठ दस जनामाथि विजय पाउन सक्ला तर बीस वा बढी विरोधी आइलागे उसको के लाग्दछ! मेशिन-गन लिने एकले सयौंलाई मार्न सक्लास्, तर हजारौं खनिन आए भने उसको केही लाग्दैन। तसर्थ, मनुष्यशक्तिको विकास जनसंख्यामा हुँदै गएको छ। हिट्लरले किन हारे? किनभने उनका आत्मीयको भन्दा विरोधीको

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

गणना धेरै पुग्यो। बौद्धधर्म भारतबाट किन हट्यो? किनभने बुद्धले भनेका मान्नेभन्दा शङ्करले भनेका मान्ने बढी भए। तर बुद्ध के हुन?—मनुष्यशक्तिका एक विकासविशेष; हिट्लर के हुन?— मनुष्यशक्तिका अर्को विकासविशेष। बुद्ध वा हिट्लरमा संग्रह भएको शक्ति अरूमा पनि संग्रहित थियो, उनले जानेको कुरा अरूले पनि जानेका थिए। तर —

संसारवन्हिमा इन्द्रियद्वार भएको चुल्होबाट छिरी मनुष्यको शक्ति वा मन वा आत्मा दूध जस्तै उम्लिरहन्छ, परिस्थितिको डाडुले त्यसलाई बराबर हुँड्ल्दै वातावरणले सेलाइरहन्छ; त्यसो गर्दा गर्दै पनि डाडु चल्न ढीला भयो भने कि वातावरणले सेलाउन सकेन भने–कि वन्हि विशेष भयो भने दूधले बिट नाघेर क्रियात्मक रूप लिन्छ। अर्कोतिर आत्माले क्रियात्मक रूप लिन्छ–त्यो क्रियाको अनुहार धेरैको उम्लिरहेको आत्मासित मिल्यो भने त्यस क्रियाको संचालक आत्मा महात्मा वा श्रेष्ठ पुरुष ठहरिन्छ।

वृद्ध दरिद्र र रोगीलाई देखेर बुद्ध किन विरक्तिए, अरू किन विरक्तिएनन्? कालिदासले मेघलाई दूत बनाए अरूले किन बनाएनन्? सुगाको बथानमा त्योचाहिं किन रूखमा बस्यो, अरू किन बसेनन्?– यसकारणले कि त्यो सुगा थाकेको थियो, भने, कालिदासलाई मेघ मन परेको थियो, बुद्धलाई वृद्धातुरहरूको अवस्था देखेर भाँड़ाबाट पोखिने उम्लाइ चढिसकेको थियो। वर्षामा पानी किन पाहले भक्तपुरमा पर्‍यो अनि काठमाडौंमा? किनभने बादल उत्तर-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

तिरबाट चुहुँदै आएको थियो। कहिले कहिले घरमा आगो लागेको पहिले एउटा बालकले देखेर औंल्याई हामीलाई भाग्न लगाउँछ, हामी सब उसैको पछि लागी उसकै संकेतमा त्यसरी नै भाग्दछौं जसरी नेपोलियनको पछि लागेर वि. सं. १८७१ मा फ्रेन्चसेना जलिरहेको मस्कोबाट भागेका थिए। देखेभन्दा बढी देख्न को सक्छ?--कसले सक्यो?

धेरै जर्मन मनमनै प्रश्न गर्दथे—

'जर्मन जाति संसारमा सर्वोपरी बन्ने केही उपाय होला?'

हिटलरले उत्तर दिए—'छ'।

अरू मनैमन सोद्धथे—

'दासमोचनका कुनै उपाय होला?'

क्राइस्टले उत्तर दिए—'छ' पछि फेरि

लिन्कनले उत्तर दिए—'छ'।

ऋषिहरू मनमनै प्रश्न गर्दथे—

'निष्काम कर्म गर्ने सर्वश्रेष्ठ शक्तिमान् आदर्श सम्राट कोही हुन सक्ला?'

रामचन्द्रले उत्तर दिए—'म छु'।

भारतवासी अन्तस्करणमा प्रश्न गर्दथे—

'महात्माहरूभन्दा पनि परमात्मा, बत्तीस लक्षणले युक्त परम पुरुष कोही हुँदोहोला?'

कृष्णले उत्तर दिए—'म छु'।

अरू मनैमन सवाल गर्दथे—

'दुष्मनलाई काटमार गरेर मङ्गोल साम्राज्य खड़ा गर्ने कुनै युक्ति होला?'

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

चङ्गेज खाँले जवाब दिए—'छ'।

विभिन्न थरीले प्रश्न गरे—'हाम्रो नेता को?'

चित्तौरगढमा प्रतापले उत्तर दिए—'म'

कलङ्गा (खलङ्गा) दुर्गमा बलभद्रले उत्तर दिए—'म'

साम्यवादीहरूलाई लेनिनले उत्तर दिए—'म'

हिंसावादीलाई नेपालियनले उत्तर दिए—'म'

अहिंसावादीलाई अशोकले उत्तर दिए—'म'

यसरी यसरी साधारण जनसमूहको प्रश्नलाई सर्वश्रेष्ठ पुरुष अथवा महात्माहरूले आत्माको क्रियाशक्ति देखाए, किनभने उनमा शक्ति नियमले क्रियात्मक बनेको थियो। अनि संघले उनको त्यही शक्तिलाई विकसित तुल्यायो।

फेरि अरू मनमनै प्रश्न गर्दथे—

'संसार दुःखमय छ,
दुःखका कारण छन्,
दुःख रोकिन सक्ला?
दुःखलाई रोक्ने बाटो होला?'

किनभने प्रकृति सबैलाई यही सोध्न लाउँछ। बुद्धले यी चारलाई आर्यसत्य मानेर चले:-

एक—संसार दुःखमय छ।
दुइ—दुःखको कारण छन्।
तीन—दुःख रोकिन सक्छ।
चार—दुःखलाई रोक्ने बाटो छ।

किनभने नियमित आकस्मिकताले अरूमा उम्लेको 'होला?'

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

लाई गौतम बुद्धमा 'छ' पारेर बिट नथाई पोखाइदियो, अनि उनी घरबाट बाहिर निस्के। साबुत आँखा हुने जति देखन सक्छन्—भावनामा चापिएकाहरू सहानुभव गन सक्छन्—श्रेष्ठ पुरुषहरू त्यो लिन सक्छन्। फेरि यी तीन अवस्थाको विकास केवल स्वाभाविक मात्राको विशेषताले हुन गएको मात्र हो। यसरी बुद्धद्वारा नियमित आकस्मिकताले मनको एक क्रियाविशेष देखायो।

यस प्रकारले विज्ञान दर्शन कविता र माहात्म्य यी चार मार्ग जस्ता लिएर मानसिक शक्तिको विकास भयो। परन्तु अहिले संसार जे जस्तो छ यो सब बनाउने दर्शन नै हो—दार्शनिक सिद्धान्तहरूकै संघर्ष हो—दर्शनकै जितहार हो।

विज्ञान त वस्तुको विशिष्ट ज्ञान प्राप्त गर्दछ, विष पनि औषध पनि पत्ता लगाउँछ, मानिसको बध गर्ने पनि चिरफार गरी मानिसबाट रोग उखेल्ने पनि हतियार बनाउँछ, राम्रो नगर बसाउँछ—त्यसलाई ध्वस्त गर्ने परमाणु बम पनि।

कविता त हृदयलाई साँध लाउने मात्र हो, उसबाट अनेकानेक रस उब्जन सक्तछ,—वीररस पैदा गरी ऊ कसैमा रक्तपिपासा बढाई रणमा प्रवृत्त गराउन पनि सक्तछ, वैराग्यरस प्रादुर्भाव गरी कसैलाई व्यवहारबाट हटाउन पनि सक्तछ, शृङ्गाररस पैदा गरी उही व्यवहारमा फसाउन पनि सक्तछ; ऊ मुस्कुराउनेलाई हँसाउन र मलिन मुख हुनेलाई रुवाउन सक्तछ; नरलाई नरपशु बनाउन सक्तछ—नरोत्तम पनि।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

माहात्म्य त मनुष्यको एक निरपेक्ष विशुद्ध विद्युत् शक्ति हो, त्यसैले हिटलरलाई संसारमा आगो बाल्न लायो, त्यसैले बुद्धलाई संसारको आगो निभाउन लायो;—उही शक्ति हो बिजुलीको चुल्हो बाल्ने पनि बिजुली पङ्खा हाँक्ने पनि।

परन्तु यी तीनोटै दर्शनका साधन हुन्ः विज्ञान ताप बनाउँछ, तर त्यसका मोहरी उतै फर्कन्छ जता दर्शनले औंल्याउँछ; कविता रस बर्साउँछ, तर त्यसले औषधि वा विष-वृक्षमा त्यसैको जरा भिजाउँछ जस्तो दर्शनले अन्हाउँछ; माहात्म्य शक्ति उजिल्ल्याउँछ, तर त्यो त्यहीं चम्कन्छ जहाँ दर्शनले दर्साउँछ। अहिले जगत्मा मनुष्यशक्तिको विकास त्यही अनुसारको छ जुन ढाँचामा विभिन्न दर्शनको सैद्धान्तिक घच्चाघच्चाले उसलाई ढालेको छ। विज्ञान र कविता महात्माका दुइ हातमा रहेका हतियार हुन्, महात्माहरू दर्शनले मुढिएका व्यक्ति हुन्, दर्शनहरू विश्वमा प्रत्यक्ष नियमित आकस्मिक घटना हुन्। बुद्ध र क्राइष्ट जस्ता कोही महात्मा छन् जसलाई मुढ्ने प्रायः उनका आफ्नै दर्शन हुन्, कोही अशोक हिट्लर र लेनिन जस्ता महात्मा छन् जसलाई मुढ्ने बुद्ध निट्शे, र कार्ल मार्क्सका दर्शन हुन्।

यसरी परिवर्तनसहित गुणात्मक विकास हुँदै जाने नै मूलतत्वको प्रकृति छ : यसर्निति विकासमा सञ्चय हुँदै गएको शक्तिलाई मन वा आत्मा भन्नु अनुचित छैन, परन्तु आत्माको आधार शरीर नै भएकोले शरीरदेखि भिन्न वा प्रकृतिभिन्न कुनै आध्यात्मिक अप्राकृतिक वस्तुको कल्पना

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

गर्ने प्रयोजन देखिदैन। हाम्रा शरीर मरेर हाइड्रोजन, अक्सिजन, कार्बन, लोह गन्धकादि परमाणु भई छरिए जस्तै, अनि पछिबाट फेरि मूलतत्त्व इलेक्ट्रन, पोजिट्रन र न्युट्रनसित मिलेर मिसिए जस्तै हाम्रा आत्मा वा मन वा शक्ति वा प्रकाश वा ताप वा गति पनि फेरि बदलिएर उही विद्युत्तरङ्ग इलेक्ट्रन, पोजिट्रन र न्युट्रनका गतिमा परिणत हुन्छन्। सूक्ष्म अवस्थामा हाम्रा शरीर पनि आत्मा पनि अमर छन्, स्थूल अवस्थामा पहिले हाम्रो आत्मा मर्दछ अनि शरीर मर्दछ; अथवा ज्वालामुखी पर्वतभित्र पर्न गयौं भने हाम्रा शरीर र आत्मा एकैचोटि मर्दछन्। शरीर मरिसकेपछि पनि मस्तिष्कका ढुकुटीको सांचो–तुनामा झुण्ड्याई आत्मा केही वासनापुञ्जको स्मृति लिएर बांचिरहन्छ भन्ने संझनु त ततापको पानी सेलाएर मरिसकेपछि पनि उसको तातापन एक डल्ला भई आत्मा-रूपमा कतै झुण्डिरहेको हुन्छ भन्ने संझनु तुल्य हो। अथवा शून्यमा ममता लिएर पौडन सक्ने ज्ञानी र शक्तिमान् आकाशको एक सीमित गोलाको कल्पना नै अमर आत्माको कल्पना हो भन्ने देखिन्छ। अनि त्यस्तै कल्पनाले व्यक्तित्व खडा गर्दै दिव्यचक्षुले उसलाई हेरी मानिस पुकार्दछ— 'हे वायु! हे आकाश! हे घमण्ड! हे ईर्ष्या! हे दारिद्र्य! हे रोग! हे एकान्त! हे मृत्यु! हे आत्मा! हे परमात्मा!'

तसर्थ हामी केवल चौकाश- शक्ति- स्वभाव भएका गतिमान् मनुष्य- कल हौं। यही स्वभावमा लोकनीति धर्मनीति समाजनीति राजनीति चलेका छन्। जस्तो बाघको पञ्जाले

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

बालुवामा आफ्नै बान्कोको छापा लाउँछ त्यस्तै मनुष्य शक्ति यस संसारमा आफ्नै स्वभावको छापा मार्दछ। हामी यहाँ अकस्मात् त्यो नियम चाहन्छौं जुन नियम नियमपूर्वक हाम्रो चाहनामा उदाएको छ। हामी ? हामा एकलै घुमौं वा रिङ्गे हातेमालो गरेर घुमौं वा गोल टेबिलका वारपरि बसेर विभिन्न वक्रपन्था लिई घुमौं– नियमित रूपले चलेका आकस्मिक चक्र हौं। हामीले यस जगत्मा यति उन्नति गर्‍यौं भनिठान्नु गैंडाले धाम ताप्न पउटा पारेला ठाउँमा बसेर अब विश्वको सुधार भया भन्ने संझनु तुल्य हो। उन्नति समुन्नति अवनति सब हाम्रै मानसिक अवस्थाका आपेक्षिक स्थिति हुन्। यो अलौकिक लौकिक चक्र कसैको औंलाको संकेतमा चलेको छैन, न हाम्रा चक्र हाम्रै अधिकारमा छ। यो विश्वचक्रमा सब चक्र सापेक्ष घुमिरहेका छन् किनभने घुमिरहेकाछन्। प्रकृतिको प्रकृति यस्तै छ। इलेक्ट्रनबाट इलेक्ट्रनको प्रकृति झिक्यौं भने इलेक्ट्रन नै झिकिन्छ। तसर्थ सबभन्दा सूक्ष्म तत्त्व तीन प्रकृतिका छन्। तसर्थ सबभन्दा स्थूल तत्त्व पनि उस्तै तीन प्रकृतिका छन्। यो यस्तै छ।

जगत्का रमझम र दौडधूप देखेर हामीलाई मनुष्यशक्ति-बिकासको प्रयोजन थाहा पाउन उत्सुकता हुन्छ। हांगा फैलाइरहेको वृक्ष जहाँसम्म पुगेर बढ्न छोड्दछ उसको प्रयोजनको टुङ्गो त्यहीं लाग्दैन, उसका असंख्य बीजहरू फैलिंदै जान्छन्— तर बीजका आधार पृथ्वी जलवायु अनुकूल रहिदिए मात्र, नत्र त बीजको अन्तहुन्छ—अनि तत्त्वहरू मूल

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

रूप लिन्छन् । मनुष्यशक्तिको विकास पनि प्रतिकूल परिस्थितिमा हुन सक्तैन । पम्पीनिवासीलाई के थाहा थियो उनीहरूको रमाइलो नागरिक जीवनको प्रयोजन ज्वालामुखी देवीमा बलिचढ्नु रहेछ । अतः सृष्टिको प्रयोजन मूलतत्त्वकै प्रकृति हो जुन आफैमा पर्याप्त छ भने, अथवा विकास उत्तरोत्तर वृद्धि हो-अन्तिम वृद्धि मृत्यु हो भने अथवा सृष्टि स्थिति प्रलय नै सदा सत्य हो भने यस्तो विश्वलाई धिक्कार छ !--भरे तिल चाँवल एकै ठाउँमा मिसाउने हो भने अहिले त्यो केलाएर विवेकी हातले छुट्याइरहनु वृथा छ ! अन्त्यमा गएर सब फुस्सा नै हुने हो भने शङ्कराचार्यको स्वप्न सिद्धान्त ठीक छ-(मूलतत्त्वलाई अनन्त ब्रह्म मानेमा)।

परन्तु-

आशा ! यही आशा हो जुन लिएर पहिलो जीव प्रोटोप्लाज्म बढ्न थाल्यो ! त्यही आशा लिएर वृक्षहरू अग्लिन थाले, पशुहरू घस्रन थाले, पक्षीहरू उड्न थाले ! त्यही आशालाई दुइ हातले समातेर बालक स्तनपान गर्न लाग्यो-मनुष्य विचार गर्न लाग्यो ! आशा छ-एक व्यक्तिको अन्त भए पनि जातिमा ऊ बाँचिरहे झैं विश्व पनि विश्वजातिमा बाँचिरहेर सँधै मनुष्यजातिको आधार बनिरहने !-अगि नै भने जस्तो प्रत्येक मनुष्य परमेश्वर बन्ने-अनि खेल्ने ! आशा छ-हामी जहाँ नैराश्यको अन्धकारमा अड्दछौं त्यहीं हाम्रा भविष्य सन्तानले बत्ती बाल्ने ! आशा पूर्णताको इच्छा हो । इच्छा मनको अथवा मनुष्यशक्तिको स्वभाव हो । उत्साह

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

स्वभावको स्पष्टिकरण हो। सो उत्साहको विकसित रूप नै वैज्ञानिक दर्शनलाई दृश्यकाव्यमय कार्यमा परिणत गर्नु हो।

अब प्रश्न उठतछ-- के दर्शन ठीक ?--अथवा यो चेतन कल हामी मनुष्यको शक्ति कस्तो सिद्धान्तलाई मानेर कुन क्रियात्मक रूप लेओस् ?- अथवा मनुष्यको कर्तव्य के ?

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

मनुष्यको कर्तव्य ?

अरू मानिस जस्तै म पनि एक नियमित आकस्मिकता हुँ । मलाई नियमित आकस्मिकताले देखाई सुनाई संझाई बुझाई लेखाएको यो निबन्ध 'नियमित आकस्मिकता' पनि नियमित आकस्मिकता नै हो । अब यसकै आधारमा अन्त्यमा उसले मलाई मनुष्यको कर्तव्यविषयमा लेखाउन लागिरहेको छ । हाम्रो कर्तव्य के हो , त्यो सत्यको पूर्ण मात्रामा हामीलाई थाहा हुन सक्तैन, किनभने कर्तव्य माने भविष्यको निम्ति गर्नु पर्ने कर्म हो, भविष्य थाहा हुने कुरा होइन, थाहा भयो भने त्यो भविष्य नै भएन ; तसर्थ भविष्य कस्तो हुन्छ त्यो थाहा नपाई हामी केवल भूतलाई हेरेर भविष्यको अनुमान गर्दछौं ; अनि अनिश्चित भविष्यको निंतिको हाम्रो कर्तव्य पनि अनिश्चित हुने नै भयो । बितेका कैयन् अनुभवले पनि यही देखाउंछ—जुन कुरा आज हामी कर्तव्य संझन्छौ भोलि त्यही अकर्तव्य हुन्छ ,

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

फेरि उल्टा पाल्टा ! यसकारणले हामीलाई यही मात्र धेरै मात्रामा थाहा हुन सक्छ हामीले के गर्‍यौं । भूत बिलाएर गइसक्यो, भविष्य अन्धकारमय छ, तापनि नियमित आकस्मिकताले यो विश्वलाई चक्कराए जस्तै मलाई सत्य हो भन्ने ठनाउँदै मनुष्यका कर्तव्य यै हो भनेर छदाउन लागिरहेको छ । म आफ्नो विवशता छामिरहेछु—यो लिपिका ऐनामा म आफ्नो दौर्बल्यको हिस्सी हेरिरहेछु—परन्तु कलम त्यसरी नै हिंडिरहन्छ जसरी डेग नचल्ने मानिस हिंडिरहन्छ, किनभने पृथ्वी हिंडिरहेको छ ।

कर्तव्यविषयमा आफ्नो विचार प्रकट गरेर कापेको हातले लेख्नुअगाडि यसको चर्चासम्बन्धमा पहिले फेरि केही संझन्छु : सिद्धान्त जीवना चाखेर उठिरहेको सुन्दर विचारको मृत्यु हो भन्ने अहिले मेरो अनुभव छ, तर मर्नु अवश्य पर्दछ—म मर्नुभन्दा एक घडी अगाडि मात्र मेरो विचार बढ्न छोडोस्, अन्तिम सिद्धान्तमा विचार टुङ्गिएपछि मेरो वाक्य पनि बन्द होस्, वाक्य बन्द हुनासाथ मुटु पनि बन्द होस् ! तसर्थ यो पुस्तक बन्द हुँदा मेरो एक सर्काइको पखेटा बन्द होस् सही, तर अनन्तमा स्वतन्त्र उडान बन्द नभइदेओस् भन्ने मेरो आग्रह छ !

कर्तव्यविषयमा पशुहरू पनि आफ्नो हुतिअनुसार अकेला विचार गर्दछन—रात परेपछि अगिल्लो दिनमा चाखेको टाढाको खेतका बाली चोर्न गई सबेरै भागेर फेरि आफ्नै अखडामा दिनभर पलेटी कस्न आउने ध्यानी साँढेले पनि मगज कम खियाएको बुझिदैन । आफ्ना आफ्ना फुलको निंति कोग र

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

कोइलीले खेलेको बुद्धिचाल पनि सराहनीय छ। माउरी र अझ कमिलाको अध्ययन गर्दा तिनीहरूसित नाता जोडन मन लाग्दछ—माउरीको भंडारमा हाम्रो आक्रमण र हाम्रो भँडारमा कमिलाको आक्रमण देख्ता हामो बीचमा परेर जिल्लिन्छौं।

अवश्य हामी बढ्ता विचार गर्दछौं—तर अझसम्म संसारभर मनुष्यको दुर्दशा नै छ! हामी कति तल छौं! हजारौं वर्ष बिते, मानिस अझ बालक छ! कति छोटो आयु!- अलि-कति जान्न लाग्यो मानिस मरिहाल्दछ! हुन ता पूर्वजका हजारौं वर्षको अनुभव इतिहासको रूपमा हामी पाउँछौं, परन्तु ती इतिहासका सत्य घटना स्वार्थ र भ्रमका असत्य पङ्क्तिहरूमा मुछिएका छन, एउटा सानो असत्यको दाग खुर्कन मनुष्यजाति पाँच हजार वर्षमा पनि सक्तो रहेनछ, किनभने त्यो बीजरूपको दाग त्यति वर्षमा पाँच हजार हाँगा हालेर बढेको ठूलो वृक्ष भइसक्तो रहेछ। जो सत्य खोज्दछ त्यसको शिरमाथि दुइ सय करोड़ लात पर्दछ। तैपनि सत्यपक्षीले निहुरेर सत्य खोज्दै बटुलिरहनुपर्दछ—नपाईकन उठ्नुहुँदैन, बरु लिपि-एरै मर्नुपर्दछ —किनभने थोरै सत्य पाएमा पनि उ दुइ सय करोड़लाई उज्यालो दिन सक्तछ।

आजसम्म सत्यका पुजारी धेरै जन्मे, सत्यको निति कतिले आत्मबलिसमेत चढाए, पृथ्वीका प्रत्येक धर्ममा सत्य सर्वोच्च छ, प्रत्येक मानिस चाहे त्यो आस्तिक होस् वा नास्तिक सत्यलाई त अवश्य मान्दछ। परन्तु सत्यको धन आफूलाई नसंझी हरेकले सत्यलाई आफ्नो धन संझेका छन्, संसारलाई

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

सुख दिने ठेक्का लिएकाहरूले त सत्यलाई खेलाना बनाएका छन्। सत्यमा यस्तो अपेक्षा हुनु हुँदैन। सत्यलाई मानिसले आफ्नो अनुहारको मूर्ति बनाएर सीमित पार्नु हुँदैन। सत्यलाई खेलाउने होइन सत्यले खेल्तिनुपर्दछ।

सत्य सँधै नङ्गा होस! सर्बसाधारणलाई भ्रममा राख्नाको उपयोगिता देखाउनेहरू पनि छन,—कसैलाई रोग लाग्यो, वैद्यले लागेको छैन भनिदिनु मीठो कुरा थियो, तर रोगले उसलाई मारिछोड्दछ। कसैको छोरो मर्‍यो भने उसको बाबुका कान आँखा बन्द गरिदिए के होला? उ छोराको स्पर्श चाहन्छ—पाउँदैन, उसका अरू इन्द्रियलाई निश्चेष्ट बनाए पनि उसको मन फेरि छोरालाई भेट्न चाहला, अन्तमा नमारीकन उसलाई त्यो दुर्घटनाबाट अलग्ग राख्न सकिंदैन। तसर्थ सत्यमा होमिनैपर्छ, सत्यको हतियार लिएर संसारको सामना गर्नुपर्दछ।

मानिसको सत्यधर्म जान्नालाई उसको निरपेक्ष स्वभाव जाँच्नु उचित छ; त्यसमा दुइ भाव पाइन्छन् स्वार्थ र प्रेम। कणिक वा निट्शेले अगिल्लोलाई विशेष धर्म वा प्राकृतिक गुण माने, बुद्ध वा ईसाले पछिल्लोलाई। महाभारतको कणिकनीति झैं एक मानिस यस्तो गर्न सक्तछ—सबभन्दा ठूलो स्वार्थ नै हो भन्ने संझी बाहिर अरूसित मिले जस्तो गरेर विश्वासपात्र बनिसकेपछि धोखा दिई आफ्नो स्वार्थ पटाउने, अरूले देख्ता धर्मात्मा जस्तो बकुल्लाभक्त भई मौका र आफ्नो लाभ हेरेर छुरको गाडी कैंची का्ने, चोर्ने, ठाने,

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

मानें; तर त्यो घात गरेको असर नपर्ने दुङ्गा झैं हृदय बनाउने, इत्यादि। या एक व्यक्तिले मात्र होइन एक जातिले पनि गर्न सक्छ। परन्तु असत्य सधैंभरी छिपेर टिक्न सक्तैन-धोखा उज्यालोमा दिन सकिने वस्तु होइन। स्वार्थकै संघर्षको अर्को नाम युद्ध हो। संग्राममा सबभन्दा नचाहिएको नाश अधिक मात्रामा मिल्दछ। यो सिद्धान्तले मनुष्य पशु बन्दछ। अब अर्को बौद्धसिद्धान्त-यसमा अरू आफू र आफ्नालाई मार्दै जान्छ। जुन सिद्धान्तमा आफ्नो नाश छ त्यस सिद्धान्तको नाश गर्नु उचित छ। यी दुवैमा स्वार्थी भावना र प्रेमी भावना छन्, दुवै असत्य छन्-किनभने मनुष्य जाति अड्ने सत्य स्वभाव दुवैमा छैन। स्वार्थमा परार्थ र परार्थमा स्वार्थ रहेको धारणा नै मनुष्यको सत्यधर्म हो।

सत्य के हो, त्यसको व्याख्या चाहिन्छ, नत्र जगत्मा सब सत्य छन्। आगो पोल्दछ-त्यो सत्य, चिसो पानीले तिर्खा मेटिन्छ-त्यो सत्य; एक जनालाई अर्कोसित रिस उठ्तछ-त्यो सत्य, रिसले उसलाई मार्ने मन आउँछ-त्यो सत्य, मार्दछ—त्यो पनि सत्य; कोही कसैको हीराको औंठीमा लोभियो भने त्यो सत्य, उसले सो मौका हेरी चोऱ्यो भने—त्यो सत्य; हामीले छोराछोरीलाई जूका पर्दा त्यसको मारक औषधि दिएनौं भने त्यो घटना सत्य, जूकालाई माऱ्यौं भने—त्यो घटना पनि सत्य; कसैले आत्मसंयम गरी अहिंसा, अस्तेय, अक्रोध, अलोभ इत्यादि व्रत पालन गर्दछ भने— त्यो सत्य; कोही नाङ्गै हिंड्दछ भने—त्यो सत्य; कसैलाई रोग लाग्यो— त्यो सत्य, उसले औषध पाएन—त्यो सत्य, ऊ मऱ्यो—त्यो पनि सत्य; कसैलाई उसमाथि

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

यो उठ्यो—त्यो सत्य, कसैलाई उठेन ... त्यो पनि सत्य।

'एकं सद् विप्रा बहुधा वदन्ति—ऋग्वेद।

तर त्यो 'एकं सत्' के हो? मूलतत्त्व हो भने मूलतत्त्व जति सत्य छ अनेक तत्त्व मिली पदार्थ बन्दछन्—त्यो पनि उत्तिकै सत्य छ; पदार्थमा परिवर्त्तन हुन्छ—सब वस्तु अनित्य छन्—यी पनि सत्य छन्। 'सत्य एकै छ, त्यो परमात्मा हो, जो समाधिमा भेटिन्छन्' भनी समाधि प्राप्त भएपछि सत्य पाए; अब केही चाहिन्न भन्ने तर प्राणरक्षानिमित्त त भान्छा गर्नेहरू पनि हुन्छन्। यस दृष्टिले त एकै सत्य केही छ भने-मृत्यु, जसलाई ठेकदार संकुचितपना छोडी मोक्ष भने हुन्छ। परन्तु मृत्यु पनि एक सत्य मात्र हो, एउटै सत्य होइन, किनभने मृत्यु-भन्दा अगाडि उसको जीवन थियो, एक मूर्तिकारले जीवनमा निर्माण गरेको शिलामूर्ति उसको मृत्युपछि पनि सत्य भएर अडिरहन्छ। सत्य अनेक छन्। यदि सत्य एक मात्र हुँदो हो त विश्वमा एकत्व मात्र हुन्थ्यो, अनेकता हुँदैनथ्यो, प्रगति हुँदैनथ्यो। सत्य अनन्त छ। तसर्थ केवल सत्य शब्दले सत्यताको महत्त्व रहँदैन। सत्यता—हामीलाई अहिले केको निति? जीवनको निति। दुग्धपान जीवनको निति सत्य छ, त्यस्तै विषपान मृत्युको निति। जीवनको निति सत्य!—कसको जीवनको निति? आफूले हत्या गरेको पत्ता पाउने साधुलाई सत्य कुरा खोलिदेला भनेर चोरले जीवनको निति मारिदियो, त्यो हत्याकाण्ड देख्ने अर्को साधुलाई पनि जीवन-को निति फेरि मारिदियो, यसरी हिंसा गर्नु जीवनको निति सत्य हुन सक्छ। अनि त्यस्तो सत्यको महत्त्व नै के! यसका-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

रण सत्यता केको निति?— मानवताको व्यवहारनिमित्त—प्रत्येक मनुष्यको (अरूको तथा आफ्नो पनि) अमृतत्व वा अस्तित्वको निति !—सबसित मिलेर सुखपूर्वक बाँच्न र बचाउनाको निति ! – सत्य !

हुनता कणिक पनि 'सबै मरून् म मात्रै बाँचिरहूँ' भन्दैनन्,बुद्ध पनि 'अरू बाँचिरहून् म चाहिं मरूँ' भन्दैनन् । कणिक केवल अरूको दुःखमा आफ्नो सुख चाहन्छन्—अरूलाई मारेर भए पनि आफू बाँच्न चाहन्छन् ; बुद्ध आफूले दुःख पाएर अरूलाई सुख दिन चाहन्छन् — आफू मरेर भए पनि अरूलाई बचाउन चाहन्छन् । कोही यसमा बहुसंख्या ल्याउ'-छन्, अनि धेरैको फाइदानिमित्त गरेको जुनसुकै कामलाई पनि समर्थन गरिदिन्छन् । परन्तु संग्राम पर्दा धेरै मनुष्य-संख्या जतापट्टि छ उतैको जित होस् भनेर आँखा चिम्लनु कसरी ! कणिक र बुद्धको रोजाइ पनि त्यस्तै भ्रमोत्पादक छन् : 'क' र 'बु' मा रोजाउँदा कणिक बरु 'बु' मरोस् भन्दछन्, बुद्ध पनि बरु 'बु' नै मरोस भन्दछन्, दुवैको मत एउटै हुनाले हामीले पनि फेरि 'बु' न मरोस् भन्नु फेरि अनुचित देखिन्छ ! तसर्थ कसैले आफ्नो जीवनलाई सदा-चारद्वारा सस्तो पार्न सकेको छ भने उसलाई यति मात्र भन्न सकिन्छ — उ सत्यको निति जीवन समर्पण गरोस् !

सबसित मिलेर सुखपूर्वक बाँच्ने र बचाउने असत्य उपाय एकातिर छ, अर्कोतिर सत्य छ भने पनि सत्यनारा-यणको सैनिकले सत्यकै निति लड्नुपर्दछ — संग्राम विजयको निति होइन, शान्तिको निति पनि होइन, केवल सत्यको

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

निति। यदि सत्यले सबको नाश गर्दछ भने त्यो नाश अवश्यम्भावी छ। मानिस मर्दछ– यो मनोरम विषय होइन, तर के गर्नु सत्य छ — सत्यभन्दा कहिले असत्य प्रिय हुन सक्ला, तर त्यो प्रियता पनि असत्य नै हुन्छ, पछिबाट असत्यले आफ्नो प्रियतालाई सत्यको जिम्मा नछोडी सुख छैन, किनभने असत्य मर्दछ सत्य मात्रै बाँचिरहन्छ।

सत्य त्यो हो जसमा सब सहमत हुनैपर्दछ— सूर्य उज्यालो पार्दछन्। हो, जसको चक्षु इन्द्रिय छैन उ त्यो उज्यालो देख्न सक्तैन, जसको इन्द्रिय कुनै पनि छैन त्यसको सहमत हुने अधिकारै छैन। परन्तु संसारमा एक थरी विशेष इन्द्रियको दावा गर्दछन, मनभन्दा पर बुद्धिभन्दा पर ज्ञानभन्दा परको अर्को विशिष्ठ ज्ञानको कल्पना गरेर ती आफूलाई नरोत्तमदेवता सम्झन्छन्। तिनै महात्माका कपोलकल्पनाले गर्दा संसार वैमनस्य कलह हत्या अत्याचार र अशान्तिको रक्तभूमि भइरहेको छ। हो, स्वार्थ, ईर्ष्या, द्वेषहरू मनुष्यका स्वभाव हुन्, तर प्रेम त्याग दया यी पनि मनुष्यकै स्वभाव हुन्। अन्धो मानिस आफ्नो स्वाथ देख्तछ, आँखा हुने अर्काका स्वार्थ पनि देख्तछ, दुइको स्वार्थ मिलेपछि सहानुभूति उब्जन्छ, सहानुभूतिबाट प्रेम जन्मन्छ। त्यस्तै ईर्ष्याबाट त्याग पैदा हुन्छ। जसमा लोभ छैन त्यो दानको मूल्य थाहा पाउँदैन, जो निष्ठुरतालाई चिन्दैन त्यो दयाको माहात्म्य पनि सम्झन सक्तैन। मानिस अर्को मानिसलाई त्यस्तै स्वभावले शत्रु ठान्दैन, किनभने उसित बेहानु छ, तर शत्रु सम्झनुपर्दछ भन्ने कुनै कल्पित भावनाले एक भाइ अर्को भाइलाई शत्रु सम्झन्छ।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

जो अरूलाई शत्रु संझन्छ उसलाई अरू प्रतिशोधले शत्रु संझन्छन्, शत्रुताका परिणाम संग्राम हो, संग्रामको परिणाम मृत्यु; मृत्यु मानिसको स्वभावैले अप्रिय छ भने संग्राम पनि अप्रिय छ, तसर्थ शत्रुता पनि अप्रिय छ — मानिस स्वभावैले शान्तिप्रिय छ। परन्तु कुनै कपोलकल्पनाको दुर्भावनाले मानिस संग्राममा धकेलिन्छ। कुनै जातिलाई त्यस्ता असत्य दुर्भावना बिसाइदिन सके त्यो अर्को जातिमाथिको शत्रुता बिर्सेर मित्र बन्दछ। त्यो दुर्भावना हो — अदृष्टमाथिको विभिन्न कल्पना !

दृष्टको निति कसैको विवाद छैन, जुनसुकै जाति पनि पानी पिएर तिर्खा मेट्तछ, अन्न खाएर भोक; जुनसुकै धर्मको अनुयायी होस् जाडोमा घाममा आगो ताप्तछ, गर्मीमा हिमालको चिसो हावा र पहाडी हरूकन रूखको शीतल छाया रुचाउँछ। जसलुकैको निमित्त सुन्दररूप सुन्दर छ, रत्नहरू अमूल्य छन्, ताजमहल, माइकल एन्जेलो, कालिदास, रुसो, काश्मीर र नायगरा झरनाहरू राम्रा छन्; — दृष्ट वस्तुको वास्तविक सत्य सबको निमित्त सत्य छ। मानवजातिमा विवाद छ अदृष्टको निति। 'वादेवादे जायते तत्त्वबोधः' भनेर अनुसन्धान भए त हुन्थ्यो, वादेवादे जायते वैमनस्यम्—वादेवादे जायते संप्रहारः — हुन्छ: कुनै ईश्वर संसारमा सुधार गर्न आउँदैन, तर मानिस म ईश्वरको दूत हुँ, ईश्वरको पुत्र हुँ, अझ ईश्वरकै अवतार हुँ, अझ म ईश्वर हुँ भनेर विभिन्न अन्तस्करणअनुसार धर्मशिक्षा दिंदै मानिसलाई हात लिन्छन्, संघ तयार गर्दछन्; फेरि दृष्टको निति सबको शिक्षा एकै

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

छन्, हुनैपर्दछ—सत्य नै ईश्वर हो भने सत्य साझा छ—आगोमा पक्षपात छैन, अदृष्टको निति भने निरवच्छिन्न कलह छ। सब धर्ममा दृष्ट एक छ अदृष्ट विभिन्न छन्: कसैको स्वर्ग छ, वैकुण्ठ छ, कसैको जन्नत, कसैको हेभन—प्यारडाइस, कसैको अझ केही, नमूना सबका भिन्न भिन्न छन्, त्यहाँका कार्यक्रम विभिन्न छन् ; एक थरीलाई अर्को थरीकोले नरकमा वा जहन्नममा वा हेलमा वा अरू कतै लगेर कल्पनाले गाडिदिन्छ—तर पृथ्वी सबको साझा छ। हो, दृष्टको निति भौगोलिक नक्सा साझा छ—जहाँ एकको निति नदी छ त्यहाँ सबैको निति नदी छ, तर अदृष्टको निति पृथ्वीको अनुहार उस्तै छैन। लङ्का कसैको निति स्वदेश छ कसैको निति परदेश, तर लङ्का सबैको निति एक साझा रमणीय टापू छ। मरिसकेपछि हुने अवस्थाको काल्पनिक वर्णन सब दार्शनिक कविका भिन्न भिन्न छन्, तर जीवन सबको साझा छ,—औषधि र विषमा, बजारको लेनदेनमा, भ्रमणमा, आवतजावतमा, खानपानमा आजन्ममरणतक सबको मत एक छ। खानीमा कसरी काम गर्नुपर्दछ, खेतमा कसरी खनजोत गर्नुपर्छ, बिरुवाहरूमा कसरी मलजल गर्नुपर्दछ, माउरीलाई कसरी पाल्नुपर्दछ, गाईवस्तुको कसरी सुधार गर्नुपर्दछ, तत् तद् विषयका पुस्तक सबको निति लागू छन्; तर एक जातिको अदृष्टविषयक धर्मपुस्तक अर्को जातिको निति बिकम्माको छ। जिउँदो मानिस सबकहाँ उही अनुहारले आउँछ, तर मरेका मानिसको वायुशरीर संक्षिप्तको काल्पत भूत वा प्रेत प्रत्येक व्यक्तिकहाँ अर्कै अर्कै

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

अनुहार लाएर तर्साउन जान्छ।

यसरी राँकिएको अदृष्टको झस्काले हृदयमा प्रायः दृष्टको भन्दा भित्री तहमा स्थान पाएको देखिन्छ। आफूलाई मानवताले जतिसुकै सेवा गरोस् त्यसको परवाह रहदैन, आफूले संझेको अदृष्ट सिद्धान्तलाई कसैले मानेन भने उ शत्रु बन्दछ। मानिसलाई दृष्टभन्दा अदृष्ट प्यारो छ, वास्तविक स्थितिभन्दा कल्पित स्थिति प्रिय छ, पृथ्वीलोकभन्दा स्वर्गलोक प्यारो छ, आधिभौतिक विचारभन्दा आध्यात्मिक विचार प्रिय छ; तसर्थ कविहरू मात्र होइन दार्शनिकहरू पनि प्रायः कल्पना गर्दछन्, वैज्ञानिकहरू पनि कहिले कहिले कल्पनामा खिचिन्छन्। धेरै दार्शनिक उनका वास्तविकतामा होइन कल्पनामा विशेष लोकप्रिय छन। मानिसभन्दा उसको आशा ठूलो हुन्छ, त्यही आशा कल्पना बन्दछ, अनि त्यो राम्रोसित निर्माण गरेर सिंगारिएको कल्पना अत्यन्त प्रिय हुन्छ, त्यही कल्पनाको भोग विपनामा नपाए पनि सपनामा चाहनेहरूको इच्छा–चक्षुको ऐना जति जति गाढा हुन्छ उति उति उसको विश्वास खँदिलो हुन्छ। अनि काला चश्मा लाउनेहरूका उत्तम मस्तिष्कले भरिएका टाउकाहरू परस्पर ठक्कर खान थाल्दछन्, त्यहाँपछि चिथराचिथर शुरू हुन्छ। पृथ्वीमा आगो लाग्दा रमिता हेर्नेहरू स्वर्गमा आगो लागेका शब्द सुन्नासाथ आत्तिन्छन्।

पाषाणयुगहरूको लेखा छोडेर वि. पू. ५००देखि आजसम्ममा मात्रै नौ सय पाँच वास्तविक युद्ध भए भन्ने विशेषज्ञहरूको भनाइ छ। यी संग्राम सबै अदृष्टकै निंति छेडिएका हुन् भने पनि अत्युक्ति होओइन। धर्मयुद्ध, जातियुद्ध, रङ्गयुद्ध,

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

देशयुद्ध, यी सबैमा अदृष्ट भावना प्रधान छन् । हो, स्त्री र धन लुट्नालाई कति डकैतीयुद्ध पनि भए, तर तिनमा पनि अदृष्ट-भावना व्याप्त थिए —हाम्रा जातिको धन, हाम्रा जातिकी स्त्री! हो, वैज्ञानिक प्रभावले पछिका लडाइहरूमा अदृष्टभावना फीका हुँदै गएका देखिन्छ, लडाइँलाई धर्म सम्झनेहरूभन्दा आजकाल लड़ाइँलाई अधर्म तुच्छ सम्झनेहरूका संख्या बढ्दा छ, युद्ध बन्द गर्ने चेष्टामा संसारका ठूलठूला राष्ट्रहरू लागेका छन्, परन्तु अहिले जति कसर बाँकी छ, जुन कसरले गर्दा बराबर संग्रामका मेघ आकाशमा जमेर गर्जन गर्दै शान्तिप्रिय मनुष्यहरूलाई अत्याउँछ, त्यो केवल उही पुराना अदृष्टमाथिको अन्ध प्रेमी लत नै हो भन्ने देखिन्छ। बडा बडा राष्ट्रहरू सभामा जम्मा हुन्छन्, तर उनका कुरामा मानवताका निति चाहिने दृष्टका सत्य मात्रा सयकडा पाँच पनि रहँदैन—अदृष्ट-भावमय पूजासमयदेखि चलिआएको जातीयता, स्वार्थ, दलबन्दी, अभिमान, डर इत्यादिको प्रतिपालन गरेर बाझ्दा बाझ्दै उनको सभा विसर्जन हुन्छ, बादल बाक्लदै जान्छ, सत्यसूर्य झन् झन् ढाकिन्छन्। मानिस कहिले मानिसलाई चिन्ला ! मानिस कहिले साँचो कुरा सुन्न सक्ने होला !—सत्य निल्न सक्ने होला ! सत्यमार्गमा निर्भय हिँड्न नहच्कने होला !

यस अदृष्ट ख्याकको कल्पनाले मनुष्यसमाजलाई शैशवावस्थादेखि नै कसरी तर्साइदियो, अझ मानिस प्रत्येक शब्दमा झस्कन्छ। एकचोटि फेरि छ हजार वर्ष पर गएर हेरौं। वैदिककाल मनुष्यजातिको पग्लेको शुद्ध सुनौला बालककाल हो —बालकमा जुन खुल्दुली जुन जिज्ञासा जुन सत्यता जुन

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

पवित्रता जुन चकचक जुन आग्रह जुन निरालस्यपन जुन निर्दोषपन जुन मधुर लयदार बोली जुन रमाइलापन जुन ताजलोपन जुन उमङ्ग जुन उत्साह जुन आनन्द जुन प्रेम जुन विकास जुन आशावाद हुन्छन् ती वेदमा पाइन्छन्; तर बालकका तसन आसक्तिने, खेल्ने, छल्ने, लड्सिनेपनहरू पनि हामी वेदमै पाउँछौं, कथा सुन्ने र कथाको संसारमा पसेर बिपनालाई आँखा चिम्ली सपनाको फूलले सजाउनेपन पनि वेदमै पाउँछौं। उसमा यस्तो पवित्र रुवाइ छ—' इन्द्र, वज्र नागराऊ, हामीलाई तथा यी गाईलाई नमार ' इत्यादि। आज हाम्रो समाज त्यस समयभन्दा मानूँ ६ महीनाअगाडि बढिसक्यो, कति कुरा हामीले विशेष जानिसक्यौं, तर कति भावुकता हामीले गुमाइ पनि सक्यौं;—उनले खोजेर पाएको मुख्य कर्तव्य यज्ञलाई अब हामी जान्ने भएर कर्तव्य सम्झन्दैनौं, तर त्यो अदम्य खोज अथक परिश्रम हामीले छोडिसक्यौं।

अतः पहिले प्रकृतिले जुन भयानक धाक रातभर गड्याङगुडुङ चट्याङचुटुङ वज्रपात र वर्षा मच्चाई मानिसलाई साती खाँदै तर्साउँदै कँपाउँदै हात जोडाई भुइँमा ढोगाएर तहलायो त्यही आकस्मिकताको निर्मातालाई विचारवान् मानिसले सबभन्दा ज्येठा माथिका देवता मेघवाहन वज्री शतयज्ञ इन्द्र सम्झे, उनैलाई सृष्टि स्थिति प्रलयका नियामक सम्झे। प्रातःकालमा सब शान्त भइसकेको केवल जङ्गलमा र भकारीमा डढेलो लागेर धूवाँ माथि अकासिँदै बादलमा मिलिरहेको देखेर मानिसले ठाने भोकाएका इन्द्र यज्ञको

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

डाढ्छ पृथ्वीमा ल्याउँछन्, अनि हुँडलेर केही झिकेर माथि लगी चाट्तछन्, तसर्थ उनलाई सधै खुवाएर रत्याउनुपर्दछ। अब उनमा अर्पण गरेका वस्तु पृथ्वीलाई बुझायो जहाँको तहीं रहन्छ, पानीलाई बुझायो डुब्छ, वायुलाई बुझायो तल खस्तछ, अग्निका जिम्मा दिए मात्र उ यहाँ भस्म छोडी धूवाँको यानमा उडाएर लगी मेघवाहनसम्म पुऱ्याइदिन्छ। उनले इन्द्रबाट बादल फाटी जन्मेको आगो हिरण्यगर्भसूर्यमा सर्वहुत यज्ञ भइरहेको संझी, अनि साना सूर्यपुत्र जस्तै आगाहरू पृथ्वीमा देखे। ती दार्शनिक गवैया कवि वैज्ञानिक महात्माहरूले आगो पढे, आगो घोके, आगो गाए, आगो जाने, आगो रचे, आगो तापे, आगो छाए, आगोलाई प्यारो गरे, आगोलाई अँगाले, आगोलाई बढाए, आगोमा सब होमे, अनि ती अन्त्यमा आगोमा होमिए। उनले विश्वमा महायज्ञ भइरहेको भाव संझे—पृथ्वीमा त्यही यज्ञ—अनि मनुष्यशरीरमा मनुष्यमनमा पनि उनले सोही यज्ञ झल्झली देखे। प्रलयाग्नि होस् वा जठराग्नि, आगो दन्किरहेछ, त्यसमा आहुति हुनुपर्दछ, त्यसपछि जीव वा बीज प्रादुर्भाव हुन्छन् भन्ने उनको धारणा थियो। अग्निलाई नै सर्वस्व अग्निलाई नै साक्षीदेवता मान्न थालेदेखि शवलाईपनि गाड्न छोडी उनले जलाउन थाले यसानति कि मरेकाहरू अगति परेर यहीं नरहून्, गति पक्रेर आगोद्वारा बादलपारी इन्द्रलोकमा पुगेर रहे भने मरेपछि हाम्रो भेट होला। कोही मरेका दिन हृदय विदीर्ण गरेर आगोको वरिपरि बसी ती आदि मनुष्य कवितामा कराए होलान्!

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

सम्भव छ—

होता कराउन लागे—'अग्निदेवता, तिमी कति तेजिला छौ, हाम्रो हृदयलाई उज्यालो पार, यो जौ खाऊ, घिउ चाट, दूध तथा सोमरस पिऊ, खुशी भएर नाच, हाम्रा मृत प्रियवरलाई सुखी बनाइराख !'

उद्गाता गाउन लागे—'वायुदेवता, तिमी हाम्रा प्राण हौ ! यो यज्ञको धूवाँ स्वर्गसम्म पुऱ्याइदेऊ !' उद्गाताले पहिलेदेखि मुखमुखै उखान जस्तै परंपरागत चलिआएका 'श्रुति' का मन्त्रहरू पनि धेरै गाए।

अध्वर्युलाई ब्रह्मर्षिले यो यज्ञकर्म नित्य गर्नुपर्दछ भन्ने आज्ञा दिए। अध्वर्युले त्यो कर्मविधान गद्यमा लेखेर यजुर्वेदमा संकलन गरिराखे।

यज्ञको सबभन्दा राम्रो दृष्टान्त पुरुष-सूक्तमा पाइन्छ। पुरुष-सूक्त ऋग्वेद, यजुर्वेद, अथर्ववेद तीनैमा छन्, तिनमा केही पाठभेद छन्, जस्तो—

सहस्र शीर्षा पुरुषः सहस्राक्षः सहस्रपात्।
स भूमिं विश्वतो वृत्वाऽत्यतिष्ठद्दशांगुलम् ॥ऋग्वेद।
सहस्र शीर्षा पुरुषः सहस्राक्षः सहस्रपात्।
स भूमिं सर्वतस्पृत्वाऽत्यतिष्ठद्दशांगुलम् ॥ यजुर्वेद।
सहस्र बाहुः पुरुषस्सहस्राक्षः सहस्रपात्।
स भूमिं विश्वतो वृत्वाऽत्यतिष्ठद्दशांगुलम् ॥ अथर्ववेद।

तल ऋग्वेदीय नारायण ऋषिका पुरुष-सूक्तका सोह्रै मन्त्रबाट विचारधाराको सारांश क्रमशः दिइएको छ (नास-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

दीय सूक्तमा विश्वसृष्टिभन्दा अगाड़ि के थियो भन्ने विषयमा विचार गरिएको छ; यस सूक्तमा सृष्टिको आदिदेखि अन्त्यतकको वर्णन छ):

हजारौं शिर (बाहु) हजारौं आँखा खुट्टा भएका आदि विराट् पुरुष विश्वलाई ढाकेर दश अंगुल पर बसे। १

भूत वर्तमान भविष्यत सब उनै हुन्, ती अमृतत्वका स्वामी हुन्, अन्नले आउने जीवभाव पनि उनै हुन्। २

यो सब उनको महिमा हो। यो विश्वभूत ती सबभन्दा ज्येठा पुरुषको एक पाद हो, अमृत तीन पाद दिव्य छन्। ३

तीनखुट्टे पुरुष माथि उठे। एक पाद (अंश) फेरि यहाँ रह्यो। उहाँपछि चेतन अचेतन (खाने र नखाने) सब वस्तुमा व्याप्त भए। ४

उनबाट विराट् उत्पन्न भयो, विराट्भन्दा माथि पूरुष रहे। उ.जन्मेर अर्कै अर्कै भए। अनि भूमि भयो अनि नगर (शरीर ?) भयो। ५

पुरुषलाई हविष्य मानेर उनका अवयवभूत इतर देवता सब मिली हवन गर्दा वसन्त घिउ ग्रीष्म दाउरा शरत् हवि भए। ६

सो यज्ञयोग्य पुरुषलाई मानसयज्ञमा संस्कार भयो, उनबाट साध्यदेव र ऋषिहरूले यज्ञ गरे। ७

सर्वहुत यज्ञबाट दहि मिसिएको घिउ (अनेक भोग्य वस्तुनौना ?) उत्पन्न भयो, उताबाट वन्य र ग्राम्य पशु उत्पन्न भए। ८

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

त्यही सर्वहुत यज्ञबाट ऋक्, साम, छन्दहरू र यजुःको उत्पत्ति भयो। ९

उतैबाट घोडा र अरू तलमाथि दाँत भएका पशु, अनि गाई, बाखा र भेडाहरू उत्पन्न भए। १०

जो पुरुष उत्पन्न गरिए सो कति प्रकारले कल्पना गरिए? उसको मुख के थियो? हात के थिए? तिघ्रा के थिए? खुट्टा के थिए? ११

ब्राह्मण उनका मुख भए, हात क्षत्री बनाइए, जो वैश्य छन् ती उनका दुइ जाँघ छन्, खुट्टाबाट शूद्र उत्पन्न भए। १२

चन्द्रमा ती पुरुषको मनबाट, चक्षुबाट सूर्य, मुखबाट इन्द्र र अग्नि, प्राणबाट वायु जन्मे। १३

नाभिबाट अन्तरीक्ष, शिरबाट द्यौः लोक, पादबाट भूमि, कानबाट दिशाहरू तथा लोकहरू पैदा भए। १४

देवहरूले यज्ञसमयमा जब पुरुषरूपी पशुलाई बाँधे त्यस बेला सात परिधि (ऐष्टिक आहवनीयका तीन, उत्तरवेदिकाका तीन र आदित्यसमेत सात परिधि) र एक्काईस समिधा (बाह्र महीना, पाँच ऋतु, तीन लोक, एक आदित्य) बनाइए। १५

यज्ञद्वारा देवहरूले जो यज्ञको यजन गरे उही पहिला धर्म भयो। यज्ञ गर्ने महात्माहरूलाई त्यही नाक (स्वर्ग) प्राप्त हुन्छ जहाँ पहिलेका साध्यदेवहरू छन्। १६

यसरी विश्वसृष्टिलाई यज्ञमय देखेर यज्ञ गर्ने अनि यज्ञको परिणाम स्वर्ग संझनेले यज्ञलाई मनुष्यको कर्तव्य संझनु स्वाभाविक कुरा थियो। तर परम योगीश्वरको गीत उनले

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

स्वर्लोकभन्दा माथि महर्लोक, जनलोक, तपलोक र सत्यलोक, अथवा जन तप सत्यलाई नछुट्ट्याउँदा ब्रह्मलोक, यस्ता उच्च लोकहरू पनि हुनुपर्दछ भन्ने संज्ञेका थिए; तदर्थ मनुष्यको विशेष कर्तव्य तपस्या थियो — फेरि तपस्या पनि ज्ञानयज्ञ गनिन्थ्यो । अग्निपूजक पारसीहरूको पनि यज्ञमा त्यस्तै श्रद्धा छ, जिन्दावेस्ताका अहुर मज्दा उनै मूल पुरुष असुर महानको अर्को नाम हो — वेदको 'असुर' शब्द पुराणमा दैत्यवाचक भएर बिग्रेको छ । वैदिककालका सर्वश्रेष्ठ , इन्द्रलोक (स्वर्ग) का अधिष्ठाता , मूलतत्त्व विद्युत्का देवता वज्रधारी इन्द्रलाई संज्ञदा अहिले इलेक्ट्रन-सित दाँज्न खोज्नेहरूलाई सच्चा वेदभक्त भन्नुपर्दछ । इन्द्रको विश्वयज्ञ, अनि सूर्यको सर्वहुत यज्ञ, अनि अग्नियज्ञ इत्यादिको सूक्ष्म अध्ययनले वैदिक ऋषिहरूको मानसिक विचार विशेष जान्न सकिन्छ । इन्द्र , वरुण, अग्नि, नदेखिने सर्वव्यापी वायु, उसभन्दा व्याप्त विष्णु, रौद्र रुद्र, सूर्य, चन्द्रमा, पानी यिनै विषयका वैज्ञानिक र दार्शनिक कविताहरू उनका परिचय दिन्छन् ।

वैदिक समयमा पनि सत्यको कम महत्त्व थिएन, ऋग्वेद-को ऋतं सूक्तमा ऋषि भन्दछन्—

'उद्दीप्त तपबाट ऋत (मनले यथावस्तु विचार गर्नु) र सत्य (वाणीले यथावस्तु बोल्नु) उत्पन्न भए' ।

तर त्यसपछि भन्दै जान्छन् —

उहाँबाट रात्रि उत्पन्न भयो, उताबाट समुद्र । समुद्रबाट

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

संवत्सरको जन्म भयो। विश्वका स्वामीले आफ्ना निमेष र उन्मेषबाट अहोरात्र विधान गरे।'

तसर्थ जब मानिस आफूले सत्यसित अनुमान गरेको कुरालाई नै ऋत र सत्य सँझेर त्यसैमा टाँसिन्छ त्यस्ता सत्यलाई महत्त्व यत्ति मात्र दिन सकिन्छ—उनले जुन कुरालाई ऋत संझे त्यो सत्य बोले—न कि त्यो वास्तवमा प्रयोगात्मक सत्य थियो।

त्यस समयको धेरै पछि ब्राह्मणकाल आयो, यज्ञको निधान बढ्दै गया। घिउ, सोमरस, दूध, जौ, व्रीहि आदि यज्ञबाट अश्वमेध, अजमेध, गोमेध, नरमेध, इत्यादि यज्ञ जन्मे; अथवा नारायणी तेलबाट जिबनारायणी तेलको प्रादुर्भाव हुन थल्यो। ऋग्वेदको ऐतरेय ब्राह्मणमा साँचो बोल्ने रोगी राजा हरिश्चन्द्रले कालको मुखमा शुनश्शेपलाई हालिदिएर आफू बंचन पाउंछु कि भन्ने विचारले नरमेध यज्ञ गर्न थालेका कथा र बाघले लखेटेको घोडचढीले घोडालाई रूखमा बाँधी बाघलाई छोडिदिएर आफू भागेको कथा मिल्छन्। अतः यज्ञका प्रारम्भ उही जङ्गली भावनाले भएका हुनु युक्तिसंगत देखिन्छ। खानलाउनपट्टि चिन्ता गर्न नपरेको वेलामा यज्ञभावना चढ्नु श्वास जस्त स्वाभाविक कुरा हो।

जब ऋषिहरूले देखे-हात धेरै चोटि माथि उचालियो, धेरै चोटि विन्ति गरियो, आकाशतिर हेरेर कति पटक ढोगियो, हृदयनिनादले कति उच्च स्वरमा कति मधुर कविता गाएर कति आशा लिएर कति प्रार्थना गरियो, चरुको धूवाँ कत्रो मुस्लो पारेर पठाइयो; परन्तु माथिबाट केही उत्तर आएन, संसार उस्तै रोगी उस्तै दुःखी उस्तै फाहरी उस्तै नोचर

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

उस्तै पाशविक रह्यो। यहाँ जन्म र सुख त आँखामा छारो जस्तै भए, मृत्यु र दुःख नै वास्तविक आँसु हुन आए, त्यो आँसु जीवनको चिह्न बन्यो; जन्मेको बालक रोएकोमा जननीले सन्तोष मान्नुपऱ्यो; नित्यहाँसो त केवल कङ्कालमा पो बस्न पुग्यो। अनि धेरैले संझे–यस लोकमा सुख छैन, परलोकमा होला, किनभने यसलोकमा छैन;–कर्ममा सुख छैन, ज्ञानमा होला, किनभने कर्ममा छैन। जति यो जगत्मा प्रवृत्त भयो उति दुःख बढ्दछ, त्यसैले यी विषयोन्मुखी इन्द्रियहरूलाई बाहिरबाट खिचेर अन्तर्मुखी बनाउनुपर्दछ– प्रेयोमार्गको त्याग र श्रेयोमार्गको ग्रहण, अथवा प्रवृत्तमार्ग र निवृत्तिमार्ग। यसरी उपनिषद्कालमा ज्ञानमार्ग अध्यात्मवादको विशेष प्रचार भयो। वैदिक इन्द्र उपनिषद्मा गएर परब्रह्म परमात्मा बने; द्रव्ययज्ञभन्दा ज्ञानयज्ञ नै श्रेष्ठ हो भन्ने संझो संसारदेखि विरक्तिई ध्यानमा निमग्न हुनु नै कर्तव्य हो भन्ने उस वेलाको दार्शनिक समाजले संझ्यो। अकर्मण्यता आयो, दासत्व आयो।

अनि रामयुग आयो, अनि भक्तिमार्ग आयो। दासत्वमा एक स्वामी चाहिन्थ्यो, भक्तिमार्गमा एक पूज्य पुरुष चाहिन्थ्यो– राम मिले। रामयुगलाई त्रेतायुग भन्दछन्। रामचन्द्र स्वभावैले परम योगी थिए, योग्य थिए, ज्ञानी थिए। रामलाई रामत्व दर्साउने, रामलाई राम बनाउने दार्शनिक वशिष्ठ हुन्। कृष्णपछिका भारतीय दर्शनका आदर्श राम हुन्। कदाचित् अफ़लातूँका आदर्श राजा पनि राम नै हुन्। उनी

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

आनन्दस्वरूपका थिए, उनी संसारको हृदय हिलाउन सक्तथे, तर संसार उनको हृदयमा आफ्नो प्रभाव पारेर वशिष्ठको आदर्शवादभन्दा तल उनलाई ओह्राल्न सक्तैनथ्यो। सबको वर उनी थिए, तर उनी सबबाट अलग्ग रहन्थे। उनी निष्कामकर्मी थिए। रामायणको ऐतिहासिक पक्षबाट विचार गर्दा यस्तै देखिन्छ।

उपनिषद्कालको समकालीन आरण्यक उपासनाकाण्ड हो। रामायणमा एक काण्ड आरण्यकाण्ड छ। रामका ससुरा जनक र याज्ञवल्क्यको प्रश्नोत्तर बृहदारण्यक उपनिषद्मा छ। अर्थात् रामचन्द्रको समय उपनिषद्भन्दा धेरै पछिको होइन। अरण्यवासीहरूले यज्ञनिमित्त जङ्गल फाँड्दा फाड्दा त्यो फाँटमा नगर बस्यो–जीवनको समस्या जटिल हुँदै गयो, घरझगडा बढ्दै गयो, युद्धयज्ञ मच्चिँदै गयो। जस्तो बट्टाइलाई जङ्गलमा चाराको निति जुध्नुपर्दैन, तर जब ती काबुजको घरमा थुनिएर भोकै पर्दछन् अनि अगिल्तिर थोरै कागुनु देख्तछन् तब प्राणरक्षा निमित्त लड्न ती बाधित हुन्छन्। जङ्गली भाले पशुहरू प्रायः स्त्रीको निति लड्दछन्– पोथीहरू 'जो जित्छ उही मेरो भाले' सम्झन्छन्। मनुष्यसमाजले विवाह चलाएर दंपतिसमस्याको केही भाग हल गरे, तर समाजविवाहको अतिरिक्त बालविवाह, रूपविवाह र धनविवाह यी तीन छन्; अतः देखादेखी हरण गर्ने, लुकी चोरी व्यभिचार गर्ने र इच्छाविरुद्ध स्वार्थसाधन गर्ने ती तीन विवाहका प्रथा अझै प्रचलित छन्। मानवोचित सत्यविवाहबाट समाज अझ टाढै छ। रावणले सीतालाई हरेर लङ्का लग्यो। कसैले आफ्नी आफूसित बस्न चाहने स्त्रीलाई बलात्कार उडाएर (आलंकारिक अर्थमा)

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

उस्तै पाशविक रह्यो । यहाँ जन्म र सुख त आँखामा छारो जस्तै भए, मृत्यु र दुःख नै वास्तविक आँसु हुन आए, त्यो आँसु जीवनको चिह्न बन्यो; जन्मेको बालक रोएकोमा जननीले सन्तोष मान्नुपर्‍यो; नित्यहाँसो त केवल कङ्कालमा पो बस्न पुग्यो । अनि धेरैले संझे–यस लोकमा सुख छैन, परलोकमा होला, किनभने यसलोकमा छैन;–कर्ममा सुख छैन, ज्ञानमा होला, किनभने कर्ममा छैन। जति यो जगत्मा प्रवृत्त भयो उति दुःख बढ्दछ, त्यसैले यी विषयोन्मुखी इन्द्रियहरूलाई बाहिरबाट खिचेर अन्तर्मुखी बनाउनुपर्दछ– प्रेयोमार्गको त्याग र श्रेयोमार्गको ग्रहण, अथवा प्रवृत्तमार्ग र निवृत्तिमार्ग । यसरी उपनिषद्कालमा ज्ञानमार्ग अध्यात्मवादको विशेष प्रचार भयो । वैदिक इन्द्र उपनिषद्मा गएर परब्रह्म परमात्मा बने; द्रव्ययज्ञभन्दा ज्ञानयज्ञ नै श्रेष्ठ हो भन्ने संझो संसारदेखि विरक्तिई ध्यानमा निमग्न हुनु नै कर्तव्य हो भन्ने उस वेलाको दार्शनिक समाजले संझ्यो । अकर्मण्यता आयो, दासत्त्व आयो ।

अनि रामयुग आयो, अनि भक्तिमार्ग आयो। दासत्वमा एक स्वामी चाहिन्थ्यो, भक्तिमार्गमा एक पूज्य पुरुष चाहिन्थ्यो– राम मिले । रामयुगलाई त्रेतायुग भन्दछन् । रामचन्द्र स्वभावैले परम योगी थिए, योग्य थिए, ज्ञानी थिए । रामलाई रामत्त्व दर्साउने, रामलाई राम बनाउने दार्शनिक वशिष्ठ हुन् । कृष्णपछिका भारतीय दर्शनका आदर्श राम हुन् । कदाचित् अफ़लातूँ का आदर्श राजा पनि राम नै हुन् । उनी

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

आनन्दस्वरूपका थिए, उनी संसारको हृदय हिलाउन सक्थे, तर संसार उनको हृदयमा आफ्नो प्रभाव पारेर वशिष्ठको आदर्शवादभन्दा तल उनलाई ओह्राल्न सक्तैनथ्यो। सबको वर उनी थिए, तर उनी सबबाट अलग्ग रहन्थे। उनी निष्कामकर्मी थिए। रामायणको ऐतिहासिक पक्षबाट विचार गर्दा यस्तै देखिन्छ।

उपनिषद्कालको समकालीन आरण्यक उपासनाकाण्ड हो। रामायणमा एक काण्ड आरण्यकाण्ड छ। रामका ससुरा जनक र याज्ञवल्क्यको प्रश्नोत्तर बृहदारण्यक उपनिषद्मा छ। अर्थात् रामचन्द्रको समय उपनिषद्भन्दा धेरै पछिको होइन। अरण्यवासीहरूले यज्ञनिमित्त जङ्गल फाँड्दा फाड्दा त्यो फाँटमा नगर बस्यो–जीवनको समस्या जटिल हुँदै गयो, घर-झगडा बढ्दै गयो, युद्धयज्ञ मच्चिँदै गयो। जस्तो बट्टाइलाई जङ्गलमा चाराको निति जुध्नुपर्दैन, तर जब ती काबुजको घरमा थुनिएर भोकै पर्दछन् अनि अगिल्तिर थोरै कागुनु देख्तछन् तब प्राणरक्षा निमित्त लड्न ती बाधित हुन्छन्। जङ्गली भाले पशुहरू प्रायः स्त्रीको निति लड्दछन्– पोथीहरू 'जो जित्छ उही मेरो भाले' संझन्छन्। मनुष्यसमाजले विवाह चलाएर दंपतिसमस्याको केही भाग हल गरे, तर समाजविवाहको अतिरिक्त बालविवाह, रूपविवाह र धनविवाह यी तीन छन्; अतः देखादेखी हरण गर्ने, लुकी चोरी व्यभिचार गर्ने र इच्छाविरुद्ध स्वार्थसाधन गर्ने ती तीन विवाहका प्रथा अझै प्रचलित छन्। मानवोचित सत्यविवाहबाट समाज अझ टाढै छ। रावणले सीतालाई हरेर लङ्का लग्यो। कसैले आफ्नो आफूसित बस्न चाहने स्त्रीलाई बलात्कार उडाएर (आलंकारिक अर्थमा)

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

लैजान्छ भने लडेर उसलाई फिर्ता ल्याउनु, अनि चाहे उ सती नै होस् एकलै परपुरुषसित जानु परेकोले लोकापवाद (चाहे त्यो लोक एक व्यक्ति नै होस्) भयो भने त्यस स्त्री-लाई त्यागेर निकाल्नु रामचन्द्र आफ्नो कर्तव्य ठान्दछन् ।

बाल्मीकीय रामायण उत्तरकाण्डमा उनै राम सोद्धछन्—(छोटकरीमा) 'मेरो कर्तव्य के?— म राजसूययज्ञ गरूँ कि नगरूँ ?' भरत संझाउंछन्—'यस किसिमको यज्ञ किन गर्न आँट्नुभयो ? यो यज्ञले त अनेक राजवंशको विनाश हुन्छ, धेरै मानिस मर्दछन, सबैको हानि गर्नु अनुचित छ।' रामचन्द्र भन्दछन— 'तिमीले यो उचित कुरो गर्‍यौ, अब म सो यज्ञ गर्दिन।' यसरी रामले राज-सूयलाई अकर्तव्य संझेपछि लक्ष्मण भन्दछन्— 'बरु अश्वमेध यज्ञ गर्नोस् सबै पापकटनी हुन्छ।' अनि रामले अश्वमेध यज्ञ गरे । रामचन्द्रलाई स्वयं सुझेन — हाम्रो कर्तव्य के?

यस पौराणिक समयदेखि जानाजानी संकुचितपनाले घेरा सङ्गाउँदै लगेको देखिन्छ। पौराणिक मुनिहरू काव्यमा कथा र इतिहास लेख्ता चाहिंदो सामान प्रायः वेदबाट लिन्थे तापनि आफ्नो मनपर्दो कुरा ती पुराणमा घुसाइदिन्थे। पुरुषसूक्तका सहस्राक्ष इन्द्र रामायणमा श्राप परेका कामुक इन्द्र बनाई गिराइएका छन, विष्णुको महिमा उठतै गएको छ — सर्वश्रेष्ठपुरुष राम विष्णुका अवतार बनाइएका छन् । महाभारतको श्रीमद्भगवद्गीतामा — यज्ञलाई कर्तव्य संझी—

'यज्ञदान तपः कर्म न त्याज्यम्'

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

'यज्ञशिष्टाशिनः सन्तो मुच्यन्ते सर्वकिल्विषैः'
(यज्ञै गरी शेष खाने योगिका पाप छुट्तछन् ।)
— गीता, कोमलानुवाद ।

'इष्टान्भोगान्हि वो देवा दास्यन्ते यज्ञभाविताः'
(यज्ञले खुस भै देव देलान् इच्छित भोग तो)
— गीता, कोमलानुवाद ।

इत्यादि भन्दाभन्दै पनि —

वेदका कर्मफलमा भुलेका मन्द कर्मठे
भन्छन् स्वर्गादि बाहेक सुख अर्को कहाँ छ के ?
गुणप्रपञ्ची छन् वेद गुणका गर लंघन,
अनि सात्विक, निर्द्वन्द्व, निःस्वार्थी, आत्मवान् बन ।
सर्वत्र पानी पाएमा कूवाका जो प्रयोजन
ज्ञानी ब्रह्मज्ञका हुन्छ वेदमा त्यै प्रयोजन ।
जब त्यो वेदविभ्रान्त बुद्धि तिम्रो समाहित
हाला निश्चल, त्यै वेला पाउला योग यो स्वतः ।
— गीता, कोमलानुवाद ।

यसरी वैदिक समयको भौतिक भागलाई दबाउँदै आध्यात्मिक भावमा प्रकाश थप्ने पौराणिकहरूले भक्तिमार्गको झ्याली पिटे — हाम्रा कर्तव्य ईश्वरभक्ति !

'शतं विहाय भोक्तव्यं कोटिं त्यक्त्वा हरिं भजेत्'

खानुभन्दा पनि हरिभजन श्रेष्ठ हो त भने, तर खान छोड्न सकेनन् । खानालाई धनको संग्रह चाहियो । अरण्य-वासीको निति स्त्रीपछि धन थियो, तर नगरवासीको निति

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

मुख्य धन — अनि धनको निति संग्राम । ईश्वरभक्ति त हात्तीको देखाउने दाँत जस्तो मात्र छ । संसारमा प्रत्येक धर्मावलम्बी ईश्वरभक्त बन्दछन्, तर जस्तो उनको ढुकुटीमा रहेको लक्ष्मी उनले जे अह्राए पनि मान्दछिन् त्यस्तै उनका परमेश्वर पनि उनलाई जे इच्छा लाग्यो त्यसैमा सहायता दिन्छन्–आश्चर्य ! सबको मनभित्रको आवाज ईश्वरको आवाज भइदिन्छ–अथवा सबको इच्छा ईश्वरको प्रेरणाले उब्जेको भइदिन्छ :

पार्थ ! ईश्वर प्राणीको स्वयं हृदयभित्र छ,
यन्त्रारूढ सबैलाई मायाले त्यो घुमाउंछ ।

(—गीता, कोमलानुवाद)

अर्को ठाउँमा छ–

चल्छन ज्ञानी पनि पार्थ, आफ्नै प्रकृतिमाफिक,
प्राणि–प्रकृतिमा प्राणी के गर्ला निग्रहादिक !

(—गीता, कोमलानुवाद)

अब त्यो ईश्वर प्रकृति भयो , अथवा मानिसहरू जे जे मनमा आयो उही उही गर्ने भए । त्यो हो, चाहे त्यो गर्नेको नाम उसको व्यष्टिलाई लिएर उ प्रकृति भनोस् वा समष्टिलाई लिएर ईश्वर भनोस्, चाहे अर्को थोक भनोस् जस्तो नियमित आकस्मिकता भन्दछ–' सारा प्राणी मूलकारण विद्युत चुम्बकीय तत्त्वहरूकै संमिश्रणबाट बनेका कार्ययन्त्र हुन् , यिनीहरू सापेक्ष नियमित आकस्मिकताले घुमिरहेका छन् ।' ज़ो जे भनोस् मानिस स्वभावैले उच्छृङ्खलता चाहन्छ–ईश्वर

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

बस्न चाहन्छ, परन्तु उसलाई समाजसित मिलेर नबसी सुख छैन, मानिसलाई मानिस चाहिन्छ, उ सामाजिक प्राणी हो। अमृतत्व प्राप्तिको प्रेरणा सबमा छ, सबले चाहने कुरा सुख, त्यही आफ्नो सुखको निमित्त वा सुखको ईर्ष्याले मानिस अरूलाई दुःख दिन्छ, तर अरूलाई दुःख दिंदा मानिस आफू पनि दुःख पाउँछ; तसर्थ अन्ततोगत्वा अरूलाई सुख नदिंई मानिसलाई सुख छैन; अरूलाई मारेर अमृत पिउनु वा आफू मरेर अरुलाई अमृत पिलाउनामा होइन दुवै मिली अमृत पिउनामा नै सुख नमानो सुख छैन। उसलाई समाजकै स्त्री चाहिन्छ, धन चाहिन्छ, सब चाहिन्छ उ तपस्वी योगी पनि समाजकै आधार र सम्बन्धमा बन्न सक्छ। त्यसकारण समाजको निति उसले आफूलाई नबाँधी सुख छैन। त्यही बन्धनविषयक अब प्रश्न छ- हामीले कसरी बाँधिने ? अथवा हाम्रो कर्तव्य के ?

हामी समाजसित मेल चाहन्छौं, किनभने हामीलाई समाजको धन चाहिन्छ, हामीलाई धन चाहिन्छ, त्यसैले हामी समाजसित लडेर पनि धन लिन्छौं। हामी अब समाज चाहौं कि धन चाहौं, वा दुवै कसरी कुन हिसाबले चाहौं हाम्रो कर्तव्य के ? —

लडेर धन लिने वा नलडेर धन छोडने, वा लडेर धन मिलाउने वा नलडेर आग्रहले धन मिलाउने ? क्रमशः मनु, क्राइष्ट, लेनिन र गाँधीले जस्तो ?

संसारमा सबभन्दा ठूलो प्रश्न 'खानु' 'वासबस्नु' 'लाउनु' यी होइनन्, हामीलाई धेरै जस्तो थाहा छ के कति कसरी

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

खानुपर्दछ, कहिले कहाँ बस्नुपर्दछ, के कसरी लाउनु पर्दछ, त्यो प्रश्न 'जीवन' पनि होइन, हामीलाई थाहा छ बाँच्नैपर्दछ, बाँच्नालाईं सकेसम्म उद्योग गर्नैपर्दछ; त्यो प्रश्न 'मरण' पनि होइन, हामी मरण चाहँदैनौं; त्यो—'रण' हो। मरण त प्राकृतिक घटना हो, तर रण हाम्रो हात हाम्रै रोजीमा छ (अवश्य नियमित आकस्मिताको हातमा छ, तर हामी नै नियमित आकस्मिकता हौँ भने फेरि हाम्रै हातमा-हाम्रै चञ्चा पञ्जामा छ)।

अब युद्धको विषयमा पहिले कृष्णको विचार अध्ययन गरौं। महाभारत वा कृष्णयुगलाई द्वापरयुग भन्दछन्। त्यो भारतका सबभन्दा चुह्लिएका समय थियो—जेमा पनि। प्राचीन संसारका विशालतम साहित्यिक ग्रन्थ रामायण, ओडेसी, महाभारत, इलियद, इनीद, निबेलुन्जेन्लियद, हेल्डेन्बक, रोमान्सेरो र भागवतमध्ये महाभारत सबभन्दा ठूलो र भागवत सबभन्दा राम्रो छ। यी दुवै ग्रन्थ कृष्णयुगमा लेखिएका हुन्। कलाको पनि उस वेला राम्रो उन्नति भएको बुझिन्छ-ढल्केको ढुङ्गा देख्ता दुर्योधनले पानी भनेर झुक्की धोती सह्यानुपर्‍यो। जुन समयमा कृष्णार्जुन थिए त्यो समय साँच्चिकै हुँदो हो। परन्तु भारतमा कैयन् प्रमुख व्यक्तिहरूको आचार र विहार र मानवता हद गिरेको अवस्था त्यही थियो। रामायणमा त्यागै त्याग छन् महाभारतमा भोगैभोग; व्यभिचार, अत्याचार, दुराचार, रिस, लोभ, अभिमान, जाल, झेल, छल, कपट, झगडा, पशुत्व, क्षुद्रता, अन्यय, असत्य र हिंसाका पर्यायवाची शब्दहरूले भारत

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

पूर्ण छ। को कसको पिता को कसको पुत्र हो, यही सन्देहमा सँधै तरवार खिचिएका थियो। घडाबाट सय पुत्र जन्मेका हुन् भन्ने कुरा काट्न अन्धा धृतराष्ट्रले कसैलाई दिएका थिएनन्। वेदव्यासले युधिष्ठिरका राज्यकालमा कसैलाई सूर्यको कसैलाई इन्द्रको कसैलाई वायुको पुत्र कल्पना गर्नु परेकोले रामको समयमा धोबाले जति बाल्यो युधिष्ठिरको समयमा ब्राह्मणले पनि त्यति बोल्न पापको देखिएन। सत्यवती, अम्बिका, अम्बालिका, कुन्ती, द्रौपदीहरू जस्तालाई त्यो समयमा उच्च पदवी दिने व्यास नै हुन्। हा, दुर्योधन अभिमानी थिए, त्यस मात्सर्यको बदला जुलियस सीजारले जस्तै उनले पनि रगतले चुकाउनुपर्‍यो, किनभने अर्जुन कृष्णका प्यारा थिए, कृष्ण सबका प्यारा थिए। उनी मेरा पनि प्यारा छन्—परन्तु 'अमिकस कृष्ण, सद मगिस अमिका भेरितस' अरस्तुले भने झैं— प्रिय छन् प्लेटो, तर सत्य प्रियतर छ'।

कृष्ण त्यही कुरा र त्यही कर्म गर्दथे जुनजुनले मनुष्य-समाजको हित गर्दछ भन्ने उनलाई लाग्दथ्यो। कृष्णयुगमा वैदिक जिज्ञासाको अन्त भइसकेको थियो, ब्राह्मणकाल र उपनिषद्काल समेत बितेर सूत्रकालको बाँध समेत तयार भइसकेको थियो, रामयुगदेखि पाकेको भक्तिमार्ग जलजल भइरहेको थियो। गुरु सांदीपनिले कृष्णलाई कृष्ण बनाएका हुन्—कृष्णलाई अर्को अझ ठूला राम बनाएका हुन्। मन्त्रले एक मानिस ब्राह्मण भएको हामीले देखेका छौं, कृष्ण र

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

रामको जस्तो मनको विचित्र स्थिति भएकाहरूलाई मन्त्रले देवता बनाउनामा आश्चर्य केही छैन। मन्त्रले शूद्र क्षत्री भएका र वेमन्त्रले क्षत्री शूद्र भएको पनि कसले देखेका छैन र!

यज्ञले खुशी भई पानी पार्ने वैदिक इन्द्रको पूजा रोकिदिन सक्ने परमेश्वर मै हुँ भन्ने भावना लिई 'स्वयं भक्तजनको पूज्यमूर्ति बनेका कृष्णजीको चरित्रसित वेदलाई होच्याएका गीताका श्लोकहरू मिलन आउँछन्। इन्द्रको अस्तित्व स्वीकारै गराई केवल आध्यात्मिक भावले उनीभन्दा माथि मात्र बस्ने कृष्णलाई सांदीपनिको शिक्षा गीताको जस्तै थियो :

त्वमक्षरं परमं वेदितव्यं
त्वमस्य विश्वस्य परं निधानम्।
त्वमव्ययशाश्वतधर्मगोप्ता
सनातनस्त्वं पुरुषो मतो मे ॥

कृष्णले पनि शकुन विषयमा जस्तै सँधै यो लिएका थिए — 'विप्रवाक्यं जनार्दनः'। श्री कृष्णका यस संसारलाई ढाकेर सुधार्न सक्ने मौलिक विचार हुन सक्तो हो, असत् बन्धन तोड्न सक्ने बुद्धको भन्दा पनि उदार सय गुना बढी शक्ति हुँदो हो — इतिहास पक्ष त्यस्तै झल्का दिन्छ; परन्तु गर्गादि सहित सांदीपनिले भगवान्लाई वेद उपनिषद् सांख्य योगादि शास्त्रवाहिर कर्तव्य विचार गर्न दिएनन्, संझाए —

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

'हाम्रो अरू धर्मभन्दा दोषी श्रेष्ठ छ आफनू,
स्वजातको गरी कर्म पाप लाग्दैन बूझनू।'
'मर्नू स्वधर्ममै श्रेय, अर्कोमा डर राख्नू।'
'नछोडोस् आफना कर्म पार्थ, दोषी पनि कबै।'

— गीता, कोमलानुवाद।

अनि ती यशोदाले बाँधिएका कृष्णलाई ब्राह्मणहरूले यज्ञोपवीतले बाधे भक्तहरूले भक्तिले बाँधे पछि सबले पूजा गरेर मन्दिरमा थुनिदिए। उनै कृष्णले पहिले त भरसक युद्ध रोक्ने चेष्टा गरेका हुन्, तर केही लागेन। जब सन्धि गराउन असमर्थ भए अनि उनले पाण्डवलाई युद्ध गर्ने अनुमति दिए।

हिरण्यकशिपु र प्रह्लादको समयदेखि नै भारतमा हिंसा र अहिंसाको संघर्ष-बीज रोपिएको हो। पछि हिंसावादीहरूले पनि कशिपुका राक्षसी हिंसालाई छाडेर — 'आइलाग्नेमाथि जाइलाग्नु वैदिकी हिंसा जस्तै धर्म हो' भनी हिंसालाई परिष्कृत बनाए। अनि यो संसारमा एक छिन थुचुक्क बस्न-सम्म हुने भयो। परन्तु आर्यहरूले राजसूय र अश्वमेध यज्ञ भन्दै निहुँ खोजेर लड्न छोडेनन्। आइलाग्ने माने केवल हतियार लिएर आइलाग्ने मात्र होइन, एकउपर अर्कोले अनुचित व्यवहार गर्नु पनि आइलाग्नु हो भन्ने अर्थ लाग्न लाग्यो। तसर्थ प्रश्न उठ्यो — उचित अनुचित व्यवहार के के हुन्? — हाम्रो कर्तव्य के हो?

कृष्ण अहिंसाकै पक्षमा भन्दछन् —

'प्रह्लादश्चास्मि दैत्यानाम्'

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

फेरि

'अहिंसा, सत्य, अक्रोध, त्याग शान्ति, छुल्याइँ, र
दया, अलोभ; मृदुता, लाज, निश्चश्चलेपन,
तेज, क्षमा, धैर्य, शौच, अद्राहित्व, अमानिता,
दैवी संपत्तिवालाका हुन्छन् यी गुण सर्वदा।'
(—गीता, कोमलानुवाद)

परन्तु कृष्णको केही लागेन, अनि उनी 'कालः कलयतामहम्' भन्न लागे। राज्यमा सुयोधन (पाण्डवीनाम) वा दुर्योधन (कौरवी नाम) का अधिकार थियो; उनी उनको गणनामा अनाचारिणी काकीका छोराहरूसँग हाहू गरी जूवामा जितेको राज्य फेरि फिर्ता दिई उनैलाई राज्याधिकारी बनाउन चाहन्थे; उनको धर्मविश्वासले पाँच पोइको जोईलाई महारानी पार्नु अनुचित थियो। तथा दुर्योधनको पक्षमा बहुमत थियो—पाण्डवतिर सात कौरवतिर एघार अक्षौहिणी सैन्य थियो। तर युधिष्ठिरहरूले अझ मुख्य अर्जुनले भने कृष्णलाई रिझाएका थिए, त्यसैले कृष्ण पाण्डवलाई पाँचगाउँ (आधाराज्य) दिलाएर युधिष्ठिरलाई राजा बनाउन चाहन्थे। दुइ पक्षमा वैमनस्य बढ्दै गयो। एक थरी राज्य (अंश) नलिई नछाड्ने अर्को थरी सूच्यग्रपरिमित भूमि पनि दिँदै नदिने,—कि हस्तिनापुरको रजाइँ कि चपरिमनिको वास! दुइ दलको विग्रह हुने भयो; द्रोणाचार्य, भीष्म, विदुरहरूले सन्धि गराउन खोजे, सकेनन्। नियमित आकस्मिकताले कृष्णलाई समेत लडाइँ रोकन सक्ने सामर्थ्य दिएन; अरूको मनोवृत्ति बदलेर क्रोध लोभहरू हटाइदिने

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

साधन योगेश्वर कृष्णले पनि पाएनन् । त्यस युद्धको वास्तविक वैज्ञानिक अनुसन्धान गरौं भने हामीलाई त्यस वेलामा कौरव र पाण्डवका घरघरमा दिनदिर भएको कुराको यथार्थ ज्ञान हुन सक्नुपर्दछ , तर त्यो सम्भव छैन । त्यसमाथि महाभारत युधिष्ठिरको राज्यसमयमा लेखिएकोले ग्रन्थकारले अनेक पक्षपात गरेको देखिन्छ; त्यसमाथि महाभारतमा कविले अनेक असम्भव कल्पना घुसाएको पनि स्पष्ट छ ; भीमसेनलाई लागेको विष नागहरू टोक्दै कसैले नदेख्ने गरी उतारिदिन्छन, लाक्षागृहमा पाण्डवहरू पुरोचन र भिल्लहरूलाई जलाएर भाग्दछन् तर कवि त्यसमा दुर्योधनको दोष देख्तछन्, माताले झुक्किएर दिएको आज्ञाले पाँच भाइको एक स्त्री हुनु युक्ति-सङ्गत ठहरिन्छ, अरूले हाँक दिएमा जूवा खेली स्वास्नीलाई थापेर हार्नेभन्दा जूवा जित्ने दुष्ट ठहरिन्छ । यस्ता अनेक प्रश्न छन् , फेरि कविको जन्म र धृतराष्ट्र पाण्डु विदुरलाई उनले जन्म दिएको तथा पाण्डवहरूलाई देवताका पुत्र मानी कविले पक्ष लिएको तथा कविले जस्तै भारतीयहरूले पनि पाण्डवकै पक्ष लिएकोबाट महाभारत अहिले अल्झेर जेलिएको गोलीधागो तुल्य छ । त्यसैले यति मात्र भन्न सकिन्छ — महाभारतयुद्ध हुने भयो किनभने त्यस अवस्थामा महाभारत-युद्ध हुनै पर्दथ्यो । जुन राज्यसुख जापानका दुइ दाज्यूभाइ निन्तोकू र वकैरत्सूले फालाफाल गरे, अन्त्यमा लिनुपर्ला भनेर वकैरत्सूले आत्महत्या समेत गरे त्यस्तो राज्यनिमित्त पाण्डव कौरव लुछाचुँडी ठुँगाठुँग र मारामार गर्न लागे । रथ हिड्दा कैयन् कीरा पददलित भएर मर्दा हुन् — विश्वघट्ट

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

घुरा लाखौं मनुष्य पिंधिदा छन् — मानिस त मानिसको दुःख देख्तैन भने अन्ध विश्वलाई कसैको के खाँचो ! यो स्वार्थी संसार अझ पृथ्वीको सतह चट्टान जत्तिकै साह्रो छ, जहाँ आँसु जस्तै नुनिलो समुद्र छ त्यसमन्तिर पनि फेरि कठोर भूमि छ, पृथ्वीको बोक्राभित्र संग्रामजन्य आगो छ। यहाँ नित्य प्रति भइरहेका महा दुर्घटनाहरूलाई पत्थर पार्न सके पउटैले सक्तथ्यो — नियमित आकस्मिकताले । अरू कसले सक्तथ्यो ! त्यसैले महाभारतको युद्ध हुने नै भयो ।

त्यहाँ फेरि अर्को घटना घट्यो । सेनाको बीचमा खडा भइसकेपछि अर्जुन खुट्टा कँपाउन लागे — शत्रुको डरले होइन, स्वतन्त्र विचारले देखाएको अकर्तव्य मनुष्यजाति-हत्याको ड्रले र अकर्तव्य मानवी प्रेमले । त्यस वेला कृष्णले रथ घुमाएर सुरुसुरु घर लगेका भए युद्ध बन्द हुन्थ्यो कि के हुन्थ्यो, भारतको इतिहास अर्कै हुन्थ्यो । तर नियमित आकस्मिकताले कृष्णलाई अर्कै कुरा संझायो —

हृदय दुर्बल भएको त्यस्ताले पहिल्यै लड्दिन भन्नु-पर्दथ्यो, त्यस अवस्थामा आएर अर्जुनले 'युद्ध गर्दिन' भन्नु कृष्णलाई अकर्तव्य लाग्यो । किन ?

'बदनामी सबै तिम्रा गाउनेछन् अनेकशः
मृत्युभन्दा ठुलो हुन्छ ठुलाको निति दुर्यश ।'
(—गीता, कोमलानुवाद)

फेरि किन नि ? —

'शीतोष्ण – दुःख सुखमा त्यस्तै मानाऽपमानमा
प्रशान्त विजितात्माको फुछँ ब्रह्म समाधिमा ।'
(—गीता, कोमलानुवाद)

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

मानाऽपमानको विचार नगर्नेलाई यश र अपयशको विचार किन ? योगी बनेर लड्नेले योगी बनेर नलड्नु योग्य थियो। आत्मा अमर छ भनेर त अभिमन्युको मृत्युपछि अर्जुनलाई चित्त बुझाउनु खुल्दथ्यो, 'आत्मा अमर छ, त्यसैले गुरु काका भाइहरूलाई मारे हुन्छ' भन्नुभन्दा 'आत्मा मारे पनि मर्दैन, उनलाई मार्नु वृथा छ' भन्नु बरु राम्रो थियो। कोहा बाँचून वा मरून् पण्डितलाई शोक छैन भने 'कोही मरून् नै' किन यो चिताउनु ? सुख दुःखलाई समान देख्नेले शत्रु र मित्रलाई तथा स्तुति र निन्दालाई तुल्य संझनेले राज्य र वनलाई किन बराबर नदेख्नु ? 'अवश्य जन्मने मर्छ मर्नेको जन्म नित्य छ' भने कौरव आफै मर्थे, किन तिनलाई अर्जुनले मारेर फेरि चाँडै जन्माउनुपर्‍यो ? पाण्डव कौरवयुद्धको बीज अंशमुद्दा हो भने कृष्णबाट संग्राम अगित केपछि पनि अर्थशास्त्रमा केही सुधार भएको किन देखिदैन ? यस्तै कति ! यी सब कुरामा आँखा चिम्लेर क्षत्रीनामक एक थरी मनुष्यको लड्नै धर्म हो भने तरवार घुमाएर हावालाई काटतै लडे पनि त स्वर्गद्वारा खुल्दो हो—

'आई—परेको स्वर्गीय खुलाद्वार—समानको
युद्ध यस्तो भाग्यमानी क्षत्रीले पाउँछन् निको।'
मरे स्वर्ग, जितेदेखि पृथ्वीको भोग निर्भय,
तसर्थ उठ कौन्तेय, युद्धमा गरि निश्चय।"

(-गीता, कोमलानुवाद)

वास्तवमा गीताको तात्पर्य सबभन्दा ठूलो कर्तव्य

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

देहान्त भएपछि कौरवहरू स्वर्गमा गएको पाण्डव नरक परेको सपना देख्तछन्,-युधिष्ठिरले पनि एकचोटि झूटो बोलेकाले नरककुण्ड हेर्नुपर्‍यो रे । व्यास भन्दछन्–पछिबाट पाण्डव पनि उही इन्द्रलोकमा पुगे जहाँ दुर्योधनहरू थिए । किनभने ऋग्वेदमा यही थियो—

'तेह नाकं महिमानः सचन्त यत्र पूर्वे साध्या सन्ति देवाः ।'

अब ? अब हाम्रो कर्तव्य के युद्ध हारेर मर्नु ?– यही विचारले यस जगत्को कल्याण होला ?– असम्भव ! असम्भव ।

हामी कर्म गर्दछौं, त्यसबाट जुन फल निस्कन्छ सो हेरेर हामीले फेरि कर्म सच्याउनुपर्दछ, फेरि त्यो नयाँ कर्मफल हेरी अझ कर्मको 'सुधार गर्दै जानुपर्दछ' भन्नुभन्दा 'नियमित आकस्मिकताले आफ्नो समझअनुसार सुधार गर्दै जाइन्छ' भन्नु साँचोको वरतिर पुग्दछ । तर परिणामफल हेरेर कर्म सच्याउनालाई एक व्यक्तिको जिन्दगी ज्यादै छोटो छ । फेरि फल भविष्य हो, भविष्यमा कसैको अधिकार छैन, भविष्यलाई कोही ठोकुवा गर्न सक्तैन; भविष्य सबको निति आनुमानिक छ, प्रत्यक्ष छैन; अथवा संक्षेपमा भविष्य कोही जान्दैन । मनुष्यमा पनि कत्रो अन्तर !—कहाँ यो संसारमा निर्लेप भई रहन सक्ने परमयोगी पूजनीय श्रीकृष्ण, कहाँ यो संसारमा माड भएर लिपिएको यो क्षुद्र लेखक बालकृष्ण; परन्तु मनुष्यको मस्तक जतिसुकै ठूलो होस, यो पृथ्वी जत्रै टाउको र समुद्र जत्तिकै त्यसमा सेरिब्रम (गिदी) भए तापनि भविष्यको निति कति सानो ! एउटा भविष्य घटनालाई कति

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

कृष्णभक्ति भन्ने देखाउनु छ। पछिल्लो अध्यायमा कृष्ण भन्दछन्—

'सारा धर्महरू छोडी मेरै शरणमा पर,
छुटाउँला सबै पाप, शोक छोड, धनुर्धर।'

अनि अन्त्यमा अर्जुन भन्दछन्—

'करुणाले छुट्यो मोह, संज्ञना भो, जनार्दन,
निःसन्देह भएँ गर्छु प्रभुको वाक्य पालन।'

अर्जुनले कृष्णलाई ईश्वर माने, कृष्णले संग्रामलाई परमेश्वर जो कि नरेन्द्र बनाइदिन्छ कि महेन्द्र।

गीताको यो श्लोक राम्रो छ—

'कर्ममा हक तिम्रो छ, फलमा छैन अर्जुन,
नराख फलको आशा, न इच्छा कर्म छोडन।'
(–कोमलानुवाद)

यो हो, तर कर्म अथवा कर्तव्य के हो? कृष्णजीलाई पनि ज्ञानयोगभन्दा त कर्मयोग नै मन परेका छ, तर कुन कर्म? के कृष्णले समस्त मनुष्यजातिको सुखको निति विधान गरिएको कर्तव्य स्वर्गद्वारका संग्राम? यही हो जुन पालना गरेर अर्जुनले भारतका प्रमुख व्यक्तिहरूलाई मारी मराई आफू र आफ्ना दाज्यूभाइलाई पनि जीवनभर पश्चात्तापको अग्निमा सल्काएर त्यो अन्त्यमा हिमाललाई अंगाली निभाउनुपर्‍यो? यदुवंशीहरू परस्पर लडेर मरे, के उनको कर्तव्य त्यही थियो? अन्त्यसमयमा युधिष्ठिरको साथमा एउटा कालो कुकुर मात्र रह्यो। कौरवलाई निन्दा गर्ने व्यास पाण्डवको

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

देहान्त भएपछि कौरवहरू स्वर्गमा गएको पाण्डव नरक परेको सपना देख्तछन्,–युधिष्ठिरले पनि एकचोटि झूटो बोलेकाले नरककुण्ड हेर्नुपर्‍यो रे । व्यास भन्दछन्–पछिबाट पाण्डव पनि उही इन्द्रलोकमा पुगे जहाँ दुर्योधनहरू थिए। किनभने ऋग्वेदमा यही थियो—

'तेह नाकं महिमानः सचन्त यत्र पूर्वे साध्याः सन्ति देवाः ।'

अब ? अब हाम्रो कर्तव्य के युद्ध हारेर मर्नु ?– यही विचारले यस जगत्को कल्याण होला ?– असम्भव ! असम्भव ।

हामी कर्म गर्दछौं, त्यसबाट जुन फल निस्कन्छ सो हेरेर हामीले फेरि कर्म सच्याउनुपर्दछ, फेरि त्यो नयाँ कर्मफल हेरी अझ कर्मको 'सुधार गर्दै जानुपर्दछ' भन्नुभन्दा 'नियमित आकस्मिकताले आफ्नो समझअनुसार सुधार गर्दै जाइन्छ' भन्नु साँचोको वरतिर पुग्दछ । तर परिणामफल हेरेर कर्म सच्याउनालाई एक व्यक्तिको जिन्दगी ज्यादै छोटो छ । फेरि फल भविष्य हो, भविष्यमा कसैको अधिकार छैन, भविष्यलाई कोही ठोकुवा गर्न सक्तैन; भविष्य सबको निति आनुमानिक छ, प्रत्यक्ष छैन; अथवा संक्षेपमा भविष्य कोही जान्दैन । मनुष्यमा पनि कत्रो अन्तर !—कहाँ यो संसारमा निर्लेप भई रहन सक्ने परमयोगी पूजनीय श्रीकृष्ण, कहाँ यो संसारमा माड भएर लिपिएको यो क्षुद्र लेखक बालकृष्ण; परन्तु मनुष्यको मस्तक जतिसुकै ठूलो होस, यो पृथ्वी जत्रै टाउको र समुद्र जत्तिकै त्यसमा सेरिब्रम (गिदी) भए तापनि भविष्यको निति कति सानो ! एउटा भविष्य घटनालाई कति

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

गुणनखण्ड चहिन्छनः अहिले म उठ्तछु; तर मेरो मन यस्तै भइरह्यो भने, मलाई पक्षवाट इत्यादि रोग अहिल्यै केही लागेन भने. कुनै प्राणीले मलाई रोकेन भने, घर ढलेन भने, इत्यादि इत्यादि मेरो उठनाको विरुद्ध कुनै उपाधि खडा भएन भने, म अहिले उठ्तछु। तसर्थ मेरो उट्नु अनन्त 'भने' का नियमित आकस्मिकतामा निर्भर छ। भूगर्भशास्त्र, भूकम्पशास्त्र, ज्योतिषशास्त्र, गणितशास्त्र, अन्तरीक्षविद्या, प्राणीशास्त्र, वनस्पतिशास्त्र, पशुशास्त्र, शरीरशास्त्र, शरीरविज्ञान, वैद्यशास्त्र, इत्यादिमा मनुष्यलाई पहिलेका दिव्यदृष्टिवालाको समयमा भन्दा के अहिले विशेष ज्ञान प्राप्त हुँदै गएको छैन ? यी विषयमा अगाड़िकाका हजारौं भ्रम देखिएका छैनन ? परन्तु केवल दर्शनशास्त्र मात्र भ्रमले रहित छन, सो पनि हाम्रोचाहिं शास्त्र, त्यो पनि प्रत्यक्षविषयक, होइन अपरोक्षविषयक, पृथ्वीविषयक होइन स्वर्गविषयक वर्णनमा हाम्रो सत्य सत्य छन भन्ने विभिन्न जातिको अह्रै श्रद्धापूर्ण धारणा छ, त्यसैमा संग्राम छ।

दर्शनशास्त्र के हो ? एउटाले देखेको अरूलाई देखाउने कुरा। हामी जगत देखिरहेछौं ! आँखाले पट्टिउन्जेल निरीक्षण गरिरहेछ ; कति छिटो पलक मार्दछ . फेरि हेरिरहन्छ। हामी रातभर आँखालाई विश्राम गराएर भोलिपल्ट फेरि हेरिरहन्छौं — देखिरहन्छौं । हामी हेरेर विज्ञानशास्त्र बनाउंछौं , देखेर दर्शनशास्त्र । परन्तु सभ्यता फैलिएको पनि हजारौं वर्ष भइसक्यो आजसम्म कुन

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

मानिस त्यति ठूलो जन्म्यो जसले ' भावपरिवर्त्तनशास्त्र ' बनाएर मनुष्य मात्रकै स्वभावबाट दुर्भावनाको बीज हटाउन सक्यो ? — ' सर्वेभवन्तु सुखिन : ' यो भावना लिने त धेरै निस्कदै बिलाउँदै गए, तर कसले संसारलाई चिताए जस्तै सुखी बनाउन सक्यो ? — सर्वेसन्तु निरामया ' — कसले रोग नहुने पार्न सक्यो ? हिंस्रकजन्तुलाई कसले केवल अमर प्रकाश खाएर बाच्ने मन्त्र दिन सक्यो ? योगी त यहाँ लाखौं जन्मे तर योगको तत्त्व कसले जान्यो ? दशसहस्र वर्षअगाडिदेखिको कामादिवासनाको ठाडो टीका मानुषको निधारमा अझ ज्यूँ का त्यूँ छ, कसले पुछन सक्यो ? त्यसैले यहाँ त्यति ठूलो त्यति जान्ने कोही छैन, जति पाइएको छ ज्यादै थोरै, जति पाइएको छैन — असंख्य ! तसर्थ आलस्यलाई त्यागेर सत्य खोज्नु अपराध होइन !

यो भनाउ ठीक छ — ' निष्कामकर्म ', यो त व्यक्तिगत हार्दिक शान्तिनिमित्त संझाइएको भावना हो । अवश्य मनुष्य मात्रले योगी हुनुपर्दछ, महर्षि दैवरातजीको विचार-अनुसार सप्तमर्यादाको आहार-विहार - आचार - विचार-उच्चार - प्रचार - साक्षात्कार -, यिनको पालन गर्नुपर्दछ । तर योग आफ्नो शरीरको र मनको स्वास्थ्यनिति प्रतिदिन गरिने अभ्यास मात्र भयो।बलियो शरीरलाई रोगले छुन सक्तैन. बलियो मनलाई शोकले र कामादि वृत्तिले छुन सक्तैन। तर सेता पहेला कैला राता काला सब मनुष्यजातिको हृदयका वैमनस्य घृणा अन्धविश्वास अभिमान, ईर्ष्या, इत्यादि महामारी प्लेगहरू हटाएर शान्ति र सुख बाँड्न

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

नसकुन्जेल आफू मात्रै नङ्गा जोगी बनेर पनि संसारको काम चल्दैन, आफ्नो आँखा चिम्लदैमा लाज बच्तैन — त्यो त बट्टाइ वा अष्ट्रिचले टाउको लुकाई अब मलाई कसैले देख्तैन भन्ने संज्ञनुतुल्य हो। दुःख सुखले शीत उष्णले प्रभाव पार्न नसक्ने आफूमा आफै तुष्ट भएका काम क्रोध छोडेका अक्रोध निर्भय जगत्‌देखि अलग्ग एक कुनामा बसेका तपस्वीभन्दा संसारको निंति त्यो ठूलो जो अरूको दुःखमा रुँदै असन्तोषी बनी सहानुभूतिले समाजको सेवा गर्दा गर्दै नसा छिनेको पत्ता पाउँदैन।

क्राइस्ट भन्दछन् – 'तिमीहरूमध्ये सर्वश्रेष्ठ जो छ त्यो तिमीहरूको सेवक बनोस्'। लिनयुतङ्ग भन्दछन् — 'जिजसको भनाइ छ कि कसैले दायाँ गालामा हिर्काए बायाँ गाला फर्काउनू, दोस्रो चड्‌कन थप्ने अनुमति दिएर; उनी चूप लागे; फेरि दायाँ गाला फर्काउँदा तेस्रो चड्‌कन र चौथो चड्‌कन थपिंदै गयो भने के गर्नै बाइबल हामीलाई भन्दैन।'

बुद्ध भन्दछन् — 'यस संसारमा अरूले नदिई केही लिनुहुँदैन।' तर कसैले कहिल्यै केही दिएन भने भिक्षु के गरोस्?

नीशे भन्दछन् — 'लोग्नेमान्छेलाई युद्धको निंति र स्वास्नीमान्छेलाई योद्धाकै दिलबहलाउनिमित्त शिक्षा दिनुपर्दछ, यसको अतिरिक्त अरू कुरा बिकम्मा हुन।' उनी अर्को ठाउँमा भन्दछन् — 'प्रजातन्त्रवादी ठग्याइँले फ्रेञ्चजातिको मन भाँड्ने पनि यिनै अधम अङ्ग्रेज हुन। पसलेहरू, क्रिश्चियनहरू, गाईहरू, स्वास्नीमान्छेहरू, अङ्ग्रेजहरू र अरू

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

प्रजातन्त्रवादीहरू पक्कै ड्याङ्का हुन्। यूरोपलाई इङ्गल्याण्डबाट र इङ्गल्याण्डलाई प्रजातन्त्रशासनबाट कसले उद्धार गर्ला ? महामानुष ! जरथुस्त्र !'

तर भल्टेयर भन्दछन् — 'अपराधमध्ये सबभन्दा ठूलो लडाइँ हो', अनि पछि पेच लाएर भन्दछन् — 'हिंसा गर्नु निषेध गरिएको छ, त्यसकारण बिगुलको शब्दमा र धेरै जना जम्मा भएर मार्नेबाहेक अरू सब ज्यानमारालाई दण्ड दिइन्छ।' मनुष्यलाई पशुसित वैज्ञानिक दृष्टिले तुलना गरेकोमा भने उनी रूसोसित सहमत छैनन्, चिठीमा लेख्त-छन् — 'आजसम्म कसैले पनि मनुष्यलाई पशु वनाउने प्रयत्नमा तपाईंले जस्तो बुद्धि देखाउन सकेको छैन, तपाईंको पुस्तक पढ्दा चार हातखुट्टा टेकेर हिंड्न मन लाग्दछ। तापनि मैले त्यसरी हिंड्ने अभ्यास गर्न छोडेको अहिले साठी वर्ष जति भइसकेको हुनाले त्यो फेरि थाल्न मेरो निंति दुर्भाग्यवश असम्भव छ।'

तर मनु लेख्तछन् —

'विना अर्कासँग जितेर नलिई नपाइने कुरालाई राजाले दण्डद्वारा जितेर पाउने इच्छा राख्नुपर्दछ।'

'संग्राममा परस्पर मार्नाका इच्छाले छाती फर्काएर आफ्नो सामर्थ्यले भेटेसम्म लड्ने र शत्रुको अगाडि पीठ नफर्काउने राजाहरू स्वर्ग तिमा प्राप्त हुन्छन्।'

'आफ्नो बढ्ती र शत्रुको घट्तीको मौका हेरी आसन, यान, सन्धि, विग्रह, द्वैध, र संश्रयको समेत राजाले प्रयोग गर्नुपर्दछ।'

(पं. चक्रपाणिको 'मनुस्मृतिको अनुवाद' बाट)

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

फेरि मुहम्मद पैगंबर भन्दछन् — 'अल्लाहले काफरहरूलाई श्राप दिएका छन्, तथा उनको निंति भयप्रद अग्निकूप निर्माण गरेका छन्, त्यहीं ती सदैव रहन्छन्। तिनलाई कसैले रक्षा गर्न सक्नेछैन। नरकको आगोले मुख बेह्रिएको दिन अनि ती भन्नेछन् — हामीले अल्लाह र उनका दूतको आज्ञापालन गरेको भए हुन्थ्यो।' (कुरान सू - ३३, रु८, आ ६४ — ६६)

फेरि—'मूर्तिपूजकहरूलाई तिमी जहाँ भेट्छौ मारिदेऊ' (कुरान ९, ५)

तर फेरि बुद्ध भन्दछन्—'मनुष्यले यी पञ्चशीलको पालन गर्नुपर्दछ— अहिंसा, अस्तेय, सत्यभाषण, ब्रह्मचर्य, मादकत्याग।'

संसारको सर्वोच्च शिखर हिमालयको सगरमाथा जस्तै उही नेपालमा जन्मेका बुद्धको विचार पनि संसारमा एक तरहले सर्वश्रेष्ठ छ। नेपाल आफ्नो सानो हृदयलाई बुद्धको जन्मभूमि मनाउन खोज्दछ, तर बुद्धको निमित्त भारत अझ एशिया महाद्वीप पनि साङ्गो हुन्छ—उनी यस पृथ्वीका धन हुन्—विश्वका नदेखिने उज्याला नक्षत्र हुन्। उनी नेपालीका मात्र होइनन्, प्राणी मात्रका मित्र हुन् अरूहरूका अध्यात्मविषयक कति प्रश्न सुनेर उनी चूप लाग्दथे, फेरि 'अति प्रश्न नगर' भन्दथे, तर अति प्रश्न गर्नेको शिर गिराउनामा उनी याज्ञवल्क्यसित सहमत थिएनन्। पन्छाउँदा पन्छाउँदै

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

पनि परंपरागत चलिआएका कति अदृष्टभावनाले अझ उनलाई धमराएकै थिए, ध्यान र धारणा गरेर समाधिबाट ओर्ली पुनर्जन्म र मोक्षका कल्पना उनले गरेका छन् तापनि बोधिसत्वको आदर्श यो थियो—

'जहाँसम्म समस्त प्राणी, मनुष्यदेखि पिपीलिकासम्मन् बन्धनमुक्तको आनन्द लिन पाउँदैनन्, एउटै जीव मात्र पनि जगत्मा दुःखी रहुन्जेलसम्म मलाई रसहीन मोक्ष चाहिंदैन।'

यसरी पछि क्राइष्टले सेवामा जीवन बिताए झैं,बुद्धले चिन्तामा जीवन बिताए, त्यसले पनि संसार चल्न सकेन। बुद्धको आदर्श मात्र बुद्धको हो, यो संसार उनको होइन — त्यसैले चल्न सकेन। आकाशको आशा जति गरे पनि त्यताबाट पानी मात्र बर्सन्छ, अमृत बर्सिंदैन। अझ ब्रह्मसत्यं जगन्मिथ्यावादी शङ्कराचार्यहरूको दर्शनले त भारतलाई झन् निराशावादी र विशेष आकाशजीवी बनायो। आकाशबाट अमृत होइन बम बर्सिरहेछ भन्ने थाहा पाए तापनि शङ्कर त्यसलाई 'माया' भनेर समाधिमा पस्तथे वा बमपिच्छे 'बम भोलानाथ' वा 'गोविन्दं भज मूढमते' भनेर गीत गाउँदथे।

यसरी भक्त भारत अशक्त प्रह्लाद बन्यो। मानिस चाहन्छ सब प्रह्लाद बनून्, आफूचाहिं मन लागेको वेलामा शक्ति प्रयोग गर्न सक्ने जाती हिरण्यकशिपु। कशिपुले पनि आफूलाई जाती नै संझेका थिए. तसर्थ भारतले मनन गर्‍यो- अरूलाई प्रह्लाद बनाउन खोज्नेपहिले आफू प्रह्लाद बनोस्-चिनिया कन्फ्कुसियसको मत पनि यस्तै थियो,भारतको नीति पनि

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

त्यस्तै भयो। परन्तु नियमित आकस्मिकताले अर्को खम्बा ढालेर वा कुनै उत्पातले उसको सहायता गरिदिएन। सोमनाथको मूर्ति फुटाउने गजनवी हिरण्यकशिपु उम्क्यो। भारत प्रह्लाद झैं आनन्दीदास बन्यो, तर विवश जनताले त्यस अवस्था सहन गर्न सकेन — उसले आफूलाई गिरेको संझ्यो

स्थालिपुलाकन्यायले भारतको इतिहास संसारकै इतिहास हो। जब संसारका सर्वश्रेष्ठ सम्राट् अशोकले संग्रामको अन्त गरे, त्यहाँपछि भारतीय आर्य साम्राज्यको पनि अन्त प्रारम्भ भयो। बाहिरको आक्रमण जोगी हिन्दुस्थानले रोक्न सकेन। गिरेको भारतलाई प्रताप र शिवाजीले पनि उठाउन सकेनन्, गोविन्दसिंह र रणजितसिंहले पनि सह्माल्न सकेनन्।

बुद्धको नेपालले बुद्धधर्म छोडेर फेरि कृष्णकै वचन पालन गर्‍यो — 'तस्मादुत्तिष्ठ कौन्तेय, युद्धाय कृतनिश्चयः' — आपसमा लड्दा लड्दै नेपाल एक बलवान् राष्ट्र बन्यो, परन्तु बलवान बन्नाको कारण पहिलेको झगडा होइन पछिको मेल थियो। फेरि लडेरै नेपालले देशको स्वतन्त्रता कायम गरायो; तर भारतलाई बाहिरी शासनबाट बचाउन सकेन। हिन्दुस्थानको रोग पत्ता लाउन धेरैले प्रयत्न गरे, राजतन्त्री वैद्यहरूमा कसैले यसको रोग एक थोक भनिठाने कसैले अर्को। एक सुधारक नेपाल-नरेश स्वामी रणबहादुर शाह मारिए, त्यसपछि अर्का सुधारक स्वामी दयानन्द सरस्वती मारिए। पछि एकता नभएको अनेकताको रोगी

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

नेपालले पनि अङ्ग्रेजसित युद्धमा हारी सन्धि गर्नुपर्‍यो, त्यहाँदेखि नेपालीहरू बृटिश-गोरखामा समेत भर्ना भएर अंग्रेजसित मिली अनेक लडाइँ लडेर 'गोरखाली वीर' नामले संसारमा यशस्वी भए, नेपाली हतियार खुकुरीलाई पनि उनले जगत्प्रसिद्ध बनाए। यसरी संसारभर अरू पनि धेरै जाति हामी वीरजाति हौं भनेर प्रतिस्पर्धा गर्न लागे।

एक सिद्धान्तको निति अन्ध भएर लड्ने वीर त्यस सिद्धान्तविरोधी दृष्टिकोणमा बौलाहा ठहर्दछ। राजस्थानको इतिहासका कैयन् नायकनायिकामा कुनै आधुनिक आँखाले उन्मादपना देखोस् सही परन्तु वीरलाई जाँच्ने कसी उसको सिद्धान्त होइन वीरत्व हो; — एक मुड्कीले राँगोलाई मार्ने मानिसको प्रशंसा राँगोहत्यानिमित्त होइन, उसको अलौकिक शारीरिक बलनिमित्त गरिन्छ। वीरत्व गुण हो, सिद्धान्त होइन। स्वधर्मको स्वदेशको र स्वजात्याभिमानको निति ज्यानलाई हतकेलामा खेलाएर लड्ने वीर महाराणा प्रतापको वा भक्ति थापाको सिद्धान्तको होइन वीरत्वको देखासिकी गरी आधुनिक वीर सत्यको र मानवताको निति लड्न सक्छ। उनीहरूले उही सत्य कर्तव्य सम्झे। तर पहिला-के जो जे सत्य सम्झन्छ त्यसकै निति लडोरहोस्? — कि एक कुरालाई सत्य सम्झने अर्को कुरालाई सत्य सम्झनेसित लडिरहनु नै कर्तव्य सम्झोस्? दोस्रा – सत्य सम्झाउन खोजेर सिद्धान्तले मात्र लडोस्, वा तेस्रा — असत्य सम्झेवापत शारीरिक दण्ड देओस्? वा चौथा — केवल सत्यभक्त भएर कसैसित झगडा नगर्ने ज्ञानी बनोस्? क्रमशः मनु, गाँधी,

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

लेनिन र क्राइष्टले बताए जस्तो।

यी चारमा सबभन्दा आधुनिक गाँधी हुनाले उनले अझ विचार बढाएर अनुभव गर्न पाए। उनको विचार छ— "आफू कृष्णजस्तै योगी हुनुपर्दछ, तर उनले जस्तै लोक विनाशकारी संग्राम मचाइदिनु हाम्रो कर्तव्य होइन; संग्रामले संग्राम बन्द हुँदैन; प्रतिशोधको साँधो छैन। बुद्धको 'अहिंसा' भावना उत्तम छ, तर त्यस्तो अकर्मले संसारमा सुधार हुँदैन। पश्चिमीहरूले विज्ञानको ठूलो उन्नति गरे, तर आफ्नो उन्नत साधनलाई संग्रामको साध्य बनाए, त्यो पनि भएन। कातरको निमित्त पनि यो लोक होइन। तसर्थ हामीले वीरतापूर्वक अहिंसाधर्म लिएर सत्याग्रहनिमित्त अन्याय विरूद्ध लड्नैपर्दछ। मनुष्य स्वभावतःसज्जन हुन्छ, केवल भूलले अपराध गर्दछ। अहिंसात्मक सत्याग्रहले जस्तोसुकै हृदयबाट पनि दौर्जन्य हटाउन सकिन्छ।"

गांधीले आफ्नो विचारलाई प्राणबलि दिएर अनुभव गरे। मनुष्य मात्रको यति ठूलो मित्र अद्यावधि संसारमा जन्मेको इतिहासलाई थाहा छैन। पृथ्वीका कुना कुनाबाट समेत यतिका श्रद्धाञ्जलि आजसम्म कसैले पाएको थिएन। हिन्दूहरूले त उनलाई फेरि आफ्नो स्वभावअनुसार पूजा गर्न लागेका छन् तर उनी हिन्दू होइनन् मानिस हुन्। विशुद्ध परत्रभक्त र विशुद्ध परदेशभक्तलाई विशुद्ध स्वदेशभक्तले आफूतिर फर्काउन खोज्नु क्षम्य छ, परन्तु जो विशुद्ध वसुधाभक्त छ उसलाई स्वदेशभक्त वा स्वधमभक्तले नसहनु स्वदेशभक्तिलाई स्वार्थताको रसायनले झन् झन् कस्तै स्वभक्तिमा परिणत गर्नु तुल्य हो।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

सत्याग्रहद्वारा उनले भारतलाई स्वतन्त्र बनाए, पछिल्ला दुइ अनसनले उनले कति पर पर रहेका हृदयलाई समेत प्रायः एकत्रित पारे, तर सत्याग्रहको थाम छिनं नसक्ने हृदय पनि हु दो रहेछ' कुनै धर्मान्धले उनको हत्या गऱ्यो। अहिले भिन्न भिन्न दृष्टिकोणका विद्वान्हरू उनको सन्देश यो हो भनेर भन्न लागेकाछन्। कोही भन्छन् गांधी बुद्ध र क्राइष्टका अहिंसावाद-समर्थक हुन्', कोही संझन्छन् 'गांधी ईश्वर अल्लाह एकै ठान्ने रामकृष्ण परमहंसका अनुयायी हुन्,' कोही संझन्छन् 'गांधी प्रच्छन्न दयानन्दी हुन्', कोही संझन्छन्, 'गांधी गीताभक्त वा कृष्णभक्त हुन्' कोही संझन्छन् 'स्वामी रामदासको पद्य-रघुपति राघव राजाराम–पं.विष्णुदिगम्बरले जस्तै गाउने 'गान्धी वैष्णव जन हुन्', कोही संझन्छन् 'गांधी टलसटाइका अनुयायी साम्यवादी वा मार्क्सवादी हुन्', कोही संझन्छन् 'असहयोग आन्दोलनका प्रवर्त्तक गांधी राजनैतिक क्रान्तिकारी हुन्', कोही संझन्छन् 'गांधी व्रत बस्ने सदाचारी महात्मा हुन्', कोही संझन्छन् 'गीता कुरान र बाइबल पाठ गर्ने गांधी महान् धर्मात्मा हुन्, कोही संझन्छन् बापुजी लोकहितनिमित्त आफ्नो प्राणसमेत बलि दिने त्यागी हुन्'।

अब नियमित आकस्मिकता गांधीद्वारा हामीलाई के संदेश दिन्छ?—हो, जसका आँखा र कान छन् त्यो कुरापर रापकोमा सहानुभूति गर्दछ, तर जसका छैनन्!–तसर्थ गांधीले सत्य पत्ता लगाए भन्ने कुरा होइन, सत्यको अनुसन्धानमा उनले जीवन सुम्पे। उनको जीवनीबाट सबभन्दा ठूलो कुरा अझ स्पष्टसित यहा देखियो कि हिन्दूमुसल्मानलाई अथवा एक धर्मी र अर्को धर्मीलाई टाँस्सिन नादने कुरा के रहेछ, र

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

एकथरीलाई टाँसिराख्ने कुरा के रहेछ, '—धर्म, एक अदृष्ट भावना, अथवा ईश्वर र अल्लाहरू यस्तै अरू नाम।' संघर्ष नहुनालाई कि दुवै हुनुहुँदन, नास्तिकता चाहिन्छ, कि दुवैलाई एकै ठान्नुपर्दछ, भनूँ अद्वैतवाद चाहिन्छ। गाँधीले संझे नास्तिकवादले त दुइ जातिलाई मिलाउनाको साटो झन् अराजकता फैलिएर चालीस करोड जाति बनाइदेला—कोही केही पनि कसैलाई पनि नमान्ने भइदेला, तसर्थ ईश्वरसाथको अल्लाहजपले दुइ खोरमा रहेका दुइ जातिको बीच ढोकासम्म खुला गरिदिए त ती एकै खोरमा मिसिइहाल्दछन्। यसकारणले वैदिक दयानन्दभन्दा पनि साखुल्ले बनेर मूर्तिपूजा र भक्तिभजन आदि कर्मकाण्डलाई पनि खण्डन नगर्ने, सब धर्मग्रन्थका अमिल्दा कुरालाई तसवीरवाला चटकीले जस्तै धमिल्याई राम्रा राम्रा मिल्दाजुल्दा वचनहरूलाई स्पष्ट पारेर मानवजातिको कल्याण मात्रलाई ईश्वर संझी परिष्कृत वेद, धम्मपद, गीता, पुराण, कुरान, बाइबल, आवेस्ता इत्यादिलाई अझ मनुवाद र मार्क्सवादलाई पनि एक कुवामा पानी पिउन लाएर लोकलाई भूलभुलैया स्वर्ग बनाउन गाँधीले खोजे। यस वैज्ञानिक युगमा जन्माई भारतीय सदाचार र सद्विचारमा पकाएर पश्चिमी नैतिक अध्ययनले पोसी लौकिक परिस्थितिले उचालेर नियमित आकस्मिकताले महात्मा गाँधीलाई जम्माजम्मीमा सर्वश्रेष्ठ नर बनायो। यस युगमा योगेश्वर कृष्ण वा राम वा बुद्ध वा क्राइष्ट वा मनि वा बितिसकेका कुनै अरू महामना भएका भए के गर्दा हुन् हामीले कल्पनाको भर पर्नुपर्दछ। अहिले

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

गाँधीको जीवनी सुनेर आफ्नो हृदयद्वार नघच्घच्याउने व्यक्ति जगत्मा कोही होओइन, उनी पनि सत्यको खोजीमा मरे। उनको जीवनीले यही सन्देश दिन्छ—वरिपरि दनदन बलिरहेका मृत महापुरुषहरूको उज्यालोले देखाएको मार्गबाट हामीले सत्यमन्दिर पत्ता लगाउँदै जानुपर्दछ—कसलाई थाहा छ त्यो कति टाढा होला!—त्यहाँ पुगेर मानिस मानिसले मिल्ती गर्नु जानेपछि अनि हात मिलाएर त्यता-बाट लहरै निस्की अरू अरू सत्य खोज्न छरिनुपर्ला!

उता नियमित आकस्मिकता देखाउँछ—कतिलाई विज्ञानले यसरी संग्राम मचाइरहेछ भन्ने भावना छ, तर त्यही विज्ञानले नै युद्धको अन्त गर्न सक्नेछ; तत्त्व र परमाणुहरूको सत्य स्वभाव बुझेको काल्पनिक सुन्दर नगरबाट निकालिएको पृथ्वीको कोरा गणित मात्र जानेको समाजमा नै झगडा बन्द हुन सम्भव छ। विज्ञानलाई दोष छैन, अज्ञानलाई दोष छ। असत्यको अँध्यारो छायामा नै हिंसाले शिकार ढुक्छ। आजसम्मको लडाइँ मानिसको अन्तस्करणले होइन अन्ध-विश्वासले न भएको छ, किनभने मानिस राक्षस भएर जन्मदैन, उ राक्षस बनाइन्छ। त्यो राक्षसपनि हटाउन गाँधी-वादले सहायतासम्म गर्दछ; परन्तु मानिसको मनका समस्त असद्भावनाहरू हटाउन केवल कपटशून्य विज्ञानले नै सक्तछ: अहिलेसम्म संसारले जति यथार्थ वास्तविक (काल्पनिक होइन—आनुमानिक होइन) ज्ञान प्राप्त गरेको छ त्यत्तिले भए पनि अन्धविश्वासा ममता नहटाईकन विग्रहको अन्त-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

विषयक विवाद किन गर्दछन् ? आश्चर्य ! मानिस कहिले मानिसलाई दया गरी ईश्वरलाई प्रसन्न गराउने होइन, केवल दयाको भावनालाई, प्रेमभावनालाई मानवतालाई नै प्रसन्न राख्ने स्वभावको होला !

आजकाल अन्ताराष्ट्रिय पुलिससैन्यको, कुरा उठेको सुनिन्छ, तर आश्चर्य ! — कुनै ज्यानमाराले हातको रगत नधोईकन न्यायाधीशको सिंहासनमा बसी ज्यानमारा मुद्दा छिन्न लाग्यो भने उसको न्यायको अनुहार कस्तो होला ! जगत्लाई थाहा छ पुलिस सेना कस्तो हुनुपर्दछ, जगत्लाई यो पनि थाहा छ त्यस सेनामा भर्ना गर्न योग्य एक जना थियो, मऱ्यो–महात्मा गाँधी। 'एक संसार' को विचार भएका अरू पनि यस संसारमा मानिस छन, हजारौं होलान्; तर तिनमा शक्ति अलिकति पनि छैन, पुलिससेना त संसारभरको सेनाभन्दा बलियो हुनुपर्दछ। बलियो राष्ट्र निर्धो राष्ट्रको निति सधैँ पुलिससेना छ। न्युयोर्कनिवासी र वाशिङ्टननिवासीले आफूलाई अमेरिकाका संयुक्तप्रान्त निवासी संझन सक्छन भने, रूस, बृटेन, फ्रान्स र जर्मनीले आफूलाई संयुक्तदेशनिवासी संझन किन नसक्नु ? जापान र अमेरिका र भारतले आफूलाई संयुक्तद्वीपनिवासी किन नसंझनु ? अमेरिकामा अमेरिकनको जति हक छ उति हक एक अफ्रिकन हब्सीको नभइन्जेल, पृथ्वीका रङ्गहरू भेदभाव हटाएर संसारको एक खङ्कुलामा नमिलुन्जेल–यहाँ रगतको होरी चाली नै रहन्छ, पुलिससेना निर्बल देशमाथिको पालेसेना मात्र ठहर्दछ, जुन अरूलाई बल बढाउन दिंदैन।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

वास्तवमा पुलिससैन्यको नाम लिनपर्नु मनुष्यजातिको कलङ्क हो, कसैले घरजहानमा पुलिस बोलायो भने त्यस जहानको दुर्दशा हामी अनुमान गर्न सक्छौं ! परन्तु हामीले आफ्नो हृदयबाट पशुखुल्दा वृथा अपराधहरू जम्मै धोएर पखाली देवता बनेको प्रमाण आफैमा नदिउन्जेल पुलिस-सेनालाई बिर्सन पनि हामी सक्तैनौं, संझनु आफूले आफ्नै अपमान गर्नु मात्र हो। संयुक्तराष्ट्रसभामा मनुष्यजातिको समष्टि कल्याणविषयक, अरू प्रत्येक व्यक्तिको स्वतन्त्र विकासलाई सहयता दिने विषयमा त चर्चा उठ्तैन, केवल 'यस ठाउँमा तेरो अधिकार वा मेरो अधिकार' अनि 'यहाँको बाटो रोक्छु र किन रोकिस् !' यस्तै मामूली घरझगडा त्यहाँ चल्दछ—तर अवश्य, अवश्य विद्वत्तापूर्ण परिष्कृत उच्च नाटकीय मनोहर भाषामा ।

यी सब किन छन् ?—किनभने सत्य र विश्वासको संघर्ष चलिरहेछ । अभ्यासले मानिसको विश्वास उसको एउटा इन्द्रिय नै बन्दछ,अनि उ देखादेखी जस्तै भए पनि त्यो विश्वासलाई छोडेर सत्यतामा जान काँप्तछ, डराउँछ, आँखा छोपेर रून्छ। वीर त्यो हो जो विश्वासको निंति सत्यलाई मार्दैन, सत्यको निंति विश्वासलाई मार्दछ ।

पूर्वतिर भन्दा पश्चिमतिर विशेष विज्ञानोन्नति भएकोले उतातिर अदृष्टभावना केही बिलाउँदै गएको जस्तो बाहिर देखिन्छ तापनि वास्तवमा धेरै पश्चिमी दार्शनिकहरूले वैज्ञानिक साधन लिई पुराना अदृष्टभावनालाई नयाँ ढाँचाले

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

समर्थन गरेका छन्, उनीहरूकै प्रचलित वाक्यअनुसार—'पुरानो रक्सीलाई नयाँ बोतलमा' हाले जस्तो; उनीहरूकै पछि लागी भारतवासीले कराए जस्तो 'तैपनि तुलसीको पूजा गर्नैपर्दछ किनभने वैज्ञानिकहरूले पनि त्यसले क्षयरोगको कीटाणुको नाश गर्ने ठहराएका छन, गोबरले लिप्नैपर्दछ, उषाकालमा सूर्यको पूजा गर्नैपर्दछ किनभने गोबरमा सद्गुण छ, सूर्यबाट हाम्रो स्वास्थलाई लाभदायक लालप्याजी किरण आउँछ भनेर वैज्ञानिकहरू भन्दछन् । गिर्जाका पादरीहरूको हात परेको भए परमाणुबमले गिर्जाका पुनर्जन्म साबित गर्ने साधन बन्दथ्यो । निट्शेले स्वर्ग र देवतालाई त हटाए तर उनको स्थानमा उही भावनाले जमनी र जर्मन जातिकोपूजा चलाउने विषयमा अर्को बाइबल बनाए–जरथुस्त्र ।

नेपोलियनको संग्रामले चुटिएको यूरोप क्राइष्टलाई संझिरहेको थियो, रूसो र स्टुआर्ट मिलका दार्शनिक विचार यूरोपभर रङ्मगाइरहेका थिए,डार्विनको वैज्ञानिक सिद्धान्तले यूरोपवासीमा मानवताको जागृति हुने पूर्वरङ्ग देखाएको थियो । परन्तु बिहान घाम झुल्कनेबित्तिकै दिनभर घाम लाग्नुपर्दछ भन्ने नियम छैन. । नियमित आकस्मिकताले जम्मा पारेको बादल सूर्यको मुखिन्जेल रून सक्छ । त्यही वेला जर्मनीबाट 'लोह र लोहित' भन्दै उठो बिस्मार्क रणज्वाला भभकाउन लागे । निट्शेले डार्विनवादकै कलम चोरेर डार्बिनको निन्दा गर्दै क्राइष्टको अहिंसावादलाई लात मार्दै बिस्मार्कको समर्थन गर्न थालेका हुन । अरू शास्त्र

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

नमान्ने नीशे प्राणीशास्त्रलाई साक्षी बनाई भन्दछन्—'हेर, ठूलो माछा सानो माछालाई खान्छ, तसर्थ ठूला जर्मन-जातिले अरू साना जातिलाई निल्नु स्वाभाविक कुरा हो'। मनुष्यताले तर्जुमा गरेको प्रेमभावलाई त उनी दुर्बलता संझन्छन्।

अदृष्टको डर छुट्नेबित्तिकै कोही राक्षस भएको उपमा लिई असत्यताको उपयोगिता देखाएर स्वार्थलाई पाल्न खोज्ने पनि कोही हुन्छन्, तर सत्यले डराउने प्रयोजन छैन, अर्धसत्यलाई कहिले कहिले असत्यसित दग्ने आवश्यक पर्ला, त्यस वेला उसले लुगा फुकालेर पौडी पूरा सत्यको तीरमा उत्रनुपर्दछ। सत्य बिस्मार्कभन्दा भयानक र फेरि सुन्दर छ। पछि पनि बिस्मार्कलाई हृदयमा र नीशेलाई मस्तिष्कमा धारण गरेको जर्मनीले संसारलाई पहिलो महासमरमा फसायो। जर्मनीले हार्‍यो। रक्तबीज जस्तै बिस्मार्कको रक्तबाट पुनः नीशेका शिष्य दुइजना उत्पन्न भए, हिट्लर र मुसोलिनी। फेरि जय विजय, हिरण्यकशिपु र हिरण्याक्ष, रावण र कुम्भकर्ण, शिशुपाल र दन्तवक्रले जन्म लिए। हिरण्यकशिपु र प्रह्लादलाई हिट्लर र गाँधीको रूपमा हामीले देख्न पायौँ।

वि.सं. १९९५ मा मेरो 'प्रह्लाद' नाटक छापिएको हो। त्यस वेला द्वितीय महासमर शुरू भइसकेको थिएन तापनि हिरण्यकशिपुको मुखमा हिट्लर र मुसोलिनीका पहिलेका भाषणबाट टुक्रा भाँची भाँची हालेर उनलाई जीवन दिन मलाई सजिलो भयो; त्यस्तै प्रह्लादलाई बोलाउँदा जिजस

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

क्राइष्ट र महात्मा गाँधीको उक्ति संझने लोभभाव छोड्न सकिन। म फलित ज्योतिषमा विश्वास गर्दिन तापनि मेरा हिरण्यकशिपुले दूबोको एउटा बीज नराख्ने परमाणु बम छोड्न खोजेका थिए। काठमाडौं सभागृहमा 'प्रह्लाद' नाटक लागेको अगिल्लो दिनमा जर्मनाले पोल्याण्ड्माथि आक्रमण गरेको हो। प्रारम्भमा त हिटलरले निकै सफलता प्राप्त गरे, संसारलाई हल्लाएर सर्वत्र आतङ्क फैलाउनु नै सफलता हो भने त्यो उनले पाए ;अन्त्यमा उनको अभिमान पूर्ण हुन सकेन, अनि हार्न नजान्ने हिट्लरले आत्मघात गरे। कसरी गरे त्यो यथार्थ थाहा छैन, तर बम पडकाएर घरैसमेत उनी भस्म भएको अनुमान गरिएको छ। सम्भव छ उनलाई घरको लठ्ठाले किच्चन, सम्भव छ मर्ने वेलामा उनलाई 'महामानुष' को भेद्भावले उठाएको हिंसामा अश्रद्धा र बरू पशुसम्मको पनि हित गर्ने नरसिंहको वैज्ञानिक दर्शन पाएर गाँधीको अहिंसामा श्रद्धा हुनु !— त्यसपछि गाँधीको भारतले स्वराज पायो।

प्रह्लादको सत्याग्रहलाई गाँधीले अझ अगि सारेका हुन्, तर उनलाई बनाउन कुनै नरसिंहको संयोग परेन। प्रह्लादको सत्याग्रहले उनका पिताको मनमा पनि परिवर्तन हुन सकेन, गाँधीको सत्याग्रहले नाथुरामको हृदयमा परिवर्तन आएन। त्यसैले भन्न सकिन्छ 'भावपरिवर्तन शास्त्र' संसारमा बनेको छैन। गाँधीको अहिंसाले त्यस हृदयमा प्रभाव पारेर बत्ती बाल्न सक्यो, जसमा अहिंसाको पत्थरकोइला थियो। तर

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

जुन हृदयमा पत्थर मात्र थियो त्यसमा ?—जुन कुराको प्रयोग एक मानिसमा (एक दलमा ?) असफल भयो, त्यो एक राष्ट्रले अर्को राष्ट्रमा प्रयोग गर्दा सफल होला ? तर गाँधीको त्यसमा विश्वास थियो, लडाईंका समयमा जर्मन-सैन्यसित नलड्ने केवल सत्याग्रह गर्ने अनुमति उनले इङ्गल्याण्डलाई दिएका थिए। परन्तु 'भावपरिवर्तन शास्त्र' को श्रीगणेशायनमःमै उनको देहान्त भयो। संसार उस्तै छ। क्राइष्टका श्रद्धामा करोडौं क्रिश्चियन भए, तर काही पनि क्राइष्ट भएन, गाँधीलाई करोड़ौंले श्रद्धाञ्जल दिए, तर काही पनि गाँधी भएन। क्राइष्टको अहिंसा काठमा टाँगेर मारिएको थियो, गाँधीको अहिंसा गोली ठोकेर मारियो। संसार अझ उस्तै छ। फेरि जताततै रणवाद्यको तालमा मनुष्यहरू खुट्टा उठाएर नाच्तै नाटकीय बोलीले आपसमा शिर छिमल्न लागिरहेछन्, पृथ्वीमा सूर्यले जस्तै राता रङ्ग पोतिरहेका छन्। अहिले सोझा सोझो विचार गर्दा युद्ध सधैं भइरहने छ जस्तो देखिन्छ; परन्तु महापुरुषहरूको बलिदान त्यसै खेर जाने छैन। मनुष्यजातिको आयुमा यो ६ हजार वर्ष केही पनि होइन, प्रह्लाददेखि अहिलेसम्म अहिंसात्मक सत्याग्रह प्रयोग गर्ने कति जना निस्के ? जर्मनीका पाल इह्लिकले छ सय छ जना रोगीमा प्रयोग गरी स्यालवर्सन अथवा '६०६' नामक औषधिको पत्ता लगाएका हुन्, चरकमुनिको भारतमा 'शतमारी भवेद्वैद्य सहस्रेषु चिकित्सक' भन्दछन्, अहिंसा-वादी सत्याग्रही भने ६ हजार वर्षमा ६ जना पनि भएनन्। तैपनि यति वर्षभित्र युद्धविषयक संसारको विचारमा ठूलो

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

परिवर्तन भएको देखिन्छ । उसमा विज्ञानले मानिसलाई ऐना देखाइरहेछ – 'तिमी को हौ, के हौ, कति हौ' । तसर्थ 'भावपरिवर्तन शास्त्र'को लामपुछ्रे ताराले जस्तै पखेटा फैलाई विश्वमा फैलिन सत्य नियम पत्ता पाउन छ सय छ योगी महात्माको पनि प्रयोजन देखिदैन । त्यति नै चाहिए पनि अर्वौं अर्वौं जनसंख्यामा कति सानो अङ्क !

हामीलाई थाहा छ— मनुष्य मात्रमा परस्पर सहानुभूति हुनुपर्दछ, तर किन हुँदैन, के गरे हुन्छ — थाहा छैन ; थाहा छ— संग्रामभन्दा शान्ति जाती, तर त्यो किन अड्दैन, के गरे अड्ला थाहा छैन ; परोपकार, सद्भाव, सदाचार सद्व्यवहार — यिनीहरूले मानिस सिंगारिनुपर्दछ, थाहा छ, तर किन कालो ओढ्ने ओढी दुइ जिब्रो बनाएर विष ओकल्ने मानिस हामी बहुसंख्यामा भेटतछौं, किन त्यो विष थुतेर फाल्न सकिदैन, के गरे सकिएला — थाहा छैन । रित्तो हातको मानिस 'अहिंसा' भन्दछ, हतियार समातेपछि 'हिंसा' भन्दछ, केही गरी शस्त्र हातबाट खस्यो भने उही 'अहिंसा' भन्दछ, फेरि त्यो टिपिसकेपछि 'हिंसा' भन्दछ । कोही कसैलाई मार्दछ त्यो मरेकोको प्रेममा अर्को कोही मर्दछ, तर मार्नेचाहिं किन प्रेम गर्दैन, के गरे गर्ला ?

गाँधी भन्दछन् — 'प्रेम गरे गर्ला'

तर भएन । के प्रेम वस्तु हो ? हामी त्यो बाँड्न सक्छौं र ? प्रेम त भावना हो, नियमित आकस्मिकताले ऋणात्मक धनात्मक विद्युतको घटबढ भई उठेको भावना — एक क्रिया ।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

चिनियाँ दार्शनिक मेन्सियस भन्दछन् — 'महर्षि त्यो हो जो हामी सबको हृदयमा साझा के छ त्यसको पहिले पत्ता लगाउँछ।' कसले त्यो मानिसको उन्माद उतार्ने औषध पायो! भन्न सकिन्छ मनुष्यको हृदयमा सत्य साझा छ, चोरको हृदयमा उही सत्य छ जुन साधुको हृदयमा छ; जो केही कुरामा विश्वास गर्दछ उसको हृदयमा पनि उही सत्य छ जुन विश्वास नगर्नेको हृदयमा छ; जो झूटो बोल्दछ उसको हृदयमा पनि सत्य छ, जो झूटो संझन्छ उसको हृदयमा पनि सत्य छ। कुनै सेतो रङ्ग हृदयमा गएर कालो हुँदैन। तर सत्य पत्ता लागेर मात्र के हुन्छ? — सत्यमा मात्रै नत्थिएर बाँच्न सक्ने कुनै उपाय हुनुपर्दछ। कलिङ्गको युद्धपछि विजयी अशोकको मस्तकमा जुन सत्य उदाएको थियो रूसबाट हतोत्साह भई सेतो घोड़ा चढेर अस्मानी लामो कोटमा हात घुसारी दुइतिर सीङ भएको टोपको बाझले झुकेका असफल नेपोलियनका मस्तकमा त्यही सत्य झन् स्पष्टासत देखिएको थियो; तर अशोकले सत्यलाई अँगाले, अभिमान र लाभले नेपोलियनलाई दुइतिरबाट हात समातेर सत्य छुन दिएन। केले? — नियमित आकस्मिकताले। टाढा किन? आफ्नै हृदय (सब मस्तिष्कको अर्थमा) खाल्दा हामी के पाउँछौं? बुद्धको हृदयमा उभिएको सत्य कत्ति नकुप्रे र ठाड भई हाम्रोमा पनि रहेको छ; बुद्धका जस्तै दुःखी जगत्लाई निहालेर हेर्न सक्ने आँखा हाम्रा पनि जोर जोर छन्; हाम्रा हृदयमा त्यो युक्ति छ जसले सबका र आफ्नो पनि साथसाथै हित गर्दछ; तर हामीलाई सत्यबाट

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

झस्काएर भगाउने के हो ? किन हामी तथ्यलाई आगोलाई जस्तै छुन डराउँछौ ? हामीलाई असद्व्यवहारमा रङ्ने नीचता घोक्र लाउने के हो ?—

नि य
मि त
आक
स्मिक
त
ा

तसर्थ नियमित आकस्मिकताले नै फेरि हामीलाई करै-सित सत्यमार्ग पक्रन लगाउँछ, किनभने सत्यको अतिरिक्त संसारमा शान्ति हुँदैन, अनि मनुष्य स्वभावैले शान्तिप्रिय छ, संग्राम त पशुजन्य उपाधि मात्र हो ।

क्यार्ल्सियम परमाणुमा ऋणात्मक विद्युत बीस हुन्छ, सोडियम परमाणुमा एघार । क्याल्सियमबाट नौओटा ऋणात्मक विद्युत्कण झिकी सोडियममा घुसाउन सक्यौं भने सोडियम क्याल्सियम हुन्छ, क्याल्सियम सोडियम बन्दछ । मानिसको प्रकृतिमा पनि केही अदलबदल गर्न सकिन्छ । कुनै साधुलाई रक्सी पियाइदियो भने ती उन्मत्त हुन्छन्, अत्यन्त- भोकले साधारण मानिस राक्षस बन्दछ, तर दूधपान गराएर किन उन्मत्तलाई साधु बनाउन सकिन्न ? त्यस्तो रस केही होला, हामीलाई थाहा छैन । स्थूल प्रकृतिमा त माटो बाबुले दुब्लो छोरामा अझ मासु थप्न सकेको छैन— विज्ञानले बह्रु मानिसलाई केही रगत दिन लिन सक्ने

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

पारेको छ । भावपरिवर्तनमा एउटा अर्को उपाय छ— वचनामृत । वचनले गरेर ऋषिहरूले हिन्दू, बुद्धले बौद्ध, ईसाले ईसाइ, मुहम्मद्ले मुसल्मान, यस्तै यस्तै तुल्याए । परन्तु ती समष्टि मनुष्यजातिको निति वचनामृत हुन् वा वचन-विष जसले संसारकाननलाई यसरी रगतको वैतरणीले अन्ध-तामिस्र बनाइराखेका छन् । शेक्सपियरले भने जस्तै—

'कहीं पनि अन्धकार छैन, अज्ञान मात्र छ ।'

मनुष्यमा हिन्दू, हिन्दूमा वैष्णव, वैष्णवमा कृष्णभक्त, कृष्णभक्तमा भक्तिमार्गी, भक्तिमार्गीमा भजनिया इत्यादि हजारौं विभागले मानिसलाई यो पृथ्वी गुजुमुज्ज हुंदै गएको छ, जता फर्के पनि धक्का लाग्दछ । मनुष्य श्रद्धावान् छ, श्रद्धा अन्ध छ । कहिले सब मनुष्यजाति सबै दिशाबाट उक्लीं सत्यको उज्यालो शिखरमा भेट गर्न सक्लान् ! अब चाँडो नभए पनि दश लाख वर्षपछि वानर-बाट मनुष्यको विकास भए जस्तै मनुष्यबाट देवता विकास हुन सक्तछ, गरिल्ला (एप) भन्दा हामी शरीरमा निर्बल भए जस्तै हामीभन्दा अझ देवता दुर्बल हुन सक्तछन्, अथवा वैज्ञानिक तरीकाले अझ बलिया पनि हुन सक्तछन्, परन्तु हामीले कल्पना पनि गर्न नसक्ने कुरा उनीहरू बुझ्न सक्नेछन् ! सम्भव छ तिनै देवविकासनिमित्त हामीलाई नियमित आकस्मिकताले यसरी रातदिन भुटिराखेको होला, उसैको प्रेरणाले यो गर्भवान् मस्तिष्क यति असजिलो भएको होला !

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

सब कुरा एकैचोटि संझदा यो ‘ नियमित आकस्मिकता’-बाट कुनै सिद्धान्तले कसैको विचारमा किञ्चिन्मात्र पनि परिवर्तन गर्‍यो भने त्यो फेरि नियमित अकस्मिकता नै भयो । तसर्थ यी सब देख्ता देख्तै पनि मनुष्यको कर्तव्य-विषयमा म केही कोर्न लागेको छु । मलाई थाहा छ — यस लोकमा जति जना आफ्नो सिद्धान्त लिएर अगाडि बढे तिनीहरूले केवल आफ्नो अज्ञान निर्धक्क भएर लोकलाई देखाएका हुन् । अफलातूँ र अरस्तू दुवैको विचार छ ‘ मानवजीवनको सर्वोच्च कर्तव्य दार्शनिकचिन्तन नै हो’, म त्यसमा उनीहरूसित सहमत छु ।

सुकरात भन्दछन् — “ एक कुरा मात्र मैले जानेको छु, त्यो यही हो कि मैले केही पनि जानेको छैन ।”

म थप्तछु— मैले अर्को कुरा पनि जानेको छु, त्यो यही हो कि अरूले पनि केही जानेका छैनन् । किनभने यो अमिल्दो संसारको जान्नेको अनुहार छैन । जो आकाश-जीवी निरुपाय भएर अर्काका आसरामा बस्तछ त्यो के जान्ने। उडिरहेकी पृथ्वी मानिसका आधार छ, मानिसले सूर्यको मुख नहेरी सुख छैन, बादलका आसरामा उसको आहार छ, वायुका भरमा उसको जीवन छ । पाँच छ हजार वर्षअगि उ यिने प्रकृतिलाई आमा संझेर प्रार्थनाले झिज्याउदै ‘पाइ नगर, पापा देऊ, माम देऊ, चाचा देऊ ’ भन्दै झगड़ा गर्दथ्यो; आज दुःख पाउंदा पाउंदा उसले यत्ति संझे जस्ता छ–प्रकृति आमा होइन, हामीलाई काखमा लिने पूतना हो— भूकम्प वज्र र बाढाले मात्र होइन एक दिन चिसो बिष दिएर उ

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

सबलाई मार्नेछ । प्रकृतिपूतनाबध गरेर उसको ठण्डा छातीमाथि आफ्नै इच्छाले बाँचन अहिलेसम्म कसले जान्यो ? कसले जानेको छ ? त्यो नजानी हुँ देन ।

रातमा पृथ्वी चकमन्न भइरहेका हुन्छ, सब प्राणी साना साना माटाका ढिस्का जस्तै छरिपर तेसिएका हुन्छन्, जीवन केवल साना वायु भएर नाकको अन्धकार गुफामा भित्रबाहिर गरिरहेको हुन्छ, विस्तीर्ण स्मृति पनि मस्तिष्कको गुँडमा भिन्न भिन्न व्यक्तित्व लिएर नलिनीदलगत जलबिन्दु झैं पोको परेर गुँजिरहेको हुन्छ । उषाकाल भएपछि सूर्यकमल जस्तै सब जना फुल्न थाल्दछन्, हिल्न थाल्दछन्, झुल्न थाल्दछन्, चल्न थाल्दछन् । जति जति घाम चढ्दै गयो उति उति जीवन उर्लदै जान्छ । मैले घण्टाघरको माथिल्लो तलाबाट तल सडकमा कमिलाका ताँती जस्ता सुइँफुइँ गरेर यताउता हिंडिरहेका मनुष्यको गति देखेको छु, पढेको छु ।

त्यो रूखमन्तिरको पृथ्वीतललाई कति जनाले कुल्चेर हिंडेः महाराजाधिराजहरू, महाराजहरू महारानीहरू, प्रधान सेनापति र गुरुज्यूहरूदेखि लिएर च्यामे पाँडेहरूसम्मले, कैयन् जातले, कैयन् जातिले, कत्रा कत्रा विद्वान्हरूले, प्रधान अध्यापकदेखि लिएर बौलाहासम्मले, कति राम्रा मान्छेहरूदेखि लिएर पिनास र कोढले अङ्ग झरेर बेरूप भएका रोगीहरूले, लाशलाई काँधमा हालेकाहरूले र दुलहीलाई बाकेकाहरूले, सुनका कल्ली लाएकाहरूले र सिक्रीसमेतका फलामे नेल भिरेकाहरूले, निरामिष महात्माहरूले र नरघातीहरूले, हृदय टुटेकाहरूले र उमङ्गले

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

फुँफुरिँपर मात्तिएकाहरूले, पुल्पुलिएका बालकहरूले र निरा-धार टुहुराहरूले, लम्किँदै दगुर्दै थकाइ मार्दै बात मार्दै रिसाउँदै खुसाउँदै सुस्केरा हाल्दै पसीना काढ्दै गाउँदै माग्दै हप्काउँदै सं-झाउँदै, फुर्ति झिक्तै धकाउदै विचार्दै आँखा तर्दै आँखा कर्का-उँदै आँखा झिम्काउँदै हाँस्तै र रुँदै त्यस सोतालाई कुल्चेर हिँडे। सब कता गए, सब कता जान लागिरहेछन्, सब कता बाट आए, त्यस सोतालाई के पत्ता! त्यो त यति मात्र जान्दछ उ कुल्चियो-उ यो पनि थाहा पाउँछ कि उसलाई कुल्चने कहिले मुलायम हुन्थ्यो कहिले कठोर, कहिले गह्रौं हुन्थ्यो कहिले हलुका; कसले जुत्ता लाएको हो कसको खाली खुट्टा छ, कसले हात्ती घाडा चढेको छ, कसले बग्गी, कसले साइ कल, कसले मोटर उसलाई पत्ता हुन्छ- उसमाथि प्रत्येकको छापा लाग्दछ, तर एकलाई अर्कोले मेटिदिन्छ। त्यसैले अहिले त्यो एक मृत विस्मृतिको प्रतिमा मात्र छ। उसको हृदयमा जमेको खाटा उप्काएर हेर्दा हामी यति मात्र अनुमान गर्न सक्छौं त्यसमा धेरै लात परेका छ- अनगिन्ती!

जति जति घाम ओर्ल्हँदै जान्छ उति उति जीवन पनि सेलाउँदै जान्छ। मैले आफ्नो घरको कौसीमा पल्टेर अँधे-रीरातका ताराहरूलाई हेरेको छु, पढेको छु। करोडौं करोडौं गँसु बलिरहेका छन्-तैपनि आकाश कालो छ। कति विशाल-कति विस्तृत भयानक सुन्दर विश्व! यस विश्वको वास्त विक रूप हामी निशामा नै देख्तछौं, दिनले हामीलाई अन्धो बनाउँछ, दिउँसो सूर्य आफ्नो करले हाम्रो आँखा छोपि दिन्छन्, त्यसैले आकाशभर उज्याला ताराहरू छँदा छँदै पनि

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

हामा दिउँसो तिनलाई देख्न सक्दैनौं। खलवलले हामीलाई भुलाई आफूलाई चिन्न दिदैन, विचारदाता नीरव रजनी नै हो। कृष्णको यहाँ राम्रो उक्ति छ--

'प्राणीको जो रात्रि हुन्छ उस्मा जाग्दछ संयमी,
जस्मा जाग्छन् सबै प्राणी देख्छ त्यो रात्रि नै मुनि।'
(-गीता कोमलानुवाद)

भरजन्मको स्मृतिको बहीखाता केलाई केलाई जाँच-जुँच गर्न पाउने वेला रातैमा हो; सूर्यको होइन, चन्द्रमाको होइन, दीपको होइन, सबभन्दा पर बसेको ताराको गभीर उज्यालोमा। तारासमूह नै स्वर्गङ्गा हो-तारालोक नै स्वर्गलोक हो-तारा नै दिव्यदेवता हुन्? ओहो कतिका! देखिएकाभन्दा नदेखिएका अनन्त! यस्तो विश्वमा हाम्री पृथ्वीको आसन कुन अन्तरमा परेको हुँदा हो!-अनि हामी मान्छे!

आश्चर्यको मान्छे!-यी समस्त विश्वब्रह्माण्डहरू हामी आनन्दी मनुष्यमस्तिष्कको एक अन्तरमा एक कसिङ्गर भएर अड्किरहेछ! के वेर एक दिन हाम्रो जातिले यी सब तारा-हरूलाई काठको मिलाउने जस्तै जम्मा गरी आकाशमा बुट्टा पारेर लेखिदिनेछ—

मानिस! मानिस! मानिस! मानिस।

त्यही समयको प्रतीक्षामा माघ महीनामा धेरै बेरसम्म काँप्तै तीरमा ढुकी सहसा आँटेर नदीमा डुबुल्की मारे जस्तै म

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

आफ्नो मूर्खता अङ्कित गर्दछु--

प्रथमतः हाम्रो धर्म हो—

मूलतत्त्वप्रति	अनुसन्धान।
परमाणुप्रति	अध्ययन।
जीव(बीज)प्रति	सद्धार।
पशुप्रति	अहिंसा
मनुष्यप्रति	सेवा।
आफूप्रति	पालन।

तसर्थ हाम्रो कर्तव्य हो—

(अ)	मूलतत्त्वप्रति	विचार।
(आ)	परमाणुप्रति	विवेक।
(इ)	जीव (बीज) प्रति	सद्भाव।
(ई)	पशुप्रति	दया।
(उ)	मनुष्यप्रति	सद्व्यवहार।
(ऊ)	आफूप्रति	संयम।

अझ फेरि एकै वाक्यमा भनूँ भने सत्ययोग- तत्त्वज्ञानको निति निष्कलङ्क सत्यको तपस्या नै हाम्रो कर्तव्य हो। 'सत्य मेव जयति नानृतम्'। संसारमा जति दुःख छ त्यसको कारण हिंसा हो, जति हिंसा छ त्यसको कारण अज्ञानता, अज्ञानताको कारण असत्यता; तसर्थ पहिले जतिसुकै अप्रिय ठहरिए तापनि अपेक्षारहित सत्यलाई अंगाल्न सक्नु, जगत्मा एकलै उभिनुपरे पनि सत्यको टेको नछोड्नु, सत्यलाई मृत्युले जलाउन आयो भने प्राणलाई समेत उसंगसंगै होमिदिनु मनुष्यको परम कर्तव्य हो। मनुष्यमात्रले बाँच्न चाहनु सत्यता हो भने सत्यताकै निति मर्नु मानवता हो। कहिले क-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

हिँले उदाङ्ग सत्यभन्दा असत्य हितकारी जस्तो भान पर्दछ, तर त्यो आभास मात्र हो, सत्य असत्यभन्दा हितकारी हुनै-पर्दछ— परिणाममा त सत्य नै चाहिन्छ भने हितकारी असत्य केवल मृगतृष्णिका मात्र हो; असत्यको जय अनित्य हुन्छ, अन्त्यमा सत्यले जित्नैपर्दछ—जित्तछ। मनुष्यको ज्ञान सीमित भए जस्तै वास्तविक सत्यता पनि हामीभन्दा धेरै पर होला, कदाचित् सबभन्दा परको अदृश्य ताराभन्दा पनि सत्यता सुदूर होला, परन्तु आफ्नो अगिल्तिरको सबभन्दा तल्लो सत्य हाँगा खस्रै भए तापनि समात्न सकेनौं भने सत्यवृक्षको टुप्पामा पुग्ने कसरी ?

यस कारण हामीले विज्ञानको ढुङ्गाले दर्शनको सीँढी निर्माण गर्दै जानुपर्दछ। विज्ञान विशिष्ट दर्शन हो, त्यसद्वारा हामी सामान्य दर्शन बनाउँछौं, त्यो अवश्य बदलिन्छ; विज्ञानको नयाँ आविष्कारले दर्शनको आँखा अगिल्तिर पनि नयाँ ज्योति नल्याईछोड्दैन; त्यसले हामीलाई अवश्य सत्यमार्गमा हिँड्न विशेष सहायता देला! जीवनभर हामी थकाइ नमारौं! सीँढीका ढुङ्गाहरूको जोर्नी हाम्रो पसीनाले रसाओस्! अन्त्यमा हाम्रा हाडखोरको पनि एक सीँढी बनोस्, जसमा टेकेर हाम्रा भविष्य सन्तान एक खुड्किला माथि उक्लन सकून्! 'देवता' पुष्पको विकासलाई प्रत्येक मानिसको जीवन नसुक्ने एक एक बिन्दु पारदर्शक पानी भएर बर्सोस्! नियमित आकस्मिकता यस क्षुद्र मानवलाई समस्त मानव-जातिसित झुकाई यही प्रार्थना गराउ छ !– अनि इच्छा गराउँछ— म सत्य संझन सकूँ, अनि काम लागूँ !

इति।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

CC-0. In Public Domain. Funding by IKS-MoE

CC-0. In Public Domain. Funding by IKS-MoE

पुरातन-विश्वनिर्देश

Digitized by eGangotri and Sarayu Trust.

Digitized by eGangotri and Sarayu Trust.

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

पुरातन-बिश्वनिर्देशका विषयहरूको सूची

	पत्र
कोइ के भनूं ?	(/)
ब्रह्माण्डस्वरूप निरुपण	१
सृष्टिबिचार	८
चौध मनुहरू	२४
अठ्ठाईस व्यासहरू	३२
सृष्टिका श्रृंखला	४२
ब्रह्मलोकका चित्रद्वारा स्थाननिरुपण	४४
मानवको मुख्य कर्तव्य औ वर्णाश्रम धर्मका प्रयोजनहरू र उसका विषयमा चित्रित रूपक	४५
मनुष्यका कर्तव्यको प्रपञ्च	५०
आर्यहरूका भाषाको मौलिकता	७९
वर्णधर्म	८७
आश्रम धर्म	९१

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

खोइ के भनूं ?

यो मेरो हृदयका उद्‌गारबाट निक्लेको होइन, बाबु-साहेब श्री मे क. पुष्कर शमशेर ज.ब.रा श्री मे.क. बालकृष्ण शमशेर ज. ब. रा. का आग्रह र अनुरोधले निर्दिष्ट काम गरी आफ्नो अरू काम गर्ने समयमा यस पुस्तिकाले जन्म पाएको हो। आफूले आजन्म अभ्यास गरेको भाषामा केही लेख्ने शौक पनि थियो; लेखिएको कुरा गुरुजनबाट अनुमोदित पनि हुन्थ्यो, परन्तु नेपाली भाषा मातृभाषा भए तापनि चिठीपत्रबाहेक अरू कुनै महत्त्वपूर्ण कुरा यस भाषामा लेख्ने बानी कमै थियो, तर मातृभाषाको च्यांग्रो भने पिटिएको खूबै सुनिन्थ्यो; सो सुन्दा च्यांग्रेहरूका पछि लागूं लागूं जस्ता पनि हुन्थ्यो, तर आफ्नो ध्येय थियो अर्कै, तैपनि च्यांग्राको पछि लागेर थपडी मार्दै दगुरेर रमाइलो गर्ने इच्छा भइरहेको थियो, यो पनि त्यही इच्छाले रामएको एक थपडी मात्र हो। परन्तु लेख्ने काममा पुस्तकहरूको अध्ययन एक प्रमुख साधन हो; त्यस साधनको नितान्त अभाव हुंदा नेपालमा सुयोग्य लेखक अझै हुन नसकेका रहेछन्। यस कुराको कटु अनुभव यस प्रथम प्रयासमै भयो, उसैले यस पुस्तिकामा अशक्तिभन्दा अभावबाट भएका त्रुटिहरू प्रशस्त छन् भन्ने साहस छ, भविष्यका लेखकहरूमा अशक्तिका त्रुटिहरू छन् भन्ने मौका सबैलाई मिलोस् भन्ने प्रार्थना सबैसंग गर्छु।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

यो मेरो प्रयास वाग्देवताको मुकुटमणि हुन सर्वथा अनुचित छ; तापनि पाउ रंगाउने माहुर होओस् अथवा चरण फुस्रो पार्ने धूलै भए तापनि मलाई संतोषै छ।

बुद्धिसागर।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

पुरातन-विश्व-निर्देश

ब्रह्माण्ड स्वरूप निरूपण

ॐ नमः परस्मै ब्रह्मणे ।

ॐ पूर्णमदः पूर्णमिदं पूर्णात्पूर्णमुदच्यते ।
पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ।। (बृ. आ)

परब्रह्मकी मायामयी शक्तिस्वरूपिणी महाप्रकृति देवीका विशाल गर्भमा अनन्तकोटी ब्रह्माण्डहरू कति उत्पन्न हुन्छन् कति विलीन हुन्छन् यसको केही पारावार छैन । तिनै ब्रह्माण्डहरू मध्ये यो पनि एउटा कुनै ब्रह्माण्ड हो जसमा हामीहरू जन्मन्छौं, फेरि विलाउँछौं पनि । यस्ता महत्वपूर्ण ब्रह्माण्डका विषयमा जिज्ञासा हुनु एक संभावनीय कुरा हो, तसर्थ यसको स्वरूप कस्तो छ । कति ठूलो छ । यहाँ के के वस्तु पाइन्छ, यो बनेको कति वर्ष भया, यसको आयुष्य बाँकी कति छ । कसरी यो आखिरमा विलाउँछ, भन्ने इत्यादि कुरामा वि-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

धारवान् पुरुषको उत्पन्न भइरहेको इच्छा पूर्ण गराउन शके जगतले मागेको कुरा पुराइुन जाँदा लेखकलाई पनि भारी संतोष हुन जानेछ । यो कुनै मामूली कुरा होइन, तसर्थ खाली अडकल र अडकल पच्चू कुराका भरमा यसको तत्व निर्णय गर्नु हुँदैन, किन्तु शास्त्रका भरमा नै निर्णय गर्नु असल हो, किन भने मानिसका बुद्धिबाट यस अपरिमेयको परिणाम सर्वथा पत्ता लागन शकदैन । तसर्थ यसको स्वरूप पहिचान गर्न सबभन्दा पहिले वेद र वैदिक शास्त्रको सहाय लिनु अत्यन्त आवश्यक पर्छ । तसर्थ वेद पुराण दर्शन धर्मशास्त्र तिर आँखा घुमाएर हेर्ने हो भने एउटा ब्रह्माण्डका मुख्य भाग चौध हुन्छन् भनेर एकै नाशको भनाई लेखेको पाइन्छ । विराड्ब्रह्मको वर्णनतर्फ ध्यान दिएको खण्डमा ब्रह्माण्डको बनावट जस्तो मानिसका शरीरको बनावट छ उस्तै छ । मानिसको शरीरमा घाँटीको भागलाई उत्तमाङ्ग भन्दछन्, घाँटी देखिन् नाभिसम्मको भागलाई मध्यभाङ्ग भन्दछन्, त्यस्तै नाभिदेखिन् पैतलासम्मको भागलाई अधमाङ्ग भन्दछन, यसै शरीरका मध्यम भागमा मेरुदण्ड रहेको हुन्छ जसलाई सँस्कृतमा मेरुदण्ड नेपालीमा डडाल्नू हिन्दीमा रीढ भन्दछन् । मनुष्य शरीरको मेरुदण्ड जस्तै ब्रह्माण्ड शरीरको पनि मेरुदण्ड हुन्छ, त्यसैलाई शास्त्रकारहरूले सुमेरु पर्वत भन्ने गौणीवृत्तिका आधारमा नाउँ राखेका हुन् । जस्तै मेरुदण्डका आधारमा मनुष्यको शरीर ठडिन्छ त्यस्तै सुमेरुका भरमा ब्रह्माण्ड शरीर खडा हुन्छ । मेरुदण्ड हाडका तरीहरूका जोर्नीबाट बनेको हुन्छ तरीलाई पर्व भन्दछन्, त-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

सर्थ तरी भएका मेरुदण्डलाई पर्वत भन्ने नाम व्याकरणको "तप् पर्वमरुद्भ्याम्" यस अनुशासन अनुसार भएको हो, अतएव मेरुदण्डलाई मेरु पर्वत भन्नु कुनै अनुशासन विरुद्ध कुरा होइन। यसै विज्ञानका आधारमा ब्रह्माण्ड शरीर खडा पार्ने ब्रह्माण्ड शरीरका मध्य भागको दैवी पर्वहरूको सन्धि भएको स्थान विशेषलाई मेरुपर्वत सुमेरुपर्वत भनेको हो। यही सुमेरु ब्रह्माण्ड शरीरका मेरुदण्ड या रीढ अथवा डढाल्नू हो, या ब्रह्माण्ड शरीरका माझमा पर्छ यसैका आधारमा ब्रह्माण्ड शरीर उभिइन्छ। दैवी जगतको महिमा अवर्णनीय हुनाले यसलाई सुनको पर्वत हेमाद्रि इत्यादि शोभायुक्त वर्णन द्वारा प्रशंसा गरिन्छ। भूलोकभन्दा केही तलदेखि स्वर्गलोकभन्दा केही माथि सम्ममा यस सुमेरुको विस्तार छ। जस्तै हिमालय विन्ध्याचल आदि पर्वतले धरालाई दृढ बनाउँछन्, त्यस्तै मेरुले पनि ब्रह्माण्डलाई दृढ पार्छ। तर ती स्थूल पर्वत हुन्, यो सूक्ष्म छ। यसैका भरमा ब्रह्माण्ड शरीरका प्रधान चौध अङ्ग रहेका छन्। इनै चौध अङ्गलाई चौध भुवन पनि भन्दछन् क्रमले माथि र तलका चौध अङ्गका नाम ई हुन्–भूलोक–१ भुवर्लोक–२ स्वर्लोक–३ महर्लोक–४ जनलोक–५ तपोलोक–६ सत्यलोक–७ अतल–१ वितल–२ सुतल–३ तलातल४ महातल–५ रसातल–६ पाताल–७ इन मध्ये तल्ला सात लोकमा इन्द्रिय संबन्धी सुख स्वर्गमा भन्दा पनि ज्यादा हुन्छ, इनै लोकलाई बिल स्वर्ग पनि भन्दछन्, तसर्थ त्यहाँ इन्द्रिय सुखका लालची दैत्य दानव नागहरू स्वतन्त्र सुखमा मग्न भएर बस्तछन्। प्रायश तिनीहरू दैवी प्रकृतिका विरुद्ध

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

आसुरी प्रकृतिका हुन्छन । अतः आफ्ना आफ्ना प्रकृति अनुसारको भोग भोगन स्वभावैले अधो लोकमा रतिन्छन् । माथिल्ला सात लोक मध्ये भूर्लोक र भुवर्लोकलाई भौम-स्वर्ग पनि भन्दछन् । बिलस्वर्ग र दिव्य स्वर्गका बीचमा भएको यस भौम स्वर्गलाई मध्यम श्रेणीको स्वर्ग पनि भन्दछन् । यसै भौमस्वर्गका पेटमा पृथ्वी सूर्य चन्द्र नक्षत्र ध्रुव इत्यादिका स्थूल लोक रहेका छन, भन्ने शास्त्रको सिद्धान्त छ । यस माथिको लोकलाई दिव्य स्वर्ग भन्दछन्, जसमा महेन्द्रको राज्य छ । उसले यो माहेन्द्र स्वर्गका नामले समेत पुकारिन्छ, यस भन्दा माथिल्लो लोकलाई महर्लोक भन्दछन, यसैलाई प्राजापत्य स्वर्ग पनि भन्दछन, त्यसभन्दा माथि ब्राह्मस्वर्ग आउँछ। ब्राह्म स्वर्गमा तीन लोक-जनलोक, तपोलोक सत्यलोक पर्दछन् भौम स्वर्गभन्दा माथिल्ला पाँचलोक मध्ये स्वर्लोक दिव्य स्वर्ग हो । महर्लोक प्राजापत्य स्वर्ग हो । जनलोक, तपोलोक, सत्यलोक, ब्राह्म स्वर्ग हो । ई दिव्य, प्राजापत्य ब्राह्म स्वर्गमा सात्विक प्रकृतिका उन्नत स्वभावका विशाल विचार भएका महान् पुण्यात्मा पुरुषहरू पुण्यको तारतम्यानुसार क्रमशः माथिल्ला माथिल्ला लोकमा रहन्छन् । यसको वर्णन पातञ्जल योगदर्शनमा गरेको छ । अर्वाचीनरकदेखि सुमेरुपृष्ठ मको स्थानलाई भूर्लोक भन्दछन् । मेरुपृष्ठमाथि ध्रुवसम्म ग्रह नक्षत्र ताराहरू रहने ठाउँलाई अन्तरिक्ष स्थान अथवा भुवर्लोक भन्दछन् । भुवर्लोक माथि माहेन्द्र स्वर्ग उसमाथि प्राजापत्य स्वर्ग त्यस भन्दा माथि ब्राह्मस्वर्ग छ भनेर लेखिसकियो । भौम स्वर्गका अर्थात् भूर्लोक र भुवर्लोकके भित्र यो हाम्री

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

पृथ्वी छ। जसलाई 'दुनियाँ' भन्दछन्, कोही 'वर्ड' भन्दछन्, कोही 'संसार' भन्दछन्, कोही 'भूगोल' भन्दछन्। आफ्नो वातावरण सहित यसलाई भूर्लोक भनेर शास्त्रले मानेको छ। यस भूर्लोकलाई पनि शास्त्रमा सात खण्डमा भाग लगाएका छ। तिनै सात भागलाई सातद्वीप भन्दछन्। सात भाग छुट्याउने सीमामा सातओटा समुद्र छन्, यिनै समुद्रलाई सात समुद्र भन्दछन्। यो द्वीपको र समुद्रको भाग खेतका गरा छुट्टिए झैं छुट्टिएको छैन। किन्तु बन्दगोभीका पात झैं यौटाले यौटालाई घेरेको हुन्छ। सात द्वीप मध्ये सबैका माझमा रहेको र स्थूलरूप भएको हुनाले देखिने यो अर्थात जसमा हामी छौं त्यो जम्बूद्वीप हो। यसलाई क्षार समुद्रले चारैतिर घेरेको छ। त्यसपछि त्यसैका वरिपरी प्लक्ष द्वीप छ। त्यसलाई इक्षु समुद्रले घेरेको छ। त्यसपछि शाल्मली द्वीप छ। त्यसलाई सुरा समुद्रले घेरेको छ। त्यसपछि कुश द्वीप छ। कुश द्वीपलाई घृत समुद्रले घेरेको छ। अनि क्रौञ्च द्वीप र उसका चारैतिर दधि समुद्र छ। त्यस पछिको शाक द्वीपलाई दूध समुद्रले घेरेको छ। आखिरको पुष्कर द्वीप हो, त्यसलाई जल समुद्रले घेरेको छ। यी द्वीपहरूका परिमाण सबभन्दा माझको जम्बू द्वीप सबभन्दा सानू छ, जसमा हामी छौं। त्यसलाई घेरेको समुद्र त्यो जत्रै छ। उसभन्दा बाहिरको प्लक्ष द्वीप उभन्दा दुगुना छ, यही प्रकारले द्वीप र समुद्रहरू 'उभन्दा उ' 'उभन्दा उ' उत्तरोत्तर ठूला ठूला छन्। यसरी सात द्वीप र सात समुद्रले भरिएको पूरा स्थानलाई भूर्लोक भन्दछन्। भूर्लोक भुवर्लोक र स्वर्लोक बराबर परिमाणका छन्। यी तीन

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

लोक माथिका चार लोकभन्दा केही ठूला छन्। भूर्लोकको र यस मृत्युलोकको साक्षात् संवन्ध छ। यसको मान चित्र केही देखाएर शकियो। अरु पनि देखाइन्छ सात समुद्रहरू छदैछैनन् पुराणमा झुट्टा गफमात्र बयान गरेको हो भन्ने शङ्का धेरै जसो गर्छन् त्यो तिनीहरूको भूल हो, किन भने यी समुद्रहरू प्रशान्त महासागर अन्धमहासागर जस्ता सागर होइनन, किन्तु अन्तरिक्षका विभिन्न सामग्रीबाट वनेका वातावरणरूपी समुद्र हुन्। गोभीका पातका पत्र झैं उसका माथि उ उसका माथि उ बेरिएका हुन्छन्। यसै जम्बू द्वीपलाई भारतवर्ष पनि भन्दछन्। अर्थात् आजकलको भूगोलद्वारा हामीहरू जुन पृथ्वी जान्दछौं त्यही भारतवर्ष हो। जसलाई अचेल भारतवर्ष भन्दछन्, त्यो त भारतद्वीप हो त्यसलाई हिंमवर्ष भन्दछन् यसै भारत द्वीपलाई नै हिजो आज हिन्दुस्तान पनि भन्दछन् (हेर्नु मत्स्य पुराण अध्याय ११४)(विष्णु पुराण अंश२ अध्याय ३) कुनै पुराणमा जम्बू द्वीपका ९ खण्डहरू मध्ये यौटा खण्ड जसमा हामी छौं त्यसलाई भारतवर्ष भन्ने संज्ञा दिएको छ, त्यस भनाइबाट धेरै जसा पण्डितम्मन्य समेत भर्माउँ छन् तिनीहरूको भ्रम निराकारण पनि गर्नु अत्यावश्यक छ, यस भारतवर्षका ९ भाग मध्ये ८ भागहरूको नयाँ नयाँ नाउँ राखेर नवौं भागलाई उही मूल नाउँले पुकारेका हो। यसबाट अरु भागभन्दा यो भाग हरेक दृष्टिबाट असल छ भन्ने स्पष्ट झल्काएको छ। किन भने यसलाई प्रधान नाउँ दिएको छ। यो शास्त्रीय मूल सिद्धान्त न जान्ने अनुसंधान

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

खोज गर्न निकै मिहिनेत गर्ने ऐतिहासिक सज्जनहरूले ठाउँ ठाउँमा भारी भूल गरिरहेका छन्। त्यसका लई ल्हैमा लागेर पाठकवर्गहरू पनि धेरै भड्की रहेका छन, परन्तु अब उप्रान्त पुराणतिर राम्रो विचार गर्न चेष्टा गरून्, त्यसो गरे भने आफ्नो भूल आफै सच्याउने छन्।

यसै जम्बूद्वीपरूपी भारतवर्ष भन्ने दोस्रा नाउँ भएका भूमिका उँधो पट्टि पानीको उँभो पट्टी त्रिलोकी अर्थात भूर्लोक भुवर्लोक र स्वर्लोककै भित्र भूर्लोकका दक्षिण पट्टीका कछारमा पितृलोक, प्रेतलोक, नरलोक, यी तीनओटा लोक समेत रहेका छन। अर्वाचीमाथि मेरुपृष्ठसम्मको प्रदेशलाई भूर्लोक मानेको छ, यसै उसले पितृलोक प्रेतलोक नरलोक यी तीनोटै लोक भूर्लोक भित्रै पर्दछन। एतावता ब्रह्माण्डका बीचमा यो पृथिवी कति छ भने १४/३५५६ वां भागका १/२५४ भागको १ छ। कसरी भने जम्बूद्वीप र उसलाई घेरने समुद्र देखिन आखिरी पुष्कर द्वीपलाई घेर्ने समुद्रतकको शास्त्रानुसार भाग संकलन गर्दा २५४ हुन्छ, त्यसलाई १४ लोकका अनुसार १४ ले गुन्दा ३५५६ हुन्छ, तसर्थ १ ब्रह्माण्डको अर्थात १४ भुवनको ३५५६ परिमाण भयो, त्यसलाई १४ ले भाग लिंदा १ भुवन अर्थात भूर्लोकका परिमाणको संख्या २५४ हुन्छ। त्यसमा अरु द्वीप र समुद्रको शास्त्रमा बताए अनुसारको भाग पन्छाउँदा जम्बूद्वीप १/२५४ भाग हुन्छ, त्यसमा पनि नरकलोक प्रेतलोक, पितृलोकाक भागसमेत पन्छाउँदा यस पृथिवीको परिमाण माथिलेखे अनुसार हुन्छ, तसर्थ ब्रह्मान्डका लेखा

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

यो पृथिवी सूर्यका अगाडि एउटा जुनकिरी जस्तो छ। तै-पनि सानुमा पनि सानु यस पृथिवीको परिमाण ५००००००००० पचास करोड़ भनेर पुराणमा लेखेको छ। तर यस पौराणिक परिमाणलाई देखदा कति पण्डितहरू उसमा झन् वैज्ञानिक र ज्योतिषीहरू पुराणको भुर्रा उडाउन खोज्दछन; परन्तु तिनीहरूको त्यो पना ठीक होइन। हुनत म पुराणका तर्फ-बाट पुर्पच्छे गर्न उठेको होइन, तथापि शकेसंम अनाज खाने मानिसले सत्यको पक्षपात गर्नु पर्छ बुद्धिको स्वभावै सत्य तर्फ झुकने हुन्छ। यसैले विचार गर्दा ठहरेको कुरा सबलाई संझाइदिन पनि उचित हुन्छ। वैज्ञानिक र ज्योतिषीहरू पृथ्वी-को व्यास पुग न पुग ८००० आठ हजार मील मान्दछन्। आठ हजार मिलको ४ हजारकोश हुन्छ ४ हजार कोशको १ हजार योजन हुन्छ १ हजार योजन व्यास भएका भूगोलको घनफल कति होला भनेर हिसाब गर्दा १००० को घन गरेर २ ले भाग लिदा जो संख्या आउँछ त्यही भूगोलको परिमाण ठहर्न आ-उँछ जस्तै हेर्नोस १०००×१०००×१०००÷२=५०००००००० पचास करोड ठीक हुन्छ तसर्थ विचारवान मानिसले सहसा कुनै कुरालाई मिथ्या भन्न हुँदैन, विचार पुऱ्याउनु पर्छ, जस्तै वैज्ञानिकले पृथ्वीलाई नापदा पृथ्वीको व्यास नापे पौराणिक-हरूले पृथ्वीको घन परिमाण बताए, यसमा दुवै साँचो छ, कुनै कुरा झूटो छैन।

सृष्टि विचार

संसारको स्वरूप हेर्दा स्पष्ट भन्न शकिन्छ, यसमा हरएक

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

कुरा कुनै यन्त्रको चक्र घुमे झैं घुमिरहेको छ। किनभने आ-श्रयको गति जस्तो हुन्छ आश्रितको गति पनि त्यस्तै हुन्छ विश्वमा रहेका द्रव्यको या जन्य बस्तुको आश्रय काल हो, त्यो कालचक्र निरन्तर एकछिन नरोकी घुमिरहन्छ। जस्तै अहोरात्र सातवार तिथि महिना ऋतु अयन वर्ष युग मन्वन्तर कल्प इनीहरूको कालचक्र अनादि कालदेखि अनन्त कालतक फन्का खाइरहन्छ। त्यसैले त्यस्ता चक्रावर्त समान कालका आश्रित सृष्टि पनि त्यसै गरी घुमिरहन्छ। जुनसुकै चक्रको पनि घुमाई हेर्दा छलङ्ग थाह हुने कुरा हो, आधा भाग चक्रको तल्ला पट्टी सर्कन्छ, आधाभाग माथिल्ला पट्टी सर्किन्छ। त्यस्तै ब्रह्माण्ड प्रकृतिको गति पनि चक्रावर्त झै फन्का खाइ-रहन्छ। त्यसमा सृष्टि दुइ किसिमको हुन्छ, एक व्यष्टि सृष्टि अर्को समष्टि सृष्टि, यसै उसले चक्रावर्त घुमने प्रकृतिका फन्का मा व्यष्टि सृष्टिको धारा तलदेखि माथि आउँछ। अतएव तमो गुणबाट चढ्दै सत्व गुणसंम पुग्दछ। समष्टि सृष्टिको प्रवाहचक्र भने माथि देखि तलतिर ओर्लन्छ, यसै उसले ब्रह्माण्डमय प्रकृतिमा सृष्टिका आदिकालमा सत्वगुण बहुल सत्ययुग आउँछ त्यसपछि क्रमशः रजोगुण र तमोगुणको बाहुल्यका तारतम्य अनुसार त्रेता द्वापर कलियुगहरू प्रस्फु-टित हुँदै जान्छन। यस किसिमको युगचक्र लाखौं पटक चक्कर खाइरहन्छ। ब्रह्माण्ड प्रकृतिको गति विधि पनि सुस्त सुस्त सत्व गुणको झुक्तान गर्दै रजोगुणतिर घुमदै फिर्दै आ-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

खिर तमो गुणका अञ्चलमा घुस्रन लाग्दछ, असबाट ब्रम्हाण्ड तमोमय हुनजान्छ, चलिरहेको कल्प प्रलयका अगाध उदरमा विलीन हुन्छ, यसैलाई भन्दछन् प्रलय, कल्पान्त सृष्टिको अवसान तथा ब्रम्हाण्ड प्रकृतिका एउटा चक्रावर्त गतिको समाप्ति ।

यस ब्रम्हाण्ड प्रकृतिका चक्रावर्त गतिका सिद्धान्त अनुसार यस कुराको अठोट गर्नु युक्तियुक्त हुन्छ, कुन कुराको भने–ब्रह्माण्ड प्रकृतिमा सबभन्दा पहिले सत्वगुण वहुल बिकाश हुने हुनाले प्रथमसृष्टि कालमा सृष्टि हुने मानवहरू परिपूर्ण सत्वगुणमय हुन्छन् । परन्तु दैवीजगत्मा भने यसको उल्टो अपरिपूर्ण तमोबहुल असुर सृष्टि हुन्छन्, किनभने ब्रह्माण्ड प्रकृतिको अर्थात् समष्टिसृष्टिको गति तलतिर जाने हुनाले त्यसको संचालन गर्ने तामसिक शक्ति भएका असुर पनि पहिले नै उत्पन्न हुन्छन्, त्यसपछि मात्र देवताहरू सृष्टि हुन्छन् । अर्थात् दैवी सृष्टिमा पहिले अपरिपूर्ण असुर उत्पन्न हुन्छन्, त्यस पछि देवताहरू उत्पन्न हुन्छन्, मानव सृष्टिमा पहिले परिपूर्ण मनुष्य उत्पन्न हुन्छन्, त्यस पछि क्रमशः अधिकार र कर्मको तारतम्य अनुसार सृष्टिको वेग उँधो उँधो घर्कँदै आउँदा अल्पज्ञान अल्पशक्ति भएका मानिस जन्मन थाल्दछन् ।

सब पदार्थका शक्तिहरू अचिन्तनीय छन्, हाम्रा चिन्तनीय ज्ञानद्वारा तिनीहरूको स्वरूप थाह हुन शकदैन, किन्तु अचिन्तनीय ज्ञानद्वारा मात्र पत्ता पाउन शकिन्छ । हाम्रा चिन्तनीय युक्ति तर्कहरू त्यस ठाउँमा मौन सिवाय अरूकाम

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

क्यै गर्न शक्दैनन् । शास्त्रतिर नजर दिंदा सब पदार्थका शक्तिहरू अचिन्त्य ज्ञानगोचर हुनाले सृष्टि रचना आदिशक्तिका अधिष्ठाता ब्रह्मको स्वाभाविक काम हो, भन्ने सिद्धान्त पाइन्छ ।

हुनत कति ईश्वरले आफ्नु विभूति दर्शाउन सृष्टि गरेको भन्दछन् । कोही सपना देखे जस्तो हो, वास्तव केही होइन, हो, के त भने मायाको विकाश मात्र हो, भन्दछन् । ईश्वरको इच्छा मात्र हो, भनि कुनै भन्दछन् । कोही कालबाट भएको भन्दछन्, भोगका निमित्त सृष्टि हुन्छ भनेर कति भन्दछन् । क्रीडाका निमित्त जगत् रचना गरेको भनेर भन्ने पनि छन्, तर ती सारा पक्षहरू विचार शीलका समक्षमा चिरकालतक अड्दैनन्, वास्तवमा हो, के त भने सृष्टि गर्नु ब्रह्मको एक स्वभाव हो । जस्तै माकुराको जालबुन्ने स्वभाव हो, पृथ्वीमा पात उम्रने स्वभाव हो, मानिसका जीउमा नङ केश पलाउने स्वभाव हो; त्यस्तै सच्चिदानन्द विज्ञानकन्द ब्रह्मदेवको पनि सृष्टि गराउने स्वभाव हो, प्रकृति हो । त्यो स्वभाव आगाको तातो, पानीको चीसो पना जस्तो हो ।

त्यस व्यापक ब्रह्मसत्ताको अभाव भएको देश काल कुनै छैन, अतएव उनकी शक्ति स्वरूपिणी प्रकृति अथवा महामायाको पनि सत्ता सर्वत्र छ । प्रकृति त्रिगुणमयी हुनाले र ज्ञान सत्तारूपी ब्रह्म व्यापक हुनाले जड प्रकृतिमा चेतनद्वारा स्पन्दन हमेशा भइरहनु पनि स्वभाव सिद्ध कुरा हो, यसै उसले चैतन्य सत्ताका आश्रयमा स्पन्दन धर्मिणी प्रकृतिमा स्वभाविक

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

स्पन्दन अनुसार अनन्त सृष्टि धारा प्रवाहित हुनु पनि स्वभाविकै हो, त्यसमा पनि ब्रह्म निमित्तमात्र हो, सृष्टिका निमित्त बस्तुको आफ्नो आफ्नो प्रकृति नै मूल महाप्रकृतिद्वारा प्रेरित भएर सृष्टिको काम गर्छ।

पहिला स्तरमा ब्रह्म र उनको शक्ति छन द्वितीय स्तरमा अनन्त ब्रह्माण्डहरू छन, तृतीय स्तरमा प्रत्येक ब्रह्माण्डका सृष्टिकर्ता ब्रह्मा छन्। यिनी ब्रह्मा आफ्नो परिमाण अनुसार सयवर्षसम्म बाच्तछन्। त्यै सय वर्षको आयुष्यलाई पर पनि भन्दछन, त्यसको आधालाई परार्ध भन्दछन। कालको परिमाण राम्ररी बुझे पछि ब्रह्माको आयुष्य बुझ्न शकिन्छ। तसर्थ सो देखाइन्छ। १५ निमेषको १ काष्ठा हुन्छ। ३० काष्ठाको १ कला हुन्छ। ३० कलाको १ मुहूर्त हुन्छ। ३० मुहूर्तको १ अहोरात्र। ३० अहोरात्रको एक महिना या दुइ पक्ष। ६ महिनाको एक अयन हुन्छ। अयन दुइओटा हुन्छन्। दक्षिणायन र उत्तरायण ती दुइ अयनको १ वर्ष हुन्छ। त्यस मानिसको एक वर्षमा देवताको १ अहोरात्र हुन्छ। दक्षिणायन रात हो, उत्तरायण दिन हो। यस किसिमको दिव्य वर्षको परिमाण मिलाउनू। दिव्य बाह्र हजार बर्षको मानवीय चतुर्युग हुन्छ। दिव्य ४ हजार वर्षको सत्ययुग। दिव्य ३ हजार वर्षको त्रेतायुग। दिव्य २ हजार वर्षको द्वापर युग। दिव्य १ हजार वर्षको कलियुग हुन्छ। अनि सत्ययुगको पूर्व सन्ध्या ४ सय दिव्य बर्ष। उत्तर सन्ध्या पनि दिव्य ४ सय वर्ष। त्यस्तै त्रेताको पूर्व संन्ध्या ३ सय दिव्य वर्ष, उत्तर संन्ध्या ३ सय दिव्य वर्ष। द्वापरको पूर्व सन्ध्या दिव्य २ सय वर्ष। उत्तर सन्ध्या दिव्य २ सय वर्ष

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

कलिको पूर्व सन्ध्या दिव्य . सय वर्ष। उत्तर सन्ध्या दिव्य १ सय वर्ष । तदनुसार जोडदा ४+३+२+१=१० हजार वर्ष भयो। यसमा युग सन्ध्य परिमाण ४+४+३+३+२+२+१+१= २० सय वर्ष भयो, अर्थात् दुइ हजार भयो । त्यो समेत जोडदा १२ हजार भयो। यसै दिव्य १२ हजार वर्षमा सत्य त्रेता द्वापर कलि यी चार युग शाकन्छन्। यस चार युगको १ आवृत्तिलाई १ चतुयु ग भन्दछन् । १ हजार चतुयु गको १ ब्राह्म दिन हुन्छ। ब्रह्माका यस दिन भरमा नै १४ मनुका भुक्तान समय वित्दछ। तदनुसार हिसाव गर्दा १ मन्वन्तरका समय दिव्य ७१ युग र दिव्य ५ हजार १सय ३वर्ष हुन्छ। यसैलाई मन्वन्तर भन्दछन्। मन्वन्तरका परिवर्तन काल नै मनु र देवताहरूका आदिकाल हो। यस गणना अनुसार एक मन्वन्तरमा ८५२००० आठ लाख बाउन्न हजार दिव्य वर्ष हुन्छन् मानवी गणना अनुसार ३०६७२०००० तीस करोड सतसट्ठीलाख बीस हजार वर्ष हुन्छन् । यस संख्यामा ५ हजार १ सय ३ दिव्य वर्ष अधिक संख्याको समावेश छैन। तसर्थ त्यो समेत जोड्दा ८५७१०३ आठलाख सताउन्न हजार एक सय तीन दिव्य वर्षको एक मन्वन्तर हुन्छ । ३०८५५७०८० तीस कड़ोर पचासीलाख सताउन्न हजार असी मानव वर्षको १ मन्वन्तर हुन्छ। चौध मन्वन्तरमा ब्रह्माजीको एक दिन हुने हुनाले ब्रह्माका एक दिनमा ३०८५५७०८०×१४=४४१९७९९१२० मानव वर्ष हुन्छन्। अर्थात् ब्रह्माका एक दिनमा मनुष्यका ४४१९७९९१२० वर्ष हुन्छ। यही ब्रह्माको एक दिनका अन्त्यमा नैमित्तिक प्रलय हुन्छ, त्यस प्रलयमा प्रलयाग्निले भूर्लोक भुवर्लोक स्वर्लोक यी

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

तिनै लोक दग्ध गराइदिन्छ, महर्लोकका निवासीहरू तातो बाफले आत्तिएर जनलोकमा जान्छन्। प्रलयाग्निले ड़हेर त्रैलोक्य अर्थात् भूर्लोक भुवर्लोक स्वर्लोक एकछत्त भएपछि तीनै लोकलाई खाएर अघाएका नारायणरूपी ब्रह्मा जनलोक निवासी योगीद्वारा स्तुति गरिंदै शेषका शय्यामा सुतदछन् जुन प्रमाण दिनको बताइयो त्यै प्रमाण रातको पनि हो। अर्थात् दिव्य २००० दुइ हजार युगको अथवा ८८३९८२४० आठ पद्म त्रियाशी करोड पंचानब्बे लाख अठानब्बे हजार दुइसय चालीस मानव वर्षको ब्रह्माको एक अहोरात्र हुन्छ ब्रह्माको एक अहोरात्र मानिसको एक कल्प हुन्छ, कल्पका आखिरमा फेरि ब्रह्माजीले सृष्टि गर्छन एककल्परूपी दिनका हिसाबले सयवर्ष ब्रह्माको परमायु हुन्छ। ब्रह्माजीको यसै परमायुलाई पर पनि भन्दछन्। तसर्थ पहिला ५० वर्षलाई प्रथम परार्ध र दोस्रा ५० वर्षलाई द्वितीय परार्ध पनि भन्द-छन्। ब्रह्माजीको प्रथम परार्धका आदिमा अर्थात् सृष्टिका प्रथम बिकाशका समयमा ब्राह्म भन्ने कल्प भयो, अनि त्यसै परार्धका आखिरमा पाद्म नाउको महाकल्प भएको थियो यो जुन चाहीं अचेल चलिरहेको छ त्यो ब्रह्माजीका द्वितीय परार्धको पहिला कल्प हो। यस कल्पलाई वाराह कल्प भन्द-छन्। श्वेतवाराह कल्प भन्ने पनि यसैको नाउँ हो। संकल्प पढदा "श्वेतवाराह्र कल्पे" भन्ने प्रथा चलिरहेकै छ।

कल्पका आदिमा नारायण नामक ब्रह्माजीले सृष्टि गरेको प्रकार अब देखाइन्छ। अतीत कल्पका आखिरमा निद्राएर

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

ब्यूझेका महाप्रभु सत्वगुणी ब्रह्माजीले लोक शून्य देखनु भयो। एकछत्त भएका यस जगतमा पूर्वकल्पका आखिरमा डुबेकी पृथ्वी पानीभित्र होलिन, भन्ने अठोट गरेर ती डुबेकी पृथिवीलाई उतार्ने मनसुवा लिई जस्तै यो भन्दा पुराना कल्पमा मत्स्य कच्छप आदि रूप लिनुभएको थियो। त्यस्तै यस कल्पमा वेद यज्ञमय वराहको रूप लिएर खडा हुनुभयो वहाँलाई जनलोक निवासी सिद्धहरू स्तुति गर्न पनि लागे। वराहरूपी भगवान् भने पृथिवीका उद्धार गर्ने इच्छा लिएर जलभित्र पस्नु भयो पतालै सम्म पुगनु भयो। पृथिवीले, पनि देखिन् र स्तुति गरिन्। अनि दान्हामा पृथ्वीलाई राखेर एकार्णव जगतमा माथि उत्रन लागेका भगवानको जनलोक निवासी योगीहरू पुनः स्तुति गर्न लागे। अनि त्यस पृथिवीलाई त्यसै अपार जलमाथि समुद्रमा जहाज राखे झैं राखिदिनु भयो। नाउ जस्तै विस्तृत रूप बनाइदिनु भएकाले फेरि उत्तिखेरै डुबिहाल्ने डर भएन। अनि त्यस पृथ्वीमा मैदान बनाई पूर्व कल्पका अन्तमा डढेका र लडेका सब पर्वतहरू यथावत् गर्नु भयो। यसमा अमोघ प्रभावशाली भगवान्लाई कुनै कष्ट थिएन। जस्तोको तस्तो सात समुद्रले पृथ्वीको भाग अलग अलग पारेर भूवर्लोक स्वर्लोकका साथै भूर्लोकको समेत कल्पना गर्नु भयो। यति गर्दा गर्दै भगवान् ब्रह्मा रजोमूर्ति चतुर्मुखी ब्रह्माको रूपमा परिणत हुनुभयो। उनै नारायण चतुर्मुखी ब्रह्मा भएर सृष्टि गर्न थाल्नु भयो। सृष्टिका काममा चतुर्मुखी ब्रह्मा खाली निमित्त कारण मात्र हुनुहुन्छ। प्रधान कारण सृज्य वस्तुकै शक्ति हो।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

किन भने सूक्ष्म वस्तु आफ्नै शक्तिले स्थूल वस्तुको रूपमा परिणत हुन्छ तसर्थ स्रष्टा ब्रह्मदेव एक निमित्त कारण मात्र हुन्। वस्तुले निमित्त सिवाय अरु कुराको अपेक्षा गर्दैन।

सर्गका आदि कालमा देवता ऋषि पितृ दानव मनुष्य पशु पक्षी जलथल आकाशमा रहने प्राणीहरू जुन किसिम सँग सृष्टि हुन्छन् त्यो प्रकार तल देखाइन्छ ।

सृष्टिको रहस्य न बुझेर कति ऐतिहासिक विद्वानहरूले ब्रह्माण्ड र पिण्ड सृष्टिका बारेमा भ्रमपूर्ण कल्पना खूबै गरेका छन् । जस्तै आदि सृष्टि पूर्ण हुन्छ भन्ने कुरामा अनेक मत भेद छन्। कुनै कूनै त अवतारको रहस्यै नजानिकन पनि भगवान्‌को दश अवतार सृष्टका विकाश क्रमको रूपक हो भन्दछन जस्तै पहिले जगत् जलमय थियो तसर्थ त्यहाँ जल जन्तु माछाहरू उत्पन्न भए, त्यस वेला मानिसको त्यहाँ उत्पत्ति हुनै शक्दैनथ्यो । त्यस पछि अलि सृष्टि उन्नत भयो र जल थल दुवै ठाउँमा बसने कछुवाहरू उत्पन्न भए अनि जल शुकन थाल्यो कहीं वन जङ्गल पनि भयो । हिलो भयो सृष्टि पनि उन्नत भयो त्यहाँ पानीमा हिलोमा पौडने आहाल खेल्ने र वन जङ्गलमा चरने वनेलहरू उत्पन्न भए ।अनि पानी शुक्यो वन पनि पूरा भएर अवादी हुन पनि थाल्यो त्यसपछि अर्धमानुस प्राणी उत्पन्न भए। हुँदा हुँदै मानिस भए, छल कपट नभ्यो जङ्गली हिंस्रक स्वभावका मानिस भए अनि पछि मात्र सृष्टिका राम्रो विकाश भयो यहा रूपक भगवान्‌का अवतारको भन्दछन्। किन भने आदि-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

कालमा सृष्टि हुँदा मानवको पूर्ण सृष्टि भएको होइन। किन्तु माछा आदि जल–जन्तुका क्रमले सृष्टिको विकास भएको हो भन्दछन्। नैहारिक सिद्धान्तको अनुसार कन्ट आदि पाश्चात्य दार्शनिक पण्डितहरू के भन्दछन भने पहिले सूर्य, चन्द्र, तारा केही पनि थिएनन्, जगत्‌मा खालि कुहिरो या नीहार मात्र थियो। पछि त्यही नीहार कुनै गूढ कारण-द्वारा विभिन्न रूपमा परिणत भएर पृथ्वी, सूय, चन्द्र, इत्यादि जड़ सृष्टि भयो। अनिपछि प्राणीहरूको सृष्टि भयो। त्यसमा पनि सबभन्दा पछि मानिस उसमा पनि पहिला जङ्गली असभ्य र अनि सभ्य मानिस उत्पन्न भए। अतएव यसै सिद्धान्तको अनुकूल प्रस्तरयुग, लोहयुग, ताम्रयुग रौप्ययुग, सुवर्णयुगको क्रमैले उत्थान भयो पनि भन्दछन्, यो कुरा बेग्लै ढङ्गले 'डार्बिन साहेबले पनि भनेका छन्। जसमा सृष्टिको क्रम वृक्ष पक्षी पशु आदि योनिद्वारा क्रमशः सुध्रिँदै जान्छ र वानरसम्म पुगेपछि त्यसको समेत विकास हुँदा मनुष्यको उत्पत्ति हुन्छ भन्ने सिद्धान्त छ। परन्तु डार्बिन साहेबले प्राणीको विकास आर्यशास्त्रीय पुराणको रीतअनुसार लेखे, त्यसमा जीवात्मा सूक्ष्म छन, यिनीहरू स्थूल शरीरभन्दा भिन्न छन्। जीवात्मा एक एक स्थूल शरीर छाड्दै क्रमशः उन्नत हुँदै उन्नत स्थूल शरीरमा जन्म लिन्छ भन्न सकेनन। त्यसो भनेका भए त्यो कुरा पुराणकै हुने थियो। तसर्थ आफ्नो मतमा विभिन्नता देखा-उनलाई हो या आस्तिकवादको अपरिचित हुनाले हो, आर्य

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

हरूको आस्तिकतालाई मात्र छाडेर अरू आर्य-शास्त्रानुसार नै बताए। जुन कुराको क्रम माथि लेखिसकियो।

अब एक दृष्टिकोण आर्यशास्त्रतिर र अर्को दृष्टिकोण वैज्ञानिकहरूका भनाइतिर पनि दिएर तुलनात्मक विचार गर्ने हो र आर्यशास्त्रको गम्भीर तत्व विचार पनि गर्ने हो भने दुवै मतमा जीवात्मवादबाहेक अरू विकाशवादको सामञ्जस्य हुन सक्छ, अवतारहरू सृष्टि-विकासका रूपक हुन् भन्ने कल्पनाचाहिं सत्य हुन सक्दैन, किनभने अण्डजका क्रमले सृष्टिको विकास भएको होइन। किन्तु स्थावर वृक्षकाक्रमले सृष्टि विकास भएको हो। व्यष्टि सृष्टिमा प्रथम योनि स्थावरयोनि हो। भगवानका अवतार सृष्टिका निंति भएका होइनन्, किन्तु सृष्टिको रक्षाका निंति भएका हुन्। यसैले भगवान्का अवतार-रहस्यको मिलन सृष्टि-विकाससित मिलाएर अवतार-रहस्य बिगार्ने चेष्टा गर्नु अकाण्डताण्डव मात्र हो। शास्त्रमा सृष्टिको गतिबिधि चक्र घुमे जस्तो छ, भन्ने. कुरा भनिसकियो। अतएव चक्रको आधा हिस्सा तलतिर र आधा हिस्सा मास्तिर जाइरहन्छ। त्यस्तै सृष्टिचक्रको पनि दुइ भाग छ, एक व्यष्टिसृष्टि अथवा पिण्डसृष्टि या व्यक्ति सृष्टि, अर्को समष्टिसृष्टि अथवा ब्रह्माण्ड सृष्टि या सामूहिक सृष्टि। त्यसमा व्यष्टि-सृष्टि तमोगुणबाट सत्वगुणतिर चढ्दै जान्छ। समष्टिसृष्टि सत्वगुणबाट तमोगुणतिर ओर्लंदै जान्छ। समष्टि र व्यष्टि सृष्टिको प्रवाहमध्ये आर्यजातीय महर्षिहरूलाई दुवै प्रवाहको आस्तिकतापूर्णज्ञान थियो, परन्तु पश्चिमी पण्डितहरूलाई आस्तिकता-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

रहित व्यष्टिसृष्टिको मात्र कतिपय अंशमा अलिअलि ज्ञान रहेछ। किनभने पुराणहरूमा पिंडसृष्टि या व्यष्टिसृष्टिमा जीवहरूको सृष्टिप्रवाह उद्भिज्ज अर्थात वनस्पतिदेखि लिएर स्वेदज अण्डज औ जरायुजतक पुग्दछ भनेको छ। समुद्रका तरङ्गैपिच्छे सूर्यको प्रतिबिम्ब परे जस्तो प्रकृतिमाताका त्रिगुण तरङ्गमा परमात्मा-रूपी सूर्यका प्रतिबिम्बरूपी जीवहरूको सृष्टि स्वाभाविक छ, बराबर भइरहन्छ पनि। यी जीवहरूको गतिविधि तमोगुण-बाट आविर्भाव भएर सत्वगुणतिर सर्कदै जान्छ। अतएव ८४ लाख योनिका गणनामा सर्वप्रथम २० लाख उद्भिज्ज योनि गनेको छ। अरू योनिको पनि संख्या यो हो, जलजन्तु ९ लाख, कीरा फटेङ्ग्रा ११ लाख, चराचुरुङ्गी १० लाख, पशु ३० लाख, ४० लाख वानर, त्यसपछि जङ्गली अनार्य-जातिका मानिस २ लाख। अनिपछि मात्र सभ्य मानिस भएर जीव उत्पन्न हुन्छ। मनुष्ययोनि स्वातन्त्र्यको केन्द्र हो। तसर्थ स्वतन्त्रताको दुरुपयोग गरेर अप्राकृत कर्महरू गर्न लाग्यो भने यमयातना भोगेर फेरि त्यस अप्राकृत कर्म (पापकर्म)-कारी जीवलाई कर्मअनुसार उद्भिज्ज आदि पछिल्तिरकै योनिमा फर्कनुपर्छ। मनुष्ययोनिमा पनि प्रकृतिका नियम-अनुसार कर्म गर्दै गयो भने त्यस जीवको ज्ञान विकास हुन्छ, विकास सामग्रीअनुसार जीवको उन्नति अभ्युदय पनि तारतम्यको हुन्छ। जस्तै कर्मअनुसार मनुष्यलोकवासी मनुष्य, भुवर्लोकमा मात्र चढे अलिकति विकास भयो, स्वर्गलोकमा चढेछ भने अलि केही विकास भएछ। त्यस्तै महर्लोक जनलोक तपोलोक सत्यलोकमा जति जति माथि चढ्दै जान्छ

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

उति उति जीवको विकास हुँदै गएको हुन्छ।

जीवको यस विकास-क्रममा पशुयोनि र मनुष्ययोनिको मध्यमयोनि गोयोनि हो भनेर कोही भन्दछन, सिंहयोनि हो भन्ने पनि कति छन, वानरयोनि हो भन्ने धेरैको मत छ। यसरी उद्भिज्जदेखि विकास हुँदै आएको जीव मनुष्य-योनिमा आउने वेलामा वानरयोनि भुक्तान गरेर मात्र आउँछ भन्ने यो शास्त्रीय नियम छ। उन्नति र विकासको धारा सरासर चल्न पाएका खण्डमा जीव ब्रह्मलोकमा सम्म पुग्छ, त्यसपछि मायाका अधिष्ठाता उनै परब्रह्म परमात्मा सर्व शक्तिमान विज्ञानकन्द सच्चिदानन्दमा लवलीन हुन्छ।

व्यष्टिसृष्टिको यस धाराको कुरा अनात्मवादी वैज्ञानिक-हरूले थोडा बहुत जानेको र जान्न कोसिस पनि गरेको छ। आत्मवादको संमिश्रण हुने हो भने शनैः शनैः पुराणप्रोक्त व्यष्टिसृष्टिसित वैज्ञानिक विकासवादको सामञ्जस्य राम्ररी नै हुने थियो। मनुष्ययोनि र पशुयोनिमा वानरयोनि मध्य केन्द्र हो भन्ने कुरामा भने पुराणसिद्धान्त र विज्ञानसिद्धान्त मिल्दोजुल्दो नै छ।

श्रीमान कैण्ट साहेबको नीहारिका सिद्धान्त पनि कुनै नूतन होइन, किनभने पुराणमा सृष्टिका आदि समयमा ब्रह्माजीले अकर्तव्य गर्दा लाज मानेर त्यस शरीरलाई त्याग गरे र त्यही शरीर नीहाररूपमा परिणत भई अन्धकारका रूपमा दिशा विदिशामा फैलियो भन्ने उल्लेख पाइन्छ, उसैले त्यो सिद्धान्त पौराणिक एउटा कुनै विषयका आधार मानि-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

कन आफ्नो विचारसमेत मिलापको हो।

सृष्टि-विचारका प्रसङ्गमा आएका विचारहरू देखाइ-सकिए। अब वेद पुराणको विचारअनुसारको सृष्टि-प्रक्रिया देखाइन्छ। पूर्वकल्पमा जसरी सृष्टि भयो यस कल्पमा पनि ब्रह्माजीले उसै गरी सृष्टि गर्दछन् भन्ने वेदको वाक्य छ। हुनत अलि अलि हिस्ट्री जोग्राफी पढेका यसै देशका प्रतिष्ठितंमन्य पण्डितहरू पनि पूर्वकल्पअनुसार सृष्टि हुन्छ भन्ने वेदवाक्यलाई हँस्सी उडाउँछन्, पूर्वकल्पमा रानीपोखरी र त्यसका पूर्वपट्टि घंटाघर थियो। हिजो आजको कल्पमा पनि छ, अब भन्नुहोस् पण्डितजी, पूर्वकल्पअनुसार कहाँ कस्तो घर बन्छ, कहाँ कस्तो रूख उम्रन्छ भन्दछन्। परन्तु त्यस्ता आपाततः प्रतीयमान अर्थ मात्र विचार गर्ने सिद्धान्तको गहन तत्वका अनधिकारीहरू जतिसुकै बर्बराउन् त्यस्ताको बर्बराइमा केही मूल्य छैन, दम छैन। अनभिज्ञका अगाडि विद्वान् बनून्, विचारशीलका अगाडि आफ्नो जो कुछ भएको गुर्दा देखाऊन् बसून्। तर सर्वथा आफूलाई सर्वज्ञ न संझून्। वेद पुराणबाट विश्वको जो सच्चा स्वरूप पत्ता लाग्छ त्यो कसै गरेर पनि हिष्ट्री जाग्राफीबाट लाग्न सक्दैन। हाँ, मामूली १ शताब्दी २ शताब्दीका कुरा आधा साँचा आधा झूटा थाहा पाउन सकिन्छ। अस्तु, ४–६ शताब्दीको साँचा जस्ताको तस्तै इतिहास पाइयास्, परन्तु त्यसबाट त्यसैका भरोसा विश्वको महान् इतिहास लेख्न खोजनेहरूको साहसलाई के भनौं, भन्न सुहाउने शब्दै छैन।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

विश्वकी जननी प्रकृतिदेवी विज्ञानकन्द सच्चिदानन्दकै कामनानुसार उत्पन्न भएकी हुन् । भिन्न भिन्न स्वरूपकी छन् । ती प्रकृतिलाई माया भन्दछन् । उनका प्रेरक परब्रह्म-लाई मायी भन्दछन् । तिनै प्रकृतिलाई शक्ति पनि भन्दछन् । परब्रह्मलाई शक्तिमान् पनि भन्दछन् । उनै शक्ति र शक्तिमान् माया र मायीबाट उत्पन्न भएका असंख्य प्राणीहरूले यो विश्व ठसाठस भरिएका छ । उनैबाट पृथिवी जल तेज वायु आकाश र कर्मेन्द्रिय ज्ञानेन्द्रिय अन्तःकरण पञ्चप्राण उत्पन्न भए । स्थावर जङ्गम पशु पक्षी मानिसहरू र देवता दानवहरू पनि उनैबाट उत्पन्न भए । पृथिव्यादि महाभूतदेखि महातत्व सम्म र, ब्रह्मा ब्राह्मणदेखि तृण स्तम्ब पर्यन्त सारा प्राणी कसरी कुन आधारमा ब्रह्माण्ड सृष्टि हुँदा सृष्टि हुन्छन् भन्ने कुरामा वेदले लेखेका छ । पूर्व कल्पमा जस्तो हुन्थ्यो, यस कल्पमा पनि उस्तै किसिमसँग ब्रह्माजीले सृष्टि गर्छन् ।

ब्रह्माण्ड सृष्टिको महान् विषय पछि अरू कुनै अध्यायमा लेखिने छ । यहाँ खालि प्राजापत्य स्वर्गमा बसेर चतुर्मुखी ब्रह्माले गरेको भूर्लोक भुवर्लोक स्वर्लोक यी तीनओटा लोकको मात्र सृष्टि लेखिन्छ जसलाई त्रिलोकी भन्दछन् । द्युलोक (स्वर्लोक) अन्तरिक्षलोक पृथिवीलोक पनि भन्द-छन् । जसको पूरा आयु पनि माथि लेखेर आयौं । प्राजा-पत्य-स्वर्गमा बसेर प्रजापतिले सृष्टि गर्दा पूर्वकल्पकै अनुसार द्युलोक अन्तरिक्षलोक र पृथिवीलोक पनि सृष्टि गर्दछन् ।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

यसमा महाभूतादि सर्ग हुन्छन् । अरू स्थावर जङ्गम प्राणीहरू पनि पूर्वकल्पको प्रलय हुँदा जुन अवस्थामा जुन जुन कर्म वासनाका साथ प्रलीन भएका थिए, ती सबै यस कल्पका आदिमा तीनै कर्मवेगअनुसार ठीक ठीक उसै योनिमा उत्पन्न हुन्छन् । जुन प्राणीहरू पूर्वकल्पमा विलीन हुँदा मानिसै हुने वासनाका थिए, ती यस कल्पमा पनि मानिस हुन्छन् । जो देवता थिए ती देवतै हुन्छन्, जो त पशु थिए ती पशु नै हुन्छन् । पुण्यभोगी लोकका बासिन्दा पुण्यलोकमै बस्ने भएर जन्मन्छन्, अधोलोकका बासिन्दा अधोलोककै बासिन्दा हुन्छन् । आफ्नू पूर्ववासनाअनुसारै यस कल्पमा जन्म पाउँ छन्, अतएव "धाता यथापूर्वमकल्पयत्" यस वेद्वाक्यका यथापूर्व पदको अर्थ पूर्ववासनाअनुसार भन्ने अर्थ हो । न कि रानीपोखरी भएको ठाउँमा रानीपोखरी र घण्टाघर भएको ठाउँमा घण्टाघर थियो । छ, पछिका कल्पमा पनि हुनेछ, भन्ने यस्तो अर्थ हो । यस्तो अर्थ नबुझ्ने अण्डवण्ड बोलेर या लेखेर अबोध जनतालाई बिगार्ने भ्रान्त अधकल्चा अपरिपक्क विदेशी वातावरणका लहैलहैमा लागेका हिष्ट्री जोग्राफी र अधूरा वैज्ञानिकका इशारामा नाच्दै उफ्रँदै आफ्नो अगाध सरल सत्य साहित्यको अपमान गर्ने देशका अभ्युदयका र निःश्रेयसका घातक सज्जनहरूलाई टाढैबाट नमस्कार !

ब्रह्माजीका दिनमा सृष्टि र रातमा प्रलय हुन्छ भनेर लेखिसकियो । सृष्टिकाल अर्थात् ब्रह्माजीका दिनमा अर्थात् सृष्टि-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

कल्पमा माहेन्द्र स्वर्गका अधिष्ठाता इन्द्र १४ ओटा बदलिन्छन् । त्यस्तै मानव जगत्का अधिष्ठाता मनु १४ ओटा नै हुन्छन् । अन्तरीक्षमा ज्ञानजगत्का संचालक सप्तर्षिगण पनि १४ थरीकै हुन्छन् ।

सबभन्दा पहिला मनु स्वायंभुव हुन् । यस वेला माहेन्द्र स्वर्गका अधिष्ठाता इन्द्र यज्ञ हुन् । अन्तरिक्ष जगत्का ज्ञानको बागडोर सह्माल्ने सप्तर्षिहरू मरीचि अङ्गिरा अत्रि पुलस्त्य पुलह क्रतु वसिष्ठ यी सातओटा महर्षि थिए । मानव जगत्का सञ्चालक राजा साक्षात् स्वायंभुव मनुकै सुपुत्र प्रियव्रत र उत्तानपाद दुइ जना थिए, यज्ञदेवबाट दक्षिणादेवीमा जन्मेका बाह्रओटा याम भन्ने नाउँले प्रसिद्ध भएका देवतावर्ग त्य-सवेला स्वर्गमा देवता थिए ।

दोस्रा मनु स्वारोचिष नाउँका भएका थिए । इन्द्र विप-श्चिद्, नाउँका थिए । पारावत तुषित आदिदेवगण थिए । ऊर्ज, स्तम्भ, प्राण, वात, वृषभ, निरय, पारिवान्, यी सातओटा सप्तर्षि थिए । चैत्र, किंपुरुष आदि मनुपुत्र थिए । यस भूमिमा सम्राट् भएका थिए ।

तेस्रो मनुको नाम उत्तम हो, त्यसवेला सुशान्ति नाउँका इन्द्र थिए । सुधाम, सत्य, जप, प्रतर्दन औ वशवर्ती यी पाँच थरी; एक थरीमा १२, १२ओटाको वथान् भएका देवता थिए । वसिष्ठजीका ७ओटा छोरा रज, गोत्र, ऊर्ध्वबाहु, सवन, अनघ, सुतप, शुक्र यी सप्तर्षि थिए । मनुका आज्ञाकारी परशु, दीप्त आदि मनुका पुत्र थिए ।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

चौथा मनु तामस नामका भएका थिए। तिनका पाला शिबि स्वर्गका इन्द्र थिए, सत्ताईस सत्ताईस ओटाको १ वथान भएका सुपार, हरि, सत्य, सुधी, नाउँका देववर्ग थिए। ज्योतिर्धामा, पृथु, काव्य, चैत्र अग्नि, वनक, पीवर, यी ७ सप्तर्षि थिए। नर, ख्याति, केतुरूप जानुजङ्घ, आदि मनुराज्यका उत्तराधिकारी पुत्र थिए।

पञ्चम मनुको नाउँ रैवत हो। त्यसवेलाका इन्द्रको नाउँ विभु हो। १-१वर्गमा १४।१४ देवता भएका अमिताभ, भूतरय, वैकुण्ठ, सुमेधा, नाउँका ४ थरी चौता थिए। हिरण्यरोमा, वेदश्री, ऊर्ध्वबाहु, वेदवाहु, सुबाहु, पर्जन्य, महामुनि, यी सातोटा सप्तर्षि थिए। बलबन्धु, संभाव्य, सत्यक, आदि मनुका उत्तराधिकारी राजपुत्र थिए।

स्वारोचिष उत्तम तामस रैवत यी चारओटा मनु राजर्षि प्रियव्रत महाराजका वंशका नै राजा हुन्। प्रियव्रतका पुण्य तपस्याबाट प्रसन्न भएका विष्णु भगवान्ले प्रियव्रतकै संतानमा चारोटा मन्वन्तरका स्वामी मनुहरू उत्पन्न गराइदिनुभएका हो।

छैटा मनुको नाउँ चाक्षुष हो, त्यस पाला मनोजव नाउँ भएका इन्द्र थिए। ८।८ ओटाका वर्ग भएका आप्य, प्रसूत, भव्य, पृथुक लेख भन्ने पाँच किसिमका देवता थिए। सुमेधा, विरजा, हविष्मान्, उत्तम, मधु, अतिनाम, सहिष्णु, यी सातओटा सप्तर्षि थिए। ऊरु, पूरु, शतद्युम्न आदि चाक्षुष मनुका पुत्रहरू उत्तराधिकारी राजाहरू थिए।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

अचेल चलेको मन्वन्तर वैवस्वत मन्वन्तर हो। यिनी सातौं मनु हुन्। यिनी सूर्यका छोरा हुन्, यिनको नाउँ वैवस्वत हो। हिजोआजका देवताहरू आदित्य वसु रुद्र साध्य विश्व मरुत् अश्विनीकुमार इत्यादि छन्। आदित्य १२ छन्, वसु ८ छन्, रुद्र ११ ओटा, साध्य १२ ओटा, विश्व १३ ओटा, मरुत् ७ ओटा, अश्विनीकुमार २ ओटा छन्। पहिला तीनओटा वर्गमा अग्नि र प्रजापति-समेत मिलाएर जम्मा तेत्तीस थरी देवता छन्, भन्ने वैदिक सिद्धान्त छ। यिनैका भेदप्रभेदबाट तेत्तीस कोटि देवता मानेका छन्। देवताका राजा पुरन्दर नाउका इन्द्र हुन्। वसिष्ठ कश्यप, अत्रि, जमदग्नि, गौतम, विश्वामित्र, भरद्वाज, यिनीहरू सप्तर्षि छन्। इक्ष्वाकु, नग, धृष्ट, शर्याति, नरिष्यन्त, नाभाग, अरिष्ट, करूष, पृषध्र, नाउ का नौओटा मनुका छोरा थिए। यिनैलाई यिनका वंशलाई यसलोकको रेखदेख र पालन-पोषण गर्ने अधिकार मनुले दिएका छन्। यिनीहरूले आफ्नो अधिकार रक्षा गर्न नसकेका खण्डमा अरूहरूको आधिपत्य हुन्छ। संसारमा यिनीहरूको आधिपत्य प्राकृत हो। आदिकालदेखि नै चलेको हो।

संसारको शुभस्थिति विष्णुको सत्वमया शक्तिका आधारमा छ। अर्थात् सत्वमयी विष्णुमाया देवी नै विश्वस्थितिकी अधिष्ठात्री देवी हुन्। प्रत्येक मन्वन्तरमा एक न एक रूपमा विश्वस्थिति सुचारु पार्न विष्णुशक्तिको प्रादुर्भाव हुन्छ। स्वायंभुव मनुका पालामा विश्वको स्थिति मिलाउन विष्णुशक्तिका अंशबाट आकूतिका गर्भदेखि जन्मेर यज्ञपुरुष भगवान्

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

मानसदेव भन्ने नाउँले प्रसिद्ध हुनुभएको थियो ।

स्वारोचिष मनुका पाला उनै मानसदेव श्रीअजित तुषितदेव नामद्वारा प्रसिद्ध हुनुहुन्थ्यो । तुषित देवगणका साथ तुषितादेवीका गर्भबाट पैदा हुनुभएको थियो ।

उनै तुषितदेव उत्तम मनुका पाला सत्यगणदेवताका साथ सत्यादेवीका कोखबाट जन्मनुभयो । त्यसवेला उहाँको नाउँ सत्य भन्ने प्रसिद्ध थियो ।

तामस मन्वन्तरमा उनै भगवान् हरिनामक देवगणका साथै हर्यादेवीमा जन्मेर हरिनाउँले प्रसिद्ध हुनुभयो ।

अनि रैवत मन्वन्तरमा तत्कालीन रैवत देवगणका साथ संभूति देवीका कोखबाट पैदा हुनुभयो, उनै हरि यस पाला मानस नाउँबाट प्रख्यात हुनु भयो ।

अब छैटौं मनु चाक्षुषका पाला उनै मानस देव वैकुण्ठनामक देवताहरूका साथ विकुण्ठा देवीका गर्भबाट जन्मनु भयो, तसर्थ उहाँको नाउँ समेत वैकुण्ठ भन्ने रह्यो । यति कुरा बितेका मन्वन्तरका हो ।

यस वर्तमान मन्वन्तरमा अर्थात् वैवस्वत मनुका पालामा भगवान् कश्यपजीद्वारा अदितिका कोखबाट आदित्यादि देवगणका साथ वामनरूपमा उत्पन्न हुनुभयो । नाउँ पनि वामन भन्ने नै रह्यो । जुन भगवान वामनजीले तीनै पाइलामा यो तीनै भुवनको साम्राज्य असुरबाट आफ्ना कब्जामा गराई निष्कण्टक बनाई पुरन्दर नामक एतत्कालीन

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

इन्द्रलाई दिनुभएको थियो ।

हालका वैवस्वत मनु हुन् भन्ने लेखिसक्यौं, अब यिनका शेषपछि सावर्णि मनुको पालो आउँछ । यी सावर्णि मनु पहिले स्वारोचिष मनुका पाला चैत्रवंशमा पैदा भएका सुरथ नाउँका राजा थिए । शत्रुका कब्जामा परेको राज-काज छोडछाड गरेर भागी जङ्गलमा पुगेर सुमेधा ऋषिका सदुपदेशद्वारा श्रीभगवती महाशक्तिको आराधना गरेर उनैका कृपाद्वारा त्यस जन्मका राज्य र भविष्यका मन्वन्तरपद पनि वर प्रदानमा पाएका थिए । उनै सुरथ सूर्यका छोरा भएर सावर्णि नाउँले कहलिएर आठौं मनु हुनेछन् । यी सावर्णिका पाला सुतप, अमिताभ, मुख्य, नाउँका देवता हुने छन् । एक एकमा बीसबीस आटा देवताको वर्ग रहनेछ । त्यस वेला दीप्तिमान्, गालव, राम, कृप, अश्वत्थामा, व्यास, (द्वैपायन) ऋष्यश्रृङ्ग, यी सप्तर्षि हुनेछन् । हाल त्रैलोक्य बामनलाई दान गरेर पातालमा बसेका उनै विरोचनका छोरा बलि भगवान्का कृपाले इन्द्र हुनेछन् । विरजा उर्वरीवान् निर्मोक आदि तत्कालीन मनुपुत्र हुनेछन् । तिनीहरू नै भूमण्डलका सम्राट् पनि हुनेछन् ।

नवम मनु दक्षसावर्णि हुनेछन् । एक एक गणमा १२।१२ ओटा देवता भएका पार मरीचिगर्भ सुधर्मा नाउँका तीन थरीका देवता हुनेछन् । ती देवताका राजा इन्द्र अद्भुत नाउँका हुनेछन् । सवन, द्युतिमान, भव्य, वसु, मेधातिथि ज्योतिष्मान्, सत्य, नाउँका सप्तर्षि हुनेछन् । धृतकेतु दीप्ति-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

केतु पञ्चहस्त निरामय पृथुश्रवा आदि मनुपुत्र हुनेछन् । खिनीहरू नै मानवराज्यका उत्तराधिकारी ठहरिनेछन् ।

दशम मनु ब्रह्मसावर्णि हुनेछन् । सय सय देवता भएका सुधामा र विशुद्ध नाउँका २ थरी देवता हुनेछन । तिनी-हरूका राजा इन्द्र शान्ति भन्ने हुने छन् । हविष्मान् सुकृत सत्य तपोमूर्ति नाभाग अप्रतिमौजा, सत्यकेतु भन्ने सात-ओटा ऋषिहरू त्यस वेलाका सप्तर्षि हुनेछन । सुक्षेत्र उत्तमौजा भूरिषेण आदि दशओटा मनुपुत्र पृथिवीको रक्षा गर्ने काममा नियुक्त हुनेछन् ।

एघारौं मनुको नाउँ धर्मसावर्णि भन्ने हुनेछ । एक २ गणमा तीस तीस देवता भएका विहङ्गम, कामगम, निर्वाण-रति, नाउँका प्रमुख देवगण हुनेछन् । ती देवताहरूका राजा इन्द्र वृष भन्ने हुनेछन् । निःस्वर अग्नितेजा, वपुष्मान, घृणि आरुणि हविष्मान अनघ नाउँ भएका सप्तर्षि हुनेछन् । ती धर्मसावर्णिका छोरा अर्थात् मनुपुत्र मानव राज्यकारी सर्वत्रग, सुधर्मा, देवनीक आदि नाउँ भएका हुनेछन् ।

त्यसपछि बाह्रौं मनु रुद्रसावर्णि नाउँका हुनेछन । तिनका पाला ऋतुधामा भन्ने स्वर्गका राजा इन्द्र हुनेछन् । हरित रोहित सुमनस सुकर्म सुराप नाउँ भएका एक एकमा १०।१० देवता भएका पाँच थरी देवता हुनेछन् । तपस्वी, सुतपा, तपोमूर्ति, तपोरति, तपोधृति, तपोद्युति, तपोधन, नाउँ भएका सप्तर्षि हुनेछन् । देववान्, उपदेव, देवश्रेष्ठ, आदि मनुपुत्र तत्कालीन साम्राट् हुनेछन् ।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

तेह्रौं मनु रुचिनामक हुनेछन । ती रुचि मनुका पालामा एक वथानमा ३३।३३। देवता भएका सुत्रामा, सुकर्मा, सुधर्मा, नाउँका तीन थरी देवता प्रमुख हुनेछन। दिवस्पति भन्ने स्वर्गका इन्द्र हुनेछन । निर्मोह तत्वदर्शी निष्प्रकम्प निरुत्सुक धृतिमान् अव्यय सुतपा भन्ने सप्तर्षि हुनेछन् । चित्रसेन विचित्र आदि मनुपुत्रहरू त्यस वेला मानवराज्यका अधिकारी हुनेछन ।

चौधौं मनुको नाउँ भौम हो । भौमका पाला स्वर्गेन्द्र शुचि नाउँले प्रसिद्ध होलान् । चाक्षुष, पवित्र, कनिष्ठ, भ्राजिक, वाचावृद्ध, नाउँका पाँच देवगण हुनेछन् । अग्निबाहु, शुचि, शुक्र मगध, अग्निध्र, युक्त, जित, भन्ने सप्तर्षि हुनेछन् । ऊरु, गम्भीरबुद्धि आदि मनुपुत्र पृथिवीको पालन गर्ने सुयोग्य शासक सम्राट् हुनेछन् ।

प्रत्येक चतुर्युगका अन्त्यमा वेदहरूको लोप हुनेछ, लोप भएका वेदहरूको उद्धार गर्न त्यस वेलाकै सप्तर्षिहरू भूलोकमा अवतार लिन्छन्। लोप भएका वेदहरूको उद्धार गर्छन् । प्रत्येक चतुर्युगीका आरम्भमा अर्थात् हरएक सत्ययुगको प्रारम्भमा स्मृतिशास्त्र निर्माण गर्न मनुको अवतार हुन्छ। जुन मन्वन्तरमा जो देवता छन् , त्यस मन्वन्तरभरमा तिनै देवताहरू यज्ञभोजी हुन्छन् । उनै मनुपुत्रहरू भूमण्डलका राजा हुन्छन् । मनु इन्द्र देवता सप्तर्षि राजाहरूको आफ्ना पालामा सिवाय अर्काका पालामा भोग हुँदैन। अर्थात् मन्वन्तरपिच्छे सबै फेरिन्छन् । यसरी चौध मन्वन्तर फेरिंदा

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

१००० दिव्य हजार युग बितिसक्छन्। त्यो दिव्य १००० सहस्रवर्ष १ कल्प हुन्छ। त्यही ब्रह्माजीको दिन हो। रात परेपछि ब्रह्मा आनन्दसाथ सुत्दछन। दिन र रातको प्रमाण समानै हुन्छ, अर्थात दिव्य १००० सहस्र युगमा जति समय थियो उति समय यस ब्रह्माजीको रात्रिमा पनि हुन्छ। रात्रा बितेपछि ब्यूँझेर फेरि सृष्टि गर्ने काम जस्तो पहिले थियो उस्तै नयाँ सृष्टिमा पनि हुन्छ। सृष्टि गर्दा भगवान् रजोमूर्ति हुनुहुन्छ, मनु राजा सप्तर्षि देवता इन्द्र यी सबै जगत्को स्थिति पालना गर्ने भगवान्का सात्विक अंश हुन्, अर्थात् जगत्को रक्षा सत्वगुणी भगवानबाट हुन्छ। सत्य त्रेता द्वापर कलि यी चारै युगमा स्थितिको मर्यादा पालन गर्नलाई पहिले सत्ययुगमा कपिल आदि ज्ञानीको रूपमा अवतार लिएर ज्ञानको विस्तार गर्नु हुन्छ। अनि त्रेतायुगमा चक्रवर्ती राजाको रूपमा अवतार लिएर दुष्टहरूको दमन गर्दै त्रैलोक्यको रक्षा गर्नु हुन्छ। द्वापरयुगमा उनै भगवान् व्यासरूपमा भूमण्डलमा आई एकै वेदलाई ४ भागलगाई त्यसमा सयौं शाखा छुट्ट्याएर लोकको स्थिति सुरक्षित राख्नुहुन्छ। कलियुगमा कलिका प्रभावले दुराचारी उन्मार्गगामी उच्छृङ्खल जनतालाई सदाचारी सन्मार्गगामी सुश्रृङ्खल पार्न भगवान फेरि कल्की अवतार लिएर आउनुहुन्छ। यसरी युगैपिच्छे भगवान्का सात्विक रूपद्वारा जगतका स्थितिको रेखदेख हुन्छ। अनि जब जगत संहार गर्नु पर्ने मौका पर्छ त्यस वेला भगवान्को तामस स्वरूप अनन्तद्वारा जगत्को संहार गर्ने काम हुन्छ। अर्थात् प्रलयका निमित्त तामसीरूप शेष 'अनन्त' रूप लिनुहुन्छ।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

संसारमा ज्ञानको सत्य स्वरूप प्रकट गर्ने वेद हो, त्यो वेद दुरूह र दुर्बोध हुनाले साराका सारा अभ्यास गरेर कलियुगका आचारका अनभ्यस्त बुद्धिका मन्द आयुका छोटा सँस्कार-कर्मका अपरिचितहरूलाई लाभ उठाउन कठिन हुनाले सो नहोस् भनेर कलिका पहिले द्वापरैमा व्यासजीले वेद विभाग गरेर सानासाना भागमा छुट्याइदिनुहुन्छ। त्यसरी वेद छुट्याउनेलाई वेदव्यास भन्दछन्। यस कल्पमा आजतक २८ ओटा व्यास भइसके तिनीहरूको नामावली यो हो।

१ स्वयंभू	८ वसिष्ठ	१५ त्रय्यारुण	२२ वाजश्रवा
२ प्रजापति	९ सरस्वत	१६ धनञ्जय	२३ तृणबिन्दु
३ उशना	१० त्रिधामा	१७ क्रतुञ्जय	२४ ऋक्ष (वाल्मीकि)
४ वृहस्पति	११ त्रिशिख	१८ जय	२५ शक्ति
५ सूर्य	१२ भरद्वाज	१९ भरद्वाज	२६ पराशर
६ मृत्यु	१३ अन्तरिक्ष	२० गौतम	२७ जातूकर्ण्य
७ इन्द्र	१४ वर्णी	२१ हर्यात्मा	२८ कृष्णद्वैपायन

प्रत्येक द्वापरमा वेदविभाग गर्ने यस कल्पका भूतपूर्व वेदव्यासहरू यिनै हुन, यिनमध्ये नं २८ का व्यास वर्तमान व्यास हुन्। भविष्य द्वापरमा द्रोणाचार्यका सुपुत्र अश्वत्थामा व्यास हुनेछन्।

सर्गका आदि कालमा सृष्टि गर्ने विषयमा ब्रह्माजीको विचार भइरहेको थियो। परन्तु प्रत्येक व्यक्तिलाई पहिले काम शुरु गर्दा आनुभविक न्यूनता हुने हुनाले ब्रह्माजीको पनि कल्पाविना सृष्टि गर्दा अबुद्धिपूर्वकको तमोमय सृष्टि नै भयो, जसमा ५

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

प्रकारको सृष्टि प्रादुर्भाव भयो, जसलाई पञ्चपर्वा अविद्या पनि भन्दछन् । पहिलाको नाउ तम अर्थात् अज्ञान हो, सो आठ प्रकारको छ । दोस्राको नाउँ महामोह, अर्थात् विषयासक्ति हो । त्यो दश प्रकारको छ । चौथाको नाउँ तामिस्र अर्थात् द्वेष हो । त्यो अठार प्रकारको छ । पाँचौं अविद्याको नाउँ अन्धतामिस्र अर्थात् अभिनिवेश=अनुचित आग्रह हो । अर्थात् भोग्य वस्तु र उनका उपायहरूको उपघात कतैबाट पनि नहोस् भनेर भयपूर्वक सतर्क हुँदै भोग गरुतै सर्वदा भइरहोस् भन्ने आग्रह नै अन्धतामिस्र हो । यो पनि अठार प्रकारको छ । यसरी पाँच प्रकारका अविद्याको अवान्तर भेद बासट्ठी प्रकारको हुन्छ । (विशेष जानकारी गर्ने मनसुबा हुनेले सांख्यतत्वकौमुदी पढ्नू) ।

यसरी पञ्चपर्वा अविद्याको सिर्जना गरेपछि फेरि ब्रह्माजीले ध्यान गर्नु भयो, यस पालाका ध्यानमा पनि पाँचै प्रकारको सर्ग हुनगयो, जसको स्वरूप ज्ञानहीन भित्र बाहिर कतै प्रकाश नभएको आपसको परिचय केही नभएको स्थावर वृक्ष (रूख) गुल्म (झ्याङ्) लता (लहरा) वीरुत् (बुटा) तृण (घाँस) सृष्टि भयो । यसै स्थावर-सृष्टिलाई मुख्या सृष्टि भन्दछन । किनभने वराह भगवानले रसातलसम्म डुबेर पुगेकी पृथ्वीलाई उद्धार गरेका वेलामा ब्रह्माजीले सृष्टि गर्दा पहिले यिनै स्थावरहरूको सृष्टि गर्नु भएथ्यो । यसै उसले यस सृष्टिलाई मुख्य सृष्टि भनेको हो ।

त्यसपछि ब्रह्माजीले विचार गर्दा चित्त बुझेन किनभने यस्ता सर्गबाट पुरुषार्थको साधन, हुनसक्तै नथ्यो । उसैले

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

फेरि ब्रह्माजी सृष्टिको चिन्तना गर्न थाल्नु भयो, यस पालाका ध्यानबाट तिर्यक्स्रोता सृष्टि भयो, तेर्सो हिंडाइ हुनाले तिर्यक्स्रोता भनिए। खाएको वस्तु समेत तेर्सै बाटाले बाहिर समेत आउने जाति हुनाले समेय तिर्यक्जाति भनिए। यिनी-हरू नै पशु हुन्। ती तमोमय अज्ञानी उन्मार्गगामी अज्ञानलाई नै ज्ञान भन्ठान्ने स्वभावका हुन्छन्। अहंकारी अभिमानी अठाईस किसिमका वधले युक्त भएका (वधको विस्तार सां-ख्यकारिकामा हेर) आन्तरिक सुख दुःख जान्ने आपसको प्रवृत्ति भने जान्न नसक्ने स्वभावका हुन्छन्।

यस तेस्रा सर्गबाट पनि पुरुषार्थको काम साध्न गाहारै देखिएकाले सृष्टिका निमित्त ब्रह्माजी ध्यानमग्न हुनुभयो। यस पालाका ब्रह्माजीका ध्यानबाट ऊर्ध्वस्रोता देववर्ग उत्पन्न भए, ती प्रायशः सात्त्विक थिए। तसर्थ सुखमा साह्रै लालच भएका थिए। भित्री बाहिरी दृष्टि र ज्ञानले परिपूर्ण थिए। ऊर्ध्वस्रोता हुनाले ऊर्ध्वलोक स्वर्गमा नै रहन रुचाउँथे, संतुष्ट पनि थिए। यस सर्गलाई देवसर्ग भन्दछन्।देवसर्ग देखेर ब्रह्मदेवको हृदय हर्षले प्रफुल्लित भयो।

तैपनि ब्रह्माजीको सिसृक्षा शान्त हुन पाएन, किनभने यी तीनै वटा सृष्टि पुरुषार्थका वेकम्मा थिए। तसर्थ साधक सृष्टि गर्ने धोकाले फेरि ध्यान गर्न लाग्नु भयो। यस ध्यानमा संकल्पको सत्यता र साधक सृष्टिको कामना प्रबल थियो। उसैले अर्वाक्स्रोता साधकवर्ग उत्पन्न भए। यस सर्गका प्राणी माथि नगएर तलै भूमण्डलमा बसेकाले अर्वाक्स्रोता

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

भनिए । यिनमा सत्व रज र तमोगुणको समेत पर्याप्त मात्रा रहेकाले दुःखबहुल अत्यन्त क्रियाशील भित्री बाहिरी दुवैथरी ज्ञान समेत भएका हुन्छन् । यसै सर्गलाई मनुष्य स्वर्ग पनि भन्दछन । यिनीहरूले खाएका अन्न जलको प्रवाह पनि उँधै-तिर जान्छ । त्यसले समेत अर्वाक्स्रोता भन्दछन् । यी माथि लेखिएका सर्गहरू मध्ये प्रथम सर्ग महत्त्वको हो, सो ब्रह्मा-देखि नै भएको हो । दोस्रा सर्ग तन्मात्राको हो, त्यसैलाई भूत-सर्ग पनि भन्छन् । तेस्रा सर्ग वकारिक हो, यसलाई ऐन्द्रियिक अर्थात् इन्द्रिय संबन्धी सर्ग पनि भन्दछन । यी पूर्वोक्त तीनवटा सृष्टिलाई नै प्राकृत-सृष्टि भन्दछन । यो प्राकृतसृष्टि ब्रह्माजीको बुद्धिपूर्वकको सृष्टि हो । चौथा मुख्य सर्ग हो । जसमा स्थावर सृष्टि भयो । तिर्यक् स्रोता अर्थात् पशुको सृष्टिलाई तैर्यग्योन्य भन्दछन् । त्यो पञ्चम सर्ग हो । यसैमा सारा कीट पतङ्को समेत प्रवेश हुन्छ । ऊर्ध्वस्रोताको सर्गलाई देवसर्ग भन्दछन् त्यो छैटौं हो । अर्वाक्स्रोताको सर्ग सातौं हो, त्यसै सर्गमा मानिसहरू जन्मिन्छन् आठौं सर्गलाई अनुग्रह सर्ग भन्दछन् । त्यो सात्विक र तामस दुइथरी हुन्छ । चौथा मुख्यसर्गदेखि अनुग्रह सर्गतकको सर्गलाई वैकृत-सर्ग भन्दछन् , वैकृत-सर्ग पाँचओटा छन । नवौं सर्गको नाउँ कौमार सर्ग हो । त्यो कौमार सर्ग दुवै थरीको अर्थात् प्राकृत पनि छ वैकृत पनि छ, जगत्स्रष्टा ब्रह्माजीको सृष्टि जम्मा ९ प्रकारको छ । यिनै प्राकृत वैकृत-सर्ग नै जगत्का मूल कारण मानिएका छन् ।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

विश्वमा जति जीवहरू छन्, तिनीहरूमा शुभाशुभकर्मको वासना अवश्यै रहन्छ। वासनाबाट छुट्कारा पाउन संसारीले कसै पनि सकेको हुँदैन। तसर्थ पूरा कल्पका आखिरमा वासनासहित नै प्राणीहरू प्रलीन भएका थिए। उसैले सृष्टि गर्दा ब्रह्माजीले ती सारा कर्मको ख्याल गरिकन मात्र काम गर्नु पर्छ। अतएव पूर्वकल्पमा स्थावर देखिन् देवता पर्यन्त ४ प्रकारका प्रजा थिए। उसैले यस कल्पमा पनि सृष्टि गर्दा तिनीहरूको मानस सृष्टि गर्न ब्रह्माजीलाई आवश्यक नै पऱ्यो। यसरी मानस सृष्टि गरिसकेपछि देवता असुर पितृ मनुष्य र जलसमेत सृष्टि गर्ने विचार गरेर प्रथमतः स्वयं युक्तात्मा हुनुभयो। यसरी आत्मयोग गर्दा ब्रह्मदेवको तमोमात्रा बढ्न थाल्यो, तमोमात्रा बढेकाले पहिले जाँघबाट असुरहरू उत्पन्न भए। त्यसपछि ब्रम्हाजीले त्यो तामस शरीर त्यागिदिनु भयो। ब्रह्माजीले त्यागेको त्यो तामस शरीर रात्रिका रूपमा परिणत भयो। अनि फेरि सृष्टि गर्ने चाहनाले ब्रह्माजीले अर्को शरीर लिनुभयो। त्यो शरीर लिनासाथ ब्रह्माजीको मन अत्यन्त प्रसन्न भयो। प्रसन्न भएका ब्रह्माजीका मुखबाट सत्वगुणी देवताहरू उत्पन्न भए। त्यस पछि त्यो सात्विक शरीर पनि ब्रम्हाजीले छाडिदिनु भयो। त्यै छाडिएको ब्रम्हाजीको सात्त्विक शरीर दिनका रूपमा परिणत भयो। यसै उसले रात्रिमा असुर बलवान् हुन्छन, दिनमा देवता। तदन्तर फेरि ब्रह्माजीले आंशिक सात्विक स्वरूप लिनुभयो, आफूलाई पितृवत् ठान्नुभयो, त्यस शरीरबाट सृष्टि गर्दा पितृहरू उत्पन्न भए। पितृहरूको सृष्टि गरेपछि ब्र-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

ह्माजीले त्यो स्वरूप छाडिदिनुभयो। त्यो स्वरूप दिन र रातका बीचको संध्या भयो। त्यसपछि फेरि ब्रह्माजीले रजोगुणी शरीर लिनुभयो। ब्रह्माजीका त्यस रजोगुणी सृष्टिका फलरूप मनुष्य उत्पन्न भए, त्यसपछि त्यो शरीर पनि ब्रह्माजीले छाडिदिनुभयो। त्यो शरीर ज्योत्स्ना भयो। जसलाई रात र दिनका बीचको संध्या अर्थात् प्रातः संध्या भन्दछन्। अतएव बेहानीपख मान्छे ठाढा हुन्छन्, बेलुकापख पितृहरू ठाढा हुन्छन्, ज्योत्स्ना(प्रातः सन्ध्या) दिन साँझ रात यी ब्रह्माजीका सत्व रज तमोगुणमय शरीरबाट भएका हुन्। अर्थात् यिनीहरू ब्रह्माजीके त्रिगुणमय शरीर हुन्। त्यसपछि फेरि ब्रह्माजीले रजोमय शरीर धारण गर्नुभयो। त्यस शरीरबाट क्षुधा (भोक) उत्पन्न भयो, क्षुधाबाट काम उत्पन्न भयो। अनि ब्रह्माजीले अन्धकारमै बसेर भोक प्यासले आकुल-व्याकुल भएको सृष्टि रच्नुभयो। त्यसबाट विरूप जुँगा दारी भएका प्राणीहरू उत्पन्न भए। निदानमा भोकले गर्दा खुद ब्रह्माजीलाई नै खान जाइलागे। त्यसमध्ये कसैले भने "होइन नखाऊँ, यसको रक्षा गर्नु पर्छ" कसैले भने "खान्छौं, नखाई छाड्दैनौं"। रक्षा गर्नु पर्छ भन्ने जति राक्षस भए, खानै पर्छ आफ्नो भक्ष यही हो, भन्ने जति यक्ष भए, तिनीहरूको त्यस्तो घिनलाग्दो प्रवृत्ति (आफैलाई खान आउने) देख्दा ब्रह्माजीका शिरबाट केश झरे। झरेका केश फेरि शिरमा चढे, सरसरी माथि चढेकाले सर्प र तल हीन भएर झरेकाले अहि भए, अर्थात् केशबाट सर्पहरू उत्पन्न भए। ब्रह्माजी त्यसबेला रिसाउनु भएको

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

थियो, रिसले पूर्ण भएका वेलामा गरेका सृष्टिबाट रिसाहा मांसभोजी उग्र स्वभाव भएका कृष्ण पिङ्गल वर्णका प्राणीहरू उत्पन्न भए, ब्रह्माजीका संगीत गर्ने समयमा शरीरबाट पैदा-भएका प्राणीहरू गन्धर्व भनिए, किनभने तिनीहरू वाणी उच्चारण गर्दै उत्पन्न भएका थिए। यति सृष्टि गरेपछि ब्रह्मा-जीका हृदयमा पूर्वकल्पका पक्षीहरूको वासनाले प्रेरणा गर्न थाल्यो। तदनुसार आफ्ना आयुष्यद्वारा स्वच्छन्दतापूर्वक ब्रह्माजीले पक्षीहरू रच्नु भयो। छातीबाट भेँडा, मुखबाट बाख्रा, पेटबाट र काखाबाट गाईहरू सृष्टि गर्नु भयो। खुट्टा-देखि हात्ती घोड़ा, गदहा, मृग, गवय, ऊँट, खच्चर इत्यादि हरतरहका पशुजाति उत्पन्न भए। ब्रम्हाजीका रोमबाट फल-मूलरूप औषधिहरू उत्पन्न भए। सृष्टिका आदिमा इनको उत्पत्ति भयो, त्रेतायुगका आदिमा यिनीहरू यज्ञमा सामिल गरिए। गाई बाख्रा मनुष्य भेँडा घोडा खच्चर गदहा इत्यादि ग्राम्य-पशुहरू उत्पन्न भए। बनेल श्याल वानर हात्ती चरा-चुरुङ्गी इत्यादि जङ्गली पशु उत्पन्न भए। जलचर माछाहरू र स्थलचर सर्पहरू पनि उत्पन्न भए। तदनन्तर अग्निष्टोमादि यज्ञ छन्द स्तोम सामहरू प्रकाश गरिए। ब्रह्माजीका तत्तत् शरीरबाट उँचा नीचा प्राणीहरू देव, असुर, यक्ष, दानव, किन्नर नर अप्सरा गन्धर्व राक्षस पिशाच भूत पशुपक्षी मृग उरग सबै ब्रह्मदेवका संकल्पका आधारमा पूर्वकल्पको वासना-अनुसार उत्पन्न भए, स्वभाव पनि प्राचीन वासनाअनुसार नै रह्यो, तिनीहरूको नाम काम रूप इत्यादि प्रपञ्च विधाताले वेदका शब्दकै आधारमा गर्नु भयो। जसरी ऋतुहरूको

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

परिवर्तनबाट फेरि घुमीफिरी उही ऋतु आइपुग्दा उनै चिह्नहरू देखिन्छन्, उसैगरी कल्पान्तरमा पनि उनै पूर्वकल्पका चिह्नहरू देखापर्छन् । किनभने सिसृक्षाशक्तिलाई सृज्य शक्तिको प्रेरणा महान् उपोद्बलक हुन्छ।

सृष्टि गर्दा ब्रह्माजीलाई यस कुराको विशेष ख्याल गर्नु पऱ्यो, कुन कुराको भने, यस दुनियाँको बागडोर कसका हातमा सुम्पने हो तसर्थ सत्य संकल्प भएर ब्रह्माजीले ध्यान गर्दा मुखबाट सात्विक स्वभाव भएका प्रजा उत्पन्न भए। छातीबाट राजस,स्वभावका प्रजा। तिघ्राबाट राजस तामस उभयभावका, पाउबाट तामस प्रजा।क्रमशः यिनीहरूलाई नै ब्राह्मण क्षत्रिय वैश्य शूद्र भन्ने कक्षा छुट्ट्याइदिए। तदनुसार चातुर्वर्ण्य व्यवस्था पनि राम्ररी बाँडियो। चातुर्वर्ण्य व्यवस्थाको प्रयोजन थियो। यज्ञसिद्धि, यज्ञको प्रयोजन देवतासँग सबन्ध कायम राख्नु। देवता संबन्धको प्रयाजनवृष्टि, वृष्टिको प्रयोजन अन्न निष्पत्ति। अन्नको प्रयोजन प्राणीको पालन तसर्थ यस विश्वका विविध प्राणीहरूका राम्रो पालन होस् भन्नेर चातुर्वर्ण्यमा यज्ञको अनुष्ठान चलाएर दुनियाको व्यवस्था, बाँधिदिनु भयो। अतएव विश्वको हितका निमित्त मनुष्यबाट धूमधामसित यज्ञहरू हुनथाले। हुन पनि याज्ञिकहरूले यस लोकको व्यवस्था राम्रो पारेर छाडे उस लोकमा पनि स्वर्ग या अपवर्ग जे चाहन्थे, सो पाउँथे। यिनीहरूमा रसोल्लास आदि आठै प्रकारका सिद्धि पर्याप्त मात्रामा रहन्थे। पुरायुगमा मनुष्यका अन्तःकरणमा रसको आफसेआप उल्लास हुन्थ्यो, त्यसै सिद्धिलाई 'रसोल्लासिका' सिद्धि भन्दछन्। यो सिद्धि

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

हुनेलाई भोक प्यासबाट कष्ट हुँदैनथ्यो। दोस्रा सिद्धिलाई 'तृप्ति' भन्दछन्, तृप्तिसिद्धि भएपछि कुनै विषय संपर्क नभई कन पनि मनुष्यको हृदय सर्वदा तृप्त रहन्छ । तेस्रा सिद्धि (धर्मोत्तम) नाउँको थियो। जसबाट मनुष्य उत्तम धर्मको पात्र हुन्थ्यो । चौथा सिद्धि 'तुल्यता' थियो, अतएव सबैको आयुष्य रूप औ सुखमा तुल्यता थियो। पाँचौ सिद्धि 'विशोका' भनिन्थ्यो। यसको फल थियो अत्यन्त बल हुनु।

'तपोध्यानादि' निष्ठता नाउँको छैटौं सिद्धि थियो। जसका प्रभावले मानिस परमात्मपरायण भएर तपोध्यान आदिमा तत्पर भइरहन्थ्यो । सातौं सिद्धिको नाउँ 'काम-चारिता' थियो । जसका प्रभावले मनुष्य स्वेच्छानुसार बेरोकतोक जहाँ चाहे उहाँ घुम्न फिर्न शक्थ्यो । आठौं सिद्धिको नाउँ 'यत्रक्वचनशायित्व' हो, त्यो भएपछि मानिस मनमोजसँग जहाँ भने उही आनन्दपूर्वक सुति-रहन सक्थ्यो, तसर्थ यिनीहरू यथेच्छ रहन्थे। कुन पीर कष्ट थिएन। मन शुद्ध थियो । सत्कर्म गर्थे । उसैले निर्मल थिए । शुद्ध मनमा भगवानको वास हुने हुनाले साक्षात् भगवानको दर्शन पाउँथे । त्रेतायुग लागेपछि कालरूपी भगवानले अल्प सुखमय तुच्छ ड़रलाग्दो पापको बीउ प्रजामा अलिकति छरिदिए । त्यसका प्रभावले गर्दा प्रजामा पहिलेको जस्तो रसोल्लास आदि स्वाभाविक सिद्धि सरासर हुन छाड्यो। शनैः शनैः पापको मात्रा बढ्दै गयो, ती सारा सिद्धिहरू पनि क्षीण हुँदै गए। अनि प्रजाहरू शीतोष्णादि दुःखबाट पीडित हुनथाले। त्यसकारण दुःख-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

बाट बच्नालाई प्राकृत तथा कृत्रिम दुर्गहरू बनाइन थाले, पुर (शहर) खर्वट (पहाडका या नदीका तटमा बसेका साना साना गाउँ) हरू समेत बन्न थाले । थरीथरीका घर-दरबार आदि बनाएर शीत आतपका बाधा शान्त गर्ने प्रयत्न हुन पनि थाल्यो । आवश्यकानुसार कृषि कला कौशल आदिको पनि प्रयोग विकास हुँदै गयो । ग्रामीण र वन्य अन्नको सप्रयोजन विभाग भयो । तिनीहरूको पैदायसीको मुख्य साधन यज्ञ मानिएकाले यज्ञमा अन्नको उपयोग सदुपयोग मानिन थाल्यो, अन्नको उब्जाउको निमित्त हुन गएको हिंसाजन्य पातक हटाउन पञ्चमहायज्ञ हुनथाले । यज्ञ-प्रेमीहरूको कक्षा उत्तम मानिनथाल्यो । यज्ञविद्रोहीहरू लोकसंस्थानको विघातक गनिन थाले । प्रजाहरूको चाल-चलन बेसै हुँदा प्रजापतिजीले स्थान र गुणअनुसारको वर्णाश्रमको मर्यादा स्थापना गरिदिनु भयो । राम्रा तवरले धर्मपालन गर्ने महानुभावहरूका निमित्त वर्णाश्रम व्यवस्था पूर्वकको नै स्थानको प्रबन्ध हुन गयो । जस्तै- कर्मिष्ठब्राह्मणका निमित्त प्राजापत्यस्थान, जसलाई प्राजापत्य स्वर्ग भनेर लेख्यो; सोही स्थान दिइने भयो । स्वधर्मपालन गर्ने क्षत्रिय र संग्राममा वीर गतिमा पुगेका वीरका निमित्त ऐन्द्र-स्थान अर्थात् माहेन्द्र स्वर्ग दिइने भयो, स्वधर्मपालन गर्ने वैश्यहरूका निमित्त मारुतस्थान अर्थात् वायुलोकको प्रबन्ध भयो । स्वधर्ममा रहेका शूद्रलाई गन्धर्वलोकको बन्दोबस्त मिलाइने भयो । ब्रह्मचर्यमा नै रहेर आयुष्य बिताउने पुण्या-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

त्मालाई ऊर्ध्वरेता मुनिहरूको स्थान, स्वधर्मी गृहस्थलाई प्राजापत्य स्थान, वानप्रस्थलाई सप्तर्षिहरूको स्थान र योगी-हरूका निमित्त आत्मसंतोषकारी अमृतपद अर्थात् ब्रह्मज्ञ-हरूले पाइने स्थानको प्रबन्ध मिलाइयो । स्वधर्मत्यागी वेदनिन्दक यज्ञविनाशी पामरहरूलाई तामिस्र अन्धतामिस्र रौरव असिपत्रवन कालसूत्र अवीचो आदि अतिकठोर यातनास्थानहरू बनाइए ।

सृष्टिको शृङ्खला

सृष्टिका निमित्त ब्रह्माजी ध्यानमग्न हुनुहुन्थ्यो भन्ने कुराका पहिले नै उल्लेख गरियो स्थावर जङ्गम चराचर प्राणीहरू साराका सारा क्रमशः उत्पन्न भए भन्ने कुरा पनि भइसक्यो, विशेषतः सृष्टि गर्दा ब्रह्माजीले आफ्नै शरीरबाट प्राणीहरूका शरीर र जीवात्माका समेत सृष्टि गर्नू भएको हो, तर सृष्टिकलाको विकाश राम्ररी हुन पाएन । तसर्थ भृगु पुलस्त्य पुलह आदि मानस-पुत्र रचेर ख्याति भूति आदि कुमारीहरू समेत सृष्टिगरी तिनीहरूको परस्पर जीवन दाम्पत्यमय बनाइदिनु भयो । तर ब्रह्माजीले पहिले सृष्टि गरेका सनन्दनादिहरू सृष्टिकर्ममा निरपेक्ष भए । त्यो देखेर ब्रह्माजीका मनमा क्रोधको मात्रा बढ्न थाल्यो । क्रोधाग्निद्वारा उत्तम भएका ब्रह्मदेवका निधारदेखि अर्धनारी स्वरूप प्रचण्ड अनुहारका रुद्रदेव उत्पन्न भए । रुद्रदेवलाई देखेर आफ्नो शरीर विभाग गर भनी अनुज्ञा-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

दिई ब्रह्माजी अन्तर्धान हुनुभयो' रुद्रदेवले पनि ब्रह्मदेवको अनुज्ञाअनुसार आफ्नो शरीर विभाग गरी एकापट्टि पुरुष शरीर पूरा र अर्कापट्टि पूर स्त्रीको शरीरसमेत खडा पारी पुरुषको शरीरलाई फेरि ११ भाग लगाउनुभयो। स्त्रीको शरीरलाई सौम्य असौम्य शान्त अशान्त गौर श्याम आदि प्रशस्त रूपमा विभाग गरिदिनुभयो। त्यसपछि प्रजाहरूको रक्षाका निमित्त आफूबाटै उत्पन्न भएका स्वायंभुव नाउँ भएका आफ्नै स्वरूपलाई खटाएर उनलाई त्यही किसिमकी रानी शतरूपा समेत दिनुभयो। स्वायंभुव मनुले रानी शतरूपामा प्रियव्रत र उत्तानपाद भन्ने दुइ छोरा र प्रसूति र आकूति भन्ने दुइ छोरीसमेत उत्पन्न गरे, यिनै स्वायंभुव मनु आदिमनु हुन्।

ब्रह्माण्डशरीर बयान गर्दा भूर्लोक आदि लोकका नामोल्लेख गरिसक्यौं। भूर्लोकका परिमाण पनि भनिसक्यौं। यस पृथिवीदेखि सूर्यतकका जो आकाश प्रदेश हो, जसमा सिद्ध मुनिहरू र नक्षत्रहरूसमेत छन्, त्यो भुवर्लोक हो। ध्रुव र सूर्यका बीचका जो चौधलाख योजन अन्तर भएको स्थान छ, त्यसैलाई स्वर्ग भन्दछन्। यी तीनवटा लोक कृतक हुन्। जन तप सत्य यी तीनलोक अकृतक हुन्, कल्प–कल्पान्तमा नाशहुने र बन्नेलाई कृतक भन्दछन्। कल्पान्तरमा नाश नहुनेलाई अकृतक भन्दछन्। कृतक लोकहरू बराबर बिग्रने बन्ने भइरहन्छन्, अकृतकलोकको बराबर बिग्रने र बनिरहने अवस्था पर्दैन। कृतकलोकहरू भौम स्वर्ग भौ

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

माहेन्द्र स्वर्ग भनिन्छन् । अकृतकलोकहरू ब्राह्मस्वर्ग भनिन्छन् । माहेन्द्र स्वर्ग र ब्राह्म स्वर्गका बीचमा प्राजापत्य स्वर्ग छ भनेर लेखियो । त्यो महर्लोक हो । त्यो कल्पान्तमा शून्य हुन्छ । तथापि भूर्भुवः स्वर्लोक झैं त्यो नाश हुदैन, भारतवर्षका प्राचीन ज्योतिष विज्ञानअनुसार सृष्टिकर्ता प्रजापतिले सूर्यलाई प्रलयतक निरन्तर देखिरहन्छन् भन्ने वचन पाइन्छ, तदनुसार गणना गर्दा जुन स्थानबाट ब्रह्माजी प्रजापतिले निरन्तर सूर्य देख्दछन्, त्यो स्थान प्रजापतिको हो, जसलाई प्राजापत्य स्वर्ग भनिसक्यौं । ज्यौतिष विज्ञानअनुसार चित्र हेर ।

यदतिदूरगतो द्रुहिणः क्षितेः सततमाप्रलयं रविमीक्षते ।
भवति तावदयं शयिश्च तद् युगसहस्रयुगं द्युनिशांवधेः ॥

सिद्धान्तशिरोमणि
गोलाध्याय त्रिप्रश्नाधिकार

सूर्य उत्तर गोलमा रहेका वेलामा विषुवद्वृत्तका उत्तरतिर रहेका हुनाले सुमेरुबाट वा सुमेरुका ऊर्ध्वाधर रेखामा परेका कुनै स्थानबाट सधैं देखिन्छन् भन्ने कुरामा केही सन्देह छैन । दक्षिण गोलमा सूर्य रहेका वेलामा दक्षिणका अयनान्त बिन्दु (विषुद्वृत्तबाट परम क्रान्तितुल्य दक्षिण) मा भूकेन्द्रबाट सूर्यकर्णतुल्य गएको रेखा दिई त्यसको अग्रबिन्दुबाट भूगोलको स्पर्श रेखा गर्नु, त्यो सुमेरुको ऊर्ध्वाधर सूत्रमा जहाँ लाग्दछ, त्यस बिन्दूबाट वा यस रेखामा रहेका माथिका स्थानबाट सधैंदेखि प्रलयसम्म सूर्य देखिन्छन् ।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

भारतीय ज्योतिषीहरूले पुराणको आधारमा उपपत्तिबाट त्यसै स्थानलाई ब्रह्मलोक मानेका छन् । (पं. नयराज पन्त-द्वारा विरचित)

मानवको मुख्य कर्तव्य
वर्णाश्रमधर्मका प्रयोजनहरू र उसका विषय
चित्रित रूपक

हुनत अचेलका विश्वमा मतगणनाको खूबै महत्व छ, तदनुसार वर्णाश्रम धर्मका बारेमा पनि मतगणनाबाटै काम गर्ने हो भने स्थिति न जाने कस्तो हुने हो, यसै भन्न सकिन्न, तथापि कुनै, देशमा या समाजमा केही कुराको आवाप अथवा उद्वाप गर्नु पर्‍यो भने त्यसै देशको त्यसै समाजको संस्कृतिका परिपक्व विद्वानको मत नै ग्राह्य हुन्छ। अरू बाहिरिया विद्वान् अथवा बाहिरिया शिक्षाका शिक्षितहरूको मत उत्तिको ग्राह्य हुन शक्दैन, तसर्थ वर्णाश्रमधर्मका बारेमा बाहिरिया विद्वान् अथवा बाहिरिया शिक्षाका शिक्षित या बाहिरिया वातावरण अनुसार हृदयको वासना मजबूत भइशकेका सज्जनहरूले हक छ भनेर दावी गर्नु र त्यस विषयमा परामर्श या संमति इत्यादि दिने साहस गर्नु पनि बिलकुल अनुचित हो। अतएव यस्ता मतगणना वर्णाश्रमधर्ममा अनुपादेय हुन्छन्. उसैले परिषद्को भन्दा एउटै छ तापनि त्रैविद्यको मत उपादेय छ भन्ने धर्मशास्त्रको संमति छ ।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

वर्णाश्रमधर्ममा के त्यस्तो महत्व छ जसबाट त्यसको समाजमा उपयोग गर्नाले अधिक लाभ हुन जावोस्, भन्ने शङ्का उपशङ्का निकै गर्ने समाजको सिर्जना यस समयमा भएको देखिन्छ, उसैले त्यसका मुख्य मुख्य प्रयोजनहरू देखाइन्छन्। वर्णाश्रमधर्म कत्तिको उपकारक छ भन्ने पछि लेखिने छ, त्यसको मजगून सिद्धान्त यही हो वर्णाश्रमधर्मबाट मनुष्यको जातीय जीवन उज्ज्वल गराउने आठ वस्तु पाइन्छन् ती यिनै हुन्।

आर्य जातिको बीज अर्थात् आर्यत्वको सुरक्षा १। आध्यात्मिक क्रमोन्नति २। पितृसंवर्धनद्वारा पितृप्रसादलाभ, ३। दैवीजगत अर्थात् स्वर्गादिलोकका साथ घनिष्ठ संबन्ध स्थापन ४। विश्वमङ्गलकारी देवताहरूको प्रसादप्राप्ति ५। स्वाभाविक सँस्कारहरूको उद्बोध ६। आत्मज्ञानको बीज रक्षा ७। कैवल्य प्राप्ति ८। धर्मकर्मतत्वका पारङ्गत विद्वानहरूले वर्णाश्रमधर्मका यिनै आठ ओटा प्रधान प्रयोजन ठहराएका छन्।

शम्भुगीतामा माथि लेखिएका ८ तत्वहरू चित्रको रूपमा देखाइएका छन्। भगवान् शम्भुदेवले पितृहरूलाई उपदेश दिनुभएको छ। उपदेश वाक्यको तात्पर्य तल लेखेबमोजिम छ। जस्तै–मेरी श्यामा प्रकृतिका जड र चेतन २ थरीका विलक्षण किसिमका अत्यन्तै आश्चर्यका २ रूप छन्। ती श्यामा प्रकृति अज्ञानमय रूपद्वारा निरन्तर जडरूप धारण गर्दै सृष्टि गर्छिन्। आश्चर्यको कुरा छ तिनै जड प्रकृति चेतनमयी नदीको धारा जस्तो भएर मेरा स्वरूपरूपी सागरमा निरन्तर पस्छिन्। त्यो चिन्मय नदी जडमय एक

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

विशाल पर्वतबाट निस्केर प्रथमतः उद्भिज्ज, तदनन्तर स्वेदज, उसपछि अण्डज, त्यसपछि जरायुज नामधारी गिरिद्रोणीहरूमा सरलतापूर्वक बग्दै निर्बाधगतिले स्वयं मनुष्यरूपी अधित्यकामा पुग्छिन् । त्यस अधित्यकाका तल्लापट्टि एक बगलमा डरलाग्दा भञ्ज्यालाहरू र अरू पनि महान् महान् उपत्यकाहरू छन् । जसमा कि ठाउँ ठाउँमा ती चेतनमयी पवित्र स्रोतस्विनीको जल स्वभावतः चुहिरहेको हुन्छ । सो बगेको स्रोतस्विनीको स्रोत अप्रतिहत अविच्छिन्न निरापद बनाई धरातलमा सरल सौम्य र निर्बाध पार्नलाई वर्णधर्म र आश्रम धर्मरूपी आठओटा बाँध बाँधिएका छन् । अतएव अलौकिक पवित्र तरङ्गिणी त्रिलोकपावनी नदी सजिलो र सोझो बाटो लिएर परमानन्द प्राप्तिका कारण भएका समा प्रवेश गरेर शोभायमान हुन्छिन् । सारा देवताहरू आनन्दपूर्वक गोता लगाएर डुबुल्की मारेर आफ्नो अभ्युदय सिद्ध गर्छन् । त्यसै नदीका दुइतर्फका तटमा बसेर महर्षिहरू ब्रह्मध्यानमा मग्नहुँदै कैवल्य पदमा पुग्छन् । तपाईं पितृदेवहरू ती पूर्वोक्त आठै किसिमका बाँध टुटफुट हुन न पाऊन्, विशेषतः सुदृढ होऊन् भनेर रक्षाका निमित्त तयार हुनुहुन्छ । यस्ता जगन्मङ्गलकारी शुभकार्यमा सदाचारी ब्राह्मण र पतिव्रता स्त्रीहरू सहायक छन् ।

उपनिषद् संबन्धी यस चित्रमा सुदूरवर्ती जुन पर्वतमाला हो, त्यो ब्रह्मशक्ति अर्थात् मूल प्रकृतिको रूपक हो । अर्को त्यसका अर्कोपट्टि जो समुद्रको गम्भीर शान्त अगम्य महान् रूप देखाइयो सो यही आत्मस्वरूपी ब्रह्मात्मक पद हो । मूलप्रकृतिको

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

रूप दुइ थरी छ। एक त जडरूप दोस्रो चेतन। यसको मतलब यो हो। यस ब्रह्माण्ड शरीरमा होस् या पिण्ड शरीरमा होस्, जति स्थावर रूपमा देखिन्छन् ती सबै प्रकृतिका जडरूप हुन्; जीवात्मक चेतनामय रूपले जङ्गममा देखापर्ने जतिरूप छन् ती सब चेतन हुन्। तसर्थ माथि देखाइएका चित्रमा पर्वतबाट जो नदी निक्लेको छ त्यो जड़मय महाप्रकृतिबाट नदीरूपमा जीवरूप चेतनमय नदी बगेको हो। सुदूरवर्ती पर्वतमालाबाट गिरिद्रोणीका सरल मार्गले त्यो नदी निकै अगाडि पुग्दछ। उत्तराखण्डमा भ्रमण गर्ने यात्रीहरू राम्ररी जान्दछन्। गङ्गोत्तरीबाट बहेकी पुण्यजला भागीरथी जहाँसम्म गिरिद्रोणी छ, उहाँसम्म अतिवेगसित बग्छिन्, किनभने गिरिद्रोणीमा नदीको पाट सुपरिमित हुन्छ, पानी छहलिन पनि पाउँदैन। तसर्थ कत्ति विघ्न बाधा नभईकन दूरतक प्रवाह बग्न पाउँदछ। साचै नै यो जीवरूपी नदी क्रमशः उद्भिज्ज स्वेदज अण्डजरूपी गिरिद्रोणीमा बगेर आखीर जरायुजनामक द्रोणीमा बग्दा चौरासीलाख योनिको धारा विना कुनै रोकतोक चौरासी लाखै योनि पार गरेर मनुष्य योनिमा आइपुग्दछ, यहाँसम्म सो धारा निकै वेगले सोझै बाटो बगन पाउँदछ, हुनत जडरूप पर्वत लिएर उद्भिज्ज आदि योनि पार गरेर मनुष्यतक पुग्नुपर्ने मार्ग बिछट्टै लामूछ। तथापि मार्ग ठीक छ, उसैले केही रोकतोक नभईकन टाढैसम्म पुग्दछ। चित्रमा अधित्यका भनेर जो ठाउँ निर्देश गर्यौं सो ठाउँ मनुष्य योनिका भूमिकाको रूपक हो। अधित्यका भन्ने पर्वतका शिखरको मैदान जमीन हो। मनुष्यका

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

हृदयमा ज्ञान विज्ञानको समता हुने हुनाले सो अधित्यकाको समता त्यसै कुराको रूपक पनि हो। मानव हृदयमा ज्ञान विज्ञान दुवै कुराको समतामा अधिकार जमिसकेको हुन्छ। जस्तै ईश्वर ब्रह्माण्डका अधिकारी हुन्छन्। उस्तै मनुष्य पनि आफ्ना पिण्डको अधीश्वर बनेको हुन्छ। अधित्यकाको समतल यसै कुराको रूपक हो। यसमा अधित्यकाका एकापट्टि तीरैमा उपत्यकाको विशाल तलेटी छ। ठूला ठूला अनेकन् भङ्गाला पनि छन्। ती तलेटी र भङ्गालामा त्यस पूर्वोक्त चिन्मयी नदीको जल निरन्तर अलि अलि बगिरहन्छ। त्यसको निकास कथं कदाचित बढ्न गयो भने नदीको सारा जल भङ्गालामा खसेर त्यस चेतनमयी नदीको प्रवाह नै लुप्तप्राय हुन जानेछ। तसर्थ वर्णाश्रमरूपी बाँध बाँधेर त्यसको जल चुहेर खेर जान नपाओस् भनेर खूब बढिया चाँजो मिलाएको छ। अतएव सो नदी स्वस्वरूप ब्रह्मरूपी महान् सागरमा पुग्न पाइरहेको छ। पितृहरू बाध सच्याउने मरमत गर्ने कामका तत्पर छन्। ब्रह्मचारी र सती नारीहरू पितृहरूका सहायक हुन्, अर्थात् सो बाँध सच्याउनुपर्दा हारगुहार ब्रह्मचारी र सती नारी मार्फत हुन जान्छ। ब्रह्मचारीको र सती नारीको पनि यसैले ठूलो महिमा छ। नदीका अर्का किनारमा तीरको विशाल वनैवन भएको अधित्यकाको अत्यन्त मनोहर दृश्य छ, त्यस नदीमा देवताहरू प्रेमपूर्वक नुहाउँदछन्। यस रूपक चित्रलाई आँखा अगाडि ल्याउने हो, भने वर्णाश्रमधर्मको गम्भीर विज्ञान यथार्थ थाह हुन्छ। अतएव यही वर्णाश्रमरूपी बाँधले चेतनमयी जीवात्मक नदीको

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

जल यताउति चुहेर खेर जान नपाओस् भनेर रोक्ने हुनाले र वास्तवमा वर्णाश्रमधर्मरूपी बाँधले मनुष्यलाई असभ्यता-रूपी भङ्गालामा पर्न नदिने रहेछ भने, त्योभन्दा मनुष्यको उसमा पनि आर्यको कुन अर्को परम कर्तव्य होला। तसर्थ वर्णाश्रमधर्म नै मनुष्यको मुख्य कर्तव्य हो। सुदूरवर्ती यस वर्णाश्रमधर्मरक्षामा बीचमा परिआएका उल्झनहरू सुल्झाउनु पनि मानव मात्रको कर्तव्य हो। यसैका सहारा विश्वमा मनुष्यजातिको बीजरक्षा हुने छ। वर्णाश्रमरूपी बाँध फुट्यो भने असभ्यता अनार्यता आदि भङ्गालामा खसेर जीवरूपी जल विनाश हुन्छ। यसको नवीन प्रत्यक्ष उदाहरण परमाणु-बमको लक्ष्य भएका जापानको 'हिरोशिमा' र 'नागाशाकी' विश्वका नजरमा झलिकरहेकै छ। त्यस जापान प्रदेशका असंख्य जीवहरू अनार्यहरूका कुन दारुण करतूतले गर्दा एकैबाजि भस्मीभूत भए। अर्को कुरा वर्णाश्रमव्यवस्था नरहने हो भने वर्णसंकरता फैलिन्छ। संकरजाति चिरस्थायी हुँदैन। धरतीमा कति कति ऐतिहासिक जातिहरू लुप्त भए, तिनको जातिको आत्मस्वरूपलाभमा मुख्य कारण संकरता थियो। जस्तै प्राचीन ग्रीकजाति तथा रोमन जातिको यौटा बीजसम्म पनि अचेल पाउन मुश्किल छ। तसर्थ प्रत्येक मानवको कर्तव्य यही हो कि "वर्णाश्रम धर्मको पालन र त्यसको रक्षा गर्दा पर्न आउने विघ्नबाधाहरूलाई पनि जागरूक भएर हटाउनू"।

मनुष्यका कर्तव्यको प्रपञ्च

जुनसुकै जातिमा होस् समाजमा होस् देशमा होस्

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

जतातत‍ै सृष्टिदेखि आजसम्म सारा सभ्यसमाजले 'मनुष्यको मुख्य कार्य के हो' भन्ने कुरामा खोजी गरिरहेकै छ। भविष्यमा पनि भरमौदुर खोजी गरिरहने पनि छ। साँचो कुरा पत्ता पाउनामा मात्र संशय छ, कसले साँचो कुरा फेला पाऱ्यो, कसले पारेन। संसारका सबभन्दा प्राचीन सुसभ्य आर्यजातिका विद्वान्हरूका भनाइअनुसार मानव कर्तव्यको खोजी गर्ने हो भने निम्नलिखित वाक्यहरू देखाउनुपर्छ।

" येनास्य पितरो याता येन याताः पितामहाः।
तेन यायात् सतां मार्गं तेन गच्छन्न रिष्यति ॥" (मनु)

आफ्ना बाबु बाजे बराजुहरू जुन मार्गमा हिंडे त्यही बाटो हाम्रा निमित्त क्षेमंकर छ, भन्ने कुरा उपरि निर्दिष्ट मनुका श्लोकले देखाएको छ। अब हामी आर्यहरूले आफ्ना पूर्वजहरूको पुरानो मार्ग के हो, भनेर खोज गर्ने हो भने यथार्थ थाह पाउन शक्छौं। हाम्रा पूर्वज आदर्शहरूको भनाइ के छ, सो तलका वाक्यमा देखिन्छ।

"यः शास्त्रविधिमुत्सृज्य वर्तते कामकारतः।
न स सिद्धिमवाप्नोति न सुखं न परां गतिम् ॥
तस्माच्छास्त्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ।
ज्ञात्वा शास्त्रविधानोक्तं कर्मकर्तुमिहार्हसि ॥" (गीता)

" शास्त्रीय विधिलाई लत्याएर मनमानी गर्ने मानिसले कहिल्यै पनि कुनै काममा पनि सिद्धि पाउन शक्दैन। न त कुनै सुख पाउँछ, न त त्यस्ताको गति नै राम्रो हुन्छ। त्यसैले हे अर्जुन कर्तव्याकर्तव्यको निर्णय गर्नलाई शास्त्रैको सहारा

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

गर्नु पर्छ । अतएव शास्त्रीय विधान बुझेर कर्तव्य कर्म गर्ने गर" भन्ने गीतामा लेखिएको भगवान्‌को उपदेशबाट आर्यहरूका पवित्र कर्तव्यको संक्षिप्त निर्देश हुन्छ ।

परन्तु कराल कालको स्थिति विकट हुँदै आपत्कालै दूरदर्शितापूर्ण यी पूर्वोक्त उपदेशहरूमा समाजको ध्यान गएकै छैन । यस किसिमको शिक्षा जगत्ले नपाउनु नै यसको मुख्य कारण हो । झन् अचेल कुत्सित शिक्षा कुत्सित आदर्शहरूद्वारा जनताका मस्तिष्कमा कर्कलाका पातको पानी जस्तो तरल शास्त्र विधानोक्त जर्गै नभएको नचाहिने कुराको हठी आग्रह मात्र उत्पन्न भइरहेको छ । त्यसैले गर्दा शिक्षाको मुख्य लक्ष्य के हो ? सामाजिक उन्नति र जातीय उन्नतिको आदर्श के हो ? तथा वर्णाश्रम धर्ममा जातीय तथा सामाजिक जीवनलाई बलियो पार्ने गूढ रहस्यको ज्ञान, आर्यनारीहरूको त्रिलोक पावन पातिव्रत्यको गूढरहस्यको ज्ञान, सदाचारका उपयोगिताको अनुभव, आर्यधर्म अत्यन्त उदार छ, उसैले त्यो विश्वको पिता बराबर हितकर हो, भन्ने वास्तविक ज्ञान औ धर्मनीति र राजशास्त्रको परस्परमा अभेद्य संबन्ध छ, अतएव एउटा विना एउटा बिधवा स्वास्नी जस्तो र अर्को नहुँदा आर्को विधुर लोग्ने जस्तो व्यवहारमा आधा हुन्छ, परिपूर्ण हुन सक्दैन, भन्ने इत्यादि कुराको यथार्थ ज्ञानद्वारा आर्य शास्त्रको दूरदर्शितापूर्ण तात्पर्य ग्रहण गर्न दुनिया असमर्थ भएको देखिन्छ । किनभने, निर्दिष्ट विषयमा ज्ञानै नहुँदा अचेल देशमा अशान्ति र अज्ञानको आँधी जताततै व्याप्तछ । यस विश्वव्यापी संकट पन्छाउन महर्षिहरूका उपदेश नै सर्व

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

श्रेष्ठछन्; उसैले मनुष्यको कर्तव्य के हो, भन्ने प्रश्नमा उनै महर्षिहरूका शास्त्रीय विधानहरू नै अगाड़ि सारेर विचार गरिन्छ।

विचारशील मानिसले विचार गर्दा कालको पनि विचार गर्नु पर्छ, किनभने कालका प्रभावमा सबै प्रभावित हुनुपर्छ, संसारमा सारा कुरा कालकै अधीनमा छ। त्यसैले प्राणीहरूको प्रवृत्ति तथा प्रकृति सब कुरा कालधर्मअनुसार अवश्यै हुन्छ। अतएव सत्य आदि युगमा उत्पन्न भएका जीवमा प्रवृत्ति प्रकृति अधिकार इत्यादि जस्तो हुन्थ्यो त्यस्तो धर्मको एक पाद मात्र बाँकी भएका कलियुगमा हुन असंभव छ। तसर्थ प्रज्ञाचक्षु महर्षिहरूले ज्ञानद्वारा भविष्यलाई समेत आँखाका अघिल्तिर राखी युगानुसार विभिन्न अधिकारबाट हुन आउने प्रवृत्ति र प्रकृति तथा शक्ति समेतको तारतम्यलाई यथार्थ संज्ञो धर्मशास्त्ररूपी वैधानिक नियमपूर्ण अनुशासन बनाएका हुन्। अतएव युगैपिच्छे अलग अलग कामद्वारा मनुष्यको अभ्युदय तथा निःश्रेयस हुन्छ भनेर मनुले लेखेका छन्। जस्तै–

" तपः परं कृतयुगे त्रेतायां ज्ञानमुच्यते
द्वापरे यज्ञमेवाहुर्दानमेकं कलौ युगे ॥ "

अर्थात् सत्ययुगमा तपः प्रधान धर्मद्वारा मनुष्यको अभ्युदय हुन्छ। त्रेतामा ज्ञान प्रधान धर्मबाट, द्वापरमा यज्ञप्रधान धर्मबाट, कलिमा दानप्रधान धर्मबाट अतएव व्यासजीले

" त्रेतायां मन्त्रशक्तिश्च, ज्ञानशक्तिः कृते युगे
द्वापरे युद्धशक्तिश्च सङ्घशक्तिः कलौ युगे "

" अर्थात् त्रेतायुगमा मन्त्रशक्तिका आधारमा सिद्धि हुन्छ, सत्ययुगमा ज्ञान शक्तिका आधारमा द्वापरमा युद्धशक्ति र क-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

लिमा सङ्घशक्ति अर्थात् एकताद्वारा सिद्धिलाभ हुन्छ"। अतएव वास्तवमा यही कुराको निर्णय हुन्छ कि युगानुसार प्राणीहरूको प्रवृत्ति प्रकृति शक्तिहरूको तारतम्य हुने हुनाले तदनुसार धर्मचर्या जीवनचर्या दिनचर्याहरूका व्यवस्थामा पनि अवश्य तारतम्य हुन्छ। त्यसैले यस कलियुगको धर्म-भावरहित प्रभाव अतिप्रबल छ, तसर्थ अचेलका नरनारीहरू पनि साधारणै अधिकारका छन, यसै उसले लक्ष्य उही प्रा-चीन अटूट हो ता पनि यस समयको वैधानिक धार्मिक अनु-शासन देशकाल तथा पात्रानुसार आपत्कालीन कल्पको विचार-बमोजिम गर्नु पर्ने हुन आउँछ। जहाँ गति केही छैन त्यहाँ मात्र आपत्कालीन कल्प लिनुपर्छ, मुख्य कल्पबाट चल्न सक्ने व्यवहारमा अनुकल्प लिनु पनि उचित हुँदैन, अतएव धर्म-शास्त्रमा देशकाल पात्र इत्यादिको तारतम्यअनुसार कल्प अनुकल्प आपत्कल्पहरूको विधान पाइन्छ। यस्तै अधिकारो-पयोगी विधानहरू नै लक्ष्य गरेर मानवजाति र उसका पनि अग्रगामी वर्णाश्रमधर्मी आर्यहरूको कर्तव्यनिर्देश गरिन्छ; जसबाट अधिकार र अधिकारीहरूका बीचमा सामञ्जस्य राम्रो हुन पाओस्, वर्तमान देशमा कालको दीन दयनीय दशा पनि पन्छिन जाओस् यसै कुराको यस निबन्धमा वर्णन गरिन्छ।

देश पनि वर्णाश्रमधर्ममा प्रधान कुरा हो। हुनत सारा मनुष्यमात्रको कर्तव्यनिर्देश गर्नु नै यस प्रबन्धको लक्ष्य हो। तदनुसार सबै देशका बारेमा विचार हुनु पर्ने पनि हो, तथा-पि विश्वव्यापी चिरकालीन शान्तिको कारण सर्वमान्य वर्णा-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

श्रमधर्म हो। त्यसैले त्यसका अधिकारीहरूको कर्तव्यका साथै तिनीहरूको देश र त्यस विषयमा हुन आएका विवादका वारेमा मात्र पनि केही लेख्नु युक्तियुक्त ठहरिने छ। त्यसैले वर्णाश्रमधर्मका प्रधान अधिकारी आर्यहरूको आदि देश कुन हो, भन्ने कुरा छोटकरी रूपमा पहिले देखाइन्छ।

आर्यहरूको देश कुन हो, जसलाई अचेल "भारत" भन्दछन्। त्यो आर्यहरूको आदिनिवासस्थान हो होइन भन्ने कुरामा विश्वमा आजकल वादविवादको आन्दोलन खूब चलिरहेको छ। कति त आफ्ना देशमा वसेर पनि हामी विदेशी हौं, यहाँका प्राचीन जाति होइनौ भन्दछन, तिनीहरूको त्यो भनाइ धर्मशास्त्रका दृष्टिबाट मात्र होइन, किन्तु स्वतन्त्र मस्तिष्कका विचारबाट पनि अत्यन्त विरुद्ध छ, तसर्थ धर्मशास्त्रोक्त सिद्धान्त अनुसार वर्णाश्रम-धर्मका अधिकारी आर्यहरूको आदि निवास देशकुन हो, भन्ने कुरा धर्मशास्त्रकै आधारमा प्रतिपादन गरिन्छ। स्थान स्थानमा स्वतन्त्र युक्तिहरू पनि दिइनेछन्।

सर्वप्रथम आर्यहरूका आदिनिवासका बारेमा नवीन ऐतिहासिक विद्वान्हरूको मतको मजगून देखाउन मनासिब पर्ने हुनाले त्यसको संक्षेप विचार देखाइन्छ। ऐतिहासिक पण्डितहरूको सारा आशयलाई तीन भागमा छुट्याउन सकिन्छ। जस्तै – प्रथमतः कुनै इतिहासकारहरूको भनाई छ। मध्य एशियाको कास्पियन् नाउँ भएका रहने र त्यसैका आसपासमा आर्यहरूको वस्ती थियो, त्यहाँबाट यताउति लाग्दै भारतवर्षमा आएर बसाई बसे। यस कुरामा तीव

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

किसिमका प्रमाण पाइन्छन। ती यी हुन्, पहिला-ऋग्वेदमा भएका नद नदी र नगरका नाउँहरूको र मध्य एशियाका नदी नद नगरहरूका नाउँमा समानता छ। दोस्रो-आर्यहरू आफूलाई श्वेताङ्ग मान्दछन्, त्यसै अनुसार आर्यहरूको शास्त्रमा पनि लेखेको छ। श्वेतवर्णका मनुष्यहरू मध्यएशियामा नै हुन्छन्। तेस्रा-आर्यहरूका थरी थरीका अनेकन् उपास्य देव देवीहरूको नाउँ र त्यस मध्य एशियाका प्राचीन बासिन्दाहरूका देव देवीका नाउँमा समानता देखिन्छ। तसर्थ मध्य एशियाको एउटै देशबाट आर्यहरूले विभिन्न देशमा उपनिवेश स्थापना गरेका थिए। यो पहिला कक्षाका ऐतिहासिकहरूको मत। अब दोस्रा कक्षाका नवीन भार इतिहास रचयिताहरू के भन्छन् भने— आर्यहरू पहिले उत्तर मेरु प्रदेशमा रहन्थे, त्यहाँबाट शनैः शनैः दक्षिणतर्फ सर्न लागे, आखिर भारतमा आए र डेरा जमाए। यस कुरामा मुख्य प्रमाण के दिन्छन् भने वेदमा अत्यन्त लामा रात-दिनको उल्लेख पाइन्छ, त्यस्ता विछट्टै लामा रात र दिन उत्तर मेरुमा नै हुन्छन्, किनभने त्यहाँ ६ महीनाको दिन र यहाँको ६ महीना जति समयको रात्रि हुन्छ। अर्को कुरा 'जेन्दाभेस्ता, भन्ने पुस्तकमा के लेखेको छ भने-"आर्यहरूको स्वर्ग उत्तरमेरु देशमा नै थियो, त्यहाँ सालभरमा एकै पटक सूर्योदय हुन्थ्यो। पछि त्यहाँ हिउँ परेर ज्यादै जाडो हुन जाँदा बस्नै नसकी त्यो ठाउँ चटक्क छाडी आर्यहरू दक्षिणतिर आए"। तृतीय श्रेणीका ऐतिहासिकंम्मन्य विद्वान्हरूको मत के छ भने जर्मनीका कुनै प्रदेशमा आर्यहरूको पुरानो वस्ती

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

थियो किनभने भाषामा विचार गर्दा आर्यहरूको सँस्कृत र जर्मनीहरूको भाषा आपसमा निकै नै मिल्दछ, यी तीन-तरहका विचारबाहेक अर्को पनि विचार अचेल दुनियामा देखिन्छ कुनभने आर्यहरू पहिले तिब्बतमा थिए। इनै तिब्बतिया जातिहरू भारत आदि विभिन्न देशमा छरिए, इत्यादि। अब यी सबै कुरामा महर्षिहरूको विचारअनुसार तत्त्व-निर्णय गरेर नवीन मत युक्तिसंगत छैन, किन्तु सारहीन छ भन्ने प्रमाणपूर्वक नै देखाइन्छ।

कष्टको साथ लेख्नुपर्छ कि इतिहासका पण्डितहरूले भारतको प्रकृति र सृष्टिका क्रमविकाशको नियममा कत्ति विचारै नगरी मनमाना कल्पना गरिरहेका छन्। परन्तु कुनै वस्तुको वास्तव तत्व पत्ता लाउनालाई कारणको तत्त्व निर्णय गर्नु र तदनुसार कार्यका तत्वको निर्णय गर्नु उचित हुन्छ। किनभने कार्य त कारणको विकाश मात्र हो, भन्ने कुरामा तिनीहरूलाई ख्यालै छैन। यसै उसले तिनीहरूको भनाइमा कल्पनाको मात्र सहारा छ। अतएव कारणकै ठीक निर्णय गरीकन मात्र कार्यको ठीक सिद्धान्त निर्णीत होस्, भन्नाका लागि आर्यहरूका वासस्थानको निर्णय गर्नुभन्दा पहिले नै भारत भूमिको प्रकृति र आर्यहरूका प्रकृतिको सृष्टिका विकाश क्रमानुसार आपसमा कुनै प्रकारको साम-ञ्जस्य पूर्ण साम्य छ छैन भन्ने कुरामा विचार गर्नुपर्छ, अनि मात्र सिद्धान्तको पत्ता लाग्छ।

सृष्टिको गतिविधि चक्र जस्तो छ; तसर्थ समष्टिसृष्टिको

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

धारा माथि देखि तलतिर झर्छ भन्ने कुरा पहिले सृष्टिको विचार गर्दा देखाइसकियो, व्यष्टिसृष्टिको धारा भने तलदेखि माथितिर उक्लन्छ। तदनुसार सृष्टिका प्रथमावस्थामा मनुष्यहरू पूर्ण परिपूर्ण उत्पन्न हुन्थे, त्यसै समयलाई सत्ययुग पनि भन्थे। हुनत प्रत्येक सत्ययुग सृष्टिको आदिकाल होइन। तथापि कुनै न कुनै रूपमा प्रत्येक सत्ययुग आदिकाल सरह मान्नु नै पर्छ। त्यस सत्ययुगमा पूर्णतया सत्वगुणको विकाश हुन्छ, उसैले सारा मानिस पनि पुरापूर धार्मिक प्रकृतिका हुन्थे। अतएव स्मृतिहरू र पुराणहरूमा सृष्टिक्रमको वर्णन माथि लेखे अनुसार पाइन्छ। सृष्टिको प्रथम विकाशमा सनकादि जस्ता र मरीच्यादि जस्ता ज्ञान विज्ञान र सत्वगुणपूर्ण ऋषिहरू उत्पन्न भएका थिए। कालक्रमले ह्रास हुँदै गएको र सत्वगुणदेखि लिएर तमोगुणतिर अधोमुखी भएर सृष्टि गिर्दै गएको कुरा पुराणहरूमा पाइन्छ, यस्तै कुरा मनुस्मृतिमा मनुले पनि लेखेका छन्।

"चतुष्पात् सकलो धर्मः सत्यं चैव कृते युगे
नाधर्मेणागमः कश्चिन्मनुष्यान् प्रतिवर्तते
इतरेष्वागमाद्धर्मः पादशस्त्ववरोपितः
चौरिकानृतमायाभिर्धर्मश्चापैति पादशः"

"सत्ययुगमा धर्मका चारै पाउ रहन्छन्, सत्य पनि पूर्णरूपले रहन्छ। अधर्मद्वारा अर्थोपार्जन गर्नेपट्टि मान्छेको मन पनि जाँदैन। त्यसपछि त्रेतायुग द्वापर कलिहरूमा धर्मको भाग घट्दै जान्छ, चोरी फट्याइँ कपट्याइ यिनैद्वारा धर्मको ह्रास

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

अधर्मको अभिवृद्धि हुन्छ। माथि देखाइएको समष्टिसृष्टिका धारा निम्नमुखी छ भन्ने कुराको सबूत पनि यही हो। खाली धर्मशास्त्र पुराणमा मात्र यो लेखेको छ, तसर्थ आर्यहरू जो कि वर्णाश्रम धर्म मान्दछन् उनीहरूको मात्र मत हो, भनेर न ठान्नू किनभने भारतवर्षबाहेक आजकल सभ्य मानिएका पश्चिमी देशका धर्म ग्रन्थमा समेत यस्तै उल्लेख पाइन्छ, पुराना हिब्रु नामक ग्रन्थमा आदमबाट जीवको उत्पत्ति बताएको ठाउँमा लेखेको छ, " आदमबाट एक स्वर्गीय ज्योति धरातलतिर झऱ्यो, जसबाट त्यहाँ अनेकन् पुण्यात्मा मानिसहरू पैदा भए, परन्तु यस्तो सृष्टि धेरै दिनतक रहेन। मानिसको विचार धारा निम्नमुखी हुँदै बग्न थाल्यो " । ग्रीसका सुप्रसिद्ध दार्शनिक विद्वान् अफलातून (प्लेटो) ले पनि फिड्रस भन्ने पुस्तकमा "सृष्टिका प्रथम कालमा पुण्यात्माहरू थिए, उनीहरूको संबन्ध स्वर्गीय देवताहरूसँग पनि थियो, परन्तु कालक्रमले मनुष्यको बुद्धिमा पर्दा लाग्दै गयो। अज्ञानी कमजोर संतान हुँन जाँदा सो संबन्ध टुट्न थाल्यो " । इत्यादि कुरा लेखेका छन्, एतावता यति भन्नै पर्छ, प्राचीन र पाश्चात्य दुवैतिरका संमान्य शास्त्रीय सिद्धान्तअनुसार आदिसृष्टि पूर्ण थियो, हुँदा हुँदा धर्म-कर्महरूको ह्रासले गर्दा सत्त्वगुणबाट रजोगुण र त्यताबाट पनि तमोगुणको मात्रा बढ्दै आयो र नाना किसिमको सृष्टिले लोक व्याप्त भयो ।

पौरस्त्य र पाश्चात्य विद्वान्को मतमा यस्तो एकता छ

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

भन्ने कुरा प्रसङ्गवशात् देखाइयो । प्रस्तुत कुरा के छ भने आद्यसृष्टिका समयमा पूर्णपुरुष उत्पन्न हुन्छन् भनेर दुवैतर्फका विद्वान्हरूले जो भने सो परिपूर्ण सृष्टि धरातलको कुन ठाउँमा हुन गयो होला भन्ने तर्क विचारवान्‌ले अवश्यै गर्नुपर्छ; किनभने मानिसको प्रकृतिअनुसार देशकालको प्रकृति पनि थाह हुन जान्छ, त्यसै उसले परिपूर्ण लक्षणका मानिसहरू जहाँ प्रकृतिको रूप पूर्णतम छैन त्यहाँ उत्पन्न हुनै सक्दैनन् । अतएव यस कुरामा सबैले सम्मति प्रकट गर्नैपर्छ कि-जहाँको भूमि प्राकृतिक वस्तुमा परिपूर्णतम छ, त्यसै भूमिमा परिपुर्ण भएका आदिकालीन मानवको सृष्टि भएको हुनुपर्छ । किनभने अपूर्णप्रकृतिक भूमिमा पूर्णप्रकृतिक सृष्टि हुनु असंभव हो । भूमिकोप्रकृति पूर्णतम कहाँ छ भन्ने कुरामा प्राचीन महर्षिहरू र अर्वाचीन गवेषणापरायण पाश्चात्य वैज्ञानिक विद्वान्हरू-समेत सब एक मत भएर स्वीकार गर्छन् "संसारभरमा भारत द्वीपको जस्तो परिपूर्ण प्रकृति अन्त कतै छैन, भारत नै प्राकृतिक पूर्णताको अनन्यसाधारण देश हो" प्रकृतिको पूर्णता एक कुराको पूर्णतामा मात्र अवलम्बित छैन किन्तु स्थूल, सूक्ष्म; कारण अथवा आधिभौतिक आधिदैविक आध्यात्मिक यी सबै कुराको पूर्णतामा निर्भर हुन्छ । भारतको प्रकृति विचार गर्दा पूर्वोक्त सबै कुराको पूर्णता यसै भारतमा पाइन्छ कसरी भने यहाँ छओटै ऋतुको विकाश जस्ताको तस्तो हुन्छ, उसैले यहाँ आधिभौतिक अथवा स्थूल प्रकृति परिपूर्ण छ भन्ने सिद्ध हुन्छ । किनभने बराबर समयमा अर्थात् दुइ दुइ महीनामा सूर्यको गतिअनुसार ऋतुहरूको परिवर्तन

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

त्यसै देशमा हुन्छ, जुन देशको प्रकृति परिपूर्ण छ। प्राकृतिक पूर्णता न भईकन यस्तो सबै ऋतुको समान समयमा परिवर्तन तथा विकाश हुनु असंभव छ। जहाँ प्राकृतिक पूर्णता छैन त्यहाँ सूर्यका गतिको प्रभावबाट हुने विभिन्नता परिवर्तन या विकाशमा समान अनुपातमा आविर्भाव तिरोभाव हुँदैन। अतएव कहीं शीतकै अधिकता र कहीं उष्णताको अधिकता हुन्छ। उसैले अफ्रिकामा ज्यादा गर्मी र उत्तरी ध्रुव प्रभृतिका नगीचका प्रदेशमा अतिशीत अत्यन्त ठण्डा हुन्छ। उसैले त्यस्ता देशमा खेतीपातीमा प्राकृतिक नियमबाहेक कृत्रिम नियम समेत लगाउनुपर्छ, जस्तै उष्णताका कमीले गर्दा खेतमा फलेको गहूँ आफै पाक्न सक्तैन र बिजुली आदिबाट उष्णताको प्रयोग गरेर मात्र तयार गराउनुपर्छ। यसबाट स्पष्ट थाह हुन्छ, भारतको जस्तो प्राकृतिक पूर्णता यूरोप आदि देशमा छैन। यसबाहेक अर्को पनि भारतको स्थूल प्रकृति पूर्ण छ। भन्ने कुरामा प्रमाण पाइन्छ, भारतमा अनन्यदेशसाधारण कुरा के छ भने यहाँ एकै समयमा विभिन्न प्रदेशमा विभिन्न ऋतुहरूका प्रभाव देखिन्छ, यस अपूर्व लक्षणबाट थाह हुन्छ कि भारतको समष्टिरूपमा मात्र प्राकृतिक पूर्णता छैन, अपितु व्यष्टिरूपमा पनि प्राकृतिक पूर्णता रहेको छ। जस्तै एकै समयमा हिमालयमा हेमन्तको प्रभाव र त्यसका कछारका आसन्न प्रदेशमा शिशिरका पताका जुन समयमा उडिरहेको देख्छौं, ठीक त्यसै समयमा मारवाड़का मरुभूमिमा दिनको मध्यकालमा अर्थात छकालमा ग्रीष्मको

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

जस्तो प्रचण्ड तथा प्रखर धूपद्वारा ग्रीष्मको प्रभाव देखिन जान्छ। पुनश्च उसै समयमा मैसूर बंगलोर आदि प्रदेशमा वासन्तिक सुषमा देखन पाउँछौं, त मध्यदेशमा शारदिक शोभाको अनुभव गर्न शक्छौं। ठीक त्यसै समयमा आसाम बंगालतिर जाने हो, भने बर्षाको छटा पनि नजरका सामन्ने पर्न आउँछ। तसर्थ राम्ररी विचार गर्दा अवश्यै मान्न पर्छ, कि भारत प्रकृति सर्बोत्कृष्ट छ तथा परिपूर्ण पनि छ, किनभने प्राकृतिक वस्तुहरूको विकाश भारतमा सालभर क्रमशः पनि भएको छ, एककालावच्छेदेन पनि भएको देखिन्छ, यूरोप आदि मुलुकमा खाली कुइरो मान्छे मात्र छन्, अफ्रिकामा कालैकाला, तथा चीन जापानमा पहेलै पहेला, तसर्थ उपरयुक्त देशको प्रकृति पूर्ण छैन किनभने त्यस देशमा एक रङ्ग- बाहेक दुइ रङ्ग सिर्जन गर्न शक्ने त्यहाँको प्रकृति नै रहेनछ, त्यस्ता प्रकृतिलाई के पूर्ण भन्नु। परन्तु भारतलाई हेर्ने हो, भने त्यस्तो असंपूर्णता पाइँदै पाइँदैन। बरू यस भारत द्वी- पमा त उज्याला गोरा गहुँगोरा सेता काला राता पहेंला श्यांवला उज्वल शाँबला हरेक रङ्गका अनेक वर्णका मानिस पैदा हुन्छन्, उसैले यो आर्यहरूका मातृभूमि भारतद्वीप पूर्ण मात्र व्हैन यस भूगोलमा यो देश परिपूर्णतम छ, किनभने यहाँका प्रकृतिमा कुनै कुराको कमी छैन, अतएव अचेलका उद्‌भिज्जका वैज्ञानिकहरू पनि मुक्तकण्ठ भएर बोल्दछन् कि यस भारत भूमिमा सारा पृथ्वीभर हुने उद्‌भिज्ज अर्थात् रूख लहरा बोट वृक्ष खेती पाती झार पात फलफूल जरीबुटी कन्दमूल झुनखुकै कुरा पनि उत्पन्न हुन सक्छन्। पूर्ण हुन्छन् उन्नत

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

पनि हुन शक्छन्। त्यस्तै प्राणीशास्त्रका तत्त्ववेत्ताहरू पनि स्पष्ट शब्दमा भन्छन्, यस भारतमा हरेक देशका प्राणीहरू अर्थात् पशु पक्षी सबै कुनै न कुनै एक देशमा आरामपूर्वक जीवित हुन र संतान विस्तारद्वारा सृष्टिविस्तार पनि गर्न शक्छन् इत्यादि । अतएव यिनै पूर्वोक्त कुराहरू नै भारत देशको प्रकृति अरू देशको भन्दा पूर्ण छ, भन्नालाई ज्वलन्त प्रमाण हुन जान्छन्। भारत महादेशकी पुण्यजला गङ्गाजीका जलको अपूर्वता र त्यस जलमा रहेको शक्ति पनि हिजो आजका पण्डितंमन्य दाम्भिक वैज्ञानिकहरू पनि स्वीकार गर्न लागेका छन्। भारतका समुद्रको गाम्भीर्य उसमा झन् मुँगा मोतीहरूको उत्पत्ति, त्यसको किसिम किसिमका जलचर जीव जन्माउने शक्तिमा कसैको विवाद छैन। संसारभरको उचो पर्वत हिमालयले पनि यसको उत्कृष्टता सिद्ध भएको छ। सिन्धु राजपूतानाको आंशिक जलहीन मरुस्थल बङ्गाल बिहार आदि देशको जलाधिक्य तथा ब्रह्मावर्त देशको समानता यी सब कुरा भारतको महिमा अनादि कालदेखि अनन्त कालतक बढाउन प्रयत्नशील छन् । ब्राह्मणजातीय सफेद भूमि क्षत्रिय जातीय रातो भूमि वैश्य जातीय पहेलो भूमि शूद्रजातीय कालोभूमि पनि यसै भारत वर्षका विभिन्न भागमा पाइन्छन् । तसर्थ यहाँ जात जातका उद्भिज्ज उत्पन्न भएर सफल हुन जान्छन् । उसैले यहाँको माटो पनि पूर्णप्रकृतिको छ भन्न अत्युक्ति कत्तिपनि पर्नेछैन, उसैले वेद पुराण स्मृति तन्त्र निवन्ध आदि हरएक शास्त्रमा भारत भूमिको अत्यन्त प्रशंसा पाइन्छ । यो हो भारतको

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

भौतिक प्रकृतिको पूर्णता। त्यस्तै यहाँको आधिदैविक प्रकृत पनि परिपूर्ण छ। किन भने यस भारत भूमिमा काशी गया प्रयाग जस्ता अनेकन् दैवी शक्तिका नित्य प्रकाशक केन्द्रहरू छन्। नाना थरीका पीठ छन्। ज्योतिलिङ्गहरूछन्, यसै प्रदेशमा ज्ञान विज्ञान पूर्ण भगवान्का अवतारहरू आविर्भाव हुन्छन्। ईश्वरका परमानन्दमय लीलाहरू पनि यस भूमिमा वरावर भइरहेका छन्। यो हो आधिदैविक पूणताको परिचय, अब आध्यात्मिक पूर्णताका बारेमा झन् भारतका दाजाँ कुनै देश आजतक छँदैछैन, आध्यात्मिक पूर्णता हुनाले नै यहाँ ज्ञान विज्ञानको भण्डार वेदको अध्ययन र वैदिक महर्षिहरूको आविर्भाव हुँदै रहन्छ। भारतमा नै पूर्ण ज्ञान प्रकाश भएकाले भारत भूमि 'मुक्तिभूमि' भनिन्छ। ज्ञानबेगर मुक्ति हुँदैन भन्ने वेदको संमान्य सिद्धान्त छ। आध्यात्मिक प्रकृति पूर्ण भएकाले भारतबाहेक अन्यत्र पूर्णतया आध्यात्मिक ज्ञान पनि हुन शक्दैन सो नभई मुक्ति हुँदैन। तसर्थ भारत भूमि नै मुक्ति भूमि हो, भन्न केही अत्युक्ति हुँदैन। भारत ज्ञानको केन्द्र हो भन्ने कुरामा पाश्चात्य पण्डित मैक्स मूलर कोलब्रुक आदिले मानेके छन्। कोलब्रुक ता भन्छन पनि "भारतबाट नै ज्ञानी विज्ञानको ज्योति ग्रीसमा पुग्यो, त्यताबाट रोममा पुग्यो, अनि सर्वत्र फैलियो" भनेर। तसर्थ भारतको प्रकृति आधिभौतिक आधिदैविक तथा आध्यात्मिक जुन रूपमा पनि परिपूर्णतम छ, भन्ने कुरामा केही पनि संशय छैन। भारतका प्रकृति परिपूर्ण छ भन्ने कुरामा यसरी निश्चय भइसके पछि यस कुरामा अवश्य

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

निश्चय गर्नैपर्छ कि प्रथम अवस्थाको पूर्ण सृष्टि तथा पूर्ण पुरुषको उत्पत्ति पूर्णप्रकृतिसंपन्न भारतमा नै भएको हो। किनकि जब अतिप्राचीन वैदिक साहित्य अनुसार सृष्टिका पूर्वपुरुष (पुराना पुरुखा) आर्यहरूका महर्षिहरू परिपूर्ण पुरुष थिए भने त्यस्ता पूर्णतम पुरुषको उत्पत्ति अपूर्ण प्रकृति भएका अरू देशमा हुँदै हुँदैन । अतएव आर्यहरूका पूर्वजहरू पूर्ण प्रकृति संपन्न भारत भूमिमा नै उत्पन्न भएका हुन, अरूकुनै देश-मा होइनन् भनेर मान्नै पर्छ। यस कुरामा अरूकुनै संदेह गर्नु पनि लहै लहैमा लाग्नु मात्र हो। आफ्नो विचारको अभाव हो, आफ्ना शास्त्रका प्रति उदासीनता देखाउनु हो। विदेशी शि-क्षाका प्रभाव हो। मनुष्यताले परिपूर्ण भएको आर्यजाति अरू कुनै देशबाट भारतमा आयो भन्ने कुरा स्वकपोलको मिथ्या कल्पना हो। आर्यहरूका उपर प्रभाव जमाई राख्न चाहने विदेशीहरूको जाल हो। जहाँ अनादि परंपराका वेदाध्ययन छ, त्यो देश आर्यहरूको आदि वास न भएर आर्को देश हो, भन्ने मानिसको दुराग्रहलाई भन्न सुहाउने शब्दै छैन।

यस भारत भूमिमा अपूर्ण प्रकृतियुक्त मनुष्य उत्पन्न हुनु, अरू अपूर्ण प्रकृति भएका देशमा पूर्ण प्रकृतिका मनुष्य उत्पन्न हुनु, त्यहाँबाट यहाँ आउनु यो सब कुरा जसले भारत वर्षको प्राचीन सँस्कृतिको अध्ययन गरेको छैन, भारत प्रकृतिको अनुशीलन गरेको छैन त्यस्ताको मात्र मनोरञ्जन हुने कुरा हो। वास्तवमा भारतका प्रकृतिसित पूर्ण परिचय भएका र यस देशको र अरू देशको प्राकृतिक विभिन्न-तामा तुलनात्मक समालोचना गर्ने बुद्धिमानहरू आर्यहरू

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

यहाँका आदिबासिन्दा होइनन् भन्ने कुरामा सर्वथा विश्वास गर्न सक्दैनन् । तसर्थ अनादिकालदेखि नै आर्यहरू भारतका निवासी हुन । पारसी आदि बाहिरका समेत आएर यहाँ बसेका छन छन त, तर तिनीहरू आर्यभावमा पुगेका छैनन् । अतएव पूर्ण प्रकृतिका आर्यजातीय ब्राह्मण्यपूर्ण मानवहरू भारतवर्ष आर्यावर्त मध्यदेश कुरुक्षेत्रादि ब्रह्मर्षि देशमा र ब्रह्मावर्त देशमा उत्पन्न भएका हुन, भन्ने कुरा मनुस्मृतिमा स्पष्ट उल्लेख गरेको छ । जस्तै–

" हिमवद्विन्ध्ययोर्मध्यं यत्प्राग् विनशनादपि ।
प्रत्यगेव प्रयागाच्च मध्यदेशः प्रकीर्तितः ॥
आसमुद्रात्तु वै पूर्वादासमुद्रात्तु पश्चिमात ।
तयोरेवान्तरं गिर्योरार्यावर्तं विदुर्बुधाः ॥
सरस्वतीदृषद्वत्योर्देवनद्योर्यदन्तरम् ।
तं देवनिर्मितं देशं ब्रह्मावर्तं प्रचक्षते ॥
कुरुक्षेत्रं च मत्स्याश्चपञ्चालाः शूरसेनका ।
एष ब्रह्मर्षिदेशो वै ब्रह्मावर्तादनन्तरः ॥"

अर्थात् हिमाचल र विन्ध्याचल उत्तर दक्षिण पट्टि पूर्व र पश्चिम पट्टि प्रयाग र कुरुक्षेत्र यति ४ किल्ला भित्रको देशलाई मध्यदेश भन्दछन् । पूर्व सागर र पश्चिम सागर पूर्व र पश्चिम पट्टि हिमाल र विन्ध्याचल उत्तर र दक्षिण पट्टि यति ४ किल्ला भित्रको देशलाई आर्यावर्त भन्दछन् ।

सरस्वती नदी र दृषद्वती नदीका माझको देशलाई देवताले निर्माण गरेको ब्रह्मावर्त देश हो, भन्दछन् ।

कुरुक्षेत्र मत्स्य पञ्चाव मथुरा इतलाई ब्रह्मर्षि देश भन्दछन् । यन देशमा आर्यहरू अनादिकालदेखि उत्पन्न हुँदै आए, यसै देशलाई आर्यावर्त भन्नुपर्छ । यत्र आर्या पुनः पुनरा-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

वर्तन्ते नाम उद्भवन्तीति, स आर्यावर्तः, अर्थात् जहाँ आर्य-हरू बराबर उत्पन्न भइरहन्छन, त्यही देश आर्यावर्त हो। यही अर्थ मनुस्मृतिका टीकामा पनि कुल्लूक भट्टले देखाएका छन्। आङ्पूर्वमा हुने वृतधातुको बराबर उत्पन्न भइरहनु भन्ने अर्थ गीतामा पनि पाइन्छ। "आब्रह्म भुवनाँल्लोकाः पुनरावर्तिनोऽर्जुन" कोही भन्छनः— "आर्याःश्रेष्ठा आवर्तन्ते पुण्यभूमित्वेन वसन्ति, अत्र इति, आर्यावर्तः," अर्थात श्रेष्ठ यानी पूर्ण प्रकृतिका मनुष्यहरू जुन देशलाइ पुण्यभूमि मानेर वस्तछन्, त्यही देश आर्यावर्त हो। आर्यावर्त देश कुन हो, भन्ने कुरा लेखिसकियो। कोही शङ्का गर्दछन आर्यावर्त देश विन्ध्यदेखि उत्तर तिर हो। त्यसैले जुन विन्ध्यमा विन्ध्यवासिनी देवी छन, त्यसभन्दा दक्षिणपट्टिको देश आर्यावर्त हैन, त्यसै दक्षिण देशलाई दक्षिणावर्त भन्दछन्। अतएव दक्षिणात्यहरूमा अनार्य द्रविड जाति छन् भन्दछन्। त्यो कुरा विचार गर्दा ठीक ठहर्दैन, किनभने दक्षिण देश पनि आर्यावर्तका भित्रै पर्छ, कसरीभने दक्षिणपट्टि ठीक समुद्रको किनारमा अर्को विन्ध्याचल छ। यो कुरा वाल्मीकीय रामायणका किस्किन्धा काण्डबाट थाहा हुन्छ, त्यहाँ लेखेको छ, विन्ध्य पर्वतका गुफाबाट निकालेर बानरहरूलाई यौटी भद्रमहिलाले भनेकी छन्:— "दक्षिणतर्फ हेर समुद्र देखिन्छ, उत्तरतर्फ जाऊ तिम्रो किष्किन्धाको ऋष्यमूक पर्वत पाउने छौ,"। अर्को कुरा उत्तर भारतलाई मात्र आर्यावर्त भन्ने हो भने उत्तर भारतका पूर्व पश्चिम सिमानामा समुद्र पर्दै पर्दैन; बरू पूर्व पट्टि ब्रह्मपुत्र आदि नद नदीहरू छन्। पश्चिमपट्टि सिन्धुदेश

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

सिन्धुनद र अरू नदीहरू पर्छन। त्यसो हुँदा माथी लेखिएको शास्त्रोक्त आर्यावर्तको सीमाना बिलकुल विरुद्ध हुनजान्छ; तसर्थ दक्षिण भारत समेतलाई आर्यावर्त मानेमा आर्यावर्तको माथि लेखेको सीमाना पनि ठीक हुन्छ, वाल्मीकीय रामायणको उक्ति विन्ध्यपर्वतका दक्षिणबाट समुद्रको दृश्य देखिन्छ, भन्ने कुरा पनि मिल्छ, दक्षिणपट्टि वैदिक ब्राह्मण उत्तम आर्य भन्न सुहाउने विद्वान् अझै पनि छन्। तिनीहरू पनि त्यहीँकै आदि बासिन्दा हुन्, कहींबाट आएका होइनन। द्रविड़ आदि अनार्यहरू त उत्तर भारतमा भिल्ल यवन आदि झैं हुन शक्तछन्। जस्तै– नील पर्वत उडिसामा, दक्षिण भारतमा, कामाक्षी देवीको पीठ भएको देशमा, हरद्वार नेर अनेक ठाउँमा पाइन्छ, त्यस्तै विन्ध्यपर्वत पनि एउटा भारतको माझमा आर्को दक्षिण समुद्रको तटमा पाइन्छ, यो कुरा पुराण इतिहासहरूबाट सिद्ध हुन्छ। अर्को कुरा जुन देशको सभ्यता आदर्श हुन्छ, त्यो सबैले मान्नुपर्छ, त्यसको सबैले अनुकरण गर्नु पर्छ, उसैले त्यस्ता अनुकरणीय सभ्यताका पथप्रदर्शकहरूले अभिमान शून्य भए पनि लोककल्याणका निमित्त भन्नैपर्छ, हाम्रो अनुकरण विश्वले गरोस्, हामीसँग सभ्यताको पाठ सिकोस् भनेर। तसर्थ अनुकरणीय आदर्श चरित्र भएका मनु आदि राजर्षिहरू भन्छन्।

" एतद्देशप्रसूतस्य सकाशादग्रजन्मनः।
स्वं स्वं चरित्रं शिक्षेरन् पृथिव्यां सर्वमानवाः "

अर्थात् माथि लेखिएका मध्यदेश आर्यावर्त ब्रह्मावर्त ब्रह्मर्षिदेशहरूमा उत्पन्न भएका ब्राह्मणबाट सारा पृथिवीमा मानवमात्रले

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

आफ्नो आफ्नो चरित्रको शिक्षा लिनू। वास्तवमा यहाँकै आदर्श आचार व्यवहार चरित्र सबै कुराले विश्व व्याप्त गरेको पनि थियो। किनभने पाश्चात्य विद्वानहरूकै सिद्धान्त अनुसार पूर्ण पुरुष आर्यहरूको ज्ञानको ज्योति समस्त संसारमा फैलिएको थियो। आजसम्म पनि सो ज्योति उनीहरूका देशमा प्रकाशमान छँदैछ। यसै उसले माथिलेखेका मनु-वाक्यको स्थान सर्वभौम छ, भन्न केही अत्युक्ति पर्ने छैन। शतपथ ब्राह्मणमा र जाबालोपनिषद्मा कुरुक्षेत्र देवयजन स्थान हो। ब्रह्मसदन हो, भन्ने उक्ति पाइन्छ ऋग्वेदमा गङ्गाजमुनाका संगममा भएका मरणको भूरिभूरि प्रशंसा पाइन्छ। यिनै सारा प्रमाणद्वारा सिद्ध हुन्छ कि भारत नै आर्यहरूको आदि निवास्थान हो, अरू कुनै भारत वाहिरको देशबाट आर्यहरू यहाँ आएका होइनन्। यति बात धर्म शास्त्रका र विचारका आधारमा देखाइयो। यस बाहेक ऐतिहासिक विद्वान्हरूको जो कल्पना छ, सो खालि निराधार तर्कका मात्र भरमा छ, तसर्थ त्यस कुरालाई आग्रहपूर्वक पत्यार गर्नहुन्न।

सृष्टिको गूढरहस्यको वारेमा नवीन ऐतिहासिकहरूको उक्ति र त्यसको थोडाबहुत विचार पनि भइसक्यो। माथि लेखेअनुसारमा अलिकति अदल वदल होला, तर सारा पुराणमा धेरै जसो मिलजुल हुन्छ। समन्वय हुन सक्छ। ब्रह्माण्डसृष्टिका विषयमा यहाँतक गरिएका विचारद्वारा स्पष्ट हुन्छ कि –आदिकालको सृष्टिमा मनुष्यहरू उत्पन्न हुँदो पूर्णरूपमा उत्पन्न भए। पिण्डसृष्टिमा भने जीव क्रमिक उन्नति गर्दै बडो मुश्कीलसाथ मनुष्ययोनितक पुग्दछ। मनुष्यमा

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

पनि असभ्य, सभ्य, अनार्य, आर्य, सभ्यआर्य योनिसम्म पुगेर पनि ब्रह्मलोकतिरको अग्रसर हुन थाल्दछ। विचारणीय कुरा के छ, भने त्यस्ता परिपूर्ण मनुष्यहरू यस धरतीका कुन भागमा उत्पन्न हुन शकलान् भन्ने, यसमा जहाँको धरतीको प्रकृति पूर्ण छ, उहीं जन्मिन्छन् भन्नै पर्छ। भारतको प्रकृति सबभन्दा पूर्ण छ भन्नें कुरा लेखियो। उसैले भारतमा नै पूर्ण प्रकृतिका मनुष्य जन्मे। सबका सब यहाँ पूर्ण प्रकृतिका उत्पन्न नहोउन् सही, परन्तु पूर्ण मानव उत्पन्न हुनालाई भारत बाहेक अरू देशको प्रकृति योग्य छैन; अरू देशका मनुष्यहरू-लाई पनि पूर्णतम मानव हुने अवस्थामा यसै भारतमा जन्मलिन आउनुपर्छ। अनिमात्र ज्ञानको पूर्णताद्वारा पाइने मुक्तिका अधिकारी हुन जान्छन्। यहाँ सम्मको विचारबाट शास्त्रसम्मत आर्यहरूको आदि निवास भूमि भारत हो, अरू होइन भन्ने कुरा सिद्ध भयो। अब नवीन गवेषणा-परायण ऐतिहासिकहरूको कल्पना ठीक छैन, भन्ने कुरा देखाइन्छ। उनीहरूको पहिला भनाइ के छ, भने आर्यहरू मध्यएशियाको कस्पियन रहका निकट देशमा थिए, पछि भारतमा आए। यसमा सबूत के दिन्छन् भने, ऋग्वेदमा मध्यएशिका नद नदी गाँउ नगरहरूका नाउँ सबै प्रायशः मिल्छन्। अर्को कुरा आर्यको रूप रङ्ग जस्तो हुन्छ भनेर आर्यशास्त्रमा बताएको छ, त्यस्तै रूप रङ्ग त्यहाँका वासिन्दाको हुन्छ। अर्थात् आर्यहरू झैं त्यहाँका बासिन्दा पनि श्वेताङ्ग हुन्छन्। अझ अर्को कुरा त्यहाँका प्राचीन देव देवीहरू र आर्यशास्त्रोक्त देव देवीहरूको नाउँ परस्परमा मिल्छन्

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

भएको हुन्छ । यस बिषयमा समाधान गर्नु केही गाह्रो कुरा होइन । किनभने निर्दिष्ट युक्तिहरू उत्तिको बलिया छैनन् । कसरी भने वेद्मा उक्तदेशका नद नदाहरूका नाउँ देखेर सोही देश आर्यहरूका प्राचीन देश हो, भन्ने हो, भने वेद्मा गङ्गा यमुना सरस्वती शतद्रु वितस्ता आदि भारतका नदीहरूको नाउँ पनि पाइन्छ, तसर्थे आयहरूका निवास भूमि प्राचीन भारत नै हो, भन्न किन नशक्नु । गङ्गा यमुना सरस्वती आदि भारतीय नदीका नाउँ वेद्मा छन, भन्ने कुरामा वेद्मा राम्ररी आँखा दिएका सज्जनहरू नै प्रमाण छन् । तसर्थ त्यस किसिमको नाउँको मात्र समानताले आर्य-हरूको प्राचानदेश मध्यएशिया भन्न सर्वथा हुँदैन । सामान्य तवरले नै जान्न सकिन्छ कि– कुनै चिनीया इतिहास या भौगोलिक साहित्यमा भारतको उल्लेख अथवा भारतीय नगर नदीहरूको नाउँ पर्‍यो भन्दैमा चिनीयाँहरूको आदि निवास भूमि भारत हो भन्दा, औ, अंग्रेजहरूका कुनै भूगोल या इतिहासमा कामस्कट्काको कुनै शहरको नाउँ आयो भन्दै-मा अंग्रेजहरूका पूर्वजहरू कामस्कटकाका आदि निवा-सी हुन भन्दा कस्तो हास्य होला, उस्तै ऋग्वेद आदि भारतीय वाङ्मयमा मध्यएशियाका नद नदी नगरहरूका नाउँको समानता छ, भन्दैमा आर्यहरू पनि त्यहींका आदि निवासी हुन भन्नु त्यस्तै त के ? त्यहाँभन्दा पनि नितान्त हास्यास्पद कुरो हो । अतएव यस भनाइबाट झन्‌यस कुरामा पो परिपुष्टि हुन आउँछ कि– भारतीय आर्यहरूको आधिपत्य मध्यएशियामा समेत जमेको थियो, उसैले भारतका नद नदी

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

नगरहरूकै नाउँका समानतामा उहाँ पनि आर्यहरूले नाउँ राखे। आर्यहरू पूर्वकालमा पृथिवीका अधीश्वर थिए। सर्वत्र उनीहरूको आधिपत्य विस्तार थियो। यसैउसले सर्वत्र उनीहरू आउने जाने गर्थे, अतएव उनीहरूका ग्रन्थमा मध्यएशिका देशका नद नदीहरूको नाउँ आउनु स्वाभाविकै हो। आर्यहरूका अन्यान्य ग्रन्थमा अरू देश र त्यहाँका नद नदी नगरहरूको नाउँ देखेर आर्य भारतका प्राचीन निवासी होइनन, भनेको भए पनि कुरा अर्कै थियो, तर वेदमा मध्यएशियाका नद नदीको नाउँ या कुनै विदेशका नद नदी आदिको नाउँ देखेर मात्र आर्य यहाँका होइनन् भन्नु सर्वथा अनुचित हो। किनभने वेद पुरुषकृत पौरुषेय हुँदो हो, त आर्यहरू आफ्नो प्राचीन देशबाट विभिन्न देशमा गए, यसर्थ प्राचीन देशका नद नदीहरूको नाउँसित अर्वाचीन देशका नद नदीहरूको नाउँ मिल्छ भन्न सुहाउँथ्यो, परन्तु वेद मनुष्यले बनाएको पौरूषेय ग्रन्थ होइन, किन्तु सत्यपूर्ण, नित्यस्वरूप, अभ्रान्त, अपौरुषेय, ज्ञानैज्ञानको एक अद्वितीय वाङ्मय हो। ऋषिहरूदेखि लिएर ब्रह्मासम्मका कुनै पुरुष वेदका कर्ता होइनन्, खालि द्रष्टा मात्र हुन्। अतएव आर्यहरू जहाँ जहाँ वसे, उहीं उहींको कुरा वेदमा लेखे, भन्नु सर्वथा भ्रमपूर्ण कुरा हो। वेदमा मध्यएशियाका नदीहरूको र भारतका नदीहरूको पनि नाउँ कसरी आयो, भने एकतः जुनसुकै समाजमा पनि इतिहासमा लेखेका पुरुषको नाउँ छोरा छोरीका राख्ने, त्यस्तै गाउँ शहर समेतको नाउँ राख्ने चलन छ। त्यसबाट पनि वेदानुसार नाउँ यत्र

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

तत्र आधिपत्य जमाएका आर्यहरूद्वारा हुन गयो । अर्को कुरा वेदज्ञानका भण्डार हो, उसैले प्रत्येक देशका नदीहरूका नाउँ वेदमा आउन शक्छ । वेद विश्वको पथप्रदर्शक हो, ज्ञानपूर्ण वाङ्मय हो, उसैले विश्वसित वेदको नाता छ। विश्वको त्यसले कुनै न कुनै रूपमा ख्याल गर्छ । जब वेदले मनुष्यका बुद्धिको अगम्य अध्यात्मतत्व राम्ररी विशद गर्छ, अनि भनौं, वेदमा भौतिक दुइ चार बात आउनु के आश्चर्य होला। वेद समस्त पृथिवीको आदि ग्रन्थ हो, वेदको विकाश भूमि पनि भारतवर्ष नै हो, भन्ने कुरा सबै देशका विद्वान्-हरूले एकस्वरले मानेकै छन् । उसैले वेद जस्तो आदिग्रन्थ भारतकै हो, भने वैदिक आर्यजातिको प्राचीन भूमि पनि भारत नै हो, यस कुरामा संदेह नै हुन शक्दैन ।

अर्को युक्तिः– आर्यहरू श्वेतवर्णका हुनुपर्छ, भारतमा श्वेतवर्णका मान्छे छैनन्, सेता मान्छे काकेशियामा हुन्छन्, तसर्थ काकेशियाबाट आर्यहरू भारतमा आएका हुन् भन्दछन्। तर यस्तो युक्ति जसले दियो त्यसले सर्वत्र भारतमा भ्रमण गर्दै गरेको रहेनछ भन्नु पर्छ, किनभने भारतभित्र गोरा सेता आर्यहरू प्रशस्त पाइन्छन्; पंजाब, यू पी., सी. पी, नेपाल विहार आदि प्रान्तमा हेर्नू कत्तिका सेता गोरा मानिस पाइन्छन् । मध्यदेशमा जो आर्यहरू छन, आजतकती सारा गोरा सेता छन् । तसर्थ यस्तो युक्ति दिने सज्जनलाई असली गोरो वर्ण कुन हो, त्यसको पनि बिलकुल थाहै न भएको बुझिन्छ । किनभने आजतक सिवाय भारत अन्त कहीं पनि यथार्थमा

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

गोरा वर्णका मान्छे हुँदै हुँदैनन् किन्तु भारत बाहिर यूरोप या मध्य एशिया जहाँहोस् त्यहाँका मानिस यथार्थ गोरोवर्णका होइनन्, किन्तु नाउँ मात्रका गोरा हुन्,वास्तवमा तिनीहरू हुन् कुहिरा,आर्यावर्तका आर्यहरूमा वर्णको जो अन्यथाभाव देखिन्छ सो काल आहार विहार सँस्कार आदिका प्रकोपबाट भएको हो। तसर्थ वास्तव गोरो वर्ण अझ पनि आर्यमा नै भारत मै छ, बाहिरको गोरो वर्ण २ होइन,त्यो हो कुहिरो वर्ण। आर्योक्त गौरवर्णका मान्छे काकेशियामा छन्, तसर्थ आर्यको प्राचीन देश काकेशिया भन्नु, अकाण्ड ताण्डव मात्र हो। अर्को युक्ति देव देवीका नाउँ तथा भाषाका शब्दको समानता देखेर जो सज्जन मध्यएशिया आर्यहरूका प्राचीन देश हो, भन्दछन्, अथवा संस्कृतमा र जर्मनी भाषामा रहेको समानताबाट पोलेण्ड या स्काण्डेनेभियातिर आर्यको पुरानू बस्ती हुनुपर्छ भन्दछन्, त्यो पनि खाली अडकल पच्चुमात्रको कुरो हो। किनभने आर्यका आधिपत्य विस्तारका साथै आर्यको साँस्कृतिक विकाश पनि सर्वत्र थियो उसैले आर्यका शब्द व्यवहार रीति रिवाज चाल चलन सबै कुराको अनुकरण सर्वत्र हुन्थ्यो। उसैले त मनुस्मृतिमा मनुले लेखका छन्।

"एतद्देशप्रसूतस्य सकाशाद् विप्रजन्मनः।

स्वं स्वं चरित्रं शिक्षेरन् पृथिव्यां सर्वमानवाः॥

अब अचेल आर्यहरूको त्यस्तो रोब छैन तापनि आर्यहरूका भाषाका शब्द देव देवी नद नदीहरूका नाउँको समानता छँदैछ, जसबाट कि अचेल तरह तरहका शङ्का समेत भइरहेका छन्। विदेशमा आफ्नो आधिपत्य विस्तार हुन जानु

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

आर्यहरूको गौरवको कुरा हो। सृष्टिकै आदिदेखि आजभन्दा केही हजार वर्ष पहिलेतक आर्यहरूको अखिल पृथ्वीभर आधिपत्य थियो। सारा संसारका आर्यहरू कर्तव्यपथको-निर्देश गर्ने जगत् गुरु थिए। आर्यहरूले देश देशान्तरमा अधिकार विस्तार गरेका वारेमा आजसम्म किसिम किसिमका-चिन्ह पाइदछन्। तसर्थ नवीन ऐतिहासिकहरूको कल्पना अर्थात् आर्यहरू भारतका आदि निवासी होइनन्, किन्तु बाहिरबाट भारतमा आएका हुन्, भन्ने कुरा सर्वथा भ्रमपूर्ण हो। आर्यशब्दको अवयव व्युत्पत्तिबाट पनि थाह हुन्छ कि-आर्य शब्द 'ऋ' धातुबाट भएको शब्द हो। ऋ-धातुको अर्थ गति हो। उसैले ठाउँ ठाउँमा गएर आफ्नो अधिकार कायम गर्ने हिम्मत हुने जाति आर्यजाति नै थियो। सारा पुराण इतिहास जति जति आर्यको इतिहास देखाउने ग्रन्थ पाइन्छन् ती सबैमा आर्यहरूको साम्राज्य भारत देखि बाहिर पनि थियो भन्ने कुरा पाइन्छ। जस्तै- जम्बूद्वीपका बीचमा ९ खण्ड पारी भरत भन्ने राजर्षिले आफ्ना छोराहरूलाई बाडिदिए। प्रियव्रत महाराजले सातै द्वीप आफ्ना सात छोरालाई बाँडिदिए, इत्यादि वर्णन पाइन्छ। पृथिवीका खण्डहरूको पुराना नाँउ थियो अर्कै, नयाँ नाउँ छ अर्कै-जस्तै एशिया; अमेरिका युरोप, अफ्रिका आष्ट्रेलिया जो कुछ होस्, आर्यशास्त्र अनुसार यी सब देश आर्यकै राजर्षिका अधिकारमा थिए, भन्ने सिद्धान्त निस्कन्छ। प्रसिद्ध प्रत्नतत्ववेत्ता पण्डित ब्रुगसबे साहेबले पनि भनेका छन्, अतिप्राचीन कालमा स्वेज क्यानलपार पुगेर समेत आर्यहरूले नील नदका तटवर्ती प्रदेशमा

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

उपनिवेश कायम गरेका थिए। कर्नल अलकाट साहेवले पनि भनेका छन् कि–" भारतका आर्यहरूले मिश्रदेशमा आफ्नो अधिकारानुसार सभ्यता शिल्पकला आदिको विस्तार गरेका थिए"। महाभारतको युद्ध हुनुभन्दा पहिले पाण्डवहरूको दिग्विजय वर्णन गरेको भारतको सभापर्व हेर्दा छर्लङ्ग हुन्छ कि विदेशमा मुख्य मुख्य देशमा पाण्डवहरूको आधिपत्य जमेको थियो भन्ने कुरा। जस्तै प्रथम यात्रा पांड्वको चीन तिब्बत मङ्गोलिया पारस आदि देशमा भयो,त्यसपछिको यात्रामा अरब मिश्र आदि देशमा गरेर उहाँ पनि आर्यहरूको विजय पताका फहराए। महाभारतको आदिपर्वमा सगर महाराजको दिग्विजयको वयान लेखेको छ। त्यहाँ के छ भने महाराज सगरले भारत महासमुद्रका बीचमा रहेका सारा द्विप उपद्वीपहरूमा आफ्नो आधिपत्य जमाएका थिए। उत्तरमेरु प्रदेशमा पनि आर्यहरू आउने जाने गर्थे भन्ने कुरा महाभारतबाट नै थाह हुन्छ, कसरीभने महाभारत वनपर्वमा पाण्डुराजाले कुन्तीलाई उत्तर मेरुमा हुने स्त्रीहरू नाङ्गा हुन्छन् भनेर वताएका छन्, भन्ने उल्लेख पाइन्छ। ऋग्वेद प्रोक्त भुज्युराजाको दिग्विजयवृतान्तबाट पनि आर्यहरूको सर्वत्र भएको आधिपत्य जान्न सकिन्छ। तसर्थ आर्यहरूको वेदशास्त्र इतिहास र पश्चिमी विद्वान्हरूको सिद्धान्त अनुसार पनि आर्यका दिग्विजयी राजाहरू यस पृथ्वीमा सर्वत्र घुम्थे। यत्र तत्र राज्यकायम गरी छाड्थे। जुन जुन देशमा उनीहरूको आधिपत्य जमेको थियो, उन उन देशमा रहने मानव जातिमा अधिपति भएक आर्यहरूको अवश्य प्रभाव जमेकै

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

हुन्थ्यो, तदनुसार आर्यभाषाका शब्दहरू उस देशका वासिन्दाका भाषामा समेत जान्ने कुरा कुनै आश्चर्यपूर्ण कुरा होइन, किन्तु स्वाभाविक हो । जस्तै भारतमा अंग्रेजको आधिपत्य जमेका वेलामा सबै भारतका देशी भाषामा अंग्रेजी शब्दहरू कुनै न कुनै रूपमा घुसेका थिए। मुसलमानी तख्तमा सारा भारतका भाषामा ऊर्दू शब्दहरू पूर्ण थिए। जितेका देशमा जेताहरूले भाषाद्वारा नै अधिकार जमाउँ छन्। उसैले आर्यहरूले पनि जितेका देशमा आफ्ना भाषाको समेत प्रभाव जमाएका थिए। कालगतिले आजकल आर्यजातिको त्यो प्रभाव छैन तापनि पहिलेको प्रभावको रूपरेखा शब्द भाषा देव देवी नद नदी नगर आदिका नाउँमा अझै विद्यमान छ। उसैले मध्यएशिया पोलेण्ड आदिका नद नदी आदिका नाउँमा भारतीय आर्यको तुल्यता भएको हो ।

संस्कृत भाषाको र पोलेण्ड जर्मनी स्कांडिनेभिया आदि देशका भाषाको साम्य हुने कारण दुइ किसिमको हुनशक्छ। कुन कुन भने पहिला त जुन जुन देशमा आर्यजातीय राजाहरूले आफ्नो आधिपत्य फैलाए उ उ देशमा आर्यहरू बसाइं बस्न पनि थाले, पछि जव आर्यहरूको गौरव घट्न थाल्यो खाल भारतमा मात्र आर्यको शासन बाँकी रह्यो, त्यस वेला विदेशमा गएर पहिले देखि बसेका आर्यहरूको आर्यजातीय विद्वान्‌सित संवन्ध नष्ट भयो, सुस्त सुस्त आर्यजातीय आचार विचार आहार व्यवहार पनि भ्रष्ट हुँदै गयो, परन्तु भाषा भने आर्यभाषा छँदै थियो, तै पनि कालचक्रले परिवर्तन गरिदियो । तथापि पूर्ण परिवर्तन भइशकेको न हुनाले अझै पनि

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

संस्कृत भाषाको रूपरेखा सित मिलेको नै देखिन्छ। तसर्थ यसकारणले देशान्तरीय भाषाको र सँस्कृत भाषाको तुल्यता भएको हो। यो कुरा मनुस्मृतिका तल लेखेका श्लोकबाट समेत स्पष्ट थाह हुन शक्छ। जस्तै–

शनकैस्तु क्रियालोपादिमाः क्षत्रियजातयः।
वृषलत्व गता लोके ब्राह्मणा ऽ दर्शनेन च ॥
पौण्ड्रका श्चौण्ड्रद्रविडाःकाम्बोजा यवनाः शकाः
पारदाः पल्ह वाश्चीनाः किराता दरदा खशाः ॥
मुखबाहूरुपज्जानां या लोके जातयो बहिः।
म्लेच्छेवाचश्चार्यवाचः सर्वते दस्यवः स्मृताः ॥

उपनयन आदि सँस्कार र वैदिक अध्ययन आदि केही पनि हुन न पाउँदा, औ ब्राह्मणहरूको संबन्ध समेत छुट्न जाँदा निम्न लिखित जातिहरू शूद्रभावमा पुगेका हुन, जुन जातिहरूको नाउँ हो पौण्डक; औण्ड, द्रविड, काम्बोज यवन शक, पारद,पल्हव,चीन, किरात, दरद औ खश। ब्राह्मण क्षत्रिय वैश्य शूद्र बाहेक म्लेच्छभाषाभाषी अथवा आर्यभाषाभाषी जो होऊन् ती सब दस्यु हुन्। यस मनुको वचनबाट सावित हुन आउँदछ कि–आर्यहरू नै धेरैजसो वर्णाश्रम धर्म विमुख हुनजाँदा खेरी अनार्य हुन गएका रहेछन्। चारवर्ण छत्तीस जात बाहेक जति अरू मनुष्य यस धरातलमा छन्, म्लेच्छ भाषा बोलून् या आर्यभाषा बोलून् ती सब दस्यु भनिन्छन्। यसर्थ वर्णाश्रम धर्मानुसार काम काज हुन न पाउँदा आर्यहरू नै नाना थरी मनपरी जातिको कल्पना गर्दै हामी फलाना जातका हौं भनी आफ्नै मूल जातिलाई नै अज्ञानवश घार

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

दलन गर्ने मनसाय भएका भएर पृथ्वीका देश देश भर विस्तीर्ण भएका हुन्। महाभारतमा महाराज ययातिले आफ्ना छोराहरूलाइ देश निकाला गरे भन्ने औ महाराज सगरले कुनै प्रजाहरूलाई नै देश निकाला गरे भन्ने कथा आउँछ। ऋग्वेद ऐतरेय ब्राह्मणमा विश्वामित्र ऋषिले आफ्ना पचास-ओटा छोराहरूलाई म्लेच्छ गराए भन्ने उक्ति पनि पाइन्छ, ऋग्वेदमा सुदास राजाले विद्रोहीहरूलाई राज्यबाट वाहिर निकाले भन्ने अर्को कथा पनि छ (यसबाट वेदको अनादित्व उड्दछ भन्ने शंका न गर मीमांसा १–२ पादको सिद्धान्त हेर)

इत्यादि प्रकारले नै भारतका आर्यहरूले यूरोप अमेरिका अफ्रिकाका अनेकन् ठाउँमा बस्न पुगे, कालान्तरमा देशान्तर हुँदाहुँदा सबकुरा परिवर्तन हुन गयो, तापनि अझै धेरै बहुत बात समानरूपमा पाइन्छ, जस्तै कि भाषासाम्य नहुनदो देव देवीहरूका नाउँमा समानता इत्यादि।

आर्यहरूका भाषाको मौलिकता

सँस्कृतभाषाको र अरू विदेशी भाषा ग्रीक जर्मनी लेटिन-हरूको समानता हुनामा कारण अर्को पनि छ। त्यो के हो भने सँस्कृत भाषाको मौलिकता हो। सँस्कृत भाषा अन्य-देशीय भाषा झैं अस्वाभाविक रूपबाट भएको होइन। किन्तु प्रकृतिको परिस्पन्दनबाट उत्पन्न भएका नादका सहाराबाट बनेको हो। प्रलयका अचिन्तनीय गर्भबाट जब विश्वको पुनः सिर्जना हुन थाल्दछ त्यस वेला प्रकृतिको प्रथम परिस्पन्दन-बाट उत्पन्न भएको शब्द नै ओंकार हो। ओंकारका हरतर-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

हका स्पन्दनबाट अनन्त वाङ्मय संसारको रचना हुन गएको हो। तसर्थ प्राकृत शब्दको समष्टि नै सँस्कृत भाषा हो। प्राकृत भनेर जो आजकल प्राकृत भाषा पाइन्छ त्यसलाई यस प्राकृत शब्दले व्यवहार गरेको होइन, त्यो त प्राकृत अर्थात् साधारण योग्यता हुने शास्त्रीय शिक्षा भएका मानिसको भाषा हुनाले प्राकृत मानिएको हो। सँस्कृतलाई प्राकृत भन्नाको कारण मूल प्रकृतिका परिस्पन्दनबाट उत्पन्न भएको हुनाले हो। उसैले अन्यदेशीय सारा भाषाहरू यसै मूलभूत प्रकृतिका स्पन्दनबाट उत्पन्न भएका प्राकृत शब्दका विकार मात्र हुन्। जब संसारमा प्रकृतिबाहेक अरू वस्तु विकृति हो, किं वा प्रकृति विकृति उभयरूप हो। तब शब्दको मूलप्रकृति ओंकारकै प्रथम विकृति सँस्कृत भाषा नै भूगोलवर्ती अन्यान्य भाषाको प्रकृति हो, भन्नमा केही पनि सन्देह रहँदैन। उसैले समस्त भाषाका मूलमा सँस्कृतको केही न केही छाया परेको हुन्छ। सो स्पष्ट छ सबैले मानेकै छन्। त्यसैले जर्मनी आदि भाषामा सँस्कृतको समानता पाइन्छ। भाषासाम्यबाट आर्यतहरूको त्यस देशसित कुनै न कुनै सँबन्ध भएको कुरा पनि यथार्थ हुन्छ।

वेदमा लामा लामा रात औ लामै दिनका वर्णन आएको र ज्यादै कठिन शीतको समेत वर्णन आएका हुनाले तथा जेन्दा भेस्ता, भन्ने, पुस्तकमा पनि आर्यहरूको स्वर्ग उत्तर मेरू प्रदेशमा थियो त्यहाँपछि ज्यादै हिमपर्न जाँदा दक्षिणतिर लागे, भन्ने यस किसिमको आर्यहरूको भारत प्राचीन देश होइन, किन्तु उत्तरमेरू प्रदेश आदि वास भूमि हो, भनेर जो कल्पना

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

गरे त्यो खालि निराधार कल्पना हो। वेद एउटा महान् अपौरुषेय ज्ञानपूर्ण वाङ्मय हो। तसर्थ वेदमा संसारका हरएक प्रदेशका वातहरू पाइन्छन् भन्न कुनै संदेह नै हुन सक्दैन। तसर्थ वेदमा यस्ता कुरा देखदैमा मनमाना कल्पना गर्न योग्य हुँदैन। वेद्मा परै रहोस् इतिहासस्वरूप महाभारतैमा पनि उत्तर मेरुका बयान पाइन्छ, त्यसैबाट वरु भन्न सजिलो हुन्छ कि आर्यहरू उत्तरमेरुसम्म पनि आउने जाने गर्न शक्थे। भारत जस्तो इतिहासमा पनि यस्तो स्पष्ट भनाइ छ भने भूत भविष्य वर्तमान सबै कुरा ज्ञानपूर्ण वाङ्मयद्वारा निर्देश गर्ने वेद्मा उत्तरमेरुको चर्चा आउनु कुनै असम्भव होइन। पारसीको 'जेन्दाभेस्तामा' आर्यहरूको स्वर्ग उत्तर मेरु हो, भन्ने जो उल्लेख पाइन्छ त्यो ठीक होइन। किनभने आर्यहरूको स्वर्ग कस्तो छ भन्ने बारेमा आर्यका शास्त्रमा अलौकिक अनन्त सुखको स्थानलाइ स्वर्ग मानेको छ—

जस्तै—"यन्न दुःखेन संभिन्नं नच ग्रस्तमनन्तरम्
अभिलाषोपनीतं च तत्सुखं स्वःपदास्पदम्"
"सुसुखः पवनः स्वर्गे गन्धश्च सुरभिस्तथा"

"जुन सुखमा दुःखको संमिश्रण छँदै छैन, जुन सुख विनश्वर छैन, औ जुन सुख कामनानुसारको छ, त्यही सुख स्वर्गपदवाच्य हो।"

"स्वर्गीय हावा अति उत्तम सुखकर हुन्छ, सुगन्ध पनि बहुत असल हुन्छ"। यस्तो स्वर्गका विषयमा भनाइ छ। जे होस् स्वर्ग एउटा दुःखको लेश पनि नभएको स्थान हो। तर जुन

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

ठाउँमा सूर्यको छ, छ, महीनासम्म दर्शनै पाइन्न, जाडै-जाडाले जुन ठाउँमा टीक्ने हिम्मतै हुन शक्तैन, त्यस्तो ठाउँलाई सुखमय स्वर्ग हो कसरी भन्न शक्नु । स्वर्गलोक निरन्तर प्रकाशपूर्ण लोक हो। अतः छ,छ,महीनासम्म अँध्यारो हुने देश स्वर्ग हो, भन्नु हठमात्र हो। कुनै युक्तियुक्त कुरा होइन । भूगोलको गतिविधि जान्ने पण्डितहरूको संमति छ, विषुवरेखाको समीपवर्ती देशमा सूर्यको रश्मि अधिक पर्न जान्छ । तसर्थ विषुवरेखा देखि पर पर्ने उत्तर मेरु प्रदेशमा सूर्यको ताप अत्यन्तै कम पर्छ। उसैले त्यहाँ ज्यादै जाडो हुनु स्वाभाविक बात हो। यसर्थ त्यहाँ वासन्तिक सुषमा चिरकालव्यापी थियो। आनन्द विराजमान थियो । त्यसै देशमा संसार श्रेष्ठ आर्यहरू रहन्थे, परन्तु पछि ज्यादै जाडो हुँदा त्यहाँबाट भागे । यस्तो सिद्धान्त भूगोलविद्याका भरमा पनि हुन शक्तैन, आर्यशास्त्रका कुनै कुनामा पनि हुन शक्दैन, आर्यशास्त्रका कुनै कुनामा पनि स्वर्गको यस्ता अप्राकृत वर्णन पाइदैन। उत्तरमेरु नै स्वर्ग हो, भने त्यस्तो जाडाको दुर्दशा भोग्ने इच्छा गरीकन तपस्या जप यज्ञ कुनै मानिसले गर्न नै थिएन, न शास्त्रले नै विधि बताउने थियो । बरु स्वर्गको बयान गर्दा शास्त्रमा लेखेको छ, कि त्यहाँ भय कसैको छैन; भोक प्यास छँदै छैन त्यहाँ पुगेका पुण्यात्माहरू निरवच्छिन्न दिव्य भोगको उपभोग गर्छन् । स्वर्गको माथिलेखे जस्तो जाडो अँध्यारो यस किसिमको दुर्दशा भए शास्त्रले किन यस्तो बयान गर्थ्यो । तसर्थ स्वर्गका बारेमा समेत यस्तो निरङ्कुश कल्पना हुनु हास्यको महान्

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

विषय हो। सर्वथा भ्रमपूर्ण हो। स्वर्गलोक अथवा चतुर्दश भुवनको जो विज्ञान हो, सो साधारण होइन, किन्तु महान् हो। सरल होइन, अपितु अतिसूक्ष्म कठिन रहस्यपूर्ण विज्ञानयुक्त कुरा हो। तसर्थ जसले अध्यात्मभाव अधिदेव भाव अधिभूतभाव राम्ररो अनुशीलन गर्न सकेको छैन, त्यस्ताले यस्तो कुरा संझनै सक्दैन, वेदकै आधारमा उत्तर मेरुको अवस्था पहिले लेखे जस्तो थियो, अचेल पनि त्यस्तै छ भने आर्यहरूले किन छाडे, औ यहाँ किन आए। पहिले त्यहाँ कठिन शित थिएन बीचमा ज्यादै जाडो भयो,अचेल फेरि कम्ती भएको छ, भन्नु पनि सत्य तथा शास्त्र दुवैको विरुद्ध देखिन्छ, यद्यपि मेरुमा यस किसिमको परिवर्तन भइरहोस् तथापि यस्ता कल्पना गर्न कुनै मजबूत प्रमाण पाउन शकिन्न। वेदमा शीतको अधिक बयान भएकाले वैदिक आर्य शीत प्रधान देशका हुन्, भन्नु पनि भ्रमपूर्ण कुरा हो, किनभने शीतपूर्ण ऋतुको मात्र वेदमा वर्णन छैन, अरू छवै ऋतुको उल्लेख यथार्थ मात्रामा गरेको छ। तसर्थ वेदमा गरम देशको पनि बयान पाइएकाले आर्यहरू उष्णप्रधान देशका हुन् भनेर अर्कोले अर्को कल्पना गऱ्या भने सिद्धान्तको ठेगाना नै रहँदैन। यस किसिमका कल्पनाका भरमा आर्यका प्राचीन देशको टुङ्गो लाग्न सर्वथा सक्दैन। तसर्थ गम्भीर विचार पुऱ्याई तर्कपूर्ण मस्तिष्कद्वारा अनुशीलन गर्ने हो भने जुन देशमा छवटै ऋतुको यथासमय पूर्ण विकाश हुन्छ, त्यही देश पूर्णप्रकृतियुक्त हो। औ त्यसै देशमा पूर्णप्रकृतियुक्त आर्यहरू रहन्थे, आज पनि छँदै छन्। त्यस्तो देश भारतसिवाय अरू

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

हुनै शक्तैन, प्राकृत वस्तुको पूर्णता कहीं छ त भारतमै छ अन्त, कतै छँदै छैन, अतः सारा विचार वेद, शास्त्रीय प्रमाण इतिहास पुराण भूगोल इत्यादि सब उपलब्ध साधनका अवलम्बनबाट भारत नै आर्यहरूको प्राचीनकाल देखिको निवासस्थान हो, भन्ने कुराको निर्णय हुन्छ । एतदतिरिक्त अरू कोही वैज्ञानिक अनुसंधानकारीहरूको तिब्बत आर्यको प्राचीन देश हो भन्ने मत पनि छ, त्यो मत अति दुर्बल र प्रमाणहीन छ । विचारवानहरू सहजै त्यसलाई मिथ्या भन्न शक्छन् । किनभने, तिब्बत ठण्डा मुलुक हो, उसैले सबै ऋतुहरू त्यहाँ विकशित हुन पाउँदैनन्, तसर्थ त्यो अपूर्ण-प्रकृतिक देश हो । अतएव त्यहाँ पूर्णप्रकृतिका आर्यहरू सर्व प्रथम उत्पन्न भए भन्न सुहाउँदैन । अर्को वात मध्यएशिया आदि देश आर्यको उद्भव स्थान हो, भन्ने कुरामा जति युक्ति दिन्छन् त्यसको आधा जति पनि युक्ति तिब्बतका वारेमा दिंदैनन् । अतः यस्तो भनाइमा केही पनि दम छैन । आर्यहरू स्वर्गमा उत्पन्न भएका हुन्, स्वर्गको अर्को नाउँ त्रिविष्टप हो, त्यसै त्रिविष्टप शब्दको अपभ्रंश शब्द तिब्बत हो, त्यसैले देवतुल्य आर्यहरूको उत्पत्तिस्थान तिब्बत हो, भन्नु पनि एक कल्पना मात्र हो । मूल सिद्धान्तहीन कल्पना हो । बरू मनुस्मृति आदि ग्रन्थमा स्वर्गबाट मनुष्यको सृष्टिहुन्छ भन्ने कुराको उल्टो भनाइ पाइन्छ, जस्तै —

" तस्मिन्नण्डे स भगवान् उषित्वा परिवत्सरम् ।
स्वयमेवात्मनो ध्यानात्तदण्डमकरोद्द्विधा ॥

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

ताभ्यां च शकलाभ्यां च दिवं भूमिं च शाश्वतीम् ।
मध्ये व्योम दिशश्चाष्टावपां स्थानं च निर्ममे " ॥

अर्थात् " ब्रह्माजीले सारा सृष्टिको आधारभूत अण्डका भित्र सालभर बसेर आत्मध्यान गरी त्यस अण्डलाई दुइ फ्याक पार्नु भयो । तिनै दुइ फ्याकमध्ये माथिल्ला फ्याकले स्वर्गादिलोक र तल्ला फ्याकले भूमि औ त्यसभन्दा तलका लोकहरू पनि बनाउनुभयो । बीचमा आकाश आठ दिशा सरित् समुद्र आदि जलको स्थान समेत बनाउनु भयो । " यसरी मनुष्य सृष्टिभन्दा पहिले लोकहरू सृष्टि गरिए, अनि पछि मात्र लोकहरूमा रहने प्राणीहरूको सृष्टि भयो । स्वर्गमा दिव्यप्राणीहरू र भूमिमा मनुष्यहरू सृष्टि हुँदा त्यसै मानवसृष्टिमा पूर्णप्रकृतियुक्त मनुष्यहरू पूर्णप्रकृतियुक्त भारत भूमिमा सृष्टिभए । अर्थात् पृथिवीमा मानव सृष्टिको प्रारम्भ भयो, स्वर्गमा दैवी सृष्टिको । तसर्थ मानस स्वर्गमा उत्पन्न भएर धरातलमा आएका होइनन् । अतएव तिब्बतलाई त्रिविष्टप अर्थात् स्वर्ग भनेर त्यहाँबाटै मनुष्य सृष्टिको विकाश भएको भन्नु मनमानी कल्पना मात्र हो । शास्त्र औ विचार सङ्गत कुरा होइन; अतएव ऐतिहासिकहरू सत्य कुराको खोज गर्छौं भन्ने घमण्ड गर्दा गर्दा असत्यै असत्यका हीलाले भरिएका कल्पनारूपी भड्खाँला परेको थाहै पाउँदैनन् । तसर्थ तिनीहरूका बाटा विना विचारी हिड्नु हुँदैन । यसै कारणले माथि नै युक्ति विचार तर्क शास्त्रीय प्रमाणहरू देखाइशकियो, अब यहाँ खालि भन्छु मात्र "आर्यहरू भारतकै आदिनिवासी हुन् । भारतद्वीप आर्यहरूकै प्राचीन वासस्थान हो ।" यति भन्न सकिन्छः—यहाँ विदेशोमा गनिइस-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

केकाले पनि आश्रय पाएका छन्; आर्यहरूले उदारता आजतक राखेकै छन् । अतएव आर्यहरू बाहिर कतैबाट पनि भारतमा आएका होइनन् । तसर्थ आखिरमा सँस्कृत टेक्सट् भन्ने पुस्तकको सुप्रसिद्ध विद्वान् मुयर साहेवको एक वाक्यको सारांश दिएर यस प्रकरणको समाप्ति गर्छु । जस्तै— "आर्यहरू कहिल्यै पनि पश्चिमबाट भारतमा आएका होइनन् । किन्तु, आर्यका संतानबाट नै पश्चिम देशका अनेकन् सभ्यजाति उत्पन्न भएका हुन् । उत्तर या उत्तरपश्चिम देशबाट भारतमा आर्य आएर बसेका होइनन्, किनभने प्राचीन कालमा पश्चिमी देशहरूमा कुनै सभ्यजाति थियो, जसबाट आर्यहरूको सभ्यता औ धर्मको उत्पत्ति भयो, भन्ने यस्तो प्रकरण भाषातत्त्वका इतिहासमा कतै पाइदैन । कुनै प्राचीन सँस्कृत ग्रन्थमा पनि प्राचीन आर्यहरू कुनै विदेशीय जातिबाट उत्पन्न भए, या भारतबाहेक कहीं अन्तै आर्यहरूको निवास थियो, भन्नेकुरामा प्रमाण अणुभर पनि पाईदैन ।" यसै उसले आर्यहरूको देश यही भारत हो, यस भारतको प्रकृति आधिभौतिक आधिदैविक औ आँध्यात्मिक हरेक बातमा परिपूर्ण छ । अत एव यही भारतमा सर्वहितकारी परिपूर्णस्वरूप भएको वर्णाश्रमधर्म पूर्णप्रकृतियुक्त आर्यहरू-बाट अनुष्ठित हुन्थ्यो हालमा पनि अलिअलि हुँदै छ, भविष्यमा पनि हुनुपर्छ, अलिअलि मात्र होइन खूब हुनुपर्छ, यही मनुष्यको परम कर्तव्य हो । साक्षात् वर्णाश्रमधर्म गर्ने अधिकार न हुनेले परम्पराद्वारा यसको अनुष्ठान गर्नुपर्छ, सर्वथा यसलाई हेय संझनु हुँदैन, त्यसो गर्नाले अशान्तिमात्र हुनेछ, देशले

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

आनन्दको अनुभव कहिल्यै पनि पाउनेछैन ; तसर्थ वर्णाश्रम धर्मको अनुष्ठान पालन पोषण प्रचार औ त्यसका सारा अङ्ग तथा उपाङ्गहरूको समेत देश, काल अनुसार अनुष्ठान गर्नु यही मानवको प्रमुख कर्तव्य हो।

वर्णधर्म

जुन समाजले आफ्नू जातिय मौलिकताको संरक्षण गर्न शक्यो, त्यही समाजमात्र विश्वमा अरू समाजका अगिल्तिर प्रतिस्पर्धी भएर उभिन शक्छ। जुन समाजले आफ्नो जातीय मौलिकतामा ध्यान पुर्‍याउन शक्तैन खालि अर्काकै नकल औ, अनुकरणमात्र गर्छ, त्यस समाजको थोरैकालमा नै निर्मूल हुन्छ। त्यसैले जातीय मौलिकताको रक्षा नगरी कुनै समाज पनि चिरस्थायी हुन शक्दैन। आर्यहरूको प्रधान जातीयमौलिकता केमा छ भनेर खोज गर्ने हो भने वर्णाश्रमधर्ममा नै छ अरू कुरामा छैन। परन्तु शिक्षाका अभावले गर्दा आर्यहरूका मौलिकतापूर्ण समाजिक रीति रिवाज शास्त्रीय विधिविधानहरूका बारेमा नानातरहका शङ्का उपशङ्का भइरहेका छन्। सबभन्दा अधिक प्रश्न वर्णाश्रमधर्मकै विषयमा भइरहन्छ। किनभने त्यसैमा प्रधान जातीयमौलिकता छ। त्यो कुरा उड्यो भने आर्यको मौलिकता नै निर्मूल हुनेछ। आफ्नो मौलिकता नहुनेले अर्काको अनुकरण अवश्य गर्नैपर्छ। यस प्रकारको भित्री रहस्य बुझ्न नसकेको लाटो शिक्षाविहीन अर्काले जे भन्यो उतैतिर दौड्ने मूर्ख अवस्थामा पुगेको आर्यजातीय समाज वर्णाश्रमधर्म

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

भनेको कुन वस्तुहो ? जातीय जीवनका हरप्रकारका उन्नतिमा वर्णाश्रम धर्मबाट के सहाय हुन्छ ? वर्णाश्रम व्यवस्था पुरानो हो कि नयाँ कसैको कल्पित हो ? यस वर्णाश्रमधर्मलाइ प्राचीन भनेर राखनाले कल्याण होला, कि होओइन ? अथवा यो वर्णाश्रमधर्म कसैको कल्पित कुरा मात्र हो, उसैले यस-लाइ न पन्छाएसम्म देशमा अवनति सिवाय उन्नति केही पनि हुन दिंदैन, यस प्रकारका शङ्काले जहाँ तहीं मानिसको मनमा हलचल मच्चाएको छ । तसर्थ त्यस वारेमा विस्तार-पूर्वक रहस्य देखाई शङ्का हटाइदिनु उचित हुने हुनाले सार्वभौम विचार गरी ठहरेको निर्णय देखाइन्छ ।

कुन वस्तु समाजबाट पन्छाइदिंनु योग्य होला, या होवैन भन्ने कुरामा तर्क गर्नु भन्दा पहिले बुद्धिमानले त्यस वस्तुको त्यस समाजमा प्राकृत सबन्ध छ, छैन, भन्ने कुरामा विचार गर्नुपर्छ । जुन वस्तुको सामाजिक प्रकृतिमा घनिष्ठ संबन्ध छ, त्यो वस्तु त्यस संबद्ध समाजबाट छुट्टिंदै छुट्टिंदैन । त्यस्तो कुनै संबन्ध रहेनछ भने त्यस्ता वस्तुलाई छुट्याइ दिनाले नै समाजको कल्याण हुन्छ । त्यसैले वर्णाश्रमधर्म व्यवस्था प्राकृत हो, होइन, भन्ने कुरामा विचार गरिन्छ । अचेल प्रायः मान्छेको धारणा भइसकेको छकि-- "वर्णा-श्रमव्यवस्था अप्राकृत हो उसैले त्यसको समाजका निमित्त आवश्यक छैन, परन्तु जो मानिस वर्णाश्रमव्यवस्थालाइ नवीन कल्पना संझेर यस कल्पित कुरालाई उडाइदिए मात्र देश दुनियाँको कल्याण औ उन्नति हुनेछ भन्ने विचारमा

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

छन, ती सब भ्रान्त उद्भ्रान्त छन्। प्रकृतिको स्वरूप, थाहै नपाउदाखेरि तिनःहरूबाट त्यस्तो अज्ञान मूलक प्रलाप भएको हो, किनभने त्रिगुणात्मक प्रकृतिका राज्यमा गुणहरूका तारतम्य अनुसार उद्भिज्ज यानि लिएर मनुष्यादि देवता पर्यन्तका प्राणीहरू प्रकृतिका रूपमा न कसरी सहस्त्रौं शाखा उपशाखा रूपबाट विभक्त हुन गए होलान्, भन्ने कुरामा तर्क गर्दै प्रकृतिका प्रत्येक विभागको हरएक वस्तुमा यथावत् संयम पूर्वक दृष्टि पुऱ्याउने शक्ति यदि उनीहरूमा हुँदोहो त वर्णाश्रमधर्मका बारेमा उनीहरूलाई यस प्रकारको विपरीत संदेह हुने नै थिएन। प्रकृति खालि सत्वगुणमात्र हुदो हो, या रजोगुणमात्र या त तमोगुणमात्र हुदो हो, त संपूर्ण जीव एकै जातका हुन्थे, वर्णाश्रम व्यवस्था हुने थिएन। परन्तु प्रकृतिमा ३ गुण हुन्छन्। तीनै गुणको विकाश पनि साथैसाथ हुन्छ। अर्थात् जीवको सृष्टि औ उन्नतिका साथ तमोगुण, रजोगुण औ सत्वगुणको संबन्ध रहिरहेको हुन्छ। यिनै ३ गुण अनुसार ४ वर्ण हुन्छन्। सृष्टिचक्रको गतिविधि पनि पहिले नै लेखिसक्यौं। तदनुसार व्यष्टिसृष्टिमा प्रथमतः तमोगुणमय सिर्जन उसपछि तमोरजोगुणमय सिर्जन, अर्थात् रजोगुणोन्मुख तमोगुणको, तमोगुण र रजोगुण मिलेको सिर्जन। त्यसपछि रजोगुणको सत्वोन्मुख सिर्जन, अर्थात् रजोगुण र सत्वगुणको मिश्रित सिर्जन, उहाँ पछि खालि सत्वगुणमय सिर्जन यिनै चारथरीका सिर्जनहरू ४ भागमा छुट्टिएर शूद्र, वैश्य क्षत्रिय, औ ब्राह्मण भनिने ४ वर्ण हुन गएका हुन्। जीवको उन्नतिको क्रम पनि यही हो, प्रकृतिका गुण तिनओटा छन्।

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

तसर्थ यो प्राकृतिक गुण अनुसारको सृष्टि पनि प्राकृत नै हो, उसैले वर्णव्यवस्था पनि प्रकृतिसिद्ध हो, कसैले बनाएको होइन । विना प्रकृति जगत्मा केही कुरा पनि हुँदैन, जगतै त्रिगुणमय प्रकृतिको विलास हो । अतएव जहाँसम्म प्रकृतिको सत्ता रहन्छ, उहाँसम्म प्रकृतिका तीनगुण पनि रहन्छन् । गुणअनुसार सृष्टि र गुणै अनुसार वर्णव्यवस्था पनि बनि नै रहन्छ । अत एव जहाँसम्म कालचक्रमा समष्टि सृष्टि फन्का खाइरहन्छ, औ प्रकृतिका सृष्टिधारा पनि बगिरहन्छ, त्यहाँसम्म यस वर्णाश्रमव्यवस्थालाई कसैले उडाउन सक्दैन । अन्ततः सिद्धान्त यही हो, प्रकृतिका यिनै पूर्वोक्त तीन प्रकारका गुणहरू चातुर्वर्ण्यव्यवस्थामा मूलकारण हुन् ।

शरीर तीन प्रकारका हुन्छन्, स्थूलशरीर र सूक्ष्मशरीर र कारणशरीर, तिनीमध्ये सबभन्दा पहिलो श्रेणीको शरीर कारण शरीर हो, प्रकृति र पुरुषको संबन्ध अव्यक्त (अप्रकट) छउन्जेल त्यस कारण शरीरको स्वरूप सिद्धि नै भएको हुदैन, परन्तु जब प्रकृति र पुरुषको संबन्ध व्यक्त (प्रकट) हुनजान्छ अनि तुरुन्तै जीवको कारण शरीर पनि अदृष्ट वशात् व्यक्त भइजान्छ, अर्थात् अविद्या र त्यसमा प्रतिबिम्बित चैतन्यबाट कारण शरीर उत्पन्न हुन्छ, त्यसरी कारण शरीर उत्पन्न भएपछि पाँचओटा कर्मेन्द्रिय पाँचैओटा ज्ञानेन्द्रिय पाँचैओटा प्राण, मन बुद्धि र उसकै बीचमा पर्ने चित्त अहंकारहरूबाट सूक्ष्म शरीर पैदा हुन्छ । यो सूक्ष्म शरीर कारणशरीरमाथि नै अधिष्ठित हुन्छ, यस पछि स्थूल

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

पृथिवी जल तेज वायु औ आकाश यी स्थूल पञ्चमहाभूतबाट सूक्ष्म शरीर अनुसार उसैको भोगायतन स्थूल शरीर उत्पन्न हुन्छ, त्यो पनि त्यही सूक्ष्म शरीरमा अधिष्ठित हुन्छ। यसरी स्थूल सूक्ष्म कारण शरीर र आत्मा समेतका मेलबाट जीव तयार हुन्छ। तसर्थ जीवका शरीरको पनि यी तानै शरीरसित संबन्ध हुन्छ। त्रिगुणमयी प्रकृति देवीको सबन्ध यी तीन शरीरमा पनि रहेकै हुन्छ। यिनको गतिविधि तमोगुण देखिसत्वगुण तिर हुनाले जीवको गति विकाशोन्मुख हुन्छ। जीवका यसै गतिको प्रवाह चार भागमा छुट्टिने हुनाले चारवर्ण मानेको हो। प्रकृतिको संबन्ध तीनै प्रकारका शरीरमा रहने हुनाले वर्णधर्मको नियम सबै शरीरमा हुन्छ। तसर्थ खालि सूक्ष्म शरीरमा मात्र वर्णव्यवस्था छ, स्थूल शरीरमा छैन भन्ने कसैको भनाइ निराधार हो, तसर्थ शास्त्रले स्थावर जङ्गम सबमा वर्णव्यवस्था निर्देश गरेको छ, सो कुरा ग्रन्थको कलेवर बढ्ने भयले लेखिएन जिज्ञासा हुनेले शास्त्रीय अध्ययन गर्नू।

आश्रमधर्म

वर्णधर्म जस्तै आश्रमधर्म पनि आर्यहरूको जातीयमौलिकताको रक्षा गर्ने एक प्रमुख साधन हो। परन्तु जीवन संग्राम नै फत्ते गर्न मुश्कील भएबाट र मानिसमा वैषयिक प्रवृत्ति अधिक हुन गएबाट औ देश, कालको परिस्थिति अनुसार यसमा परेको आवश्यक संकोच विकाशतिर ध्यान दिई यसका मौलिकतामा आफ्नो अस्तित्व र गौरव

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

समेत निहित छ भनेर जानेको स्वदेशी शासकका हातमा भारतवर्षको शासन पनि नहुँदा यस आश्रमधर्मको पालन गर्न कठिन जस्तो हुन गएको छ, तापनि सुखशान्ति पाउन र आर्यजातीय मौलिकताको रक्षाका साथै आर्यहरूको अस्तित्व देखाउने तथा कायम राख्ने साधन मध्ये यही मुख्य साधन हो। उसैले आश्रमधर्मलाई ध्रुव बराबर मानेर जीवरूपी जहाजलाई संसाररूपी सागरमा छाडेका पक्षमा कतै दिग्भ्रम नभइकन शान्तिमय बाटो आनन्द पूर्वक काट्न पाइन्छ।

जहाँसम्म मानिसको विचार अध्यात्मतर्फ झुक्दैन, उहाँसम्म शान्ति मिल्दैन। तसर्थ महर्षिहरूले शान्तिकै लागि प्रवृत्तिरोधन गर्ने वर्णधर्म बताए, औ निवृत्तिपोषण गर्ने आश्रम धर्म बताए, प्रवृत्तिरोधन नभई निवृत्तिपोषण हुँदैन, निवृत्तिपोषण नभइकन आध्यात्मिक दृष्टि पनि खुल्दैन, सो नखुलेसम्म शान्तिको बाटो फेला पनि पर्दैन, उसैले चारै आश्रममा क्रमशः प्रवृत्तिलाइ नियमित पार्दै जानु र त्यसैबाट आखीर निवृत्तिका पराकाष्ठामा पुग्न सुगम हुन्छ।

अतएव शान्तिको लागि प्रवृत्तिको रोधन र निवृत्तिको पोषण हुने पर्छ, सो कुरा कुठाउँमा पऱ्यो भने त्यसबाट महान् अनर्थ हुन जान्छ, त्यस्तो हुन नपाओस् भनेर शास्त्रले क्रमबद्ध गरेर वर्णधर्म औ आश्रमधर्मका रूपमा नियम लेखिदिएको हो, तसर्थ शान्तिका निमित्त वर्णाश्रमधर्म नितान्त उपयोगी छ। त्यस्तो उपयोगी भइकन आफ्नो समाजमा समेत प्रचलित छ, भने त्यस समाजको त त्यस धर्मको पालन सि-

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

वाय अर्को परम कर्तव्य कुनै छैन। जुन समाजमा साक्षात यसको अनुष्ठान छैन, तिनीहरूले पनि यसको महत्त्व बुझिकन अनुकरण गर्नु पर्छ विश्वमा चिरस्थायी शान्ति केबाट हुन्छ भन्ने हो, भने उत्तरमा भन्नुपर्छ वर्णाश्रमधर्मबाट नै विश्वमा चिरस्थायी शान्ति सुरक्षित हुन शक्छ। त्यस बाहेक अरूबाट जे जति हुन्छ त्यो दुइ दिनको राम छायामात्र हो। अन्त्यमा यति अवश्यै भनिदिन वेस होला मनुष्य मात्रको परम कर्तव्य के हो? यसको उत्तरः–वर्णाश्रधर्म–वर्णाश्रमधर्मको आचारण प्रचारण अनुकरण यही हो । अर्को कुरा, अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य, दया, आर्जव, क्षमा, धृति, मिताहार, यी पनि मनुष्य-मात्रका कर्तव्य हुन्! नियमपूर्ण आहार औ विहार, नियम-पूर्ण प्रत्येक कर्म, शयन औ जागरणको पूर्णनियम इत्यादि अनेकन् कुरा मनुष्यका परम कर्तव्य छन्, यिनी सबैको परि-ज्ञान संस्कृत शास्त्रबाट गर्नू । पाठकवर्गको आग्रह र मलाइ पनि अनुकूल स्थिति हुन गयो भने 'मानव कर्तव्यावली' लेखेर जनतालाइ उपहार गर्नेछु ।

इति शुभम्

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

CC-0. In Public Domain. Funding by IKS-MoE

Digitized by eGangotri and Sarayu Trust.

CC-0. In Public Domain. Funding by IKS-MoE